# तनहुँको ऐतिहासिक अध्ययन

(वि.सं. १६१०-१९०३)

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्काय अन्तर्गत इतिहास विषयमा

विद्यावारिधि उपाधिका निमित्त

प्रस्तुत

**शोध-प्रबन्ध**

शोधकर्ता

तिलु थापा (श्रेष्ठ)

विद्यावारिधि दर्ता नं. १०/२०६६ माघे सत्र

त्रि.वि. रजिष्ट्रेशन नं. ४७८७-८८

२०७८, चैत्र

# सिफारिस-पत्र

**तनहुँको ऐतिहासिक अध्ययन (वि.सं. १६१०-१९०३)** शीर्षकको शोध-प्रबन्ध तिलु थापा श्रेष्ठ ले हाम्रो सुपरिवेक्षणमा तयार पार्नु भएको हो । प्रस्तुत शोध-प्रबन्ध यथासम्भव तथ्यमा आधारित रहेर तयार गरिएको छ । यस शोध-प्रबन्धप्रति हामी सन्तुष्ट छौं । इतिहास विषयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोध-प्रबन्धको आन्तरिक तथा बाह्य मूल्याङ्कन सम्वन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न भइसकेकोले यस शोध-प्रबन्धको मूल्याङ्कनको व्यवस्थाका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालय अनुसन्धान समिति समक्ष सिफारिस गर्दछौं ।

...................................

प्रा.डा. भवेश्वर पंगेनी

शोधनिर्देशक

................................... २०७८।१२।१३

सह प्रा.डा. नील प्रसाद पन्त

शोध-विशेषज्ञ

मितिः- २०७८/१२/

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

पत्र संख्या :
चलानी नं. .................

मानविकी तथा सामाजिक शास्त्र सङ्काय डिनको कार्यालय त्रि. वि., कीर्तिपुर

### अनुमोदन पत्र

तनहुँको ऐतिहासिक अध्ययन (वि.स. १६१०-१९०३) शीर्षकमा विद्यावारिधि (पिएचडी) शोधकार्य गर्ने शोधार्थी श्री **तिलु थापा (श्रेष्ठ)**ले **इतिहास** विषयमा विद्यावारिधि उपाधिका लागि आवश्यक प्रक्रिया पूरा गरी अन्तिम मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायको अनुसन्धान समितिमा शोधप्रबन्ध बुझाएकोमा अनुसन्धान समितिले उक्त शोधकार्य विद्यावारिधि उपाधि दिनका लागि उपयुक्त ठहऱ्याई विद्यावारिधि उपाधि प्रदान गरेको बेहोरा प्रमाणित गरिन्छ ।

प्रा.डा. कुशुम शाक्य
डीन एवम् अध्यक्ष
अनुसन्धान समिति

मितिः २०७४।१२।२०

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८
E-mail: support@tufohss.edu.np Website: www.tufohss.edu.np

# प्रतिवद्धता-पत्र

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्काय डीनको कार्यालयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत **तनहुँको ऐतिहासिक अध्ययन (वि.सं. १६१०-१९०३)** शीर्षकको यो शोध प्रबन्ध म स्वयम्ले शोध निर्देशक र शोध विशेषज्ञको निर्देशनमा रही तयार पारेको हुँ । यो पूर्णत मौलिक कार्य हो । यस शोध प्रबन्ध लेखनका क्रममा मौलिक, प्राथमिक तथा द्वितीय सामग्रीहरू सङ्कलन गरी शोधको उद्देश्यअनुसार प्रस्तुतीकरण र विश्लेषण गरेको छु । यस शोध प्रबन्धको कुनै पाठ/अंश यसभन्दा पहिले अन्य पुस्तक वा पुस्तकको अंशको रूपमा प्रकाशित गरिएको छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिवद्धतामा बाझिने कुनै प्रमाण भेटिए म त्यसप्रति जिम्मेवार हुनेछु ।

..............................

तिलु थापा (श्रेष्ठ)

मितिः- २०७८/१२/०८

# कृतज्ञता ज्ञापन


'तनहुँको ऐतिहासिक अध्ययन (वि.सं. १६१०-१९०३)" शीर्षकको प्रस्तुत शोध प्रबन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक सङ्काय अन्तर्गत इतिहास विषयमा विद्यावारिधि ( पीएच.डी) उपाधिको प्रयोजनको निमित्त तयार पारिएको हो । उत्तरमध्यकालमा गण्डकी प्रदेशका चौबीसी राज्यहरु मध्ये तनहुँ एक शक्तिशाली राज्य थियो । प्रस्तुत शोधकार्यमा तनहुँ राज्यको राजनैतिक अवस्था, सामाजिक र सांस्कृतिक अवस्था, प्रशासनिक अवस्था, तनहुँ राज्यको अन्य राज्यसँगको सम्बन्धको बारेमा विश्लेषण गरिएको छ । त्यसैगरी तनहुँ राज्यसँगै जोडिन आएको भारतको चम्पारनस्थित रामनगर राज्यको पनि संक्षेपमा चर्चा गरिएको छ ।

प्रस्तुत शोध प्रबन्ध तयार गर्ने क्रममा सर्वप्रथमः मलाई शोधकार्य गर्नका लागि प्रेरित गर्दै आत्मीय व्यवहारका साथ सहयोग तथा मार्गनिर्देशन गर्नु हुने आदरणीय गुरु शोधनिर्देशक प्रा.डा. भवेश्वर पंगेनी प्रति विशेष आभारी छु। उहाँले शोधकार्यलाई निरन्तरता दिन प्रोत्साहन गर्नुको साथै पाण्डुलिपि अध्ययन गरेर लेखनमा भएका त्रुटिहरुलाई सच्याउन आवश्यक सल्लाह सुझाव प्रदान गर्नु भएकोले यो शोधकार्य यस रुपमा आउन सकेको हो । उहाँको यस अमूल्य योगदानको लागि म सदैव ऋणि रहने छु ।

यस शोध प्रबन्धका शोधविशेषज्ञ इतिहास केन्द्रीय विभाग, कीर्तिपुरका सह-प्रा.डा. नीलप्रसाद पन्तले पटक पटक यस पाण्डुलिपिको अध्ययन गरी शोधलेखनमा रहेका कमजोरीहरुलाई औंल्याएर प्राज्ञिक सल्लाह र सुझाव दिइ शोध प्रबन्ध तयार गर्न महत्वपूर्ण सहयोग गर्नु भएको छ । यसका लागि उहाँप्रति हृदयदेखि कै हार्दिक आभार व्यक्त गर्दछु ।

त्यसैगरी यो शोध-प्रबन्धको आन्तरिक मूल्याङ्कन गर्नु हुने प्रा.डा. राजकुमार पोखरेल र सह-प्रा.डा. कल्पना श्रेष्ठप्रति आभार व्यक्त गर्दछु । पूर्व मौखिक परीक्षामा विशेषज्ञ भई शोध-प्रबन्धलाई सारगर्भित बनाउने कार्य गर्नु भएकोमा प्रा.डा. घनश्याम भट्टराईलाई पनि आभार व्यक्त गर्दछु। शोध-प्रबन्धको अन्तिम मूल्याङ्कन कार्यमा संलग्न प्रा.डा. त्रिरत्न मानन्धर र प्रा.डा. टेक बहादुर श्रेष्ठको योगदान अतुलनीय छ । अन्तिम मौखिक परीक्षा विशेषज्ञ भई विद्यावारिधि उपाधि प्रदान गर्नु हुने प्रा.डा. टेक बहादुर श्रेष्ठलाई धन्यवाद दिन चाहन्छु । शोध-प्रबन्ध तयार गर्नका लागि त्रि.वि.नियमावली अनुसार अध्ययन विदामा बस्नको लागि सिफारिस गरी महत्वपूर्ण सहयोग गर्नुहुने र शोध प्रबन्ध पूर्ण गर्न हौसला प्रदान गर्नु हुने इतिहास केन्द्रीय विभागका पूर्व विभागीय प्रमुख प्रा.डा. शंकर थापा र प्रा.डा. राजकुमार पोखरेलप्रति हार्दिक आभार प्रकट गर्दछु।

यस शोध प्रबन्ध तयार गर्ने क्रममा मलाई सहयोग, सल्लाह र हौसला दिनुहुने इतिहास केन्द्रीय विभाग कीर्तिपुरका वर्तमान विभागीय प्रमुख प्रा.डा. घनश्याम भट्टराईप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु। साथै विभागका सह-प्रा.डा. विनोद थापाप्रति पनि हार्दिक आभार प्रकट गर्दछु।

प्रस्तुत शोध प्रबन्धका लागि एक वर्षको अध्ययन विदा स्वीकृत गरी अध्ययन गर्ने समय उपलब्ध गराइ दिएकोमा त्रि.वि. समन्वय समितिलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । त्यसैगरी

अध्ययनको क्रममा हौसला प्रदान गर्न आर्थिक सहयोग गर्ने आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, जावलाखेल, ललितपुरलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

यस अध्ययनको क्रममा आफ्नो संग्रहमा रहेको महत्वपूर्ण कागजातहरु दिएर सहयोग गर्नुहुने श्री नरध्वज थापाप्रति ऋणि छु । त्यसैगरी मलाई शोधकार्यको लागि प्रेरित गर्दै आवश्यक सहयोग प्रदान गर्ने वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवनकी उपप्राध्यापक लक्ष्मी पोखरेललाई हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत अध्ययनको सामग्री संकलन गर्ने क्रममा मैले विभिन्न व्यक्ति तथा संघ संस्थाको सहयोग प्राप्त गरेको छु । यस सन्दर्भमा इतिहास केन्द्रीय विभाग पुस्तकालय, त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, नेपाल र एसियाली अनुसन्धान केन्द्रको पुस्तकालय, राष्ट्रिय अभिलेखालय, पुरातत्व विभाग, डिल्लीरमण रेग्मी स्मृति पुस्तकालय, आदिकवि भानुभक्त स्मृति पुस्तकालय चुँदि रम्घा तनहुँ, सैनिक पुस्तकालय छाउनी, संस्कृति केन्द्रीय विभाग, गुठी लगत तथा अभिलेख कार्यालय भद्रकालीको पुस्तकालय, केन्द्रीय तथ्याङ्क विभागको पुस्तकालय, थापाथली, मालपोत कार्यालय, दमौली तनहुँको सहयोग उल्लेखनीय रहेको छ । यसका लागि ती सम्पूर्ण संघसंस्था तथा सम्बद्ध कर्मचारीहरुप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

अध्ययनको क्रममा मलाई अन्तर्वार्ता, टेलिफोन, इमेल मार्फत उचित सल्लाह, जानकारी र आवश्यक सामग्री उपलब्ध गराएर सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । उहाँहरुको अमूल्य सहयोगले गर्दा यो शोधकार्यले पूर्णता पाएको छ ।

कृतज्ञता ज्ञापनको क्रममा मलाई अध्ययन अध्यापन गर्न सदैव प्रोत्साहन गर्ने र यस शोधकार्य गर्नका लागि प्रेरित गरी अध्ययन गर्ने वातावरण सृजना गराई हरपल अगाडि बढ्न हौसला दिनुहुने मेरा श्रीमान् सहप्राध्यापक भूपाल कुमार श्रेष्ठप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसैगरी आफ्नो अध्ययनको पाटोलाई थाती राखेर मलाई आवश्यक सहयोग पुर्‍याउने छोरी इरिका श्रेष्ठ र छोरा टेनिस श्रेष्ठप्रति स्नेहपूर्ण धन्यवाद दिन चाहन्छु । त्यसैगरी शोधकार्य गर्न हौसला प्रदान गरी आवश्यक आर्थिक सहयोग गर्ने मेरी दिदीहरु कलावती राना, सिता माया आले, भद्रमाया रानाप्रति कृतज्ञ छु । यसका साथै यस शोधकार्य गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउने मेरा अन्य इष्टमित्र, आफन्तजन तथा शुभचिन्तकहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा अत्यन्तै धैर्यता र मेहेनतका साथ सहज र शुद्धसँग टङ्कण तथा सेटिङ कार्यमा महत्वपूर्ण सहयोग पुर्‍याउने दुर्क कम्प्युटर सिस्टम, कीर्तिपुर नयाँ बजारका दुर्कमान महर्जनलाई धेरै धेरै धन्यवाद प्रकट गर्दछु ।

मिति :- २०७८/१२/

............................

तिलु थापा (श्रेष्ठ)
उपप्राध्यापक
इतिहास केन्द्रीय विभाग
कीर्तिपुर

# शोधसार

## शोध परिचय

वर्तमान तनहुँ संघीय गणतन्त्र नेपालको प्रदेश नं. ४ (गण्डकी प्रदेश) अन्तर्गत रहेको एउटा जिल्ला हो र यसको सदरमुकाम दमौली हो । काठमाडौं देखि पश्चिममा र पोखरा देखि पूर्वमा पर्ने तनहुँ जिल्ला नेपाल कै केन्द्रबिन्दुमा रहेको छ । यो जिल्ला ऐतिहासिक, धार्मिक, राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक, पर्यटकीय सबै दृष्टिकोणबाट महत्वपूर्ण छ ।

तनहुँको नामाकरण, संस्कृत शब्द 'त्रितुङ्ग' बाट रहन गएको मानिन्छ । संस्कृतमा त्रितुङ्ग शब्दले उस्तै खालका तीनवटा चुचुरा भन्ने बुझाउँछ । तनहुँसुरमा उस्तै खालका तीनवटा चुचुराहरुका छन् । प्रारम्भमा यी चुचुराहरुलाई 'त्रितुङ्ग' भनियो र कालान्तरमा तनुङ, तन्हौ, तनहुङ हुँदै तनहुँ भन्न थालिएको पाइन्छ ।

प्राचीनकालमा तनहुँ लिच्छवी शासकहरुले केन्द्रबाट नै प्रत्यक्ष शासन चलाउने स्थानीय क्षेत्र थियो । त्यसपछि तेह्रौं शताब्दीतिर तनहुँ भेक सिंजा राज्यको अधिनमा रहन गयो । अधिकांश मगर जातिको बसोबास रहेको तनहुँ क्षेत्र सिंजा राज्यको अधिनमा रहेता पनि सिंजा राज्य (केन्द्र) लाई सिर्तो बुझाएर त्यहाँका स्थानीय मगर नाईके (मुखिया) हरुले आ-आफ्नो इलाकामा शासन चलाउँदथे । सिंजा राज्य कमजोर बन्दै गएपछि भने ती मगर नाइकेहरुले सिंजा राज्यको अधिनबाट मुक्त भएको घोषणा गरी तनहुँमा स्वतन्त्र राज्य चलाउन थाले । यिनै मगर राजाहरुलाई आफ्नो प्रभावमा पारेर पाल्पाका राजा मुकुन्द सेन प्रथमले तनहुँको सबै भूभाग पाल्पा राज्य अन्तर्गत पारे । यीनै मुकुन्दसेन प्रथमका साहिला छोरा भृङ्गी सेनले वि.सं. १६१० मा तनहुँमा स्वतन्त्र राज्य स्थापना गरी राजा त्यहाँका बने । त्यसपछि तनहुँ एउटा छुट्टै राज्यको रुपमा अस्तित्वमा आयो । चौबीसी राज्य मध्येमा तनहुँ शक्तिशाली राज्य थियो । यस राज्यको सम्बन्ध छिमेकी राज्यहरु लमजुङ, कास्की, पाल्पा, पर्वतका साथै उपत्यकाका मल्ल राज्यहरुसँग पनि थियो । छिमेकी राज्यहरुमा गोरखासँग भन्दा लमजुङसँग तनहुँ राज्यको सम्बन्ध राम्रो थियो । तत्कालीन समयमा गण्डकी भेकका गोरखा राज्य शक्तिशाली बनेर बिजय अभियानमा अगाडि बढिरहेको थियो । गोरखाको यस बिजय अभियानलाई रोक्न र गोरखालाई शक्तिहिन बनाउन चौबीसी राज्यहरु लमजुङ, पाल्पा, पर्वत, तनहुँ आदि राज्यहरुले कहिले चतुर्पक्षीय गठबन्धन त कहिले पंचपक्षीय गठनबन्धन गरी गोरखामा आक्रमण गरिरहन्थे । यस गठबन्धनमा तनहुँको महत्वपूर्ण भूमिका रहन्थ्यो । तर चौबीसी गुटले एक्लो गोरखा राज्यलाई हराउन भने सकेन ।

तनहुँ राज्यको तराई भूभागको सीमाना दक्षिणतिर इष्ट इण्डिया कम्पनीसँग जोडिएको हुनाले अग्रजसँग तनहुँका राजाहरुको सम्बन्ध सुदृढ थियो । यसै सम्बन्धको आडमा अंग्रेज तनहुँको तराई भूभाग हुँदै काठमाडौं उपत्यका नेपालमा प्रवेश गर्ने डर पृथ्वीनारायण शाहलाई थियो । तनहुँका राजा त्रिविक्रम सेन द्वितीय आफ्नो राज्यमा इसाई धर्म प्रचार प्रसार गर्ने बहानामा अंग्रेजसँग नजिकिदै गएको र अंग्रेजको नेपाल कब्जा गर्ने तिव्र चाहना रहेको पृथ्वीनारायण शाहले बुझेका थिए । त्यसैले उनी जतिसक्दो चाडो तनहुँ राज्यमा आक्रमण गरी गोरखा राज्यमा गाभ्न चाहान्थे तर यो कार्य उनको जीवनकालमा पुरा हुन सकेन । अन्तत उनकी बुहारी राजमाता राजेन्द्रलक्ष्मीको नायवीकालमा वि.सं. १८३९ कार्तिकमा तनहुँ राज्य नेपाल अधिराज्यमा गाभियो । तनहुँ राज्यमा ९ जना सेन राजाहरुले करिब २२९ वर्ष (वि.सं. १६१० - वि.सं. १८३९) सम्म राज्य गरेका थिए । राज्य नरहेपछि तनहुँका अन्तिम राजा हरकुमारदत्त सेन भागेर भारतको चम्पारनमा रहेको आफ्नो पुर्ख्यौली भूभाग पुगे । केही समय पछि उनी चम्पारनको रामनगरलाई राज्य बनाई राजा भएर बसे ।

तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण पछि तनहुँ प्रशासनिक इकाईको रुपमा रह्यो । सबै खालका राजनीतिक निर्णय केन्द्रबाट नै संचालित हुने भयो । त्यहाँको प्रशासन केन्द्रबाट नियुक्ति भएका स्थानीय अधिकारीहरु वा तालुकदारहरु अमाली, जिम्मावाल, मुखिया, द्वारे, थरी, जेठाबुढाद्वारा संचालन हुन थाल्यो । यी तालुकदारहरुको मुख्य काम आ-आफ्नो कार्यक्षेत्र (थुम) बाट राजश्व संकलन गरेर जिल्लाको हाकिमलाई बुझाउने, आफ्नो क्षेत्रमा हुने सानातिना झैं-झगडा मिलाएर शान्ति स्थापना गर्नु त्यहाँ रहेका ऐतिहासिक सम्पदाहरुको संरक्षण र संबर्द्धन गर्नु आदि थियो ।

**शोधको समस्याकथन -** तनहुँ राज्यको राजनीतिक, प्रशासनिक, सामाजिक तथा सांस्कृतिक अवस्था, अन्य राज्यसँगको सम्बन्ध कस्तो थियो र राज्य नेपाल अधिराज्यमा एकीकरण पछि तनहुँको प्रशासनिक अवस्था कस्तो रह्यो भन्ने विषयमा अध्ययन अनुन्धान भएको पाइँदैन । यिनै विषयहरुमा अध्ययन अनुसन्धान गरी सत्यतथ्य जानकारी बाहिर ल्याउने काम प्रस्तुत शोधप्रबन्धको समस्याकथन भित्र पर्दछ ।

**शोधको उद्देश्य -** तनहुँ राज्यको राजनीतिक इतिहास, प्रशासनिक, सामाजिक तथा सांस्कृतिक अवस्था, अन्य राज्यसँगको सम्बन्ध जस्ता विषयमा खोजी गर्नु र एकीकरण पछि स्थानीय इकाइको रुपमा तनहुँको प्रशासनिक अवस्थाको अध्ययन गरी माथि उल्लेख गरिएको समस्याको समाधान खोज्नु यस शोधको उद्देश्य हो ।

**शोधको औचित्य -** चौबीसी राज्य समूहमा शक्तिशाली राज्यको रुपमा रहेको तनहुँ राज्य अध्ययन अनुसन्धान कार्यमा पछाडि परेको छ । यस राज्य सम्बन्धित ऐतिहासिक तथा पुरातात्विक सामाग्रीहरु प्रशस्त उपलब्ध हुने समयमा त्यहाँको अध्ययन अनुसन्धान हुन सकेन । समय क्रमसँगै त्यहाँ रहेका ऐतिहासिक तथ्यहरु नासिएर र हराएर गए । अब पनि त्यस राज्य सम्बन्धी अध्ययन अनुसन्धान नगरिएमा बाँकी रहेका महत्वपूर्ण सम्पदाहरु लोप हुने वा नष्ट भएर जाने निश्चित छ । त्यसैले तनहुँको इतिहास लेखिनुपर्ने आवश्यकता महशुस गरी प्रस्तुत शोध गरिएको हो । यस ऐतिहासिक अध्ययनबाट आम जनताको इतिहास लेखनमा सहयोग पुग्ने र नेपाल अधिराज्यको इतिहास निर्माणका विशेषताहरु पहिल्याउन सघाउ पुग्न विश्वास लिइएको छ ।

**शोधको परिसीमा -** प्रस्तुत अध्ययनको क्षेत्र भन्नाले तत्कालिन तनहुँ राज्यले चर्चेको सबै भूभाग पर्दछ । त्यसैगरी अध्ययनको समय सीमामा तनहुँमा सेनराज्यको  स्थापना दखि राज्य नेपाल अधिराज्यमा एकीकरण पछि राणा शासन सुरु हुनु अगाडि (वि.सं १६१०-१९०३) सम्मको करिब २९३ वर्ष रहेको छ । नेपाल अधिराज्यमा एकीकरण पछि तनहुँको प्रशासनिक पक्ष र सान्दर्भिक ठाउँहरुमा त्यहाँको सामाजिक तथा सांस्कृतिक पक्षको पनि अध्ययन गरिएको छ भने शोध प्रबन्धमा तनहुँ राज्यको आर्थिक अवस्थाको चर्चा गरिएको छैन ।

**सैद्धान्तिक अवधारणा -** प्रस्तुत शोध-प्रबन्ध ऐतिहासिक अध्ययन भएको हुँदा यसको सैद्धान्तिक आधार स्थानीय इतिहास लेखनको सिद्धान्त र कालक्रम विधिमा आधारित छ भने क्यारोल कामेन (Carol Kammen) र हर्बट बक्स्टर (Herbert Boxter) को सिद्धान्तलाई आधार मानिएको छ ।

**अनुसन्धान विधि -** प्रस्तुत शोध-प्रबन्ध ऐतिहासिक अध्ययन भएको हुँदा यसको लेखन कार्यमा अन्वेषणात्मक, वर्णनात्मक र विश्लेषणात्मक विधि (ढाँचा) अवलम्बन गरिएको छ । त्यसैले यो शोध-प्रबन्ध गुणात्मक अनुसन्धान हो र यो अध्ययन आगमन विधि (Inductive Research) मा आधारित छ ।

**स्रोत विश्लेषण -** प्रस्तुत शोध अध्ययनमा प्राथमिक स्रोत, द्वितीयक स्रोत र केही मौलिक स्रोतको प्रयोग गरिएको छ । यी स्रोतहरुबाट प्राप्त सामग्रीहरुको पूर्ण परीक्षण गरेर मात्र शोधमा राखिएको छ । प्राप्त केही मौलिक स्रोतहरुलाई परिशिष्टमा राखिएको छ ।

**शोध संगठन -** प्रस्तुत शोध प्रबन्धलाई नौ अध्यायमा विभाजन गरेर लेखिएको छ ।

**प्राप्ती**

तनहुँमा मगर जातिको बाक्लो बसोबास भएकाले त्यस क्षेत्रका विभिन्न थुमहरुमा मगर राजा (नाइके) हरुले जातीय राज्य गर्दथे । ठुला र शक्तिशाली राज्यले कमजोर राज्यलाई दुःख दिने, उसको भूभाग आफ्नो राज्यमा गाभ्ने आदि प्रक्रिया भइरहने हुँदा यी राज्यहरु बीच झैं झगडा भइरहन्थ्यो । त्यसैले यी राज्यहरु संगठित थिएनन्, कमजोर थिए । यसको परिणाम पाल्पाका राजा मुकुन्द सेन प्रथमले यी राज्यहरुलाई सजिलैसँग पाल्पा राज्यको अधिनमा पारे । त्यसपछि यिनका छोरा भृङ्गी सेनले तनहुँमा सेन राज्यको स्थापना गरे ।

तनहुँ राज्यको तराई भूभागको सिमाना भारतको बिहार प्रान्तसँग जोडिएको र पुर्ख्यौली जमिन्दारी भारतको चम्पारनमा थियो । त्यसैले तनहुँका राजाहरुको सम्बन्ध भारतका शासकहरुसँग पहिले देखि नै रहँदै आएको थियो । तनहुँका राजा त्रिविक्रम सेन आफ्नो राज्यमा इसाई धर्मको प्रचार, प्रसार गर्ने बहानामा अंग्रेजसँग नजिकिँदै थिए । नेपाली भूभाग प्रवेश गर्ने अंग्रेजको भित्री चाहना रहेको बुझेका पृथ्वीनारायण शाह तनहुँ राज्यको तराई भूभाग हुँदै अंग्रेज काठमाडौं उपत्यका छिर्न सक्ने सम्भावनाबाट संशकित थिए । त्यसैले उनले पश्चिमी बिजयी अभियानमा तनहुँ राज्यमा पहिला आक्रमण गरे ।

गोरखा राज्यले बिजय अभियान थालेपछि आ-आफ्नो राज्यको सुरक्षाका लागि चौबिसी राज्यहरु गोरखा राज्यको विरुद्धमा संगठित भए । यसरी बनेको गठबन्धनहरुमा तनहुँ राज्यको सक्रिय भूमिका रह्यो किनभने तनहुँ र गोरखाबीच राजनीतिक सम्बन्ध सधैं नै तनावपूर्ण थियो । त्यसैले तनहुँ चौबिसी गुटसँग मिलेर गोरखाको शक्ति कमजोर पार्न चाहान्थ्यो ।

तनहुँ राज्यको सम्बन्ध छिमेकी राज्यहरु कास्की, गोरखा, लमजुङ, पाल्पा सहित उपत्यकाका मल्ल राज्यहरु र पर्वत राज्यसँग पनि थियो । त्यसैले तनहुँ राज्य चौबिसी राज्यहरु मध्ये एक बलियो राज्यको रुपमा थियो । वि.सं. १८३८ मा गोरखाको सिद्घानचोकमा भएको युद्धमा गोरखाली फौजसँग चौबिसी गुट पराजित भयो । पराजय पछि तनहुँका राजा हरकुमारदत्त सेन आफ्नो राजधानी तनहुँसुर नबसी लमजुङ दरबारमा गएर बसे । वि.सं. १८३९ कार्तिकमा गोरखाली फौजले आक्रमण गरी लमजुङ राज्यलाई पराजित गरेर पछि लमजुङका राजा सहित तनहुँका राजा पनि भागेर रामनगर गए । त्यसपछि तनहुँ सहित लमजुङ राज्य नेपाल अधिराज्यमा एकीकरण भयो । तनहुँ राज्य पतन हुनुको मुख्य कारण तनहुँका राजाहरुले गोरखा राज्यको शक्ति र कुटनैतिक क्षमता चिन्न नसक्नु हो ।

एकीकरण पछि केन्द्रको नीति र निर्देशनमा स्थानीय प्रशासकहरुद्वारा तनहुँको प्रशासन चल्न थाल्यो । स्थानीय प्रशासक वा तालुकदारहरु अमाली, जिम्मावाल, मुखिया, द्वारे, थरी, जेठाबुढा आदि थिए ।

तनहुँका राजा रामनगर गएर सानो राज्यको स्थापना गरी बसे । राजाको पछि लागेर तनहुँका दरबारिया भारदारहरु ब्राह्मण, क्षेत्री, नेवार र खवास थरका केही परिवार पनि रामनगरमा बसाई सरे । यसरी तनहुँ र रामनगरमा बसोबास गर्ने बन्धुहरु बीच आउजाउ भइरह्यो । रामनगर शिक्षाको

क्षेत्रमा अगाडि भएकोले त्यहाँ बसोबास गर्ने नेपालीहरु शिक्षित थिए । त्यसको प्रभाव विशेष गरी तनहुँका चुँदीमा पऱ्यो । त्यसैले तनहुं जिल्लाको चुँदी रम्घा हालसम्म पनि शिक्षा क्षेत्रमा अगाडि छ ।

इतिहासकार लेखक, खोजकर्ता अनुसन्धाताहरुले तनहुँको इतिहासलाई बेवास्ता गरिएको भूभाग (Forbeidden land) को रुपमा लिएर यसको इतिहास लेख्नेतर्फ चासो नराखेको पाइयो । प्रस्तुत शोध-प्रबन्धले तनहुँको इतिहासका विविध पक्षलाई उजागर गर्ने विश्वास गरिएको छ ।

**निष्कर्ष**

शक्तिशाली राज्यको रुपमा रहेको तनहुँ राज्यको पतन हुनाका कारणहरुमा राजाको पहाड र तराई दुवै स्थानमा राजधानी हुनु, व्यवस्थित र संगठित सेना नहुनु, छरिएर रहेको वस्ती, राज्य प्रशासनका पदाधिकारीहरुको राज्यप्रति उदासिनता र तनहुँका राजाले गोरखाको शक्ति र कुटनैतिक क्षमता चिन्ह नसक्नुलाई मानिन्छ ।

समकालीन छिमेकी राज्य शक्तिशाली बन्दै गएपछि अन्य शक्तिहिन राज्यहरु बिलाएर जान्छन् वा पतन भएर जान्छन् । तनहुँ राज्य पतन हुनु पनि गोरखा जस्तो शक्तिशाली राज्यको उदय हुनु नै हो । तनहुँका राजाहरुले गोरखा राज्यको शक्ति र राजाहरुको कुटनैतिक क्षमता चिन्ह सकेनन् । त्यसको परिणाम वि.सं. १८३९ कार्तिकमा तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भयो । तनहुँ राज्यको पतन हुनुको मुख्य कारण गण्डकी भेकमा गोरखा राज्य शक्तिशाली बन्दै जानु, तनहुँका राजाले गोरखा राज्यको शक्ति र कुटनैतिक क्षमता चिन्ह नसक्नु नै हो ।

राज्य नेपाल अधिराज्यमा एकीकरण भएपछि तनहुँ एउटा इकाईको रुपमा रह्यो । त्यहाँको प्रशासन केन्द्रको नीति नियमबाट निर्देशित केन्द्रीय र स्थानीय प्रशासकहरुद्वारा संचालन हुन थाल्यो । स्थानीय तालुकदारहरु अमाली, जिम्मावाल, मुखिया, द्वारे, थरी, जेठाबुढा आदि थिए । तनहुँमा सुब्बा, चौतरीया, काजी, सरदार, लेफनेट जस्ता महत्वपूर्ण पदका कर्मचारीहरुको नियुक्त नभएकोले प्रशासनिक दृष्टिबाट तनहुँ महत्वपूर्ण जिल्लाको रुपमा नरहेको बुझिन्छ । केन्द्रले नहेरेकाले तनहुँको प्रशासन, सामाजिक तथा सांस्कृतिक अवस्था ओझेलमा परेको बुझिन्छ ।

वर्तमान समयमा पनि तनहुँसुर वरपर सेनकालीन ऐतिहासिक सम्पदाहरु प्रशस्त छन् । जस्तै : सेनकालीन हातहतियार,राजाको इनार, पँधेरा, धारा, रानी बगैंचा, रानीस्वाँरा, ऐने पहरा, वाइससिडी चौतरा, कोतघर, सिलखाना, टुँडिखेल, तारो हान्ने घर आदि । त्यसैगरी विष्णु मन्दिर, महादेव मन्दिर, खड्ककालिका मन्दिर, सेनकालीन दरवारको भग्नावशेष आदि छन् । यस्ता ऐतिहासिक सम्पदाहरुको समयमा नै संरक्षण र संवर्द्धन हुन आवश्यक छ । त्यस बाहेक यस्ता सम्पदाहरु हाम्रो आफ्नै सम्पत्ति हुन, हाम्रो पहिचान हुन, यसको संरक्षण हामी आफैले गर्नुपर्दछ भन्ने अनुभूति सरोकारवाला र स्थानीय वासिन्दाहरुलाई हुनुपर्दछ । यस जनचेतनाको लागि पुरातत्वविभाग, व्यास नगरपालिका, सचेत नागरिक समूह, सरोकारवाला र स्थानीय नागरिक बीच स्थानीय क्षेत्रमा अन्तरक्रिया कार्यक्रमहरु हुन आवश्यक छ ।

# विषय सूची


**सिफारिस-पत्र** (क)
**अनुमोदन-पत्र** (ख)
**प्रतिवद्धता-पत्र** (ग)
**कृतज्ञता ज्ञापन** (घ)
**शोधसार** (च)
**विषयसूची** (ञ)
**सङ्क्षिप्त शब्दसूची** (ण)
**तस्वीर सूची** (त)

**अध्याय - एक : शोधपरिचय** **१-८**
१.१ परिचय १
१.२ शोधको समस्याकथन ५
१.३ शोधको उद्देश्य ६
१.४ शोधको औचित्य ६
१.५ शोधको क्षेत्र र सीमा ७
१.६ शोधकार्यको संगठन ८

**अध्याय-दुई : पूर्वसाहित्य समीक्षा** **९-३५**
२.१ परिचय ९
२.२ शोधको लागि छनौट गरिएका पूर्व प्रकाशित सामाग्रीहरु ९
२.३ निष्कर्ष ३५

**अध्याय-तीनः अनुसन्धान विधि** **३६-४६**
३.१ शोधको सैद्धान्तिक आधार ३६
३.२ अनुसन्धान ढाँचा ३८
३.३ स्रोत सामग्रीहरु ३९
३.४ स्रोतका प्रकारहरु ३९
३.४.१ प्राथमिक स्रोत ३९
३.४.२ द्वितीयक स्रोत ४०
३.५ स्रोत संकलन विधि ४०
३.५.१ प्राथमिक स्रोत संकलन विधि ४०
३.५.२ द्वितीयक स्रोत संकलन विधि ४२
३.६ अध्ययनमा तथ्याङ्कको विश्वसनियता र प्रमाणिकरण ४२
३.७ स्रोत संकलन उपकरणहरु ४३
३.८ स्रोत सामग्री संकलनमा देखिएका समस्याहरु ४३
३.९ प्रस्तुतीकरण र शोध प्रबन्ध ४५

**अध्याय - चार : तनहुँ राज्यको ऐतिहासिक परिचय** **४७-६८**
४.१ परिचय ४७

| | | |
|---|---|---|
| ४.२ | नामाकरण | ५० |
| ४.३ | प्राचीनकालमा तनहुँ | ५२ |
| ४.४ | मध्यकालमा तनहुँ | ५५ |
| | ४.४.१ पूर्वमध्यकालमा तनहुँ | ५६ |
| | ४.४.२ उत्तर मध्यकालको तनहुँ | ५९ |
| | ४.४.२.१ सेन वंशको परिचय | ५९ |
| | ४.४.२.२ पाल्पाको सेन राज्य विभाजन र तनहुँ राज्यको स्थापना | ६६ |
| ४.५ | निष्कर्ष | ६७ |
| **अध्याय - पाँच : सेनकालीन तनहुँको राजनीतिक इतिहास** | | **६९-१०७** |
| ५.१ | परिचय | ६९ |
| ५.२ | तनहुँका सेनवंशी राजाहरु र तनहुँ राज्यको अन्त्य | ६९ |
| | ५.२.१ भृङ्गी सेन (वि.सं. १६१०-१६२८) | ७० |
| | ५.२.२ हम्वीर सेन (वि.सं. १६२८-१६८७) | ७२ |
| | ५.२.३ त्रिविक्रम सेन प्रथम तुला सेन (वि.सं. १६८७-१७१०) | ७५ |
| | ५.२.४ दामोदर सेन (वि.सं. १७१०-१७५३) | ७७ |
| | ५.२.४.१ राजपुर राज्यमा तनहुँको अधिकार | ७८ |
| | ५.२.४.१ तनहुँ राज्यमा नरभूपाल शाहको जन्म | ७९ |
| | ५.२.५ दिग्विजय सेन (वि.सं १७५३-१७७१) | ८० |
| | ५.२.६ कामराजदत्त सेन (वि.सं. १७७१-१७९८) | ८२ |
| | ५.२.७ त्रिविक्रम सेन द्वितीय (वि.सं. १७९८-१८२६) | ८३ |
| | ५.२.७.१ साहित्यप्रति झुकाव | ८४ |
| | ५.२.७.२ राजा त्रिविक्रम सेन द्वितीयका कार्यहरु | ८५ |
| | ५.२.८ कामारीदत्त सेन (वि.सं. १८२६-१८२७) | ८७ |
| | ५.२.८.१ तनहुँ राज्यमा गोरखाको आक्रमण | ८८ |
| | ५.२.९ हरकुमारदत्त सेन (वि.सं. १८२७-१९३९) | ९० |
| | ५.२.१० नेपाली सेनाद्वारा चितवन कब्जा | ९२ |
| | ५.२.११ नायक बहादुर शाहको आक्रमण | ९४ |
| | ५.२.१२ तनहुँ राज्यको अन्त्य | ९७ |
| ५.३ | हरकुमारदत्त सेनको भारत पलायन र रामनगर राज्य | १०४ |
| ५.४ | निष्कर्ष | १०६ |
| **अध्याय छ : तनहुँको प्रशासनिक व्यवस्था** | | **१०८-१४१** |
| ६.१ | परिचय | १०८ |
| ६.२ | राज्यको रुपमा तनहुँको प्रशासनिक व्यवस्था | १०८ |
| | ६.२.१ राजाको स्थान र भूमिका | १०९ |

६.२.२ रानी ११०

६.२.३ पदाधिकारीहरु ११२

६.२.३.१ युवराज ११२

६.२.३.२ चौतारा ११४

६.२.३.३ गुरु तथा पुरोहित ११५

६.२.३.४ ज्योतिषी ११७

६.२.३.५ काजी ११८

६.२.३.६ दिवान १२०

६.२.३.७ सरदार १२०

६.२.३.८ खजाञ्ची १२१

६.२.३.९ कारीगर १२१

६.२.३.१० द्वारोगा १२१

६.२.३.११ खरिदार १२२

६.२.३.१२ फौजदार १२२

६.२.३.१३ द्वारे/कुभिण्डे १२२

६.२.४ प्रशासनिक इकाईहरु १२३

६.२.५ न्याय व्यवस्था १२४

६.२.६ सैनिक व्यवस्था १२४

६.२.७ हातहतियार १२८

६.३ प्रशासनिक इकाईको रुपमा तनहुँको प्रशासनिक व्यवस्था (वि.सं १८३९-१९०३) १३०

६.३.१ प्रशासनिक विभाजन १३०

६.३.२ जिल्ला प्रशासक १३३

६.३.३ तनहुँमा रहेका स्थानीय पदाधिकारीहरु १३५

६.३.३.१ जिम्मावाल १३५

६.३.३.२ मुखिया १३५

६.३.३.३ द्वारे १३६

६.३.३.४ थरी १३६

६.३.३.५ जेठाबुढा १३७

६.४ राज्यका रुपमा काम गर्ने तनहुँका प्रशासनिक पदाधिकारीहरु र नेपाल अधिराज्यमा विलय पश्चातको तनहुँका प्रशासनिक पदाधिकारीहरुको कार्य तथा भूमिकाको तुलनात्मक अध्ययन १३७

६.५ निष्कर्ष १४०

**अध्याय - सात : तनहुँको सामाजिक तथा सांस्कृतिक इतिहास १४२-१८२**

७.१ परिचय १४२

७.२ जाति व्यवस्था १४३

७.३ संस्कृति १४७
७.३.१ पारिवारिक गठन १४७
७.३.२ खानपिन तथा पहिरन १४७
७.३.३ संस्कार १४८
७.३.४ नारीको स्थान १४९
७.४ धर्म १५०
७.४.१ वैष्णव सम्प्रदाय १५०
७.४.२ शैव सम्प्रदाय १५१
७.४.३ शाक्त सम्प्रदाय १५१
७.५ चाडपर्व १५३
७.६ ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरु १५५
७.६.१ खड्कदेवी मन्दिर बन्दीपुर १५५
७.६.२ विष्णु मन्दिर १५७
७.६.३ महादेव मन्दिर १५८
७.६.४ भगवती मन्दिर १५९
७.६.५ चण्डीमाई मन्दिर १६०
७.६.६ रानी पौवा १६२
७.६.७ खड्ककालिका मन्दिर १६३
७.६.८ लालविहार गुठी १६६
७.६.९ ढोरबाराही मन्दिर १६८
७.६.१० छाब्दीबाराही मन्दिर १७०
७.६.११ व्यासगुफा १७३
७.६.१२ देवघाट १७५
७.६.१२.१ धार्मिक महत्व १७६
७.६.१२.२ ऐतिहासिक महत्व १७७
७.६.१२.३ तनहुँतर्फ रहेका संरचनाहरु १७९
७.७ निष्कर्ष १८१

**अध्याय आठ : अन्य राज्य र शक्तिसँग तनहुँको सम्बन्ध १८३-२१७**
८.१ परिचय १८३
८.२ तनहुँको गोरखा राज्यसँगको सम्बन्ध १८४
८.२.१ राजनैतिक तथा मैत्री सम्बन्ध १८५
८.२.१.१ मैत्री सम्बन्ध राज्य पृथ्वीनारायण शाहको नीति १८६
८.२.१.२ लामीडाँडा विवाद १८७
८.२.१.३ राजा त्रिविक्रम सेन द्वितीय कैद १८८
८.२.१.४ तनहुँमा आक्रमण १९१
८.२.१.५ पृथ्वीनारायण शाहको एकीकरण अभियानमा तनहुँ राज्यको भूमिका १९३

| | | |
|---|---|---|
| | ८.२.२ आर्थिक सम्बन्ध | १९५ |
| | ८.२.३ धार्मिक सम्बन्ध | १९६ |
| | ८.२.४ वैवाहिक सम्बन्ध | १९६ |
| ८.३ | तनहुँको लमजुङ राज्यसँग सम्बन्ध | १९८ |
| ८.४ | तनहुँको पाल्पा राज्यसँग सम्बन्ध | २०० |
| ८.५ | तनहुँको पर्वत राज्यसँग सम्बन्ध | २०३ |
| ८.६ | तनहुँको कास्की राज्यसँग सम्बन्ध | २०५ |
| ८.७ | तनहुँको उपत्यकाका मल्ल राज्यहरुसँगको सम्बन्ध | २०६ |
| | ८.७.१ कान्तिपुर राज्यसँगको सम्बन्ध | २०८ |
| | ८.७.२ भक्तपुर राज्यसँगको सम्बन्ध | २०९ |
| | ८.७.३. ललितपुर राज्यसँगको सम्बन्ध | २११ |
| ८.८ | इसाई पादरीसँगको सम्बन्ध | २१३ |
| ८.९ | रामनगरका सेन राजाको रिसिङ राज्यसँग सम्बन्ध | २१४ |
| ८.८ | निष्कर्ष | २१६ |
| **अध्याय-नौ : उपलब्धी र निष्कर्ष** | | **२१८-२२८** |
| ९.१ | उपलब्धी | २१८ |
| ९.२ | निष्कर्ष | २२१ |
| **परिशिष्टाङ्क खण्ड** | | **२२९-२९६** |
| **परिशिष्ट १ : अन्तर्वार्ता लिएका व्यक्तिहरुको विवरण** | | **२२९-२३१** |
| **परिशिष्ट २ : अभिलेख (परिशिष्ट २ देखि परिशिष्ट ३९ सम्म)** | | **२३२-२७९** |
| **परिशिष्ट ३ : अन्तर्वार्ता तथा साक्षात्कारका लागि खुल्ला प्रश्नावली** | | **२८०-२८१** |
| **परिशिष्ट ४ : तस्वीरहरु** | | **२८२-२९५** |
| **परिशिष्ट ५ : शब्दावली** | | **२९६** |
| **सन्दर्भसामग्री सूची** | | **२९७-३०९** |

# सङ्क्षिप्त शब्दसूची

| | |
|---|---|
| अनु. | अनुवाद |
| इ.सं. | इस्वी संवत |
| कि.मी. | किलोमिटर |
| कि.स. | कित्ता संख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| गा.पा. | गाउँपालिका |
| जि.प. | जिल्ला पञ्चायत |
| जि.वि.स. | जिल्ला विकास समिति |
| न.पा. | नगरपालिका |
| नं. | नम्बर |
| ने.सं | नेपाल संवत |
| प. | पश्चिम |
| पृ. | पृष्ठ |
| मा.वि. | माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| मो.रु. | मोहर रुपैयाँ |
| रु. | रुपैयाँ |
| वि.सं. | विक्रम संवत |
| सम्पा. | सम्पादन |
| सं. | संख्या |
| क्र.सं. | क्रम संख्या |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

# तस्विर सूची


| | | |
|---|---|---|
| १. | हात्ती बाँध्ने ढुङ्गा, तनहुँसुर धरमपानी | २८६ |
| २. | क्षेत्रपाल देवता, तनहुँसुर भोरथोक | २८६ |
| ३. | गद्दिचौतरा, तनहुँसुर हटियार | २८७ |
| ४. | टुडीखेलमा रहेको तारा घर, तनहुँसुर | २८७ |
| ५. | सेनकालीन साना/तोपहरु, तनहुँसुर खड्ककालीका मन्दिर | २८८ |
| ६. | सेनकालीन ठुलो तोप, तनहुँसुर दरबार परिसर | २८८ |
| ७. | सेन राजाले पानी खाने कुडापानी धारा, तनहुँसुर | २८९ |
| ८. | खड्ककालिकाको नौ वटा गजुर भएको कलश, तनहुँसुर खड्ककालिका मन्दिर | २८९ |
| ९. | विष्णु मन्दिर, तनहुँसुर, दरबार परिसर | २९० |
| १०. | राजा त्रिविक्रम सेन द्वितीयले विष्णु मन्दिरमा चढाएको घण्ट, तनहुँसुर दरबार परिसर | २९० |
| ११. | महादेव मन्दिरभित्र रहेको घण्ट, तनहुँसुर दरबार परिसर | २९१ |
| १२. | महादेव मन्दिर, तनहुँसुर दरबार परिसर | २९१ |
| १३. | भगवती मन्दिर, तनहुँ पाल्पालथोक | २९२ |
| १४. | भगवती पानी स्थित शिव मन्दिर, तनहुँ पाल्पाल थोक | २९२ |
| १५. | चण्डीमाई मन्दिर, तनहुँसुर चण्डेनीथोक | २९३ |
| १६. | खड्ककालिका मन्दिर, तनहुँसुर दरबार परिसर | २९३ |
| १७. | संरक्षण गरेर राखिएको सेनकालीन दरबारको उत्तरतिरको भाग, तनहुँसुर दरबार परिसर | २९४ |
| १८. | ढोरबाराही मन्दिर, सुक्लागण्डकी नगरपालिका, तनहुँ | २९४ |
| १९. | छाब्दीबाराही मूर्तिसँगै शोधकर्ता र पुजारी, व्यास नगरपालिका वडा नं. १०, तनहुँ | २९५ |
| २०. | छाब्दीवाराहीको इतिहास लेखिएको साइनबोर्ड, व्यास नगरपालिका, तनहुँ | २९५ |
| २१. | त्रिशुली र कालीगण्डकी नदीको संगमस्थल देवघाट, तनहुँ | २९७ |
| २२. | मुकुन्द सेन प्रथमले स्थापना गरेको चक्रशिला, देवघाट, तनहुँ | २९७ |
| २३. | सेनकालीन वाइससिडी चौतरा, तनहुँसुर, कुडापानी | २९८ |
| २४. | सेन राजाको इनार, तनहुँसुर दरबारपरिसर | २९८ |
| २५. | सेन राजाको पालादेखीको सिलिङ्गेको रुख, तनहुँसुर | २९९ |
| २६. | दरबार नजिकको गढी, तनहुँसुर | २९९ |

# अध्याय - एक
# शोध परिचय

## १.१ परिचय

उत्तर मध्यकालीन नेपालको तनहुँ राज्य वर्तमान तनहुँ जिल्लाका सबै भूभाग (रिसिङ, घिरिङ र ढोर बाहेक) मा फैलिएको थियो । वर्तमान समयमा तनहुँ ऐतिहासिक, धार्मिक, सामाजिक तथा सांस्कृतिक महत्व बोकेको एउटा जिल्ला हो । यस जिल्लाको ऐतिहासिक तथा धार्मिक महत्वलाई मध्यनजर गर्दा पौराणिक कालमा तनहुँ अन्तर्गत रहेको देवघाट सम्पूर्ण देवताहरुको सभा-सम्मेलन गर्ने स्थल थियो । देवताहरु जमघट हुने स्थल भएकोले यसलाई देवघट्ट भनियो र कालान्तरमा देवघाट भन्न थालियो (कँडेल, २०६५, पृ.७) । प्राकृतिक सुन्दरता र मनोरम वातावरण भएकोले तनहुँका विभिन्न स्थलहरुमा ऋषिमुनिहरुले तपस्या गर्दथे भन्ने विश्वास गरिन्छ । तनहुँसुर र मानुङकोटमा क्रमशः तनहनु र महाहनु नाम गरेका ऋषिहरुले तपस्या गर्दथे र ती ऋषिहरुको नामबाट तनहुँ र मानुङ नाम रहन गएको जनश्रुति पाइन्छ (घिमिरे, २०५६, पृ. ३२) । त्यसै गरी महर्षि वेदव्यास र उनका पिता पराशर ऋषिको तपोभूमि पनि तनहुँको शुक्ला र माहिन्द्री नदी (सेती र मादी) को दोभान नजिक रहेको विश्वास गरिन्छ (गुरुङ्ग, २०६१, पृ. ११५) ।

त्यसैगरी तनहुँको परिचय दिने क्रममा प्राचीनकालदेखि आधुनिक कालसम्मको नेपालको राजनीतिक अवस्था बुझ्नु पर्ने हुन्छ । प्राचीन कालमा नेपाल एउटा विशाल राज्य थियो । तत्कालीन नेपालको सीमाना पूर्वमा कामरुप (आसाम) र पश्चिममा कातृपुर (कुमाउ) सम्म फैलिएको थियो ( बज्राचार्य (सम्पा.), २०१९, पृ.२१-२२) । राज्य विस्तृत भूभागमा फैलिएकाले लिच्छवीकालमा केन्द्रबाट नै सबै ठाउँमा प्रशासन चलाउन सम्भव थिएन । त्यसैले गण्डकी वारीसम्म केन्द्रद्वारा नै प्रत्यक्ष शासन चलाउने व्यवस्था थियो भने गण्डकी पारीका प्रान्तहरुमा प्रशासन चलाउनको लागि केन्द्रबाट सामन्तहरु नियुक्त गरिएका हुन्थे । यस्ता सामन्तहरु केन्द्रीय प्रशासकका नजिकका र विश्वस्त व्यक्तिहरु हुन्थे । तत्कालीन समयमा गण्डकी भनेको हालको वाग्लुङ र पर्वत जिल्लाको सीमानामा रहेको कालीगण्डकी हो भन्ने आमधारणा छ । तनहुँ पनि कालीगण्डकी वारी नै पर्ने भएकोले लिच्छवीकालमा तनहुँमा केन्द्रद्वारा प्रत्यक्ष शासन चल्ने देखिन्छ । त्यसैले लिच्छवी कालमा तनहुँ स्थानीय इकाइको रुपमा रहेको थाहा हुन्छ ।

लिच्छवी शासनकालमा जयदेव द्वितीयपछि शासकहरु कमजोर बन्दै गए । केन्द्रको कमजोरीको फाइदा उठाएर प्रान्तीय शासक (सामन्त) हरु शक्तिशाली बने । केन्द्रद्वारा प्रत्यक्ष शासन चलेको भूभागहरुमा पनि शासकले ध्यान पुऱ्याउन नसक्दा नयाँ राज्यहरु बन्न थाले । ती राज्यहरुले विस्तारै केन्द्रका भूभागहरु हडप्न थाले । त्यसपछि नेपालमा तीन वटा शत्तिशाली राज्यहरु देखा परे । काठमाडौं उपत्यकामा नेपालमण्डल, सिम्रौनगढमा डोय राज्य र कर्णाली प्रदेशमा खस मल्ल राज्य । यी राज्यहरुलाई त्रिशक्ति पनि भनिन्थ्यो । यी राज्यहरु मध्ये कर्णाली प्रदेशको खस मल्ल राज्य बढी शक्तिशाली बन्दै गयो । जुम्लाको सिञ्जालाई राजधानी बनाएर खसहरुले राज्य गरेकाले त्यसलाई

खस राज्य पनि भनिन्छ (आचार्य, २०६३, पृ.७०) । यस राज्यको स्थापना तिब्बतको खारी प्रदेशबाट आएका नागराजाले बाह्रौ शताब्दीको आरम्भतिर गरेका थिए । तेह्रौं शताब्दीमा नागराजका वंशज अशोक चल्लले आफ्ना शक्तिशाली सेना 'सर्वगामिनी बाहिनी' द्वारा विजय गरेर गण्डकी प्रदेशलाई सिञ्जा राज्यको अधिनमा ल्याएका थिए (अधिकारी, २०४३, पृ.१३) । त्यस बेला देखि गोरखा लगायत तनहुँ, लमजुङका भूभागहरु नेपाल उपत्यकाको केन्द्रीय राजधानी भक्तपुरको अधिनमा नरही सिञ्जा राज्यको अधिनमा रहेको देखिन्छ । त्यस समयमा पनि तनहुँ सिञ्जा राज्यको स्थानीय निकायको रुपमा रहेको देखिन्छ । त्यहीबेला सिञ्जा राज्यको सीमाना पूर्वमा त्रिशुली गण्डकी, पश्चिममा कुमाउ, गडवाल, उत्तरमा मानसरोवर र दक्षिणमा गया सम्म फैलिएको थियो (अधिकारी, २०४३, पृ.१३) । यता नेपालमण्डलको सीमाना भने काठमाडौं उपत्यकादेखि त्रिशुली नदीसम्म सीमित रह्यो । त्यही बेला त्रिशुली नदी वारीसम्म खस मल्ल राज्यको अधिन र पारी नेपालमण्डलको अधिन थियो ।

सिञ्जा राज्यको अधिकार क्षेत्र भित्र गण्डकी प्रदेश पर्न गएपछि कर्णाली प्रदेशतिरबाट मानिसहरु आएर गण्डकी क्षेत्रमा बसोबास गर्न थाले । त्यसपछि सिञ्जा राज्यको खस भाषा, जाति तथा संस्कृतिको प्रभाव गण्डकी क्षेत्रमा पर्न थाल्यो । खस साम्राज्यको विस्तार हुँदै गए पछि राज्यको सबै भूभागमा सिञ्जाबाट नै प्रशासन चलाउन सम्भव भएन । त्यसैले जुन ठाउँमा जुन जातिको प्रभाव बढी थियो, त्यसै जातिको नाइके (मुखिया) लाई त्यहाँको प्रशासन चलाउने जिम्मा दिइयो । प्रशासन चलाए वापत उक्त मुखियाले प्रत्येक वर्ष सिञ्जा राज्यलाई सिर्तो (दाल, चामल, घिउ) को रुपमा कर बुझाउनु पर्दथ्यो । तनहुँमा मगर जातिको बसोबास बढी भएकोले मगर जाति नै त्यहाँका मुखिया भए । त्यतिबेला तनहुँबाट सिर्तो लिएर मानिसहरु जुम्लाको सिञ्जा जाने गर्दथे भन्ने पाईन्छ (अधिकारी, अन्तर्वार्ता, २०७३/०२/२९) ।

खस मल्ल राज्यका शक्तिशाली शासक पृथ्वी मल्ल थिए । यिनका अति शक्तिशाली महाअमात्य यशोवर्मा थिए । पृथ्वी मल्ल बृद्ध हुँदै गएपछि धर्मकर्ममा झुकाव बढ्दै गयो र राज्यको हर्ताकर्ता यशोवर्मा बने । उनले विस्तारै राज्यको सम्पूर्ण अधिकार आफ्नो हातमा लिए । महाअमात्य, अमात्य, भारदार जस्ता राज्यका अतिविशिष्ट पदहरुमा उनले आफ्ना वंशका व्यक्तिहरुलाई नियुक्ती गर्न थाले (खनाल, २०३०, पृ. १७-१८) । वि.सं. १३९१-९२ सालतिर अभय मल्ल राजा भएको समयमा मलय वर्माले सिञ्जा राज्यमा आफ्नो अधिकार गरेर आफ्नो छोरा मेदिनी वर्मालाई 'महामण्डलेश्वर' बनाए (अधिकारी, २०४३, पृ. ५०) । त्यसपछि बर्माहरुले सिञ्जा राज्यलाई टुक्र्याएर स्वतन्त्र राज्यहरु स्थापना गर्दै लगे । यसरी सिञ्जा राज्य टुक्रिदै गएपछि तनहुँ पनि सिञ्जाको अधिनबाट मुक्त भएर स्वतन्त्र मगर ठकुराई बनेको देखिन्छ । त्यही समयलाई लक्षित गरेर तनहुँमा दुधेवाराही (मष्टो) वंशका मगरहरुले शासन गर्दथे भन्ने गरेको पनि पाइन्छ (थापा, २०५६, पृ.७७) । पाल्पाका राजा मुकुन्द सेन प्रथमले जित्नु भन्दा अगाडिको करिब एक डेढ सय वर्ष तनहुँमा मगर जातिको स्वतन्त्र राज्य थियो भनिन्छ । त्यस समयमा रिसिङ, घिरिङ, ढोर राज्यहरुमा पनि मगरहरुको स्वतन्त्र राज्य रहेको र तनहुँसँगै यी राज्यहरु पनि मुकुन्द सेनले पाल्पा राज्यमा मिलाएको हो भन्ने विज्ञहरुको भनाई छ (थापा, अन्तर्वार्ता, २०७४।०१।२०) । तर यस सम्बन्धी कुनै ऐतिहासिक दस्तावेज भेटिएको छैन ।

कर्णालीको खस मल्ल राज्य कमजोर बन्दै गइरहेको अवस्थामा गण्डकी प्रश्रवण क्षेत्रको पाल्पामा रुद्र सेनले शक्तिशाली राज्य स्थापना गरे उनका छोरा मुकुन्द सेन विषिजिगु थिए । उनले काठमाडौं उपत्यकामा विजय अभियानमा जाने क्रममा बाटामा पर्ने गोरखा, धादिङ्ग, तनहुँ जितेर पाल्पा राज्य अन्तर्गत पारे (अधिकारी, २०५५, पृ. ४-५) । त्यसपछि स्वतन्त्र मगर ठकुराई समाप्त भएर तनहुँ पाल्पा राज्यको स्थानीय निकायको रुपमा रहन पुग्यो । सेनले आफूले जितेका सबै भूभागहरुलाई प्रशासनिक रुपमा विभाजन गरी आफ्ना छोरा तथा नातीहरुलाई विभिन्न क्षेत्रको प्रशासन हेर्ने जिम्मा दिएर पठाए । यहि क्रममा गोरखा र तनहुँको प्रशासन हेर्ने जिम्मा दिएर साहिला छोरा भृङ्गी सेनलाई तनहुँ पठाए । बाबु मुकुन्द सेनको मृत्युपछि वि.सं. १६१० मा भृङ्गी सेनले तनहुँमा स्वतन्त्र राज्यको स्थापना गरे (आचार्य, १९९७, पृ.६०-७९) । त्यसपछि तनहुँ एउटा छुट्टै राज्यको रुपमा अस्तित्वमा आयो । तनहुँ राज्यको स्थापना पछि रिसिङ राज्यमा पनि सेन वंशको नै राज्य सुरु भयो भने घिरिङ राज्यमा शाही ठकुरी वंशका राजाहरुले राज्य गर्दथे । घिरिङ राज्यको स्थापना वि.सं. १६५२ तिर भएको र त्यहाँका राजा भोला बिक्रम शाह थिए भन्ने केही विद्वान्‌को भनाइ रहेको छ (सुवेदी, अन्तर्वार्ता, २०७२।१०।२४) ।

तनहुँमा सेनहरुले राज्य गरिरहेको समयमा नेपालमा साना ठूला गरी ५२ वटा भन्दा बढी राज्यहरु अस्तित्वमा थिए । यी राज्यहरु गण्डकी प्रश्रवण क्षेत्रमा २४ वटा, कर्णाली प्रश्रवण क्षेत्रमा २२ वटा, काठमाडौं उपत्यकामा ३ वटा मल्ल राज्यहरु र पूर्वमा तीन वटा सेन राज्यहरु थिए । तनहुँ चौबीसी राज्य मध्ये एक शक्तिशाली राज्यको रुपमा रहेको थियो । यो राज्य आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्र आफैमा सम्पन्न थियो । यस राज्यको ग्रीष्मकालीन राजधानी तनहुँसुर र शीतकालीन राजधानी देवघाट गरी दुईवटा राजधानी थियो । पुष, माघ, फाल्गुन तीन महिना तनहुँका राजा सम्पूर्ण परिवार लिएर देवघाट क्षेत्रमा गएर बस्दथे (रेग्मी, १९७८, पृ. ५) । भृङ्गी सेनले वि.सं. १६१० मा तनहुँमा सेन राज्य स्थापना गरेपछि आफूलाई राजकाज चलाउन सहयोग गर्न गुरु पुरोहित, भाइ भारदार, सुसारेलाई पाल्पाबाट तनहुँमा ल्याए (आचार्य, २०६६, पृ.१२-२३) । त्यसपछि तनहुँमा ब्राह्मण, क्षेत्री, खवासहरुको बसोबास हुन थाल्यो । सेन राजाहरुले भक्तपुरबाट मुल थरका नेवारहरुलाई व्यापार गर्नका लागि तनहुसुँरमा ल्याएर बसोबास गराए (मूल, अन्तर्वार्ता, २०७२।०२।२९) । त्यसपछि काठमाडौं उपत्यकाबाट श्रेष्ठ र बतास थरका नेवारहरु पनि तनहुँसुरमा आएर बसोबास गर्न थाले ( श्रेष्ठ, अन्तर्वार्ता, २०६९।१२।३१) । यी कुराहरुको जानकारी दिन प्रमाणित स्रोत नभेटिएकाले ती नेवारहरुको वंशज स्थानीय लोकनारायण मूल र बखतनारायण श्रेष्ठको भनाईलाई आधार मान्नु परेको हो । त्यसै गरी राजा दिग्विजय सेनाले भारतको बिहारबाट आएका मुसलमान व्यापारीहरुलाई तनहुँको सम्जुरमा बस्ने व्यवस्था मिलाए (अधिकारी, २०६४, पृ.४४-४६) । त्यसो त तनहुँमा मगर, बोटे, दराईको बसोबास पहिलादेखि नै थियो । त्यसपछि ब्राह्म्ण, क्षेत्री, नेवार, मुसलमान आदि जातिको पनि बसोबास हुन थाल्यो । यसरी तनहुँ राज्यमा जातीय विविधता, धार्मिक सहिष्णुता र सांस्कृतिक विविधता सुरु भयो । जुन हालसम्म पनि कायमै रहेको छ ।

तनहुँ राज्यको प्रशासनिक व्यवस्था प्रारम्भिक चरणमा भन्दा सेन राजाहरुको अन्तिम समयतिर त्यति सवल देखिँदैन । प्रशासनिक कमजोरीको कारण पनि तनहुँ राज्यमा गोरखाले पटक

पटक आक्रमण गरेको थियो । तनहुँ राज्यको प्रशासनिक पदाधिकारीहरु राजा, रानी लगायत यूवराज, काजी, गुरु तथा पुरोहित, ज्योतिषी, दिवान, सरदार, खजाञ्ची, कारीगर, खरिदार, फौजदार, द्वारे/कुभिण्डे आदि थिए । यस बाहेक राजाको भाइलाई दिइने चौतारा पद, घरपालुवा जनावरको खरिदबिक्री गर्ने र तोपखानाको निरीक्षण गर्ने द्वारोगा पद, जिन्सी वस्तुको हिसाब राख्ने मुन्सी पद पनि तनहुँ राज्यमा रहेको पाइन्छ । जसको चर्चा सम्बन्धित अध्यायमा गरिएको छ ।

छिमेकी राज्यहरु गोरखा, पाल्पा, लमजुङ, कास्की बाहेक, पर्वत र काठमाडौं उपत्यकाको मल्ल राज्यहरुसँग पनि तनहुँ राज्यको राम्रो सम्बन्ध थियो । गोरखा राज्यसँग आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्ध राम्रै रहे पनि राजनीतिक सम्बन्ध भने सुमधुर थिएन । विशेष गरी तनहुँमा त्रिविक्रम सेन द्वितीय र गोरखामा पृथ्वीनारायण शाह राजा भएको समयमा यी दुई देश बीच घातप्रतिघात चलिरह्यो । गोरखा लमजुङको चिरशत्रु भएको कारण लमजुङ आफू बलियो हुन तनहुँलाई सधैं आफ्नो पक्षमा मिलाइरह्यो । तनहुँले पनि लमजुङको आड पाएर गोरखासँग दुश्मनी बाँधिरह्यो । लमजुङ पर्वत, पाल्पासँग गुटबन्दी भएर तनहुँले गोरखा राज्यको भूभागमा पटकपटक आक्रमण गरे पनि पराजय हुनुपर्‍यो । तनहुँले लमजुङ, पर्वत, पाल्पासँग मिलेर गोरखाको विरुद्धमा खेलेको भूमिका, इष्ट इण्डिया कम्पनीसँग तनहुँका राज्यहरुको बढ्दो सामिप्यता आदि कारणले गर्दा तनहुँका अन्तिम राजा हरकुमारदत्त सेनको राज्यकाल (वि.सं. १८३९, कार्तिक) मा रणबहादुर शाहकी नायबी ग्रहण गरेकी राजमाता राजेन्द्रलक्ष्मी शाहले तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण गरिन् । त्यसपछि तनहुँ राज्यको स्वतन्त्र अस्तित्व समाप्त भयो । तनहुँ राज्यमा भृङ्गी सेन देखि हरकुमारदत्त सेनसम्म जम्मा ९ जना राजाहरुले करिब २२९ वर्ष (वि.सं. १६१०-१८३९) सम्म राज्य गरेका थिए । राज्य नेपाल अधिराज्यमा गाभिएपछि तनहुँका राजा हरकुमारदत्त सेन भागेर भारत प्रवेश गरी पश्चिम चम्पारनको रामनगरस्थित आफ्नो पुर्ख्यौली जमिन्दारीमा बस्न थाले । केही समयपछि उनले रामनगरमा आफ्नो राज्य स्थापना गरेर राज्य गर्न थाले । त्यस राज्यमा उनी र उनका उत्तराधिकारीहरुले करिब सय वर्ष राज्य गरेको देखिन्छ ।

प्रस्तुत शोधकार्य "तनहुँको ऐतिहासिक अध्ययन (वि.सं. १६१०-१९०३)" एउटा ऐतिहासिक अध्ययन हो । वि.सं. १६१० मा सेनहरुले राज्य स्थापना गरेदेखि वि.सं. १८३९ मा नेपाल अधिराज्यमा एकीकरण हुँदासम्मको समयमा तनहुँ राज्य चौबीसी राज्य मध्येको शक्तिशाली राज्य थियो । पृथ्वीनारायण शाहको विजयी अभियानलाई असफल बनाउन तनहुँ राज्यले महत्वपूर्ण भूमिका खेलेको थियो । त्यसैले तनहुँ राज्यको विस्तृत इतिहासको खोजी गर्न र तनहुँ राज्य व्यवस्था कस्तो रह्यो भन्ने कुरा महत्वपूर्ण भएको हुँदा यिनै विषयहरुमा सीमित रही यस अध्ययन गरिएको छ ।

नेपाल अधिराज्यमा एकीकरण भएपछि तनहुँ छुट्टै जिल्ला वा केन्द्रको रुपमा थिएन । केन्द्र (काठमाडौं) बाट नै यहाँको प्रशासन हेर्ने व्यवस्था थियो । केन्द्रद्वारा नियुक्त गरिएका सेन राजाका समयका भारदार तथा स्थानीय वासिन्दाहरु अमाली, जिम्मावाल, सरदार, सुवेदार, मुखिया, द्वारेद्वारा त्यहाँको प्रशासन संचालन हुन्थ्यो (भट्टराई, २०६४, पृ.८८-१०४) । नेपाल र अंग्रेजको युद्धको समाप्ती पछि वि.सं. १८७२ को सुगौली सन्धीले नेपालको भौगोलिक सीमाना पूर्व मेचीदेखि पश्चिम

महाकालीसम्म सिमांकन गरिदियो । त्यसपछि नेपालको प्रशासनिक विभाजन तराई क्षेत्रतर्फ पाँच जिल्ला र पहाडी क्षेत्रतर्फ पाँच जिल्ला गरी १० जिल्ला कायम भयो । पहाडी क्षेत्रमा पनि पूर्वी पहाड र पश्चिमी पहाड गरी छुट्याएको थियो । पूर्वी पहाडमा धनकुटा र चैनपुर दुई जिल्ला थिए भने पश्चिमी पहाडमा डोटी, पोखरा र पाल्पा गरी ३ वटा जिल्ला थिए (वैद्य र मानन्धर, २०५३, पृ. ४३) । तनहुँ पोखरा केन्द्र अन्तर्गत पर्दथ्यो । तनहुँसुर दरबारमा छोटी अड्डा थियो । न्यायपालिकाले गर्ने कार्यहरु उक्त छोटी अड्डा मार्फत हुन्थ्यो (थापा, अन्तर्वार्ता, २०६८।१०।१६) । यस सम्बन्धी लिखित दस्तावेज प्राप्त हुन नसकेकाले अन्तर्वार्तालाई आधार मानिएको हो ।

राणा शासन सुरु भएपछि पनि तनहुँको प्रशासन पश्चिम ३ नं. पोखरा गोश्वाराद्वारा नै संचालित थियो । यस गोश्वाराको अधिनमा रहने गरी तनहुँको बन्दीपुरमा छोटी अड्डा स्थापना भयो (उपाध्याय, १९५०, पृ. १५) । तनहुँसुरमा रहेको अड्डा भने वि.सं. १९९६ सालमा लमजुङको कुन्छा सरेको जानकारी पाइन्छ (थापा, अन्तर्वार्ता, २०६८।१०।१६) । तनहुँसुरमा अड्डा हुँदाहुँदै बन्दीपुरमा अर्को अड्डा स्थापना भएपछि बन्दीपुरको महत्व बढ्न थाल्यो । त्यतिबेला तनहुँ, रिसिङ, घिरिङ र ढोरको सदरमुकाम बन्दीपुर थियो । वि.सं. २०१८ सालमा राजा महेन्द्रले नेपाललाई १४ अंचल ७५ जिल्लामा विभाजन गरेपछि तनहुँ छुट्टै जिल्लाको रुपमा रहेको हो । त्यसपछि पनि तनहुँको सदरमुकाम बन्दीपुरमा नै थियो । बन्दीपुरमा रहेको सदरमुकाम २०२५ सालमा दमौलीमा सारिएको हो । त्यसपछि दमौलीको विकास द्रुत गतिमा अगाडि बढ्यो । हाल दमौली नेपालको सुन्दर र व्यवस्थित शहर बनेको छ ।

वर्तमान समयमा संघीय गणतन्त्र नेपालको प्रदेश नं. ४ (गण्डकी प्रदेश) मा अवस्थित तनहुँ जिल्लामा ४ वटा नगरपालिका र ६ वटा गाउँपालिकाहरु रहेका छन् । जसमा भानु न.पा., व्यास न.पा., शुक्ला गण्डकी न.पा., भिमाद न.पा. र आबुखैरेनी गा.पा., बन्दीपुर गा.पा., देवघाट गा.पा., म्याग्दे गा.पा., रिसिङ गा.पा. र घिरिङ गा.पा. रहेका छन् । त्यसैगरी नगरपालिकामा ४८ वटा र गाउँपालिकामा ३७ वटा वडाहरु रहेका छन् (नेपाल सरकार, २०७५, पृ. ५) ।

## १.२ शोधको समस्या कथन

उत्तरमध्यकालीन नेपालमा चौबीसी राज्य मध्ये तनहुँ एक शक्तिशाली राज्य हो । पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानमा चुनौती बनेको तनहुँ राज्य अन्तिम अवस्थासम्म पनि गोरखाको विरुद्धमा लडिरह्यो । यस क्रममा लमजुङ, पाल्पा, पर्वत आदि राज्यहरुको चौबीसी गुटमा तनहुँ राज्यको सक्रिय सहभागिता थियो । तनहुँका सेन राजाहरुको सम्बन्ध उपत्यकाको मल्ल राजाहरुसँग र भारतका शासकहरु, पहिला मुगल बादशाहहरु र पछि इष्ट इण्डिया कम्पनीसँग पनि थियो । यसरी शक्तिशाली राज्यको रुपमा रहेको तनहुँ राज्यको इतिहास विस्तृत रुपमा अध्ययन अनुसन्धान हुन सकेको छैन । यस राज्यसँग सम्बन्धित लेखिएका प्रकाशित तथा अप्रकाशित सामग्रीहरुमा राजाहरुको राजनैतिक इतिहासलाई मात्र आंशिक रुपमा समेटिएको पाइन्छ । सेनहरुले राज्य गर्नु अगाडिको तनहुँको अवस्था, सेन राज्यकालमा यहाँको प्रशासनिक, राजनीतिक,

सामाजिक तथा सांस्कृतिक अवस्था, छिमेकी राज्यसँग तनहुँको सम्बन्ध, तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भएपछि तनहुँको प्रशासनिक व्यवस्था र तनहुँ स्थित विभिन्न मठ मन्दिरहरुको अध्ययन अनुसन्धान भएको पाइँदैन । यी सम्बन्धित विषयको अध्ययन अनुसन्धान गरी सत्य तथ्य जनसमक्ष बाहिर ल्याउन नसक्नु हामी सबैको समस्या हो । यिनै विषयहरुसँग सम्बन्धित यस अध्ययनको समस्याकथन यस प्रकारका छन्:

क. तनहुँ राज्यको राजनीतिक अवस्था कस्तो थियो ?

ख. राज्यको रुपमा तनहुँको प्रशासनिक अवस्था र स्थानीय इकाईको रुपमा तनहुँको प्रशासनिक अवस्था कस्तो थियो ?

ग. तनहुँको सामाजिक-सांस्कृतिक इतिहास कस्तो थियो ?

घ. तनहुँ राज्यको अन्य राज्यसँगको सम्बन्ध कस्तो थियो ?

## १.३ शोधको उद्देश्य

माथि उल्लेख गरिएका समस्याहरुको समाधान खोज्नु नै यस शोधको उद्देश्य हो ।

क. तनहुँ राज्यको राजनीतिक इतिहासलाई प्रकाश पार्नु,

ख. राज्यको रुपमा तनहुँको प्रशासनिक अवस्था र स्थानीय इकाइको रुपमा तनहुँको प्रशासनिक अवस्थाको अध्ययन गर्नु,

ग. तनहुँको सामाजिक तथा सांस्कृतिक पक्षलाई प्रकाश पार्नु,

घ. तनहुँ राज्यको अन्य राज्यसँगको सम्बन्धको खोजी गर्नु ।

## १.४ शोधको औचित्य

चौबीसी राज्यहरु मध्ये एक महत्वपूर्ण राज्य तनहुँको इतिहास लेखन कार्यमा पछाडि परेको छ। प्रस्तुत अध्ययन, 'तनहुँको ऐतिहासिक अध्ययन (वि.सं. १६१०-१९०३)' रोज्नुको कारण हालसम्म अध्ययन अनुसन्धान नभएको विषयहरु चौबीसी राज्य समूह लमजुङ, पाल्पा, कास्की, पर्वत, गोरखा र तनहुँ राज्य बीचको अन्तर सम्बन्ध खोजी गर्नु, तनहुँ राज्यको प्रशासनिक अवस्था र सामाजिक तथा सांस्कृतिक पक्षको अध्ययन गर्नुका साथै तनहुँको स्थानीय इतिहासमा कलम चलाएर यहाँको यथार्थ जानकारी जनसमक्ष ल्याउनु रहेको छ ।

कुनै पनि देशको इतिहास पूर्ण हुन त्यस देशको हरेक क्षेत्र, गाउँ र ठाउँको इतिहास लेखिनुपर्दछ । स्थानीय इतिहासको अध्ययनबाट त्यस ठाउँको जनजीवन, सामाजिक, धार्मिक तथा सांस्कृतिक अवस्था, त्यस ठाउँमा घटेका महत्वपूर्ण घटनाहरुको जानकारी हुन्छ (क्यारोल, १९९६, पृ.३०८-३०९)। स्थानीय इतिहासलाई पुरातात्विक स्रोतको भण्डार पनि भनिन्छ। स्थानीय इतिहासको अध्ययन हुनु जरुरी छ र यसको अध्ययन समयमा नै गर्नु आवश्यक हुन्छ। प्रस्तुत विषयमा समयमा नै अध्ययन अनुसन्धान नहुँदा त्यहाँ रहेका कतिपय महत्वपूर्ण पुरातात्विक स्रोतहरु नष्ट भएर गए भने कति बुज्रुक तथा अनुभवी व्यक्तिहरुको देहान्त भइसकेको छ । अब पनि यहाँको अध्ययन अनुसन्धान गर्न ढिलाई गरिएमा बाँकी रहेका पुरातात्विक सामग्रीहरु पनि लोप भएर जाने वा नष्ट

भएर जाने निश्चित छ । यस समस्या समाधान गर्न प्रस्तुत विषयमा अध्ययन अनुसन्धान गरिएको हो ।

यस ऐतिहासिक अध्ययनबाट आम जनताको इतिहास लेखनमा सहयोग पुग्ने र नेपाल राज्यको इतिहास निर्माणका विशेषताहरु पहिल्याउन सघाउ पुग्ने विश्वास लिइएको छ ।

## १.५ शोधको क्षेत्र र सीमा

प्रस्तुत अध्ययनको क्षेत्र र सीमालाई निम्न बुँदाहरुमा स्पष्ट पारिएको छ :

### १.५.१ कालक्रम सीमा (Cronological Limitation)

प्रस्तुत शोधप्रबन्धमा तनहुँमा सेन वंशको राज्य स्थापना (वि.सं. १६१०) देखि सेन राज्य नेपाल अधिराज्यमा एकीकरण (वि.सं. १८३९) सम्म सेनकालीन इतिहास र त्यसपछि राणा शासन सुरु हुनुभन्दा अगाडि (वि.सं. १९०३) सम्म प्रशासनिक इकाईको रुपमा रहेको तनहुँ करिब २९३ वर्ष सीमा निर्धारण गरिएको छ ।

### १.५.२ भौगोलिक क्षेत्रगत सीमा (Spatial Limitation)

सेनकालीन तनहुँ राज्यमा पहाड र तराई गरी दुई खण्ड थियो । पूर्वमा मर्स्याङ्गदी नदी, पश्चिममा मादी नदी, उत्तरमा मिर्लुङकोट र दक्षिणमा छिम्केश्वरी डाँडासम्म तनहुँ राज्यको पहाड खण्डको सीमाना थियो भने त्रिशुली र कालीगण्डकीको दोभानमा रहेको देवघाट देखि पूर्व दक्षिण खण्डमा तराई भूभाग (खण्ड) पर्दथ्यो । यही भौगोलिक सीमाभित्रको क्षेत्र नै प्रस्तुत अध्ययनको क्षेत्रगत सीमा रहेको छ ।

### १.५.३ विषयगत सीमा (Thematic Limitation)

प्रस्तुत शोधप्रबन्धमा तनहुँमा सेन राज्य स्थापना देखि उक्त राज्य नेपाल अधिराज्यमा एकीकरण सम्मका राजनैतिक, प्रशासनिकः सामाजिक तथा सांस्कृतिक इतिहास र तनहुँ राज्यको अन्य राज्यसँगको सम्बन्धको अध्ययन गरिएको छ । त्यसै गरी पृष्ठभूमिको लागि सेनहरुले राज्य गर्नु अगाडिको तनहुँको ऐतिहासिक अध्ययन पनि गरिएको छ । जस अन्तर्गत तनहुँको नामकरण, प्राचीन, पूर्वमध्यकाल, उत्तर मध्यकालको तनहुँ र सेन वंशको अध्ययन रहेको छ ।

वि.सं १८३९ कार्तिकमा तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भयो । राज्य नरहे पछि तनहुँको अन्य राज्यसँगको सम्बन्ध भन्ने कुरा रहेन । त्यसै गरी तनहुँ नेपाल अधिराज्यको स्थानीय इकाइको रुपमा रह्यो । केन्द्रको नीति र निर्देशनमा नै त्यस इलाकाको सम्पूर्ण कार्य गर्ने भएकोले तनहुँको राजनैतिक अवस्थाको छुट्टै अध्ययन गर्न आवश्यक देखिएन । त्यसैले जहाँनिया राणा शासन सुरु हुनुभन्दा अगाडिसम्मका तनहुँको प्रशासनिक अवस्थाको अध्ययन गरिएको हो । तर सन्दर्भ आएको ठाउँमा भने त्यहाँको सामाजिक तथा सांस्कृतिक पक्षलाई पनि समेटिएको छ । प्रशासनिक

पक्षमा तत्कालीन प्रशासनिक पदाधिकारीहरु र तिनका कार्यहरुको पुष्टि गर्नको लागि राणा कालका केही दस्तावेजहरुलाई अध्ययनमा समावेश गरिएको छ ।

तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भएपछि त्यहाँका अन्तिम राजा हरकुमारदत्त सेनले चम्पारन स्थित रामनगरमा राज्य स्थापना गरी आफ्नो अस्तित्व कायमै राखे । उत्तर मध्यकालीन नेपालको करिब ५२ वटा राज्य मध्ये तनहुँ मात्र त्यस्तो राज्य हो जसले तत्कालीन भारतको चम्पारन अन्तर्गत रामनगरमा आफ्नो जमिन्दारी कायम गरेको थियो ।

तनहुँ राज्यको आर्थिक अवस्थाको विश्लेषणलाई भने यस अध्ययनमा समावेश गरिएको छैन । त्यसैगरी वर्तमान तनहुँ जिल्ला अन्तर्गत रहेको रिसिङ घिरिङ ढोर, गजरकोट (चौबीसी समूहमा पर्ने स-साना राज्यहरु) को पनि प्रसंगवश आएको बाहेक विस्तृत अध्ययन गरिएको छैन ।

## १.६ शोधको सङ्गठन

प्रस्तुत शोधपत्रलाई नौ अध्यायमा विभाजन गरिएको छ :

अध्याय-एक : शोध परिचय
अध्याय-दुई : पूर्व प्रकाशित सामग्रीहरुको समीक्षा
अध्याय-तीन : अनुसन्धान विधि
अध्याय-चार : तनहुँ राज्यको ऐतिहासिक परिचय
अध्याय-पाँच : सेनकालीन तनहुँको राजनीतिक इतिहास
अध्याय-छ : तनहुँको प्रशासनिक व्यवस्था
अध्याय-सात : तनहुँको समाज र संस्कृति
अध्याय-आठ : तनहुँ राज्यको अन्य राज्यसँगको सम्बन्ध
अध्याय-नौ : उपलब्धि र निष्कर्ष

शोधको अन्त्यमा परिशिष्टहरु समावेश गरिएको छः-

परिशिष्ट १ : अन्तर्वार्ता लिएका व्यक्तिहरुको विवरण
परिशिष्ट २ : अभिलेख (परिशिष्ट २ देखि ३९ सम्म)
परिशिष्ट ३ : अन्तर्वार्ता तथा साक्षात्कारका लागि खुल्ला प्रश्नावली
परिशिष्ट ४ : तस्वीरहरु
परिशिष्ट ५ : शब्दावली

# अध्याय दुई
# पूर्वसाहित्य समीक्षा

## २.१ परिचय

कुनै पनि विषय वस्तुनिष्ठ अध्ययन गरी समस्याको खोजी गर्न अनुसन्धान गरिन्छ । अनुसन्धान गर्नको लागि सम्बन्धित विषयका पूर्व प्रकाशित सामग्रीहरुको अध्ययन वा समीक्षा महत्वपूर्ण हुन्छ । यस्ता सामग्रीहरुको अध्ययनले शोधको समस्या पहिल्याउने देखि निष्कर्षमा पुग्दासम्मको सम्पूर्ण क्रियाकलाप गरी शोधकर्तालाई बाटो देखाउने काम गर्दछ । यस्ता सामग्रीहरुमा प्रकाशित तथा अप्रकाशित पुस्तक, लेख-रचना, शोधपत्र र प्रतिवेदनहरु पर्दछन् । त्यसैले शोधप्रबन्धका लागि पूर्वकार्यको समीक्षा अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

प्रस्तुत शोधप्रबन्धको लागि विषयगत रुपमा स्थानीय इतिहासको अध्ययन र तनहुँ राज्यको सन्दर्भ जोडिएका चौबीसी राज्यहरुको ऐतिहासिक पुस्तकहरु, गोरखा राज्यसँग सम्बन्धित पुस्तकहरु, पृथ्वीनारायण शाहको जीवनीमा आधारित पुस्तकहरुका साथै अन्य समसामयिक पुस्तक तथा लेख रचनाहरुको अध्ययन गरी समीक्षा गरिएको छ । यसरी समीक्षा गरिएको सामग्रीको छनोट गर्दा विश्वसनिय एवं सत्य तथ्यमा आधारित पुस्तक तथा लेख रचनाको अध्ययन गरी विषयवस्तुको गहनतालाई आधार मानिएको छ । अध्ययन गरेका पुस्तकहरुको सूची प्रकाशन मितिको क्रम अनुसार राखिएको छ ।

## २.२ शोधको लागि छनौट गरिएका पूर्व प्रकाशित सामग्रीहरु

उपाध्याय (सन् १९५०) ले नेपालको भौगोलिक अवस्था, खास नेपाल र नेपालको इतिहासको परापूर्वकालदेखि राणा शासनसम्मको शासकहरुको विस्तृत विवरण दिएर पुस्तक लेखेका छन् । प्रस्तुत शोधप्रबन्धको लागि उपयोगी हुने तनहुँ राज्य र रामनगरको इतिहास सम्बन्धी केही चर्चा पुस्तकमा गरिएको छ । खास नेपाल शीर्षक अन्तर्गत राणा कालको प्रशासनिक विभाजन सम्बन्धी विवरणमा पश्चिम पहाडी जिल्लाहरु ३ वटा इलाकामा विभाजन गरिएको र पश्चिम ३ नं. इलाकामा लमजुङ, कास्की, तनहुँ, रिसिङ, घिरिङ र ढोर गरी ६ वटा जिल्लाहरु रहेको उल्लेख छ । यस ३ नं. इलाकाको मुख्य सदरमुकाम पोखरा रहेको र त्यहाँ गोश्वारा, मुलजङ्गी परेठ, अपिल अदालत, राज्य तहसिल हुलाक र पाठशाला रहेको उल्लेख छ । त्यस्तै कुन्छामा पनि पश्चिम ३ नं. को जङ्गी परेठ, राज्य तहसिलको छोटी अड्डा, पाठशाला, औषधालय र हुलाक रहेको र बन्दीपुरमा पनि जङ्गी परेड, मालअड्डा, हुलाक, पाठशाला रहेको उल्लेख पुस्तकमा गरिएको छ । तत्कालीन समयमा त्यस इलाका तनहुँ, रिसिङ्ग, घिरिङ र ढोरको सदरमुकाम बन्दीपुर रहेको थियो ।

प्रस्तुत पुस्तकमा कतिपय ऐतिहासिक घटनालाई फरक ढंगबाट व्याख्या गरिएको छ । उदाहरणको लागि गोरखाले तनहुँको राजधानीमा आक्रमण गर्दा राजा कामारीदत्त सेनले गोरखाली सेनासँग लड्डालड्दै शत्रुको गोली लागेर विरगती प्राप्त गरे भनिएको छ । त्यसपछि तनहुँ राज्य नेपाल अधिराज्यमा गाभिएपछि तनहुँका राजकुमारहरु हरकुमारदत्त सेन, जानकीदत्त सेन र कामेश्वरदत्त सेन भागेर सोमेश्वर पर्वत हुँदै चम्पारन जिल्लाको रामनगरमा गएर बस्न थाले भनिएको

छ तर पछिल्ला ऐतिहासिक स्रोतका अनुसार कामारीदत्त सेनले युद्धमा विरगती प्राप्त गरेको नभई युद्धको सामना गर्न नसकि अत्तालिएर धारिलो हतियारद्वारा सेरिएर आत्महत्या गरेका थिए भन्ने देखिन्छ। उनको मृत्युपछि उनका भाई हरकुमारदत्त सेन केही समय गोरखा राज्यको आश्रित राज्यको रुपमा रहेर पछि स्वतन्त्र तनहुँ राज्यको राजा बने । वि.सं. १८३९ मा मात्र तनहुँ राज्य नेपाल अधिराज्यमा गाभिएको हो। प्रस्तुत पुस्तकमा राणाकालीन तनहुँको प्रशासनिक पक्षको केही जानकारी प्राप्त भए पनि सेनकालीन र तनहुँ नेपाल अधिराज्यमा गाभिएपछिको प्रशासनिक व्यवस्थाको उल्लेख छैन। प्रस्तुत शोध प्रबन्धमा ती पक्षलाई समेटिएको छ।

उपाध्याय (१९७९) ले रामनगरको राजनैतिक इतिहास सम्बन्धी महत्वपूर्ण पुस्तक लेखेका छन्। पुस्तकमा भौगोलिक नेपाल, प्राचीन नेपाल, माध्यमिक नेपाल, आधुनिक नेपाल र रामनगरको इतिहासलाई समेटिएको छ। माध्यमिक नेपाल अन्तर्गत तनहुँ राज्य सम्बन्धी चर्चा गरिएको छ। अम्बिकाप्रसाद उपाध्याय रामनगर राज्यका राज्यप्रबन्धक देवीप्रसाद उपाध्यायका भतिजा हुन्।

तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भएपछि तनहुँका अन्तिम राजा हरकुमारदत्त सेन आफ्नो जमिन्दारी रहेको रामनगरमा पुगेर सानो राज्य स्थापना गरी बसे। उनको मृत्युपछि उनका छोरा तेजप्रताप सेन रामनगरका राजा भए। उनकी एउटी रानी तेजलक्ष्मीदेवी रणबहादुर शाहकी छोरी थिइन्। नेपाल र अंग्रेज बीच युद्ध हुँदा यिनै तेजप्रताप सेनले अंग्रेजलाई सहयोग गरेका थिए। यिनको मृत्युपछि यिनकी रानी तिलोत्तमा र यिनका भाइ अमरप्रताप सेन बीच राजगद्दिको लागि लामो समय मुद्दा चल्यो। अमरप्रताप सेनले मुद्दा जितेपछि उनी रामनगरका राजा भए। यिनको पनि वैधानिक छोरा नभएका हुनाले यिनको मृत्युपछि रिसिङका राजा मधुसुधन सेनका वंशज प्रल्हाद सेन रामनगरका राजा भए। यिनकी छोरी बोधकुमारीको विवाह श्री ५ राजेन्द्रविक्रम शाहका कान्छा छोरा विरेन्द्रविक्रम शाहसँग भयो। यिनै रानीबाट विरेन्द्र विक्रमशाहको छोरा मोहनविक्रम शाहको जन्म भयो। सन् १८८९ मा मोहन विक्रम शाह रामनगरका राजा भए। यिनको पनि छोरा नभएकोले यिनकी रानी क्षेत्रकुमारी रामनगरको राजसिंहासनमा बसिन भन्ने चर्चा पुस्तकमा छ। यसरी हरकुमारदत्त सेनले स्थापना गरेको रामनगर राज्य आखिरमा गोरखाको शाहवंशको सन्ततीको हातमा नै पुगेको कुरा लेखकले उल्लेख गरेका छन्।

तनहुँ राज्य सम्बन्धी कतिपय सन्दर्भमा लेखकले यथार्थ भन्दा बाहिरका कुरा लेखेका छन्। तनहुँमा हम्वीर सेन राजा भएको समयमा शेरशाहसुरले हिन्दुस्तान जितेर त्यहाँका बादशाह हुमायुँलाई फारसतिर भगाएका थिए। सत्र वर्ष पछि सन् १५१५ मा हुमायुँले हिन्दुस्तानमा शासन गरिरहेका शिकन्दर शाहलाई हराएर पुनः आफ्नो राज्य लिन सफल भएका थिए। त्यही समय गोरखामा द्रव्य शाह राजा थिए। उनले राज्य विस्तार गर्ने क्रममा चम्पारन जिल्लाको रामनगरमा आक्रमण गरी गोरखाको अधिनमा पारेका थिए। त्यस समयदेखि हालसम्म पनि द्रव्य शाहको वंशजले नै रामनगर राज्यमा शासन गरिरहेका छन् भन्ने लेखकको भनाई छ। तर चम्पारनको १५ तप्पा जमिन तनहुँका सेन राजाहरुको पुर्ख्यौली जमिन्दारी रहेकाले तनहुँका अन्तिम राजा हरकुमारदत्त सेन राज्य विहिन भएपछि त्यही गएर रामनगरलाई राज्य बनाएर बसेका थिए। रामनगरका सेन राजाहरु निःसन्तान हुने वा छोरा नहुने समस्याले गर्दा रामनगर राज्यमा मोहन विक्रम शाह राजा भएका हुन्। नेपालमा राजा राजेन्द्र शाहका कान्छा छोरा विरेन्द्र विक्रम शाह रामनगरका राजा प्रल्हाद सेनकी छोरी

बोधकुमारीका छोरा हुन् । मोहन विक्रम शाह मावली राज्य रामनगरका राजा भएका थिए । लेखकले भनेको जस्तो रामनगर राज्य द्रव्य शाहको वंशले स्थापना गरेको नभई अन्तिम समयतिर आएर मात्र शाह वंशका सन्तती राजा भएको कुरा ऐतिहासिक स्रोतहरुमा पाइन्छ । लेखकले रामनगर राज्यको इतिहासमा पनि राजगद्दि प्राप्तिको लागि भएको अदालती मुद्दा मामिला सम्बन्धी बढी चर्चा गरेका छन् । यस बाहेक रामनगर राज्यको शासन व्यवस्था, रामनगर राज्य र नेपाल सरकार बीचको सम्बन्ध, रामनगर राज्य र रिसिङ राज्य बीचको सम्बन्ध, ब्रिटिश, इण्डिया सरकारको अधिनमा रहेको रामनगरका सेन राजाहरुको हैसियतको चर्चा प्रस्तुत शोध प्रबन्धमा गरिएको छ ।

शर्मा (वि.सं. २००८) ले पुस्तक लेख्नु अघि कर्कपेट्रिक, ह्यामिल्टन र लेभी लगायतका विदेशी लेखकहरुले नेपालको इतिहास सम्बन्धी पुस्तकहरु लेखिसकेका थिए । नेपाली लेखकहरु बाबुराम आचार्य र अम्बिकाप्रसाद उपाध्यायद्वारा नेपाली भाषामा पुस्तक तथा लेख रचनाहरु प्रकाशित भएका थिए । तर नेपालको ऐतिहासिक, आर्थिक, सामाजिक, राजनैतिक, प्रशासनिक सम्पूर्ण पक्षलाई लिएर समष्टिगत रुपमा नेपालको इतिहास लेखिएको थिएन । राणा शासनको समाप्ती पछि यी सबै पक्षहरुलाई समेटिएर लेखिएको यो नै पहिलो पुस्तक हो । नौ खण्डमा विभाजित र कूल ४८४ पृष्ठको यस पुस्तकमा नेपालको इतिहासको सुरुआतदेखि राजा विरेन्द्रसम्मको विवरण दिइएको छ ।

प्रस्तुत पुस्तकको छैटौं खण्डको अध्याय १ र २ मा तनहुँ राज्य सम्बन्धित थोरै चर्चा गरिएको छ । अध्याय १ मा तनहुँमा सेन वंशको स्थापना गर्ने पहिलो राजा भृङ्गी सेनदेखि अन्तिम राजा हरकुमारदत्त सेनसम्मका राजाहरुको संक्षिप्त परिचय दिएको छ भने १८३९ कार्तिकमा लमजुङ सहित तनहुँ राज्य पनि नेपाल अधिराज्यमा गाभिएपछि राजा हरकुमारदत्त सेन भागेर रामनगर (चम्पारन) को जमिन्दारीमा पुगेको चर्चा गरिएको छ । त्यसकै अध्याय दुईमा पृथ्वीनारायण शाहले तनहुँका राजा त्रिविक्रम सेन द्वितीयलाई विश्वासघात गरेको सम्बन्धमा छोटो चर्चा गरिएको छ ।

त्यसै गरी पुस्तकमा भृङ्गी सेनका छोरा हम्वीर सेन निःसन्तान भएकाले यिनले राजपुरका राजा सुल्तान सेनका भाइ तुला सेनलाई धर्मपुत्र बनाए । हम्वीर सेनको मृत्यु पछि यिनै तुला सेन तनहुँमा राजगद्दीमा बसेको चर्चा पनि गरिएको छ । पाल्पाका राजा मुकुन्द सेन प्रथमले आफूले आर्जेको विशाल भूभाग छोरा, नाती, भतिजाहरुलाई बाँडिदिए भनी राज्य नै बाँडफाँड गरेको चर्चा पुस्तकमा छ । यहि क्रममा तनहुँ राज्य उनको साहिला छोरा भृङ्गी सेनले पाएका हुन भनिएको छ तर मुकुन्द सेनले राज्य नै बाँडिदिएको नभई आफ्नो राज्यको अधिनमा रहेको विशाल भूभागलाई विभिन्न क्षेत्रमा विभाजन गरी त्यहाँको प्रशासन चलाउन आफ्ना छोरा तथा भतिजाहरुलाई पठाएका थिए । यसरी उनले क्षेत्र विभाजन गर्नुको पछाडि दुईवटा कारण देखिन्छ - एउटा केन्द्र (पाल्पा) बाट नै सम्पूर्ण भूभाग समेटेर शासन गर्दा उचित रेखदेख गर्न नसकिने र त्यहाँ स्थानीय रुपमा विद्रोह बढी राज्य टुक्रिन सक्ने सम्भावना र अर्को सौतेनी माउलो भएकाले छोराहरु बीच आपसमा द्वन्द्व बढ्दै जाने सम्भावना । मुकुन्द सेनको मृत्युपछि मात्र उनीहरुले आ-आफ्नो भूभागमा स्वतन्त्र राज्य स्थापना गरी आफू राजा बनेका थिए । यी कुराहरुलाई प्रस्तुत शोधप्रबन्धमा समावेश गरिएको छैन । त्यसै गरी पुस्तकमा चर्चा नभएका तनहुँ राज्यको प्रशासन, समाज तथा संस्कृति, छिमेकी राज्यसँगको सम्बन्धलाई पनि शोधप्रबन्धमा चर्चा गरिएको छ ।

विष्ट (२०२०) को पुस्तकमा पृथ्वीनारायण शाहको बिजय अभियानमा तनहुँले पुऱ्याएको अवरोध, तनहुँ लगायत चौबीसी राज्यहरुले गोरखामा गरेको आक्रमण र तनहुँ र लमजुङ राज्यको पतन सम्बन्धी चर्चा गरिएको छ ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियान सुरु गर्नु भन्दा अगाडि काठमाडौं उपत्यकाका मल्ल राजाहरु र पहाडीया राज्यहरु तनहुँ, लमजुङ, कास्की  र पाल्पाको तिब्बतसँग राम्रो सम्बन्ध थियो । यो कुरा बुझेका पृथ्वीनारायण शाहले नुवाकोटमा आक्रमण गर्नुभन्दा अगाडि गोरखाबाट वकिल (राजदुत) हरु पठाएर तनहुँ लगायत छिमेकी राज्यहरुसँग सम्बन्ध सुधारेका थिए । तनहुँमा जाने वकिलहरु नारायण पण्डित, हरिहर पन्थ र सदाशिव पाध्य थिए । यिनै प्रसंगहरुलाई पुस्तकमा प्रस्तुत गरिएको छ ।

त्यसैगरी पुस्तकमा पृथ्वीनारायण शाहले उपत्यकाको पश्चिम उत्तरमा पर्ने दहचोक कब्जा गरी तनहुँका राजा त्रिविक्रम सेन द्वितीयलाई आर्थिक र राजनीतिक रुपमा कमजोर बनाएको चर्चा छ । दहचोक तनहुँबाट काठमाडौं उपत्यका छिर्ने मुख्य नाका थियो । दहचोक गोरखालीले लिएपछि तनहुँ र काठमाडौं उपत्यकाका मल्ल राजाहरु बीच हुँदै आएको व्यापारिक र राजनैतिक सम्बन्ध समाप्त भयो । यस घटनाबाट पृथ्वीनारायण शाहसँग रिसाएका त्रिविक्रम सेनले लमजुङ र पर्वतसँग मिलेर वि.सं. १८१२ मा गोरखाको सिह्रान चोकमा आक्रमण गरेको प्रसंग पुस्तकमा छ ।

त्यस्तै, गोरखा र तनहुँ बीच लामीडाँडालाई लिएर पहिलैदेखि विवाद थियो । पृथ्वीनारायण शाहको समयमा लामीडाँडा तनहुँको अधिनमा थियो । उता पृथ्वीनारायण शाहले उपत्यका छिर्नको लागि साँखु र चाँगु जितेर आफ्नो अधिनमा पारेका थिए ।कुनै पनि समयमा यी क्षेत्रहरु जय प्रकाश मल्लले फिर्ता लिन्छन् भन्ने पृथ्वीनारायण शाहलाई लागेको थियो । त्यसैले उनी तनहुँको अधिनमा रहेको लामीडाँडा कब्जा गरी लामीडाँडाकै बाटो भएर उपत्यका आक्रमण गर्न चाहन्थे । राजा त्रिविक्रम सेनले सजिलैसँग लामीडाँडा नछाड्ने भएपछि पृथ्वीनारायण शाहले कपटपूर्ण तरिकाले उनलाई समातेर कैद गरी लामीडाँडा आफ्नो अधिनमा पारे । लामीडाँडा गोरखाको अधिनमा ल्याएपछि त्यसको नजिकमा रहेको देउरालीमा क्याम्प राखी गोरखाली सैनिकहरु राखेपछि तनहुँको ललितपुर र तिब्बतसँग चलिरहेको व्यापारिक मार्ग बन्द भएको उल्लेख पुस्तकमा छ ।

त्यसै गरी पुस्तकमा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका विजय गरेपछि तनहुँको राजधानीमा आक्रमण गर्दा त्यहाँका युवक राजा कामारीदत्त सेनले आत्महत्या गरेको प्रसंग देखि तनहुँ राज्य नेपाल अधिराज्यमा गाभिएको सन्दर्भलाई उल्लेख गरेको छ । प्रस्तुत पुस्तकमा तनहुँ र गोरखा बीचको राजनीतिक सम्बन्धको मात्र चर्चा गरिएको छ । तनहुँ राज्यको ऐतिहासिक पक्ष, प्रशासनिक पक्ष सामाजिक तथा सांस्कृतिक पक्षको चर्चा भएको छैन । यी विषयवस्तुलाई प्रस्तुत शोधप्रबन्धमा समावेश गरिएको छ ।

कर्कपेट्रिक (१९६९) नेपालको इतिहास लेखन परम्पराको सुरुवात गर्ने पहिलो व्यक्ति हुन् । नेपाल चीन युद्धको समयमा बहादुर शाहले सन् १७९२ मार्च १ मा सहयोग प्राप्त गर्न इष्ट इण्डिया

कम्पनीसँग एउटा सन्धि गरेका थिए। सन्धिको अनुसार नेपाल र चीन बीचको झगडाको मध्यस्थता गर्नाका लागि उनको नेतृत्वमा एक प्रतिनिधि मण्डल सन् १७९३ मा नेपाल आएका थिए। केही दिन नेपाल बसेका कर्कपेट्रिकले नेपालको विविध विषयको खोजीनीति गरी इष्टइण्डिया कम्पनी सरकार समक्ष प्रतिवेदनको रुपमा एउटा दस्तावेज पेश गरेका थिए। सोही दस्तावेजलाई उनले सन् १८११ मा पुस्तकको रुपमा प्रकाशित गरे । नौ अध्यायमा विभाजित यस पुस्तकमा नेपालको भूबनोट, बाटाघाटो, हावापानी, नदी, माटो, खानी, जीवजन्तु, जंगल, भाषा, रितिरिवाज, मठ मन्दिर, सरकार आदिको वर्णन गरिएको छ।

पुस्तकको पाँचौ अध्यायमा त्रिशुली नदी र देवघाटको छोटो उल्लेख छ। त्रिशुली नदी गजुरी, शिसाबेसी र जोगीमारा हुँदै मर्स्याङ्गदी नदीमा मिसिएर पश्चिमतिर बग्दै अन्त्यमा देवघाटमा गएर गण्डकी नदीसँग मिल्दछ भन्ने उल्लेख छ । देवघाट त्रिशुली गण्डकी, मर्स्याङ्गी र सेती नदीको संगमस्थल भएकोले निकै पवित्र छ भनि पुस्तकमा देवघाटको महिमा पनि दर्साइएको छ। देवघाटमा रहेको मन्दिर तथा मूर्तिहरुको पनि वर्णन गरेकाले लेखकले देवघाटको स्थलगत अवलोकन गरेको पनि देखिन्छ।

त्यसै गरी प्रस्तुत पुस्तकमा राजा प्रतापसिंह शाहले तनहुँको महत्वपुर्ण स्थलहरु सोमेश्वर, जोगीमारा र उपर्दाङ्गदी विजयी गरी नेपाल अधिराज्यमा मिलाएर नेपाल एकीकरणमा सहयोग पुऱ्याएको उल्लेख छ । कर्कपेट्रिक वि.सं. १८४९ मा नेपाल आउँदा हरकुमारदत्त सेन रामनगरका राजा थिए। त्यसैले उनले पुस्तकमा तनहुँका अन्तिम राजा हरकुमारदत्त सेन अहिलेसम्म पनि कम्पनी सरकारको अधिनमा रहेको पुर्ख्यौली जमिन्दारी चम्पारनको राजा भएर बसेको उल्लेख गरेका छन्। नेपालको समग्र इतिहासको जानकारी पाउने हिसाबले यो पुस्तक अत्यन्त महत्वपूर्ण भए पनि तनहुँ राज्यको इतिहास सम्बन्धी अत्यन्त न्यून जानकारी छ। यसरी यस पुस्तकमा नलेखिएका विषयहरु तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भएको युद्धका घटनाहरु, चौबीसी गठबन्धन राज्यहरु लमजुङ, पर्वत, पाल्पा, तनहुँ र गोरखाबीच भएको महत्वपूर्ण युद्धहरुको चर्चा प्रस्तुत शोधप्रबन्धमा समेटिएको छ।

पन्त, भण्डारी र बज्राचार्य (वि.सं. २०२८) को पुस्तकमा तनहुँ र गोरखा राज्य बीचको सम्बन्धलाई देखाएका छन् । यसका साथै लेखकले 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' नामको पुस्तक चार भागमा विभाजन गरी प्रकाशन गरेका छन्। प्रस्तुत पुस्तक दोश्रो भाग हो। पुस्तकलाई पृष्ठको आधारमा विभाजन गरिएको पुस्तकमा तनहुँ राज्यको राजनीतिक, प्रशासनिक र गोरखासँगको सम्बन्धको चर्चा पनि गरिएको छ । पुस्तकको पृ. ५०५ मा तत्कालीन गोरखा दरबारका विद्योन शक्ति वल्लभले तनहुँ सम्बन्धी लेखेको एउटा श्लोकमा अपरिपक्व मन्त्री सागर खनाल र घण्टको रालो जस्तै खरदार कालु जैसी जस्ता प्रशासनिक व्यक्ति रहेको तनहुँ लामो समय स्वतन्त्र राज्यको रुपमा रहँदैन भन्ने अभिव्यक्ति दिइएको छ। यस भनाइबाट तनहुँको प्रशासनिक व्यवस्था कमजोर रहेको देखिन्छ।

प्रस्तुत पुस्तकमा गोरखाका युवराज विरभद्र शाहसँग विवाह भएको तनहुँकी राजकुमारी मल्लिकावती सासुसँग मिल्न नसकेर माइतीमा गएर बसेकी थिइन् । त्यतिबेला उनी दोजिया थिइन् । उनी माइती मै रहेको समयमा राजकुमार वीरभद्र शाहको देहान्त भयो । पतिको मृत्युपछि उनले माइती तनहुँमा नै युवराज नरभूपाल शाहलाई जन्म दिइन् । पछि विरभद्र शाहको भाइ चन्द्ररुप शाहको सहायताले नरभूपाल शाहको आमा छोरा लिएर गोरखा दरबारमा जान सफल भइन् । त्यसपछि नरभूपाल शाह गोरखा दरबारमा यूवराजधिराज घोषित भए भन्ने चर्चा गरिएको छ । त्यसै गरी पुस्तकमा लमजुङले तनहुँलाई हेपेर दुःख दिएको समयमा तनहुँका राजा हम्वीर सेनले गोरखाका राजा पूर्ण शाहलाई हात्ती सौगात पठाएर गोरखासँग नजिक भएको सन्दर्भको चर्चा छ । गोरखाका राजा रामशाहले तनहुँमा आक्रमण गर्दा तनहुँको राजा भागेर रिसिङ पुगेको चर्चा पनि पुस्तकमा छ । तनहुँ र गोरखा राज्यबीचको सम्बन्ध राम्रो नभएको चर्चा गरिए पनि के कारणले गर्दा सम्बन्ध बिग्रिएको थियो भन्ने चर्चा पुस्तकमा गरिएको छैन । तनहुँ राज्य कमजोर बन्दै गएको र छिट्टै गोरखाले बिजय गर्ने आशंका पुस्तकमा गरिए पनि तनहुँ राज्य कमजोर हुनाका कारण उल्लेख छैन । त्यसै गरी पुस्तकमा तनहुँ र गोरखाको आपसी सम्बन्ध र तनहुँको प्रशासनिक व्यवस्थाको थोरै मात्र चर्चा गरिएको छ । प्रस्तुत शोधप्रबन्धमा यस विषयमा विस्तृत अध्ययन गर्नुको साथै तनहुँको सामाजिक तथा सांस्कृतिक पक्षको पनि अध्ययन गरिएको छ ।

रेग्मी (१९७५) ले पुस्तकमा सेनवंशको परिचय, पाल्पा, तनहुँ र मकवानपुरको सेन राज्यको विवरण दिएका छन् । वि.सं. १८१३ मा नेपाल आएका इटलीका क्रिश्चियन धर्मप्रचारक पादरी फादर ट्राङ्क्विला (Father Tranquilla) काठमाडौंबाट तनहुँ हुँदै चितवनको वेसी देवघाट गएका थिए । उनले तनहुँ र देवघाटको मौसम र प्राकृतिक सम्पदाको साथै त्यहाँको वस्तु स्थिति सम्बन्धी उल्लेख गरी इटलीका पोपलाई चिठी लेखेको जानकारी पुस्तकमा छ । पत्रमा तनहुँ राज्यमा पहाड र तराई गरी दुई भाग रहेको, तनहुँको पहाडी भागको हावापानी इटलीको जस्तै रहेको तर इटलीमा जस्तो हिमपात नहुने, तनहुँको तराई भाग निकै न्यानो खालको रहेको र त्यहाँ ठुलो घनघोर जंगल भएको, जंगलमा बाघ, भालु, हात्ती, गैडा, बँदेल लगायतका विभिन्न जीवजन्तु पाइने चर्चा गरिएको छ । त्यस्तै २४,००० घरधुरी भएको तनहुँमा मुश्लिम जातिहरुको पनि बसोबास रहेको र ती मुस्लिमहरु उपत्यकामा जस्तो काश्मिर र पञ्जाबबाट आएर बसेको नभई उत्तर बिहारबाट आएका हुन् भन्ने चर्चा लेखकले गरेका छन् । त्यसै गरी पुस्तकमा गण्डक र त्रिशुली दुई ठुला नदीहरु देवघाट धाममा मिलेका छन् भनी देवघाटको महिमाको पनि चर्चा गरेका छन् । फादर ट्रान्किवलोले देवघाटमा तनहुँका राजा त्रिविक्रम सेन द्वितीयलाई भेटेको चर्चा पनि पुस्तकमा छ । पाल्पाका राजा मुकुन्द सेन प्रथम जीवनको उत्तरार्द्धमा राजकाजबाट सन्यास लिएर देवघाटमा आएर तपस्या गरी बसी त्यहाँ समाधि लिए । यस सम्बन्धित चर्चा अन्य स्रोतहरुमा पनि पाइन्छ । मुकुन्द सेनको मृत्युपछि देवघाट तनहुँ राज्य अन्तर्गत रहेको देखिन्छ । त्यस समय देखि नै तनहुँका राजाले देवघाटलाई हिउँदे राजधानी बनाएर हिउँदको तीन महिना सपरिवार देवघाटमा आएर बसोबास गर्ने चर्चा पुस्तकमा छ ।

तनहुँ र गोरखाबीच लामीडाँडाको विषयलाई लिएर सधैं विवाद भए पनि गोरखाका राजा नरभूपाल शाहको समयसम्म यी दुई राज्यहरु बीचको सम्बन्ध राम्रो नै रहेको तर पृथ्वीनारायण शाह गोरखाको राजा भएपछि भने तनहुँ र गोरखाबीच सम्बन्ध बिग्रिएको र पृथ्वीनारायण शाहले राजा त्रिविक्रम सेनलाई विश्वासघात गरी कैद गरे । यसरी कैद गर्नुको कारण तनहुँको राजा त्रिविक्रम सेन र भक्तपुरका राजा रणजित मल्लबीच गोरखाको विरुद्धमा गठबन्धन भइरहेको महशुस पृथ्वीनारायण शाहलाई भएको थियो भन्ने उल्लेख पुस्तकमा छ । राजा त्रिविक्रम सेनलाई कैद गरेर राखे पछि पृथ्वीनारायण शाहले तनहुँको अधिनमा रहेको लामीडाँडाका साथै उपत्यका वरिपरिका अन्य क्षेत्रहरु पनि जिते । पृथ्वीनारायण शाहका लागि त्रिविक्रम सेन विषालुकाँडा बनिरहेको हुँदा उनलाई कैद गरेपछि पृथ्वीनारायण शाहलाई चिन्ताको एक चौथाइ भाग नै कम भएको थियो । यसरी पृथ्वीनारायण शाहको अगाडि निरिह बन्नु परेकोमा त्रिविक्रम सेन चिन्तित बन्दै गए । यहि चिन्ताले उनको मृत्यु भएको उल्लेख पुस्तकमा छ ।

त्यसैगरी गोरखालीको आक्रमणको कारण आत्महत्या गरेका तनहुँका राजा कामारीदत्त सेन पछि उनका भाइ हरकुमारदत्त सेनलाई तनहुँको राजगद्दिमा राख्नु भनी पृथ्वीनारायण शाहले कालु पाण्डेलाई दुईवटा चिठी पठाएको उल्लेख पनि पुस्तकमा छ । त्यस्तै गरी राजा प्रताप सिंह शाहले तनहुँको सोमेश्वर गढी लगायतका तराईको भूभागहरु नेपाल अधिराज्यमा मिलाए भने राजेन्द्रलक्ष्मी नायबी भएको समयमा तनहुँ राज्य गाभे भन्ने सम्मको चर्चा पुस्तकमा छ । तनहुँ राज्य सम्बन्धित धेरै जानकारी रहेकाले यस पुस्तक प्रस्तुत शोधप्रबन्धको लागि उपयोगी मानिएको छ । तर प्रस्तुत पुस्तकमा सेन वंशको इतिहास, पाल्पाबाट सेनहरु आउनु अगाडिको तनहुँको राजनैतिक अवस्था, तनहुँको छिमेकी राज्यसँगको सम्बन्ध तनहुँ राज्यको पतन, तनहुँसुरका राजा रामनगर गएर बसेको आदि विषयमा चर्चा भएको छैन । प्रस्तुत शोधप्रबन्धमा यी विषयहरु समावेश गरिएको छ ।

ज्ञवाली (२०३३) द्वारा लिखित पुस्तकमा गोरखाली राजवंशको सुरुआतदेखि पृथ्वीनारायण शाहको जीवनसँग सम्बन्धित महत्वपूर्ण घटनाहरुलाई समेटिएको छ । उत्तर भारतमा मुसलमानी आक्रमण बढ्न थालेपछि त्यहाँ रहेका बहुसंख्यक हिन्दुहरु आफ्नो सुरक्षा र हिन्दु धर्मको रक्षाकोलागि नेपाल पस्न थाले । यसरी आएका हिन्दुहरु धेरैजसो गण्डकी प्रदेशतिर पसे । त्यस समय गण्डकी अञ्चलको पहाड खण्डमा आदिवासी मगरहरुको बसोबास थियो । भारतबाट आएका ती हिन्दुहरु मगरहरु भन्दा चतुर र सुसंस्कृत भएकाले मगरहरुलाई आफ्नो प्रभावमा पारी विस्तारै त्यस भेकका ठाउँ ठाउँमा राज्य स्थापना गरी बस्न थाले । गोरखाका शाहहरु पनि यिनै मध्येका क्षेत्रीय हुन् । शाहहरु गहलोत वंशका हुन भनी प्रस्तुत पुस्तकमा गोरखा राजवंशको उत्पत्ति सम्बन्धी चर्चा गरिएको छ ।

त्यसै गरी भारतबाट नेपाल पस्ने हिन्दुहरुले गण्डकी क्षेत्रमा स-साना चौबीस वटा राज्य संचालन गरे, त्यसलाई चौबीसी राज्य भनियो । पश्चिम पाल्पादेखि पूर्व नुवाकोटसम्म चौबीसी राज्यहरु थिए । चौबीसी राज्यहरु एउटा बलियो राज्यको आड लागेर एउटा-एउटा समूहमा बस्दथे । यस्ता समूह वा गोललाई राज्यको संख्याको आधारमा पाँच भाइ वा सात भाइ भन्ने चलन रहेको

पुस्तकमा उल्लेख छ । चौबीसी राज्यहरु पाँचवटा गुटमा विभाजित भएको र लमजुङको नेतृत्वमा तनहुँ, कास्की र लमजुङको एउटा अलगै गुट रहेको उल्लेख पनि पुस्तकमा छ ।

प्रस्तुत पुस्तकमा केही ऐतिहासिक घटनाहरुलाई तथ्यभन्दा फरक व्याख्या गरिएको छ । जस्तैः पृथ्वीनारायण शाहका छोरा प्रतापसिंहको राज्यकालमा तनहुँ राज्य नेपाल अधिराज्यमा समाहित भयो भनिएको छ तर प्रताप सिंह शाहको मृत्यु वि.सं. १८३४ मा भएको थियो भने तनहुँ राज्य वि.सं. १८३९ मा नेपाल अधिराज्यमा एकीकरण भएको थियो । प्रतापसिंह शाहको समयमा त तनहुँ राज्यको तराई भूभाग कविलासपुर गढी, उपरदाङगढी र सोमेश्वर गढीहरु मात्र नेपाल अधिराज्यमा गाभिएको हो । तनहुँ राज्य प्रतापसिंह शाहको मृत्युपछि उनकी रानी राजेन्द्रलक्ष्मी शाहको नायवी कालमा नेपाल अधिराज्यमा गाभिएको हो । यी कुराहरुलाई प्रस्तुत शोधप्रबन्धमा समेटिएको छ भने सेनकालीन तनहुँको प्रशासनिक, सामाजिक तथा सांस्कृतिक पक्षहरुबारे पनि समेटेर प्रस्तुत गरिएको छ ।

रेग्मी (२०३६) ले पुस्तकमा नेपालको प्रारम्भदेखि सन् १८४६ सम्मको वैधानिक परम्पराको चर्चा गरेका छन् । उक्त पुस्तकमा यक्ष मल्लको मृत्युपछि वा उनको जीवनको अन्तिम समयतिर नेपाल उपत्यको राज्य सीमाना पश्चिममा त्रिशुली गण्डकी, पूर्वमा दोलखा, उत्तरमा सिकारजोङ र दक्षिणमा चुरेसम्म नेपाल उपत्यकाको राज्य सीमाना रहेको थियो । त्यहीबेला नेपालको विभिन्न क्षेत्रमा जनजाती र स्थानीय वासिन्दाले शासन चलाएको थियो । जसलाई जनशासन भन्ने गरिन्थ्यो त्यस्ता जनशासनहरु बाह्र मगरले मगराज क्षेत्र, चार घलेले लमजुङ, आठखसले गोरखा, नौ गुरुङले पोखरा, १२ ठकुरीले जुम्लामा शासन गर्दथे । यसपछि मात्रै बाइसी, चौबीसी राज्यको यूग आएको कुराहरुको पुस्तकमा उल्लेख छ । त्यसैगरी पृथ्वीनारायण शाहको समयका बाइसी र चौबीसी राज्यहरुको नामावली र चौबीसी क्षेत्रका महत्वपूर्ण राजवंशहरु सेन, शाह र मल्लको वंश परिचय र क्षेत्रहरुको चर्चा पनि पुस्तकमा गरिएको छ । सेन वंशका मुकुन्द सेन प्रथमले पाल्पा राज्य विभाजन गरेपछि बुटवल, पाल्पा, तनहुँ र मकवानपुरमा सेन राज्य विभाजित भए । यही क्रममा तनहुँमा सेनवंशको राज्य स्थापना भएको उल्लेख पुस्तकमा छ ।

प्रस्तुत पुस्तकमा तनहुँ राज्यको वैधानिक व्यवस्थाको छुट्टै चर्चा त गरिएको छैन । तर पुस्तकलाई आधार मानेर तनहुँ राज्यको वैधानिक परम्परा खोजि गर्न सहयोग पुगेको छ । जस्तैः बाइसी चौबीसी राज्यका राजाहरु राजपुत वा ठकुरी क्षेत्रीहरु भएकोले धर्मशास्त्र कै आधारमा शासन चलाउँदथे । त्यसमा पनि सेनवंशी राजाहरु शास्त्रीय परम्पराको पोषक थिए । उनीहरुको दरबारमा विद्योनहरुको ठुलो कदर हुन्थ्यो । कतनहुँमा त्रिविक्रम सेन द्वितीय राजा हुँदा दरबारमा विद्योनहरुको जमघट हुन्थ्यो । उनले गङ्गाविष्णु पाण्डे ब्राह्मणलाई 'आचारदीपक नामक' धर्मशास्त्रको पुस्तक लेख्न लगाएका थिए । कामारीदत्त सेन यूवराज भएकै अवस्थामा प्राचीन सेन वंशावली लेखिएको थियो ।

पन्त (२०४१) ले लिच्छवीकाल देखि नरभूपाल शाहसम्म प्राप्त भएका ऐतिहासिक सामग्रीहरु समावेश गरी "गोरखाको इतिहास" नामको पुस्तक चार भागमा विभाजन गरी प्रकाशमा ल्याएका

हुन् । २७ प्रकरणमा लेखिएको उक्त पुस्तकको १८ प्रकरण समावेश गरी प्रस्तुत पुस्तक प्रकाशित भएको हो । बाँकी प्रकरणहरु अन्य भागहरुमा प्रकाशन भएका छन् ।

प्रस्तुत पुस्तकमा लेखकले गोरखा र तनहुँ बीचको आपसी सम्बन्ध राम्रो नभएको चर्चा गर्दै तनहुँका राजा तुलासेन राजा भएको समयमा गोरखाका राजा राम शाह र उनका छोरा डम्बर शाहले सतीघाट तरेर आफ्नो फौज पठाई तनहुँमा आक्रमण गर्दा त्यहाँका राजा तुला सेन आक्रमणको सामना गर्न नसकी मागेकाले गोरखाली फौजले तनहुँमा लुटपाट गरी फर्किएको सन्दर्भ जोडेका छन् ।

त्यसै गरी गोरखाका राजा पृथ्वीपती शाहका छोरा यूवराज विरभद्र शाहको मृत्यु हुँदा उनकी रानी मल्लीकावती गर्भवती थिइन् । यिनी तनहुँका राजा दामोदर सेनकी छोरी हुन् । पतिको मृत्यु हुँदा यिनी माइती तनहुँमा नै रहेकी थिइन् । तनहुँमा नै यिनले छोरा नरभूपाल शाहलाई जन्म दिइन् । नरभूपाल शाहलाई तनहुँबाट गोरखा लगि गोरखा राज्यको उत्तराधिकारी घोषित गर्न अपनाइएका विभिन्न प्रक्रियाहरुको चर्चा पुस्तकमा गरिएको छ । नरभूपाल शाह गोरखाको राजा भएपछि उनले तनहुँलाई गोरखा राज्यमा गाभ्ने योजना बनाए पनि सफल नभएको चर्चा पनि पुस्तकमा छ। यसबाट गोरखाले तनहुँलाई हेर्ने दृष्टिकोण कपटपूर्ण रहेको स्पष्ट हुन्छ ।

त्यस्तै तनहुँ राज्य नेपाल अधिराज्यमा गाभिए पछि तनहुँका राजा सहित सपरिवार आफ्नो जमिन्दारी रहेको तराईको रामनगरमा गएर सानो राज्य स्थापना गरी बस्न थाले । रामनगरका राजा प्रल्हाद सेनकी छोरी बोधकुमारीको विवाह श्री ५ राजेन्द्र विक्रम शाहका छोरा कान्छा छोरा विरेन्द्रविक्रम शाहसँग भयो र उनीहरुको छोरा मोहन विक्रम शाहको जन्म भयो । राजा प्रल्हाद सेनको छोरा नभएकोले उनको मृत्युपछि नाती मोहनविक्रम शाह रामनगरको राजा भए । यसरी रामनगर राज्यमा पनि तनहुँको सेनवंशको अन्त्य भएर शाहवंशले नै शासन गर्न थालेको सन्दर्भलाई पुस्तकमा चर्चा गरिएको छ। यति हुँदाहुँदै पनि प्रस्तुत पुस्तकमा तनहुँको सामाजिक तथा सांस्कृतिक अवस्था, तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भएपछिको तनहुँको अवस्था, रामनगरका शासकहरु र नेपाल सरकार बीचको सम्बन्धको चर्चा गरिएको पाइँदैन । प्रस्तुत शोधप्रबन्धमा यी विषय सम्बन्धी अध्ययन गरिएको छ ।

कँडेल (२०४२) द्वारा मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानमा प्रस्तुत गरिएको "चितवन जिल्लाको ऐतिहासिक रुपरेखा' लघु अनुसन्धान परियोजनाको प्रतिवेदन हो । सातौं अध्यायमा विभाजन गरेर लेखिएको यस प्रतिवेदनको दोश्रो अध्याय चितवनको ऐतिहासिक रुपरेखा र तनहुँको सेनवंशसँग सम्बन्धित छ ।

पूर्व मध्यकालमा चितवन कर्णालीका खस मल्ल राज्य अन्तर्गत परे पनि पाल्पा राज्य शक्तिशाली बन्दै गएपछि चितवन पाल्पा राज्य अन्तर्गत थियो । पाल्पा राज्य पनि टुक्रिएपछि चितवन तनहुँ राज्य अन्तर्गत पर्न गई त्यहाँ तनहुँका राजा भृङ्गी सेन र उनका सन्ततीको लामो समयसम्म हैकम चलेको देखिन्छ । राजा प्रतापसिंह शाहको राज्यकालमा वि.सं. १८३८ मा चितवन नेपाल अधिराज्यमा गाँभिएको हो भनी प्रतिवेदनमा उल्लेख गरिएको छ ।

दरबाररियाहरुको चलखेलको शिकार बनेका बहादुर शाह बेतियामा निर्वासित थिए । उनले अंग्रेजको उद्देश्य र क्रियाकलाप नेपालको हितमा नरहेको स्पष्ट देखि दाजु प्रतापसिंह शाहलाई बारम्बार पत्र लेखी तनहुँ राज्यको चितवन क्षेत्र तुरुन्त कब्जा गर्न जोड दिए । यसका साथै तनहुँका राजा हरकुमारदत्त सेनको इष्टइण्डिया कम्पनीसँग बढ्दो साँठगाँठबाट नेपाल सरकार सशंकित भएकोले पनि चितवन प्रदेश अन्तर्गत रहेका तनहुँका मुख्य-मुख्य गढीहरु कविलासपुर, उपरदाङ गढी र सोमश्वरगढीमा नेपाली सेनाले आक्रमण गरी बिजय गरेपछि सम्पूर्ण चितवन उपत्यका नेपाल अधिराज्यमा गाभिएका कुरा प्रतिवेदनमा उल्लेख छ ।

त्यसै गरी प्रतिवेदनमा तनहुँ र दिल्ली सम्राट औरङ्गजेव बीच रहेको सम्बन्ध, तनहुँ र गोरखा राज्य बीच भएको लामीडाँडा विवाद, तनहुँका राजा त्रिविक्रम सेन द्वितीयलाई पृथ्वीनारायण शाहले विश्वासघात गरी कैद गरिएको प्रसंगको उल्लेख छ । त्यस्तै तनहुँराज्यको पतनपछि रामनगरमा सानो राज्य स्थापना गरी बस्ने तनहुँका अन्तिम राजा हरकुमारदत्त, उनका छोरा तेजप्रताप सेन र सन् १८१४-१६ को नेपाल अंग्रज युद्धमा तेजप्रताप सेन र उनका भाइ अमर प्रताप सेन संलग्नताको सम्बन्धमा पनि प्रतिवेदनमा छोटो चर्चा गरिएको छ । प्रस्तुत प्रतिवेदनमा वि.सं. १८३८ मा प्रताप सिंह शाहको राज्य कालमा तनहुँ नेपाल अधिराज्यमा एकीकरण भएको भनिएको छ तर प्रताप सिंह शाहको मृत्यु वि.सं. १८३४ मा भएकोले तनहुँ राज्य वि.सं. १८३९ नेपाल अधिराज्यका एकीकरण हुँदा यिनका नाबालक छोरा रण बहादुर शाह तनहुँका राजा थिए भने उनकी आमा नायवी राजेन्द्रलक्ष्मी शाह थिइन् ।

उत्तर मध्यकालमा चितवन तनहुँ जिल्ला अन्तर्गत पर्ने भएकोले चितवनको इतिहास भनेको तनहुँको इतिहास हो । प्रस्तुत प्रतिवेदनमा चितवनको भूभागमा रहेका तनहुँको महत्वपूर्ण गढीहरुको वस्तुस्थिति, तनहुँराज्य र भक्तपुर बीच सन्धी हुँदा तनहुँलाई पाध्य भनिएको सम्बन्धी चर्चा गरिएको छैन । त्यसैगरी प्रतापसिंह शाहले चितवन प्रदेश आक्रमण गरी नेपाल अधिराज्यमा मिलाई सकेपछि पाल्पा, लमजुङ र पर्वत संयुक्त रुपमा मिलेर उक्त क्षेत्रमा आक्रमण गरी गोरखाली सेनालाई हराई तनहुँ राज्यमा गाम्न सफल भएको थियो । तनहुँका राजा हरकुमारदत्त सेनले केही समय उक्त क्षेत्रको कर पनि उठाएका थिए । यस सम्बन्धी चर्चा प्रतिवेदनमा देखिँदैन । यस्ता छुटेका विषय वस्तुहरुलाई प्रस्तुत शोधप्रबन्धमा समावेश गरिएको छ ।

पन्त (२०४३) ले रामशाहको शासनकाल, गोरखामा चलेको सम्वत् र गोरखाको परराष्ट्र सम्बन्धको चर्चा गरेर पुस्तक लेखेका छन् । पुस्तकमा तनहुँ र गोरखा राज्यबीच रहेको आपसी सम्बन्धको थोरै चर्चा गरिएको छ । यसमा तनहुँका राजा हम्वीर सेनले गोरखाका राजा पूर्ण शाहलाई हात्ती सौगात दिएको र उनका छोरा डम्बर शाहले त्यहीँ हात्तिमा चढेर कान्तिपुरका राजा प्रताप मल्लसँग लडाइ गरेको देखि लिएर पृथ्वीनारायण शाहले तनहुँबाट झिकाएर याज्ञ वल्क्यस्मृतिको व्यवहारध्यायको 'मिताक्षरीटीका' पुस्तक पढ्न लगाएको चर्चा पुस्तकमा छ । त्यसै गरी तनहुँ र गोरखा बीचको वैवाहिक सम्बन्धको चर्चा पनि पुस्तकमा छ । गोरखाका राजा रामशाहले तनहुँका राजा हम्वीरसेनकी छोरी विष्णावतीसँग विवाह गरेका थिए भने उनकै छोरा डम्बर शाहले पनि

हम्वीर सेनकै छोरी पदमावतीसँग विवाह गरेका थिए । त्यस्तै राजा पृथ्वीपती शाहका छोरा यूवराज विरभद्र शाहले पनि तनहुँका राजा दामोदर सेनकी छोरी मल्लीकावतीसँग विवाह गरेका थिए । यिनै रानीबाट नरभूपाल शाहको जन्म भएको थियो । पछि नरभूपाल शाहले पनि तनहुँकै राजकुमारी सुभद्रावतीसँग विवाह गरेका थिए ।

त्यसैगरी पुस्तकमा गोरखाका राजा नरभूपाल शाहको आम्दानी खर्चको कागजमा लेखिएको विवरणले तनहुँ र गोरखा राज्यबीच आर्थिक सम्बन्ध पनि रहेको देखाउँछ । तनहुँ सम्बन्धी यिनै महत्वपूर्ण जानकारी दिइएकोले प्रस्तुत पुस्तक शोधप्रबन्धको लागि उपयोगी मानिएको हो । यति हुँदा हुँदै पनि पुस्तकमा तनहुँको छिमेकी राज्य तथा उपत्यकाका राज्यहरुसँग सम्बन्ध, तनहुँ राज्यको सांस्कृतिक तथा धार्मिक अवस्था र प्रशासनिक अवस्थाको चर्चा गरिएको छैन । जसलाई शोधप्रबन्धमा समावेश गरिएको छ ।

अधिकारी (२०४३) ले दुईवटा ऐतिहासिक पत्रहरु समावेश गरेर *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण* नामक पुस्तक लेखेका छन् । एउटा तनहुँका राजा त्रिविक्रम सेन द्वितीयले वि.सं. १८०९ मा भारदार नारायण पण्डितलाई चुँदी खोला बाँङ्गीरहको आसपासको २४० मुरी खेत विर्ता दिएको पत्र हो भने अर्को तनहुँ राज्यको पतन पछि बिहारको रामनगर गएर राज्य गरी बस्ने राजपरिवारकी एक रानी लक्ष्मीकुमारी देवीले रामनगरबाट चितवन माडीका काशी गरौलाई लेखको पत्र हो । यो पत्र वि.सं. १८८२ तिर लेखिएको लेखकको भनाइ छ ।

तनहुँमा दामोदर सेन राजा भएको समयमा तनहुँ राज्य उत्कृष्टको चरम बिन्दुमा पुगेको पाइन्छ । त्यतिबेला हालको स्याङ्जा जिल्लाको पूर्वी भाग र चितवन तनहुँ राज्यमा समावेश थियो । बिहार चम्पारनको रामनगरमा पनि तनहुँका राजाहरुको पुस्तैनी जमिन्दारी थियो । चितवन चाहिँ प्रतापसिंह शाह राजा भएको समयमा वि.सं. १८३४ मा नेपाल अधिराज्यमा गाभियो । तनहुँ राज्य चाहिँ वि.सं. १८४० नेपाल अधिराज्यमा समाहित भएको र त्यसपछि तनहुँका राजपरिवार रामनगर गएर बसेको चर्चा पुस्तकमा छ । रामनगर गएर बसेका तनहुँका सेन राजपरिवार र नेपालको शाह राजपरिवार बीच वैवाहिक सम्बन्ध कायम भएको थियो । रामनगरका राजा तेजप्रताप सेनले नेपालका राजा रणबहादुर शाही छोरी तेजलक्ष्मीसँग विवाह गरेका थिए । विवाहमा रणबहादुर शाहले छोरीलाई चितवनको माडी र ठोरी वरिपरिका केही गाउँहरु दाइजो दिएका थिए । वि.सं. १८८२ तिर पनि रानी लक्ष्मीकुमारी देवीले रामनगर राज्यको तरफबाट ठेकेदार काशी गुरौलाई माडीको राजश्व उठाउने जिम्मा दिएको चर्चा प्रस्तुत पुस्तकमा छ । पुस्तकमा रामनगर राज्य सम्बन्धी केही चर्चा भए पनि त्यहाँ शासकहरु, ब्रिटिश इण्डियामा रामनगरका शासकहरुको हैसियत, चिवतनको माडी र डोरी वरपरका क्षेत्रहरु फिर्ता ल्याउन नेपालका सरकारले खेलेको भूमिका चर्चा भएको छैन । यस सम्बन्धी चर्चा प्रस्तुत शोधप्रबन्धमा गरिएको छ ।

ह्यामिल्टन (१९९७) नेपालको इतिहास लेखनमा महत्वपूर्ण भूमिका खेल्ने व्यक्ति हुन् । उनी सन् १८०२ मा क्याप्टेन नाक्स (Cop. Knox) सँग नेपाल आएका थिए । त्यस समय उनले करिब १४ महिना नेपालमा बस्ने अवसर पाए । नेपाल बसाइमा उनले नेपालको इतिहासको खोजीनीति

गरी नेपालको इतिहास र तत्कालीन समाज सम्बन्धी धेरै सूचनाहरु प्राप्त गरे । ती प्राप्त सूचनाको आधारबाट उनले प्रस्तुत पुस्तक "एन एकाउन्ट अफ दि किंगडम अफ नेपाल" नामक पुस्तक सन् १८१९ मा प्रकाशित गरेका हुन् ।

प्रस्तुत पुस्तक दुई भागमा विभाजन गरेर लेखिएको छ । पहिलो भागमा ३ अध्याय र दोस्रो भागमा एक अध्याय र तीन शाखाहरु छन् । पहिलो भागमा नेपालको जातजाती, भाषा, चाडपर्व, धर्म, खेतीपाती, हावापानी, खनिज पदार्थ, सरकार, कानून, सैनिक आदिको बारेमा चर्चा गरिएको छ । त्यस्तै दोश्रो भागमा सेन राज्य र बाइसी चौबीसी राज्यहरुको उल्लेख छ । दोश्रो अध्यायको दोश्रो शाखामा तनहुँ राज्य सम्बन्धित केही जानकारीहरु दिइएको छ जसलाई प्रस्तुत शोधको लागि आवश्यक सामग्रीको रुपमा लिइएको छ ।

प्रस्तुत पुस्तकमा तनहुँ राज्यको स्थापना तनहुँसुर, रिसिङ, बन्दीपुर, छिम्कालेख, मिर्लुङ्गकोट र तनहुँ राज्यको तराई खण्डको जोगीमारा, उपरदाङ र कविलास गरी तीनवटा प्रगन्नाको उल्लेख गरिएको छ । त्यस समयमा उपरदाङ शहरी क्षेत्र र सैनिक बस्ने गढीको रुपमा पनि विकसित भइसकेको, जोगीमारामा ठूलो वस्ती रहेको र महाभारत पर्वतश्रृंखलाका एक शिखर कविलासमा पनि राम्रै वस्ती विकास भएको र त्यहाँ पनि राज्यको महत्वपूर्ण सुरक्षा किल्ला रहेका र बन्दीपुर पनि महत्वपूर्ण स्थलको रुपमा रहेको जानकारी पुस्तकबाट पाइन्छ । यसका साथै मुकुन्द सेनले देवघाटमा प्रसिद्ध शिवमन्दिरको स्थापना गरेको र शिवरात्री र खिचडी सङ्क्रान्ति (माघे सङ्क्रान्ति) मा देवघाटमा ठूलो मेला लाग्ने कुराको पनि पुस्तकमा उल्लेख गरिएको छ ।

त्यसैगरी पुस्तकमा मुकुन्द सेन प्रथमले जीवनको उत्तरार्द्धतिर आफूले आर्जन गरेका विशाल भूभाग छ भागमा विभाजन गरी ४ भाइ छोराहरु, भतिजा र नातीलाई बाँडिदिए । राज्य बाँडफाँड गर्दा माणिक्य सेनलाई पाल्पा, विनायक सेनलाई बुटवल, भृङ्गी सेनलाई तनहुँ, लोहाङ सेनलाई मकवानपुर, भतिजा राम सेनलाई रिसिङ र नाती चन्द्र सेनलाई राजपुरमा राज्य स्थापना गरी राजा बनाए पछि आफु देवघाटमा तपस्वी बनेर रही त्यही नै उनले समाधि लिए भनेका छन् । तर मुकुन्द सेन प्रथमले आफ्नो विशाल भूभागलाई अंश सरह छोरा नातीलाई बाडिदिएको नभई राज्यलाई विभिन्न प्रशासनिक क्षेत्रमा विभाजन गरेर प्रशासन हेर्नका लागि छोरा तथा भतिजाहरुलाई पठाएका थिए । उनको मृत्युपछि मात्र उनका छोरा तथा भतिजाहरुले स्वतन्त्र राज्य स्थापना गरेको देखिन्छ ।

प्रस्तुत पुस्तकमा उल्लेख नगरिएका विषयहरु तनहुँ राज्यको राजनैतिक र प्रशासनिक विषय, तनहुँको अन्य राज्यसँगको सम्बन्ध, त्यहाँको धर्म तथा संस्कृति आदि छन् । प्रस्तुत शोधप्रबन्धमा यिनै विषयहरु अध्ययन अनुसन्धान गरी प्रस्तुत गरिएको छ ।

घिमिरे (२०४५) ले पाल्पा राज्यको राजनैतिक, आर्थिक, सामाजिक, वैदेशिक तथा कला र वास्तुकला जस्ता महत्वपूर्ण पक्षहरुलाई समेटेर *पाल्पा राज्यको इतिहास (भाग-१)* लेखेका छन् । पाल्पा राज्यबाट टुक्रिएर स्थापना भएको तनहुँ राज्यमा पाल्पाली राजा मुकुन्द सेन प्रथमका वंशजले नै शासन गर्दथे । पाल्पा राज्यको पृष्ठभूमिबाट आएकाले तनहुँको प्रशासनिक व्यवस्था पाल्पाबाट

प्रभावित हुने नै भयो । त्यस्तै अन्य पक्षहरुमा पनि तनहुँ राज्यमा पाल्पाको प्रभाव रहेको कुरा यस पुस्तकको अध्ययनबाट थाहा हुन्छ ।

त्यसैगरी पुस्तकमा सेनवंशावली र छिमेकी राज्यका ऐतिहासिक ग्रन्थहरुमा तनहुँका राजा त्रिविक्रम सेनले लेखेका कृतिहरु पनि दिइएको छ । यति हुँदाहुँदै पनि तनहुँ राज्य स्थापना भएपछि र भृङ्गी सेनले प्रशासन संचालन गर्न पाल्पाबाट गुरुपुरोहित र भारदारहरु ल्याएको सन्दर्भ, पाल्पा र तनहुँ राज्यबीच रहेको धार्मिक, सामाजिक तथा सांस्कृतिक सम्बन्धको चर्चा पुस्तकमा गरिएको छैन । जसलाई प्रस्तुत शोधप्रबन्धमा समावेश गरिएको छ ।

भण्डारी (२०४६) ले लेखेका *नेपालको उद्गम तथा विकासको विश्लेषणात्मक इतिहास,* पुस्तकको खण्ड दुईको अध्याय सातमा प्राचीन सेनवंशावली, भवदत्तहत सेन वंशावली र गंगा विष्णु रचित सेन वंशावली गरी तीनवटा सेन वंशावली दिइएको छ । प्राचीन सेन वंशावलीमा सेनहरुको पूर्वज मदन राय देखि उठान गरिएको छ । यसमा तनहुँ, पाल्पा, राजपुर, मकवानपुर, दर्छा र रिसिङका सेनहरुको वंश दिइएको छ । त्यसैगरी भवदत्तकृत वंशावलीमा चितौडका प्रसिद्ध राजा रत्न सेन देखि पाल्पाका अन्तिम राजा पृथ्वीपाल सेनका नाती रणवीर सेनसम्मका पच्चीस पुस्तासम्मका नामावलीहरु दिइएको छ । त्यसैगरी गंगाविष्णुद्वारा रचित "आचार दीपक" सेन वंशावली वि.सं. १८०९ मा राजा त्रिविक्रम सेनको आज्ञाले लेखिएको उल्लेख छ । यो ग्रन्थ वंशावली नभइ धर्मशास्त्र भए पनि यसमा मुकुन्द सेन प्रथमदेखि त्रिविक्रम सेनसम्म जम्मा नौ पुस्ताको नाम उल्लेख छ । त्यसै खण्डको अध्याय नौमा गोरखाका राजा राम शाह र उनका छोरा डम्बर शाहले तनहुँको राजधानी तनहुँसुरमा आक्रमण गरेकाले त्यहाँका राजा तुला सेन डराएर भागी रिसिङ पुगे । दुई पटक नै गोरखाली सेनले तनहुँको राजधानीमा लुटपाट गरी फर्किएको चर्चा गरिएको छ ।

यसै गरी पुस्तकमा गोरखाका राजा नरभूपाल शाहको जन्म तनहुँ दरबारमा भएको, उनले राजा भएपछि तनहुँ राज्य गोरखामा गाभ्ने उद्देश्यका साथ त्यहाँका राजा कामराजदत्त सेनलाई सती घाटमा बोलाएर कैद गर्ने योजना बनाए पनि तनहुँको राजा नआएको चर्चा छ । त्यसैगरी प्रस्तुत पुस्तकको खण्ड तीनको अध्याय एकमा पृथ्वीनारायण शाहले तनहुँका राजा त्रिविक्रम सेन द्वितीयलाई विश्वासघात गरी कैद गरिएको सन्दर्भ र तनहुँ लगायत चौबीसी राज्यहरु र गोरखाबीच भएको सिह्रानचोक युद्धको पनि चर्चा गरिएको छ ।

प्रस्तुत पुस्तकमा विशेष गरी तनहुँको सेन वंशावली र तनहुँ र गोरखा बीचको सम्बन्धको मात्र चर्चा गरिएको छ । यस बाहेक लमजुङ, पर्वत, पाल्पा जस्ता चौबीसी राज्यहरुमा शक्तिशाली मानिएका राज्यहरुसँग तनहुँको सम्बन्ध र यहि सम्बन्धको कारणबाट तनहुँ राज्य केही समय टिक्न सकेको सन्दर्भ, उपत्यकाका मल्ल राज्यहरुसँग सम्बन्धको कारणले तनहुँलाई आर्थिक लाभ भएको सन्दर्भलाई प्रस्तुत शोधप्रबन्धमा समावेश गरिएको छ ।

वैद्य (१९९३) ले पुस्तकमा नेपालको भौगोलिक अवस्था, गोरखा राज्यको स्थापना, पृथ्वीनारायण शाहको जीवनी, गोरखा राज्यको महत्व, गोरखा राज्यको छिमेकी राज्यसँगको सम्बन्ध र गोरखाको प्रशासनिक सामाजिक तथा धार्मिक र आर्थिक अवस्थाको बारेमा चर्चा गरेका छन् ।

प्रस्तुत पुस्तकमा चौबीसी राज्यहरुको गुटबन्दी राज्यहरुबीच हुने सन्धि सम्झौताहरु सम्बन्धी चर्चा गरिएको छ । तत्कालीन समयका सन्धि सम्झौताहरु नितान्त स्वार्थमा निहित हुन्थे । सन्धीहरु सैनिक तथा रक्षात्मक हुने र "एकानी शत्रु, एकानी मित्र" को अवधारणामा आधारित हुने कुरा पुस्तकमा उल्लेख छ । जुन प्रस्तुत शोध प्रबन्धको लागि महत्वपूर्ण विषय रहेको छ ।

त्यसै गरी चौबीसी राज्यहरुमा तनहुँ शक्तिशाली राज्य थियो । तनहुँका राजा तथा जनता दयालु र धर्मात्मा थिए भन्ने कुरा पुस्तकमा चर्चा गरिएको छ । सायद तनहुँका गंगाविष्णु ब्राह्मणले लेखेका आचारदीपक नामक धर्म शास्त्रलाई आधार मानेर यसो भनिएको हुन सक्दछ ।

पुस्तकमा तनहुँ राज्य र रिसिङ बीचको सम्बन्ध देखाउने क्रममा राजा हम्वीर सेनले मधेशको चिफ पुर्शोतम सिंहकी छोरी रत्नवतीसँग विवाह गरेका थिए । पुर्शोत्तम सिंह मगर राजा थिए । त्यसैले रत्नावती मगर कन्या भईन् । यिनै रानीबाट मधुसुधन सेन जन्मिए । मगर आमाबाट जन्मिएको भएर हुनसक्दछ, हम्वीर सेनले मधुसुधन सेनलाई मगर जाति बसोबास गर्ने क्षेत्र रिसिङका प्रशासन हेर्ने जिम्मा दिएर पठाए भनिएको छ । तर यस सम्बन्धी कुनै पनि दस्तावेज प्राप्त छैन । यद्यपि रिसिङको राजा रामपाल सेनको मृत्युपछि तनहुँमा गाभिएको रिसिङ राज्य यीनै मधुसुधन सेन राजाको समयमा फेरि स्वतन्त्र राज्य बन्न पुगेको थियो ।

त्यस्तै तनहुँ र गोरखा राज्यबीचको सम्बन्धको चर्चा गर्ने क्रममा भनिएको छ - तनहुँका राजा त्रिविक्रम सेन द्वितीयलाई विश्वासघात गरेर कैद गरी नुवाकोटमा राखेपछि वि.सं. १८२० बदी ७ मा पृथ्वीनारायण शाहले उनीसँग एउटा सन्धी गरेका थिए । सन्धी अनुसार गोरखाले तनहुँलाई भिरकोट र पाल्पामा अधिकार गर्न दिने र तनहुँले गोरखालाई लमजुङ र कास्कीमा अधिकार गर्न दिने भनिएको थियो । पृथ्वीनारायण शाहले यस सन्धीको नाटक चौबीसी राज्यहरुलाई एक आपसमा फुटाउनको लागि मात्र गरेका थिए । त्यसैले यस सन्धीको कार्यान्वयन कहिँ कतै भएको पाइँदैन ।

त्यस्तै पुस्तकमा तनहुँ राज्यको आर्थिक अवस्था निकै राम्रो भएको र त्यहाँका राजाहरु काठमाडौं उपत्यकाको मल्ल राज्यहरु जस्तै धनी र सम्पन्न रहेको चर्चा पनि गरिएको छ । तर पुस्तकमा तनहुँ राज्यको प्रशासनिक अवस्था, अन्य राज्यसँगको सम्बन्ध, नेपाल एकीकरणमा तनहुँको भूमिका चर्चा गरिएको छैन । यी विषयवस्तुलाई प्रस्तुत शोधप्रबन्धमा समेटिएको छ ।

स्टिलर (१९९५) ले पुस्तकमा विशेष गरी नेपाल एकीकरण हुनु अघिको बाइसी चौबीसी राज्यहरुको राजनैतिक गठबन्धन र पृथ्वीनारायण शाह देखि नेपाल अंग्रेज युद्धसम्मको महत्वपूर्ण घटनाक्रमलाई समेटेका छन् । पुस्तकमा तनहुँ सम्बन्धी थोरै जानकारी दिइएको छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियान सुरु गर्नु अघिसम्म बाइसी चौबीसी राज्यहरु कुनै न कुनै गुटमा आवद्ध हुन्थे । तनहुँ, लमजुङ र कास्कीको एउटा गुट थियो । गुटको नेतृत्व लमजुङले गर्दथ्यो । तर

एउटै गुटमा भए पनि तनहुँले ढोरमाथि र कास्कीले सतहुँमाथि आक्रमण गर्दा नेतृत्वकर्ता राज्य लमजुङलाई जानकारी नै हुँदैनथ्यो । आर्थिक आधारबाट सम्मिलित यस गुटको उद्देश्य गोरखालाई एक्लो पार्नु थियो । वंशको आधारमा भने तनहुँ पाल्पा राज्यसँग नजिक भएको सन्दर्भ पुस्तक छ । त्यसैगरी तनहुँ राज्यको चितवन प्रदेश नेपाल अधिराज्यमा गाभिएको चर्चा गर्दै पुस्तकमा केही महत्वपूर्ण विषयको चर्चा गरिएको छ । प्रतापसिंह शाह नेपालको राजा भएको समयमा बेतियामा निर्वासित रहेका बहादुर शाहले इष्ट इण्डिया कम्पनीका गभर्नर जनरल वारेन हेस्टिङको रणनीति चितवन प्रदेशलाई कम्पनी सरकारमा गाभ्ने रहेको र यस रणनीतिले काठमाडौं उपत्यकालाई पनि खतरा हुने सम्भावना रहेकाले चितवन कब्जा गर्न दाजु प्रतापसिंह शाहलाई ताकेता गरी पत्र पठाए । सम्भावित खतरा बुझ्रेर प्रतापसिंह शाहले पठाएको फौजले चितवन विजय गरी नेपाल अधिराज्यमा गाभे तर चितवन प्रदेश तनहुँ राज्य अन्तर्गत रहेको र त्यसलाई नेपाल अधिराज्यमा एकीकरण गर्नको लागि भएको युद्धको चर्चा पुस्तकमा छैन । त्यसै गरी पुस्तकमा तनहुँ राज्यको ऐतिहासिक पक्ष, प्रशासनिक पक्षहरुको पनि चर्चा गरिएको छैन । यी पक्षहरुलाई प्रस्तुत शोधप्रबन्धमा समावेश गरिएको छ । त्यस समय चितवन तनहुँ राज्यको महत्वपूर्ण भूभागको रुपमा रहेको थियो । प्रस्तुत पुस्तकमा तनहुँ सम्बन्धी महत्वपूर्ण जानकारी रहेको हुँदा पुस्तक प्रस्तुत शोधप्रबन्धको लागि उपयोगी सावित भएको हो ।

वैद्य र मानन्धर (२०५३) को 'आधुनिक नेपालको प्रशासनिक इतिहास' (सन् १७६८-१९५१) अनुसन्धानमूलक पुस्तक हो । अप्रकाशित सामग्रीहरु र प्रकाशित पुस्तक, अनुसन्धानमूलक लेख तथा प्रतिवेदनहरुको आधारमा तयार पारिएको प्रस्तुत ग्रन्थमा शाहकाल र राणाकाल दुवै समयको प्रशासनिक इतिहासलाई विवेचना गरिएको छ । पुस्तकले आधुनिक नेपालको प्रशासनिक विकासक्रमलाई रेखाङ्कन गरेको छ तर पुस्तकमा स्थानीय तहको प्रशासनिक संरचना र प्रशासनिक पदाधिकारीहरुको चर्चा गरिएको छैन । त्यसैले प्रस्तुत पुस्तकबाट तनहुँको स्थानीय प्रशासन सम्बन्धी यथेष्ट जानकारी पाउन सकिँदैन ।

वैद्य र मिश्र (२०५४) को पुस्तकमा उत्तरमध्यकालमा विभाजित नेपालका बाइसी चौबीसी राज्यहरु, पूर्वका सेनराज्यहरु र गोरखा राज्यको उदय, पृथ्वीनारायण शाहदेखि रणबहादुर शाहसम्मको एकीकरण अभियानलाई समावेश गरिएको छ । त्यसैगरी सन् १७६८-१८४६ सम्मको दरबारभित्रको आन्तरिक इतिहास र सन् १८३७-१८४६ सम्मको दरबारभित्रको राजनैतिक अस्थिरतालाई पनि चर्चा प्रस्तुत गरिएको छ ।

पुस्तकको दोश्रो अध्यायमा पृथ्वीनारायण शाहले चालेको सैनिक अभियानलाई असफल पार्न चौबीसी राज्यहरु एकजुट भएर लागेको चर्चा गरिएको छ । यसै क्रममा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका बिजय गर्नका लागि उपत्यकाका राजा र प्रजालाई घुँडा टेकाउन अपनाएका आर्थिक नाकाबन्दीलाई असफल बनाउन तनहुँ र लमजुङले उपत्यकाका राज्यहरुलाई सामान पठाई गोप्य सहयोग गरेको चर्चा पनि पुस्तकमा छ । त्यस्तै पृथ्वीनारायण शाहले तनहुँका राजा त्रिविक्रम सेन द्वितीयलाई विश्वासघात गरेर कैद गरी नुवाकोट राखेको चर्चा पनि गरिएको छ जुन शोधकार्यको

लागि उपयोगी मानिएको छ । यति हुँदा हुँदै पनि तनहुँ राज्यको राजनीतिक अवस्था, तनहुँ र उपत्यका मल्ल राजाहरु बीचको सम्बन्ध, तनहुँ राज्य नेपाल अधिराज्यमा गाभिए पछि तनहुँको प्रशासनिक स्थितिको सम्बन्ध पुस्तकमा चर्चा भएको छैन जसलाई प्रस्तुत शोधप्रबन्धमा अध्ययन अनुसन्धान गरी प्रस्तुत गरिएको छ ।

वैद्य र बज्राचार्य (२०५५) ले लेखेका पुस्तकमा मध्यकालीन प्रशासनको आदर्श, सिद्धान्त र उद्देश्य, पूर्वमध्यकालमा केन्द्रीय प्रशासनमा देखिएको कमजोरीको कारण कर्णाली प्रदेशमा खस मल्लराज्य सिम्रौनगढमा तिरहुत राज्य र काठमाडौं उपत्यकाको मल्ल राज्य गरी ३ राज्यमा विभाजन भएको चर्चा छ । त्यसपछि उत्तर मध्यकालमा आएर यी तीनवटा राज्यहरु पनि विभाजित भएर उपत्यकामा ३ वटा मल्ल राज्य, कर्णाली प्रदेशमा बाइस वटा राज्य (बाइसी राज्य) र गण्डकी प्रदेशमा चौबिसवटा राज्य (चौबीसी राज्य) को स्थापना भएको चर्चा पुस्तकमा गरिएको छ । त्यसै गरी प्रशासनमा राजा, यूवराज, नायवको प्रशासनिक स्थान, राजदरबारको पदाधिकारीहरु, मन्त्रिपरिषद् तथा केन्दीय पदाधिकारीहरु, प्रमुख अड्डाहरु, प्रान्तीय प्रशासनको स्वरुप, कानून तथा न्याय व्यवस्थाका साथै प्रशासनमा जनसहभागीताको आदि सम्बन्धी उल्लेख पनि पुस्तकमा छ ।

मध्यकालीन नेपालको सम्पूर्ण प्रशासनिक व्यवस्था समेटिएको प्रस्तुत पुस्तकमा तनहुँ राज्यको प्रशासन सम्बन्धी अत्यन्तै कम जानकारी पाइन्छ । मध्यकालीन नेपालका विभिन्न राज्यहरुमा राजालाई सहयोग र सल्लाह दिनका लागि मन्त्रीपरिषद्को गठन हुन्थ्यो । मन्त्री परिषद्मा रहने व्यक्तिहरुलाई विभिन्न राज्यहरुमा मन्त्री, काजी, चौतारा जस्ता फरक फरक पद दिइएको उल्लेख पुस्तकमा छ । चौबीसी राज्यहरुको प्रशासनिक व्यवस्था प्रायः उस्तै हुने भएकोले छिमेकी राज्यहरुको प्रशासन व्यवस्थालाई आधार मानेर तनहुँ राज्यको प्रशासन व्यवस्था खोजिएको छ । जस्तै अधिकांश बाइसी चौबीसी राज्यहरुमा राजाका भाइहरु नै चौतारा पदमा रहेको हुन्थ्यो । चौतारामुनिका केन्द्रीय पदाधिकारीहरुलाई काजी भनिन्थ्यो भन्ने उल्लेख पुस्तकमा छ तर बाइसी चौबीसी राज्यका अन्य राज्यहरुमा जस्तै तनहुँ राज्यमा राजाका भाइहरु चौतारा पदमा र राजपरिवारका अन्य सदस्यहरु काजी पदमा मनोनित भएको पाइँदैन । त्यसो त तनहुँमा काजी पदमा थापा, पन्त, खनाल आदि थरका व्यक्तिहरु रहेको पाइन्छ । यसरी प्रस्तुत पुस्तकमा उल्लेख नभएको तनहुँ राज्यको प्रशासनिक व्यवस्था र एकीकरण भएपछिको तनहुँको प्रशासनिक व्यवस्थालाई प्रस्तुत शोध-प्रबन्धमा समावेश गरिएको छ ।

अधिकारी (२०५५) द्वारा तीन अध्यायमा विभाजन गरेर लेखिएको *तनहुँ राज्यको इतिहास,* तनहुँ राज्यमा केन्द्रित रहेर लेखिएको पहिलो पुस्तक हो । पहिलो अध्यायमा पाल्पा राज्यको उदय, चौतर्फी विकास र विखण्डित सम्बन्धी चर्चा गरिएको छ । अध्याय दुईमा तनहुँका सेनवंशी राजाहरुको व्यक्तिगत विवरण र कार्यहरुको उल्लेख छ । अध्याय तीनमा तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भएपछि त्यहाँका अन्तिम राजा हरकुमारदत्त सेनले स्थापना गरेको रामनगर राज्य सम्बन्धी चर्चा गरिएको छ ।

उत्तर मध्यकालतिर कर्णालीका खस मल्ल राज्य छिन्न भिन्न भएपछि कर्णाली प्रदेशमा बाईसी र गण्डकी प्रदेशमा चौबीसी राज्यहरु स्थापना भए । यसै क्रममा स्थापना भएको पाल्पा राज्यका संस्थापक राजा रुद्र सेन हुन् । उनको शासनकालदेखि नै पाल्पा राज्य संचालनमा ब्राह्मण क्षेत्रीहरुलाई मात्र नभएर खस र मगरहरुलाई पनि उत्तिकै महत्व दिन र त्यसै बेला देखि पाल्पामा मगरहरु हिन्दु संस्कृति अनुरुप अभ्यस्त हुँदै गएको उल्लेख पुस्तकमा छ । रुद्र सेनका छोरा मुकुन्द सेन १५८१ को हिउँदमा पाल्पाबाट सेना सहित काठमाडौं उपत्यका विजय अभियानमा आउने क्रममा तनहुँ, गोरखा र धादिङ बिजय गरी आफ्नो अधिकारमा लिएर थानकोट उत्रिएको चर्चा पनि पुस्तकमा गरिएको छ । यस पुस्तकलाई आधार मान्दा तनहुँको भूभाग वि.सं १५८१ बाट पाल्पा राज्य अन्तर्गत पर्न गएको देखिन्छ । त्यस समय तनहुँमा मगर राजाहरुले स्वतन्त्र राज्य गर्दथे ।

त्यसैगरी पुस्तकका अनुसार मुकुन्द सेन प्रथमले वि.सं. १५८१ र १५८२ मा दुईपटक उपत्यकामा आक्रमण गरेका थिए । यो आक्रमण धन संग्रह गर्ने उद्देश्यबाट गरिएको हुनाले उपत्यकाबाट प्राप्त धनराशीले पाल्पाको सैन्य क्षमतामा बृद्धि गर्न ठूलो मद्दत पुगेको थियो । मुकुन्द सेन प्रथम वि.सं. १५८३ को वर्षात पछि उपत्यकाबाट पाल्पा फर्केर आफ्ना साहिला छोरा भृङ्गी सेनलाई तनहुँको प्रशासन हेर्ने जिम्मा दिएर पठाएका थिए । यदि त्यही समय नै भृङ्गी सेन तनहुँ गएका हुन् भने वि.सं. १६१० मा उनी तनहुँ राज्यका राजा हुनु अगाडि नै करिब २७/२८ वर्ष तनहुँमा प्रशासकिय जिम्मेवारी लिएर बसेका देखिन्छन् । तर यसलाई कुनै पनि ऐतिहासिक स्रोतले पुष्टि गरेका छैन ।

पुस्तकमा तनहुँ र बेतिया राज्य बीच भइरहने सिमा सम्बन्धी विवाद र युद्धको पनि चर्चा गरिएको छ । हम्वीर सेन राजा भएको समयमा मन्त्री रणभञ्जन थापा र सेनापति दलमर्दन थापाले वेतियाको सेनासँग विरतापूर्वक लडेर तनहुँ राज्यको जमिन्दारी रहेको रामनगरको पन्ध्र तप्पाको रक्षा गरेका थिए । त्यसैगरी तनहुँमा दामोदर सेन राजा भएको समयमा राजपुर राज्यका राजा मुकुन्द सेनको निःसन्तान अवस्थामा मृत्यु भएपछि छिमेकी र शक्तिशाली राजपुर राज्य तनहुँ राज्यमा गाभियो । त्यस समय रिसिङ राज्य पनि तनहुँ राज्यमा नै गाभिएकाले तनहुँ राज्यको क्षेत्रफल निकै वृद्धि हुनुका साथै शक्तिशाली पनि बनेको थियो । त्यस समय तनहुँ र वेतिया राज्य बीच सीमाना सम्बन्धित विवाद भएपछि दिल्लीका वादशाहले दुई राज्यबीच सम्झौता गराई समस्याको समाधान गराइदिएको उल्लेख पुस्तकमा गरिएको छ ।

त्यसै गरी पुस्तकमा भृङ्गी सेन राजा भएको समयमा तनहुँ राज्य अन्तर्गत पहाड खण्डका साथै पश्चिमतर्फ रिसिङ पनि पर्दथ्यो । रिसिङ भृङ्गी सेनका छोरा हम्बीर सेनको समयमा मात्र तनहुँबाट अलग भएको हो भनिएको छ । यसको अर्थ भृङ्गी सेनले तनहुँ राज्य स्थापना गर्दा रिसिङ पनि तनहुँ कै भूभाग हो भन्ने हुन्छ तर मुकुन्द सेनले भतिजा रामपाल सेनलाई रिसिङको प्रशासन हेर्न पठाएको र उनैले रिसिङमा स्वतन्त्र राज्य स्थापना गरेको उल्लेख अन्य स्रोतहरुमा भेटिएकाले रामपाल सेनको मृत्युपछि मात्र रिसिङ तनहुँ राज्यमा गाभिएको देखिन्छ ।

त्यसैगरी पुस्तकमा तनहुँ र गोरखा राज्य बीचको अन्तरविरोध र तनहुँमा राज्य गरेका नौ जना राजाहरुको कार्य छोटकरीमा चर्चा गरिएको छ ।

प्रस्तुत पुस्तकमा तनहुँ राज्यको राजनीतिक, प्रशासनिक, गोरखासँगको सम्बन्धको अत्यन्तै छोटकरीमा चर्चा गरिएको छ । यस विषयमा अझ विस्तृत अध्ययन अनुसन्धान गरी सत्य तथ्य बाहिर ल्याउनुका साथै तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भएपछिको त्यहाँको प्रशासन अवस्था र तत्कालीन समाज र संस्कृति झल्काउने सेनकालीन कलाकृतिहरुको अध्ययन अनुसन्धान गरी शोधप्रबन्धमा प्रस्तुत गरिएको छ ।

घिमिरे (२०५६) ले पुस्तकमा पाल्पा राज्यको स्थापना हुन अघि रिब्दीकोटका राजा खामराज सेन, चन्द्रसेन र पाल्पा राज्यका पहिलो राजा रुद्रसेन देखि पाल्पा राज्य नेपाल अधिराज्यमा गाभिएपछि पाल्पाका सेन राजाका वंशहरुको संक्षेपमा चर्चा गरेका छन् ।

त्यसै गरी तनहुँ राज्यको नामकरण, तनहुँका सेनवंशी नौ जना राजाहरु भृङ्गी सेन देखि हरकुमारदत्त सेनसम्मका राजाहरुका कार्यहरुको संक्षेपमा चर्चा गरिएको छ । त्यस्तै तनहुँराज्य नेपाल अधिराज्यमा गाभिएपछि रामनगर गएर राज्य गर्ने तनहुँका अन्तिम राजा हरकुमारदत्त सेन र उनी पछिका शासकहरु तेजप्रताप सेन, अमरप्रताप सेन, प्रल्हाद सेन र रानी विन्ध्यवासिनी देवीको सामान्य परिचय, महत्वपूर्ण कार्य र उनीहरुले जारी गरेका महत्वपूर्ण चिठी पत्रहरुलाई पनि पुस्तकमा समावेश गरिएको छ । त्यसै गरी तनहुँ राज्यको मुगलवाद शाह औरङ्गजेवसँगको सम्बन्ध, गोरखा र तनहुँ राज्यबीच रहेको लामीडाँडा विवाद, तनहुँ लगायत चौबीसी राज्यहरु र गोरखा बीच भएका युद्धहरु र तनहुँ राज्यको पतन सम्बन्धित चर्चा पनि पुस्तकमा गरिएको छ । यति हुँदाहुँदै पनि तत्कालीन तनहुँका प्रशासनिक अवस्था, तनहुँ र पाल्पा राज्यबीच सम्बन्ध, तनहुँ राज्यको सामाजिक, धार्मिक तथा सांस्कृतिक पक्षहरुको चर्चा गरिएको छैन । प्रस्तुत शोधप्रबन्धमा यी विषयहरुलाई समेटिएको छ ।

थापा (२०५६) ले तनहुँ जिल्लाको स्थलगत भ्रमण गरी त्यहाँको ऐतिहासिक, भौगोलिक र लोकसांस्कृतिक पक्षहरु *तनहुँ फूलबारी* नामक पुस्तकमा रोचक ढंगबाट प्रस्तुत गरेका छन् । प्रस्तुत पुस्तक तनहुँ जिल्लाको लोक संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले लेखिएको हो । पुस्तक ५९ वटा शीर्षक दिएर लेखिएको छ ।

प्रस्तुत पुस्तकको ऐतिहासिक पक्ष जनश्रुतिमा आधारित छ । ती जनश्रुती ऐतिहासिक स्रोतले पुष्टि नभएकाले यस पक्षलाई प्रस्तुत शोधप्रबन्धमा समावेश गरिएको छैन । उदाहरणको लागि तनहुँमा सेनहरुले राज्य गर्नुभन्दा अगाडि कुनै दुधेबराह (मष्टो) वंशका मगर राजाले राज्य गर्दथे । दौडमा सेनहरुले मगर राजालाई हराए पछि तनहुँसुरमा सेनहरुले राज्य गर्न थालेका हुन् भन्ने कुरा पुस्तकमा उल्लेख छ । यहाँनिर लेखकले लिगलिगकोटमा राजा छान्दा लमजुङका राजकुमार द्रव्य शाहले चेपेबाट दौडेर लिगलिगकोटमा पुगी प्रतिस्पर्धी स्थानीय धलेहरुलाई जितेर लिगलिगकोटको राजा बनेको सन्दर्भलाई सेनहरुसँग जोडेका छन् ।

त्यसै गरी तनहुँमा जस्तै मगर राजाहरुले राज्य गरेको समयमा रिसिङ र घिरिङका राजाहरु बीच भएको रमाइलो जनश्रुतीलाई पनि लेखकले प्रस्तुत गरेका छन् । रिसिङ र घिरिङमा मामा र भाञ्जा नाता पर्ने मगर राजाहरुले राज्य गर्दथे । रिसिङमा मामाको राज्य थियो भने घिरिङमा भाञ्जाको सानो राज्य थियो । मामाले भाञ्जालाई सधैं हेप्ने गर्दथे । एकपटक रिसिङ र घिरिङका राजा बीच भएको एउटा सम्झौता अनुसार दुवै राजाहरुले आ-आफ्नो राजदरबारबाट निस्किएर बिहान देखि बेलुकीसम्म जसले जति हिँड्न सक्दछ, हिँडेको जति भूभाग आफ्नो राज्यभित्र पर्नेछ भनि सहमती भएको थियो । त्यसपछि रिसिङका राजा बाठो भएकाले अघिल्लो दिनमा राजदरबारबाट हिँडि आफ्नो राज्यको आधा भाग हिँडेर बाटोमा बास बसेछन् । भोली पल्ट बिहानै हिँडेर घिरिङ राज्यको धेरै भूभाग आफ्नो राज्यमा गाभ्न सफल भएछन् । घिरिङका राजा भने सम्झौता अनुरुप चलेकाले थोरै भूभाग मात्र हिँडेर आफ्नो मातहतमा पारेछन् । भोली पल्ट घिरिङका राजाले आफ्नो राज्यको अग्लो डाँडोबाट रिसिङले आफ्नो राज्यको कति भूभाग लगेछ भनि हेर्दा राज्यको आधा जसो भूभाग रिसिङमा गाँभिएको देखेर अत्यन्तै दुःखी भई त्यही नै सेरिएर आत्महत्या गरे भन्ने जनश्रुति पुस्तकमा उल्लेख छ । यसबाट तत्कालीन समयमा शक्तिशाली राज्यले आफन्त नै भए पनि निर्धो राज्यलाई कसरी हडप्ने गर्दथ्यो भन्ने विषयलाई उजागर गर्दछ ।

त्यसै गरी पुस्तकमा तनहुँका अन्तिम राजा हरकुमारदत्त सेनले बुटवलदेखि कान्तिपुरसम्म चल्ने व्यापार भन्सार महशुल उठाउनका लागि भन्सार कार्यालयको स्थापना गरेको र तत्कालीन समयमा भन्सार क्षेत्र निकै व्यस्त र हराभरा थिए भनिएको छ । यस सम्बन्धी जानकारी दिने स्रोत प्राप्त नभए पनि वि.सं.१९७५ मा त्यहाँ रहेको भन्सार अड्डा बन्दीपुर सरेको उल्लेख छ । तत्कालीन समयमा भन्सार कार्यालय रहेको ठाउँको नाम हालसम्म पनि भन्सार नै रहेको छ । तर यस सम्बन्धी कुनै पनि दस्तावेज प्राप्त हुन सकेन ।

त्यसै गरी पुस्तकमा तनहुँका मगर र गुरुङ दुवै जातिको कौरा (चुड्का) नाच, घाटु नाच, सोरठी नाच र नेवार जातिको लोक संस्कृतिका साथै मगर जातिको भाषा, रहनसहन र संस्कृतिको पनि चर्चा गरिएको छ ।

प्रस्तुत पुस्तकमा तनहुँको संस्कृति र केही मठमन्दिर सम्बन्धी जानकारी दिएको भए पनि यसको ऐतिहासिक महत्वको चर्चा भएको छैन । त्यसैगरी तनहुँमा मगर, गुरुङ, नेवार जाति बाहेक ब्राह्मण, क्षेत्री, खवास, मुस्लीम जातिहरुको आगमन र त्यसको प्रभावको पनि चर्चा भएको छैन । यी उल्लेख नभएका विषयहरुलाई प्रस्तुत शोधप्रबन्धमा समेटिएको छ ।

थापा (२०५७) को शोधपत्रमा तनहुँसुर गा.वि.सं. अन्तर्गत रहेका सेनकालीन राजधानी तनहुँसुर स्थित विष्णु महादेव मन्दिर, लालविहार गुठी, तनहुँसुर खड्ककालिका, चण्डिथान मन्दिर, भगवती मन्दिर, रानीपौवाका साथै अन्य मठमन्दिरहरु, पाटीपौवा, टुँडिखेल, गद्दीचौतारा आदिको सामान्य परिचय र त्यससँग सम्बन्धित गुठीहरुको चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रमा साविक तनहुँसुर गा.वि.सं. अन्तर्गत रहेका मठमन्दिर र गुठीको मात्र अध्ययन गरिएको छ । सेनकालीन यस्ता ऐतिहासिक तथा पुरातात्विक महत्वका कृतिहरुले वर्तमान समाजमा पारेको प्रभावको चर्चा शोधप्रबन्धमा गरिएको छैन । यस शोधप्रबन्धमा चर्चा गरिएको विषयमा पनि विस्तृत रुपमा अध्ययन अनुसन्धान गरिएको छ भने वर्तमान समयमा तनहुँ जिल्लामा रहेका अन्य ऐतिहासिक तथा पुरातात्विक वस्तुहरुको अध्ययन अनुसन्धान गरी व्याख्या र विश्लेषण गरिएको छ ।

मिश्र (२०५८) ले तनहुँ जिल्लाको भौगोलिक, ऐतिहासिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक, शैक्षिक, राजनैतिक, धार्मिक, साहित्यिक जस्ता हरेक पक्षलाई समेटेर 'नेपाल अधिराज्यमा तनहुँ' पुस्तक लेखेका छन् । पुस्तक तनहुँ जिल्ला सम्बन्धी जानकारी लिन चाहने जो कोहीका लागि उपयोगी छ तर पुस्तकमा नै आधारित भएर ऐतिहासिक पक्ष अध्ययन अनुसन्धान गर्नको लागि महत्वपूर्ण सामग्रीको रुपमा चाहिँ लिन सकिँदैन किनभने पुस्तकमा ऐतिहासिक पक्षका महत्वपूर्ण स्रोतहरु राखिए पनि त्यसलाई प्रमाणित गर्ने सन्दर्भस्रोत राखिएको छैन । त्यसैगरी केही पादटिप्पणीहरु दिइए पनि नियमसंगत छैनन् । त्यस बाहेक पुस्तकमा सेनकालीन प्रशासनिक व्यवस्था, तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भए पछि तनहुँको प्रशासनिक अवस्थाको चर्चा गरिएको छैन । पुस्तकमा समावेश नगरिएको यस्ता पक्षहरुलाई प्रस्तुत शोधप्रबन्धमा समावेश गरिएको छ ।

श्रेष्ठ (२०५९) को पुस्तकमा पर्वत राज्यको स्थापना कालदेखी वि.सं. १८४३ आश्विनमा नेपाल अधिराज्यमा समाहित नहुँदासम्मको राजनीतिक, प्रशासनिक सामाजिक, आर्थिक र छिमेकी राज्यसँगको सम्बन्ध समेटिएको छ ।

चौबीसी राज्य मध्येका शक्तिशाली राज्यहरु पर्वत र तनहुँ बीच कुटनैतिक सम्बन्ध रहेको चर्चा पुस्तकमा छ । तनहुँका शक्तिशाली राजा दामोदर सेनले वि.सं. १७५३ मा आफ्ना भारदार लक्ष्मण थापालाई लेखेको पत्रमा 'मु. मआग्दी वेणी' लेखिएको छ । उक्त पत्रलाई आधार मानेर लेखकले दामोदर सेन र पर्वतका राजा मलेवम मल्ल बीच राम्रो सम्बन्ध रहेको उल्लेख पुस्तकमा गरेका छन् ।

प्रस्तुत पुस्तकमा उल्लेख गरिएका पर्वत राज्यका प्रशासनिक व्यवस्था र सामाजिक रितिरिवाजहरुको अध्ययनबाट यस शोध प्रबन्धको अध्ययनमा सघाउ पुगेको छ । त्यसैले प्रस्तुत पुस्तकलाई सान्दर्भिक र महत्वपूर्ण स्रोत मानिएको छ । तर पुस्तकमा तनहुँको राजनैतिक अवस्था, प्रशासनिक अवस्था, तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भइसकेपछिको अवस्था, तनहुँ र पर्वत राज्यबीचको वैवाहिक सम्बन्ध आदि विषयहरुको चर्चा गरिएको छैन । जसलाई प्रस्तुत शोधप्रबन्धमा समावेश गरिएको छ ।

भट्ट (२०६०) को शोधपत्रमा लमजुङ राज्य र तनहुँ राज्यबीच राजनैतिक, आर्थिक, धार्मिक, सामाजिक, सांस्कृतिक सम्बन्धको संक्षेपमा चर्चा गरिएको छ । धार्मिक सम्बन्धको बारेमा तनहुँ राज्यका बासिन्दाहरु लमजुङको इशानेश्वर महादेव, कालिका मन्दिर तथा दूधपोखरीमा धर्म कर्म गर्न

जाने गर्दथे भने लमजुङ राज्यका बासिन्दाहरु तनहुँको छाब्दीबाराही, थानिथान, देवघाट जस्ता प्रसिद्ध शक्तिपिठहरुमा पुजा आजाका लागि जाने गर्दथे भनी शोधपत्रमा उल्लेख छ । त्यसो त त्यो क्रम हालसम्म पनि जारी नै रहेको छ । त्यस्तै तनहुँका बासिन्दाहरु लमजुङको बाटो भएर भोट (तिब्बत) मा नुन तथा अन्य आवश्यक सामग्रीहरु लिन जाने गर्दथे भने लमजुङका वासिन्दाहरु तनहुँको डुम्रीखर्क र आँकुबाट कपास ल्याएर उनी र सुतीका कपडाहरु तयार पार्दथे' भनी शोधपत्रमा यी दुई राज्य बीच रहेको आर्थिक सम्बन्धलाई औंल्याएको छ । यसका साथै प्रस्तुत शोधपत्रमा यी दुई राज्य बीच रहेको ऐतिहासिक सम्बन्ध र वैवाहिक सम्बन्धको पनि चर्चा गरिएको छ । यिनै जानकारी रहेकाले यस शोधपत्रलाई प्रस्तुत शोधप्रबन्धको आवश्यक सामग्रीको रुपमा समावेश गरिएको हो । तर प्रस्तुत शोधपत्रमा तनहुँ राज्य र लमजुङ राज्य बीचको आपसी सम्बन्धलाई मात्र देखाएको छ । तनहुँको लमजुङसँग सम्बन्ध राख्नु पर्ने कारण र लमजुङले तनहुँलाई साथ लिनुपर्ने स्वार्थ सम्बन्धी चर्चा गरिएको छैन । यसलाई प्रस्तुत शोधप्रबन्धमा समेटिएको छ ।

आचार्य (२०६०) ले लेखेर छाडेका पाण्डुलिपिलाई उनको निधन पश्चात् उनका पुत्र श्रीकृष्ण आचार्यले पुस्तकको रुपमा प्रकाशन गरेका हुन् । कूल १५६ पृष्ठको यस पुस्तक प्रतापसिंह शाहको जीवनमा घटेका महत्वपूर्ण घटनाक्रमलाई उजागर गर्ने उद्देश्यले लेखिएको हुँदा तनहुँ राज्यका सम्बन्धमा थोरै मात्र चर्चा गरिएको छ ।

पृथ्वीनारायण शाहले नुवाकोट बिजय गर्नुभन्दा अगाडि तनहुँ र लमजुङसँग लोलोपोतो गरेर सहमत गराएका थिए । नुवाकोटको बिजयपछि काठमाडौं उपत्यकाका वरिपरिका भूभाग र मकवानपुर राज्य समेत बिजय गरिसकेपछि उनी पश्चिमी बिजय अभियानमा अगाडि बढे । पश्चिम तर्फका छिमेकी राज्यहरुलाई पनि आफ्नो आश्रित राज्यहरुमा मान्यता दिएर गोरखा राज्यलाई कालीगण्डकी नदिसम्म विस्तार गरेका थिए । तर सतहुँको युद्धमा गोरखाली सेना पराजित भएकोले तनहुँ लगायत सबै आश्रित राज्यहरु स्वतन्त्र बने । सतहुँको घटना पछि पृथ्वीनारायण शाहले आफ्नो नीतिमा परिवर्तन गरी छिमेकी राज्यहरुलाईआश्रित राज्यमा नराखी गोरखा राज्यमा नै समाहित गर्ने नीति लिएका थिए । सोही नीति अनुसार सर्वप्रथम उनी तनहुँ राज्य माथि अधिकार गर्न चाहन्थे । त्यसपछि लमजुङ, कास्की र अन्य राज्यहरुलाई गोरखा राज्यमा गाँभ्ने उनको योजना थियो । उनी उक्त योजनालाई जति सक्दो चाडो कार्यान्वयन गर्न चाहान्थे । दुर्भाग्य ! उक्त योजना लागू गर्न नपाउँदै उनको देहान्त हुन गयो । उनको देहान्तको खबर सुनेर छिमेकी राज्यका राजाहरु हर्षित बन्ने भन्ने सन्दर्भ पुस्तकमा छ ।

भारतमा अंग्रेज साम्राज्यको विस्तार हुँदै गएपछि चितवनको दक्षिणतर्फ रहेको तराई भूभागमा रामनगर क्षेत्र मात्र तनहुँका राजा हरकुमारदत्त सेनको जमिन्दारी राखेर अन्य भूभागहरु अंग्रेज साम्राज्यमा गाभिई सकेको थियो । अंग्रेजले तनहुँको चितवन प्रदेश पनि लिन खोज्दैछ भन्ने सुइको वेतियामा रहेका बहादुरशाहले पाए । जुन नेपाल अधिराज्यको सुरक्षा कै लागि खतरा थियो । त्यसैले बहादुर शाहले वेतियाबाट नै दाजु प्रतापसिंह शाहलाई यिनै व्यहोराका अर्जिपत्रहरु पठाए । उनको पत्रमा जति सक्दो चाडो तनहुँको चितवनलाई नेपाल अधिराज्यमा गाभिहाल्नुपर्छ भन्ने

थियो । वास्तविकता बुझेपछि राजा प्रतापसिंह शाहले बख्शी अभिमानसिंह बस्नेत, काजी स्वरुपसिंह कार्की, सरदार, रामकृष्ण कुँवर र सरदार पारश भण्डारीको नेतृत्वमा 'श्रीनाथ', 'सवुज', 'पुरानो-गोरखा' र 'देवीदत्त' पल्टन पठाएर १८३४ श्रावणमा तनहुँको महत्वपूर्ण भूभागहरु कविलासपुर गढी, सोमेश्वर गढी, उपरदाङगढी बिजय गरी नेपाल अधिराज्यमा मिलाएको चर्चा पुस्तकमा छ । यस बाहेक प्रस्तुत शोधप्रबन्धमा तनहुँ र गोरखा राज्यबीचको सम्बन्धको चर्चा छोटकरीमा गरिएको छ । यही कमजोर सम्बन्धले गर्दा यी दुई राज्य बीचमा सधैं तित्तता रहिरह्यो । यहि कारण तनहुँ राज्य १८३९ कार्तिकमा नेपाल अधिराज्यमा एकीकरण भयो । त्यसपछि तनहुँका सेन राजाहरु आफ्नो पुर्ख्यौली जमिन्दारी भूभाग भारतको रामनगरमा गएर सानो राज्य स्थापना गरी बसेको सन्दर्भको अध्ययन प्रस्तुत शोधप्रबन्धमा गरिएको छ ।

गुरुङ्ग (२०६१) को पुस्तक पाँच अध्यायमा विभाजित छ । ती मध्ये तेश्रो अध्याय प्रस्तुत शोध-प्रबन्धसँग सम्बन्धित छ । उक्त अध्यायमा देवीघाट देखि दुधपोखरी सम्मका तीर्थस्थलहरु सल्यानकोटकी माइ, मनकामना, गोरखानाथ गुफा, चक्रतीर्थ (लमजुङ), थुलुङपोखरी (लमजुङ), ढोरवाराही र छाब्दीबाराही (तनहुँ), पराशर एवं व्यास गुफा, भीमाद, इशानेश्वर महादेव, दुधपोखरी, सिक्लेस, राजाको चौतारा आदिको बारेमा उल्लेख गरिएको छ । अध्याय चारमा रामघाट (पोखरा), तालबाराही (पोखरा), खारपानी र तीनशिरे तीर्थ, पञ्चासे कुण्ड (कास्की), मालमदेवी लसर्घा (स्याञ्जा), केलादीघाट, रणउजीरेश्वरी भगवती, रिडीघाट (पाल्पा), अर्मादिघाट (पर्वत), कालीका भगवती (वाग्लुङ), गलेश्वर महादेव (म्याग्दी), पञ्चवेषी (काकवेणी, म्याग्दीवेणी, मोदिवेणी, सेती वेणी र रुद्रवेणी) आदिको विस्तृत विवरण दिइएको छ । त्यस्तै पाँचौ अध्यायमा तराईका देवघाट देखि देवदहसम्म पर्ने सिखौली, देउचुली, त्रिवेणी, देवदह, रामग्राम स्तुप, पाल्ही भगवती, पद्मपाणि, वोधिसत्व र मदारनाथ जस्ता पवित्र स्थलहरुको चर्चा गरिएको छ । प्रस्तुत शोध प्रबन्धको शीर्षक अन्तर्गत भने ढोरवाराही, छाब्दीवाराही, परासर एवं व्यास गुफा र देवघाटको विषयमा संक्षिप्त वर्णन गरिएको छ । प्रस्तुत शोध प्रबन्धमा शोधकर्ताले तनहुँमा रहेका विभिन्न मठ मन्दिरको प्रत्यक्ष अवलोकन गरेर आएको यथार्थ जानकारीलाई प्रस्तुत गरिएको छ ।

आचार्य (२०६१) ले श्री ५ पृथ्वीनारायण शाहको सम्पूर्ण जीवनीलाई ४ भागमा विभाजन गरी पुस्तक लेखेका छन् । सोही पुस्तकहरुलाई (भाग १-४ सम्म) समावेश गरेर उनकै पुत्र श्रीकृष्ण आचार्यले प्रस्तुत पुस्तक प्रकाशित गरेका हुन् ।

तनहुँ राज्यको स्थापना भएको (वि.सं. १६१०) छ वर्ष पछि स्थापना भएको गोरखा राज्य (वि.सं. १६१६) मा तनहुँका केही भूभागहरु समावेश गरिए । यसले तनहुँ र गोरखाबीच सीमा सम्बन्धी विवाद सिर्जना हुने परिस्थिति देखिएपछि रामशाहले मर्स्याङ्गदी नदीलाई तनहुँ र गोरखा राज्यको सीमाना तोकिदिए भन्ने सन्दर्भ पुस्तकमा छ । यसरी सीमा निर्धारण गरे पनि तनहुँ र गोरखा बीचको सम्बन्ध सुमधुर भने हुन सकेको देखिँदैन ।

प्रस्तुत पुस्तकमा तनहुँ र गोरखा बीचको विवादित क्षेत्र लामीडाँडाको सम्बन्धमा चर्चा गरिएको छ । जसमा तनहुँका बासिन्दाहरु तनहुँको राजधानी सुरबाट आफ्नै राज्यको भूभाग चितवन

जाने क्रममा जोगीमारामा त्यहाँका चेपाङहरुले दुःख दिने भएकोले तनहुँका राजाले त्यहाँ पुलिस ठाना राख्न ललितपुरका राजा विष्णु मल्लसँग जोगीमारा माग गरे । राजा विष्णु मल्लले तनहुँसँग दुस्मनी मोल्न नचाहेर जोगीमारा तनहुँलाई दिए । जोगीमारा तनहुँको अधिनमा आएपछि गोरखा र तनहुँको सीमानामा पर्ने लामीडाँडा पनि तनहुँ अन्तर्गत पर्न आयो । गोरखा पनि लामीडाँडालाई आफ्नो अधिनमा राख्न चाहन्थ्यो । यहिबाट तनहुँ र गोरखा बीच विवाद बढ्न थाल्यो । लामीडाँडालाई आफ्नो अधिनमा पार्नका लागि पृथ्वीनारायण शाहले तनहुँका राजा त्रिविक्रम सेन द्वितीयालाई विश्वासघात गरी कैद गरे भन्ने उल्लेख पुस्तकमा छ । त्यस्तै तनहुँका राजा त्रिविक्रम सेन द्वितीयको नेतृत्वमा चौबीसी गुटले गोरखा माथि पटक-पटक आक्रमण गरेको कुरा, भक्तपुरका राजा रणजित मल्लले कास्कीका राजालाई चिठी लेखेर तनहुँ, लमजुङ र पर्वतसँग चौबीसी गुटमा मिल्नु भन्ने सन्दर्भ पनि पुस्तकमा उल्लेख छ ।

त्यस्तै गोरखाली फौज आफ्नो राजधानी सुरमा आक्रमण गरेपछि तनहुँका युवक राजा कामारीदत्त सेनले शत्रु पक्षको सामना गर्न नसकी आत्महत्या गरे । राजाले आत्महत्या गर्नुपर्ने कारण गोरखालीको आक्रमण र आफ्ना सौतेला भाइहरु विभिण्डीएर राज्य छाडी बाहिर गएको हुनाले हो भनी पुस्तकमा लेखिएको छ ।

प्रस्तुत पुस्तक पृथ्वीनारायण शाहको जीवनी वरिपरी लेखिएको हुनाले गोरखाको इतिहासको कुटनैतिक, राजनैतिक, आर्थिक, प्रशासनिक, सामाजिक जस्ता सम्पूर्ण पक्षलाई समेटिएको छ । यी सबै पक्षमा तनहुँ पनि जोडिन आउँछ । तर पछिल्लो समयमा तनहुँका राजा गोरखासँग भन्दा लमजुङसँग नजिकिनुको कारण, तत्कालीन तनहुँको समाज तथा संस्कृति, तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भैसकेपछि त्यहाँका प्रशासनिक व्यवस्थाको बारेमा यस पुस्तकमा चर्चा गरिएको छैन । यस्ता छुटेका विषयलाई प्रस्तुत शोधप्रबन्धमा समावेश गरिएको छ ।

खनाल (२०६१) ले पुस्तकमा पाल्पाका सेनवंशको पूर्वजहरुको जानकारी दिने क्रममा १५ औं शताब्दीको पूर्वाद्धतिर पाल्पा राज्यका राजवंशका पूर्वज गजब्रह्मले रिब्दीकोटबाट शासन चलाएका थिए भनिएको छ । त्यसपछि रुद्र सेनले रिब्दीकोटबाट पाल्पाको उच्च भूभागमा आएर राज्य स्थापना गरे । उनका छोरा मुकुन्द सेनले आफ्ना बाबु बाजेले आर्जेको भन्दा ५ गुणा बढी भूभाग आर्जन गरी राज्य गर्न थाले । आफूले आर्जन गरेको भूभागलाई व्यवस्थापन र संचालन गर्नाका लागि आफ्ना छोराहरुलाई प्रशासकीय जिम्मा दिएर विभिन्न क्षेत्रमा पठाए । यसै क्रममा भृङ्गी सेन तनहुँ क्षेत्रको प्रशासकीय जिम्मा लिएर गएका हुन् । आफ्नो राज्यका विजित भूभाग छोराहरुलाई जिम्मा लगाई मुकुन्द सेन प्रथम उपरदाङगढीको तल देवघाटमा तपस्वी बनेर बसे र वि.सं. १६१० मा त्यहीँ नै यिनको इहलिला समाप्त भयो । त्यसपछि उनको छोराहरुको जहाँ जहाँको प्रशासकीय जिम्मा लिएर बसेका थिए, त्यही त्यही स्वतन्त्र राज्य स्थापना गरी राजा बने । यसरी स्वतन्त्र राज्यहरु स्थापना हुनुमा मुकुन्द सेनको शेषपछि पाल्पाको राजा भएका उनका छोरा माणिक्य सेनसँग प्रशासकीय खुबी नभएकोले हो । उनले भाइ तथा भतिजाहरुलाई आफ्नो पिताले जसरी

आफ्नो अधिनमा राख्न सकेनन् । जसले गर्दा पाल्पाका सेन राज्य टुक्रिएको हो भन्ने तर्क प्रस्तुत पुस्तकमा छ ।

त्यसै गरी पुस्तकमा तनहुँ राज्यको संस्थापक राजा भृङ्गी सेनदेखि हरकुमारदत्त सेनसम्मको राजाहरुको राजनैतिक गतिविधिलाई समेटिएको छ । यस अन्तर्गत पृथ्वीनारायण शाहले तनहुँका राजा त्रिविक्रम सेन द्वितीयलाई कैद गरेका सन्दर्भ, रिसिङ राज्य तनहुँ राज्यमा गाभिएको सन्दर्भ, तनहुँमा तुलासेन राजा भएको समयमा गोरखाका राजा राम शाहले तनहुँ राज्यमा आक्रमण गरी लुटपाट मच्चाएको सन्दर्भहरुलाई पुस्तकमा व्याख्या गरिएको छ ।

त्यस्तै तनहुँका सेन राजाहरुको मुगल बादशाह औरङ्गजेबसँगको सम्बन्ध र काठमाडौं उपत्यकाका मल्ल राजाहरुसँगको सम्बन्ध पनि पुस्तकमा चर्चा गरिएको छ । तनहुँ र गोरखा बीच सधैं विवाद परिरहने लामीडाँडाको विषयमा पनि पुस्तकमा चर्चा गरिएको छ । लामीडाँडा गण्डकी प्रदेशबाट काठमाडौं उपत्यका प्रवेश गर्ने मुख्य नाका भएकोले पनि दुवै राज्यको त्यहाँ विशेष स्वार्थ थियो ।

त्यसै गरी पुस्तकमा तनहुँ राज्यमाथि गोरखालीको आक्रमण भएपछि त्यहाँका राजा हरकुमारदत्त सेन सैनिक सहयोग लिने उद्देश्यले लमजुङका राजा विरमर्दन शाह समक्ष पुगे । तर गोरखाली सेनाले लमजुङमा पनि आक्रमण गरेपछि दुवै देशका राजाहरु त्यहाँबाट भागी तनहुँ राज्यले भोगचलन गर्दै आएको चम्पारनको जमिन्दारी रामनगरमा रहेको जमिन्दारीमा गएर बसे । यसरी तनहुँ र लमजुङ राज्यहरु एकैसाथ नेपाल अधिराज्यमा गाभियो भनि पुस्तकमा उल्लेख गरिएको छ ।

प्रस्तुत पुस्तकमा तनहुँ राज्यको राजनीतिक पक्षलाई मात्र उजागर गरिएको छ । तनहुँ राज्यको प्रशासनिक अवस्था, सेन राज्यहरु जस्तै तनहुँ र पाल्पा राज्य बीचको सम्बन्ध, तनहुँ राज्यको मकवानपुरका सेनहरुसँगको सम्बन्धको चर्चा गरिएको छैन । जसलाई प्रस्तुत शोधपत्रमा व्याख्या विश्लेषण गरिएको छ ।

आचार्य (२०६३) को पुस्तकमा पृथ्वीनारायण शाहले तनहुँका राजा त्रिविक्रम सेन द्वितीयलाई जालझेल गरी कैद गरेको सन्दर्भको चर्चा छ । यसरी कैद गर्नुको कारण ललितपुरले सैनिक सुरक्षा गरिरहेको दहचोक गढीलाई पृथ्वीनारायण शाहले आफ्नो अधिकारमा राख्न खोज्दा राजा त्रिविक्रम सेन बाधक बने । पृथ्वीनारायण शाहले त्यसको विरोध गरी तत्काल तनहुँमा आक्रमण गर्ने अवस्था थिएन । तनहुँको विरुद्धमा उत्रनु भनेको चौबीसी राज्यहरुलाई जिस्काउन जस्तै हुन्थ्यो । यो कुरा पृथ्वीनारायण शाहले बुझेका थिए । उनी मौकाको खोजीमा थिए । त्यसै समयमा अशक्त विरामी भएकी आफ्नी भित्रिनी रानीलाई पृथ्वीनारायण शाहले देवघाटको बाटो काशीवास पठाउँदै थिए । देवघाटको आसपासमा रहेका तनहुँका राजा त्रिविक्रम सेन द्वितीयले उत्सुकताका साथ ती रानीलाई बोकेर ल्याएको डोलीको झापन उधार्न लगाएर रानीको अनुहार हेरे । यही घटनालाई निहुँ बनाएर पृथ्वीनारायण शाहले त्रिविक्रम सेनलाई विश्वासघात गरी कैद गरे । यसरी त्रिविक्रम सेन कैदमा रहेको समयमा पृथ्वीनारायण शाहले गोरखा र तनहुँको पहिलेदेखि नै विवादमा रहेको लामीडाँडा

आफ्नो अधिकार क्षेत्रमा पारे । त्यसैगरी पृथ्वीनारायण शाहले मकवानपुर बिजय गरेपछि त्यसको विरोधमा तनहुँ लगायत चौबीसी राज्यहरुले गोरखाली भूभागमा आक्रमण गरे । त्यसको प्रतिकारको लागि आएका गोरखाली सेनाले चौबीसी राज्यहरुलाई पराजित गरेर लखटेको सन्दर्भ र तनहुँ राज्यमा आक्रमण गरेको समयमा त्यहाँका युवक राजा कामारीदत्त सेनले आत्महत्या गरेको र उनका भाइ हरकुमारदत्त सेनलाई राजा बनाई तनहुँलाई गोरखाको आश्रितराज्यको रुपमा रहेको सन्दर्भ पुस्तकमा छ । त्यसै गरी पुस्तकमा तनहुँ र गोरखा बीचको अन्तरसम्बन्ध र तनहुँ राज्यको पतनसम्म चर्चा गरिएको छ तर पुस्तकमा सेन राज्य सुरु हुनुभन्दा अगाडिको तनहुँ, तनहुँको सांस्कृतिक तथा धार्मिक अवस्था, तनहुँ र उपत्यकाका मल्ल राजाहरु बीचको सम्बन्ध, तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भए पछि त्यहाँको प्रशासनिक अवस्था आदि सम्बन्धी चर्चा गरिएको छैन । यस विषयलाई प्रस्तुत शोध प्रबन्धमा समावेश गरिएको छ ।

घिमिरे (२०७०) को पुस्तकमा चितवनको ऐतिहासिक परिचय, भौगोलिक स्थितिका साथै ऐतिहासिक सामग्रीहरुको चर्चा गरिएको छ । ऐतिहासिक सामग्री अन्तर्गत सेन वंशावली, देवघाट, सोमेश्वरगढी, कविलासपुर गढी र उपरदाङगढी जस्ता ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको परिचय, तनहुँका राजा त्रिविक्रम सेन द्वितीयले बनाएका ब्रह्मविद्याभरण जपविधि, प्रज्ञातिलकम, मन्त्रमहोदधिवृत्तरत्नाकार आदि नामका हस्तलिखित पुस्तकको सम्बन्धमा जानकारी दिइएको छ । त्यसैगरी पुस्तकमा प्राग् ऐतिहासिक कालदेखि आधुनिक कालमा वि.सं. २०१८ साल सम्मको चितवनको संक्षिप्त वृत्तान्त दिइएको छ । प्राग् ऐतिहासिक कालमा चितवन देवस्थलको रुपमा रहेको र लिच्छवी शासन सुरु भएपछि चितवनको भूभाग पनि लिच्छवीको अधिनमा रहेको चर्चा पुस्तकमा छ । त्यसैगरी पुस्तकमा लिच्छवी शासक अंशुवर्माले चितवनको सोमेश्वर हुँदै भारत जाने व्यापारी मार्ग खोलेको चर्चा पनि गरिएको छ ।

पूर्वमध्यकालमा सिम्रौनगढ राज्यको अधिनमा रहेको चितवन क्षेत्र पछि यक्ष मल्लको संगठित मल्लराज्य अन्तर्गत पर्‍यो भने पाल्पाका शक्तिशाली राजा मुकुन्द सेन प्रथमले राज्य विस्तार गर्ने क्रममा चितवन क्षेत्रलाई पाल्पा राज्यको अधिनमा पारे । मुकुन्द सेन प्रथमको मृत्युपछि पाल्पा राज्य विभाजित हुँदा चितवन तनहुँ राज्य अन्तर्गत पर्न आएको उल्लेख पुस्तकमा गरिएको छ । चितवनमा पनि शासन गर्ने तनहुँको सेनवंशी राजाहरु क्रमशः भृङ्गीसेन, हम्वीर सेन, तुलासेन वा त्रिविक्रम सेन प्रथम, दामोदर सेन, दिग्विजय सेन, कामराजदत्त सेन, कामारीदत्त सेन र हरकुमारदत्त सेनको सामान्य परिचय र कार्यहरुको उल्लेख गरिएको छ । त्यसै गरी नायबी महारानी राजेन्द्रलक्ष्मीको शासनकालमा लमजुङ सहित तनहुँ पनि नेपाल अधिराज्यमा सम्बन्धित भएको घटनाको चर्चा राज्य विहिन तनहुँका राजा हरकुमारदत्त सेन आफ्नो जमिन्दारी रहेको भारतको चम्पारनको रामनगर गएर सानो राज्य गरी बसेका र उनका वंशजले पनि त्यहाँ शासन चलाएको चर्चा पुस्तकमा गरिएको छ । त्यसै गरी देवघाट क्षेत्रमा रहेका धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका वस्तुहरु र रामनगर क्षेत्रका धार्मिक तथा ऐतिहासिक कला कृतिहरुको चर्चा पनि पुस्तकमा गरिएको छ ।

प्रस्तुत पुस्तकमा तनहुँको सेनवंशी राजाहरुको चर्चा गरिएको भए पनि उनीहरुको राज्य व्यवस्था तनहुँको अन्य राज्यसँगको सम्बन्ध रामनगर राज्यमा सेन राजाको हैसियत, नेपाल सरकारले रामनगरका शासकसँग गर्ने व्यवहार आदि विषयको अध्ययन प्रस्तुत शोधप्रबन्धमा गरिएको छ ।

भण्डारी (जि.सी.) (२०७०) को शोधप्रबन्धमा गण्डकी अञ्चल स्थित प्रमुख मठमन्दिरसँग सम्बन्धित गुठी व्यवस्थाको ऐतिहासिक पृष्ठभूमि सहित वर्तमान स्थितिको बारेमा प्रकाश पारिएको छ । उपसंहार सहित दश अध्यायमा विभाजन गरेर लेखिएको यस शोध-प्रबन्धको अध्याय पाँचमा तनहुँ जिल्ला स्थित महत्वपूर्ण मठमन्दिर र पाटीपौवाका गुठीहरुको चर्चा गरिएको छ । जस अन्तर्गत तनहुँसुर लालविहार गुठी, विष्णु महादेव गुठी, खड्ककाली गुठी, चण्डीमाई गुठी, भगवती गुठी, तनहुँ बन्दीपुरस्थित खड्कदेवी मन्दिर गुठी, बिन्ध्यावासिनी गुठी, ढोरबाराही गुठी, आधिमुल बाराही गुठी, गड्गडेश्वर महादेव गुठी, भैरुङ वा भैरव गुठी र पौवा गुठी (रानीपौवा गुठी), पुर्कोट गौडेपानी पौवा गुठी रहेका छन् । प्रस्तुत शोधप्रबन्ध गुठी व्यवस्थासँग सम्बन्धित भएको हुनाले मन्दिरको गुठी व्यवस्थाको बढी चर्चा गरिएको छ तर तनहुँको समाज र संस्कृतिलाई यसले समेटिएको छैन । यी नसमेटिएको पक्षलाई शोधकर्ताले आफ्नो शोधप्रबन्धमा समेटिएको छ ।

श्रेष्ठ (२०७१) को शोधप्रबन्धमा सेनवंशको ऐतिहासिक अध्ययन र पूर्वमा रहेको विजयपुर राज्यको ऐतिहासिक, राजनैतिक र प्रशासनिक क्षेत्रको प्रकाश पारिएको छ । निष्कर्ष सहित नौ अध्यायमा विभाजन गरेर लेखिएको यस शोधप्रबन्धमा चार अध्यायमा सेन वंशको परिचय, पाल्पा राज्यको स्थापना र विभाजन सम्बन्धी चर्चा गरिएको छ । सेनवंशको परिचय दिने क्रममा प्राचीन सेन वंशावली, भवदत्त सेनवंशावली, आचारदीपक आदि सेन वंशावलीहरुलाई नै आधार मानी नेपालका सेनहरु चितौडका सेनवंशी हुन भन्ने उल्लेख शोधप्रबन्धमा छ ।

त्यसैगरी चितौडका सेनवंशी राजा रत्न सेनका पनाती तुथा रायलाई मुसलमानहरुले आक्रमण गरी प्रयागबाट लखेटेपछि उनले चम्पारनमा आएर सेनराज्यको स्थापना गरे । उनको राज्य चम्पारनबाट पाल्पा र रिब्दीकोटसम्म फैलिएको थियो । उनले नै पाल्पामा सेनवंशी राज्यको स्थापना गरेको उल्लेख शोधप्रबन्धमा छ । यिनका छैटौ पुस्ताका रुद्र सेनले आफ्नो राज्यलाई पाल्पाको श्रीनगरमा सारेका थिए । रुद्रसेनका छोरा मुकुन्द सेनले पाल्पा राज्यलाई विस्तृत र सुदृढ बनाए । उनको शेषपछि उनका छोराहरुले पाल्पा राज्य विभाजन गरे । मुकुन्द सेनका साहिला छोरा विहंग सेनले तनहुँमा स्वतन्त्र राज्य स्थापना गरे भन्ने उल्लेख छ तर सेनवंश कै शासक भए पनि तनहुँ राज्य सम्बन्धी यस शोध प्रबन्धमा व्याख्या विश्लेषण गरिएको छैन जस सम्बन्धी अध्ययन अनुसन्धान गरी प्रस्तुत शोधप्रबन्ध लेखिएको छ ।

## २.३ निष्कर्ष

माथि उल्लेखित पुस्तकहरुले मध्यकालीन नेपालको राजनीतिक अवस्था र यसले तनहुँ राज्यमा पारेको प्रभावको व्याख्या गर्न खोजेको देखिन्छ । केही पुस्तकहरु 'तनहुँ राज्यको इतिहास', 'नेपाल अधिराज्यमा तनहुँ', 'तनहुँ फूलबारी' आदि 'तनहुँ' कै विषयमा लेखिएको हुँदा तनहुँको स्थानीय

इतिहास लेखन कार्यमा यसले सहयोग पुऱ्याएको छ । कतिपय पुस्तकहरु 'मध्यकालीन नेपालको प्रशासनिक इतिहास (८७९-१७२६ ई.सं.)', 'नेपालको वैधानिक परम्परा' आदिमा मध्यकालीन नेपालको प्रशासनिक व्यवस्थाको व्याख्या गरिए पनि तनहुँ राज्यको प्रशासन सम्बन्धी भने छुट्टै चर्चा गरिएको छैन । तर पनि यस्ता स्रोतहरुलाई आधार मानेर तत्कालीन सेन राजाका समय देखिका मुखिया, जेठाबुढा, द्वारे, थरी, पसले, पण्डित आदिका सन्ततीहरुसँगको प्रत्यक्ष अन्तर्वार्ता गरेर प्राप्त भएका मौलिक तथा प्राथमिक सामग्रीहरुको अध्ययन गरेर तनहुँ राज्यको प्रशासनिक व्यवस्थाको र नेपाल अधिराज्यमा गाभिए पछि तनहुँको प्रशासनिक व्यवस्थाको अध्ययन गरिएको छ । त्यसै गरी तनहुँको समाज र संस्कृतिको अध्ययन गर्नको लागि विभिन्न मठ मन्दिर, धार्मिक तथा ऐतिहासिक स्थलहरुको स्थलगत अध्ययन र अवलोकन गरी उल्लेखित पुस्तकहरुमा रहेको रिक्ततालाई प्रस्तुत शोधपत्रमा पूर्ण गर्ने प्रयास गरिएको छ ।

माथि उल्लेखित अधिकांश पुस्तकहरुमा तनहुँ राज्यको राजनैतिक अवस्थाको चर्चा गरिएको छ । जस अन्तर्गत तनहुँ राज्यको स्थापनादेखि नेपाल अधिराज्यमा एकीकरण हुँदासम्मको अवधिको राजनैतिक उतारचढावको व्याख्या गरिएको छ । केही पुस्तकहरुमा तनहुँका अन्तिम राजा हरकुमारदत्त सेनले स्थापना गरेको रामनगर राज्यको राजनैतिक अवस्थाको चित्रण गरेको छ तर तनहुँ राज्यको छिमेकी राज्यहरुसँगको सम्बन्ध, नेपाल अधिराज्यमा एकीकरण भएपछिको तनहुँको प्रशासनिक अवस्था, तनहुँको सामाजिक तथा सांस्कृतिक अवस्था, तत्कालीन तनहुँ राज्यको राजधानी वरपर रहेको सेनकालीन ऐतिहासिक सम्पदाको विषयमा कुनै व्याख्या विश्लेषण नभएको हुँदा प्रस्तुत शोधप्रबन्धमा यस विषयमा अध्ययन अनुसन्धान गरिएको छ ।

अन्त्यमा पूर्व प्रकाशित सामग्रीको अध्ययनबाट 'तनहुँको ऐतिहासिक अध्ययन (वि.सं. १६१०-१९०३)' शीर्षकमा शोध प्रबन्ध लेख्नको लागि मानसिकता बनाउन सहयोग गरे पनि यसलाई परिणाममुखी बनाउनको लागि अन्तर्वार्ता, स्थलगत अवलोकन, तत्कालीन समयको सनद, चिठी पत्रहरुले महत्वपूर्ण सहयोग पुऱ्याएको छ ।

# अध्याय तीन
# अनुसन्धान विधि

## ३.१ शोधको सैद्धान्तिक आधार

मानव ज्ञानको क्षितिजलाई विस्तार गर्न तथ्यहरुमा आधारित रहेर क्रमबद्ध तथा व्यवस्थित तरिकाले अनुसन्धान गरी नयाँ कुरा पत्ता लगाई जानकारीमा ल्याउने कार्यलाई नै अनुसन्धान भनिन्छ। अनुसन्धान कुनै सिद्धान्तमा आधारित भएर गरिन्छ। प्रस्तुत शोध तनहुँको इतिहास सम्बन्धित भएको हुनाले समय र क्रम (क्रोनोलोजिकल अर्डर) लाई आधार मानेर तयार गरिएको छ।

इतिहासमा ऐतिहासिक अध्ययनको सिद्धान्त आफैमा ऐतिहासिक सिद्धान्त हो । इतिहासमा कुनै पनि घटना कहिले भयो ?किन भयो ? कसरी भयो ? कहाँ भयो ? यसमा संलग्न पात्रहरु को को थिए ? यस घटनाले समाज र राष्ट्रलाई कस्तो प्रभाव पार्‍यो ? भन्ने विषयवस्तुको जेखाजोखा गरिएको हुन्छ। प्रस्तुत शोधप्रबन्ध 'तनहुँको ऐतिहासिक अध्ययन' भएको हुँदा ऐतिहासिक अध्ययनको मूल्य र मान्यतामा आधारित रहि तयार गरिएको छ। ऐतिहासिक विषयवस्तुको अध्ययनका लागि केही सिद्धान्तहरु प्रतिपादन भएका छन्। ती मध्ये प्रस्तुत शोधप्रबन्ध तयार गर्दा विशेष गरी स्थानीय इतिहासको सिद्धान्तलाई आधार मानिएको छ। स्थानीय इतिहासको अवधारणा प्रस्तुत गरेका डेभिड स्मोलन (David Smolen) का अनुसार निर्धारित भौगोलिक क्षेत्र भित्रका स्थानहरु, विभिन्न कालखण्डमा त्यहाँ घटेका ऐतिहासिक घटनाहरु र त्यस ठाउँमा बसोबास गर्ने बासिन्दाहरुको विस्तृत अध्ययन गर्नु स्थानीय इतिहास हो (स्मोलन, २०११, पृ. ३-८) । उनको सिद्धान्तलाई आधार मान्दा तनहुँको ऐतिहासिक अध्ययन स्थानीय इतिहासलेखन सिद्धान्त अन्तर्गत पर्दछ। तनहुँको ऐतिहासिक घटनाक्रम, त्यहाँका जनजीवन, भौगोलिक अवस्थिति आदिको अध्ययन यस सिद्धान्तको आधारमा गरिएको छ । विशेषतः स्थानीय रुपमा घटेका घटनाहरुले त्यहाँका जनसमुदायलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । स्थानीय इतिहासको अध्ययनबाट स्थानीय समुदायको सामाजिक तथा सांस्कृतिक, धार्मिक, राजनीतिक, आर्थिक अवस्थाका साथै त्यहाँ रहेका प्रचलित नीति नियमको जानकारी हुन्छ। यसले राष्ट्रिय इतिहास लेखनमा महत्वपूर्ण सहयोग पुर्‍याउँदछ। त्यसैले स्थानीय इतिहासलाई राष्ट्रको इतिहास थाहा पाउने महत्वपूर्ण साँचो (Key) को रुपमा पनि लिइन्छ।

त्यसैगरी यस सिद्धान्तको अवधारणा प्रस्तुत गर्ने क्यारोल कामेन (Carol Kammen) का अनुसार अमेरिकाको कुनै एउटा राज्यमा बसोबास गर्नेहरुको लागि आफ्नो राज्य वा आफ्ना छिमेकी राज्यहरुको इतिहास स्थानीय इतिहास हो, जस्तैः आइओवा (Iowa) राज्यका निवासीहरुको लागि ओहियो, न्यूयोर्क, कन्सास सिटि जस्ता अन्य राज्य वा शहरको इतिहास स्थानीय इतिहास हो। यसले स्थानीय जनताको जनजीवनको सांस्कृतिक, आर्थिक, धार्मिक, राजनीतिक, पक्षको उजागर गर्ने भएकोले स्थानीय इतिहास महत्वपूर्ण छ (क्यारोल, १९९६, पृ.३०८-३०९) । प्रस्तुत शोधप्रबन्धमा यस सिद्धान्त जस्ताको तस्तै लागु नभए पनि नेपालको बृहत इतिहास भित्र तनहुँको इतिहासको अध्ययन केही हदसम्म स्थानीय इतिहास अन्तर्गत पर्दछ।

प्रस्तुत अध्ययनमा हर्बर्ट बक्स्टर एडम्स (Herbert Baxter Adams) ले प्रतिपादन गरेको स्थानीय इतिहासको सिद्धान्तलाई पनि आधार मानिएको छ । हर्बर्ट बक्स्टर एडम्स ब्रिटिश मुलका अमेरिकी इतिहासकार हुन् । उनले जर्मनीको हिडेलवर्ग विश्वविद्यालयमा अध्ययन गरिरहेकै समयमा अमेरिकाको प्रत्येक राज्यको स्थानीय इतिहास (Local History) लेख्न आवश्यक भएको महशुस गरेका थिए । सन् १८७६ तिर एडम्स आफ्नो अध्ययन पुरा गरेर अमेरिका फर्किए । त्यसपछि उनले अमेरिकाको जोनहप्किन्स (John Hopkins) विश्वविद्यालयमा प्राध्यापन गराउन थाले । उनले स्थानीय इतिहास लेखनको आवश्यकता महसुस गरी स्नातक तहका विद्यार्थीहरु र स्थानीय रुपमा क्रियाशील इतिहास लेखन संस्थाका सिकारु इतिहासकारहरुलाई स्थानीय इतिहासको अनुसन्धान बारेमा प्रशिक्षण दिए (हाइअम, १९८४, पृ. १२२५-१२३९) । यसका साथै उनले स्नातक तहका विद्यार्थीहरु बीच राज्य र स्थानीय जातीय संस्थाहरु, राजनीतिक संगठनहरु र त्यहाँका बासिन्दाका चालचलन तथा संस्कृतिले कसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय इतिहासको रुप लिन्छ भन्ने कुरा स्पष्ट पारेका थिए । एडम्सले आफ्ना विद्यार्थीहरुलाई आफ्नो जिल्ला वा क्षेत्रको विस्तृत आलोचनात्मक अध्ययन विश्लेषण गरेर इतिहास लेख्न जोड दिएका थिए । यसले गर्दा जोनहप्किन्स विश्वविद्यालय अमेरिकी विद्यार्थीहरुको आकर्षणको केन्द्र बनेको थियो । जसको परिणाम स्वरुप अमेरिकाको इलिनोय, मिशिगन, पेन्सिलभेनिया र साउथ क्यारोलाईना राज्यहरु, मेरिल्याण्ड राज्यमा विस्थापित हुँदै गएको संस्थाहरु, मेरिल्याण्डका स्थानीय जनताहरुको रहनसहन, रितिरिवाज आदिको बारेमा विभिन्न ऐतिहासिक लेखहरु लेखिएका थिए (हाइअम, १९८४, पृ. १२२५-१२३९) । त्यसै गरी स्थानीय, संस्थाहरुले आफ्नो ठाउँको स्थानीय इतिहास लेखेर महत्वपूर्ण कार्य गरेको थियो ।

नेपालको स्थानीय इतिहासलाई पनि एडम्स (Adams) ले प्रतिपादन गरेको स्थानीय इतिहास (Local History) को निरन्तरताको रुपमा लिन उपयुक्त हुन्छ किनभने तनहुँ सेनवंशी राजाहरुले राज्य गर्नु अगाडि कहिले लिच्छवी राज्य अन्तर्गत, कहिले कर्णाली प्रदेशको सिंजा राज्य अन्तर्गत त कहिले पाल्पाको सेन राज्य अन्तर्गत रही ती राज्यहरुको स्थानीय इकाइको रुपमा रहेको पाइन्छ । त्यसै गरी तनहुँ राज्य बृहत नेपालमा एकीकरण भएपछि पनि तनहुँ नेपाल अधिराज्यको स्थानीय इकाइको रुपमा रहेको थियो ।

राज्यको रुपमा तनहुँ करिब २२९ वर्ष (वि.सं. १६१०-१८३९) सम्म रहेको इतिहास छ । प्रस्तुत शोधमा तनहुँ राज्यको राजनैतिक, प्रशासनिक, सामाजिक जनजीवन, अन्य राज्यसँगको सम्बन्ध र प्रभाव आदि विषयसँग सम्बन्धित अध्ययन गरिएको छ । यी अध्ययन पनि विभिन्न कालखण्डमा घटेको तनहुँको ऐतिहासिक अध्ययन भएको हुँदा यसको अध्ययन पनि स्थानीय इतिहास लेखनको सिद्धान्तमा आधारित रहेर गरिएको छ ।

स्थानीय इतिहास लेखनको सिद्धान्तमा आधारित रहेर प्रस्तुत शोधप्रबन्ध तयार गरिएको भए पनि उक्त विद्वान्हरुको भनाई अनुसार यस सिद्धान्तलाई जस्ताको तस्तै शोधप्रबन्धमा लागू गरिएको छैन ।

## ३.२ अनुसन्धान ढाँचा

कुनै पनि विषयवस्तुको गहिराइसम्म पुगेर अनुसन्धान गर्नु आफैमा जटिल कार्य हो । मानिसको जिज्ञासु स्वभावको कारण आफ्नो रुचिका विभिन्न विषयहरुमा अनुसन्धान गरी आफूभित्र उत्पन्न हुने जिज्ञासा मेटाउने गर्दछ । यस क्रममा मानिसले समाजमा रहेका अनेकौं विषयमा अध्ययन अनुसन्धान गरिरहेको छ । यसरी समाजमा घटेका घटनाहरुको वस्तुस्थितिको जानकारी प्राप्त गर्न र त्यस विषयको खोज गर्न एउटा छुट्टै पद्धति अपनाइन्छ । यसरी अपनाइने पद्धति अनुसन्धान विधि हो । कुनै पनि क्षेत्र वा विषयसँग सम्बन्धित तथ्यहरुको क्रमबद्ध तथा व्यवस्थित तरिकाबाट अपनाइने प्रक्रिया अनुसन्धान विधि अन्तर्गत पर्दछ ।

अनुसन्धानको लागि क्रमबद्ध रुपमा विभिन्न चरणहरुमा कार्य सम्पन्न गर्नु आवश्यक हुन्छ । शोधको विषय छनोट, समस्या पहिचान, उद्देश्य निर्धारण, अध्ययनको सीमा निर्धारण, विषयसँग सम्बन्धित स्रोत सामग्रीको खोजी र यसका लागि अपनाउने उपयुक्त विधिको प्रयोग प्राप्त सामग्रीलाई विश्वसनियताको आधारमा छनोट गरी उद्देश्य अनुरुप लेखन कार्य र निष्कर्ष मापन गर्नु सबै अनुसन्धान विधि अन्तर्गत पर्ने कार्यहरु हुन् । सामान्यतयाः अनुसन्धान दुई प्रकारका हुन्छन् - परिमाणात्मक अनुसन्धान (Quantitative Research) र गुणात्मक अनुसन्धान (Qualitative Research) । परिमाणात्मक अध्ययन संख्यात्मक पद्धतिमा प्रयोग हुन्छ । यस प्रकारको अनुसन्धानमा अध्ययनको परिकल्पना निर्माण गरेपछि त्यसको परीक्षणको लागि आवश्यक संख्यात्मक तथ्यांकहरुको सङ्कलन हुन्छ र प्राप्त तथ्यांकको आधारमा परिकल्पना परीक्षण गरेर अनुसन्धान निष्कर्षमा पुग्दछ । परिमाणात्मक अनुसन्धान पद्धति निगमन विधि (Deductive Analysis) मा आधारित हुन्छ । गुणात्मक अनुसन्धानमा घटना तथा वस्तु स्थितिको बृहत अध्ययन र विश्लेषण, प्रत्यक्ष र खुला अन्तर्वार्ता, खुला प्रश्नावली, प्रत्यक्ष अवलोकन, सनद तथा दस्तावेजको विश्लेषण आदि प्रक्रिया अपनाइन्छ । अनुसन्धानको यस पद्धति आगमन विधि (Inductive Analysis) मा आधारित हुन्छ । प्रस्तुत अध्ययनमा यसै आगमन विधिको प्रयोग गरिएको छ ।

सामान्य रुपमा भन्नुपर्दा अनुसन्धान योजना नै अनुसन्धानको ढाँचा हो । अर्थात् अनुसन्धान कार्य सम्पन्न गर्नको लागि तर्जुमा गरिने गुरुयोजना नै अनुसन्धान ढाँचा हो । अनुसन्धान सुरु गर्नु अगाडि अनुसन्धान कार्यलाई निश्चित दिशा तर्फ उन्मुख गराई अनुसन्धान गर्ने क्रममा आउने समस्याको समाधानको लागि रुपरेखा बनाएर अगाडि बढिन्छ । त्यसैले अनुसन्धानको ढाँचा कस्तो हुन्छ भन्ने कुरा अनुसन्धानका स्वरुप अनुसार निर्क्यौल हुने भएकाले यसलाई अनुसन्धान कार्यमा तथ्यहरुको सङ्कलन र विश्लेषणलाई निर्धारण गर्ने मुख्य आधार मानिन्छ । अनुसन्धानको ढाँचा उपयुक्त भएमा आशा गरे अनुरुप निष्कर्ष प्राप्त गर्न सकिन्छ । अनुसन्धानको निश्चित उद्देश्य प्राप्त गरी समस्याको समाधान गर्न वर्णनात्मक, अन्वेषणात्मक, प्रयोगात्मक आदि ढाँचाहरुको प्रयोग गरिन्छ । प्रस्तुत अध्ययन ऐतिहासिक अध्ययन भएको हुनाले यसमा अन्वेषणात्मक, वर्णनात्मक र विश्लेषणात्मक ढाँचामा आधारित रहेर तयार गरिएको छ । त्यसैले यो मूलतः गुणात्मक अध्ययन (Qualitative Research) हो ।

तनहुँको इतिहासको विषयमा प्रकाश पारिएका, उल्लेख गरिएका प्रकाशित तथा अप्रकाशित विभिन्न पुस्तक, पुस्तिका, लेख रचना, पत्रपत्रिका, जर्नल आदि प्रयोग गरी प्रस्तुत शोधप्रबन्ध अन्वेषणात्मक वा खोजमुलक ढाँचाबाट तयार पारिएको छ । त्यसैगरी दस्तावेज अध्ययन, अन्तर्वार्ता, स्थलगत अवलोकन आदिबाट तथ्य सामग्रीहरु जुटाएर त्यसको प्रयोग गरी तयार गरिएको प्रस्तुत अध्ययन वर्णनात्मक र विश्लेषात्मक भएको हुनाले यो अन्वेषणात्मक अध्ययन हो ।

## ३.३ स्रोत सामग्रीहरु

अध्ययन अनुसन्धानसँग सम्बन्धित तथ्यहरु प्राप्त गर्न प्रयोग गरिने सामग्रीहरु स्रोत सामग्री हुन् । अनुसन्धान कार्यलाई व्यवस्थित र वैज्ञानिक तरिकाले सम्पन्न गर्न स्रोत सामग्रीहरुको आवश्यक पर्दछ । यस्ता स्रोत सामग्रीहरु अनुसन्धानको विषय र प्रकृति अनुसार फरक फरक हुने गर्दछन् । प्रस्तुत अध्ययनको क्रममा निर्धारित 'तनहुँको ऐतिहासिक अध्ययन (वि.सं. १६१०-१८३९)' शीर्षकसँग सम्बन्धित रहेर स्रोत सामग्रीहरु सङ्कलन गरिएको छ । यस अध्ययन इतिहाससँग सम्बन्धित भएको हुनाले यससँग सम्बन्धित ऐतिहासिक चिठीपत्र, अभिलेख, इष्तिहार, सनद, सम्बन्धित व्यक्तिहरुको भनाई आदिलाई आधार मानी अन्वेषणात्मक ढाँचाबाट शोधप्रबन्ध तयार गरिएको छ ।

प्राचीन र पूर्व मध्यकालमा तनहुँको अवस्था, उत्तरमध्यकालमा सेन वंशले राज्यस्थापना गरेपछि चौबीसी राज्यमा तनहुँ राज्यको राजनीतिक, सांस्कृतिक तथा धार्मिक, प्रशासनिक, तनहुँको अन्य राज्यसँगको सम्बन्ध र एकिकृत नेपालमा तनहुँको प्रशासनिक अवस्था अनुसन्धानको विषय भएकोले यसलाई सहयोग गर्ने मौलिक तथा प्राथमिक र द्वितीयक स्रोत सङ्कलन गरी यो अनुन्धानलाई वैज्ञानिक बनाएको छ ।

## ३.४ स्रोतका प्रकारहरु

अनुसन्धानको क्रममा सङ्कलन गरिने सामग्री प्राप्तिका स्रोतहरु विभिन्न प्रकारका हुन्छन् ।

प्रस्तुत अनुसन्धानको लागि प्राथमिक र सहायक स्रोतलाई मुख्य रुपमा प्रयोग गरिएको छ भने केही मौलिक स्रोतको पनि प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताले आफ्नो अनुसन्धानसँग सम्बन्धित स्रोतहरु पहिलो पटक सङ्कलन गरी प्रयोगमा ल्याएको स्रोतलाई प्राथमिक स्रोत भनिन्छ । यो मौलिक स्रोत पनि हो । इतिहासको अध्ययन अनुसन्धानमा यस्ता स्रोत सामग्रीको ठूलो महत्व रहन्छ । अनुसन्धानकर्ताले सम्बन्धित स्थल अवलोकन गरेर, सम्बन्धित विषयका जानकार व्यक्तिहरुसँग अन्तर्वार्ता लिएर यस्ता स्रोत सङ्कलन गर्दछन् । प्रस्तुत शोधप्रबन्धमा पनि प्रत्यक्ष स्थलगत अवलोकन र अन्तर्वार्ताको माध्यमबाट अध्ययनलाई विश्वासिलो बनाइएको छ । अनुसन्धानकर्ता एवम् अध्ययन क्षेत्रमा पुगेर विभिन्न व्यक्तिहरुको संग्रहमा रहेको कागजपत्रहरु प्राप्त गरी मौलिक स्रोत सङ्कलन गरिएको छ । यसरी प्राप्त गरेको स्रोतको अध्ययन गरेर स्क्यानर मेसिनद्वारा स्क्यान प्रति उतार गरी प्रयोगमा ल्याइएको छ र तीनको स्क्यान कपी परिशिष्टमा राखिएको छ ।

### ३.४.२ द्वितीयक स्रोत

यस अध्ययन हुनुभन्दा अगाडि अन्य अनुसन्धानकर्ताले प्रयोगमा ल्याइसकेको स्रोत द्वितीयक वा सहायक स्रोत हुन् । यस स्रोतहरुमा पुस्तक, पत्रपत्रिका, जर्नल, स्मारिका, अनुसन्धान प्रतिवेदन, डायरी, चिठी, सनद, अप्रकाशित शोध प्रबन्ध आदि पर्दछन् । समग्रमा यिनलाई पुस्तकालयीय स्रोत सामग्री पनि भन्ने गरेको पाइन्छ । प्रस्तुत अध्ययनमा आवश्यकता अनुसार यस्ता स्रोतहरुको प्रयोग गरिएको छ ।

## ३.५ स्रोत सङ्कलन विधि

अध्ययन अनुसन्धान कार्यलाई उद्देश्य अनुरुप सम्पन्न गर्नको लागि स्रोत सामग्रीहरुको छनोट, सङ्कलन, सङ्कलित सामग्रीहरुको प्रस्तुतीकरण, विश्लेषण र सामान्यीकरण गर्नु आवश्यक हुन्छ । अनुसन्धानका यी चरणहरु पार गरेपछि मात्र निष्कर्ष निकाल्न सकिने भएकोले स्रोत सामग्री सङ्कलनलाई अनुसन्धानको आत्मा मान्नु पर्ने हुन्छ । अध्ययन अनुसन्धानको सफलताको लागि विश्वसनिय र भरपर्दो सामग्रीको सङ्कलन गर्नु पर्दछ । ठीक किसिमले स्रोत सामग्रीको सङ्कलन गरिएन भने त्यसको परिमाण आशातित रुपमा राम्रो नआउन पनि सक्दछ । त्यसैले प्रस्तुत अध्ययन अनुसन्धानको लागि स्रोत सङ्कलन गर्दा यही विषयसँग सम्बन्धित सामग्रीहरु मात्र सङ्कलन गरिएको छ ।

मगर जातिको बाहुल्य रहेको तनहुँमा सेन वंशको शासन स्थापना भएपछि त्यहाँ सामाजिक तथा सांस्कृतिक क्षेत्रमा परेको प्रभाव, गोरखा र तनहुँ राज्य बीच रहेको अन्तर कलहले अन्य चौबीसी राज्यहरुलाई पारेको प्रभाव, सेन राज्यकालको प्रशासनिक व्यवस्था र एकिकृत नेपालमा तनहुँ स्थानीय एकाईको रुपमा रहँदाको प्रशासनिक व्यवस्था बीचको समानता र त्यसले स्थानीय रुपमा पारेको प्रभावलाई प्रकाश पार्ने गरी स्रोत सङ्कलन गर्नु पर्ने भएकोले मौलिक वा प्राथमिक स्रोत र सहायक स्रोत सामग्रीहरु सङ्कलन गरिएको छ । यसरी सामग्री सङ्कलन गर्दा अध्ययनलाई उद्देश्यमूलक बनाई निष्कर्ष निकाल्न पनि विशेष ध्यान पुऱ्याइएको छ । प्रस्तुत अध्ययनको क्रममा प्रयोग गरिएका स्रोतहरुको सङ्कलन यस प्रकार गरिएको छ ।

### ३.५.१ प्राथमिक स्रोत सङ्कलन विधि

अनुसन्धानकर्ताले पहिलो पटक आफैले प्रयोग गरेको स्रोतलाई प्राथमिक स्रोत भनिन्छ । प्रस्तुत अध्ययन तनहुँको ऐतिहासिक विषय सम्बन्धित भएको हुनाले विभिन्न व्यक्तिहरुको संग्रहमा रहेका दस्तावेज, चिठी पत्र, वंशावली, सनद जस्ता ऐतिहासिक तथा पुरातात्विक वस्तुहरु सम्बन्धित व्यक्तिसँग प्रत्यक्ष भेटेर र ई-मेल मार्फत प्राप्त गरिएका छन् । यसका साथै अप्रकाशित शोधपत्र, गुठी संस्थान, मालपोत कार्यालय, राष्ट्रिय अभिलेखालय आदि संस्थाहरुबाट उतार गरी आवश्यकता अनुसार ती सामागीहरुलाई प्राथमिक स्रोतको रुपमा प्रयोग गरिएको छ । त्यस बाहेक अन्तर्वार्ता, स्थलगत अवलोकन आदिको माध्यमबाट पनि प्राथमिक स्रोत सङ्कलन गरिएको छ ।

### क) अन्तर्वार्ता

अनुसन्धानको लागि निर्दिष्ट गरिएका उद्देश्य परिपूर्ति गर्ने प्रश्नको उत्तर प्राप्त गर्न अन्तर्वार्ताकार र उत्तरदाता बीचको दोहोरो सम्वाद नै अन्तर्वार्ता हो । प्रत्यक्ष अप्रत्यक्ष, औपचारिक-अनौपचारिक, व्यक्तिगत-सामूहिक आदि किसिमले सङ्कलन गरिने अन्तर्वार्ता ऐतिहासिक अनुसन्धानको क्रममा प्राथमिक स्रोत प्राप्त गर्ने महत्वपूर्ण माध्यम हो ।

प्रस्तुत अध्ययन पूरा गर्नका लागि ऐतिहासिक तनहुँ राज्य तथा त्यहाँका प्रशासनिक, धार्मिक तथा ऐतिहासिक स्थलको बारेमा जानकारी भएका व्यक्तिहरुलाई प्रत्यक्ष रुपमा भेटेर अन्तर्वार्ता लिने कार्य गरिएको छ । अन्तर्वार्ताको लागि अनुसन्धान विषयको जानकारी उपलब्ध गराउन सक्ने ठम्याइएको व्यक्तिहरुलाई, उद्देश्यमूलक नमुना छनोट पद्धति (Purposive Judgment Sampling) को आधारमा अन्तर्वार्ताकारमा समावेश गरिएको छ । यसमा कुनै वर्ग, स्तर, लिङ्गको मापदण्ड राखिएको छैन । अन्तर्वार्ताका लागि शोधार्थी र उत्तरदाता आमुन्ने सामुन्ने बसेर प्रमाणित खुल्ला अन्तर्वार्ता (Open-ended Intervieew) द्वारा प्रश्नहरु सोधेर आवश्यक जानकारी प्राप्त गरिएको छ । छाब्दी वाराही, ढोरवाराही, व्यासगुफा, खड्ककालिकाका पुजारीहरुसँग लिइएको अन्तर्वार्तालाई रेकर्ड गरी प्राप्त जानकारीलाई टिपोट गरी आवश्यक सन्दर्भको प्रयोग गरिएको छ । केही सामग्रीहरु सम्बन्धित व्यक्तिसँग टेलिफोन वार्ता गरेर पनि प्राप्त गरिएको छ । त्यस्तै केही महत्वपूर्ण सामग्री विद्युतीय माध्यम (email) द्वारा पनि सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरुलाई अन्य स्रोतले प्रमाणित गरेको अवस्थामा मात्रै विश्लेषण गरी प्रयोगमा ल्याइएको छ ।

### ख) स्थलगत अवलोकन

अनुसन्धानकर्ताले आफ्नो विषयसँग सम्बन्धित स्थलमा गएर त्यहाँको वस्तुस्थिति प्रत्यक्ष रुपमा अवलोकन गर्नुलाई स्थलगत अवलोकन भनिन्छ । सामाजिक अध्ययन अनुसन्धानको लागि अनुसन्धान विधि धेरै पुरानो र प्रचलित विधि हो । यस विधिको प्रयोगबाट एकातिर शोध कार्यको लागि आवश्यक सामग्रीहरु सङ्कलन गर्न सहयोग पुग्दछ भने अर्कोतिर घटनाको विश्लेषण गर्न र प्रभावकारी रुपमा निर्क्यौल गर्न मद्दत पुग्दछ । प्रस्तुत शोध प्रबन्ध तनहुँको इतिहास सम्बन्धित भएकोले तत्कालीन सेन राज्यको राजधानी रहेको तनहुँसुर दरबार परिसरमा रहेको सेनकालीन दरबारको दक्षिणतर्फ रहेको खड्क कालीका मन्दिर, उत्तरतर्फ रहेको महादेव र विष्णु मन्दिर, चण्डीमाइ मन्दिर, भगवती मन्दिर आदि मन्दिरहरुको भौतिक संरचनाको तस्वीर लिनुका साथै मन्दिरमा चढाइएका घण्टका अभिलेख उतार गरिएको छ । त्यसै गरी दरबार परिसर नजिक रहेको कोतघर, राजाले प्रयोग गरेको इनार, सेनराज्यका सैनिकले कवाज खेल्ने टुडिखेल, तारो हान्ने ताराघर, गोली गट्ठा, वारुद र युद्धको अन्य हातहतियार राखिने शिलखाना, राजदरबारलाई सुरक्षा दिनका लागि चौबीसै घण्टा सैनिकले पहरा दिने सातवटा महत्वपूर्ण गढिहरुको प्रत्यक्ष अवलोकन गरी तस्वीर लिनुका साथै स्थानीय बुज्रुकहरुबाट यस सम्बन्धित जानकारी पनि लिइएको छ ।

त्यसैगरी बन्दीपुर स्थित खड्कदेवी मन्दिर, तत्कालीन ढोर राज्यमा पर्ने ढोरवाराही मन्दिर, व्यास नगरपालिकामा रहेको छाब्दीवाराही मन्दिर, व्यास गुफा, देवघाट आदि धार्मिक तथा ऐतिहासिक स्थलहरुको प्रत्यक्ष अवलोकन गरी त्यहाँको भौतिक संरचनाको अध्ययन गर्नुका साथै त्यहाँको पुजारी, पुजा व्यवस्थापन समितिका पदाधिकारीहरुबाट प्राप्त यथार्थ जानकारी टिपोट गरिएको छ । वि.सं. २०६७ माघ १७ देखि २०७७ आश्विन २० सम्म पटक-पटक गरिएको स्थलगत अवलोकनको क्रममा केही मौलिक तथा प्राथमिक सामग्रीहरु सङ्कलन भएका छन् ।

स्थलगत अवलोकन गरेर अनुसन्धानको व्याख्या र विश्लेषण गरिएको हुनाले शोध प्रबन्ध तयार गर्न सजिलो हुनाका साथै यथार्थ परक पनि रहेको छ । यस स्थलगत अवलोकनबाट प्राप्त सामग्रीहरुलाई शोध प्रबन्धका विभिन्न शीर्षक तथा उपशीर्षकमा आवश्यकता अनुरुप प्रयोग गरिएको छ ।

### ३.५.२ द्वितीयक स्रोत सङ्कलन विधि

ऐतिहासिक अनुसन्धान मौलिक तथा प्राथमिक स्रोतबाट मात्र पूर्ण हुँदैन । यी स्रोतहरुबाट प्राप्त जानकारीको विश्वसनियता नाप्नेदेखि लिएर अध्ययनको विश्लेषण गर्ने कार्यको लागि पनि द्वितीयक स्रोतको आवश्यकता पर्दछ ।

प्रस्तुत अनुसन्धानमा स्वदेश तथा विदेशबाट प्रकाशित पुस्तकहरु, स्मृतिग्रन्थ, जीवनी, अनुसन्धान प्रतिवेदन, लेख, पत्रपत्रिका आदिलाई द्वितीयक स्रोतको रुपमा लिइएको छ । यी स्रोत सामग्रीहरुको सहयोग लिएर मौलिक तथा प्राथमिक स्रोतबाट स्पष्ट हुन नसकेका पक्षहरुको उजागर गरिएको छ ।

द्वितीयक स्रोतको अध्ययनको लागि त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, इतिहास केन्द्रीय विभागका पुस्तकालय, राष्ट्रिय पुस्तकालय बबर महल, डिल्लीरमण रेग्मी स्मृति पुस्तकालय, राष्ट्रिय अभिलेखालयको पुस्तकालय, पुरातत्व विभागको पुस्तकालय, नेपाल र एसियाली अनुसन्धानका पुस्तकालय, माइक्रोफिल्म, केशरमहल पुस्तकालय, आदिकवि भानुभक्त पुस्तकालय चुँदी रम्घा, सैनिक पुस्तकालय छाउनी, तत्कालीन सेन राज्यका मुखिया, द्वारे, पण्डित आदिका सन्ततीहरुको संग्रहमा रहेका पुराना कागज पत्रहरु, विभिन्न मन्दिरको पुजारीसँग रहेका गुठी सम्बन्धित कागजपत्रहरु र इतिहास केन्द्रीय विभागका प्राध्यापक तथा विद्वत वर्गका संग्रहमा रहेका स्रोत सामग्रीहरुको अध्ययन गरी विश्लेषण गरेर यस अनुसन्धान कार्यलाई पूर्ण गरिएको छ ।

## ३.६ अध्ययनमा तथ्याङ्कको विश्वसनियता र प्रमाणिकरण

कुनै पनि वस्तु वा अवस्थाको मापनको साधनामा हुनुपर्ने महत्वपूर्ण गुणहरु विश्वसनियता (Reliability) र वैधता (Validity) हो । विश्वसनियताले धेरै पटक मापन गरेपछि आउने समान गुणलाई समान रुपमा मापन गर्दछ । यसले एकरुपता तथा स्थिरता र शुद्धताको जानकारी दिन्छ । प्रस्तुत अधययनमा पनि विश्वसनियताको लागि सहायक स्रोतहरुबाट प्राप्त जानकारी, स्थलगत

अवलोकन, अन्तर्वार्ता, सरकारी कागजपत्रहरु र व्यक्तिगत संग्रहमा रहेका प्राप्त तथ्याङ्कहरुलाई विभिन्न साधनहरु प्रयोग गरेर सत्य तथ्य प्रमाणित गरी विश्वसनियता बनाउने प्रयास गरिएको छ ।

त्यसैगरी प्राप्त मौलिक र प्राथमिक स्रोतहरुलाई अन्य स्रोतहरुसँग दाजेर तथ्याङ्कलाई प्रमाणिकरण (Validation) गरिएको छ । तथ्याङ्कको प्रमाणिकरणको लागि गुड्स र ह्याट (Goods and Hatt) ले दिएका केही आधारहरु मध्ये पञ्चहरुको राय (Jury Opinion) एक हो ( गुड्स र ह्याट, १९५२, पृ. २३७-२३८) । यस विधि अनुसार मापकद्वारा प्राप्त भएका परिणामलाई सम्बन्धित क्षेत्रका अन्य विज्ञ (Experts) समक्ष राखि ज्ञाताहरुको विचारमा उक्त परिणाम ठीक छ भन्ने पुष्टि भएका त्यस मापकलाई प्रमाणित मानिन्छ । यसै आधारलाई मानेर प्रस्तुत शोध-प्रबन्धमा अन्तर्वार्ताबाट प्राप्त जानकारीलाई सम्बन्धित विषयका दुई वा सो भन्दा बढी विज्ञहरुसँग राखेर समान धारणा आएपछि र द्वितीय स्रोतसँग पनि मापन गरेर प्रमाणिकरण गरिएको छ । अन्तर्वार्ताबाट आएका ऐतिहासिक जानकारीहरुलाई शोध-प्रबन्धमा समावेश गरिएको छैन भने राजनीतिक र सामाजिक विषय सम्बन्धित जानकारीहरुलाई अन्य स्रोतसँग प्रमाणित गरेर मात्र प्रयोगमा ल्याइएको छ ।

### ३.७ स्रोत सङ्कलन उपकरणहरु

ऐतिहासिक अनुसन्धान आफैमा जटिल प्रक्रिया हो । यस अनुसन्धानसँग सम्बन्धित सामग्रीहरु विभिन्न क्षेत्र तथा स्थलमा छरिएर रहेका हुन्छन् । यसलाई सजगताका साथ व्यवस्थित तरिकाले सङ्कलन गरिएन भने यसबाट प्रभावकारी नतिजा नआउन सक्दछ । त्यसैले प्रस्तुत अध्ययनको लागि सम्बन्धित ठाउँहरुमा पुगेर त्यहाँको वस्तुस्थितिको टिपोट गरेर, तस्वीर खिचेर, रेकर्ड गरेर, उतार गरेर स्रोत सामग्रीहरु सङ्कलन गरिएको छ । अनुसन्धानको क्रममा अन्तर्वार्ता, प्रश्नावली, स्थलगत अवलोकनलाई स्रोत सामग्री सङ्कलनको मुख्य माध्यम बनाइएको छ । कतिपय अवस्थामा भने जानकार व्यक्तिहरुसँग प्रत्यक्ष भेट गर्न नसकिएको अवस्थामा टेलिफोन वार्ताबाट पनि आवश्यक जानकारी लिई टिपोट गरिएको छ । केही सामग्रीहरु विद्युतीय माध्यम इमेल मार्फत् पनि प्राप्त गरिएको छ ।

### ३.८ स्रोत सामग्री सङ्कलनमा देखिएका समस्याहरु

कुनै पनि अनुसन्धान गर्नको लागि समयको व्यवस्थापन, लगनशीलता, मिहिनेत र अनुशासन हुनै पर्दछ । प्रस्तुत अनुसन्धान तनहुँको इतिहाससँग सम्बन्धित भएको हुनाले ऐतिहासिक स्थलहरुको अवलोकन, पाको उमेरका जानकार व्यक्तिहरुसँगको साक्षातकार, गुठी संस्थान, मालपोत कार्यालयका पुराना अभिलेख तथा मिसिलहरु, घण्टमा लेखिएका अभिलेखहरु आदि अध्ययनका लागि सामग्री सङ्कलनको मुख्य स्रोत भएको हुँदा विविध समस्याहरु आउनु स्वभाविक नै थियो ।

सामग्री सङ्कलन गर्ने क्रममा देखिएका पहिलो समस्या विषय वा विधागत समस्या थियो । तनहुँ चौबीसी राज्य समूहका महत्वपूर्ण राज्यको रुपमा रहेको भएता पनि यस राज्य सम्बन्धित अध्ययन अनुसन्धान कमै मात्रामा भएको छ । त्यसमा पनि तनहुँ राज्यको प्रशासनिक इतिहास सम्बन्धित अध्ययन भएको पाइँदैन । त्यस बाहेक सेन वंशको राजाहरुले राज्य गर्नुभन्दा अगाडिको

तनहुँको अवस्था र तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भएपछिको प्रशासनिक अवस्था सम्बन्धित स्रोत सामग्रीहरु पाउने समस्या थियो । त्यसमा पनि प्रस्तुत शोधप्रबन्ध स्थानीय इतिहास लेखन सिद्धान्तको अवधारणामा केन्द्रित भएर लेख्नु पर्दथ्यो । भाषा वंशावली, पृथ्वीनारायण शाहको उपदेश, गोरखाको इतिहास, इतिहास प्रकाश, इतिहास प्रकाशमा सन्धी पत्र संग्रह, पूर्णिमा जस्ता इतिहास प्रधान सामग्रीहरुमा पनि तनहुँको इतिहास कमै लेखिएको छ । यसमा पनि प्रशासनिक र सामाजिक तथा सांस्कृतिक पक्षको बारेमा स्थलगत अवलोकन र अन्तर्वार्तामा केन्द्रित हुनुपर्ने भएकोले विषयगत अध्ययनको सिलसिला मिलाउने विषय समस्याको रुपमा देखियो । यी विविध समस्याहरु रहे पनि ती समस्याहरुलाई निराकरण गरी अनुसन्धान पूर्णतामा आयो ।

त्यसैगरी स्थलगत अवलोकनको क्रममा मन्दिरमा लेखिएका ताम्रपत्रहरु, घण्टमा लेखिएका अभिलेख पढ्नमा भाषागत समस्याहरु थिए । घण्टमा लेखिएका अक्षरहरु खिइएका र बुझ्न पनि गाह्रो भएको हुँदा त्यसको फोटो खिचेर सम्बन्धित विशेषज्ञको सहयोग लिएर त्यो समस्याको समाधान गरिएको थियो । त्यसैगरी सरकारी र गैरसरकारी संस्थाबाट प्राप्त सामग्रीहरु प्राप्त गर्नका लागि समस्याहरु थिए । पुरातात्विक विभाग, राष्ट्रिय अभिलेखालय, गुठी संस्थान लगायत आदि संस्थानहरुबाट प्राप्त स्रोतहरुको अध्ययन गर्ने, सार्ने, फोटो कपि गर्ने सुविधा प्राप्त भए पनि तनहुँ दमौलीमा रहेको मालपोत कार्यालयको 'पुराना अभिलेख तथा मिसिलहरु' नामक कोठाबाट सामग्री लिन निकै समस्या परेको थियो । धुलै धुलो भएको पुरानो कागजका पोकै पोकाको चाङबाट आवश्यक सामग्री रहेको पोका छान्नै समस्या, त्यसमा पनि छानिएको पोका खोलेपछि पनि अध्ययन गर्न नै समस्या, भाषागत ज्ञान भएका कर्मचारीसँग सहयोग माग्दा कुनै प्रोजेक्टको कामबाट आएको कर्मचारी जस्तो गरी भत्ता र खाजाको अपेक्षा गरेको पाइयो । यी समस्याहरु रहे पनि आफूले लिनुपर्ने सामग्रीहरु सङ्कलन गर्ने क्रममा कुनै कन्जुस्याई गरिएन ।

उल्लेखनीय समस्याहरु बाहेक स्रोत सामग्री सङ्कलन गर्ने क्रममा तनहुँ जिल्लामा देखिएका अर्को समस्या थियो । केही ठाउँहरुमा व्यक्तिको मृत्युसँगै उसको लत्ताकपडा र उसको संग्रहमा रहेका पुराना कागजपत्रहरु पनि जलाउने परम्परा रहेको पाइयो जसको कारण महत्वपूर्ण ऐतिहासिक सामग्रीहरु जलेर नष्ट हुने गरेको पाइयो । उदाहरणको लागि तनहुँसुर हटियाका ७८ वर्षिय भक्तकुमार श्रेष्ठ (हाल काठमाडौं) सँग सङ्कलित रहेको ऐतिहासिक कागजपत्रहरु तनहँसुर गाउँ पञ्चायतका भूपू प्रधानपञ्च प्रभावकर शर्माले अध्ययनका लागि लगेका थिए (श्रेष्ठ, अन्तर्वार्ता, २०७३।१२।३०) । त्यसै गरी उनै प्रभाकर शर्माले पछि फिर्ता गर्ने सर्तमा अध्ययनको लागि भनि तनहुँसुर पत्यारथोक निवासी ८४ वर्षिय बहिदार चित्रजंग सिंजाली मगरसँग भएका पुराना कागजपत्र पनि लगेका थिए (थापा, २०५६, पृ.७५) । यी कागजपत्रहरु उनले फिर्ता गरेनन् वा गर्न भ्याएनन् । उनको मृत्यु भयो । शोधकर्ताले यस विषयमा सोधखोज गर्दा निज शर्माका छोराले बुबाको शवसँग सबै कागज पत्र जलेको तर आफू दुःखमा रहेकोले यस विषयमा तत्काल थाहा नभएको जानकारी दिए (शर्मा, अन्तर्वार्ता, २०७०।१२।३०) । प्रस्तुत समस्याहरु रहे पनि अध्ययन क्षेत्र शोधकर्ताको आफ्नै ठाउँ र परिवेश भएकोले सम्बन्धित सबैबाट सहयोग प्राप्त भयो । त्रिभुवन विद्यालयका प्राध्यापकहरु, विद्यालयका शिक्षकहरु, शोध शिर्षकसँग सम्बन्धित विज्ञहरु, पुराना कागजपत्र भएका जिमुवाल, मुखिया, द्वारे, पसले, थरी सबैसँग छलफल गरी प्राप्त सामग्रीको आधारमा समस्याको समाधान गरी अनुसन्धानलाई पूर्णता दिइएको छ ।

## ३.९ प्रस्तुतीकरण र शोधप्रबन्ध

कुनै पनि अनुसन्धानलाई वैधता प्रदान गर्नको लागि अनुसन्धानको विषय छनोट देखि लिएर शोध लेखन सम्मका कार्यहरुलाई व्यवस्थित र वैज्ञानिक तरिकाले सम्पन्न गर्नको लागि आवश्यक निश्चित पद्धति र प्रक्रिया अपनाउनु पर्दछ । नत्र भने आशा गरे अनुसारको परिणाम नआउन सक्दछ । इतिहास विषयमा मानव जातिका धर्म संस्कृति सभ्यता, मूल्य मान्यता, सामाजिक परम्परा, आनिवानी, आदि विषयको अनुसन्धानमा गुणात्मक विश्लेषण (Qualitative Analysis) विधिको प्रयोग गर्ने गरिन्छ । यी विषयहरुमा संख्यात्मक विधि (Quantitative Analysis) को प्रयोग गरेर निष्कर्ष निकाल्न सकिँदैन । प्रस्तुत अनुसन्धान तनहुँको ऐतिहासिक अनुसन्धान भएको हुँदा गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको छ । प्रस्तुतीकरणमा वर्णनात्मक, विश्लेषणात्मक र विवरणात्मक तरिका अपनाएको छ ।

शोधप्रबन्ध लेखन A.P.A. (American Psychological Association) ढाँचामा गरिएको छ । पादटिप्पणी र सन्दर्भ सामग्रीहरुलाई गर्भे टिप्पणी (parenthetical note) मा संकेत गरिएको छ । पुस्तकको हकमा लेखकको थर, पुस्तकको प्रकाशित मिति र पृष्ठ राखिएको छ । लेख रचनामा पनि यसै गरी लेखकको थर, लेख प्रकाशित मिति र पृष्ठ राखिएको छ । त्यसैगरी सन्दर्भ सामग्रीमा पुस्तकको हकमा लेखकको थर, नाम, प्रकाशन मिति, पुस्तकको नाम, प्रकाशक र पृष्ठ राखिएको छ । रचनामा पनि त्यसै गरी लेखकको थर, नाम, प्रकाशन मिति, लेखको शिर्षक, पत्रिकाको नाम, पूर्णाङ्क, वर्ष, अङ्क र पृष्ठ राखिएको छ । अन्तर्वार्ताबाट सङ्कलित सामग्रीहरुमा अन्तर्वार्ता दिने व्यक्तिहरुको नाम, थर, वर्ष, हैसियत, ठेगाना र अन्तर्वार्ता लिएको मिति उल्लेख गरिएको छ । त्यसैगरी परिशिष्टमा राखिएको स्रोतको उल्लेख गर्दा कोष्ठभित्र परिशिष्ट र संख्या राखिएको छ । परिशिष्टमा राखिएको लालमोहर, सनद, पत्र, अभिलेख, वंशावली, पुर्जी स्याहामोहर, आज्ञापत्र आदिमा पाण्डुलिपी दिने व्यक्तिको नाम उल्लेख गरिएको छ । त्यसैगरी प्रशासनिक, सामाजिक तथा सांस्कृतिक विषयसँग सम्बन्धित स्थानीय रुपमा प्रचलनमा रहेका शब्दहरुलाई शब्दावली दिएर स्पष्ट पार्न खोजिएको छ भने सङ्क्षिप्त शब्दसूची दिएर शोधप्रबन्धमा दिएको छोटो शब्दको अर्थ खुलाइएको छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने कुनै पनि नयाँ ज्ञान हासिल गर्ने उद्देश्यसाथ व्यवस्थित रुपमा गरिएको कार्य अनुसन्धान हो । अनुसन्धान गर्दा यसका मूल्य र मान्यता अपनाउनुको साथै अनुसन्धानकर्तामा धैर्यता, जागरुकता र लगनशीलता पनि हुनुपर्दछ । प्रस्तुत शोधप्रबन्ध सामाजिक अध्ययनका अवधारणा र स्थानीय इतिहासको सिद्धान्तमा आधारित रहेर तयार पारिएको छ । प्रयाप्त स्रोत सामग्रीहरुको अभाव रहे पनि सम्बन्धित जानकार व्यक्तिहरुसँगको अन्तर्वार्ता, विभिन्न संघ संस्था तथा व्यक्तिहरुबाट प्राप्त सनद, लालमोहर, पुराना पत्र, पुर्जी, अभिलेखका साथै पुस्तकहरुको सहयोगबाट यो शोधप्रबन्ध तयार पारिएको छ ।

## सैद्धान्तिक अवधारणा (Theoretical Framework)
## तनहुँको ऐतिहासिक अध्ययन (वि.सं. १६१०-१९०३)

### राज्यको रुपमा तनहुँ (वि.सं. १६१०-१८३९)

**विषयवस्तु**
- राजनीतिक इतिहास
- प्रशासनिक इतिहास
- सामाजिक तथा सांस्कृतिक इतिहास
- अन्य राज्यसँगको सम्बन्ध

**सिद्धान्त (Theory)**
- स्थानीय इतिहास लेखन सिद्धान्त (Local history writing theory)
  - क्यारोल कामेन (Carol Kammen)
  - हर्बर्ट बक्स्टर (Herbert Baxter)

**स्रोत सङ्कलन (Source Collection)**
- मौलिक स्रोत (Original source)
  - पुर्जी, लालमोहर, बंशावली, सनद
- प्राथमिक स्रोत (Primary source)
  - अन्तर्वार्ता, स्थलगत अवलोकन (उद्देश्य अनुरुप सङ्कलन)
- द्वितीय स्रोत (Secondary source)
  - पुस्तक, जर्नल, पत्रपत्रिका, ऐतिहासिक चिठीपत्र

**स्रोत विश्लेषण (Source analysis)**
- मौलिक स्रोत विश्लेषण
- प्राथमिक स्रोत विश्लेषण
- द्वितीय स्रोत विश्लेषण (उद्देश्य अनुरुप विश्लेषण)

**व्याख्या (Interpretation)**
- तथ्य र तर्कको आधारमा

**दर्शन (Philosophy)**
→ वर्णनात्मक (Interpretivism)
→ तथ्य र तर्कको आधारमा

**अवधारणा (Approach)**
→ आगमन विधि (Inductive method)
- विश्लेषणात्मक अध्ययन
- प्रत्यक्ष तथा खुल्ला अन्तर्वार्ता
- संरचनात्मक खुल्ला प्रश्नावली
- एतिहासिक दस्तावेजको विश्लेषण

**अनुसन्धान ढाँचा (Research Design)**
→ गुणात्मक विधि (Qualitative method)
- अन्वेषणात्मक
- वर्णनात्मक
- विश्लेषणात्मक

**रणनीति (Strategy)**
- वर्णनात्मक सोधपुछ (Narative inquary)
- अभिलेखिए अनुसन्धान (Archiaeval research)

### प्रशासनिक इकाईको रुपमा तनहुँ (वि.सं. १८३९-१९०३)

**विषयवस्तु**
- प्रशासनिक विभाजन
- जिल्ला प्रशासनिक इकाइको रुपमा तनहुँ
- स्थानीय प्रशासक

**सिद्धान्त (Theory)**
- Local history writing theory
  - क्यारोल कामेन (Carol Kammen)
  - हर्बर्ट बक्स्टर (Herbert Baxter)

**स्रोत सङ्कलन (Source Collection)**
- मौलिक स्रोत (Original source)
  - पुर्जी, लालमोहर, बंशावली, सनद
- प्राथमिक स्रोत (Primary source)
  - अन्तर्वार्ता, स्थलगत अवलोकन (उद्देश्य अनुरुप सङ्कलन)
- द्वितीय स्रोत (Secondary source)
  - पुस्तक, जर्नल, पत्रपत्रिका, ऐतिहासिक चिठीपत्र

**स्रोत विश्लेषण (Source analysis)**
- मौलिक स्रोत विश्लेषण
- प्राथमिक स्रोत विश्लेषण
- द्वितीय स्रोत विश्लेषण (उद्देश्य अनुरुप विश्लेषण)

**व्याख्या (Interpretation)**
- तथ्य र तर्कको आधारमा

**दर्शन (Philosophy)**
→ वर्णनात्मक (Interpretivism)
→ तथ्य र तर्कको आधारमा

**अवधारणा (Approach)**
→ आगमन विधि (Inductive method)
- विश्लेषणात्मक अध्ययन
- प्रत्यक्ष तथा खुल्ला अन्तर्वार्ता
- संरचनात्मक खुल्ला प्रश्नावली
- एतिहासिक दस्तावेजको विश्लेषण

**अनुसन्धान ढाँचा (Research Design)**
→ गुणात्मक विधि (Qualitative method)
- अन्वेषणात्मक
- वर्णनात्मक
- विश्लेषणात्मक

**रणनीति (Strategy)**
- वर्णनात्मक सोधपुछ (Narative inquary)
- अभिलेखिए अनुसन्धान (Archiaeval research)

## अध्याय - चार

# तनहुँ राज्यको ऐतिहासिक परिचय

### ४.१ परिचय

'तनहुँको ऐतिहासिक अध्ययन (वि.सं. १६१०-१९०३)' शीर्षकको प्रस्तुत शोधप्रबन्ध स्थानीय इतिहासको सिद्धान्तमा आधारित रहेर लेखिएको छ । निर्धारित भौगोलिक क्षेत्र भित्रका विभिन्न स्थानहरु, विभिन्न समयमा त्यहाँ घटेका घटनाहरु र त्यहाँ बसोबास गर्ने बासिन्दाहरुको विविध पक्षको अध्ययन स्थानीय इतिहास हो (स्मोलन, २०११, प. ३-८) । त्यसै गरी कुनै एउटा राज्यमा बसोबास गर्नेहरुको लागि आफ्नो राज्यको इतिहास र अन्य छिमेकी राज्यहरुको इतिहास स्थानीय इतिहास हो (क्यारोल, १९९६, पृ. ३०८-३०९)। अर्थात विभिन्न राज्यहरुको छुट्टाछुट्टै रुपमा अध्ययन गरिनु स्थानीय इतिहास हो । लिच्छवीकालमा तनहुँ छुट्टै प्रान्तीय राज्यको रुपमा थिएन । केन्द्रीय राज्यबाट प्रत्यक्ष शासन चल्ने स्थानीय निकायको रुपमा तनहुँ रहेको थियो (पन्त, २०४१, पृ.४) । त्यसपछि पूर्व मध्यकालमा आएर कर्णाली प्रदेशका सिञ्जा राज्य अन्तर्गत तनहुँ रहन गयो । त्यस समयमा पनि तनहुँ सिञ्जा राज्यको स्थानीय निकायको रुपमा रहेको थियो (खनाल, २०३०, पृ.३) । उत्तर मध्यकालमा आएर पाल्पाका राजा मुकुन्द सेन प्रथमले तनहुँलाई पाल्पा राज्यमा गाभे । वि.सं. १६१० मा मुकुन्द सेनका साहिला छोरा भृङ्गी सेनले तनहुँमा छुट्टै राज्य स्थापना गरे । त्यसपछि तनहुँ स्वतन्त्र राज्यको रुपमा अस्तित्वमा आयो । तत्कालीन समयमा नेपालमा करिब ५२ वटा भन्दा बढी राज्यहरु अस्तित्वमा थिए । स्थानीय सिद्धान्तको अवधारणा अनुसार तनहुँ राज्यको राजनीतिक, प्रशासनिक, छिमेकी राज्यसँगको सम्बन्ध, तत्कालीन समाजको धार्मिक सामाजिक तथा सांस्कृतिक पक्षको अध्ययन गरिएको छ । त्यसैगरी तनहुँ राज्य नेपाल अधिराज्यमा गाभिएपछि पनि तनहुँ नेपाल अधिराज्यको एउटा स्थानीय निकायको रुपमा रह्यो ।

तनहुँ नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने एउटा जिल्ला हो । वर्तमान समयमा संघीय नेपालको प्रदेश नं. ४ (गण्डकी प्रदेश) अन्तर्गत रहेको यस जिल्ला ऐतिहासिक, धार्मिक, आर्थिक, राजनैतिक, सामाजिक तथा सांस्कृतिक र पर्यटकीय सबै दृष्टिबाट महत्वपूर्ण छ ।

सेनकालीन तनहुँ राज्यमा पहाड खण्ड र तराई खण्ड समेटिएको थियो । यसको पहाड खण्डको पूर्वमा गोरखा राज्य, पश्चिममा घिरिङ र ढोर राज्यहरू, उत्तरमा लमजुङ र कास्की राज्यहरू र दक्षिणमा पाल्पा राज्य पर्दथे (आचार्य, १९९७, पृ.६०-७९) । तत्कालीन समयमा राज्यहरू बीचको सीमाना डाँडा, खोल्सा, नदी, खोलालाई मानिएको हुन्थ्यो । चितवन, नवलपुर (नवलपरासी), ठोरी (चितवन), जोगिमारा (धादिङ), सोमेश्वरगढी (चितवन), उपरदाँङगढी (चितवन), कविलासपुरगढी (चितवन) आदि तनहुँको तराई खण्डमा पर्दथे (सुवेदी, २०५२, पृ.६२-६९) । त्यसै गरी हाल भारतीय भू-भाग रहेको चम्पारनको रामनगर पनि तनहुँ राज्यको भूभाग थियो । ती क्षेत्रहरुमा धान, लिची,

आलस, आँपको उत्पादन प्रशस्त हुन्थ्यो । यस क्षेत्रको उब्जनीबाट हुने आम्दानी र चितवन प्रदेशमा उब्जने धान र तोरीबाट हुने आम्दानीले तनहुँ राज्यको आर्थिक अवस्था सुदृढ थियो । यस बाहेक पृथ्वीनारायण शाहले लामीडाँडा कब्जा गर्नु अगाडि चितवनको साल, सिसौ, सिमल जस्ता काठ लामीडाँडाको बाटो भएर काठमाडौं उपत्यकामा निर्यात गर्दथ्यो । यिनै कारणले गर्दा तनहुँका सेन राजाहरूको आर्थिक अवस्था मजबुत थियो ।

संक्षेपमा भन्नु पर्दा त्रिशुली र कालीगण्डकी दोभानमा रहेको देवघाटको पश्चिम उत्तरतर्फ तनहुँको पहाड खण्ड र पूर्व दक्षिणतर्फ तराई खण्ड पर्दथे । सेन शासनकालमा  धादिङको इलाका गोरखा राज्यमा र लामीडाँडाको इलाका ललितपुर राज्य अन्तर्गत पर्दथे (आचार्य, १९९७, पृ.६०-६९) । लामीडाँडा ललितपुर राज्य अन्तर्गत पर्ने भएता पनि तनहुँका राजाहरूले लामीडाँडाको बाटोको उपयोग गरेर काठमाडौं उपत्यकामा काठ ल्याउने गर्दथे ।

वर्तमान समयमा तनहुँ जिल्लाको पूर्वमा गोरखा र चितवन, पश्चिममा कास्की र स्याङ्जा, उत्तरमा लमजुङ र कास्की र दक्षिणमा पाल्पा, नवलपरासी र चितवन जिल्लाहरू रहेका छन् । त्यस्तै पूर्वमा मर्स्याङ्दी र सप्तगण्डकी, पश्चिममा डोरथाम डाँडा र कोत्रखोला, उत्तरमा रिस्ती खोला र दक्षिणमा कालीगण्डकीले जिल्लाको सीमाना छुट्याएको छ । यस जिल्लाको क्षेत्रफल १,५५१ वर्ग किलोमिटरमा फैलिएको छ जुन नेपालको कुल क्षेत्रफलको ०.०५ प्रतिशत हुन आउँदछ (श्री ५ को सरकार, सूचना विभाग, २०३१, पृ.२३१) । त्यसै गरी यो जिल्ला ८३°५०"-८४°३४" पूर्वी देशान्तर र २७°४४"-२८°०८" उत्तरी अक्षांशसम्म फैलिएको छ (नेपाल सरकार, २०७५, पृ.४) । पृथ्वीराजमार्गले तनहुँ जिल्लालाई बीच भागबाट चिर्दै गएको छ । यो जिल्ला काठमाडौंदेखि १०० कि.मी. पश्चिममा र पोखरादेखि १९ कि.मी. पूर्वमा पर्दछ । तनहुँ जिल्लाको पूर्व-पश्चिम लम्बाई करिब ६२.५ कि.मी. छ भने उत्तर-दक्षिण चौडाई ४३.७ कि.मी. रहेको छ (नेपालसरकार, भूमापन महाशाखा, वि.सं २०४७) ।

वर्तमान तनहुँ जिल्लामा तराई प्रदेश छैन । पहाड र टार वा बेसी गरी दुई किसिमको भूबनोट रहेको छ। पहाडी प्रदेशमा ७००० फिट उचाइमा रहेको छिम्कालेक, ५,४१५ फिट उचाइमा रहेको मिर्लुङकोट, ५,४०० फिट उचाइमा रहेको हिलेखर्क, ४४०५ फिट उचाइमा रहेको बन्दीपुर ( मुचुक), ४,०७२ फिट उचाइमा रहेको तनहुँसुर आदि छन् (श्री ५ को सरकार, सूचना विभाग, २०३१, पृ.२३१) । त्यसै गरी मैदान वा टारहरूमा चुँदी, फाउँदी, पूर्कोट, बाईसजाँगर, तुरतुरे, सत्रसय, दमौली, याम्पा, बुल्दी, पोखरेलफाँट, गुणादी, थर्पु, साँगे, सुखौराफाँट, नरङ्गा, खैरेनीटार, कालिकाटार, खुम्लिङटार, रूपाटार, पिपलटार, केशवटार, खहरे, हिले, दोरदोर, कुमालटार, भाँदगाउँ आदि रहेका छन् । यी बेसी वा टारहरूमा सिँचाइको सुविधा भएकाले राम्रो उब्जनी हुन्छ । यी उर्वर भूमिबाट प्रशस्त उब्जाउ हुने भएकाले तनहुँ आर्थिक रूपमा सम्पन्न छ ।

### हावापानी

तनहुँमा दक्षिण-पश्चिमी मनसुनी हावापानीको प्रभाव रहेको छ । समुन्द्र सतह देखि हुने उचाइको कारणबाट तनहुँका विभिन्न भागमा फरक-फरक किसिमको हावापानी पाईन्छ। छिम्कालेक, मिर्लुङकोट, हिलेखर्क, बन्दीपुर, तनहुँसुर जस्ता उच्च पहाडी भागमा समशीतोष्ण हावापानी पाइन्छ भने फाँट, टार तथा बेसीहरूमा अर्ध उष्णशीतोष्ण हावापानी पाइन्छ । तनहुँका अधिकांश मानिसहरूको बसोबास समशीतोष्ण हावापानी रहेको भूभागमा रहँदै आएता पनि अर्धउष्ण हावापानी बहने बेसी तथा टारहरूमा पनि मानिसहरूको बसोबास बढ्दो छ । औंलो उन्मूलन, यातायातका साथै अन्य विभिन्न सुविधाहरूले मानिसहरू त्यस्ता भूभागतिर बसोबास गर्न आकर्षिक भएका छन् ।

### नदीनाला

हावापानी जस्तै मानव जीवनको चौतर्फी विकासमा प्रत्यक्ष प्रभाव पार्ने नदीनाला हुन् । तनहुँमा रहेका नदीहरूमा मर्स्याङ्डी, सेती, मादी, कालीगण्डकी र सप्तगण्डकी मुख्य हुन् । यी नदीहरूले बाह्रै महिना तनहुँ जिल्लाका समथर भूभागहरूलाई सिँचित गरी उत्पादनशील बनाएका छन् । मर्स्याङ्गदी नदी त फाउँदी दोभान देखि चेपे नदीसम्म तनहुँ र लमजुङ जिल्लाको सीमाना बनेको छ भने चेपे देखि त्रिशुली नदीसम्म तनहुँ र गोरखा जिल्लाको सीमानाको रुपमा रहेको छ । यी नदीहरू बाहेक नाउदी, फाउँदी, चुँदी, रिस्ति, छाप्दी, बुल्दी,मैदी, गुणादी, सुखौरा आदि तनहुँमा रहेका अन्य खोलाहरू हुन् ।

### गुफा

नेपालको भू-संरचना हेर्दा महाभारतको पर्वतीय श्रृंखला र मध्यपहाडी क्षेत्रमा प्राकृतिक रूपमा बनेका गुफा र ओडारहरू प्रशस्त रहेका छन् । मानिसहरूलाई भैपरिआउने क्षणिक आवश्यकता परिपूर्तिको लागि, प्राकृतिक प्रकोपबाट बच्न ओत लाग्ने र जंगली जनावरले आफ्नो बासस्थान बनाउन त्यस्ता ओडारहरू प्रयोगमा आउँछन् । तनहुँमा पनि त्यस्ता ओडारहरू प्रशस्त छन् । हजारौं वर्षसम्म बहेको पानीको स्रोतले खियाउँदै लगेर चुनढुंगाको पत्रेचट्टानबाट गुफाहरू बनेका हुन् । लामो समय लागेर बनेका यस्ता गुफाहरू भित्र अनेक आकृतिहरु देखिन्छन् । त्यसैले हिन्दू धर्ममा आस्था राख्ने मानिसहरूले गुफाभित्र विभिन्न देवदेवीको आकृति देखिएको बताउँछन् । त्यस्ता साना ठूला गुफाहरू तनहुँमा निकै पाइन्छन् । ती मध्ये पनि सात वटा गुफाहरू प्रख्यात मानिन्छन् । तनहुँको सदरमुकाम, दमौली नजिक सेती र मादी नदी दोभानको पश्चिमपट्टि पाखोमा रहेको 'पराशर गुफा' धार्मिक स्थलको रूपमा निकै प्रख्यात मानिन्छ । यो गुफा ठूलो नभई ओडार जस्तो मात्र देखिन्छ । किम्बदन्ती अनुसार यसै ओडारमा बसेर परासर ऋषिले तपस्या गरेका थिए । धार्मिक रूपमा निकै प्रख्यात मानिएको अर्को 'व्यास गुफा' हो । यो गुफा सेती र मादी नदीको संगम भन्दा उत्तरतिर मादीको किनारमा रहेको छ। भनिन्छ, यसै गुफामा बसेर महर्षि वेदव्यासले महाभारत लगायत अनेकौं ग्रन्थको रचना गरेका थिए । त्यस्तै अर्को गुफा 'वशिष्ट गुफा' हो । प्रसिद्ध धार्मिक तीर्थस्थल देवघाटको कालीगण्डकी उत्तरपूर्वी तटमा रहेको यस गुफामा महर्षि वेदव्यासका पितामह, पराशर ऋषिका पिता वशिष्ट ऋषिले भगवान् रामचन्द्र लगायत चार भाइलाई उपदेश दिएको

जनश्रुती पाईन्छ । त्यसैले पनि यो गुफा धार्मिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ । त्यस्तै तनहुँको भिमाद बजारको पश्चिमतिर 'सिद्ध गुफा' रहेको छ । यो गुफा चार तलाको छ । प्रत्येक वर्ष चैत्रअष्टमी र रामनवमीको दिन यस गुफामा ठूलो मेला लाग्दछ (मिश्र, २०५८, पृ.८२२) । सिद्ध गुफाको पश्चिमपट्टि रहेको अर्को गुफालाई 'चमेरो गुफा' भनिन्छ । यस गुफाको प्रवेशद्वार माथि निकै ठूलो संख्यामा चमेराहरु बस्ने भएकाले यसलाई चमेरे गुफा भनिएको हो ।

त्यस्तै पृथ्वीराजमार्ग अन्तर्गत पर्ने विमलनगरको दक्षिण तर्फ करिब ३० मिनेट उकालो हिँडेर पुगिने अर्को 'सिद्ध गुफा' छ यसलाई तनहुँको निकै प्रख्यात गुफा मानिन्छ । यो गुफा नेपालमा अहिलेसम्म भेटिएका मध्येको सबैभन्दा ठूलो गुफा हो । वि.सं. २०४५ साल वैशाख ११ गते स्थानीयबासीले पत्ता लगाएको यो गुफा आन्तरिक र बाह्य पर्यटकको रोजाइमा परेको छ । त्यस्तै बन्दीपुरको पश्चिमपट्टि चुनपहरामा 'पातलद्वार गुफा' रहेको छ । यो गुफाभित्र सयौं मानिस अटाउने समथर स्थान पनि छ ।

**खनिज**

तनहुँ जिल्लामा तामा, फलाम, स्लेट, चुनढुङ्गा जस्ता खनिज स्रोतहरू प्रशस्त रहेको तथ्य खानी तथा भू-गर्भविद्हरूले पत्ता लगाएका छन् तर यसको उचित उपभोग भने हुन सकेको छैन । छाब्दी, भिमाद, भिरकोट, शाखें, बन्दीपुरमा फलाम खानी रहेको नेपाल सरकारको खानी तथा भूगर्भ विभागको सर्वेक्षणबाट पत्ता लागेको हो । त्यस्तै बन्दीपुरको लाब्दीखोला स्थित तामा खानी नेपालको गुणस्तर तामाखानी मध्येकै एक मानिन्छ । भूतखोला क्षेत्र पनि तामाखानीकोलागि प्रसिद्ध रहेको खानी विभागको अन्वेषणले देखाएको छ (मिश्र, २०५८, पृ.८२२) । यसका साथै पानीखोला र सिद्धि खोलामा पनि तामाखानी रहेको जनाइएको छ ।

तनहुँ जिल्लामा घर छाउने स्लेट ढुङ्गाका निकै खानीहरू सञ्चालनमा छन् । बन्दीपुरको स्लेट ढुङ्गा नेपालकै उच्च स्तर मध्यमा पर्दछ । बन्दीपुर लगायत ज्यामरुक र अर्चलचौरमा पनि स्लेट ढुङ्गा खानी सञ्चालित छन् ।

तनहुँमा बसोबास गर्ने जनजातिहरुमा मगर जातिको बाहुल्य रहेको छ । रिसिङ, घिरिङ, भिरकोट, गजरकोट, मानुङ, दभूङ तनहुँका मुख्य मगर बस्तीहरू हुन् । मगर, ब्राह्मण, क्षेत्री, गुरुङ, दरै, कुमाल, बोटे लगायत अन्य जात जातिको बसोबास उल्लेख्य रहेकाले तनहुँ विभिन्न जातिको समिश्रण स्थलको रूपमा रहेको छ । विकासको क्रमसँगै गाउँगाउँसम्म पुगेको मोटर बाटो, बिजुली बत्ती, बढ्दो शहरीकरणले गर्दा सुविधा सम्पन्न ठाउँहरूमा मानिसहरूको बसोबास बढ्दै गइरहेको छ ।

## ४.२ नामकरण

'तनहुँ' शब्दको उत्पत्ति कसरी हुन गयो भन्ने सन्दर्भमा विभिन्न भाषाशास्त्री तथा विद्वान्हरुको भनाइमा एक रुपता पाइँदैन । प्रायः सबै विचारहरु भौगोलिक अवस्थिति र भाषागत आधारसँग सम्बन्धित रहेको देखिन्छ । भाषागत आधारबाट तनहुँको नामकरण संस्कृत भाषा र मगर भाषाबाट भएको हो भन्ने छुट्टाछुट्टै मत पाइएको छ । संस्कृत शब्दको 'तृतुङ्गम' शब्दबाट 'त्रितुङ्ग'

भएको मानिन्छ । त्रितुङ्गको अर्थ तीनवटा चुचुरो भन्ने हुन्छ (पराजुली (सम्पा.), २०७२, पृ.६०३) । तनहुँ राज्यको राजधानी रहेको तनहुँसुर वरिपरि उस्तै प्रकारका तीनवटा चुचुराहरू रहेका छन् । प्रारम्भमा यी चुचुराहरूलाई त्रितुङ्ग भनियो र कालान्तरमा तनुङ, तन्हौ, तनुहुङ वा तनहुँ भन्न थालिएको मानिन्छ । संस्कृत शब्दबाट नै तनहुँलाई 'त्रिश्रृङ्ग' पनि भनिएको पाइन्छ (राजवंशी (सम्पा.), २०२०, पृ.३२) । यो त्रिश्रृङ्ग शब्दलाई रिसिङ शब्दको संस्कृत रूप भनिएको छ ( आचार्य, १९९७, पृ.६०-७९) । पहिले रिसिङमा श्रृङ्ग नाम गरेका ऋषिले तपस्या गर्दथे । 'श्रृङ्ग' नाम अपभ्रंश भएर रिसिङ नामकरण भएको जनश्रुती पाइन्छ । रिसिङ राज्य तनहुँमा गाभिएपछि तनहुँलाई त्रिश्रृङ्ग भनिएको हुन सक्दछ । सेन राज्य कालमा रिसिङ राज्य धेरैजसो समय तनहुँ राज्यमा नै गाभिएको पाइन्छ ।

तनहुँ शब्दको उत्पत्ति सम्बन्धी अर्को भनाई के पाईन्छ भने प्राचीन समयमा तनहुँ राज्यको राजधानी भएको ठाउँ तनहुँसुरमा सानो चिउँडो भएका ऋषिले तपस्या गर्दथे भने मानुङ्ग (दमौली बजार माथि) मा ठूलो चिउँडो भएका ऋषिले तपस्या गर्दथे । यी ऋषिहरूलाई स्थानीय मगर भाषामा तनुहनु र महाहनु भनिन्थ्यो । तनुहनुबाट 'तनहुँ' र महाहनुबाट 'मानुङ' नाम रहन गएको हो (घिमिरे, २०५६, पृ.३२) । आज पनि ती ठाउँको नामहरु तनहुँ र मानुङ नै रहेको हुँदा किंवदन्ती नै भएपछि यस भनाईमा केही सत्यता थियो भन्ने देखिन्छ । त्यसैगरी प्राचीन कालमा तनहुँमा तामोर र तामिल नामका दुईवटा गाउँहरू थिए । ती गाउँहरूको नाम अपभ्रंश भएर तनहुँ शब्द बनेको हो भन्ने भनाई पनि रहेको छ (घिमिरे, २०५६, पृ.३२) । यी उल्लेखित भनाइहरू बाहेक तनहुँ नामकरणका अर्को मत अनुसार बाह्र मगराती भाषाका 'टाङ्गा+दी+रेसिङ' शब्दले सातवटा नदीहरूको संगमस्थलमा स्नान गर्ने भन्ने बुझाउँदछ । मगर भाषाको यस शब्द र संस्कृत भाषाको त्रिशृङ्ग शब्द मिसिएर नै ( त्यही) नुहाउँ शब्द बन्यो । कालान्तरमा त्यहीँ शब्दबाट तन्हौ, तनुहु, हुँदै तनहुँ भन्न थालियो (सुवेदी, २०५२, पृ.६२-६९) । यस भनाइको अनुसार पवित्र स्थल देवघाटमा नुहाउने प्रसंगबाट तनहुँ शब्दको नामकरण भएको देखिन्छ । तनहुँ अन्तर्गत पर्ने देवघाटलाई प्राचीनकालदेखि नै तपोभूमि, पावन भूमि वा पवित्र तिर्थस्थलको रूपमा लिइँदै आएकोले त्यहीँ पुण्यस्थलसँग जोडेर तनहुँको नामकरण गरिएको हुन सक्दछ ।

त्यसो त प्राचीनकाल देखि नै तनहुँमा मगर जातिको उल्लेख्य बसोबास रहेको पाइन्छ । तनहुँभित्रका कतिपय स्थान, नदी वा खोलाको नाम पनि मगर भाषाबाट रहेको छ । मगर भाषामा पानीलाई 'डी' भनिने हुँदा त्यस भेकका नदी वा खोलाको नामको पछाडि डी उपसर्ग जोडिएको हुनसक्दछ । 'डी' लाई पछि 'दी' भन्न थालियो । जस्तैः मादी, बुल्दी, मैदी, चुँदी, मर्स्याङ्गदी आदि । यी भनाईहरुको आधारमा तनहुँ शब्द मगर भाषाबाट बन्न गएको पनि देखिन्छ । तनहुँ जस्तै सतहुँ, गरहुँ, किहुँ (भीरकोट), साँमु (रिसिङ) आदि स्थलको नाम पनि मगर भाषाबाट नै राखिएको हो भनिन्छ (आचार्य, १९९७, पृ.६०-७९) । प्रस्तुत यीनै भनाइहरुकोबाट तनहुँ शब्दको नामकरण संस्कृत भाषाका साथै मगर भाषाबाट रहन गएको देखिन्छ ।

## ४.३ प्राचीन कालमा तनहुँ

नेपालको इतिहासलाई बुझ्न र अध्ययन गर्न सजिलोका लागि काल विभाजन गरिएको छ । काठमाडौं उपत्यकामा सभ्यताको सुरुआत भएदेखि लिच्छविकाल सम्मलाई प्राचीनकाल, नेपाल संवत्को सुरुआत ९३६ कार्तिक शुक्ल प्रतिपदा (२० अक्टुवर ८७९ ई) (ज्ञवाली, २०३३, पृ.२) देखि पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका माथि विजय प्राप्त गर्नु अघिको समय (८८९ वर्ष) लाई मध्यकाल र पृथ्वीनारायण शाहद्वारा काठमाडौं उपत्यका विजय गरेपछिको समयलाई आधुनिक काल मानिन्छ । मध्यकाललाई पनि राजनीतिक घटनाक्रमको आधारमा पूर्वमध्यकाल र उत्तरमध्यकाल गरी दुई भागमा  विभाजन गरिएको छ । नेपाल संवत्को सुरुआतदेखि यक्ष मल्ल सम्मको समयलाई ( मल्ल राज्य विभाजन नहुँदासम्मको समय) लाई पूर्वमध्यकाल र त्यसपछि काठमाडौं उपत्यकाका विभाजित राज्यहरु कान्तिपुर, ललितपुर, र भादगाऊँलाई पृथ्वीनारायण शाहले नजितेसम्मको समयलाई उत्तरमध्यकाल भनिन्छ (नेपाल, २०५४, पृ.१) । हुन त कतिपय ऐतिहासिक स्रोतमा नेपाल उपत्यकामा जयस्थिति मल्लभन्दा अगाडिको समयलाई पूर्वमध्यकाल र त्यसपछिको समयलाई उत्तरमध्यकाल भनिएको पाइन्छ (वैद्य र बज्राचार्य, २०५५, पृ.२१) । जयस्थिति मल्लदेखि मल्लहरुको राज्य रहेसम्म एउटै वंशका मल्लहरुको राज्य रहेकाले यसरी समय विभाजन गरिएको देखिन्छ । तर यक्ष मल्लको शासनकाल पछिलाई उत्तरमध्यकाल मान्दा राजनैतिक घटनाक्रमलाई बुझ्न सजिलो पर्ने हुनाले यस अध्ययनमा यसैलाई आधार मानिएको छ ।

प्राचीन कालमा तनहुँको अवस्था बुझ्न नेपालमा मानव सभ्यताको विकास कहिलेबाट सुरु भयो भन्ने आधार खोज्नुपर्ने हुन्छ । भूगर्भविद्हरूका अनुसार अढाइलाख वर्ष भन्दा पहिले नेपालमा रहेका विभिन्न उपत्यकाहरूबाट पानी बगेर बाहिर गएपछि त्यस ठाउँमा बस्तीयोग्य जमिन बन्न गएको हो भन्ने रहेको छ (पाण्डे र रेग्मी, २०५४, पृ.७६) । नेपालमा रहेका त्यस्ता उपत्यकाहरूमा मुख्यत काठमाडौं उपत्यका नै भयो । त्यस बाहेक डडेल्धुराको जोगबुढा, बैतडीको पाटन, दार्चुलाको देथला, बझाङको चैनपुर, बाजुराको कोल्टी, अछामको साँफे, सुर्खेतको सुर्खेत र गुटु, जाजरकोटको पैंक, रुकुमको चौरजहारी, सल्यानको लुहाम, प्यूठानको माडी, दाङ, देउखुरी, कास्कीको पोखरा, पाल्पाको माडी र रामपुर, गोरखाको च्याङ्गलिङ, तनहुँको साँगा र चुँदी पर्दछन् ।

आजभन्दा दशहजार वर्ष पहिले मानिस पाषण यूग (ढुङ्गे युग) मा थिए । त्यस समय मानिसहरू शिकार गर्दै आ-आफ्ना झुण्ड सहित नेपालका उल्लेखित उपत्यकाहरूमा आइपुगेको मानिन्छ । कास्की जिल्लाका ढिकुरपोखरी गाउँ विकास समिति वडा नं. २ सिंपाली गाउँमा भेटिएको ढुङ्गे बञ्चरो यस भनाईलाई पुष्टि गर्ने आधार मान्न सकिन्छ । त्यो ढुङ्गे बञ्चरो उत्तरपाषणकालीन मानवको शिकार गर्ने हतियार हो भन्ने रहेको छ (सुवेदी, २०६०, पृ.२१) । यस्तै किसिमका अन्य हतियारहरू अर्घाखाँचीको डिभार्ना र मुस्ताङमा पनि भेटिएका छन् । यी मानव हतियारहरू प्राप्त भएकाले पाषण युगका मानवहरू धवलागिरी, लुम्बिनी, गण्डकी क्षेत्र वरपर पनि रहेका थिए भन्ने देखाउँछ । सम्भवतः तनहुँमा पनि ती मानवहरू ओहोरदोहोर गरेका हुन सक्दछन् ।

पाषण युगको अन्त्यपछि धातुयुग सुरु भयो । त्यस युगसम्म मानव सभ्यताको सुरु भैसकेको पाइँदैन । विस्तारै मानिसहरू स्थायी रूपमा बसोबास गर्न थाले । उनीहरूले पशुपालन गर्न थाले । खनी खोस्री खेतीपाती लगाउन थाले । यसरी कृषि युगको सुरुआत भयो । झुण्डका नाइके विस्तारै बस्तीका प्रमुख बने । यिनै बस्तीका प्रमुखहरू विस्तारै मुखिया भए र पछि राजा बनी अरुलाई रैती बनाएर उनीहरू माथि हैकम चलाउने प्रथाको सुरुआत भयो ।

काठमाडौं उपत्यका बस्ती योग्य भूमि बनेपछि सबभन्दा पहिले त्यहाँ नाग जाति आएर बसोबास गरे भनिन्छ। यी जाति उपत्यकाको छेउछाउमा बस्दथे। कन्दमुल र शिकारबाट जीवनयापन गर्दथे । स्वयम्भू पुराण, विष्णुपुराणहरूमा यस जातिको प्रमुख नाग जातिलाई भगवान् श्रीकृष्णले दमन गरेपछि यहाँको पानी बाहिर बगाई बस्ती बसाले भन्ने पाइन्छ। नेपाल महात्म्यमा नागजाति प्रमुख वाणासुरलाई भगवान् श्रीकृष्णले युद्धमा हराई उपत्यकाको पानी बाहिर बगाएर गोपाल वंशलाई उपत्यकामा बसोबास गराए भन्ने पाइन्छ । गाई पाल्ने जाति भएकाले गोपाल भनिएको मानिन्छ । नेपालको प्राचीन इतिहासमा गोपाल वंशको महत्त्वपूर्ण स्थान रहेको छ। यस वंशको शासन कालमा नै हिन्दूहरूका आराध्यदेव भगवान् पशुपतिनाथको जोतिर्लिङ्ग उत्पत्ति भएको र टेकु दोभानमा तपस्या गरी बस्ने 'ने' नाम गरेका मुनि (ऋषि) को नामबाट यस देशको नाम नेपाल रहन गएको उल्लेख इतिहासमा पाइन्छ । गोपाल जातिको आगमन देखि नै नेपालमा पशुपालन र कृषिको युग सुरुआत भएको मानिन्छ ।

गोपाल वंशपछि महिषपाल (आभिर) वंशले काठमाडौं उपत्यकामा शासन गरे भनिएको छ । गाई पाल्ने जाति गोपाल भनिए जस्तै भैंसी पाल्ने जाति महिषपाल हुन भनिन्छ । वास्तवमा यिनीहरू एकै जातिका हुन पेसाको आधारमा मात्र फरक देखिएको हो तर कसैको भनाई अनुसार यिनीहरू फरक वंशका हुन र गोपाल वंशका अन्तिम राजा जयगुप्त द्वितीयलाई हराएर महिषपाल वंशका बरसिंहले महिषपाल वंशको शासन सुरु गरे भन्ने रहेको छ (भण्डारी, २०४६, पृ.२९-३०) । महिषपाल वंशका अन्तिम राजा भूवनसिंहलाई युद्धमा हराएर पूर्वतिरबाट आएका किराँत जातिका प्रमुख यलम्बरले नेपालमा किराँत वंशको शासन सुरु गरे (उपाध्याय, सन् १९५०, पृ.१०७) ।

काठमाडौं उपत्यकामा किराँतहरूको शासन चलेको समयमा पश्चिम पहाडी भेक तनहुँ लगायत गण्डकी प्रदेशमा पनि मगरहरूको बस्ती बसिसकेको देखिन्छ। तनहुँ वरपरका बस्ती, नदी तथा खोलाको नाम 'ङ' वर्णान्त र 'दी' वर्णान्तका भएकाले पनि पहिले देखि नै यस भेकमा भोट बर्मेली भाषा बोल्ने जातिहरूको बाहुल्य रहेको मानिन्छ। त्यसो त मगर, गुरुङ, शेर्पा, सुनुवार, राई, लिम्बू, थकाली लगायत हालको आदिबासी जनजातिमा सूचिकृत सबै जाति किराँत जातिका हुन भनिन्छ (चोङवाङ, २०६२, पृ.३१) । यसमा पनि त्यस भेकका कतिपय ठाउँ र नदी खोलाको नाम मगर भाषाबाट राखिएको हुनाले तनहुँमा मगर जातिको बस्ती उल्लेख्य रूपमा रहेको मानिन्छ।

किराँती शासकहरूलाई विस्थापित गरेपछि लिच्छविहरू काठमाडौं उपत्यकाका शासक बने । भारतको वैशालीमा लिच्छविहरूको विशाल गणराज्य थियो । मगधका सम्राट अजात शत्रुले

वैशाली माथि आक्रमण गरी लिच्छविहरुलाई पराजित गरे । लिच्छविहरू आफ्नो आत्मरक्षा तथा धार्मिक परम्पराका संरक्षण गर्न शरणार्थीको रूपमा नेपाल पसेका थिए । यिनै लिच्छविहरूले किराँतहरूलाई हराएर नेपालमा राजतन्त्रात्मक शासन व्यवस्था चलाएर बसे । हिन्दू धर्मावलम्बी लिच्छविहरू सभ्य र सुसंस्कृत थिए । यसै वंशको शासनकालदेखि नै नेपालमा वर्ण व्यवस्था सुरु भएको पाईन्छ (पाण्डे र रेग्मी, २०५४, पृ.२१) ।

लिच्छवि शासन पूर्वमा कोशी र पश्चिममा गण्डकी प्रश्रवण क्षेत्रसम्म फैलिएको पाइन्छ । मानदेवको बुबा धर्मदेवको राज्यकालदेखि नै गण्डकी वारीसम्म केन्द्र (काठमाडौं) बाट नै प्रत्यक्ष शासन चलाएको र गण्डकी पारी सामन्तहरू नियुक्त गरी ती सामन्तहरूद्वारा केन्द्रको निर्देशनमा शासन चलाएको देखिन्छ (पन्त, २०४१, पृ.४) । लिच्छविकालमा गण्डकी वारीका गोरखा लगायत तनहुँ पनि केन्द्रद्वारा प्रत्यक्ष शासन सञ्चालन हुने क्षेत्र भएको देखिन्छ ।

विक्रमको छैटौं शताब्दीमा लिच्छवि राजा मानदेवले गण्डकी तरेर पश्चिम मल्लपुरीका सामन्तहरूलाई विजय गरेको वर्णन ५२१ को चाँगुनारायणको अभिलेखमा उल्लेख छ (बज्राचार्य (सम्पा.), २०३०, पृ.१०-१३) । नेपालको भौगोलिक बनोटको कारण लिच्छवि कालमा पूर्व र पश्चिमी भूभागमा केन्द्रबाट प्रत्यक्ष शासन चलाउनु सम्भव थिएन । त्यसैले स्थानीय शासकलाई सामन्त शासकको पद दिएर शासन सञ्चालन हुन्थ्यो । त्यस समय पूर्वमा किराँत प्रदेश र पश्चिममा मल्लपुरी प्रदेशमा सामन्तहरूद्वारा शासन चलेको थियो । तत्कालीन मल्लपुरी अन्तर्गत काली गण्डकी वरिपरिका वर्तमान बाग्लुङ, पर्वत र म्याग्दीका भूभागहरु रहेका थिए ।

यहाँ मल्लपुरीका सामन्तसँग मानदेवले किन युद्ध लड्नु पर्‍यो त ? भन्ने प्रश्न उठ्दछ । लिच्छवि राजा धर्म देवको मृत्यु भएपछि उनका छोरा मानदेव कलिलो उमेरमा नै राजा बने । जब जब केन्द्रमा शासक कमजोर हुन्छ, तब प्रदेशका सामन्त शासकहरूले मौकाको फाइदा उठाई आफू शक्तिशाली बन्न थाल्ने सामन्तवादी शासनको विशेषता नै भन्नुपर्दछ । कलिलै उमेरका राजा मानदेवको आदेश नमानी पूर्व र पश्चिमका सामन्तहरूले केन्द्रको विरुद्धमा विद्रोह गर्न लागे । मानदेवले पूर्वतर्फका सामन्तहरूलाई सजिलैसँग आफ्नो वशमा पार्न सफल भएता पनि पश्चिम मल्लपुरीका सामन्तहरूले मानदेवको आदेश मानेनन । सैनिक सहित मानदेवले उर्लिएको गण्डकी तरेर मल्लपुरी माथि आक्रमण गरे । मानदेवको अगाडि सामन्त शासकहरू टिक्न सकेनन् र पराजय भई मानदेवको (केन्द्र) को अधिनता स्वीकार गरे (श्रेष्ठ, २०५०, पृ.१४) ।

यहाँ मानदेवले उल्लेख गरेको मल्लपुरी कहाँ थियो त ? भन्ने चर्चा गर्नु आवश्यक देखिन्छ । गण्डकी पारीको मल्लपुरी भनेर मानदेवले स्पष्टसँग लेखेका छन् । त्यसैले मल्लपुरी गण्डकी पारी रहेकोमा शङ्का रहेन । गण्डकी प्रदेशमा पूर्वमा त्रिशुली गण्डकी र पश्चिममा काली गण्डकी पर्दथे भने त्यसको वीचमा सप्त गण्डकी (मर्स्याङ्दी, मादी, सेती, चेपे, दरौदी, बुढीगण्डकी, त्रिशुली) पर्दथे । त्रिशुली गण्डकी पवित्र धार्मिक स्थल गोसाईकुण्डबाट निस्केको हुनाले धार्मिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ । यो प्रदेश गोरखाको पूर्वमा पर्ने भएकोले गण्डकी पारीको मल्लपुरी यसलाई भन्न मिल्दैन ।

पश्चिममा दामोदर कुण्डबाट निस्केको कालीगण्डकीको छुट्टै धार्मिक महत्त्व रहेको छ । हिमवत-खण्डमा विष्णु भगवान् शालीग्राम भएर यसै नदीमा रहेको चर्चा पाइन्छ । मुक्ति क्षेत्रको नामले प्रख्यात यस गण्डकी प्रदेशमा पौराणिक कालमा ऋषिहरूको तपस्या स्थल थियो (श्रेष्ठ, २०५०, पृ.१५) ।

नेपालको इतिहासलाई हेर्दा सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक जस्ता विभिन्न कारणले बाहिरबाट विभिन्न समयमा विभिन्न जातिहरू नेपालमा शरणार्थीको रूपमा प्रवेश गरी बसोबास गर्न थालेको देखिन्छ । नेपालको भौगोलिक कारणले गर्दा पनि बाहिरबाट आउने जातिहरूलाई बसोबास गर्नका लागि यो ठाउँ उपयुक्त बन्यो । ईशापूर्व ६०० वर्ष अगाडि भारतमा वैशाली, कुशीनारा, कौशल आदि गणराज्यहरू थिए । मगधका राजा अजातशत्रुको आक्रमणबाट पराजित भएर जसरी लिच्छविहरू नेपालमा प्रवेश गरे । त्यसैगरी अजातशत्रुकै आक्रमणबाट आत्मरक्षाका लागि शरणार्थी भएर कुशीनाराबाट मल्लहरू र कौशलबाट शाक्यहरू नेपालमा प्रवेश गरे । सिद्धार्थ गौतमको महानिर्वाण यिनै मल्लहरूको कुशीनारामा भएको थियो । गौतमबुद्धको महानिर्वाण र मगध साम्राज्यको विकासपछि मल्लहरू कालीगण्डकी क्षेत्रमा आएर बसोबास गर्न थाले । मल्लहरू बसोबास गरेर बसेको ठाउँ भएकाले त्यस ठाउँलाई मल्लपुरी भनियो । मानदेवले यही मल्लपुरीका सामन्तहरू माथि आक्रमण गरी आफ्नो वशमा पारेको देखिन्छ ।

त्यसै गरी राजा मानदेवको ५२१ को चाँगुनारायणको अभिलेखलाई लिच्छवि वंशका पहिलो प्रमाणिक अभिलेख मानिन्छ (बज्राचार्य (सम्पा.), २०३०, पृ.१०) । सो अभिलेखका अनुसार नेपालको सीमाना पूर्वमा कोशी प्रश्रवण क्षेत्र र पश्चिममा गण्डकी प्रश्रवण क्षेत्र रहेको देखिन्छ । सुदुर पश्चिममा रहेको लिच्छवि अभिलेख अङ्कित माटाका चैत्य, पूर्वको दुम्जामा भेटिएको लिच्छवि शासक अंशुवर्माको शिलालेख र पर्वत राज्य अन्तर्गत पर्ने बाग्लुङमा भेटिएको मानदेवको मुद्रा मानाङ्कले गण्डकी प्रदेश लिच्छवि राज्य अन्तर्गत पर्दथ्यो भन्ने कुराको पुष्टि गर्दछ (श्रेष्ठ, २०५०, पृ.१४) । त्यस्तै काठमाडौं उपत्यकाको पश्चिममा रहेको गोरखासम्म त लिच्छवि शासकहरूको प्रत्यक्ष शासन नै थियो भन्ने कुरा गोरखाको गोरखनाथ गुफामा रहेको शिवदेव द्वितीयको अभिलेखले प्रमाणित गरेका छन् (बज्राचार्य (सम्पा.), २०३०, पृ.५२३-५२४) । तनहुँ पनि गोरखासँग सीमाना जोडिएको क्षेत्र भएकोले सम्भवतः लिच्छवि शासकहरूको प्रत्यक्ष शासन हुने क्षेत्र अन्तर्गत पर्दथ्यो । अर्थात् प्राचीन कालमा तनहुँ केन्द्रद्वारा शासित क्षेत्र भित्र पर्दथ्यो । तर तत्कालीन तनहुँको भौगोलिक बनोट सम्बन्धी जानकारी दिने सामग्री पाइएका छैनन् ।

## ४.४ मध्यकालमा तनहुँ

जयदेव द्वितीयको शासन कालपछिका लिच्छवि शासकहरु कमजोर भएकाले एकान्तर राज्यप्रणाली अनुसार शासन चल्न थाल्यो । जसले गर्दा शासकहरुबीच सत्ताको लागि संघर्ष हुन थाल्यो । यही सत्ता प्राप्तिको होडबाजीमा रहेको केन्द्रीय सरकारले केन्द्रको अधिनमा रहेको सामन्त राज्यहरु तर्फ ध्यान दिन सकेन । त्यसैले एघारौं शताब्दीको अन्त्यतिर आइपुग्दा नेपाल टुक्रिएर तीन

राज्यमा विभाजन भयो। कर्णाली प्रदेशमा खस मल्ल राज्य, सिम्रौन गढमा तिरहुत राज्य र भक्तपुरमा केन्द्र अर्थात् नेपालमण्डल।

नेपालमण्डलका अन्तिम राजा यक्षमल्लपछि मल्ल राज्य विभाजन भएर काठमाडौं उपत्यकामा तीनवटा मल्ल राज्य बने। सिम्रौनगढको तिरहुत राज्य पनि राजा हरिसिंह देवको समयमा आएर ध्वस्त भयो। त्यस्तै कर्णाली प्रदेशको खस मल्लराज्यमा पनि मलय ब्रह्मा र उनका सन्ततिले कब्जा जमाए। यसरी काठमाडौं उपत्यकामा ३ वटा मल्ल राज्य र कर्णाली प्रदेशमा बाइसी र गण्डकी प्रदेशमा चौबीसी राज्य स्थापना भएपछि पूर्वमध्यकालको अन्त्य भएर उत्तरमध्यकाल सुरु भएको मानिन्छ।

### ४.४.१ पूर्वमध्यकालमा तनहुँ

लिच्छविकालमा जस्तै पूर्वमध्यकालमा पनि प्रशासनिक कार्य केन्द्रबाट सिधै सञ्चालन गर्न नसक्ने प्रदेशहरूमा सामन्त शासकद्वारा सञ्चालन गर्न जिम्मा दिइएको हुन्थ्यो। पूर्वमध्यकालमा केन्द्रलाई मण्डल भनिन्थ्यो भने प्रशासनिक क्षेत्र वा जिल्लालाई विषय भनिन्थ्यो (सुवेदी, २०५९, पृ.६२-६५)। यी विषयहरूमा केन्द्रलाई केही रकम तिरेर प्रशासन सञ्चालन गर्ने पुस्तैनी अधिकार पाएका सामन्तहरूले शासन चलाएका हुन्थे। तैपनि यस्ता सबै प्रदेशहरूलाई नेपालमण्डल भनी तत्कालीन ऐतिहासिक सामग्रीहरूमा उल्लेख गरिएको पाइन्छ (नेपाल, २०५४, पृ.२९)। नेपाल मण्डल अन्तर्गत गण्डीगुल्म विषय, धवल स्रोत विषय, पन्नग विषय, पञ्चायत देश विषय, उदयपुर विषय, फनपिङ विषय, जिल्लोद्रगम विषय, भङ्गुर विषय र लमजुङ विषय गरी हालसम्म नौ वटा विषय वा जिल्ला रहेको पाइएको छ (सुवेदी, २०५९, पृ.६२-६५) तर गण्डकी प्रश्रवण क्षेत्रमा मग्वर विषयको पनि चर्चा तत्कालीन ऐतिहासिक स्रोतहरूमा पाइन्छ। त्यस्तै लमजुङ विषय छुट्टै सामन्त शासकद्वारा शासन चल्ने नभई केन्द्रद्वारा सिधै चल्ने देखिन आएको छ। जसको चर्चा पछि गरिने छ।

यहाँ यी विषयहरूमध्ये गण्डकी प्रदेशका विषयहरूको मात्र चर्चा गरिएको छ। तत्कालीन समयको ऐतिहासिक सामग्रीहरूमा गण्डीगुल्म विषय, मग्वर विषय, धवलस्रोत विषय आदि गण्डकी प्रदेशका विषयहरूको चर्चा गरिएको पाइन्छ। यिनको उल्लेख तल गरिएको छ।

**गण्डीगुल्म विषय -** वि.सं. ११५० मा लेखिएको अष्ठसहस्रिका प्रजापारमिता ग्रन्थमा श्रीगण्डीगुल्म भनि लेखिएको भेटिन्छ भने आनन्ददेवको समयको १२२१ मा लेखिएको ग्रन्थका पुष्पिका वाक्यमा गण्डीगुल्मालय भन्ने उल्लेख गरिएको पाइन्छ (नेपाल, २०५४, पृ.३०)। केही विद्वान्ले गण्डकीका किनारमा रहेको गुल्मी भेक तत्कालीन समयको गण्डीगुल्म विषय हो भनेका छन् (सुवेदी, २०५५ (ख), पृ.४१)। काली गण्डकीलाई गण्डी भनिने भएकोले र गुल्मको अर्थ सुरक्षा चौकी हुने भएकोले गुल्मी भेकलाई नै गण्डीगुल्म भनिएको हुन सक्दछ।

**मग्वर विषय** - मग्वर विषयको चर्चा गरिएको प्रमुख ऐतिहासिक सामग्री वि.सं. ११५७ को शिवदेवको शासनकालको ताम्रपत्र हो (जि.सी., २०७०, पृ.११९-१२२)। यस ताम्रपत्रमा राजा शिवदेवको

शासनकालमा सामन्त रामदेवको विजयराज्य भनि मग्वर विषयको उल्लेख गरिएको पाइन्छ। 'मग्वर' मगराँत शब्दको प्राचीन नाम भएकाले मगरहरूको बाहुल्य रहेको क्षेत्रमा मग्वर विषय रहेको देखिन्छ अर्थात् पूर्व मध्यकालमा मग्वर विषयलाई हाल मगरात भनिएको हो (गुरुङ, २०६१, पृ. २४) । नेपालको मर्स्याङ्दी नदीदेखि प्यूठानसम्मको भूभागलाई 'बाह्रमगरात' भनिन्थ्यो (नेपाली, २०५६, पृ.१३६) । तर यति ठूलो भूभागलाई मग्वर विषयले समेटिएको नभई मगरहरू बसोबास गर्ने निश्चित भूभागलाई मात्र समेटिएको हुन सक्दछ । त्यसैले ढोरपाटन र तमान बीचको निसी-भूजी खोलाको प्रश्रवण क्षेत्रलाई मग्वर विषय भनिएको पाइन्छ (श्रेष्ठ, २०५९, पृ.१२) । हाल यो क्षेत्र बाग्लुङ जिल्लाको सुदुरपश्चिममा पर्दछ ।

**धवल स्रोत विषय :** वि.सं. ११५६ को धवल स्रोतका कमलपाणिले लेखेका हस्तलिखित ग्रन्थको पुष्पिका वाक्यमा "महासामन्ताधिपति महासामन्त श्री रामदेवस्य विजयक राज्य उल्लेखतक" लेखिएको पाइन्छ (नेपाल, २०५४, पृ.६६) । यस हस्तलिखित ग्रन्थ र वि.सं. ११५७ को ताम्रपत्रको तुलनात्मक अध्ययन गर्दा मग्वर विषय र धवलस्रोत विषय दुवैका सामन्त शासक रामदेव देखिन्छन् । यसैलाई आधार मानेर मग्वर र धवलस्रोत विषय एउटै विषय हुन वा धवल स्रोत विषय अन्तर्गत नै मग्वर विषय रहेको थियो भन्ने शङ्का उत्पन्न भएको पाइन्छ (नेपाल, २०५४, पृ.६६) । राजा हर्षदेवपछि केन्द्रमा देखापरेको कमजोरीको फाईदा उठाएर सामन्त रामदेवले ११५६ को हस्तलिखित ग्रन्थमा राजाको नामको उल्लेख नै नगरी आफूलाई महासामन्तधिपति, महासामन्त भनेर केन्द्रबाट मुक्त भएको अभिव्यक्ति दिएको देखिन्छ । पछि वि.सं. ११५७ को ताप्रपत्रमा भने रामदेव स्वयम्ले राजा शिवदेवको नाम उल्लेख गरी आफू सामन्त शासक भएको देखिएको छ । यसबाट सामन्तहरू केन्द्रको शक्तिसँगै आफ्नो हैसियतलाई घटाउने बढाउने गर्दथे भन्ने स्पष्ट हुन्छ । यी अभिलेखहरूको आधारबाट मग्वर र धवल स्रोत विषय एउटै नभई एक आपसमा नजिकका विषयहरू थिए भन्न सकिन्छ । धवल स्रोत विषय धौलागिरी हिमालको नामसँग मिल्दोजुल्दो देखिएकोले यो स्थान धौलागिरी हिमालको दक्षिणी प्रदेशमा थियो भन्ने देखिन्छ । यो पनि मगर जातिको बाहुल्यता रहेको क्षेत्रभित्र पर्दछ । मग्वर विषय र धवल स्रोत विषय एउटै विषय हुन भन्ने पनि पाइएकाले र गण्डकी प्रदेशका विषय अन्तर्गत धवल स्रोत विषय पर्ने भएकाले यहाँ धवलस्रोत विषयको चर्चा गरिएको हो ।

माथिका यी विवरणहरूबाट मध्यकालको पूर्वार्द्धमा गण्डकी प्रश्रवण क्षेत्रको मगराँत प्रदेशमा गण्डीगुल्म, मग्वर, धवल स्रोत र पन्नग विषयहरू एक अर्कासँग सीमाना जोडिएका सामन्त राज्यहरू थिए । यी राज्यहरूको शासन व्यवस्था केन्द्र अन्तर्गतका सामन्त शासकका रूपमा रहेका विषयपतिहरूद्वारा चल्दथ्यो भन्ने पुष्टि भएको छ । तनहुँ भेक कुन विषय अन्तर्गत पर्दथ्यो भन्ने ऐतिहासिक आधार भेटिएको छैन । तर वि.सं. ११२६ मा लमजुङका गंगा रानाले सारेको अष्टसाह्रस्रिका प्रजापारमिता नामक हस्तलिखित ग्रन्थमा 'राजा शंकरदेवको राज्यमा' भनिएको छ (श्रेष्ठ, २०५९, पृ.११) । यस हस्तलिखित ग्रन्थको आधारमा लमजुङमा कुनै विषयपति वा सामन्तको उल्लेख नगरिएकाले लमजुङ सम्म सोझै केन्द्रबाट शासन चल्दथ्यो भन्ने स्पष्ट हुन्छ । यस स्रोतको आधारमा तनहुँको उत्तरी सीमानामा जोडिएको लमजुङसम्म केन्द्रद्वारा प्रत्यक्ष शासन चल्दथ्यो भन्ने देखिन्छ । त्यस्तै लिच्छविकालमा गोरखासम्म केन्द्रद्वारा प्रशासन सञ्चालन हुने कुरा माथि उल्लेख गरिसकिएको

छ । त्यसैले कुनै प्रमाणित स्रोत नभेटिएसम्म तनहुँ भेकमा पनि कुनै सामन्त शासकको अधिनमा नरही केन्द्रद्वारा नै शासन सञ्चालन हुन्थ्यो भन्न सकिन्छ ।

नेपालमण्डलका अन्तिम राजा यक्ष मल्लपछि मल्ल राज्य टुक्रिएर तीन वटा राज्यमा विभाजित भयो । केन्द्रमा देखिएको कमजोरीले गर्दा सामन्त शासन व्यवस्था पनि कमजोर बन्यो । त्यसैको फाइदा उठाएर दक्षिण भारतको कर्नाटकबाट नेपाल आएका कर्नाटक वंशीय शासक नान्य देवले वि.सं. ११५४ (ई. १०९७) मा मिथिलामा सिमरौन गढ राज्यको स्थापना गरे । यस राज्यका अन्तिम राजा हिरिसिंह देव थिए । यिनका राज्यमा दिल्लीका सुल्तान गयासुद्धीन तुगलकद्वारा वि.सं. १३८१ मा सिमरौनगढ राज्य ध्वस्त पारियो (ज्ञवाली, २०३३, पृ.२) ।

कर्णाली प्रदेशका खस राजाहरुले साम्राज्य विस्तार गर्ने क्रममा तनहुँ क्षेत्रलाई आफ्नो क्षेत्राधिकारमा पारेको विषय जोडिएकोले कर्णालीका खस मल्ल राज्यको सन्दर्भमा यहाँ चर्चा गर्न आवश्यक देखिएको छ । तिब्बत खारी प्रदेशका शासक नागराजले कर्णाली प्रदेशमा आएर सिंजालाई राजधानी बनाएर खस राज्यको स्थापना गरे (सुवेदी, २०५४, पृ.१७) । कुमाउ गडवालबाट उत्तरतिर छिरेका खसहरूले पहिला दक्षिण, पश्चिम तिब्बतमा अधिकार गरेका थिए । तिब्बतमा शासन गरेको केही पुस्ता पछि नागराजको नेतृत्वमा खसहरूले कर्णाली प्रदेशका पालहरूलाई पराजित गरी सिंजालाई राजधानी बनाएर राज्य गरेको देखिन्छ (अधिकारी, २०५३, पृ.१७) । नागराजको वंशजमा चाप, चापिल्ला, क्राशिचल्ल, क्राधिचल्ल, क्राचल्ल, अशोक चल्ल, जितारी मल्ल र आदि मल्ल जस्ता उत्साहित राजाहरू थिए (अधिकारी, २०५३, पृ.१७) । यी मध्येका अशोक चल्लले आफ्नो 'सर्वगामिनी वाहिनी' नामक विशाल सेनाद्वारा कुमाउका साथै केदार खण्ड विजय गरी आफ्नो साम्राज्यको विस्तार गरे (घिमिरे, २०४५, पृ.२५) । अशोक चल्लपछि राजा भएका उनका छोरा जितारी मल्लले पूर्वमा खस राज्यको विस्तार गरे । यिनले नेपाल उपत्यकामा वि.सं. १३४४, वि.सं. १३४५ र वि.सं. १३४६ मा तीन पटक आक्रमण गरेको देखिन्छ (खनाल, २०६१, पृ.७) । जितारी मल्लका छोरा आदित्यमल्लले पनि वि.सं. १३८४ मा नेपाल उपत्यकाको ललितपुरमा आक्रमण गरी त्यहाँका जनताबाट कर उठाएर आफ्नो राजधानी सिञ्जा फर्केका थिए (श्रेष्ठ, २०५९, पृ.१७) । यी आक्रमणहरूबाट खस मल्ल राज्य उपत्यकाका मल्ल राज्यहरू भन्दा निकै शक्तिशाली थियो भन्ने देखाउँदछ । काठमाडौं उपत्यकाका राजा दरबारभित्र आन्तरिक द्वन्द सृजना भएको थियो । मल्लवंशका राजा हुँदा देव वंशका उत्तराधिकारी बस्ने र देववंशका राजा हुँदा मल्लवंशका उत्तराधिकारी बन्ने । यस्ता खालका परिपाटीले गर्दा आफू सत्तामा रहन र अर्को पक्षलाई कमजोर बनाउन यी दुवै पक्षले कहिले तिरहुत राज्यलाई त कहिले खस मल्ल राज्यलाई गुहार्ने गर्दथे । उपत्यकाका राज्यको यस कमजोरीको फाइदा बाहिरका राज्यहरूले लिने गर्दथे ।

आदित्य मल्लको वि.सं. १३७८ मा गोरखा जिल्लाका ताघवाई गुम्बाको लामा परिवारलाई सन्तान दरसन्तानसम्म गुम्बामा पूजाआजा गर्न पाउने व्यवस्था गरिदिएको ताम्रपत्र र वि.सं. १३९४ को पुण्य मल्लको ताम्रपत्रले गोरखासम्म खसहरूको आधिपत्य थियो भन्ने देखाउँछ (खनाल (सम्पा.), २०३०, पृ.३) । यस ताम्रपत्रले के पनि देखाउँछ भने गोरखा अर्थात् गण्डकी प्रदेशमा खस

मल्ल आदित्य मल्लको बुबा राजा जितारी मल्लले काठमाडौं उपत्यका विजय अभियानको क्रममा बाटोमा पर्ने स-साना राज्यहरूलाई जितेर आफ्नो आधिपत्यमा पारी अगाडि बढेका थिए । त्यही क्रममा गोरखा सहित तनहुँ पनि खस मल्ल राज्यको प्रभावमा रहेको देखिन्छ । त्यस्तै अभय मल्लको वि.सं. १४४८ को एउटा ताम्रपत्र म्याग्दी जिल्लामा भेटिएकाले गण्डकी प्रदेशको म्याग्दीसम्म पनि खस मल्ल राज्यको अधिनमा थियो भन्ने बुझिन्छ (श्रेष्ठ, २०५९, पृ.१६) । यी अभिलेखहरूका आधारबाट वि.सं. १३८५ देखि १४४८ सम्म खस मल्ल राजाहरूले गण्डकी प्रदेशलाई आफ्नो अधिनमा ल्याएको देखिन्छ ।

विक्रमको बाह्रौ शताब्दीको पूर्वार्द्ध देखि पन्ध्रौं शताब्दीको पूर्वार्द्धसम्म कर्णाली प्रदेशका खस मल्ल राज्य पूर्वमा गोरखा, पश्चिममा कुमाउ, गडवाल, उत्तरमा तिब्बतको दक्षिण-पश्चिम प्रदेश तथा दक्षिणमा सुर्खेत-लुम्बिनी तराई प्रदेशसम्म फैलिएको देखिन्छ (श्रेष्ठ, २०५९, पृ.१६) ।

### ४.४.२ उत्तर मध्यकालको तनहुँ

काठमाडौं उपत्यकामा तीनवटा मल्ल राज्य र कर्णाली प्रदेशमा बाइसी राज्य र गण्डकी प्रदेशमा चौबीसी राज्य स्थापना भएपछि पूर्वमध्यकालका विशाल राज्यहरूको अस्तित्व मेटिएर बहुराज्यहरू स्थापना भई उत्तर मध्यकालीनयुग सुरु भयो । त्यसैले सेनकालीन तनहुँ राज्यको इतिहास रहेको उत्तर मध्यकालको इतिहास हो ।

### ४.४.२.१ सेन वंशको परिचय

पाल्पा राज्यको संस्थापक र उनका पुर्खा सम्बन्धी जानकारी दिन सेन वंशको परिचय खोतल्नु पर्ने हुन्छ । केही विद्वान्हरूले पाल्पाको सेन वंशलाई बंगालका सेनहरूका वंशज मानेका छन् । उनीहरूका अनुसार बंगालमा शासन गर्ने सेन वंशीय राजा लक्ष्मण सेनलाई वख्तीयार खिल्जीले वि.सं. १२५६ मा हराएपछि ती सेनहरू आफ्नो धर्म, जाति भाषा आदिको संरक्षण गर्नका लागि नेपालमा आएर पाल्पा भेकमा राज्य सुरु गरी बसे (घिमिरे, २०४५, पृ.१४) ।

पाल्पाका सेन वंशका मुख्यतः दुईथरी वंशावली प्रकाशमा आएका छन् । ती मध्ये एक एउटा प्राचीन वंशावली हो । यसमा पाल्पा, तनहुँ, राजपुर, मकवानपुर, मदर्रिया, दर्छा, रिसिङको सेन वंशावलीको उल्लेख छ र सेनहरूलाई सिसौदिया वंशका भनिएको छ । यस वंशावलीका अनुसार सेन वंशका प्रथम व्यक्ति मदनराय थिए । उनी चित्तौरस्थित मेवाडका राजा थिए । मदनराय पछि क्रमशः चिल्हाराणा, उदय राणा, अभय राणा, प्रमुख देखिन्छन् । विजय यात्राका क्रममा पाल्पा आईपुगेका अभय राणाले मकवानपुर राज्यका मगर राजा गजलक्ष्मण सिंहको छोरी कान्तीमतीसँग विवाह गरेर यतै बसे (राजवंशी (सम्पा.), २०२०, पृ.२) । अभय राणाको कान्तीमतीबाट भट्टराजदेव नामका छोराको जन्म भयो । भट्टराजदेव पछि क्रमशः मकरध्वजराजदेव, तुथाराजदेव, दिमिकीराजदेव, उदयराजदेव भए । उदयराजदेवका जेठा छोरा गजब्रह्मदेव भए भने यिनका छोरा धर्मपाल भए । धर्मपालका छोरा अनेक सिंहदेव, यिनका छोरा खाम सेन, खाम सेनका छोरा रुद्र सेन र रुद्र सेनका

छोरा मुकुन्द सेन हुन् (राजवंशी (सम्पा.), २०२०, पृ.२-३) । यो वंशावली तनहुँका राजा कामरीदत्त सेनको राज्यकालको प्रारम्भतिर वि.सं. १८२५ मा लेखिएको देखिन्छ (राजवंशी (सम्पा.), २०२०, पृ.क) ।

सेन सम्बन्धी प्रकाश पार्ने अर्को वंशावली हो पण्डित भवदत्तले वि.सं. १८५९ मा तयार पारेको सेन वंशावली । यस वंशावलीमा उनले वि.सं. १८८९ मा पण्डित भवदत्तले रातदिन न्याय वलले बढ्न लागेका श्रीरत्नसेनका कुलमा जन्मेका राजाहरूको वंशरूपी मोतीको मालालाई मैले गाँसेथे भनी लेखेका छन् (राजवंशी (सम्पा.), २०२०, पृ.ख) । यस वंशावलीका अनुसार चितौरका राजा रत्नसेन पछि क्रमश नाग सेन, तीर्थ सेनराज, तुथाराय भए भन्ने देखिन्छ । तुथाराय धार्मिक प्रवृत्तिका भएकाले तपस्या गर्न रिडी आए र यतै बसे । तुथारायका वंशजमा क्रमशः दिमिकिराव, उदयचन्द्र, गजव्रह्म र धर्मपाल राजा भए भनी लेखिएको छ (राजवंशी (सम्पा.), २०२०, पृ.२५) ।

सेनहरूको वंश परिचय दिने यी दुई वंशावली ३४ वर्षको अन्तरालमा लेखिएको देखिन्छ । यी दुई वंशावलीमा गजब्रह्म पछिका नामहरूमा मात्र एकरूपता देखिन्छ । त्यसैले केही इतिहासकारहरूले गजब्रह्मलाई नै सेनवंशको आदिपुरुष र धर्मपाललाई पाल्पाका संस्थापक राजा मानेका छन् (खनाल, २०६१, पृ.१२) । तर केही विद्वान्हरुले धर्मपालका छोरा अनेकसिंह र अनेकसिंहका छोरा खाम सेन या खामराज सेन देखिएकाले खामसेन नै पहिलो सेन वंशी राजा हुन् भनेका छन् (आचार्य, १९९७, पृ.६०-७९) । यिनै खाम सेनले पाल्पा इलाकामा रहेको बल्ढयाङ्गका मगर शासकलाई आफनो अधिनमा पारी त्यहाँ नयाँ रियासतको स्थापना गरेको देखिन्छ ।

पाल्पाका सेनवंशको बारेमा कलम चलाउने विद्वान् हेमिल्टनले भेटेको वंशावली अनुसार चितौरका राजा चित्र सेनका भतिजाहरू जिलराय र अजिलराय आफ्ना सात सय सैनिकहरूका साथ हिमालयको फेदतिर लागे । त्यस समय गण्डकी भन्दा पश्चिम खण्डको भावर प्रदेशमा कर्मसिंहको सानो रियासत थियो । यसको राजधानी राजपुरमा थियो । राजा कर्मसिंहले यी दुई भाइलाई आफ्नो दरबारमा आश्रय दिए । तर उपयुक्त अवसर छोपेर आश्रयदाता कर्मसिंहलाई मारी अजिल राय त्यस रियासतका राजा बने । यिनले मकवानपुर माथि पनि कब्जा जमाए । यी राजा अजिल रायको छोरा तुला सेन देखिन्छन् । तुलासेनका सन्तान दम्भल सेन, गजपति सेन, चन्द्रसेन, रुद्र सेन र कुमुन्द सेन त्यहाँका राजा भएका देखिन्छन् (ह्यामिल्टन, १९९७, पृ.१२९-१३०) । हेमिल्टनले अर्को वंशावलीको पनि चर्चा गरेका छन् । उक्त वंशावलीका अनुसार चित्तौरका अन्तिम राजा रत्न सेनका जेठा छोरा नय सेन चित्तौरबाट आएर प्रयाग (अलाहावादमा बसे । यिनै नय सेनका वंशज तुलासेन अलाहावादबाट लखेटिएर बुटवलको बाटो हुँदै रिसिङ पुगे । केही समयपछि यिनैका सन्तान रुद्र सेनले पाल्पा तानसेन नजिक रिब्दीकोट कब्जा गरी त्यहाँका राजा भए । यिनै रुद्र सेनले रिब्दीकोटबाट तानसेन पाल्पामा राजधानी सारेर पाल्पा राज्यमा सेनवंशको स्थापना गरे भनी लेखेका छन् ( ह्यामिल्टन, १९९७, पृ.१३०-१३१) ।

माथि दिईएका वंशावलीहरूमा सेनहरूको आदि पुरुषको नाम फरक-फरक देखिए पनि सबैमा सेनका पुर्खालाई चित्तौरबाट आएका सिसौदिया कुलका सूर्यवंशी राजपूत भनिएको पाइन्छ । आफ्नो पुर्खालाई चित्तौरको सिसौदिया वंशसँग जोड्नुको पछाडि मेवाडका सिसौदिया वंशको महत्वसँग जोडिएको बुझिन्छ । उक्त महत्व के थियो भने १३६० (सन् १३०३) मा दिल्लीका सुलतान अलाउदिन खिलजीले चित्तौरगढ माथि आक्रमण गर्दा त्यहाँका शासक र योद्धाहरूले आफ्नो आत्मसम्मानका लागि अपूर्व शाहस देखाएर लडेका थिए । त्यतिबेला सिसौदिया कुलका राजपुत वीरहरूले देखाएको वीरता भारतीय इतिहासमा अमर बनेको छ (शर्मा, वि.सं २००८, पृ.२००) । मुसलमानहरूको उक्त विध्वंशकारी आक्रमणबाट पराजित भएपछि त्यहाँका राजपुत क्षेत्रीयहरू हिमालय क्षेत्रतिर प्रवेश गरी विस्तारै त्यही क्षेत्रमा आफ्नो स्वतन्त्र राज्य स्थापना गरी बसे । चित्तौरको यही इतिहासलाई जोडेर सेनहरूले आफ्नो पुर्ख्यौली थलो मेवाड चित्तौर भएको र आफूहरू सिसौदिया वंशका देखाएका छन् । सेनहरू मात्र नभएर बाइसी, चौबीसी राज्यका प्रायः सबैजसो राजाहरूले आफ्नो वंश चित्तौरका राजघरानासँग जोडेको पाइन्छ । जुम्लाका राजा बलिराजदेखि आफ्नो पुर्खालाई चित्तौरको राजघरानासँग जोड्ने क्रमको सुरुआत भएको पाइन्छ । गोरखाका राजा राम शाहले पनि चित्र विलासलाई शाह वंशको राजवंशावली लेख्न लगाएर चित्तौरका राजपुतसँग आफ्नो वंश जोड्न लगाएको देखिन्छ । यही क्रमलाई निरन्तरता दिँदै तनहुँ तथा पाल्पाका राजाहरूले पनि आफ्नो वंशलाई चित्तौरका सिसौदिया वंशसँग जोडेको देखिन्छ । यस सम्बन्धी पछिल्लो उदाहरण जंग बहादुर कुँवरले पनि आफ्नो पुर्खा चित्तौरका सिसौदिया वंशका भएको देखाउँदै वि.सं. १९०५ मा श्री ५ सुरेन्द्रबाट 'राणा' उपाधी प्राप्त गरेको कार्यलाई लिन सकिन्छ ।

त्यसो त पाल्पाका सेनहरू चितौरका सिसौदिया वंशका नै हुन् भन्ने कुरा निश्चित रुपमा भन्ने आधार छैन किनभने चित्तौरका राजाहरूको नामावलीमा सेन वंशावलीहरूमा दिइएको राजाहरूको नामावली परेको पाइँदैन । चित्तौर वंशका सेनहरूको वंशावलीमा पहिला शासकको रुपमा चुडाराज देखिएका छन् । त्यसपछि मोडासेन देखिन्छन् । उनी सेन उपाधी लिने प्रथम पुरुष देखिन्छन् । त्यसपछि क्रमशः पृथ्वीसेन, प्रतापसेन, संग्रामसेन, सूर्यराज सेन, कहजीत सेन, रामराजसेन, मानराजसेन, पृथुराजसेन, सन्दर्भसेन, तहीवर्तसेन र रत्नसेन देखिन्छन् । रत्नसेनका नागसेन, कलेसेन, मनोहरसेन र जालिम सेन गरी चारजना छोराहरू थिए (राजवंशी (सम्पा.), २०२०, पृ.३४) । यदि सेनहरूको पुर्खा चित्तौर सिसौदिया वंशको हुँदो हो त यी वंशावलीहरूमा रहेका राजाको नामहरू मिल्ने थियो । त्यसैले सेनहरू दक्षिण भारतका राजपुतहरू नभई कर्णाली प्रदेशका मलय ब्रहमका वंशज हुन कि भन्ने शङ्का उत्पन्न हुन्छ । किनभने सेन वंशावलीहरूमा दिइएको नामसूचिमा धर्मपालका बाबु गजब्रह्म पछाडिका नामहरू मिल्न आएका छन् । त्यसैले गजब्रह्मलाई सेनहरूको पुर्खाको रूपमा लिइएको छ ।

कर्णाली प्रदेशका कमजोर राजा अभय मल्लको शासन कालमा सर्वप्रथम डोटीमा सामन्त निरय पालले स्वतन्त्र राज्यको स्थापना गरे । डोटी पछि दुल्लु भेकका सामन्त मलयब्रह्मले आफूलाई महाराजधिराज घोषित गरे । त्यसपछि सिञ्जामा मेदिनीब्रह्मले महामण्डलेश्वरको नामबाट शासन चलाए । त्यसपछि विस्तारै विस्तारै बझाङ, बाजुरा, अछाममा ब्रह्म नामधारी शासकहरूको वंशजले

शासन चलाउन थालेको देखिन्छ । गजब्रह्मका छोरा धर्मपाल पनि मलयब्रह्मका वंशज भएकाले यिनले पनि गण्डकी प्रश्रवण क्षेत्रमा अन्य रजौटाहरूले भन्दा पहिला नै स्वतन्त्र राज्यको स्थापना गरेको देखिन्छ । यस तर्कलाई मान्ने आधार, सेन राजाहरूले धारणा गरेको प्रशस्ति 'रूपनारायणेत्यादि बिरुद' लाई मान्न सकिन्छ । यो बिरुद यसभन्दा अगाडि कर्णालीका शासकहरू संसार ब्रह्म, उदयब्रहम र शक्ति ब्रह्म आदि राजाहरूका प्रशस्तिमा भेटिन्छन् । विभिन्न नारायण अङ्कित प्रशस्तिको सुरुआत कर्णालीका खस राजाहरूबाट नै भएको पाइन्छ (खनाल, २०६१, पृ.१७) । यस आधारबाट सेनहरू मेवाड स्थित चित्तौरका नभई कर्णाली प्रदेशका ब्रह्महरूका वंशज हुन भन्ने देखिन आउँछ ।

गजब्रह्मका छोरा धर्मपालले रिब्दिकोटमा सेनराज्यको स्थापना गरेको चर्चा माथि गरियो । धर्मपालका वंशज रुद्रमल्लले रिब्दिकोकोटबाट पाल्पा भेकका राज्यहरू विजय गरी पाल्पामा सेन राज्यको स्थापना गरेका थिए । वि.सं. १५७१ को रुद्रसेनको स्याहामोहरबाट रुद्रसेन पाल्पाका प्रथम राजा देखिन्छन् । त्यस स्याहामोहरमा "स्वस्ति श्री रूपनारायणेत्यादि विविध विरुदावली विराजमानमा मानोन्नत श्री महाराजधिराज श्रीमत रुद्रसेन देवानां सदा समर विजाय नाम ..." लेखिएको छ ( राजवंशी (सम्पा.), २०२०, पृ.३) । पण्डित भवदत्तले पनि रुद्रसेनलाई नै पाल्पा राज्यको स्थापना गर्ने राजाको रुपमा मानेका छन् । यसरी सेन वंशलाई बंगालको सेन, मेवाड स्थित चित्तौरको सिसौदिया वंश आदिसँग जोडिए पनि माथी दिइएका स्रोतका आधारबाट यी सेनहरु कर्णालीका खसहरूको वंशज भएको देखिन आउँछ ।

पाल्पा राज्यको स्थापना गर्ने रुद्रसेनको पहिलो विवाह मधेशकी राजकन्या आशनमालासँग भएको थियो भने दोस्रो विवाह प्यूठानकी राजकुमारीसँग भएको थियो । रानी आशनमालाबाट मुकुन्द सेनको र प्यूठानी राजकुमारीबाट उग्रसेन, पूर्णसेन दुईजना राजकुमार र दिपावली नामक एक राजकुमारीको जन्म भएको थियो (राजवंशी (सम्पा.), २०२०, पृ.३) । आफ्नो राज्य सुदृढ बनाउन र राज्य विस्तार गर्नका लागि शक्तिशाली राष्ट्रसँग वैवाहिक सम्बन्ध गास्नु तत्कालीन समयको कुटनैतिक पक्ष मानिन्थ्यो । त्यसै अनुरूप रुद्रमल्लले पाल्पासँग पश्चिमी सीमाना जोडिएको बलियो राज्य प्यूठानसँग वैवाहिक सम्बन्ध जोडेको देखिन्छ । प्यूठानसँगको यस सम्बन्धले गर्दा छिमेकी राज्यहरू अर्घाखाँची, गुल्मीले प्युठानसँग मिलेर पाल्पाका विरुद्ध संगठित हुने डर भएन ।

बुबा चन्द्र सेनले नै बुटवलदेखि पाल्ही सम्मका तराई भेक जिती सकेकाले र रुद्रसेनले गुल्मी, अर्घा, खाँची र प्यूठानसँग मैत्री सम्बन्ध कायम गरेकाले पछि उनले मगरहरूको राज्य बल्ढेयाङगढी माथि सजिलैसँगै विजय गरे (खनाल, २०६१, पृ.३१) । बल्ढेयाङगढी विजयपछि स्यूराजदेखि चितवनको तराई भेकसम्मका भूभाग पाल्पा राज्य अन्तर्गत रहेको पाइन्छ । त्यसपछि रुद्र सेनले तराईमा पनि नारायणी पूर्वका चम्पारन राजपुर, गण्डकी प्रदेशका तनहुँ तथा गोरखा भेक सम्मका भूभाग पाल्पाराज्य अन्तर्गत पारेको देखिन्छ (खनाल, २०६१, पृ.३१) ।

रुद्र सेनपछि पाल्पाको  राजगद्दीमा मुकुन्द सेन प्रथम बसे । यिनले पाल्पा राज्यमा वि.सं. १५६५ देखि १६१० सम्म शासन चलाएका थिए (आचार्य, १९९७, पृ.६०-७९) । यी मुकुन्द सेनदेखि आठ पुस्ता पछाडि पाल्पामा शासन गर्ने अर्को मुकुन्द सेन देखिएकाले सम्बोधन गर्दा रुद्र मल्लका छोरालाई मुकुन्द सेन प्रथम र पछिकालाई मुकुन्द सेन द्वितीय भनिएको छ । मुकुन्द सेन प्रथमले आफ्ना बुबा रुद्रमल्लले जस्तै पाल्पा राज्य विस्तार अभियानलाई अगाडि बढाए । तत्कालीन परिस्थितिको अध्ययन गर्दा मुकुन्द सेनले पाल्पा राज्य विस्तार गर्नको लागि समय अनुकूल देखिन्छ । उनी राजगद्दीमा बसेको समयताका काबुलका बादशाह बावरले दिल्लीका सुल्तान इब्राहम लोदीका सैन्य शक्तिलाई चुनौती दिइरहेका थिए (खनाल, २०६१, पृ.३३) । यसरी उत्तर भारतको राजनैतिक अवस्था अस्तव्यस्त भएको थियो भने यता नेपाल उपत्यकामा मल्ल राजाहरू बीच आपसी सम्बन्ध राम्रो थिएन । यक्ष मल्लको मृत्युपछि उनका छोरा तथा नातिहरूले अन्य स्वतन्त्र राज्य स्थापना गरेपछि यी राज्यहरूको बीचमा वैमनस्यता सृजना भएको थियो । त्यस्तै त्यस समय पाल्पाका पहाड तर्फका छिमेकी राज्यहरूमा पर्वतमा नारायण मल्ल, लमजुङमा यशोवर्मा शाह र कास्कीमा पनि यशोवर्माका वंशजको शासन थियो (घिमिरे, २०४५, पृ.३३) । यी राजाहरु पनि आफ्नो राज्य विस्तार गर्न लालायित थिए । यही मौकाको फाइदा उठाएर मुकुन्द सेन प्रथमले आफ्नो साम्राज्यको विस्तार गर्नाका लागि गण्डकी प्रदेशका अन्य छिमेकी राज्यहरूसँग मित्रता गाँस्न आवश्यक देखेको हुनुपर्दछ । त्यसैले त यी राज्यहरूसँग वैवाहिक सम्बन्ध जोडेर मेलमिलाप बढाए । उनले गुल्मीकी राजकुमारी पुष्पमाला, पार्कोटे मगर राज्यकी राजकुमारी सुवर्णमाला र प्यूठानकी राजकुमारी महिमावतीसँग विवाह गरेका थिए । रानी सुवर्णमालाबाट माणिक्य सेन, डम्बर सेन र कुवेर सेन, रानी पुष्पमालाबाट विनायक सेन, हरिसेन, नरिसेन  रानी महिमावतीबाट श्रभर सेन, भृङ्गी सेन, नन्द सेन, सुनद सेन, लोहाङ्ग सेन र यशोदरा, जोन्नानानी र चैतानानीको जन्म भएको थियो (राजवंशी (सम्पा.), २०२०, पृ.४) ।

मुकुन्द सेनले छिमेकी राज्यहरूसँगको सम्बन्ध सुदृढ पारेपछि आफ्नो सैन्य शक्ति पनि पुनर्गठन र व्यवस्थित गरेका थिए । उनले आफनो सेनामा मगर र खस जातिका युवाहरूलाई समावेश गरेका थिए । उल्लेख्य मगर जातिको बसोबास रहेको पाल्पा राज्य र सेनामा पनि मगर युवाहरूको बाहुल्य रहेकाले उनको सेनालाई मगर सेना र उनलाई मगर राजा भनेको पनि पाइन्छ (पन्त र पन्त, २०३७, पृ.१-२४) । मुकुन्द सेनको सेनामा मगर र खसहरू रहे पनि सेनापतिमा भने आफ्ना भाइ तथा छोराहरूलाई नै नियुक्ति गरेको देखिन्छ । उनले वि.सं. १५८१ को हिउँदमा नेपाल उपत्यकामा पहिलो आक्रमण गरेका थिए । यस आक्रमण गर्दा सेनाको नेतृत्व गर्ने स्वयम् मुकुन्द सेन सहित उनका भाइ भतिजाहरू विक्रम सेन, भूवन सेन, रुद्र सेन थिए ।

मुकुन्द सेन प्रथमलाई आफ्नो साम्राज्यको विस्तार गर्नका लागि धनको आवश्यकता थियो । त्यही धन सङ्कलन गर्नको निमित्त उनले नेपाल उपत्यका माथि आक्रमण गरेका थिए (अधिकारी, २०५५, पृ.४) भनिए पनि उपत्यका माथि आक्रमण केवल धन आर्जन गर्नका लागि नभई पाल्पा राज्यको शक्ति प्रदर्शन गर्न पनि थियो भन्ने बुझिन्छ । राजा मुकुन्द सेन आफ्ना सेना सहित वि.सं. १५८१ हिउँदमा पाल्पाबाट नेपाल उपत्यका विजय अभियानको लागि प्रस्थान गरेको देखिन्छ । उनले

पाल्पाबाट उपत्यका आउँदा बाटोमा पर्ने अन्य प्रदेशहरू तनहुँ, धादिङ र गोरखालाई पनि आफ्नो अधिनमा पारेको देखिन्छ । हुनत उनका बुबा रुद्र मल्ले नै गण्डकी प्रदेशका तनहुँ लगायत गोरखा धादिङ पनि पाल्पामा गाभिसकेका थिए (अधिकारी, २०५५, पृ.२) तर त्यस समयको विजयमा स्थायित्व हुँदैनथ्यो । त्यस्तै मुकुन्द सेनले बाटामा पर्ने यी इलाकाहरू जित्दै वि.सं. १५८१ को फाल्गुन १९ गते काठमाडौं उपत्यकामा आक्रमण गरेका थिए । यस आक्रमणमा थानकोट र कीर्तिपुरमा आगो लगाई शहरभित्र प्रवेश गर्न खोज्दा मल्ल सेनासँग भिडन्त भएको थियो । भिडन्तमा पराजय भएका उपत्यकाका दुईसय एक जना सेना बन्दी बनाएको थियो । यस पटकको आक्रमणबाट चार दिनसम्म उपत्यकाका जनतालाई त्राही-त्राही बनाएर त्यहाँका शासक र जनताबाट कर असुली मुकुन्द सेन स्वदेश फर्किएको देखिन्छ ।

मुकुन्द सेन प्रथमले नेपाल उपत्यकामा आक्रमण गरेको समयमा कान्तिपुरमा सूर्य मल्लको शासन, भक्तपुरमा जीत मल्ल र प्राण मल्लको संयुक्त शासन रहेको र ललितपुरमा महापात्रहरूले शासन चलाएको देखिन्छ (पन्त र पन्त, २०३७, पृ.१-२४) । उपत्यकाका राज्यका शासकहरू बीच सम्बन्ध राम्रो थिएन । त्यसैले उनीहरू सैन्यवलमा कमजोर थिए । यही कमजारीको फाइदा उठाएर मुकुन्द सेन प्रथमले उपत्यकामा आक्रमण गरेको देखिन्छ । वि.सं. १५८३ असारशुक्ल प्रतिपदाको दिन मुकुन्द सेन प्रथमले चाँगुनारायणको मन्दिरमा रहेको पानस लुटेर लगेको र पछि त्यो भन्दा ठूलो पानस राखिएको हो भन्ने जानकारी भेटिएको छ (खनाल, २०४०, पृ.२१८) । यस स्रोतका अनुसार वि.सं. १५८३ चैत्रमा नेपाल उपत्यका पसेका मुकुन्द सेन प्रथम वि.सं. १५८४ असारसम्म (चार महिना) उपत्यकामा नै रहेको देखिन्छ । त्यसपछि पनि मुकुन्द सेन वि.सं. १६०३ मा पाल्पाबाट नेपाल उपत्यकामा आएको स्रोत भेटिएको छ । अमोधबज्र बज्राचार्यसँग रहेकोहस्त लिखित पुस्तकमा टिपिएको संक्षिप्त टिपोटमा “सं ६६६ पारूपान श्रीमुकुस्यं राजा ओ ओ” (ने.स. ६६६ = वि.सं. १६०६ मा पाल्पाबाट श्री मुकुन्द सेन आए) भन्ने उल्लेख छ (पन्त र पन्त, २०३७, पृ.१-२४) । हुन त टिपोटमा मुकुन्द सेनले आक्रमण गरेको उल्लेख छैन तर वि.सं. १६०५ मा नेपाल उपत्यकाका राजाहरूले गरेको धर्मपत्रको बेहोरा हेर्दा वि.सं. १५८१ को पहिलो वि.सं. १५८२ को दोस्रो र वि.सं. १६०३ मा तेस्रो आक्रमण गरेको बुझिन्छ । सो धर्मपत्रमा “नुवाकोटको बाटो वा अन्य कतैबाट बारवादीका लागि मगरहरू आए भने अर्थ सामर्थ विचार गरी परस्परमा नफुटी रहनुपर्छ” भन्ने उल्लेख गरिएको छ (पन्त र पन्त, २०३७, पृ.१-२४) ।

यक्ष मल्लको निधनपछि उनका उत्तराधिकारीहरू बीच सत्ता तानातान हुँदा उपत्यका भन्दा बाहिरका कतिपय क्षेत्रहरू मल्ल राजाहरूको अधिनमा रहेनन् । कान्तिपुरका पहिलो राजा रत्न मल्लले तनहुँ लगायत पूर्वपट्टिका गोरखा र धादिङ्गमा शासन चलाउन असमर्थ रहेपछि त्यहाँका स्थानीय गुरुङ्ग र मगर सामन्तहरूले स्वतन्त्र भएर केही समय शासन चलाएको देखिन्छ । यही समयमा मुकुन्द सेन प्रथमलाई आफ्नो आधिपत्य जमाउन सजिलो भएको हुनसक्छ । गोरखामा रहेका गणेश पाण्डे मुकुन्द सेन प्रथमका मन्त्रीका छोरा देखिएकाले पनि उक्त तर्कलाई पुष्टि गर्दछ (घिमिरे, २०४५, पृ.३४) ।

पशिचममा जस्तै पूर्वी पहाड र मदेशतिरका भूभाग पनि कब्जा गर्ने उद्देश्यले मुकुन्द सेनले आफ्नो छोरा लोहाङ्ग सेनको नेतृत्वमा पाल्पाली सेना पठाए । त्यस समय विजयपुर राज्यमा राजा

विजयनारायण र किराँत मन्त्री बीच मतभेद चलिरहेको थियो । राजाकी अत्यन्तै रूपवती छोरी मैयालाई आफ्नै मन्त्री मुरेहाङ्गले बलात्कार गरिदिएकाले राजाले उनलाई रुखमा झुण्ड्याएर मृत्युदण्ड दिए (ह्यामिल्टन, १९९७, पृ. १३३) । त्यसपछि मुरेहाङ्गका भाइ छोराहरू रिसाएर राजाको विरुद्धमा षड्यन्त्र गर्न लागे । यही बीच राजा विजय नारायणको मृत्यु भएकाले लोहाङ्ग सेनले मुरेहाङ्गका छोरा बाजोहाङ्गलाई हात लिएर विजयपुर राज्य कब्जा गरे । विजयपुर राज्य कब्जा गर्न आफूलाई सहयोग गर्ने बाजोहाङ्गका छोरा पानोहाङ्गलाई लोहाङ्ग सेनले 'विद्याचन्द्र राय' नाम दिएर सन्तान दर सन्तानले पाउने गरी काजी (मन्त्री) पद दिए (अधिकारी, २०५५, पृ.९) । यसरी लाहाङ्गसेनले पाल्पा राज्यलाई दूधकोशीदेखि पूर्वपट्टिका किराँत प्रदेश सम्म विस्तार गर्न सफल भए ।

यसै विजय अभियानसँगै मुकुन्द सेन प्रथमको राज्य पूर्वमा बराह क्षेत्रको अन्त्यसम्म, दक्षिणमा हरिहर क्षेत्र, पश्चिममा रुरु क्षेत्रको अन्त्यसम्म र उत्तरमा मुक्ति क्षेत्रको अन्त्यसम्म विस्तृत भएको देखिन्छ (नरहरीनाथ (सम्पा.), २०१३ (क), पृ.१०७) । मुकुन्द सेन पछि उनका छोराहरूले शासन गरेको भूभागको आधारमा पनि पाल्पा राज्य विस्तृत रहेको पुष्टि हुन्छ । उदाहरणको लागि तनहुँ राज्य अन्तर्गत रामनगर पनि पर्दथ्यो । यो क्षेत्र १५ तप्पामा विभाजित थियो ।

उता राजपुर पनि मुकुन्द सेन प्रथम भन्दा ११ पुस्ता अगाडिका तुथाराय (सेन) ले अधिकार गरेको कुरा हेमिल्टनले उल्लेख गरेका छन् (ह्यामिल्टन, १९९७, पृ. १३१) । उक्त राजपुर वर्तमान भारतको चम्पारन जिल्ला अन्तर्गत पर्दछ ।

राजा मुकुन्द सेनले पर्याप्त धन, बल र साहस लिइ चतुरंगिणी सेनाको साथमा विशाल भू-खण्डको विजय प्राप्त गरेका थिए । उनलाई कहिल्यै पनि शत्रुसँग हार खानु परेन भनिएको छ (घिमिरे, २०४५, पृ.३८) । यस भनाइबाट राजा मुकुन्द सेन प्रथम विजयी र विशाल पाल्पा राज्यका निर्माताका रूपमा देखिन्छन् ।

हिमवत्खण्डमा मुकुन्द सेन प्रथमलाई गाई र ब्राह्मणको कल्याणरत भएका, बुद्धिमान, सुन्दर, शस्त्र र शास्त्रका ज्ञाता, विशाल छाती भएका, ठूला निधार र आँखा भएका, लामाबाहु भएका, शिवशक्ति, राजनीतिज्ञ, शत्रुका निम्ति क्रुद्ध, गुणीका निम्ति दयालु भनी प्रशंसा गरेको पाइन्छ । त्यसै ग्रन्थमा उनलाई चतुर्भुज विष्णुको स्वरूप देखाएको छ । शंख, चक्र, तरबार, पद्म उनका प्रिय बस्तु थिए । उनी चक्रवर्ती सम्राद थिए र उनका वंश समेत मुकुवानी कहलाए भनिएको छ (नरहरिनाथ (सम्पा.), २०१३ (क), पृ.१०६) । उक्त ग्रन्थ राजा मुकुन्द सेनलाई भगवान् विष्णुको रूपमा चर्चा गरिएको छ । त्यो अतिरञ्जित देखिन्छ । यी बाहेक राजा मुकुन्द सेन प्रथम वीर, प्रतापी र पराक्रमी भएको कुरा नकार्न सकिँदैन । उनी धार्मिक थिए । त्यसैले त उनले जीवनभर आर्जन गरेको साम्राज्य उपभोग नगरी बाँकी जीवन देवघाटमा बिताए । देवघाटमा बसी, जप, दान, ध्यान गरेका हुनाले उनलाई मणी मुकुन्द सेन भनिन थालियो । देवघाटमा उनले बनाएको चक्रशिला, मुकुन्देश्वर चक्रशिला नामबाट प्रख्यात छ । देवघाटमा हिउँदमा बस्न सकिने भएता पनि वर्षातमा बस्न सम्भव नहुने भएकोले मुकुन्द सेन देवघाट माथि पट्टि रहेको उपरदाङ नजिक कंकालीकोटमा बसेको हुनुपर्दछ (आचार्य, १९९७, पृ.६०-७९) । जे भएता पनि मुकुन्द सेन प्रथमले आफ्नो जीवनको उत्तरार्द्धमा गएर

सम्पूर्ण राजकाज छाडी देवघाटमा तपस्वी बनेर बसे र त्यहीँ नै आफ्नो भौतिक शरीर त्याग गरेको कुरामा कुनै सन्देह रहेन ।

### ४.४.२.२ पाल्पा राज्यको विभाजन र तनहुँ राज्यको स्थापना

केही विद्वानहरुका भनाई अनुसार राजा मुकुन्द सेन प्रथमले आफ्नै बाहुबलले आर्जन गरेको विशाल भूभाग आफ्नै हातले टुक्र्याएर छोरा नातिलाई बाँडिदिए र बाँकी जीवन देवघाटमा तपस्वी बनेर बिताए, आफ्ना छोराहरू आफू जस्तै शक्तिशाली छैन भन्ने बुझेर उनले राज्यको सबै भूभाग आफ्ना छोरा नातिलाई भागवण्डा गरिदिएका थिए (ह्यामिल्टन, १९९७, पृ.१३१) भन्ने रहेको पाइन्छ।

त्यस्तै केही विद्वान्हरुले मुकुन्द सेन प्रथम स्वयम्ले विजय गरी निर्माण गरेको विशाल राज्य आफ्नो जीवनको उत्तरार्द्धतिर चार छोराहरू, माणिक्य सेन, विनायक सेन, भृङ्गी (विहङ्ग) सेन र लोहाङ्ग सेनलाई क्रमश पाल्पा, बुटवल, तनहुं र मकवानपुर तथा भतिजा राम सेनलाई रिसिङ र नाति चन्द्र सेनलाई राजपुर राज्यमा विभाजन गरी दिँदै त्यहाँका राजा बनाए । त्यसपछि आफू देवघाटमा तपस्वी बनि बसे र त्यही समाधि लिए भनेका छन् (उपाध्याय, १९७९, पृ.७३) ।

मुकुन्द सेन प्रथम आफैले खडा गरेको त्यस विशाल राज्य टुक्र्याएनन् बरु धार्मिक कार्यमा लागेपछि स्वाभाविक रूपमा उनलाई प्रशासनतर्फ रुचि भएन । त्यसैले त आफू तीर्थस्थलमा नै रहने भए पछि पाल्पा राज्यलाई विभिन्न इलाकामा विभाजन गरे । राजधानी रहेको पाल्पाको पहाडी भागमा जेठा छोरा माणिक्य सेन, बुटवलमा माहिला छोरा बिनायक सेन, तनहुँमा साहिला छोरा भृङ्गी सेन र मकवानपुरमा कान्छा छोरा लोहाङ्ग सेनलाई प्रशासक बनाएर पठाए भन्ने केही विद्वान्हरुको तर्क छ (घिमिरे, २०४५, पृ.३९) । तर्कलाई सत्यताको नजिक मान्न सकिन्छ किनभने मुकुन्द सेन प्रथमले आफूले आर्जन गरेको विशाल भूभागको प्रशासनिक व्यवस्था केन्द्र पाल्पाबाट नै सञ्चालन गर्न सम्भव थिएन । भर्खरै आर्जन गरेका भूभागहरू बलियो प्रशासनिक कार्यनीति नहुँदा स्थानीय रूपमा केन्द्रको विरुद्धमा विद्रोह हुने सम्भावना पनि त्यति नै जटिल थियो । तत्कालीन समयमा बढी श्रीमती विवाह गर्ने प्रचलन रहेकोले मुकुन्द सेनका पनि धेरै श्रीमती र तिनबाट जन्मिएका छोराहरू धेरै थिए । सौतेनी मामला भएपछि पारिवारिक झगडा हुनु स्वभाविक नै भयो । सबै छोराहरूलाई एकै ठाउँमा राख्नु भनेको राज्य प्राप्तिका लागि द्वन्द्व बढाउनु नै थियो । यिनै कारणहरूले हुनुपर्दछ, मुकुन्द सेन प्रथमले आफू तपस्वी बनेर विभिन्न तीर्थस्थलहरूमा रहनु भन्दा अगावै आफ्ना छोराहरूलाई विभिन्न क्षेत्रको प्रशासनिक अधिकार दिइ प्रशासक (क्षेत्रपाल) बनाएर पठाए । यही पृष्ठभूमिमा उनले आफ्नो साहिँला छोरा भृङ्गी सेनलाई तनहुँको प्रशासक बनाएर पठाएको देखिन्छ । तनहुँ अन्तर्गत तराईको भूभाग चितवनका साथै रामनगर क्षेत्र पनि पर्दथ्यो ।

भृङ्गीसेन कहिले तनहुँ भेकका प्रशासक (क्षेत्रपाल) भए भन्ने स्पष्ट स्रोत भेटिएको छैन । त्यसो त मुकुन्द सेन प्रथम राजकाज छाडी तपस्वी बनेको एकिन समय पनि प्राप्त हुन सकेको छैन । यद्यपी मुकुन्द सेन प्रथमको मृत्यु वि.सं. १६१० मा भएको मानिएको छ । उनको मृत्यु भएपछि उनका उत्तराधिकारी बनेका जेठा छोरा माणिक्य सेन पाल्पाका राजा भए । अन्य भाइहरू दाजु माणिक्य सेनको अधिनमा रहेर आफ्नो क्षेत्रको प्रशासक बन्न चाहेनन् । राजा माणिक्य सेनमा पनि

सबै भाइहरूलाई आफ्नो अधिनमा राखेर शासन चलाउने क्षमताको अभाव थियो । त्यसैले उनी राजा भएपछि सबै भाइहरूले आ-आफू प्रशासक भएर रहेका क्षेत्रहरूलाई केन्द्र (पाल्पा राज्य) बाट स्वतन्त्र भएको घोषणा गरी स्वतन्त्र राज्य र राजाका रुपमा शासन गरेको पाइन्छ । यसरी भृङ्गी सेन तनहुँ राज्यमा शासन गर्ने पहिलो सेनवंशी राजा भएको देखिन्छ । बाबु मुकुन्द सेन प्रथमको मृत्युपछि वि.सं. १६१० मा नै उनी तनहुँका राजा भएका थिए ।

तनहुँमा सेनवंशले स्थापना गरेको राज्य नै सार्वभौमसत्ता सम्पन्न र स्वतन्त्र राज्य थियो । सामान्यतया राज्य भन्नाले कुनै राजा वा शासन सत्ताका अधिनमा रहेको देश वा राष्ट्र भन्ने बुझिन्छ (पराजुली (सम्पा.), २०७२, पृ. १०७१) । जनसंख्या, भूभाग, सार्वभौमिकता, सरकार राज्यका आवश्यक तत्वहरु हुन् । सैद्धान्तिक रुपमा राज्य उत्पत्तिका केही सर्वमान्य सिद्धान्तहरु छन् । ती हुन् - दैवी उत्पत्तिको सिद्धान्त (Divine Origin Theory), शक्तिवादी सिद्धान्त (Force Theory), पितृसत्तात्मक सिद्धान्त (Patriarchal Theory), मातृसतात्मक सिद्धान्त (Matriarchal Theory), सामाजिक सम्झौताको सिद्धान्त (Social Contract Theory), ऐतिहासिक वा विकासवादी सिद्धान्त (Historical or Evaluationary Theory) (अधिकारी, २०५७, पृ.१२, १२) ।

माथि उल्लेखित सिद्धान्तहरु मध्ये ऐतिहासिक दृष्टिकोणबाट अध्ययन गर्दा तनहुँ राज्यको उत्पत्ति शक्तिवादी सिद्धान्त (Force Theory) बाट भएको मान्न सकिन्छ । यस सिद्धान्त अनुसार राज्य शक्तिको आधार बल वा शक्ति नै हो अर्थात् शक्तिशालीले कमजोर माथि बिजय प्राप्त गरेपछि राज्यको उत्पत्ति हुन्छ । यस सिद्धान्तको पक्षमा तर्क राख्ने विद्वान् एडवर्क जेङ्स (Edward Jenks) का विचारमा आधुनिक शैलीबाट सबै राजनीतिक समुदाय आफ्नो अस्तित्वको लागि युद्ध लड्छन्, सफल युद्धको परिणाम आफ्नो अस्तित्व कायम राख्न सफल हुन्छन् (जेङ्स, १९०१, पृ.७१) । यस सिद्धान्तका आधारबाट के भन्न सकिन्छ भने पाल्पाका राजा मुकुन्द सेन प्रथमले पाल्पा राज्यको साम्राज्य विस्तार गर्ने क्रममा तनहुँलाई पाल्पा राज्यमा गाभे । तत्कालीन समयमा तनहुँका विभिन्न इलाकामा मगर जातिका राजा (नाइके) हरुले राज्य गर्दथे । मगर जातिको संगठित र बलियो सरकार नभएको हुँदा तनहुँ शक्तिशाली राज्य पाल्पाको अधिनमा सजिलैसँग पर्न गयो । यसरी पाल्पा राज्यको स्थानीय इकाईको रुपमा रहन पुगेको तनहुँमा सेनहरुले आफ्नो प्रभुत्व जमाएर वि.सं. १६१० मा स्वतन्त्र राज्य स्थापना गरे ।

### ४.५ निष्कर्ष

काठमाडौं उपत्यकामा किरातहरुले शासन गरेको समयमा पश्चिम पहाड गण्डकी प्रदेशमा गुरुङ्ग र मगर जातिको बस्ती बसिसकेको देखिन्छ । जसमा गोरखातिरको भूभागमा गुरुङ्गहरुको बस्ती र तनहुँ तिरको भूभागमा मगरहरुको बस्ती रहेको पाइन्छ । तनहुँ भित्रका कतिपय स्थान, नदी र खोलाको नाम मगर भाषाबाट राखिएको छ । मगर भाषामा पानीलाई डी भनिन्छ । तनहुँ भेकमा बहने खोला तथा नदीको नामको पछाडि ‘डी’ उपसर्ग लागेको छ । ‘डी’ लाई पछि ‘दि’ भन्न थालिएको बुझिन्छ । जस्तै मादी, मर्स्याङ्गी, बुल्दी, चुँदी, मैदी आदि । त्यसैगरी तनहुँ, मानुङ, सतहुँ, गरहुँ, किहुँ (भीरकोट) रिसिङ आदि स्थलहरुको नाम पनि मगर भाषाबाट राखिएको पाइन्छ ।

लिच्छवीकालमा नेपाल विशाल भूभागमा फैलिएको थियो । राज्यको सबै भूभागमा केन्द्रद्वारा प्रत्यक्ष शासन चलाउन सम्भव नभए पछि पूर्वमा किरात प्रदेश र पश्चिममा मल्लपुरीमा सामन्तहरुद्वारा शासन चलाएको देखिन्छ । गोरखा, तनहुँ लगायतका गण्डकी क्षेत्रमा भने केन्द्रद्वारा नै प्रत्यक्ष शासन चल्दथ्यो । त्यसैले त्यसैबेला तनहुँ केन्द्रीय राज्यको स्थानीय निकायको रुपमा रहेको थियो । लिच्छवी शासकहरु कमजोर बन्दै गएपछि कर्णाली प्रदेशमा सिंजा राज्य शक्तिशाली बन्यो । सिंजा राज्यका खस मल्लहरुले लिच्छवीहरुको अधिनमा रहेको तनहुँ भेकलाई सिंजा राज्य अन्तर्गत पारे । त्यस पछि तनहुँ पूर्व मध्यकालतिर सिंजा राज्यको स्थानीय निकायको रुपमा रहन पुग्यो । त्यतिबेला तनहुँका स्थानीय मगरको नाइके (राजाको रुपमा रहेका) ले केन्द्रलाई वर्षेनी सिर्तो (दाल, चामल, घिउ, मह) बुझाएर त्यस भेकको शासन चलाउँदथे । पछि कर्णालीका सिञ्जा राज्य पनि छिन्न भिन्न भएर साना, ठूला स्वतन्त्र राज्यहरु स्थापना हुन थाल्यो । त्यसपछि तनहुँ भेकका मगर राजाले केन्द्रको अधिनबाट मुक्त भएर स्वतन्त्र राज्य स्थापना गरे । त्यसपछि पाल्पाका राजा मुकुन्द सेन प्रथमले तनहुँलाई पाल्पा राज्यमा गाभ्नु अघिसम्म तनहुँ भेकमा मगरहरुको स्वतन्त्र राज्य थियो । तनहुँ, रिसिङ, घिरिङ, ढोर लगायतका स्थानहरुमा रहेका मगर राज्यहरु संगठित थिएनन् । त्यसैले मुकुन्द सेन प्रथमले यी राज्यहरुलाई सजिलैसँग पाल्पा राज्य अन्तर्गत पारे । पछि १६१० मा मुकुन्द सेन प्रथमका साहिला छोरा भृङ्गी सेनले तनहुँमा स्वतन्त्र राज्य स्थापना गरे । त्यसपछि मात्र तनहुँ स्वतन्त्र राज्यको रुपमा अस्तित्वमा आएको हो ।

## अध्याय - पाँच

# सेनकालीन तनहुँको राजनीतिक इतिहास

## ५.१ परिचय

पाल्पाका राजा मुकुन्द सेन प्रथमका साहिँलो छोरा भृङ्गी सेनले आफ्ना पिताको शेषपछि वि.सं. १६१० मा तनहुँमा स्वतन्त्र राज्य स्थापना गरेका थिए (आचार्य, वि.सं १९९७, पृ.६०-७९) । यस राज्यको पहाड र तराईको चितवन (हालको चितवन जिल्ला) मा फैलिएको थियो भने भारतको विहार राज्यको पश्चिमी चम्पारन अन्तर्गतको रामनगरमा पनि पुर्ख्यौली जमिन्दारी भूभाग थियो । तनहुँका सेनवंशी राजाहरूको सम्बन्ध पहिला भारतका मुगल बादशाहहरुसँग, पछि इष्टइण्डिया कम्पनीसँग र उपत्यकाका मल्ल राजाहरूसँग पनि रहेको हुँदा अन्य चौबीसी राज्यहरू भन्दा तनहुँ शक्तिशाली राज्यको रुपमा गनिन्थ्यो (श्रेष्ठ, २०५९, पृ.५५) ।

गण्डकी भेकको गोरखा राज्य शक्तिशाली बनेर पूर्वी बिजयी अभियानमा अगाडि बढ्न थालेपछि गोरखालाई हराउन चौबीसी राज्यहरुले पटक-पटक गठनबन्धन गरी गोरखामा आक्रमण गरे । यी गठबन्धनहरुमा तनहुँ राज्यको सक्रिय सहभागीता रह्यो । गोरखा राज्यको शक्ति र कुटनैतिक क्षमता तनहुँका राजाले बुझ्न सकेनन् । वि.सं १८३८ माघ २५ गते गोरखाली फौजले सिह्रानचोकको युद्धमा चौबीसी संयुक्त फौजलाई हराएपछि तनहुँका राजा हरकुमारदत्त सेन हतोत्साही बने । गोरखाको आक्रमणबाट आफ्नो राज्य बचाउने उपाय खोज्न लमजुङका राजा बीरमर्दन शाहको दरबारमा गएर बसे । वि.सं. १८३९ कार्तिकमा गोरखाली फौजले लमजुङ राज्यमा आक्रमण गरी बिजय भएपछि लमजुङ र तनहुँ राज्य एकैसाथ नेपाल अधिराज्यमा एकीकरण भयो ।

तनहुँ राज्यको स्थापना देखि हरकुमारदत्त सेनको समयमा तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण हुँदा (वि.सं. १८३९) सम्मको करिब २२९ वर्षको अवधिमा त्यहाँ जम्मा नौ जना सेन राजाहरूले राजकाज गरेका थिए । नाबालक राजा रणबहादुर शाहको नायबी राजमाता राजेन्द्रलक्ष्मी शाहको समयमा भएको एकीकरण अभियानमा तनहुँ नेपाल अधिराज्यमा गाभियो । राज्य नरहेपछि हरकुमारदत्त सेन आफ्नो पुर्खा देखिको जमिन्दारी रामनगरमा गएर सानो राज्य स्थापना गरी बसे । हरकुमारदत्त सेन रामनगर पलायन भएपछि राजा रणबहादुर शाहले उनका परिवारका सबै सदस्यहरूलाई रामनगर गएर बस्ने अनुमति दिएकाले सबै उतै गएर बसे (घिमिरे, २०५६, पृ.४६) ।

## ५.२ तनहुँका सेनवंशी राजाहरू र तनहुँ राज्यको अन्त्य

हालसम्म प्राप्त स्रोतको आधारमा तनहुँमा राजकाज गर्ने सेन वंशी राजाहरू (अधिकारी, २०५५, पृ.१६-१७) :

१. भृङ्गी सेन (विहंग सेन)
२. हम्वीर सेन

३. तुला सेन (त्रिविक्रम सेन प्रथम)

४. दामोदर सेन

५. दिग्विजय सेन

६. कामराजदत्त सेन

७. त्रिविक्रम सेन द्वितीय

८. कामारीदत्त सेन

९. हरकुमारदत्त सेन

### ५.२.१ भृङ्गी सेन (वि.सं. १६१० - १६२८)

भृङ्गी सेन पाल्पाका राजा मुकुन्द सेन प्रथमको साहिली रानी प्यूठानकी राजपुत्री महिमावती तर्फका माहिला छोरा थिए (राजवंशी (सम्पा.), २०२०, पृ.४)। यिनको नाम विहंग सेन पनि लेखिएको पाइन्छ (ह्यामिल्टन, १९९७, पृ. १८१)। पाल्पाका राजा मुकुन्द सेन प्रथमले गोरखा र तनहुँको भूभाग पाल्पा राज्यमा मिलाएपछि त्यस भेकको प्रशासन हेर्न आफ्ना साहिँला छोरा भृङ्गी सेनलाई प्रशासक वा क्षेत्रपाल बनाएर तनहुँ पठाएका थिए। भृङ्गी सेन प्रशासक बनेर तनहुँ गएको मिति भने भेटिएको छैन। मुकुन्द सेन प्रथमले काठमाडौं उपत्यकामा आक्रमण गर्न जाने क्रममा बाटामा पर्ने तनहुँ गोरखा लगायतका क्षेत्रहरू विजय गरी पाल्पा राज्यमा गाँभेका थिए। उनले उपत्यकामा वि.सं. १५८१ र वि.सं. १५८२ मा दुई पटक आक्रमण गरेको देखिन्छ। पछिल्लो पटक उपत्यका आक्रमण गर्न उनी वि.सं. १५८२ मा आएर वि.सं. १५८३ असार प्रतिपदा पछि मात्र पाल्पा फर्किएका थिए (अधिकारी, २०५५, पृ.६)। यसबाट मुकुन्द सेन प्रथम उपत्यकाबाट स्वदेश फर्किए लगत्तै छोरा भृङ्गी सेनलाई तनहुँको प्रशासक बनाएर पठाएको र भृङ्गी सेनले तनहुँको स्वतन्त्र राजा हुनु अघि नै तनहुँमा करिब २७ वर्ष प्रशासन चलाएको बुझिन्छ। मुकुन्द सेन प्रथमको मृत्यु वि.सं. १६१० मा भएको र त्यसको लगत्तै उनका छोराहरूले आ-आफ्नो प्रशासनिक क्षेत्रहरूलाई स्वतन्त्र राज्य घोषणा गरेर राजा भएको मानिएकाले त्यही वर्ष नै भृङ्गी सेन तनहुँको राजा भएको मानिएको हो। यस सम्बन्धी जानकारी दिने अन्य स्रोत प्राप्त नभएसम्मको लागि यही मितिमा नै भृङ्गी सेन तनहुँको राजा भएको मान्नुपर्ने हुन्छ।

भृङ्गी सेनले तनहुँमा स्वतन्त्र राज्य स्थापना गरेपछि तनहुँको 'सुर' लाई राजधानी बनाए। तत्कालीन समयमा राज्यको सुरक्षाको दृष्टिलाई ध्यानमा राखेर राज्यको राजधानी पहाडका टाकुरामा बनाउने चलन रहेको पाइन्छ। भृङ्गी सेनले पनि त्यसै अनुरुप तनहुँसुरमा राजधानी बनाएको बुझिन्छ। सेन राज्यकालमा तनहुँको राजदरबार रहेको ठाउँलाई तनहुँसुर नभनि तनहुँकोट भन्ने पनि गरिएको छ। त्यसैले केही पुराना कागत पत्रहरूमा तनहुँका राजाहरूलाई 'तनहुँकोट्या' लेखिएको भेटिन्छ (आचार्य, २०६१, पृ.३१७)।

भृङ्गी सेन राजा भएको समयमा तनहुँ राज्य अन्तर्गत पहाड खण्ड र चितवनको भावर प्रदेश पनि पर्दथ्यो। चितवन सँगै जोडिएको रामनगरको १५ तप्पा जमिन पनि तनहुँको जमिन्दारीमा थियो।

रामनगरको पश्चिमी भागमा बेतिया राज्य रहेको थियो । बेतियाका राजाले तनहुँको तराई भूभागमा दु:ख दिइरहने हुनाले त्यस भेकको सुरक्षाका लागि राजा भृङ्गी सेनले आफ्ना छोरा हम्वीर सेनलाई चितवनको प्रशासन हेर्ने जिम्मा दिएर पठाएका थिए । यसबाट आफ्ना उत्तराधिकारीलाई प्रशासकीय जिम्मा दिएर काम गराउनु तत्कालीन समयमा राजा हुने पूर्वभ्यास थियो भन्ने देखिन्छ ।

प्रारम्भमा मुकुन्द सेनले भृङ्गी सेनलाई तनहुँ लगायत गोरखा भेकको प्रशासन हेर्ने जिम्मा दिएर पठाएका थिए तर तनहुँको राजा भए पछि उनले गोरखा भेकमा ध्यान पुऱ्याउन सकेनन् । यसैको फाइदा उठाएर गोरखाका गणेश पाण्डे लगायत शक्तिशाली भारदारहरूले अन्य स्थानीयवासीहरूको सहयोग लिएर वि.सं १६१६ मा लमजुङका अधिराजकुमार द्रव्यशाहलाई गोरखाको राजा बनाए (आचार्य, वि.सं.१९९७, पृ.६०-६९) । नयाँ बनेको गोरखा राज्यमा तनहुँ राज्य भित्र रहेको मर्स्याङ्दी देखि बुढीगण्डकी सम्मको केही भूभागहरू समावेश गरेको थियो । तर भृङ्गी सेनले आफ्नो राज्यको गुमेको भूभाग गोरखाबाट फिर्ता ल्याउन कुनै पहल गरेको भने देखिँदैन ।

भृङ्गी सेनलाई तनहुँको प्रशासनिक पद दिएर पठाए पछि राजा मुकुन्द सेन प्रथमले आफ्ना भतिजा रामपाल सेनलाई पनि रिसिङको प्रशासक बनाएर पठाएका थिए । बाबु मुकुन्द सेन प्रथमको मृत्युपछि पाल्पा राज्यमा नयाँ राजा बनेका आफ्ना सौतेलो दाजु माणिक्य सेन र रामपाल सेनको सम्बन्ध राम्रो नहोस् भनेर भृङ्गी सेनले रामपाल सेनलाई उक्साए र रिसिङलाई पनि स्वतन्त्र राज्य बनाएको देखिन्छ । भृङ्गी सेनको सहयोगबाट स्वतन्त्र राज्य बनेको रिसिङ तनहुँको आश्रित राज्यको रुपमा रहेको देखिन्छ । तर रामपाल सेनको नि:सन्तान अवस्थामा नै मृत्यु भएपछि भने रिसिङ तनहुँ राज्यमा नै एकिकृत भयो (खनाल, २०६१, पृ.८०) ।

भृङ्गी सेनको जेठी रानी जाजरकोटे पुरुषोत्तम शाहकी छोरी मायादेवी, माहिली रानी मुसीकोटे विश्वनाथ सिंहको छोरी गुणवती र कान्छी रानी प्यूठानको राजकुमारी जया गरी तीनवटी रानीहरू थिए (उपाध्याय, १९७९, पृ.७४) । जेठी र कान्छी रानीतिरबाट जन्मेका छोराहरूको मृत्यु भएकाले माहिली रानीतिरका छोरा हम्वीर सेन भृङ्गी सेनका उत्तराधिकारी भए । भृङ्गी सेनको मृत्यु पछि हम्वीर सेन तनहुँका राजा भए । तर सेन-वंशावलीमा भृङ्गी सेनकी रानी विद्यावतीका दुई छोराहरू मध्ये जेठा हम्वीर सेन र अर्का धर्मागत सेन भएको भनाइ पाइन्छ (राजवंशी (सम्पा.), वि.सं.२०२०, पृ.८) । यहाँ हम्वीर सेनको आमाको नाम फरक परेको छ । तर तत्कालीन समयमा रानीहरूको नाम विवाह भएपछि अर्कै राख्ने प्रचलन रहेकोले गुणवती र विद्यावती एकै रानीको नाम भएको बुझिन्छ ।

राजा भृङ्गी सेनको मृत्यु वि.सं. १६२८ मा भएको देखिन्छ (उपाध्याय, १९७९, पृ.७५) । यसबाट भृङ्गी सेनले करिब १८ वर्ष तनहुँमा राज्य गरेको बुझिन्छ । उनले गोरखा राज्यले मिचेको आफ्नो भूभाग फिर्ता ल्याउन सकेनन् । यही कमजोरीबाट गोरखा राज्यले तनहुँलाई कमजोर ठान्ने प्रवृत्ति शुरु भएको देखिन्छ ।

भृङ्गी सेन कुशल प्रशासक र महत्वकांक्षी राजा देखिन्छन् । उनले बेतिया राज्यबाट आफ्नो तराईका भूभागलाई सुरक्षित राख्न छोरा हम्वीर सेनलाई प्रशासक बनाएर पठाएका थिए । रिसिङका

प्रशासक रामपाल सेनलाई आफ्नो पक्षमा मिलाउन उनलाई आफ्नै स्वतन्त्र राज्य स्थापना गर्न उक्साए । रिसिङ स्वतन्त्र राज्य भए पनि तनहुँको आश्रित राज्य जस्तै थियो । पछि त रिसिङ्ग तनहुँ राज्यमा गाभियो । यति हुँदाहुँदै पनि भृङ्गी सेनले गोरखाले मिचेको तनहुँ राज्यको भूभाग फिर्ता गर्न भने पहल गरेको देखिँदैन ।

### ५.२.२ हम्वीर सेन (वि.सं. १६२८-१६८७)

भृङ्गी सेनको मृत्युपछि वि.सं. १८२८ मा उनका छोरा हम्वीर सेन तनहुँका राजा भए । युवराज हुँदा नै यिनी लामो समय रामनगर र चितवनका प्रशासक बनेर बसेका थिए । तराइको गर्मीले गर्दा यिनको स्वास्थ्य त्यति राम्रो थिएन भनिन्छ (उपाध्याय, सन् १९५०, पृ.१२८) । हम्वीर सेन राजा भएपछि पनि बेतियाका नरेश बज्रसिंहले तनहुँको सीमानाभित्र पसेर लुटपाट मच्चाएर विद्रोह गर्न थालेपछि दुवै राज्यको बीचमा वादविवाद बद्दै गयो । अन्त्यमा दुवै राज्यका राजाहरू न्याय माग्नका लागि दिल्लीस्थित बादशाह अकवरको दरबारमा पुगे । बादशाह अकवरले दुवै राज्यको सीमाना छुट्याई झगडा मिलाइ दिए । तर बेतिया नरेशले पुनः तनहुँ राज्यभित्र पसेर अशान्ति बनाउन थाले । उनको उद्देश्य तनहुँको तराई भूभागमा कब्जा जमाउनु थियो । हम्बीर सेनलाई राजकाजमा सक्रिय सहयोग गर्ने योग्य मन्त्री (काजी) रणभञ्जन थापा र सेनापती दलमर्दन थापाले वेतिया नरेशको उद्देश्यलाई सफल हुन दिएनन् । जसको कारणले तनहुँको चम्पारन रामनगरका १५ तप्पा जमीन सुरक्षित रह्यो (उपाध्याय, सन् १९५०, पृ.१२८) । तर बेतियाले तनहुँको सीमाना भित्र पसेर दुःख दिने काम भने राजा हम्वीर सेनको मृत्यु पछि पनि यथावत नै रहेको थियो ।

वंशावलीमा लेखिए अनुसार राजा हम्वीर सेनका नौ वटा विवाहिता रानीहरू थिए । यति धेरै रानीहरूबाट जन्मिएका सन्तान अवश्य पनि धेरै थिए होलान् । तर सेन-वंशावलीमा भने ५ जना छोराहरू र ४ जना छोरीहरू मात्र देखिन्छन् । जेठी रानी लक्ष्मावती तिरबाट तीन जना छोराहरू-त्रिविक्रम सेन, गोविन्द सेन र नारायण सेन र ठाइली रानी रत्नावती तिरबाट दुईजना छोराहरू मधुसुधन सेन र कृष्ण सेन देखिन्छन् । त्यस्तै माहिली रानी हेमावती तिरबाट पद्मावती र साहिली रानी पहुवावतीबाट मानवता, कृष्णावती र विष्णावती गरी ४ जना छोरीहरू देखिन्छन् । जेठा छोरा त्रिविक्रम सेन त उनका उत्तराधिकारी नै भए । अर्की रानीतिरका जेठा छोरा मधुसुधन सेनलाई उनले रिसिङको प्रशासक बनाएर पठाएका थिए । पछि मधुसुधन सेनले रिसिङलाई तनहुँ राज्यबाट स्वतन्त्र रहेको घोषणा गरी आफू त्यहाँको राजा बने (खनाल, २०६१, पृ.८२) । रानी रत्नावती मधेशका चिफ पुरुषोत्तम शाहकी छोरी थिइन् । पुरुषोत्तम शाहलाई मगर राजा पनि भनिएको पाइन्छ (बैद्य, २०२०, पृ. ३३)। मगर कन्याका छोरा भएकाले मधुसुदन सेनलाई राजा हम्वीर सेनले मगर जातिको बसोबास रहेको ठाउँ रिसिङमा पठाएको देखिन्छ । यसअघि रिसिङ् राज्यका राजा रामपाल सेनको निःसन्तान अवस्थामा नै मृत्यु भएपछि उक्त राज्य तनहुँमा गाँभिएको थियो । तर सौतेलो माउलो भएर दरबारभित्र नै बढी किचलो हुन थाले पछि हम्बीर सेनले छोरा मधुसुधन सेनलाई रिसिङ इलाका दिन उनी बाध्य भए । यसरी घरायसी झगडाको कारण तनहुँ राज्यमा गाँभिइ सकेको रिसिङ पुनः छुट्टै राज्य बन्न पुग्यो ।

द्रव्य शाहले गोरखा राज्य स्थापना गरेको समयदेखि नै तनहुँ र गोरखा राज्यबीच सिमा सम्बन्धी खटपट सुरु भएको थियो । हम्वीर सेनले आफू राजा भएपछि तनहुँ र गोरखाको यस विवादलाई टुङ्ग्याएर मैत्री सम्बन्ध स्थापित गर्न चाहन्थे । त्यसैले उनले गोरखासँग मैत्री सम्बन्ध स्थापित गर्न गोरखाका राजा पूर्ण शाह (द्रव्य शाहका छोरा) लाई दुईवटा हात्ती उपहार स्वरुप पठाएका थिए (नरहरिनाथ (सम्पा.), २०२१, पृ.७) । तनहुँको तराई प्रदेशमा हात्ती प्रशस्त पाइन्थ्यो । हात्ती उपहार दिनु तनहुँको लागि सामान्य कुरा नै थियो तर गोरखा राज्य पहाडी भूभाग मात्र भएकोले हात्ती उपहार पाउनु ठूलो कुरो थियो । तत्कालीन समयमा आफ्नो राज्यमा हात्ती हुनु भनेको इज्जत र प्रतिष्ठाको कुरा हुन्थ्यो । लिच्छवीकालमा राजाहरूले युद्धमा हात्ती पनि प्रयोग गर्दथे भन्ने कुरा चाँगुको स्तम्भ लेखबाट थाहा हुन्छ (बज्राचार्य (सम्पा.), २०३०, पृ.२४) । मानदेवले मल्लपुरीका सामन्तहरूसँग युद्ध गर्न जाँदा सयौं हात्ती सवार सेना लगेको कुरा उक्त स्तम्भ लेखमा उल्लेख छ । त्यस्तै राजाको राज्यभिषेक जस्तो शुभकार्यमा सिंदुर जात्राका लागि राजालाई हात्तीमा चढाइन्थ्यो पनि भनिन्छ। यसैको निरन्तरता रुपमा मल्लकालमा पनि उपत्यकाका राजाहरूमा हात्तीको निकै महत्व रहेको देखिन्छ । त्यसैले त हात्ती उपहार पाउने आसमा मल्ल राजाहरू मकवानपुरमा भएको गृह युद्धमा सामेल हुने गरेका थिए (पन्त, २०४१, पृ.१३१) ।

हात्तीको सन्दर्भमा कौटिल्यको अर्थशास्त्रमा लेखिए अनुसार हात्ती दुई प्रकारका हुन्छन् भन्ने देखिन्छ । नदीको आसपासमा पाइने एक थरीको हात्ती र पहाडी प्रदेशमा पाइने अर्को थरी हात्ती । जस्तै :

"दन्तमूलपरीणाहद्धि प्रोज्भ्य कल्पेयेत ।
अब्दे द्वयर्थे नदीजानां पञ्चाब्दे पर्वतौकसाम ॥" २७ ॥

(बज्राचार्य (सम्पा.), २०३०, पृ.२४)

यसको अर्थ नदीको आसपासमा हुने हात्तीको अढाई अढाई वर्षमा तथा पहाडी प्रदेशमा हुने हात्तीको पाँच पाँच वर्षमा फेदको मोटाईको दोब्बर भाग छाडेर दाँत काट्नु भन्ने हुन्छ । तनहुँ लगायत राज्यहरूमा हुने हात्ती पहाडी प्रदेशमा हुने हात्ती भएको बुझिन्छ। पहाडी राज्यहरूमा युद्धमा हात्ती संलग्न गराएको त देखिँदैन । सम्भवत सामान ढुवानी गर्न र राजाको सानको लागि हात्ती पाल्ने गर्दथे भन्ने देखिन्छ। तनहुँसुर दरबारबाट दक्षिणतिर एक कोष जति पर धरमपानी नजिक पैदल बाटोमा प्वाल भएको ठूलो ढुङ्गा छ, त्यसलाई हात्ती बाँध्ने ढुङ्गा भनिन्छ (तस्वीर नं.१) । यसबाट तनहुँका राजाहरूले आफ्नो राजधानीमा नै हात्ती पाल्ने गर्दथे भन्ने देखिन्छ ।

पूर्ण शाहको मृत्युपछि उनको जेठा छोरा छत्र शाह गोरखाका राजा भए । राजा भएको वर्ष दिन पनि नपुग्दै यिनको मृत्यु भए पछि राम शाह (पूर्णशाहका कान्छा छोरा) गोरखाका राजा भएका हुन् । रामशाह गोरखा राज्यका राजा भएपछि उनले आन्तरिक र बाह्य रुपमा गोरखा राज्यलाई सुदृढ पारे । यसरी गोरखा राज्यको बढ्दो शक्तिलाई देखेर राजा हम्वीर सेनले गोरखासँग निकट सम्बन्ध राख्न वैवाहिक सम्बन्ध जोडेका थिए । यस बाहेक त्यति बेला लमजुङले तनहुँलाई सीमानामा

दुःख दिएको हुनाले पनि उनी गोरखासँग नजिक भएका थिए । उनले आफ्नी छोरी विष्णावतीको विवाह गोरखाका राजा रामशाहसँग गरिदिए भने अर्की छोरी पद्मावतीको विवाह रामशाहका छोरा डम्बर शाहसँग गरिदिए (घिमिरे, २०५६, पृ.३७) ।

राजा हम्वीर सेनका राज्यकालको नाम र तिथिमिति भएको एउटा मात्र टिपोट भेटिएको छ । शाके १५४८ (वि.सं. १६८३) को देव प्रयागका पण्डा तेवारीका खाता वहिमा दाताको रुपमा तनहुँका राजा हम्वीर सेन लेखिएको छ (आचार्य, २०२९ (क), पृ.१६३) । यस टिपोटबाट हम्वीर सेन १६८३ सम्म तनहुँको राजा रहेको प्रमाणित हुन आएको छ । यस हिसाबबाट राजा हम्वीर सेनले तनहुँमा करिब ५५ वर्ष शासन गरेको देखिन्छ । तर अर्को एक स्रोतमा हम्वीर सेनको मृत्यु वि.सं. १६८७ मा भएको भनिएको छ (आचार्य, १९९७, पृ.६०-७९) । यसलाई आधार मान्ने हो भने यिनको राज्यकाल करिब ५९ वर्ष रहेको देखिन आउँछ । अर्को प्रमाण नभेटिएसम्म राजा हम्बीर सेनको मृत्यु वि.सं. १६८७ मा भएको र उनले तनहुँमा ५९ वर्ष राज्य गरेको मानिन्छ ।

तनहुँको सेनवंशी राजाहरूमा सबैभन्दा लामो समय राजा हुने हम्वीर सेन नै देखिन्छन् । युवराज अवस्थामा नै लामो समय तराईमा प्रशासक भएर प्रशासकीय अनुभव लिएको भएता पनि राजा बनेपछि शक्तिशाली शासक बनेको चाहिँ देखिँदैन ।

हुन त स्रोतले यी राजा दूर्वल र अस्वस्थ थिए भनेका छन् तर यिनको दीर्घशासनबाट उनी अस्वस्थ जस्तो देखिँदैन । राजा हम्बीर सेनको अन्तिम विवाह लमजुङका राजा चुडा शाहको ल्याइते रानीतिरकी छोरीसँग भएको थियो भन्ने किंवदन्ती पाइन्छ । जस अनुसार चुडा शाह (नरहरी शाहका छोरा) ले विवाहिता रानीतिरबाट पुत्र नजन्मे पछि भित्रिनिको रुपमा कार्कीकी छोरी विवाह गरेका थिए । ती रानीबाट श्याम, माणिक, खड, खड्क नामका चार छोराहरू र एउटी छोरीको जन्म भयो । त्यसको केही समयपछि राजाका विवाहिता रानीबाट पनि छोरा जन्मियो । राजाले आफ्नो अन्तिम समयतिर विवाहिता रानीबाट जन्मेका छोरालाई उत्तराधिकारी बनाए । उनकी छोरीलाई तनहुँका राजा हम्बीर सेनले विवाह गरेका थिए । सम्भवतः रानी लालमती लमजुङकी राजाकी छोरी थिइन् । विवाह भैसकेपछि बेहुली लिएर लमजुङको भोटेवडार आइपुगेपछि राजा हम्बीर सेन घोडाबाट झरेर निरास भई एकान्तमा बसिरहे । जन्ति गएका भाइ भारदारहरूले उनलाई जति सम्झाए पनि उनी आफ्नो दरबार फर्कन तयार भएनन् । अन्तिममा बेहुली स्वयंले राजा समक्ष गएर निरासाको कारण सोधिन् । राजाले निरास भएर भने मेरो राज्यमा सैनिक शक्तिशाली नभएकोले गर्दा कास्कीले आक्रमण गरिरहन्छ । अब फेरि कास्कीले तनहुँमा आक्रमण गर्ने योजना बनाउँदै छ, कास्कीले गर्ने सो आक्रमणमा म मारिन सक्छु र तिमी छिट्टै बिधवा हुनेछौ भनी आफु निरासा हुने कारण बताए । ती नवविवाहित रानीले राजालाई आश्वस्त पार्दै आफ्नो माइती लमजुङबाट सेना झिकाइन् । लमजुङको सेना सहित हम्वीर सेन आफ्नो दरबार तनहुँमा फर्किए । नभन्दै त्यसको केही समयपछि कास्कीले तनहुँमाथि आक्रमण गऱ्यो । कास्कीलाई तनहुँ र लमजुङको संयुक्त सेनाले पराजित गराएर फर्काइदिए र तनहुँलाई बचाए । पछि हम्बीर सेनले आफ्ना जेठानहरू श्याम र माणिकलाई तनहुँको काजी पद दिए । उनीहरूलाई बस्नका लागि तनहुँको मिर्लुङमा बस्ने व्यवस्था मिलाए र ओखले भन्ने खेत

खान्की दिए। श्याम र माणिकको मृत्यु भएपछि श्यामका छोरा बलिले तनहुँ र लमजुङका युवाहरूलाई समावेश गरेर सेना गठन गरे। बलीले तनहुँको वयापानी भन्दा पूर्वपट्टि यस्तै प्रयोजनका लागि किल्ला बनाए। जुन किल्ला तनहुँ र लमजुङको बीचमा पर्दथ्यो। उनले ती सेनाहरूलाई सैन्य तालिम दिएर सुसंगठित सेना गठन गर्न थाले। गोरखाका राजा राम शाहले उक्त सेना गठनको बारेमा थाहा पाए। राम शाहले पठाएको गोरखाली सेनाले उक्त किल्ला ध्वस्त पारी बलि सहित सबै सेनालाई मारी दिए। इतिहासमा गोरखाले आक्रमण गरेको यस लडाइँलाई ज्यामरुकको लडाइँ पनि भन्ने गरिन्छ (अधिकारी, अन्तर्वार्ता, २०७३।०२।२९)। यस भनाइलाई पुष्टि गर्ने कुनै आधिकारिक स्रोत प्राप्त नभए पनि घटना क्रम र सन्दर्भ नियाल्दा किंवदन्ती नै भए पनि हम्बीर सेनसँग जोडिएको यस प्रसंग अर्को आधिकारिक स्रोत प्राप्त नहुँदा सम्म सत्य मान्नु पर्ने हुन्छ।

### ५.२.३ त्रिविक्रम सेन प्रथम (तुला सेन) (वि.सं. १६८७-१७१०)

राजा हम्बीर सेनको मृत्युपछि वि.सं. १६८७ मा त्रिविक्रम सेन राजा भए (आचार्य, वि.सं १९९७, पृ.६०-७९)। हम्वीर सेनको मृत्युपछि तनहुँको राजगद्दीमा बस्ने उत्तराधिकारी सम्बन्धी वंशावलीमा फरक-फरक विवरणहरू भेटिन्छ। गंगाविष्णुले लेखेको तनहुँको सेन वंशावलीमा हम्वीर सेन पछि यिनकै छोरा तुला सेन तनहुँको राजगद्दीमा बसेको उल्लेख छ (राजवंशी (सम्पा.), २०२०, पृ.३३)। देव प्रयागका पण्डा तेवारीका खाता बहिमा रहेको टिपोटमा शाके १५६६ (वि.सं. १७०१) मा गोरखामा डम्बर शाही, लमजुङमा नरेन्द्र शाही, तनहुँमा तुला सेन र नुवाकोटमा विश्राम शाही राजा रहेको उल्लेख विद्वान्हरुले गरेको पाइन्छ (आचार्य, २०२९ (क), पृ.१६२)। त्यस्तै तनहुँ-सेन वंशावलीमा पनि हम्बीर सेनपछि तनहुँ राज्यमा श्रीमाहाराजा तला सेन (तुला सेन) राजा भए भनिए पनि प्राचीन सेन वंशावलीमा भने हम्वीर सेन पछि तनहुँको राजा हुनेको नाम त्रिविक्रम सेन लेखिएको छ (राजवंशी (सम्पा.), २०२०, पृ.३७)। त्यसै गरी १६९४ मा लेखिएको 'अश्वपरिक्षण' नाम हस्तलिखित् ग्रन्थमा लेखकको नाम हम्वीर सेनका छोरा त्रिविक्रम सेन भनिएको छ (अधिकारी, २०५५, पृ.२१)।

माथि उल्लेखित स्रोतमा हम्वीर सेनपछि तनहुँको राजाको नाम कतै त्रिविक्रम सेन त कतै तुला सेन लेखिएको हुनाले हम्वीर सेनपछि तनहुँको राजा हुने यी दुवै नाम एकै व्यक्ति हुन् भन्ने देखिन आउँछ। उनको खास नाम त्रिविक्रम सेन र बोलाउने नाम तुला सेन राखिएको बुझिन्छ। यी राजाकी एउटी रानीको नाम तुलासावती रहेकोले पनि विवाह हुँदा तुला सेनसँग नाम मिलाउँदा तुलसावती रहेको देखिन्छ। फेरि यी दुवै नाम गरेको राजाको बुबाको नाम हम्बीर सेन र उनको छोराको नाम प्रताप सेन देखिएकाले पनि यी दुवै नाम एकै व्यक्तिको हो भन्ने स्पष्ट हुन्छ। तनहुँ भेकमा एकै व्यक्तिको न्वारनको नाम एउटा र बोलाउने नाम अर्को राख्ने प्रचलन हालसम्म पनि छ। यी राजा पछिका पाँचौ पुस्ताका राजाको नाम पनि त्रिविक्रम सेन नै रहेको छ। त्यसैले यी राजालाई त्रिविक्रम सेन प्रथम र पछिकालाई त्रिविक्रम सेन द्वितीय भनिएको छ।

राजा तुला सेनको नाममा फरक मत परे जस्तै यिनी हम्वीर सेनका आफ्नै छोरा हुन वा धर्मपुत्र हुन् भन्ने सन्दर्भमा पनि फरक मत भेटिन्छ। प्राचीन सेन वंशावली र गंगा विष्णुद्वारा लिखित तनहुँको सेन वंशावलीमा हम्वीर सेनपछि उनकै जेठा छोरा तुला सेन तनहुँको राजगद्दीमा बसे भनिएको छ (राजवंशी (सम्पा.), २०२०, पृ.१५-१६) । तर केही स्रोतहरूमा भने राजा हम्बीर सेन नि:सन्तान अवस्थामा नै मृत्यु भएपछि उनकी रानीले राजपुरका राजा अर्जुन सेनका कान्छा छोरा तुलासेनलाई धर्मपुत्र बनाएर तनहुँको राजगद्दीमा राखिन भनिएको छ (उपाध्याय, १९७९, पृ.७६) । तुला सेन आफैले लेखेका 'अश्वपरिक्षणम' नामक हस्तलिखित ग्रन्थमा आफू हम्वीर सेनका छोरा भनेका छन् । त्यस्तै त्रिविक्रम सेन द्वितीयको राज्यकालमा गंगा विष्णु ब्राह्मणले लेखेका तनहुँको सेन वंशावलीमा पनि तुला सेन हम्वीर सेनका आफ्नै छोरा हुन भनिएको छ (राजवंशी (सम्पा.), २०२०, पृ.३३) । राजा कै आज्ञाबाट लेखिएको वंशावली भएकाले गंगाविष्णुले तथ्यको आधारमा वंशावली लेखेको हुनुपर्छ । यी सन्दर्भहरू हेर्दासम्म राजा त्रिविक्रम सेन वा तुला सेन हम्वीर सेनका धर्मपुत्र नभई आफ्नै छोरा हुन भन्ने देखिन आउँछ ।

राजा तुला सेन युद्ध कौशलतामा ध्यान दिने प्रवृत्तिका देखिन्छन् । तत्कालीन समयमा युद्धको लागि घोडा अत्यन्तै उपयोगी साधन थिए । पहाड, खोच, भीर, पखेरा हुँदै हिँड्नु पर्ने बाटामा घोडा नै उपयुक्त सवारी साधन थिए । त्यसैले त तालिम दिइएका तेजिला र फूर्तिला असल जातका घोडाहरू छानेर युद्ध प्रयोजनका लागि संग्रह गरिन्थ्यो । यी राजाले असल जातका घोडा छान्ने तरिका र घोडाको अङ्ग परीक्षण सम्बन्धमा वि.सं. १६९४ मा 'अश्वपरिक्षणम' नामक हस्तलिखित ग्रन्थ लेखेका थिए । यसबाट राजा तुला सेन घोडाका सौखिन थिए भन्ने देखाउँछ । यिनका दरबारमा असल जातका घोडाहरू प्रशस्त रहेको बुझिन्छ ।

राजा तुला सेनकी पटरानी तुलसावतीबाट दुई छोराहरू जन्मिए-प्रताप सेन र माधव सेन । उनका दुवै जना छोराहरूको युवराज अवस्थामा मृत्यु भएपछि नाती दामोदर सेन (प्रताप सेनका छोरा) तुला सेनका उत्तराधिकारी बने । राजा तुला सेनको राज्यकाल वि.सं. १६८७-१७१० सम्म मानिएको छ (घिमिरे, २०५६, पृ.६७) । माथि उल्लेख भए अनुसार खाता वहिमा १७०१ मा तनहुँको राजा तुला सेन लेखिएकाले पनि यिनका राज्यकालको अवधिलाई पुष्टि गर्दछ ।

तनहुँका राजा तुला सेनको राज्यकालमा गोरखाले दुई पटक तनहुँमा आक्रमण गरेको थियो । पहिलो आक्रमण राम शाहले गरेका थिए भने दोश्रो आक्रमण राम शाहका छोरा डम्बर शाहले गरेका थिए । गोरखा राज्य स्थापना हुँदा बुढिगण्डकी देखि मर्स्याङ्दी सम्मका तनहुँका केही भूभाग समेटिएका थिए । तनहुँका राजा भृङ्गी सेन र हम्वीर सेनले गोरखाबाट उक्त भूभाग फिर्ता ल्याउने प्रयास नगरे पनि हम्वीर सेनका छोरा तुला सेनले भने गोरखाबाट आफ्नो गुमेको पुर्ख्यौली भूमि फिर्ता ल्याउने प्रयास गरेका थिए । उनले उक्त भूमिमा कब्जा जमाए लगत्तै राम शाहका सेनाले तनहुँका सेना माथि आक्रमण गरेका थिए । गोरखाली सेनासँग प्रतिकार गर्न नसकी तनहुँका सेना भागे । गोरखाली सेनाले तनहुँका सेनालाई लखेट्दै तनहुँको राजधानी सुरसम्म पुगे । यसपछि तनहुँका राजा

तुला सेन राजगद्दी नै छाडेर रिसिङतिर भागे । राजा भागेपछि गोरखाली सेनाले तनहुँमा लुटपाट गरेर फर्किए (पन्त, २०४१, पृ.९७) ।

राजा तुला सेन कै राज्यकालमा गोरखाले पुनः तनहुँमा आक्रमण गरेको थियो । गोरखाबाट आफ्नो गुमेको पुर्ख्यौली, भूभाग फिर्ता गर्न नसक्ने कुरा तुला सेनले बुझिसकेका थिए । उनलाई गोरखाली सेनाले तनहुँमा धनमाल लुटेर लगेको प्रति खेद थियो । राम शाहको मृत्युपछि तुला सेनले “अब मैले आनन्दसँग शासन गर्न पाउने भए” भन्ने अभिव्यक्ति दिए भन्ने कुरा राम शाहका छोरा डम्बर शाहले सुने । डम्बर शाहलाई रिस उठनु स्वभाविकै थियो । आफ्नो पिता मरेकोमा तुला सेन खुशी भएको रिसमा बाबुको काजकिरिया सकिनासाथ डम्वर शाहले तनहुँमा आक्रमण गर्न सेना पठाए । गोरखाली सेनाले तनहुँको राजधानी घेर्न थालेपछि राजा तुला सेन फेरि रिसिङतिर भागे । गोरखाली सेनाले फेरि पनि तनहुँमा रहेका बहुमूल्य वस्तुहरु लुटेर फर्किए (पन्त, २०४१, पृ.१४) । केही स्रोतहरुमा भने गोरखाली सेनाहरु लुटपाट गर्ने प्रवृत्तिका नभएकाले उनीहरुले तनहुँमा लुटपाट नगरेको प्रतिक्रिया पनि दिएको पाइन्छ (आचार्य, २०६१, पृ.५१) । तर तत्कालीन समयमा एक अर्को राज्यबीच यस्ता युद्ध झगडा त भै रहन्थे । युद्धमा विजयी राज्यले पराजय हुने राज्यमा जस्तोसुकै व्यवहार पनि गर्न सक्दथ्यो । तनहुँमा त झन् राजा नै राज्य छाडेर भागिसकेका थिए । यस्तो अवस्थामा विजयी गोरखाली सैनिकले तनहुँमा लुटपाट गरेनन् भन्न सकिँदैन । केही स्रोतहरुमा पनि ‘श्री ५ महाराज डम्बर शाहबाट तनहुँ लुटनुभयो’ भन्ने लेखिएकाले गोरखाली सैनिकले तनहुँ लुटेर फर्किएको देखिन्छ (पन्त, २०४१, पृ.११४) ।

तनहुँको राजा नै भागेर राजधानी खाली भएको समयमा पनि गोरखाले तनहुँ राज्यलाई आफ्नो राज्यमा मिलाएन । नमिलाउनुमा दुईवटा कारण देखिन्छन् । एक गोरखाले गरेको यी दुवै आक्रमण तनहुँका राजा तुला सेनलाई दवाउन र गोरखाको शक्ति देखाउन गरेको थियो । अर्थात् तनहुँ राज्यलाई गोरखामा मिलाउने गोरखाको उद्देश्य थिएन । अर्को त्यतिबेला लमजुङको आड पाएर तनहुँले गोरखासँग निहुँ खोज्दै थियो । यदि तनहुँ गोरखामा मिलाएमा लमजुङसँग युद्ध लड्नु पर्ने स्थिति आउँदथ्यो । गोरखा लमजुङसँग युद्ध गर्न चाहँदैनथ्यो । यस्तो सम्भावित परिस्थितिलाई ध्यानमा राखेर पनि गोरखाले तनहुँमा लुटपाट मात्र गरेर फर्किएको थियो । त्यस्तै तनहुँबाट स्वतन्त्र भएर छुट्टिइ सकेको रिसिङ राज्यलाई यी राजाले तनहुँको अधिनमा राखेका थिए । यिनै कारणहरूले तुलासेन तनहुँका शक्तिशाली राजा थिए भन्ने देखाउँछ ।

### ५.२.४ दामोदर सेन (वि.सं. १७१०-१७५३)

राजा तुला सेनका प्रताप सेन र माधव सेन दुई छोराहरु थिए । तुला सेन जीवित छँदा नै दुई छोराहरुको मृत्यु भयो । त्यसैले तुलासेन (प्रताप सेनका छोरा) पछि दामोदर सेन तनहुँको राजा भए । दामोदर सेनको राज्यकाल वि.सं. १७१०-१७३० मानिएको छ (घिमिरे, २०५६, पृ.३८) । तर दामोदर सेनको वि.सं. १७५३ को एउटा स्याहामोहर अनुसार यिनी वि.सं. १७५३ सम्म तनहुँको राजा रहेको देखिन्छ (परिशिष्ट-२) । पत्रको बेहोराबाट राजा दामोदर सेनले “लक्ष्मण थापालाई आफ्नो

कबुल बमोजिम काम गरिसक्नु” भनी अह्राएको भाव देखिन्छ । पत्रमा उल्लेखित लक्ष्मण थापा गुल्मी वा अर्घा निवासी देखिन्छन् । पत्रमा उल्लेखित मुकाम मआगदि बेनी हो वा मश्राअदि बेनी हो, स्पष्ट हुँदैन । अर्घामा मघाथुम भन्ने ठाउँ छ । त्यसको केही पर पद्मावती, भद्रावती र विद्यावती नदीको त्रिवेणी रहेको छ । यदि पत्रमा मुकाम मश्रापदि बेनी लेखिएको हो भने मघाथुम र मघागदिमा सादृश्य मिलेको देखिन्छ । यदि त्यसो हो भने राजा दामोदर सेनले तनहुँ राज्यलाई अर्घासम्म विस्तार गरेको बुझिन्छ । तर मआगदी वेनी भनेको काली गण्डकी र म्याग्दी नदीको संगमस्थललाई भनिएको हो भन्ने केही मत पनि पाइन्छ (कर्कपेट्रिक, १९६९, पृ.२८९) । यसै मतलाई आधार मानेर उक्त पत्रमा उल्लेखित ‘मुकाम मआगदी वेनी’ पर्वतराज्यको तत्कालीन राजधानी वेणी हो, अर्घाको मघाथुम होईन पनि भनिन्छ (श्रेष्ठ, २०५९, पृ.५५) । उत्तरतिरबाट बग्दै आएको काली गण्डकी र पश्चिमतिरबाट बग्दै आएको म्याग्दी नदी मिसिने दोभानलाई म्याग्दी वेणी भनिन्छ । हाल यो प्रदेश म्याग्दी जिल्ला अन्तर्गत पर्दछ । तनहुँका राजा दोमादर सेन र पर्वतका राजा मलेबम मल्ल बीच राम्रो सम्बन्ध रहेको कारण दामोदर सेन पर्वतको राजासँग भेट गर्न उनको हिउँदे राजधानी मगाअदी वेणीमा गएको समयमा उक्त पत्र लेखेको हुनुपर्दछ । पर्वतका राजाहरूले दुईवटा राजधानी बनाएका थिए । छ महिना शितकालीन राजधानीमा बस्दथे भने छ महिना गृष्मकालीन राजधानीमा बस्दथे ।

### ५.२.४.१ राजपुर राज्यमा तनहुँको अधिकार

दामोदर सेन तनहुँको राजा भएका समयमा राजपुर राज्य तनहुँ राज्यमा गाभियो । सेन वंशको इतिहास खोज्ने क्रममा इतिहासकार हेमिल्टनले पाल्पा राज्यका चौतरीया समरबहादुर सेनले तयार पार्न लगाएको हस्तलिखित ग्रन्थ प्राप्त गरेका थिए । जस अनुसार चितौरका राजा रत्न सेनका वंशज तुथा सेन प्रयाग (इलाहावाद) बाट उत्तरतर्फ आएर बुटवलको तराई भेक विजय गरे । त्यसपछि पूर्वतर्फ बढेर बिहारको चम्पारन विजय गरे । त्यस समय चम्पारनको राजधानी राजपुर थियो (श्रेष्ठ, २०५९, पृ.५५) । यसबाट के देखिन्छ भने राजपुर प्रदेश मुकुन्द सेन प्रथमले विजय गरेको नभइ उनका पुर्खाले प्राप्त गरेको भूभाग थियो । जुन मुकुन्द सेन प्रथमसम्म आई पुग्दा पनि पाल्पा राज्य अन्तर्गत नै रहेको थियो ।

मुकुन्द सेन प्रथमले तनहुँको पहाड र तराई भूभागको प्रशासनिक जिम्मा दिएर भृङ्गी सेनलाई पठाएपछि तनहुँ राज्यको पश्चिम पट्टिको भूभाग राजपुरको प्रशासन हेर्ने जिम्मा दिएर अर्का छोरा कुबेर सेनलाई पठाएका थिए ।

राजपुर तराईमा प्रशासक भई जाने व्यक्ति सम्बन्धी भने स्रोतहरूमा भिन्नता पाइन्छ । केही स्रोतहरूमा मुकुन्द सेन प्रथमले आफ्ना नाती चन्द्र सेनलाई राजपुरको प्रशासक बनाएर पठाए भनिएको छ (आचार्य, १९९७, पृ.६०-७९) । तर केही स्रोतहरूमा मुकुन्द सेन प्रथमले आफ्नै छोरा कुवेर सेन (रानी शुवर्णमाला तर्फका छोरा) लाई राजपुरको प्रशासक बनाएर पठाएका थिए भनिएको छ । राजपुर राज्यका राजा कुवेर सेन, अनिरुद्र सेन, राम सेन, चन्द्र सेन, अर्जुन सेन, सुल्तान सेन र मुकुन्द सेन भनी प्राचीन सेन वंशावलीमा लेखिएको छ । सोही वंशावलीमा “ततो राजपुरनिवासिनः

श्रीमन्मुकुन्द सेन महाराज पुत्रस्य संततय उच्छिन्ना जाता" अर्थात् राजपुर निवासी मुकुन्द सेन महाराजको निःसन्तान स्वर्ग भयो (राजवंशी (सम्पा.), २०२०, पृ.६-७) भनी लेखिएको छ । यसै वंशावलीलाई आधारमानी राजपुरमा प्रशासक बनेर जाने व्यक्ति मुकुन्द सेन प्रथमका नाती चन्द्र सेन नभई उनका छोरा कुवेर सेन हुन भन्ने देखिन्छ । यीनै कुवेर सेनले अन्य दाजु भाइले जस्तै राजपुरलाई स्वतन्त्र राज्य घोषणा गरेर राजा भए । यीनका वंशज मुकुन्द सेनको निःसन्तान अवस्थामा नै देहान्त हुँदा राजपुर राज्य तनहुँ राज्यमा गाभिएको थियो ।

राजा मुकुन्द सेनको निःसन्तान मृत्यु भएपछि राजपुर राज्य तनहुँमा गाभिएकोले राजपुर राज्यका अपुताली तनहुँका राजा दामोदर सेनले पाएको देखिन्छ । राजपुर राज्यलाई आफ्नो राज्यमा गाँभ्नको लागि बेतियाका नरेश दिलिप सिंहले निकै प्रयत्न गरेका थिए । तर उनको प्रयत्न सफल भएन । राजा दामोदर सेनको समयमा राजपुर र चितवन क्षेत्र सम्मिलित भएर तनहुँ राज्यको भूभाग निकै ठूलो बनेको थियो ।

## ५.२.४.२ तनहुँ राज्यमा नरभूपाल शाहको जन्म

तनहुँका राजाहरू मध्ये राजा दामोदर सेन दुरदर्शी र कुशल शासक देखिन्छन् । दामोदर सेनले आफ्नी छोरी मल्लिकावतीको विवाह गोरखाका राजा पृथ्वीपती शाहका छोरा युवराज विरभद्र शाहसँग गरिदिएका थिए (पन्त, २०४१, पृ.११५) । तनहुँका राजा दिग्विजय सेनका दुई जना बहिनीहरूको विवाह गोरखाका युवराज वीरभद्र शाहसँग भएको थियो । त्यसमध्ये दोश्री मल्लिकावतीको गर्भबाट नरभूपाल शाहको जन्म भएको हो (आचार्य, २०६१, पृ.१७) । केही स्रोतहरूमा भने मल्लिकावती राजा दिग्विजय सेन (दामोदर सेनका छोरा) की छोरी हुन भनिएको पनि पाइन्छ । उक्त स्रोतका अनुसार राजा दिग्विजय सेनका सत्यवती र रोहिणी नामका दुई रानीहरू थिए । रानी सत्यवतीको गर्भबाट कामराजदत्त सेनको जन्म भयो भने रानी रोहिणीको गर्भबाट राज्यलक्ष्मी नामकी छोरी जन्मिइन् । यिनको विवाह गोरखाका राजा पृथ्वीपति शाहका छोरा युवराज वीरभद्र शाहसँग भएको थियो । यिनै रानीको गर्भबाट राजा नरभूपाल शाहको जन्म भएको हो (उपाध्याय, १९७९, पृ.७८) । यहाँ मल्लिकावती राजा दामोदर सेन वा राजा दिग्विजय सेनकी छोरी हुन् भनी एकिन गर्नु परेको छ । राजाहरू दामोदर सेन र दिग्विजय सेनाका जन्मकुण्डली प्रान्त नभएकोले यी राजाहरूको जन्म कहिले भयो ? र राजा कहिले भए ? यकिन मिति भन्न गाह्रो छ । तर राजा दामोदर सेन वि.सं. १७१० मा राजगद्दीमा बसेका र वि.सं. १७५३ सम्म राज्य गरेको चर्चा माथि गरी सकियो । त्यस्तै राजा दिग्विजय सेनको पालामा वि.सं. १७५५ पौष १८ गते सारिएको 'मेघदुत' नामक पुस्तक अनुसार राजा दामोदर सेनको मृत्यु वि.सं. १७५३ फाल्गुन देखि वि.सं. १७५५ पौष बीचको कुनै समयमा भएको देखिन्छ । दामोदर सेनको मृत्युपछि उनका छोरा दिग्विजय सेन तनहुँका राजा भएका हुन् । गोरखाका युवराज वीरभद्र शाह पशुपतीनाथको दर्शन गर्न काठमाडौं उपत्यका जाँदाको समयमा उनकी रानी मल्लिकावती गर्भवती थिइन् र उनी आफ्नो माइती तनहुँमा गएर बसेकी थिइन् । युवराज वीरभद्र शाहको काठमाडौंबाट फर्कंदै गर्दा बाटोमा नै मृत्यु भयो । उनको मृत्यु वि.सं. १७५३ मा भएको मानिन्छ । किनभने त्यतिबेला भरखरै राजा भएका उनका मित्र भक्तपुरका राजा भूपतिन्द्र

मल्लको आथित्यमा उनी केही दिन भक्तपुर बसेर आएका थिए। भूपतिन्द्र मल्लको राज्यभिषेक वि.सं. १७५३ मा भएको जानकारी पाइन्छ (पन्त, २०४१, पृ.१६६)। वीरभद्र शाहको मृत्युको केही समयपछि नै तनहुँ राज्यमा नरभूपाल शाहको जन्म भएको हो। त्यति बेलासम्म तनहुँका राजा दामोदर सेन नै थिए। त्यसैले मल्लिकावती दामोदर सेनकी नै छोरी भएको देखिन्छिन्।

राजा दामोदर सेनले तनहुँमा लामो समयसम्म शासन चलाएका थिए। उनको राज्यकालमा राजपुर, रामनगर, चितवन, रिसिङ, तनहुँमा समाहित भएकोले तनहुँको भूभाग पनि बृद्धि भएको र तनहुँको आर्थिक स्थिति पनि सवल बनेको देखिन्छ। यिनले आफ्नी भित्रिनीपट्टिकी छोरी राजेश्वरीको विवाह ललितपुरका राजा योगनरेन्द्र मल्लसँग गरी दिएका थिए। यसको चर्चा पछि गरिनेछ। यी राजाका दश जना विवाहित रानी र १६ वटी भित्रिनीहरु थिए। ती मध्ये रानी दामावतीबाट छोरा दिग्विजय सेनको जन्म भएको थियो (राजवंशी (सम्पा.), २०२०, पृ.१६)।

राजा दामोदर सेनले पहाडी राज्यहरु गोरखा, पर्वत, लमजुङका साथै उपत्यकाका मल्ल राज्यहरु ललितपुरसँग पनि सम्बन्ध स्थापित गरेका थिए। यसकारण राज्यलाई बलिया बनाउन अन्य राज्यसँग मैत्री सम्बन्ध हुन आवश्यक छ भन्ने उनको नीति रहेको बुझिन्छ।

### **५.२.५ दिग्विजय सेन (वि.सं १७५३-१७७१)**

दामोदर सेनको मृत्युपछि उनका जेठा छोरा दिग्विजय सेन तनहुँका राजा भए। राजा दिग्विजय सेनको शासन अवधि वि.सं. १७३०-१७५१ सम्म मानिएको पाइन्छ (आचार्य, १९९७, पृ.६०-७९)। तर दोमादर सेनको मृत्यु वि.सं. १७५३ मानिएकोले वि.सं. १७५३ मा दिग्विजय सेन तनहुँका राजा भएको देखिन्छ। यिनी राजा भएको समयमा सारिएको 'मेघदुत' नामक हस्तलिखित पुस्तकमा भने वि.सं. १७५५ पौष १८ गते लेखिएको छ (परिशिष्ट-३)। त्यस्तै दिग्विजय सेन राजा भएको समयमा काठमाडौं उपत्यकाका राज्यहरू भक्तपुर र ललितपुर बीच वि.सं. १७५८ एउटा सन्धि भएको थियो। त्यस सन्धिमा तनहुँ राज्य पनि सम्मिलित भएको थियो। केही स्रोतमा राजा दिग्विजय सेनको मृत्यु वि.सं. १७७१ मा भएको उल्लेख छ (उपाध्याय, १९७९, पृ.७८)। माथि दिइएको आधारबाट राजा दिग्विजय सेनको मृत्यु वि.सं. १७५१ मा भएको नभई वि.सं. १७७१ मा भएको र भूपतिन्द्र मल्लको नेतृत्वमा भएको वि.सं. १७५८ को उक्त सन्धि दिग्विजय सेन राजा हुँदा भएको देखिन्छ।

दामोदर सेन राजा भएकै समयमा राजपुर राज्य तनहुँ राज्यमा गाभिएको उल्लेख माथि गरियो। त्यसपछि तनहुँ राज्यको भूभाग मुगल साम्राज्यसँग जोडिन पुग्यो। दामोदर सेनपछि राजा भएका दिग्विजय सेनको मुगल वादशाहहरूसँग सम्बन्ध बढ्दै गयो। मुगल वादशाह औरङ्गजेव तनहुँका राजा दिग्विजय सेनका समकालीन थिए। वेतियाका राजाले तनहुँको तराई भूभाग र राजपुरमा पहिलेदेखि नै दुःख दिइरहेका थिए। पछि राजपुर राज्य तनहुँ राज्यमा गाँभिए। दामोदर सेनको मृत्युपछि वेतियाका राजा दिलिप सिंहले ती भूभागहरूमा पुनः उपद्रव मच्चाउन थाले। वेतियाका राजालाई तह लगाउन र आफ्नो राज्यलाई शान्तीपूर्ण राख्नका लागि राजा दिग्विजय

सेनले वादशाह औरङ्गजेवसँग सहयोग मागे । औरङ्गजेवले राजपुर र तनहुँको तराई भूभागमा दिलिप सिंहको हस्तक्षेपलाई रोकी दिए (खनाल, २०६१, पृ.८५) । यसका साथै औरङ्गजेवबाट “राजा” को पदवी र केही जागिर पनि पाएका थिए (घिमिरे, २०५६, पृ.३९) । चौबीसी राज्यका राजाहरुमा मुगल बादशाहबाट 'राजा' उपाधि पाउने तनहुँका राजा दिग्विजय सेन मात्र रहेको पाइन्छ । तर त्यसको बदलामा राजा दिग्विजय सेनले साडे नौ हातको एक हात्ती, घिउ, मह, चाँवल, दुईसय कलशी र सत्र कस्तुरीको विना कर तिर्ने गरी सुवे विहार चम्पारनका एघार तप्पाको जमिन्दारी पनि औरङ्गजेवबाट पाएका थिए (उपाध्याय, १९७९, पृ.७७) । यस बेहोरा लेखिएको वादशाहको मुद्राङ्कित सनद प्राप्त गरेपछि तनहुँका राजा दिग्विजय सेन आधिकारिक रुपमा बलिया भए । त्यसपछि वेतियाका राजाको आड मर्‍यो र तनहुँमा गर्दै आएको सारा उपद्रव शान्त हुँदै गयो ।

राजा दिग्विजय सेन वेतियाको राजाले दिएको दुःखबाट छुटकारा पाउनका लागि हतारमा औरङ्गजेवको शरणमा गएको देखिन्छ । यही कारणले गर्दा तनहुँ राज्यले उनको राज्यकाल देखि मुगल वादशाहलाई वर्षेनी कर तिर्नुपर्ने भयो । औरङ्गजेवले उनलाई राजपुरको राजाको पदवी दिए पनि त्यस समय राजपुरमा सुल्तान सेन राजा देखिन्छन् । उनी बृद्ध र निःसन्तान रहेकाले उनले पाल्पाका राजा गन्दर्भ सेनका भाइ मुकुन्द सेनलाई ल्याएर आफ्ना उत्तराधिकारी बनाए । यसबाट सुल्तान सेनसँग रिसाएका दिग्विजय सेनले आफ्नो विश्वासिलो भारदार दामोदर पाठकलाई आफ्नो ११ तप्पाका रेखदेख गर्न राजपुर पठाए । सुल्तान सेनको मृत्युपछि मुकुन्द सेन राजपुरको राजा भए । त्यसपछि तप्पाको विवादमा राजा मुकुन्द सेन र तनहुँका भारदार दामोदर पाठक बीच झगडा भयो । दुवै जनाले तरवार चलाउँदा दामोदर पाठकको मृत्यु भयो भने मुकुन्द सेन घाइते भए । घाइते मुकुन्द सेनको पनि मृत्यु भयो । त्यसपछि उनका नाबालक छोरा देवी सेन राजपुरका राजा भए । त्यसयता राजा दिग्विजय सेनले राजपुर राज्यप्रति खासै चासो देखाएको देखिँदैन । लगभग तीन वर्षपछि देवी सेनको पनि मृत्यु हुँदा मुकुन्द सेन कै मठ्याहा छोरा दरगाही सेन राजपुरको राजगद्दीमा बसे । दरगाही सेनको पनि राजा भएको दुई वर्षपछि मृत्यु भएको हुँदा मुकुन्द सेनकी विधवा रानी विद्यावतीले राजपुरको शासन चलाइन् ।

दिग्विजय सेनले मुगलवादशाहसँग बढाएको सम्बन्धले तनहुँको तराई खण्डमा मात्र नभई पहाडी खण्डमा पनि मुसलमानहरूको आवतजावत बढ्न थालेको थियो । मुसलमान व्यापारीहरू चम्पारनबाट चितवन हुँदै तनहुँ, गोरखा, लमजुङ, कास्की, धादिङ नुवाकोट र उपत्यकासम्म व्यापार गर्न थाले (अधिकारी, २०५५, पृ.३१) राजा दिग्विजय सेनले यी मुसलमान व्यापारीहरूलाई प्रोत्साहित गर्न विभिन्न सुविधाहरू दिन थाले । उनीहरूलाई बसोबास गर्नका लागि आफ्नै राज्यका सम्जुर भन्ने गाउँमा बस्ने व्यवस्था मिलाइ दिए (अधिकारी, अन्तर्वार्ता, २०७३।२।२९) । हालसम्म पनि सम्जुरमा मुसलमानहरूको वाक्लो बस्ती रहेको छ । ती मुसलमान व्यापारीहरूले पछि सम्म पनि महिलाहरूले लगाउने चुरा, पोते, टीका, सिन्दूर लगायत सामानहरू झोलामा बोकेर गाउँ गाउँमा पुगेर बिक्री गर्दथे । त्यसैले उनीहरूलाई 'चुरेटा' भन्ने गरियो ।

सेन-वंशावली अनुसार राजा दिग्विजय सेनका सातवटी रानीहरू र दुईवटी भित्रिनी देखिन्छन् । ती मध्ये पर्वतका समाल राजपुत्र दिलिप मल्लकी छोरी तिलोत्तमाबाट राजकुमार कामराजदत्त सेनको जन्म भयो (राजवंशी (सम्पा.), २०२०, पृ.१६-१७) । यी राजाको बारेमा जानकारी दिने धेरै स्रोतहरु प्राप्त भए पनि यिनले जारी गरेको कुनै पनि लालमोहर प्राप्त हुन सकेको छैन ।

राजा दिग्विजय सेनले आफ्नी कान्छी छोरी सुभद्रावतीको विवाह गोरखाका राजा नरभूपाल शाहसँग गराएका थिए । शुभद्रावती नरभूपाल शाहकी मामाकी छोरी हुन् । ठकुरीहरूमा मामाकी छोरी विवाह गर्ने प्रचलन रहेकाले उनले शुभद्रावतीसँग विवाह गरेका थिए (खनाल, २०६१, पृ.९२) । तर शुभद्रावती दिग्विजय सेनकी छोरी नभइकन राजदरबारकी कन्या मात्र थिइन् पनि भन्ने गरिन्छ (आचार्य, २०६१, पृ.८०) । शुभद्रावतीको बाबु वा कुनै नाता नखुलेकोले यसो भनिएको हुन सक्दछ ।

### ५.२.६ कामराजदत्त सेन (वि.सं. १७७१-१७९८)

आफ्ना पिता दिग्विजय सेनको वि.सं. १७७१ मा देहान्त भएपछि उनका जेठा छोरा कामराजदत्त सेन तनहुँको राजगद्दीमा बसे । हालसम्म राजा कामराजदत्त सेनले जारी गरेको एउटा अभिलेख मात्र प्राप्त भएको छ । वि.सं. १७९५ मार्ग महिनामा विश्वेश्वर उपाध्यायले सारेको "वृहदारण्यकोपनिषद" नामक हस्तलिखित ग्रन्थको पुष्पिकावाक्यमा "श्रीशाके १६६० मासे लिखितमिदं पुस्तक विश्वेश्वरापाध्यायेन शुभम्॥॥ कामराजस्य राज्यसमये॥" लेखिएको छ (पन्त, २०४१, पृ.२०१)। यसबाट कामराजदत्त सेन वि.सं. १७९५ सम्म तनहुँमा शासन गर्दै थिए भन्ने देखिन्छ । यसबाट कामराजदत्त सेनले लगभग ४४ वर्ष तनहुँमा शासन गरेको बुझिन्छ ।

यिनका पिता दिग्विजय सेनको शासनकालदेखि नै मुगल वादशाह बीच सम्बन्ध रहेको कारण यिनी पनि मुगल दरबारसँग नजिक हुनु स्वाभाविक नै थियो । यिनी राजा हुँदा मुगल सम्राट फरुखशिपर थिए । यिनलाई फरुखशिपरबाट चम्पारनको १५ तप्पा र गोरखपुर जिल्लाको ठूलो बस्तीबाट कर उठाउने अधिकार प्राप्त भएको थियो । तर त्यहाँको आम्दानीबाट सालिन्दा उन्नाइस हजार रुपैयाँ कर यिनले दिल्ली सम्राटको राजकोषमा बुझाउनु पर्दथ्यो । यिनले बिजयराज र त्रिविक्रम थापालाई दिवान बनाएर राजपुरको राजप्रबन्धमा राखेका थिए (उपाध्याय, वि.सं. १९७९, पृ.७८) ।

राजपुर राज्यमा मुकुन्द सेनकी विधवा रानीले राज्य सञ्चालन गर्दै गरेको चर्चा माथि गरियो । लामो समय राज्य चलाएपछि रानी विद्यावती कुनै योग्य व्यक्ति पाएमा राजगद्दी सुम्पने विचारमा थिइन् । कामराजदत्त सेनले यो कुरा थाहा पाएर रानीलाई रिझाउन थाले । रानी विद्यावतीलाई प्रसन्न पारेर उनले राम्रोसँग राज्य चलाउनु पर्ने सर्तमा राजपुर राज्यको राज्य अधिकार प्राप्त गरे (परिशिष्ट ४) । रानी जीवित रहँदा सम्म राजपुरको पनि राज्यअधिकार हातमा लिएर कामराजदत्त सेनले तनहुँ र राजपुरमा राज्य गरे । रानी परलोक भएपछि भने कामराजदत्त सेनले राजपुरको राज्य सञ्चालनमा त्यति ध्यान दिन सकेनन् । यही मौकाको फाइदा उठाएर बेतियाका राजा दिलिप शाहीले राजपुर राज्यमा आक्रमण गरी आफ्नो अधिनमा पारे (खनाल, २०६१, पृ.९३) । त्यसपछि तनहुँको राजपुर माथिको अधिकार पुनः प्राप्त हुन सकेको देखिँदैन ।

नरभूपाल शाह र कामराजदत्त सेन फुपु र मामाका छोराहरू थिए । तनहुँका राजा दामोदर सेनकी छोरी मल्लिकावतीका छोरा नरभूपाल शाह हुन् भने दामोदर सेनका नाती दिग्विजय सेनका छोरा कामराजदत्त सेन हुन् । पृथ्वीपति शाहको देहान्तपछि वि.सं. १७७३ मा नरभूपाल शाह गोरखाका राजा भए । उनी भन्दा दुई वर्ष अगाडि वि.सं. १७७१ मा कामराजदत्त सेन तनहुँका राजा भएका थिए ।

गोरखाका राजा नरभूपाल शाहले राज्य विस्तार गर्ने उद्देश्यले वि.सं. १७९२ मा नुवाकोटमा आक्रमण गरे पनि सफल हुन सकेनन् (आचार्य, २०२९ (ख), पृ.१६३-१७६) । यस समयमा कान्तिपुरको राजा जगज्जय मल्ल थिए । जगज्जय मल्लको मृत्यु वि.सं. १७९२ माघमा भएको हुँदा (बज्राचार्य र श्रेष्ठ, २०३७, पृ.३८) माघ भन्दा अगाडिको कुनै महिनामा नरभूपाल शाहले नुवाकोटमा आक्रमण गर्ने प्रयास गरेको देखिन्छ ।

पूर्वतिर नुवाकोट विजय अभियान असफल भएपछि नरभूपाल शाह धेरै निरास बने । तर उनमा गोरखा राज्य विस्तार गर्ने अभिलाषा छँदै थियो । त्यसैले उनले पूर्वी विजय अभियानको पाटो छाडेर पश्चिमतिर रहेको तनहुँ राज्य जिति गोरखामा मिलाउने भित्री योजना बनाए । तनहुँ उनको मावली राज्य थियो । जहाँ उनी जन्मे हुर्केका थिए । यति बेला भने राजा कामराजदत्त सेन उनीसँग रिसाएका थिए । किनभने कामराजदत्त सेनले गोरखाले नचाहँदा नचाहँदै वि.सं. १७८९ मा ललितपुरका अधिनमा रहेको जोगीमारा तनहुँको अधिनमा ल्याएका थिए । जोगीमारा लामीडाँडा अन्तर्गतको क्षेत्र भएकोले गोरखाले लामीडाँडाको साथै जोगीमारा पनि गोरखामा मिलाउन चाहन्थे । त्यही रिस फेर्न उनले तनहुँ राज्य गोरखामा मिलाउने उद्देश्य लिएर राजा कामराजदत्त सेनलाई सतिघाटमा बोलाए पनि कामराजदत्त सेन आएनन् । फलस्वरुप रिसाएका नरभूपाल शाहलाई भाइ भारदारहरूले सम्झाई बुझाई गोरखा दरबार फर्काए ।

राजा कामराजदत्तले लमजुङका राजा केहरीनारायण शाहकी छोरी यज्ञश्वरीसँग विवाह गरेका थिए । उनैको गर्भबाट त्रिविक्रम सेन द्वितीयको जन्म भएको हो (आचार्य, वि.सं.१९९७, पृ.६०-७९) । कामराजदत्त सेनले लामो समय तनहुँको शासन चलाएका भए पनि यिनको समयमा प्रसारित अभिलेखहरूको अभावले गर्दा यिनको मूल्याङ्कन गर्न सहज छैन । तर ललितपुरको क्षेत्राधिकारबाट जोगीमारा लिएर तनहुँका बासिन्दालाई चितवन जान आउन सहज बनाउनु, नरभूपाल शाहले कपटपूर्ण नियत बुझेर सतिघाटमा भेट गर्न नजानु जस्ता कार्य उनले राष्ट्र हितको लागि गरेको देखिन्छ । यति हुँदाहुँदै पनि राजपुर राज्यलाई हात पारिसकेपछि पनि उचित रेखदेख गर्न नसक्नु उनको प्रशासनिक कमजोरी देखिन्छ ।

### ५.२.७ त्रिविक्रम सेन द्वितीय (वि.सं. १७९८-१८२६) ।

राजा कामराजदत्त सेनको मृत्युपछि उनका छोरा त्रिविक्रम सेन द्वितीय वि.सं. १७९८ मा तनहुँको राजसिंहासनमा बसे (आचार्य, वि.सं. १९९७, पृ.६०-७९) । तनहुँको सेनवंशी राजाहरूमा त्रिविक्रम सेन नाम गरेका दुई जना राजा देखिन्छन् । एउटा हम्बीर सेनका छोरा उनलाई तुला सेन

पनि भनिन्छ । अर्को कामराजदत्त सेनका छोरा, बुझ्न सजिलोका लागि पहिलोलाई त्रिविक्रम सेन प्रथम र पछिकालाई त्रिविक्रम सेन द्वितीय भनिएको हो ।

त्रिविक्रम सेन द्वितीय तनहुँका अन्य राजाहरूको तुलनामा बढी महत्वकांक्षी देखिन्छन् । यिनी राजा भएको अर्को वर्ष राजा नरभूपाल शाहको मृत्यु भएपछि उनका छोरा पृथ्वीनारायण शाह गोरखाका राजा भए । त्यसैले मृत्यु नभएसम्म पृथ्वीनारायण शाह त्रिविक्रम सेन द्वितीयका समकालीन राजा रहे । यी दुवै युवक राजाहरू महत्वकांक्षी थिए । पृथ्वीनारायण शाहले वि.सं. १८१० मा नारायण पाण्डेलाई लेखेको पत्रमा तनहुँका राजा त्रिविक्रम सेनलाई भाइ भनी सम्बोधन गरेको पाइन्छ (आचार्य, २०६१, पृ.३१४-३१५) । त्रिविक्रम सेन पृथ्वीनारायण शाहका बुढो मावलीतिरका भाइ पर्दथे । तर यी दुई राजाहरू बीचको सम्बन्ध सधैं जसो घोचपेच र तनावपूर्ण नै रह्यो । त्रिविक्रम सेन द्वितीय तनहुँको राजगद्दीमा बसेको समयभन्दा अगाडिदेखि नै काठमाडौं उपत्यकाका राजाहरू बीच आपसी सम्बन्ध राम्रो थिएन । उपत्यकाका तीन राज्यहरूमा दुईवटा राज्य मिलेर तेश्रो राज्यमा आक्रमण गर्ने प्रक्रियाहरू दोहोरिरहन्थे । कहिलेकाहीँ उपत्यका भन्दा बाहिरका राज्यहरू तनहुँ, गोरखा, लमजुङ आदिले यी राज्यहरूको आपसी कलहको फाइदा उठाएर आर्थिक लाभ लिन्थे । त्रिविक्रम सेन द्वितीयले पनि उपत्यकाका राजाहरूसँग सम्बन्ध अझ अगाडि बढाएर गोरखाको विरुद्धमा एक हुने प्रयास गरेका थिए । यस सम्बन्धी चर्चा अर्को अध्यायमा गरिने छ । उता गोरखाका राजा पृथ्वीनारायण शाहले नुवाकोट बिजय गरी उपत्यका पस्ने ढोका खोल्ने योजना बनाउँदै थियो। त्यसका लागि चौबीसी राज्यहरूसँग मैत्री सम्बन्ध राख्नु आवश्यक थियो । त्यसैले उनी पश्चिमका राज्यहरूसँग मैत्री सम्बन्ध अगाडि बढाउने कार्यमा लागेका थिए ।

राजा त्रिविक्रम सेन द्वितीयले वि.सं. १७९८-१८२६ सम्म तनहुँमा राज्य गरेको देखिन्छ ।

### ५.२.७.१ साहित्यप्रति झुकाव

राजा त्रिविक्रम सेन द्वितीयको शासनकालमा तनहुँमा धार्मिक, शैक्षिक, साहित्यिक र संस्कृत आदि क्षेत्रमा प्रगति भएको पाइन्छ । यिनी आफै संस्कृतका विद्वान् थिए । त्यसैले यिनको दरबारमा विद्वान्हरूको कदर हुन्थ्यो । यिनले संस्कृत भाषामा 'ब्रह्मविद्याभरण' 'जपविधि', 'पूजातिलकम' ग्रन्थ रचना गरेका थिए (घिमिरे, २०४५, पृ. १२५) । राजा त्रिविक्रम सेनले गंगाविष्णु नाम गरेको विद्वान् ब्राह्मणलाई 'आचारदीपक' नामक बृहत् ग्रन्थ लेख्न लगाए । सो ग्रन्थ १८०९ मा लेखिएको थियो । उक्त ग्रन्थ धर्मशास्त्रको भए पनि संक्षिप्त रुपमा तनहुँका राजाहरूको वंशावली पनि दिइएको छ ( राजवंशी (सम्पा.), २०२०, पृ. ख-ग) ।

नुवाकोट विजय गर्नुभन्दा अगाडिको कुनै दिन गोरखाका वरिष्ठ पण्डितहरू सत्यधर जोशी, गोविन्द जोशी, सिताराम पण्डित आदिले पृथ्वीनारायण शाहलाई कुशलराज्य सञ्चालन गर्नका लागि 'मिताछराको विवाराध्याय' नामको पुस्तक अध्ययन गर्न सल्लाह दिए । उक्त पुस्तक गोरखामा नपाइएपछि तनहुँबाट झिकाएर अध्ययन गर्न लगाएका थिए (नरहरिनाथ (सम्पा.), २०२२, पृ.३२९) । पुस्तकमा राजाले दण्ड सजाय दिँदा कसुर मुताविक दिनुपर्ने, न्याय दिँदा आफ्नो पराय नहेरी निश्पक्ष

भएर दिनुपर्ने जस्ता नीति शास्त्रका कुराहरू थिए । शास्त्रका कुरा व्यवहारमा उतार्न निकै कठिन हुने भन्दै पृथ्वीनारायण शाहले ८/१० श्लोकभन्दा बढी श्रवण गरेनन् भनिन्छ । विवाराध्याय जस्ता पुस्तकको संग्रह तनहुँमा भएकोबाट राजा त्रिविक्रम सेन विवाराध्याय पुस्तक मुताविक न्याय व्यवस्था चलाउँदथे कि भन्ने देखिन्छ । यसका साथै यस्ता पुस्तकहरू संग्रह गरी अध्ययन गर्ने तनहुं राज्यमा शिक्षा र साहित्यको निकै विकास भएको मानिन्छ ।

राजा त्रिविक्रम सेन द्वितीयले १८२४ आश्विनमा दरबार परिसरभित्र रहेको विष्णुको मन्दिरमा धातुको घण्ट चढाएका थिए । यसको चर्चा पछि गरिनेछ । यसरी धार्मिक पुस्तकहरू लेखिनु र मठ मन्दिरहरू बनाएका हुनाले यी राजा धार्मिक प्रवृत्तिका थिए भन्न सकिन्छ ।

### ५.२.७.२ राजा त्रिविक्रम सेन द्वितीयका कार्यहरु

राजा त्रिविक्रम सेन द्वितीयको राज्यकालमा लेखिएका वि.सं. १८०० देखि १८२६ सम्मको १६ वटा चिठी पत्र, एउटा अभिलेख र एउटा लालमोहर प्रकाशित भैसकेका छन् । यी मध्ये ६ वटा रजबन्धकी पत्र, दुई वटा जागिर दिइ गरिएको पत्र, एउटा बिर्ता गरिदिएको पत्र र एउटा बकस दिई गरिदिएको पत्र गरी जम्मा १० वटा पत्र र अन्य ६ वटा गरी १६ वटा पत्र प्रकाशित भएका छन् ( पन्त, २०३९ (क), पृ.४७-५१) । तत्कालीन समयमा राजालाई रकमको आवश्यकता परेको बेलामा रैकर जग्गाहरू बन्धकी दिएर पैसा लिएर काम चलाउने गरिन्थ्यो । रजबन्धकी लिनेले आफ्नो रुपैयाको ब्याज उक्त जग्गाबाट भूमिकर उठाएर लिन पाउँदथ्यो । राजाले रजबन्धकीको रकम चुक्ता गरेपछि मात्र उक्त भूमिकर राजश्वमा पूर्ववत् दाखिला हुन आउने प्रावधान थियो । त्रिविक्रम सेनले दिएको रजबन्धकीमा पुरकोट निवासी रामकृष्ण धौलाडिकलाई सिम्लेको १ मुरी धान आउने र एउटा घडेरी ३६७ रुपैयाँमा रजबन्धकी दिएको देखिन्छ । यो रजबन्धकी दिएको पत्र १८०० बैशाख १० रोजमा कविलासपुरबाट लेखिएको छ (परिशिष्ट-५) । त्यस्तै राजाले पाउदी खोलाको खेत १ मुरी १०० औं जया (रा) दलै थापाले भोग चलन गर्दै आएको थियो । त्यसमध्ये १ मुरी ८० विश्वरुप अर्चजेक (आचार्य) लाई ९०० रुपैयाँमा बन्दकी दिएको देखिन्छ । यो रजबन्धकीको महेन्द्रमल्लिमा लेनदेन भएको भनिएको छ । यो पत्र १८०९ माघ सुदि ५ मा तनहुँबाट लेखेको पाइन्छ (परिशिष्ट-६) । त्यस्तै १८१५ म सुदि ११ मा खैरह्यानीबाट हिरा पन्तलाई कर्लुङ थुमको १ मुरि ४० को खेत ९८ रुपैयाँ सिक्कामा रजबन्धकी दिएको देखिन्छ (परिशिष्ट-७) । त्यस्तै १८१६ जेष्ठ सुदि १४ का दिन गुणानन्द पन्तलाई विभिन्न खेत गरी जम्मा ४६० मुरी माटो रुपैयाँ ७४३ मा दिएको देखिन्छ ( परिशिष्ट-८) । त्यस्तै १८१७ बैशाख सुदि १४ मा तनहुँबाट कृष्णदेव पण्डितलाई पुर्कोट रोहटे पानीको ४० मुरी खेत, सिम्ल्याको ६० मुरी खेत, कुसुदेको ३० मुरी र रुमताको ३० मुरी गरी जम्मा १६० मुरी खेत जम्मा ६०१ सिक्कामा रजबन्धकी दिएको देखिन्छ (परिशिष्ट-९) । त्यस्तै १८४१ चैत्र सुदि १० मा जघुपति पोखरेललाई सिमखेट मुरी २०० र डुम्रे खेत मुरी ८० गरी जम्मा २८० मुरी खेत ३३० रुपैयामा रजबन्धकी दिएको देखिन्छ (परिशिष्ट-१०) । यो पत्र तनहुँबाट लेखिएको हुँनाले राजधानी तनहुँसुरबाट नै लेखिएको बुझिन्छ ।

धेरै पटक रजबन्धकी दिएर राज्यको काम चलाएको देखाएकाले राजा त्रिविक्रम सेन द्वितीयको समयमा आइपुग्दा तनहुँ राज्य आर्थिक रुपमा त्यति मजबुत थिएन भन्ने देखिन्छ । उपत्यकासँग हुने व्यापारमा अवरोध, गोरखा विरुद्धमा चौबीसी राज्यहरूसँग मिलेर गरेको युद्धमा पराजय, राजपुर राज्यको जमिन्दारीमा अवरोध आदि कारणले तनहुँको आर्थिक अवस्था खस्केको बुझिन्छ ।

त्रिविक्रम सेनले श्रीमन थापालाई पत्र लेखि गुणनिधि पन्तलाई दिनुपर्ने १,००७ रुपैयाँ घाटबाटै मेठ (राजश्व) कर रुपैयाँ मध्येबाट दिनु भन्ने बेहोरा उल्लेख छ (परिशिष्ट-११) । त्यस्तै त्रिविक्रम सेनले वि.सं १८०९ मा नारायण पण्डितलाई बिर्ता दिएको पत्र प्राप्त छ (परिशिष्ट-१२) । राजाले नारायण पन्तलाई चुँदी फाँटको खेत १ मुरि १२०, बाँगिरहको खेत १ मुरी १२० गरी जम्मा २४० मुरी खेत बिर्ता दिएको देखिन्छ । त्यस्तै यी राजाले गुणानन्द पन्तलाई चोकको बिर्ता दिएर गौवद बाहुनबद बाहेक सबै खालको सजाय माफि हुने भनी उल्लेख गरेको छ (परिशिष्ट-१३) । त्यसैगरी यी राजाका छोरा कामरीदत्त सेनले पनि गुणानन्द पन्तलाई नै मर्यादपुर चितवन मौजे सहलौली गाउँ पनि बहस दिएका थिए (परिशिष्ट-१४) ।

राजा त्रिविक्रम सेनको अभिलेखहरूमा मुकाम तनहुँ लगायत  बन्दिपुर, खैरहयानी, देवघाट, कविलासपुर रहेका छन् । यसबाट राजधानी तनहुँसुर बाहेक तनहुँका अन्य ठाउँहरू पनि महत्वपूर्ण रहेको बुझिन्छ । देवघाट र बन्दिपुर त तनहुँका राजाहरूको अतिरिक्त राजधानी नै थिए । महाभारत पर्वत श्रृंखलाका एक शिखर कविलासमा राम्रै बस्ती विकास भएको र तनहुँ राज्यको महत्वपूर्ण सुरक्षा किल्ला रहेको जानकारी केही स्रोतहरूबाट पाइन्छ (ह्यामिल्टन, १९९७, पृ. ८४) । यसबाट कविलासपुर तत्कालीन तनहुँ राज्यको महत्वपूर्ण स्थानको रुपमा रहेको देखिन्छ । हालसम्म पनि उक्त ठाउँमा पुरानो बस्ती, रक्षात्मक गढी र किल्लाहरूको भग्नावशेषहरू रहेको पाइन्छ ।

तनहुँका राजाहरूले पनि पाल्पाका राजाहरूले चलाए जस्तै "रुपनारायणेत्यादि . . ." भन्ने प्रशस्ति चलाउने गर्दथे । राजा त्रिविक्रम सेन द्वितीयको १८१० को पत्रमा "रुपनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत" लेखिएको प्रशस्ति रहेकोमा १८११ को अर्को पत्रमा भने श्रीश्वरचरणरुदस्यरणेत्यादि लेखिएको प्रशस्ति देखिन्छ (अधिकारी, २०५५, पृ.४८) । यसबाट राजा त्रिविक्रम सेन द्वितीयले वि.सं १८१० पछि पहिलेका राजाहरूले चलाउँदै आएको प्रशस्तिमा परिवर्तन गरेको देखिन्छ । प्रशस्ति परिवर्तन गर्नुपर्ने कारण के थियो ? त्यो चाहिँ थाहा हुन सकेन ।

राजा त्रिविक्रम सेन द्वितीयकी जेठी रानी बासीका राजकुमार श्री केशरी सिंहकी छोरी पद्मा नाम भएकी कुरा सेन वंशावलीमा पाइन्छ (राजवंशी (सम्पा.), २०२०, पृ.१६) । माथि उल्लेखित विष्णुमन्दिरमा चढाइएको घण्टमा लेखिएको अभिलेखमा रहेको नाम पद्मकुमारी देवी र पद्मा नाम गरेकी एउटै रानी देखिन्छिन् । यिनी बाहेक यी राजाका रानीहरू प्रभावती, लक्ष्मीकान्ता र ईश्वरी थिए । जेठी रानीबाट कामारीदत्त सेन र अन्य रानीहरूबाट हरकुमारदत्त सेन, कामेश्वरदत्त सेन र जानकी दत्त सेन नामका छोराहरू जन्मेका थिए (घिमिरे, २०५६, पृ. ४२) ।

राजा त्रिविक्रम सेन द्वितीय आफ्नो राज्यकाल भरी नै पृथ्वीनारायण शाहको घातप्रतिघातको शिकार बनिरहे । यी राजालाई पृथ्वीनारायण शाहले विश्वासघात गरेर पक्रेर लगी केही समय नुवाकोटमा कैद गरेर राखे । यस सम्बन्धी विस्तृत चर्चा अर्को अध्यायमा गरिने छ । प्रारम्भमा उनले गोरखा राज्यलाई अगाडि बढ्न नदिन अर्थात् पृथ्वीनारायण शाहलाई पराजय गराउनका लागि चौबीसी राज्यहरूसँग मिलेर गोरखालाई लपेट्न खोजे । त्यसमा सफल नभए पछि पृथ्वीनारायण शाहको बढ्दो शक्तिबाट निकट भविष्यमा नै तनहुँ राज्यमा पर्ने असर बुझेर तनहुँ राज्यको अस्तित्व जोगाएर राख्नका लागि चौबीसी राज्यहरूसँग मिलेर गोरखा राज्यको विरुद्धमा गरेको आक्रमणमा पनि असफल नै भए । जीवनको अन्तिम समयतिर यिनी राज्य सुरक्षाको पक्षलाई लिएर निकै चिन्तिन रहेको प्रतीत हुन्छ । यहि चिन्तित अवस्थामा नै यिनको मृत्यु भयो । यिनको मृत्यु भएको आधिकारिक मिति भेटिएको छैन । यिनले जारी गरेको वि.सं. १८२६ वैशाखको पत्र भेटिएको छ भने उनका छोरा कामारीदत्त सेनको वि.सं. १८२७ भाद्रको पत्र भेटिएको छ । त्यसैले राजा त्रिविक्रम सेन द्वितीयको मृत्यु यही बीचको समयमा भएको मानिन्छ । यी राजाले तनहुँमा वि.सं. १७९८ - वि.सं. १८२६ सम्म राज्य गरेको देखिन्छ । यिनको मृत्युपछि यिनका छोरा कामारी दत्त सेन तनहुँ राज्यका राजा भए ।

राजा त्रिविक्रम सेन तनहुँका राजाहरू मध्ये योग्य र महत्वाकाँक्षी राजा देखिन्छन् । उनले गोरखाका राजा पृथ्वीनारायण शाहको बिजय अभियानलाई रोक्न लमजुङ र पर्वतका राजाहरूसँग मिलेर गोरखामाथि आक्रमण गरे । गोरखाको विरुद्ध एउटा गुट बनाउन उपत्यकाका राजाहरूसँग सम्बन्ध बढाउने प्रयास गरे । ईसाइ पादरीहरूसँग सम्पर्क बढाएर ईष्ट इण्डिया कम्पनीसँग सम्बन्ध जोड्ने प्रयास गरे तर कतैबाट पनि उनी सफल भएनन् । झन् पृथ्वीनारायण शाहले उनीमाथि विश्वासघात गरी केही समय कैद गरेर राखी छाडेपछि त यी राजा कमजोर बने । उनको राज्य कालमा पृथ्वीनारायण शाहले तनहुँसुरमाथि आक्रमण नगरे पनि बन्दीपुरमा आक्रमण गरेको देखिन्छ ।

### ५.२.८ कामारीदत्त सेन (वि.सं. १८२६-१८२७)

राजा त्रिविक्रम सेन द्वितीयको मृत्यु भएपछि उनका जेठा छोरा कामारीदत्त सेन तनहुँका राजा भए (अधिकारी, २०५५, पृ.५६) । त्रिविक्रम सेनको वि.सं. १८२६ वैशाखमा लेखेको पत्र प्राप्त भएको र कामारीदत्त सेनले वि.सं. १८२७ भाद्रमा लेखेको पत्र प्राप्त भएकोले यही बीचको समयमा कामारीदत्त सेन तनहुँको राजगद्दीमा बसेको देखिन्छ । राजा कामारीदत्त सेनका वि.सं. १८२७ भाद्र शुक्ल सप्तमी रोज २ मा लेखिएको दुईवटा पत्र प्राप्त भएका छन् (पन्त, २०३९ (ख), पृ.१०) । यी दुवै पत्र कामारीदत्त सेनले तत्कालीन तनहुँ राज्यका काजी तथा गुरु गुणानन्द पन्तलाई लेखेको देखिन्छ। यस मध्ये पहिलो पत्र गुणानन्द पन्तलाई जमिन विर्ता दिएको सम्बन्धित छ । पत्रमा जिल्ला मर्यादापुर तपस्या चितवन मौजा सहलौली गाउँलाई जिल्ला कायम गरी विर्ता दिएको उल्लेख छ । गुणानन्द पन्त पहिलेदेखि नै राज्यको योग्य र विश्वासिलो गुरु र मन्त्री रहेका हुनाले उनलाई खुशी पार्न यी राजाले बिर्ता दिएको देखिन्छ । दोश्रो पत्र पनि राजाले उनै गुणानन्द पन्तलाई दिइएको राजबन्धकीसँग सम्बन्धित छ । पत्रमा बसन्तपुर थुम एकको १,००० मुरी माटो खेत सिक्का ३१००।-

(तीन हजार एकसय) रुपैयाँमा राजबन्धकी दिएको उल्लेख छ । कामारीदत्त सेन राजगद्दीमा बसेको समयमा तनहुँ राज्यको आर्थिक अवस्था कमजोर रहेको कुरा उनको दोश्रो पत्रले देखाउँदछ । तत्कालीन समयमा राजालाई अर्थको आवश्यकता पर्दा जग्गा रजबन्धकी दिएर रकम लिई राज्यको गर्जो टार्ने गर्दथे ।

कामारीदत्त सेन तनहुँको राजा हुँदा पृथ्वीनारायण शाहले उपत्यकाका कान्तिपुर, ललितपुर र भक्तपुर तीनवटै राज्यहरू जितिसकेका थिए । भक्तपुर विजय गरिसकेपछि पृथ्वीनारायण शाहका भाइहरूले विजित प्रदेशका अधिपति बनाइ दिन राखेको प्रस्ताव पृथ्वीनारायण शाहले ठाडै अस्वीकार गरे । त्यसपछि उनका भाइहरू विभिण्डिएर महोदमकीर्ति शाह लमजुङ र सुरप्रताप शाह तनहुँ गएर बसे (आचार्य, २०६१, पृ.३५९-३६०) । पृथ्वीनारायण शाह आफूसँग रिसाएको थाहा पाएपछि सुरप्रताप शाह तनहुँ छाडि पाल्पा गएर बसे । पृथ्वीनारायण शाह उपत्यका विजय गरिसकेपछि पूर्वको सेन राज्य र पश्चिमको चौबीसी राज्य मध्ये कतातिर पहिला युद्धको लागि जाने दुविधामा थिए । यसरी भाइहरू लमजुङ र तनहुँमा राजनीतिकशरण लिएर बसेपछि उनले पूर्वी विजय अभियानलाई थाती राखी चौबीसी राज्यतिर पहिला आक्रमण गर्न जान निर्णय गरेका थिए । यसमा पनि तनहुँमा नै आक्रमण गर्नुको कारण सुरप्रताप शाह अतिथि बनेर त्यही बसिरहेका र राजा कामारीदत्त सेन पाल्पाका राजा मुकुन्द सेन द्वितीयसँग मिल्न गई गोरखासँग शत्रुता मोलेको थियो (भण्डारी, २०३८ (ख), पृ.१६-२५) । तर यस भनाईको विश्वास गर्न सकिँदैन किनभने कामारीदत्त सेन अपरिपक्क र युवक राजा थिए । पृथ्वीनारायण शाहसँग जोरी खोज्ने हिम्मत उनीसँग पक्कै पनि थिएन । अर्थात अन्य राज्यसँग मिलेर गोरखाको विरुद्धमा जानु उनको हैसियत थिएन । त्यस्तै उनले सुरप्रताप शाहलाई राजदरबारमा सम्मानका साथ राख्नु कुनै ठूलो अपराध थिएन । आखिर नरभूपाल शाहको चौथी रानी सुभद्रावतीको माइती तनहुँ राज्य भएपछि तनहुँ सुरप्रताप शाहको पनि मावली राज्य नै त पर्दथ्यो । यस हिसाबबाट हेर्दा पृथ्वीनारायण शाहले तनहुँ राज्यमा नै पहिलो आक्रमण गर्नुको कारण चाहीँ तनहुँको कमजोर अवस्था नै देखिन्छ । जुन राज्य कमजोर अवस्थामा हुन्छ, त्यही बेला आक्रमण गरेर आफ्नो स्वार्थपूर्ति गर्ने तत्कालीन समयको राजनीतिक र कूटनीतिक नीति नै थियो । यही नीति अवलम्बन गरेर पृथ्वीनारायण शाहले तनहुँ माथि आक्रमण गर्ने योजना बनाएको बुझिन्छ ।

### ५.२.८.१ तनहुँ राज्यमा गोरखाको आक्रमण

पृथ्वीनारायण शाहले १८२७ फाल्गुणको सुरुमा नै काजी दलजीत शाह र सरदार केहरसिंह बस्न्यातको नेतृत्वमा ५०० जति तालिमी र ९ सय जति बेतालिमी सैनिकहरूका साथ तनहुँमा आक्रमण गर्न पठाए (भण्डारी, २०३८ (ख), पृ.१६-२५) । गोरखाली सेनाले १८२७ फाल्गुन ११ गते तनहुँको मनपाङ र १९ गते छाङ कब्जा गरे । फाल्गुन २२ गते गोरखाली सेनाले दुरुङ्गचुङ्गका चारवटा ठाना कब्जा गरे । त्यसको भोलिपल्ट फाल्गुण २३ गते तनहुँका राजधानी सुरमाथि कब्जा गरेर अधिकार गरे (नरहरीनाथ (सम्पा.), २०२२, पृ.३७६) । गोरखाली सेनाले राजधानी सुरलाई चारैतिरबाट घेरेर आक्रमण गरेपछि यूवक राजा कामारीदत्त सेन सैनिकहरूको साथ केही समय डटेर युद्ध लडे ।

तर अपराजय बन्दै आएका गोरखाली सेनासँग तनहुँको सेनाले मुकाविला गर्न सकेन । राज्यलाई शत्रुबाट जोगाउन असम्भव देखेर राजा कामारीदत्त सेनले सेरिएर आत्महत्या गरे (भण्डारी, २०३८ (ख), पृ.१६-२५) । तर केही स्रोतमा तनहुँको सैन्य शक्ति कम हुँदा दोहोरो भिडन्तमा शत्रु पक्षको गोली लागी राजा कामारीदत्त सेनले वीरगती प्राप्त गरे भनिएको छ (उपाध्याय, १९७९, पृ.८१) । कामारीदत्त सेनको युद्धमा गोली लागी वीरगती प्राप्त भएको वा सेरिएर आत्महत्या गरेको यकिन हुने गरी प्रमाण भेटिएको छैन । तर तनहुँमा प्रचलित जनश्रुतीको आधार मान्दा राजा कामारीदत्त सेनले आत्महत्या गरेको देखिन्छ । त्यसमा एकथरी जनश्रुती अनुसार गोरखाली सेनाले राजदरबार घेरेपछि उम्कने कुनै उपाए नदेखि दरबार भित्रकै एउटा कोठामा राजा कामारीदत्त सेनले तरबारले सेरिएर मरेका थिए भनिन्छ । उनले रगत लतपतिएको हातको छाप कोठाको भित्तामा लगाएका थिए । पछि सम्म भित्तामा उक्त छाप भएको भनाइ आज पनि पाइन्छ । प्रत्येक विजयादशमीमा उक्त छापको रगत गाडा रातो देखाउन बलि दिएको पशुको रगत लगाउने प्रचलन पछि सम्म थियो भन्ने पाइन्छ (बतास, अन्तर्वार्ता २०७०।०६।३१) । त्यस्तै अर्को जनश्रुती अनुसार गोरखाली सेनासँग लड्न नसकेपछि राजा कामारीदत्त सेन दरबारभन्दा अलि तल पूर्वपट्टि रहेको भारदारको घरमा पसी ढोका लगाएर आत्महत्या गरे भनिन्छ । राजाले आत्महत्या गरेको भनिएको घरको कोठाको ढोका सधैं बन्द रहन्छ । राजाले अन्तिम सास फेरेको कोठा भएकोले स्मरणको लागि उक्त कोठा सधैं बन्द गरेर राखिएको हो भन्ने गरेको पाइन्छ । उक्त घर हालसम्म पनि जिर्ण अवस्थामा छ । घरमा कोही पनि मानिस बस्दैनन् । त्यो सेन राजाले भक्तपुरबाट ल्याएर बस्ने व्यवस्था मिलाई राखेको विर्जमान र जुजुवर मूल थर भएको नेवारको घर हो । भनिन्छ, ती मूलहरू सेन राजाहरूको पसले थिए । दरबारमा चाहिने सम्पूर्ण उपयोग्य सामग्रीहरू ती पसलले उपलब्ध गर्दथे । बिर्जमानका छोरा जुजुवर मूलले १९४८ भाद्रमा सारेका 'ज्ञानसार हरिहर विरुचित भगवत भक्ति विलासी न्यां' नामक ग्रन्थ उनका सन्तती लोकनारायण मुलसँग रहेको छ । बिर्जमान मूल सेनराजाको समय भन्दा धेरैपछि देखिएकाले बिर्जमान मूललाई नभई सेनराजा दामोदर सेनले उनका पुर्खालाई व्यापार गर्न भक्तपुरबाट तनहुँ राज्यमा ल्याएको देखिन्छ । दामोदर सेनको राज्यकाल देखि नै तनहुँको सम्बन्ध उपत्यकाका राजाहरूसँग रहेको पाइएकाले त्यही समयमा ती नेवारहरू पनि तनहुँ आएर बसोबास गरेको बुझिन्छ । बतास थरका नेवारहरू भने सेन राजाका भण्डारे थिए । हालसम्म ती मूलहरूको सन्ततीलाई पसले नै भन्ने गरेको पाइन्छ । सधैं बन्द रहने कोठा राजाले आत्महत्या गरेको ठाउँ नभई सेन राजाको पालादेखि नै राजदरबारको बहुमूल्य सामग्री राखिएको ठाउँ हुन सक्दछ । त्यसैले त्यस कोठामा सधैं नै ताला लगाइ राख्ने गरिएको बुझिन्छ । हुन त, त्यो कोठामा बहुमूल्य सामग्री केही थिएन, प्रत्येक दसैको अष्टमीको रातमा त्यस कोठामा पूजा गरिने प्रचलन थियो । कोठामा चारवटा कडा भएको ठूलो तामाको ताउलो भित्र केही मूर्तिहरू रहेको र त्यस्तै ताउलोले छोपिएको थियो । पछि दाजुभाइ छुट्टिदा जसको अंशमा त्यो कोठा पर्‍यो उसैले ती सामग्री भोगचलन गरेको र हाल उक्त कोठामा केही पनि नरहेको जानकारी पाइन्छ (मूल, अन्तर्वार्ता, २०७२।०२।२९) ।

राजा कामारीदत्त सेनको आत्महत्या सम्बन्धी स्थानीय बासीहरूमा अर्को पनि जनश्रुती रहेको पाइन्छ । राजदरबार रहेको उत्तर पूर्वपट्टिको केही तल ठूला ठूला ढुङ्गाहरू छन् । त्यसलाई गढी पनि

भनिन्छ । त्यहाँ दुईवटा ठूला ढुङ्गाहरू जोडिएको तल सानो ओडार जस्तो छ । त्यहाँ राजा सेरिएर मरेका थिए भनिन्छ । त्यहाँ सानासानो ३ वटा ढुङ्गाका शिला छन् (तस्वीर नं. २) । त्यस ढुङ्गालाई क्षेत्रपाल देवता मानेर प्रत्येक वर्ष बसन्तपञ्चमीको दिन त्यहीँ गाउँ (भोरथोक गाउँ) का स्थानीय मगरहरूले पूजा गर्दछन् । त्यहाँ पूजा गर्ने पूजारी कुमार मगर केटा हुनुपर्दछ । पूजा गर्दा एक वर्ष बाख्राको पाठोको बलि दिइन्छ भने अर्को वर्ष चामलको पिठाको रोट चढाईन्छ (थापा, अन्तर्वार्ता, २०७३।०६।२७) ।

तनहुँ राज्यका सेनवंशी राजाहरूमा सेरिएर मर्ने राजा कामारीदत्त नै हुन् । यिनै राजालाई क्षेत्रपाल देवताको रुपमा पूजा गर्ने प्रचलन रहेको देखिन्छ । पाल्पाका राजा मुकुन्द सेन प्रथमले आफ्ना साहिँला छोरा भृङ्गी सेनलाई तनहुँको प्रशासन हेर्ने जिम्मेवारी दिएर क्षेत्रपालको रुपमा पठाएका थिए । त्यसैले स्थानीय मगरहरूले ती सेन राजाहरूलाई क्षेत्रपाल नै भन्ने गरेको बुझिन्छ । हाल क्षेत्रपाल ढुङ्गा भएको ठाउँमा त्यस समयमा भारदारको घर थियो होला र राजाले भारदारको घरमा पसेर ढोका लगाई आत्महत्या गरेको हुन भन्ने बुझिन्छ ।

माथि उल्लेखित तीन सन्दर्भ सबै जनश्रुतीमा नै आधारित छन् । राजा कामारीदत्त सेन अपरिपक्क र युवक राजा थिए । उनको भाइ हरकुमारदत्त सेन पनि गुल्मी र प्यूठानसँग मिलेको हुनाले गोरखालीको आक्रमण हुँदा उनले आफूलाई असहाय र कमजोर महसुस गरी आत्महत्या गरेको देखिन्छ । दरबारको चारैतिर दुस्मनले घेरेको हुनाले दरबार बाहिर भारदारको घरमा गएर आत्महत्या गर्न सम्भव देखिँदैन । उनले आफ्नै दरबारको कुनै कोठामा सेरिएर आत्महत्या गरेको हुन सक्दछ ।

राजा कामारीदत्त सेन कच्चै उमेरका भएकाले उनका सन्तान थिएनन् । सम्भवतः उनको विवाह पनि भएको थिएन । त्यसैले उनको मृत्यु भएपछि उनका माहिला भाइ हरकुमारदत्त सेन तनहुँको राजगद्दीमा बसे ।

प्राचीन सेन वंशावलीमा कामारीदत्त सेनको निकै गुणगान गरी प्रशस्ति लेखिएको पाइन्छ (परिशिष्ट-१५) । वि.सं. १८२५ मा यस वंशावली लेखिँदा यिनी युवराज नै देखिन्छन् । यिनलाई पहाडखण्डका बादशाह, हिन्दूपति, इन्द्रजस्ता उत्कृष्ट उपमा दिइएको छ । यति धेरै विशेषता दिएर उनको प्रशंसा गरिए पनि यिनी सोचे जस्ता पराक्रमी र योग्य देखिएनन् । आखिर यिनी कमजोर बनेर आत्महत्या गरेका थिए । यसरी राजा कामारीदत्त बढाईचढाई प्रशंसा गर्नुको पछाडि दुईवटा कारण देखिन्छ । एउटा तत्कालीन समयमा राजालाई विष्णु भगवानको स्वरुप मान्ने भएकोले इश्वरको रुपमा प्रशंसा गरेको देखिन्छ । अर्को तत्कालीन राजा त्रिविक्रम सेनलाई खुशी बनाई उनको नजिक बन्नका लागि उनका छोरा यूवराजका प्रंशंसा गरेको देखिन्छ ।

### ५.२.९ हरकुमारदत्त सेन (वि.सं. १८२७-१८३९)

हरकुमारदत्त सेन राजा त्रिविक्रम सेन द्वितीयका माहिला छोरा हुन् । गोरखाली सेनाले तनहुँको राजधानीमा आक्रमण गरेपछि हतास बनेर राजा कामारीदत्त सेनले आत्महत्या गरे ।

त्यस समयमा हरकुमारीदत्त सेन दाजु कामारीदत्त सेनसँग खटपट भएर आफ्ना भाइहरू लिएर मामाघर गुल्मी गएर बसेका थिए (आचार्य, २०६१, पृ.३९१) । त्रिविक्रम सेन द्वितीयका चार जना रानीहरू मध्ये जेठी पद्मकुमारी देवीबाट कामारीदत्त सेन जन्मेका थिए भने अन्य तीन रानीहरूबाट तीन छोराहरू जन्मेका थिए । हरकुमारदत्त सेनकी आमाको नाम थाहा हुन सकेन । तर तिनी गुल्मीकी राजकुमारी रहिछन भन्ने चाहिँ देखिन्छ ।

राजा कामारीदत्त सेनको आत्महत्या भएपछि तनहुँको राजगद्दी खाली हुन पुग्यो । त्यसैले पृथ्वीनारायण शाहले हरकुमारदत्त सेनलाई तनहुँमा ल्याउनका लागि हतार गरेर ज्योतिषी कालु पाण्डेलाई गुल्मी पठाए । राजा कामारीदत्त सेनको आफ्नो उत्तराधिकारी नहुँदा भाइ हरकुमारदत्त सेन नै राजगद्दीका हकवाला थिए । तनहुँको राजगद्दी खाली रहेको थाहा पाएर लमजुङ र पाल्पाका राजा मिलेर हरकुमारदत्त सेनलाई तनहुँसुर दरबारमा नल्याई बन्दीपुरमा लगेर राजा बनाई आफनो गुटमा मिसाउँलान भन्ने भय पृथ्वीनारायण शाहलाई थियो । त्यसैले उनले हतार गरी हरकुमारदत्त सेनलाई लिन आफ्ना विश्वासिलो ज्योतिषी कालु पाण्डेलाई पठाएका थिए । उता गुल्मीका राजाले पनि तनहुँ राज्यमा भएको यस्तो परिस्थितिमा पाल्पा र लमजुङले फाइदा लिन नपाउन भनी प्युठानको सहयोग लिएर हरकुमारदत्त सेनलाई ज्योतिषी कालुपाण्डेसँग तनहुँ पठाउन राजी भएका थिए । पृथ्वीनारायण शाहले हरकुमारदत्त सेनलाई गुल्मीबाट तनहुँ ल्याउने सम्बन्धमा ज्योतिषी कालु पाण्डेलाई लेखेका दुईवटा पत्र प्राप्त भएका छन् (परिशिष्ट-१६) । पत्रमा पृथ्वीनारायण शाहले गुल्मीबाट लिएर आएका हरकुमारदत्त सेनलाई सरासर तनहुँसुरमा लिएर गई त्यहाँको व्यवस्था गर्नु भनी कालु पाण्डेलाई निर्देशन दिइएको छ । त्यहीँ पत्र अनुसार नै कालु पाण्डेको सहयोगमा हरकुमारदत्त सेन तनहुँमा पुगेर राजगद्दीमा बसेका थिए । हरकुमारदत्त सेनले कुन मितिमा तनहुँको राजमुकुट पहिरे त्यसको यकिन प्रमाण भेटिएको छैन । तापनि उक्त पत्र अनुसार उनी ९ जनवरी १७७१ (वि.सं. १८२७ पौष २५) पछि लगत्तै राजगद्दीमा बसेको देखिन्छ । पत्रमा हरकुमारदत्त सेनलाई लिएर ज्योतिषी कालु पाण्डेसँग गुल्मी र प्यूठानका मानिस पनि तनहुँमा आएको देखिएकाले त्यतिबेला ती राज्यहरूको समर्थन पृथ्वीनारायण शाहतिर थियो भन्ने देखिन्छ ।

हरकुमारदत्त सेनको जन्म १८१५ मा भएको थियो (पन्त, २०४१, पृ.१२-३३) । त्यसैले राजा हुँदा यिनी १२ वर्षका मात्र देखिन्छन् । यिनलाई गोरखाको एकीकरण अभियानमा सहयोग गर्ने वचनवद्धता गराएर गोरखासँग 'एकानी शत्रु एकानी मित्र' को मौखिक सम्झौता गराई गोरखाको आश्रित राज्यको रुपमा तनहुँ राज्यको राजगद्दीमा राखिएको थियो भनिन्छ (शर्मा (कँडेल), २०४२, पृ.१८) । सम्झौतामा तनहुँको संरक्षण गोरखाले गर्ने भनी तनहुँमा गोरखाको सेना पनि राखिएको थियो (घिमिरे, २०५६, पृ.४४) । यस सम्बन्धी लिखित प्रमाण त प्राप्त भएको छैन तर जुन परिस्थितिमा हरकुमारदत्त सेन तनहुँको राजगद्दीमा बसे र त्यसपछि गोरखाको विजय अभियानमा सैनिक सहयोग गरे, त्यसबाट माथि भनिए जस्तै तनहुँलाई पृथ्वीनारायण शाहले आश्रित राज्यकै रुपमा राखेका थिए भन्ने दखाउँदछ ।

### ५.२.१० नेपाली सेनाद्वारा चितवन कब्जा

पृथ्वीनारायण शाहको मृत्युपछि उनका जेठा छोरा प्रतापसिंह शाह नेपालका राजा भए । उनी आफ्ना पिता जस्ता दुरदर्शी कुटनीतिज्ञ, पराक्रमी र विजिजीषु थिएनन् । यसकारण प्रतापसिंह शाह स्वरुपसिंह कार्की (चौदण्डी घर भएका अंगरक्षक), बज्रनाथ पण्डित (रिसिङ घर भएका ( राजगुरु)), मैजुरानी (प्रताप सिंह शाहकी भित्रीनी रानी) आदिको प्रभावमा परे । उनीहरूकै भनाइतिर लागेर यिनले काका दलजीत शाहको सर्वस्वहरण गरे भने भाइ बहादुर शाहलाई राजगद्दी हडप्न खोजेको अभियोग लगाएर बुबाको आसौच भित्र नै दरबारमा कैद गरेर राखे (भण्डारी (सम्पा.), २०३८ (ग), पृ.२-१०) । पछि उनले गुरु गजराज मिश्रको अनुरोधमा बहादुर शाहलाई कैद मुक्त गरेका थिए र उनलाई स्वदेशमा बस्न नपाउने सर्तमा कैद मुक्त गरिएको थियो । त्यसैले चितवनको बाटो भएर बेतिया जाने क्रममा राजकुमार बहादुर शाहसँग देवघाटमा तनहुँका राजा हरकुमारदत्तको भेट भयो । तनहुँका राजाहरूले तनहुँसुरको अलावा देवघाटमा पनि अर्को राजधानी बनाएका थिए । उनीहरू हिउँदको तीन महिना पुष, माघ, फाल्गुन, देवघाटमा नै रहने गर्दथे भन्ने कुरा पहिले नै उल्लेख भएको छ । पृथ्वीनारायण शाहको मृत्यु वि.सं. १८३१ माघ १ गते भयो । लगत्तै उक्त घटना घटेको थियो । त्यतिबेला हरकुमारदत्त सेन तनहुँसुरको जाडो छल्न चितवनको देवघाटमा बसेका थिए । देवघाटमा भएको उक्त भेटपछि बहादुर शाहले बेतिया नगइकन तनहुँमा गएर बसे (खनाल, २०६१, पृ.१०३) । यिनी लामो समय तनहुँमा बस्ने मनसायमा पटक्कै पनि थिएनन् किनभने तनहुँ गोरखाको शत्रु राज्य रहेको र तनहुँ बिजय गरेपछि चौबीसीका अन्य राज्यहरू हात लिन सकिने पृथ्वीनारायण शाहको नीति यिनले भलिभाँती बुझेका थिए । यिनी तनहुँमा रहेको समयमा दाजु प्रतापसिंह शाहसँग पत्र आदान प्रदान भइरहेको थियो । तनहुँमा बसेकोमा दाजुको चित्त दुखाई भएको बुझेपछि यिनी तनहुँमा केही समय बसेर त्यहाँबाट पाल्पा हुँदै बेतिया गएर बसे ।

तनहुँ राज्यभित्र तराईको भित्री भाग (चितवन) पर्दथ्यो भने तराईको बाहिरी भाग चम्पारनमा पनि तनहुँका राजाको जमिन्दारी थियो । सतहुँमा गोरखालीको हार भएपछि राजा हरकुमारदत्त सेन हौसिएर गोरखालीलाई हराउन अंग्रेज (ईष्ट-इण्डिया कम्पनी) सँग सहयोगको लागि सम्बन्ध बढाएको देखिन्छ । वि.सं. १८२२ मा बेतियाका राजा युगलकिशोर शाही अंग्रेजसँगको युद्धमा पराजित भएपछि उनीसँगै तनहुँका मौजाहरूको रखवारी गरेर बसेका तनहुँका कर्मचारीहरू पनि भागेर तनहुँको पहाड खण्डतिर गए । त्यसपछि ती ठाउँहरूको महसुल उठाउने काम कम्पनीसरकार स्वयम्ले गर्न थाल्यो । राजा त्रिविक्रम सेनको देहावसान भएपछि गोरखासँगको युद्धमा अल्झीरहन परेकोले तनहुँका राजाले कम्पनी सरकारलाई बुझाउँदै आएको कर बुझाउन सकेको थिएन । सतहुँको युद्धमा गोरखाली हारेपछि बल्ल तनहुँका राजा हरकुमारदत्त सेनले त्यहाँ रहेका आफ्ना तप्पाहरूको जमिन्दारी वापत बुझाउन पर्ने रकम बुझाएर आफ्नो हक कायम गर्दै आएको थिए (खनाल, २०६१, पृ.१७९-१८०) । यसरी कम्पनी सरकारलाई रकम बुझाएपछि अंग्रेजसँग उनको सम्बन्ध सुदृढ बन्नु स्वभाविक नै थियो । चम्पारनमा अंग्रेजको अधिकार भैसकेपछि तनहुँको तराई भूभाग पनि अंग्रेजको अधिनमा आउन गाह्रो थिएन् । राजा हरकुमारदत्त सेन पनि अंग्रेजको सहयोग लिएर गोरखालाई हराउन सकिन्छ भने सहयोग लिने मानसिकतामा थिए । अंग्रेजले तनहुँको भूभाग चितवन आफ्नो अधिनमा पारेपछि

चितवनबाट लामीडाँडाको बाटो हुँदै उपत्यका छिर्नसहज हुन्थ्यो । अंग्रेजको यस खालको गतिविधि र तनहुँका राजाको अंग्रेजप्रतिको झुकाव बुझेर बेतियामा निर्वासित जीवन बिताइरहेका बहादुर शाहले दाजु प्रतापसिंह शाहलाई तारन्तर पत्र पठाई अंग्रेजले चितवनमा आक्रमण गर्नुभन्दा अगावै नेपाल सरकारले कब्जा गर्नुपर्ने दवाब दिए (आचार्य, २०२२, पृ.७५) । त्यस समयमा दरबारमा हताकर्ता बनेर बसेका बज्रनाथ पण्डितले पनि यस कुरामा ढिलो गर्दा बेफाइदा हुने राय दिए । प्रतापसिंह शाहले पूर्व किराँत प्रदेशमा रहेका काजी अभिमानसिंह बस्न्यातलाई चितवन आउन पत्र पठाएका थिए । उक्त पत्रमा "चितवनको सोमेश्वर कविलासपुरका काजलाई पठाएको छ, त्यति काम तमाम गरी आउनेबित्तिकै विर्ता गरी वक्सौंला, खातिरजमा राख, बाँकी युद्ध गर्ने कुरा भै गयो, ढिलाइयो भने सोमेश्वरमा फिरंगी (अंग्रेज) उक्लेपछि साह्रै धौ पर्ला, चाँडो गरी उछिन्नु पर्छ" भन्ने बेहोरा सहितको आदेश पठाएका थिए (अधिकारी, २०५५, पृ.६१) ।

बख्शी अभिमानसिंह बस्न्यात, रामकृष्ण कुँवर किराँत प्रदेशबाट वि.सं १८३४ वर्षात् ( असारको सुरु) मा तराईको बाटो भएर उपरदाङ गढितिर बढ्दै थिए । यता काठमाडौंबाट पनि काजी स्वरुपसिंह कार्कीको नेतृत्वमा गएका सेनाहरू जोगीमारामा गएर बसेका थिए । दुवै सेनापतीका सेनाहरू चितवनको सीमानामा पर्ने जोगीमारामा भेट भयो । वि.सं. १८३४ श्रावण ३ गते नेपाली सेनाले चारैतिरबाट कविलासपुरगढिलाई घेरा हाली आक्रमण गऱ्यो (आचार्य, २०६३, पृ.२०९) । पूर्वी चितवनको उत्तरतिर पर्ने महाभारतको लेकमा उपरदाङगढी पर्दछ भने उपरदाङगढीदेखि दक्षिण पश्चिममा कविलासपुरगढी रहेको छ । कविलासपुरगढीको सुरक्षाको लागि तनहुँका सरदार विचित्र सेन तालिम प्राप्त सैनिकहरू साथ लिएर बसेका थिए । नेपाली सेना र तनहुँका सेना बिचमा दिनभर युद्ध भयो । गढीलाई बचाउने भरमग्दुर प्रयास गर्दा पनि विचित्र सेनको केही लागेन । युद्धमा विचित्र सेन मारिए (आचार्य, २०६०, पृ.११८) । पर्याप्त हतियार भएका शक्तिशाली नेपाली सेनासँग तनहुँका थोरै सेना र त्यसमा पनि पर्याप्त हातहतियार नभएको पक्षको हार हुनु त स्वभाविक नै थियो । युद्ध हुनु अगाडि नै कविलासपुर गढीमा नेपाली सेनाले आक्रमण गर्दैछ भन्ने खबर पाएका तनहुँका राजा हरकुमारदत्त सेनले कविलासपुरमा थप सेना पठाउनका लागि चाडो चाडो सेनाहरू जम्मा गरी त्यसतर्फ पठाएका पनि थिए तर वर्षातको महिना भएकोले बाढीले उर्लेको सप्तगण्डकी पार गरेर राजधानी तनहुँसुरबाट सहयोगका लागि गएको थप सैनिक कविलासपुरसम्म पुग्न सकेन । युद्धमा विचित्र सेन मारिए पछि त्यहाँ भएका बाँकी सेनाहरूले गोरखाली समक्ष आत्मसमर्पण गरे । यसरी कविलासपुरगढी तनहुँले गुमाउनु पऱ्यो । कविलासपुरगढी तत्कालीन समयमा तनहुँ राज्यको महत्वपूर्ण सुरक्षा केन्द्र रहेको र त्यहाँ बस्तीको विकास पनि निकै भैसकेको कुरा यस अघि नै चर्चा गरियो ।

चितवनको दक्षिणतर्फ रहेको चुरे पहाडमा तनहुँ राज्यको सोमेश्वर गढी भनिने अर्को बलियो किल्ला थियो । त्यहाँ पनि किल्लाको रक्षा गरी तनहुँका सैनिकहरू तैनाथ थिए । कविलासपुर गढी विजय भएपछि आधा जति सेना त्यही राखेर बाँकी सेनालाई लिएर बख्शी अभियान सिंह बस्न्यात, पारथ भण्डारी र धनराज खत्री सोमेश्वर गढी विजय गर्न अगाडि बढे । वि.सं. १८३४ साउन २६ गते नेपाली सेनाले सोमेश्वर गढी घेरा हाले । केही घण्टाको मुकाबिलामा तनहुँका सेनाहरू पराजित

भए (आचार्य, २०६०, पृ.११८) । सोमेश्वर गढी विजय भएको मितिको जानकारी दिन टिपोट पत्रमा सोमेश्वर गढी नेपाली सेनाले विजय गरेको मिति र त्यहाँ हमला हुँदा भएको गतिविधिहरूको व्याख्या पत्रमा गरिएको छ (नरहरीनाथ (सम्पा.), वि.सं.२०२२, पृ.३७६) ।

कविलासपुर गढी र सोमेश्वर गढी चितवन प्रदेश भित्र रहेको तनहुँ राज्यका महत्वपूर्ण गढीहरू थिए । चितवनमा रहेको अर्को महत्वपूर्ण गढी उपरदाङ गढी थियो । उपरदाङ गढी पनि वि.सं. १८३४ श्रावणमा गोरखाली सेनाले जिते (आचार्य, १९९७, पृ.६०-७३) । उपरदाङ गढीमा ठूलो युद्ध भएको देखिएको छैन । कविलासपुर गढी नजिक रहको गढी भएकोले कविलासपुरसँगै यो पनि विजय भएको देखिन्छ । यी गढीहरू विजय गरेपछि चितवन प्रदेशका सम्पूर्ण भित्री मधेश स्वतः नेपाल अधिराज्यमा गाभियो । त्यसपछि चितवन प्रदेशको सुरक्षाको लागि उपरदाङ गढीमा किल्ला जमाई रामकृष्ण कुँवर बसे (आचार्य, २०६३, पृ.२०९) ।

चितवन प्रदेश तनहुँ राज्यको सुरक्षाको हिसाबबाट महत्वपूर्ण किल्ला र राज्यको आम्दानीको महत्वपूर्ण स्रोतको रुपमा रहेको भूभाग थियो । यो भूभाग नेपाल अधिराज्यमा मिलेपछि राजा हरकुमारदत्त सेनलाई ठूलो चोट पऱ्यो । उनी त्यसलाई पुनः तनहुँ राज्यमा मिलाउने उपायहरू खोज्न थाले ।

चितवन प्रदेश आफ्नो हातबाट फुत्कनुको पछाडि राजा हरकुमारदत्त सेनको अदुरदर्शिता र अपरिपक्वताको परिणाम देखिन्छ । चितवन त्यस्तो महत्वपूर्ण भूभाग थियो, जुन भूभाग भएर दक्षिणबाट अंग्रेज आउने सम्भावना भएकोले सो भूभाग कब्जा गर्न नेपाल राज्य तत्पर छ भन्ने कुरा हरकुमारदत्त सेनले बुझेनन् । उनले चितवनका महत्वपूर्ण गढीहरूको सुरक्षार्थ विशेष व्यवस्था गर्नुपर्ने थियो । तर त्यसो गरेनन् । पृथ्वीनारायण शाहले प्रारम्भ देखि नै आफ्नो विरुद्ध चौबीसी राज्यहरूले के कस्ता गतिविधिहरू गर्दैछन् भन्ने जानकारी दिन आफ्ना गुप्तचरहरू राख्ने गर्दथे । उनलाई चौबीसी राज्यहरू, उपत्यकाका मल्ल राज्यहरूले आफू विरुद्ध गर्न लागेको गतिविधि सोही गुप्तचरहरूद्वारा थाहा हुन्थ्यो र सोही अनुरुप अगाडिको योजना बनाउँदथे । तर हरकुमारदत्त सेनले यस्ता कुरामा ध्यान दिएको देखिँदैन । त्यसैले त चितवन प्रदेश गुमेपछि उनी बाध्य भएर पहाडी भूभागको मात्र राजा भएर रहन पऱ्यो ।

### ५.२.११ नायक बहादुर शाहको तनहुँ आक्रमण

चितवन प्रदेश गुमिसकेपछि तनहुँ राज्यमा पहाडी खण्ड र चम्पारन रामनगरको जमिन्दारी मात्र बाँकी रह्यो । अब राजा हरकुमारदत्त सेनलाई तनहुँको पहाडी खण्डलाई जोगाउन पनि मुस्कील भयो । त्यसैले उनी चिन्तित थिए । उनी आफनो गुमेको चितवन प्रदेशलाइ पुनः फिर्ता ल्याउनका लागि चौबीसी राज्यहरू लमजुङ, पाल्पा र पर्वतलाई गुहारी रहेका थिए । चौबीसीका यी राज्यहरू पनि तनहुँको चितवन प्रदेश दखल गरेकोमा गोरखालीहरूसँग मुरमुरिइ रहेका थिए । बर्षातका समय भएकाले उनीहरूले पनि तनहुँलाई तत्कालै सहयोग गर्न सम्भव थिएन । उनीहरू जसरी पनि तनहुँको चितवन उकास्ने योजनामा थिए ।

यसै बीच वि.सं. १८३४ मार्ग ६ गते २६ वर्षको अल्पआयूमा राजा प्रतापसिंह शाहको निधन भयो (रेग्मी, १९७५, पृ. २८५) । उनका अढाई वर्षका छोरा रणबहादुर शाह नेपालको राजगद्दीमा बसे । त्यसै दिन राती राजेन्द्रलक्ष्मीले बेतिया निर्वासित रहेका बहादुर शाहलाई स्वदेश फर्कन पत्र पठाइन् (आचार्य, २०६१, पृ.२११) । पत्र पाए लगत्तै बहादुर शाह नेपाल फर्किए । केही समय सम्म त राजेन्द्रलक्ष्मी र बहादुर शाह मिलेर नाबालक राजा रणबहादुर शाहको संयुक्त नायव भएर राजकाज चलाए । तर दरबार भित्रको गुटबन्दीले गर्दा देवर भाउजुको बीच वैमनस्यता सुरु भई एक अर्कालाई कैद गर्ने सम्मको अवस्था सिर्जना भयो । प्रतापसिंह शाह राजा भएपछि दरबारियाहरूको कुरा सुनेर उनले भाइ बहादुर शाहलाई राज्य आफूले लिन खोजेको अभियोग लगाइ कैद गरेका हुन् । कैद मुक्त भएपछि बहादुर शाह बेतिया निर्वासित भएका थिए । राजमाता राजेन्द्रलक्ष्मी पहिलाको घटनाले गर्दा बहादुर शाहप्रति सशंकित बनेकी थिइन् । यिनै कुराले गर्दा यिनले पनि दरबारियाहरूको कुरा सुनी नाबालक छोराको गद्दी असुरक्षित रहेको ठानेर बहादुर शाहलाई कैद गरिन् । पहिलाको जस्तै यस पटक पनि बहादुर शाह गुरु गजराज मिश्रको अनुरोधमा कैद मुक्त भए (नेपाली, २०५७, पृ.३) । कैद मुक्त भएपछि राजेन्द्रलक्ष्मीद्वारा मूलकाजी बनाइएका सर्वजित रानासँग राजेन्द्रलक्ष्मीको अनुचित सम्बन्ध रहेको अभियोग लगाएर बहादुर शाहले सर्वजित रानालाई छिडिमा कटाए । राजेन्द्रलक्ष्मीलाई भने कैद गरे । आधुनिक नेपालको इतिहासमा भारदारलाई दरबारभित्र नै कटाएको यो पहिलो घटना थियो । भाउजु राजेन्द्रलक्ष्मीलाई कैद गरेपछि बहादुर शाहले राजकाजको सम्पूर्ण बागडोर आफ्नो हातमा लिएर चौबीसी राज्यहरू विजय गरी नेपालमा मिलाउने अठोट लिए । लमजुङ र कास्कीसँग सम्बन्ध बढाएर तनहुँ माथि आक्रमण गरी अघि बढ्ने पृथ्वीनारायण शाहको नीतिलाई बहादुर शाहले अवलम्बन गरेका थिए । सुरुमा उनले तनहुँका राजा हरकुमारदत्त सेनलाई नेपाल राज्यको आश्रयमा ल्याउने प्रयत्न गरेका थिए (भण्डारी (सम्पा.), २०३८ (ग), पृ. २-१०) । तर हरकुमारदत्त सेन राजी नभएपछि बहादुर शाहले युद्ध गरेर नै तनहुँलाई नेपाल अधिराज्यमा मिलाउने उद्देश्य लिएर दलजित शाहको नेतृत्वमा तनहुँमा आक्रमण गर्न सेना पठाए । उक्त गोरखाली सेनाले तनहुँका सबै नाकाहरू कब्जा गरी सकेपछि वि.सं. १८३५ माघ २१ गते तनहुँको राजधानी सुरमा आक्रमण गरी सजिलैसँग कब्जा जमाए (नरहरिनाथ (सम्पा.), २०२२, पृ.३७७) । युद्धमा पराजित भएपछि तनहुँका राजा हरकुमारदत्त सेन भागेर पाल्पा पुगे । बहादुर शाहले तनहुँको सुरक्षाको सम्पूर्ण जिम्मा बलि बानियाँलाई दिएर दलजित शाहलाई काठमाडौं झिकाए । प्राप्त स्रोतहरू हेर्दा दलजित शाहको फौजले तनहुँ राज्यमा ठूलो युद्ध नलडिकन नै विजय गरेको देखिन्छ । तनहुँ राज्य सैन्य शक्तिमा निकै कमजोर रहेको यसैबाट झल्किन्छ । सैन्य शक्ति मजबुत नभएकोले नै हरकुमारदत्त सेन नेपाली सेनाहरूसँग डटेर युद्ध गर्न सकेनन् र उनी छिमेकी राज्यमा सैन्य सहयोग जुटाउन आफ्नो राजधानी छाडेर पाल्पा पुगे ।

तनहुँको भूभाग चितवनलाई पुनः फर्काउने सोच बनाइरहेका पाल्पा र पर्वतका राजाहरू सामु अर्को झड्का लाग्यो । तनहुँको राजधानी नै गोरखाले कब्जा गरेपछि त अन्य चौबीसी राज्यहरू तर्सनु स्वाभाविक नै थियो । सतहुँमा हारेका गोरखाली फेरि बलियो बनेर विजय अभियानमा जुटिसकेका थिए । गोरखालीलाई समयमा नै हराएर अगाडि बढ्न रोक्नु अति आवश्यक देखी

पाल्पाका राजा मुकुन्द सेन द्वितीयले आफ्ना छोरा शुरवीर सेनका नेतृत्वमा पाल्पाली सैनिक हरकुमारदत्त सेनको सहयोगको लागि तनहुँ पठाए । पर्वतका राजा कीर्तिवम मल्लले पनि हरकुमारदत्त सेनको सहयोगको लागी पर्वतका सेना तनहुँ पठाए । यति बेला भने बहादुर शाहले यति छिट्टै नै चौबीसी राज्यहरूले तनहुँ उकास्न आक्रमण गर्लान् भन्ने सोचेका थिएनन् । त्यतिबेला बलि बानियाँसँग तनहुँमा थोरै सेनाहरू मात्र थिए । त्यसैले बलि बानियाँले थप सैनिक सहयोगको लागि चितवनको सुरक्षा प्रमुख भएर उपरदाङ गढीमा रहेका रामकृष्ण कुँवरलाई सेना सहित तनहुँमा बोलाए । पाल्पा र पर्वतका संयुक्त सेनाले दुई तिरबाट तनहुँको राजधानी घेरेर अगाडि बढे । गोरखाली सेनासँग उक्त संयुक्त सेनाको लडाइँ भयो । बलि थुमको लडाइँमा गोरखाली सेनापती बलि बानियाँ मारिए । यस लडाइँमा सरदार बलि बानियाँ सहित ६०-७० जना गोरखाली सेना मारिए भने धेरै घाइते भए (अधिकारी, २०५५, पृ.६३) । तनहुँलाई सुरक्षित राख्न नसक्ने देखेपछि रामकृष्ण कुँवर वि.सं. १८३५ चैत्र ३ गते बाँकी सैनिकहरूलाई लिएर गोरखा फर्किए । यस युद्धमा गोरखाली सैनिक पराजित भएर गोरखा फर्किएपछि हरकुमारदत्त सेन पुनः तनहुँको राजगद्दीमा बसे । यसबाट के थाहा हुन्छ भने तनहुँका राजा हरकुमारदत्त सेन आफैले गोर्खालीबाट आफ्नो राज्य बचाउन सक्ने अवस्था थिएनन् । पाल्पा, पर्वत जस्ता तत्कालीन समयमा शक्तिशाली देखिएका राज्यहरूले गरेको सहयोगबाट मात्र तनहुँ राज्य धानिएको थियो ।

उता उपरदाङगढीमा बसेर चितवन उपत्यकाको सुरक्षा गरिरहेका रामकृष्ण कुँवर नभएपछि कविलासपुर गढी, सोमेश्वरगढी पनि खाली बन्न पुग्यो । त्यस मौकाको फाइदा उठाएर पाल्पा, पर्वत र तनहुँका संयुक्त सेनाले उक्त गढीहरू पुनः कब्जा गरेका थिए (भण्डारी (सम्पा.), २०३८ (ग), पृ.२-१०) । त्यसपछि हरकुमारदत्त सेन र सुरवीर सेनले केही समयसम्म चितवन उपत्यकाबाट मालपोत पनि उठाएका थिए । यही मेसोमा उनीहरूले मकवानपुर राज्यमा रहेको गोरखाली सैनिकलाई पनि उठाएर दिग्वन्धन सेनलाई पुनः राजा बनाउने योजना बनाएका थिए पनि भनिन्छ (आचार्य, १९९७, पृ.६०-६९) । यस सम्बन्धी कुनै प्रमाण त भेटिएको छैन । तर दिग्वन्धन सेन आफ्नो बन्धु भएकाले उनको राज्य उकास्न हरकुमारदत्त सेन र सुरवीर सेन चाहान्थे होला भन्न सकिन्छ ।

तनहुँ र चितवन पुनः हरकुमारदत्त सेनको हातमा गएको खबर पाएर बहादुर शाह तत्कालै गोरखा गएर चितवन प्रदेश फिर्ता गर्नका लागि दलमर्दन शाह, बन्धु राना र पारथ भण्डारीको नेतृत्वमा सेना पठाए । उक्त सेनाले १८३६ वैशाख १२ गते सोमेश्वर गढी कब्जा गऱ्यो । यस सम्बन्धमा श्री ५ रणबहादुर शाहको नामबाट किरात प्रदेशमा रहेका सुब्बा योगनारायण मल्ललाई वि.सं. १८३६ वैशाख १५ गते एक पत्र लेखेको देखिन्छ (परिशिष्ट-१७) । पत्रमा तनहुँले लिएको सोमेश्वर गढी वैशाख १२ गते पुनः फिर्ता गर्न सफल भयौ, यस खुशीयालीमा त्यहाँ पनि खुशी मनाउँ भन्ने बेहोरा उल्लेख छ । पत्रबाट तनहुँले कब्जा गरिसकेको सोमेश्वर गढी पुनः गोरखाली सेनाले आक्रमण गरी विजय गरेर फिर्ता लिएको देखिन्छ । सोमेश्वरमा विजयपछि उक्त सेनाले उपरदाङ गढीमा पनि घेरा दिए । त्यतिबेला हरकुमारदत्त सेन र शुरवीर सेन उपरदाङ गढीमा बसेका थिए । उनीहरूले भेष बदलेर त्यहाँबाट भाग्न सफल भए (भण्डारी (सम्पा.), २०६८

(ग), पृ.२-१०) । त्यहाँ रहेका १४० जना संयुक्त सेनालाई भने गोरखाली सैनिकले समातेर गोरखा लगी केही समय कैद गरी पछि छाडि दिए । चितवन प्रदेश पुनः नेपाल अधिराज्यमा गाभिएपछि हरकुमारदत्त सेन फेरि तनहुँका पहाडी खण्डका मात्र राजा रहे । वि.सं.१८३७ जेष्ठमा राजा हरकुमारदत्त सेनले बन्दीपुरबाट जारी गरिएको एउटा पत्र प्राप्त भएको छ (परिशिष्ट-१८) । यो हरिवंश जैसीलाई रजबन्धकी दिएको पत्र हो । पत्रमा हरिवंश जैसी (जैसी) लाई जसिवंत घर्ति, वृश्जित आलेले कमाउँदै आएको सोहराको ३ मुरी बिउ लाग्ने पाइलाटार पचास रुपैयाँ लिएर रजबन्धकी दिएको विषय लेखिएको छ । पैसा चुक्ता गरेपछि जग्गा फिर्ता हुने पनि लेखिएको छ । यो पत्र बन्दीपुरबाट लेखिएको हुनाले राजा हरकुमारदत्त सेन पहाडखण्डको मात्र राजा हुँदा तनहुँसुरको अलावा बन्दीपुरमा पनि गएर बस्ने गर्दथे भन्ने देखिन्छ ।

यता बहादुर शाह तनहुँ राज्यलाई पुनः कब्जा गर्नका लागि गोरखामा बसेर सैनिक संगठन गरिरहेको समयमा काठमाडौंमा चौतारा महोद्दाम कीर्ति शाहको समूहले दरबार भित्र नै नजरबन्दमा रहेकी राजमाता राजेन्द्रलक्ष्मीलाई वि.सं. १८३६ असार १० गते कैद मुक्त गरिदिए (पन्त, २०२५, पृ.४७-५१) । यो थाहा पाएर बहादुर शाह गोरखाबाट नै पटना गएर बसे । अब भने राजमाता राजेन्द्रलक्ष्मी नाबालक राजा रणबहादुर शाहको नायवीको हैसियतमा रहेर राज्य चलाउन थालिन् ।

नेपालको राजदरबारमा सत्ता प्राप्तिको लागि राजेन्द्रलक्ष्मी र बहादुर शाह बीच भएको राजनैतिक खिचातानीमा बहादुर शाह कमजोर बनेका थिए । उनी फेरि पनि बाध्य भएर भारत निर्वासित हुनु परेको थियो । यस घटनाले तनहुँ राज्यलाई भने फाइदा पुग्यो । तत्कालीन गोरखाले तनहुँ राज्यमा आक्रमण गर्ने परिस्थिति बनेन र केही समय हरकुमारदत्त सेनले ढुक्कसँग राज्य गर्न पाए ।

### ५.२.१२ तनहुँ राज्यको अन्त्य

राजमाता राजेन्द्रलक्ष्मी नाबालक राजा रणबहादुर शाहकी नायवी बनेपछि गोरखाको राजशक्ति कमजोर भएको ठानी गोरखाको विरुद्धमा चौबीसी राज्यहरू पुनः एकजुट भए । पाल्पाका राजा मुकुन्द सेन द्वितीयले तनहुँ राज्यलाई बलियो बनाउन र मकवानपुर, विजयपुरका सेन राज्यहरू आफ्ना सेन बन्धुहरूलाई फिर्ता दिएर आफ्नो अधिनमा ल्याउने संकल्प गरेका थिए । यस कुरामा पर्वतका राजा कीर्तिवम मल्लले पनि सहयोग गर्ने बचन दिएका थिए (अधिकारी, २०५५, पृ.६४) । उनलाई मुकुन्द सेनको यस प्रस्ताव लमजुङका राजा वीरमर्दन शाहले पनि स्वीकार गरे तर कास्की चाहीँ गोरखाको विरुद्धमा जान हिच्किचायो । लमजुङ र पर्वतले सीमाना सम्बन्धी विवाद लिएर कास्कीलाई दुःख दिइरहने र गोरखा राज्यको शक्ति आङ्कल गरेर कास्कीका राजा सिद्धिनारायण शाहले मुकुन्द सेन द्वितीयको प्रस्ताव अस्विकार गरेको बुझिन्छ ।

पाल्पाका राजा मुकुन्द सेन द्वितीयले आफ्ना छोरा ध्वजवीर सेनलाई चौदण्डी विजयपुरका भूतपूर्व राजा कर्ण सेनकी विधवा रानीको धर्मपुत्र बनाएर मोरङ पठाएका थिए । प्रतापसिंह शाह

राजा भएको समयमा नेपाल दरबारमा हर्ताकर्ता रहेका स्वरुपसिंह कार्की प्रतापसिंह शाहको मृत्युपछि भागेर पूर्वतिर गएर बसेका थिए । यिनलाई पनि मुकुन्द सेन द्वितीयले आफ्नो पक्षमा मिलाएका थिए । मुकुन्द सेनले आफ्ना छोरा ध्वजबीर सेन र स्वरुपसिंह कार्कीलाई ईष्ट इण्डिया कम्पनीसँग गोरखालीको विरुद्धमा लड्नको लागि सैनिक सहयोग माग्न कलकत्ता पठाएका थिए । यो कुरा कलकत्तामा रहेका नेपालको राजदुत दीनानाथ उपाध्यायले थाहा पाए (भण्डारी (सम्पा.), २०३८ (ग), पृ.२-१०) । उनले यो कुरा तुरुन्तै नेपाल दरबारमा जानकारी दिए । त्यतिबेला पाल्पाका राजा मुकुन्द सेन द्वितीय चौबीसी गुटमा शक्तिशाली रहेको र उनी नेपाल सरकारको विरुद्धमा ठूलै शक्ति तयार गर्ने योजनामा रहेका थिए । त्यस समय भारतमा कम्पनी सरकार र मराठा राज्य बीच घनघोर युद्ध चलिरहेको थियो । त्यसैले ईष्ट इण्डिया कम्पनीका गभर्नर वारेन हेष्टिडले पाल्पाली राजाका दूतहरूको प्रस्तावमा ध्यान दिएका थिएनन् । कम्पनीसरकारबाट सहयोग नपाउने भएपछि पाल्पाली राजकुमार ध्वजवीरले आफ्नै बाहुबलले मोरङ जित्ने उद्देश्यका साथ चतरा (मोरङ) मा अखडा जमाए ।

यता चौबीसी राज्यहरू तनहुँ, पाल्पा, लमजुङ र पर्वतका राजाहरू एकजुट भएर फेरि एकपटक गोरखामा आक्रमण गर्ने योजना बनाए । चौबीसीले गोरखामा आक्रमण गर्दछ भन्ने सुइँको पाएर राजमाता राजेन्द्रलक्ष्मीले काजी बलभद्र शाह, देवदत्त थापा, दामोदर पाण्डे, सरदार अमरसिंह थापाको नेतृत्वमा नेपाली फौज गोरखाको सुरक्षाको लागि पठाइन (आचार्य, २०३९, पृ.५१) । चौबीसी राज्यमा पनि नेपाली फौज गोरखाको सुरक्षाको लागि आउँदैछ भन्ने खबर पुग्यो । नेपाली सेना गोरखामा आइनपुग्दै आक्रमण गर्ने सोचले चौबीसी राज्यका संयुक्त सेना अगाडि बढ्यो । चौबीसी राज्यका संयुक्त सेनाको नेतृत्व तनहुँका काजी गरुडध्वज पन्तले गरेका थिए (पन्त, २०६४, पृ.२५४) । उनको नेतृत्वमा तनहुँ, पाल्पा, पर्वतका गरी करिब ४०० सेनाहरू सम्मिलित थिए (अधिकारी, २०५५, पृ.६४) ।पर्वतका राजा किर्तिवम मल्लले भने स्याङ्जामा बसेर सेना जम्मा गरी गोरखामा पठाउने गर्न थालेका थिए । चौबीसीका संयुक्त सेनाले वि.सं. १८३८ माघ २५ गते गोरखाको भिमरेक कब्जा गरे (आचार्य, २०६१, पृ.१६८) । त्यसपछि चौबीसी राज्यका सेनाहरूले भिमरेक नजिक रहेको सिह्रानचोकलाई नियन्त्रणमा लिन सफल भयो । उनीहरूले गोरखाको अजिरकोटमा पनि कब्जा जमाइसकेका थिए ।

राजमाता राजेन्द्रलक्ष्मीले काठमाडौंबाट पठाएको सेनाहरू गोरखा आइपुगीसकेको थियो । गोरखा विजयतिलक काव्यमा लेखिए अनुसार यस आक्रमणको सामना गर्न पठाइएका सेनानायकहरुमा जीव शाह, वम शाह, नरु शाह, गुर्भ खवास, भास्कर राना, बदलसिंह बस्न्यात, हरिवंश बोहोरा, शिव शाह, आदि थिए (नरहरिनाथ (सम्पा.), २०२२, पृ. ५०६) । त्यस बखत सबै मिलाएर दस कम्पनी नेपाली फौज त्यसतर्फ पठाइएको थियो । तर केही स्रोतहरूमा भने जम्मा चार कम्पनी नेपाली सैन्य टोली उक्त युद्धमा खटिएको उल्लेख पाइन्छ (स्टिलर, १९९५, पृ. १३६) ।

राजमाता राजेन्द्रलक्ष्मीले चौबीसी आक्रमणलाई परास्त गर्ने मुख्य अभिभारा बलभद्र शाह र अमरसिंह थापालाई दिएकी थिइन् । अमर सिंह थापा गोरखाको सिह्रान चोकमा जन्मे हुर्केकाले

त्यहाँको भौगोलिक ज्ञान थियो । त्यसैले उनलाई सेनापतीको जिम्मेवारी दिएर पठाएको थियो (थापा, २०७०, पृ.३६) । त्यतिबेला युद्धको लागि गएको नेपाली पल्टन मध्ये एक 'श्रीनाथ कम्पनी' थियो ( खत्री, २०४१, पृ.१६५) ।

नेपाली सेना र चौबीसी संयुक्त सेनाबीच पहिलो युद्ध चेपेपारीको चिप्लेटीमा भयो । यस युद्धमा नेपाली सेनाले चौबीसी सेनालाई सजिलै हराएर अगाडि बढ्यो । त्यसपछि सेनापति गरुडध्वज पन्तले आफ्ना सेनालाई भिमरेकमा एकत्रित पारी नेपाली सेनासँग लड्न तयार भए । भिमरेकमा पनि नेपाली सेनाले चौबीसी सेनालाई हराए (स्टिलर, १९९५, पृ. २१०) । चौबीसी सेनाहरू सिङ्गानचोकमा आएर बसेका थिए । नेपाली फौजले १८३८ माघ २५ गते कै दिन सिङ्गानचोकमा रहेको चौबीसी सेना माथि आक्रमण गऱ्यो । युद्धमा २०० जति चौबीसी सैनिक मारिएपछि उनीहरू युद्ध स्थल छाडेर भाग्न बाध्य भए । नेपाली सेनाहरू भने यस युद्धमा जम्मा १५ जना मारिएका थिए (भण्डारी (सम्पा.), २०३८ (क), पृ. १-२०) । सिङ्गानचोकको युद्धमा पराजय भएर भाग्नुपरेपछि अघि कब्जा जमाएका चेपे पारी गोरखातिरका सबै भूभाग चौबीसीहरूले गोरखालाई नै छाड्नुपऱ्यो (विष्ट, २०२०, पृ.४०) । सिङ्गानचोकको युद्धमा चौबीसी सेनाको पराजय भएको खबर सुनेपछि तनहुँको सिंजुङमा केही सैनिक लिएर बसेका पाल्पाका सेनापती सुरवीर सेन आफ्नै राज्य फर्किए ।

उता पूर्व मोरङ विजयपुरमा पाल्पाका युवराज ध्वजविर सेनले कब्जा जमाएर बसेका थिए । अमरसिंह थापाले एक कम्पनी सैनिक त्यता पठाए । उक्त फौजले विजयपुरमा आक्रमण गर्दा ध्वजवीर सेन सहित १८ जना आठपहरियाहरू मारिए (भण्डारी (सम्पा.), २०३८ (ग), पृ.२-१०) । छोरा ध्वजवीर सेनको मृत्युको शोकमा परी पाल्पाका राजा मुकुन्द सेन द्वितीय पनि परलोक भए ( खनाल, २०६१, पृ.६५-६६) । त्यसपछि उनका जेठा छोरा महादत्त सेन पाल्पाका राजगद्दीमा बसेका हुन् । पछि यिनै राजाकी छोरी विद्यामतीसँग बहादुर शाहले विवाह गरे ।

सिङ्गानचोकको युद्धलाई नेपाली फौज र चौबीसी राज्यहरूको संयुक्त फौजको बीच भएको निर्णायक युद्ध कै रुपमा हेरिन्छ । यस युद्धपछि चौबीसी राज्यहरूको मस्ती गल्यो । यस युद्धमा चौबीसी राज्यहरूको विजय भएको भए गोरखाको एकीकरण अभियान केही कालको लागि रोकिने थियो । चौबीसी राज्यहरू बलिया हुन्थे । विदेशी शक्तिले नेपालमा प्रवेश गर्ने बलियो सम्भावना रहन्थ्यो । तर चौबीसीको हार भयो । युद्धमा चौबीसी संयुक्त फौजलाई सहयोग नगरेको र चौबीसी सेनाको हार भएको भनी कास्की राज्यमा पर्वतका राजा कीर्तिवम मल्लले आक्रमण गर्न सेना पठाए । पर्वतका सैनिकले कास्कीको राजधानीमा आक्रमण गरी कब्जा जमाएपछि कास्कीका राजा सिद्धिनारायण शाह काठमाडौंमा गुहार माग्न पुगेका थिए (शर्मा, २००८, पृ.२३६) । युद्धमा कास्कीले सहयोग गरेको भए पनि नेपाली फौजको बिजय निश्चित नै थियो ।

सिङ्गानचोकको युद्धमा चौबीसी राज्य सेनाहरूको नराम्रोसँग भएको हार, पूर्व विजयपुरमा पुनः सेन राज्यको स्थापना गर्न कस्सिएका ध्वजवीर सेनको मृत्यु, तनहुँमा नै रहेका पाल्पाका सेनापती सुरवीर सेन सेना सहित स्वदेश फिर्ता आदि कारणले गर्दा तनहुँका राजा हरकुमारदत्त सेन

आफ्नै राजधानी तनहुँसुरमा वसिरहन असुरक्षा महसुस गरे । उनीसँग गोरखाले आक्रमण गरेमा प्रतिकार गर्ने क्षमता थिएन । त्यसैले उनी लमजुङका राजा वीरमर्दन शाहसँग आवश्यक सरसल्लाह गर्नका लागि लमजुङको राजधानी गाउँशहरमा गएर बसेका थिए । वि.सं. १८३८ फाल्गुणमा उनले लमजुङको तार्कुबाट भवानी शंकर उपाध्यायलाई ८० मुरी क्षेत्रफल भएको खेत ४०० रुपैयाँमा रजबन्धकी दिएको एउटा स्याहामोहर प्राप्त भएको छ (परिशिष्ट-१९) । यस स्याहामोहरको आधारबाट राजा हरकुमारदत्त सेन सिह्रानचोकको युद्धमा पराजय भएपछि तत्कालै तनहुँ राज्य छाडि लमजुङमा आएर बसेका देखिन्छ । उनी लमजुङमा बसेर आफ्ना जग्गाहरू रजबन्धकी दिई धन संग्रह गरिरहेका हुन सक्दछ । आवश्यक धन संग्रह गरी सेनाको पुनर्गठन गर्ने र गोरखाले तनहुँ राज्यमा आक्रमण गरेको खण्डमा लमजुङको सहयोग लिएर आफ्नो राज्य बचाउने राजा हरकुमारदत्त सेनको भित्री उद्देश्य रहेको बुझिन्छ । अब नेपाली फौजको आक्रमणबाट आफ्नो राज्यलाई बचाउन सक्नु नै यी राजाको लागि ठूलो उपलब्धि थियो । केही स्रोतहरूमा सिह्रानचोकको युद्धपछि वि.सं. १८३८ फाल्गुनमा गोरखाली सेनाले तनहुँको राजधानी सुरमा आक्रमण गरेपछि तनहुँका राजा हरकुमारदत्त सेन भागी लमजुङमा शरण लिन पुगे भनिएको छ (घिमिरे, २०५६, पृ.९५) । तर सिह्रानचोकको युद्धपछि नेपाली फौजले तनहुँमा आक्रमण गरेको देखिँदैन । किनभने सिह्रानचोकको युद्धमा चौबीसी राज्यहरू पराजित भइसकेकाले नेपाली फौजले फेरि तनहुँ राज्यमा नै गएर आक्रमण गर्नुपर्ने आवश्यक देखिँदैन । त्यसो त  तनहुँका राजा हरकुमारदत्त सेनको वि.सं. १८३८ फाल्गुण सुदि ४ को राजबन्धकी पत्रले पनि उनी त्यस समय लमजुङको तार्कुमा बस्न गइसकेको देखाउँछ ।

तनहुँका राजा लमजुङमा बसेर गोरखाको विरुद्धमा उत्रनका लागि धन संग्रह गरी सैनिक संगठन गर्ने योजनामा रहेको थाहा पाएर राजेन्द्रलक्ष्मीले लमजुङमा नै आक्रमण गरी दुवै राज्यलाई सँगै नेपाल अधिराज्यमा गाभ्ने योजना बनाइन् । उनले बेतियामा रहेका वंशराज पाण्डेलाई ससम्मान नेपाल बोलाइन् । वंशराज पाण्डे र उनका भाइ दामोदर पाण्डे दुवै जनालाई काजी पद दिइन् । उनले लमजुङ माथि आक्रमण गर्नका लागि दलमर्दन शाह, वंशराज पाण्डे, दामोदर पाण्डे, जीव शाहको नेतृत्वमा २००० जति सेना पठाइन् (अधिकारी, २०५५, पृ.६६) । सिह्रानचोकको युद्धमा कास्की तटस्थ बसेकोले गोरखा बिजय भएको हो भन्ने मानसिकताले लमजुङ र पर्वतले कास्कीमा आक्रमण गरे । आक्रमणको सामना गर्न नसकेर कास्कीका राजा सिद्धिनारायण शाह भागेर काठमाडौंमा शरण लिन पुगेका थिए (जोशी, २०६३, पृ. ५५) । नायव रानी राजेन्द्रलक्ष्मीसँग सिद्धिनारायण शाहको काठमाडौंमा एउटा सम्झौता भयो । सम्झौतामा उनलाई पुनः कास्कीको राजगद्दीमा राख्ने वाचा गरिएको थियो । राजेन्द्रलक्ष्मीको आदेशले कास्कीबाट चौबीसी सेना हटाउनका लागि अमरसिंह थापाको नेतृत्वमा छ कम्पनी सेना कास्की माथि आक्रमण गर्न अगाडि बढ्यो । त्यतिबेला पर्वतका राजा कीर्तिवम मल्ल कास्कीको विकट डाँडा द्यौरालीमा बसिरहेका थिए । वंशराज पाण्डेले अमरसिंह थापालाई द्यौरालीमा आक्रमण गर्ने आदेश थिए । वि.सं. १८३९ आषाढको अन्त्यमा अमरसिंह थापाले एक्कासी आक्रमण गर्दा कीर्तिबम मल्लले प्रतिकार गर्न सकेनन् र कास्की छाडि भागे (भण्डारी (सम्पा.), २०३८ (ग), पृ.२-१०) । त्यसपछि कास्कीको राजगद्दीमा पुनः सिद्धिनारायण शाह बसे । यता लमजुङ बिजय गर्नु अगाडि गोरखालीले तनहुँका भारदार

पन्तहरूसँग सम्झौता गरी आफ्नो पक्षमा मिलाएका थिए । सम्झौता अनुसार गोरखाली फौज तनहुँको दोरदोरमा आएर बसे (विष्ट, २०२०, पृ. ४१) । यसबाट गोरखाली फौजले आक्रमण नै नगरिकन तनहुँ राज्यलाई नेपाल अधिराज्यमा गाभ्ने बाटो खुल्यो ।

वंशराज पाण्डे, जीव शाह र दलमर्दन शाहको नेतृत्वमा गएको गोरखाली सेनाले वि.सं. १८३९ कार्तिक १७ गते लमजुङको चिति र चिसापानी कब्जा गरे । कार्तिक १८ बिहान तार्कुघाटमा दुवै पक्षबीच भिषण युद्ध भयो (आचार्य, २०६१, पृ.१६८) । यस युद्धमा गोरखाली फौजले लमजुङका सेनालाई हराए । युद्धमा लमजुङको सेनापती भक्ति थापा र पर्वतका सरदार वलिभञ्जन गोरखालीको जंगी कैदमा परे । बलिभञ्जन कैदमा मरे भने भक्ति थापाले नेपाली फौजी कानून स्वीकार गरी नेपाली फौजको सैनिक अधिकृतमा जागिरे भए (शर्मा, २००८, पृ.२३६) । पर्वतका सरदार वलीभञ्जन नेपाली फौजको कैदमा परेको देखिएकाले यस युद्धमा लमजुङ राज्यको सहयोगको लागि पर्वत राज्यले पनि आफ्नो सेनाहरू पठाएको थाहा हुन्छ ।

नेपाली फौजले चारैतिरबाट आफ्नो राजधानी घेरेपछि परिस्थिति आफ्नो अनुकूल नरहेको देखेर लमजुङको राजा वीरमर्दन शाह र उनको आश्रयमा रहेका तनहुँका राजा हरकुमारदत्त सेन त्यहाँबाट भागेर मनाङको थोराङेघाटी पार गरेर पर्वत पुगे । उनीहरू केही समय पर्वतका राजा वीरमर्दन शाहको आथित्यमा बसेर त्यतैबाट काली गण्डकीको बाटो हुँदै मधेश झरी तनहुँको जमिन्दारी रहेको रामनगर क्षेत्रमा पुगे ।

हरकुमारदत्त सेनले लमजुङबाट रामनगर जाने क्रममा गोलडाँडा भन्ने स्थानमा लमजुङका बलभद्र गौलीलाई वि.सं. १८३९ मार्गमा दिएको एउटा राजबन्धकी स्याहामोहर भेटिएको छ ( परिशिष्ट-२०) । यो स्याहामोहरमा लमजुङका बलभद्र गौलीलाई ३२७ रुपैयाँमा तनहुँ ज्याम्रुकको ७० मुरी खेत रजबन्धकी दिइएको बेहोरा परेको छ। उक्त स्याहामोर वि.सं १८३९ मार्ग ४ गते लेखिएकोले हरकुमारदत्त सेन लमजुङबाट रामनगर जाने क्रममा आफ्नो बाटो खर्चको लागि गौलीलाई उक्त रजबन्धकी दिएको देखिन्छ ।

लमजुङ र तनहुँका राजाहरू एकैसाथ राजधानी छाडेर भागेपछि यी दुई राज्यहरू वि.सं १८३९ कार्तिक १८ गते नेपाल अधिराज्यमा एकीकरण भयो । तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भएपछि स्वतन्त्र राज्यको रुपमा रहेको तनहुँको अस्तित्व समाप्त भयो ।

स्टेफन क्रस्नर (Stephen Kransner) को सिद्धान्तमा कुनै पनि स्वतन्त्र राज्यले आफ्नो सीमानाको सुरक्षा गर्न सक्दैन भने त्यो राज्य पतन भएको मानिन्छ (क्रस्नर, २००४, पृ.८५-१२०) । तनहुँ राज्यको पतन यस सिद्धान्तसँग ठ्याक्कै नमिले पनि केही हदसम्म मिल्छ । राज्य स्थापना हुँदा नै गोरखा तनहुँ भन्दा शक्तिशाली बन्यो । गोरखाले तनहुँको मर्स्याङ्दी देखि बुढिगण्डकी सम्मको भूभाग मिचेर राज्य स्थापना गरेको थियो । तनहुँका राजाहरुले उक्त भूभाग फिर्ता गर्न सकेन । तनहुँ राज्यको कमजोरी बुझेका गोरखाले तनहुँलाई हेप्ने र दबाउन खोज्ने क्रम जारी नै रह्यो । गोरखाले पटक-पटक आक्रमण गर्दा तनहुँ राज्य स्वयम्ले डटेर प्रतिकार गर्न सकेन ।

सिद्धानचोकको युद्धमा चौबीसी राज्यहरुको हार भएपछि तनहुँका अन्तिम राजा हरकुमारदत्त सेन गोरखाले आक्रमण गरेमा आफ्ना राज्यको सीमाना मात्र हैन राजधानी तनहुँसुर पनि बचाउन सक्ने हैसियतमा थिएनन् । त्यसैले उनी आफ्नो राज्य छाडि लमजुङ राज्यमा गएर बसेका थिए । गोरखाली फौजले आक्रमण गरेर लमजुङ राज्य जिते पछि लमजुङ सहित तनहुँ पनि नेपाल अधिराज्यमा एकीकरण भयो । त्यसपछि तनहुँका राजपरिवारलाई पनि राजा रणबहादुर शाहले रामनगरतिर नै पठाइ दिए (घिमिरे, २०५६, पृ.४६) । यसरी राजा हरकुमारदत्त सेनको पलायनपछि तनहुँको पहाडी क्षेत्रमा पनि काठमाडौंबाट सिधै प्रशासन चल्न थालेको देखिन्छ । चितवनदेखि दक्षिणतिर रामनगरमा भने हरकुमारदत्त सेन र उनका वंशजले पछि सम्म पनि राज्य चलाए ।

केहि लेखकहरुको अनुसार नेपाल सरकारको नीति तनहुँ र लमजुङका राजाहरूलाई मुगलान धपाउने थिएन । राज्यच्यूत भएका राजाहरूलाई स्वदेशमा नै उचित वृत्ति दिएर आदरपूर्वक राख्ने नियम थियो भनिएको छ (आचार्य, वि.सं १९९७, पृ. ६०-२०९) । आफ्नो राज्य छाडेर हरकुमारदत्त सेनसँग भागेका लमजुङका राजा वीरमर्दन शाह पर्वत राज्य पुगेपछि आफू मुगलान् भासिनु भन्दा काशी गएर बस्नु उचित सम्झी राजा रणबहादुर शाहलाई आफ्नो कुल कविला ( परिवार) पठाइदिन अनुरोध गरी पठाएको विन्ति पत्रको जवाफमा रणबहादुर शाहले पत्र लेखी आज राजनैतिक परिस्थितिले गर्दा जे जस्तो भएता पनि गोरखा र लमजुङ भनेको एउटै घरको परिवार हो । आफ्नो जहान परिवार यतै छन् । यतै आएर आफ्नै घरमा बस्नु भन्ने बेहोरा लेखिएको छ ( नरहरीनाथ (सम्पा.), २०२२, पृ.५१) । यसै पत्रलाई आधार बनाएर तनहुँका राजालाई पनि नेपाल सरकारले स्वदेशमा नै आदर सत्कारसँग राख्दथे भन्न खोजिएको होला । तर राजा हरकुमारदत्त सेन रामनगर गएर बसे । उनी ईष्ट इण्डिया कम्पनीको सहयोग लिएर फेरि गोरखालीलाई हराएर पुनः आफ्नो राज्य उकास्ने उद्देश्यका साथ रामनगर गएका थिए पनि भनिएको पाइन्छ (आचार्य, वि.सं १९९७, पृ.६०-७९) । तर तत्कालीन परिस्थिति मनन गर्दा राजा हरकुमारदत्त सेन अंग्रेजको सहयोग लिन मुगलान भासिएको देखिँदैन किनभने त्यतिबेला सम्म नेपाल राज्य यति बलियो भइसकेको थियो कि तनहुँ, लमजुङ राज्य नेपाल अधिराज्यमा समाहित भैसकेको थियो भने कास्की स्वतः आश्रित राज्य बनिसकेको थियो । पर्वत राज्य एक्लैले नेपाली फौजसँग लामो समयसम्म मुकाबिला गर्न सक्ने सामर्थ्य थिएन । पाल्पाका राजकुमार ध्वजविर सेन मोरङ्गको युद्धमा मारिएपछि र मुकुन्द सेन द्वितीयको पनि देहान्त भएपछि पाल्पा राज्य पनि कमजोर बनेको थियो । ध्वजवीर सेनलाई अंग्रेजबाट कुनै सहयोग प्राप्त हुन नसकेको कुरा पनि हरकुमार दत्त सेनले बुझेका थिए । त्यसैले उनलाई अंग्रेजबाट सहयोग प्राप्त हुने आस थिएन । बरु उनले आफ्ना बुबा त्रिविक्रम सेनलाई राजा पृथ्वीनारायण शाहले नुवाकोटमा कैद गरी राख्दा फलामको पिंजडामा थुनेर राखेको र निकै अपमानित हुनुपरेको कुराहरू बुबाबाट सुनेका थिए । त्यसैले उनी नेपाल सरकारको कब्जामा पर्नुभन्दा रामनगरमा रहेको आफ्नो जमिन्दारीमा गएर बस्नु उचित सम्झिएको देखिन्छ । चौबीसी राज्यमा तनहुँ मात्र त्यस्तो राज्य थियो जसको भारतको चम्पारनमा पनि पुर्ख्यौली जमिन्दारी थियो । त्यसैले हरकुमारदत्त सेन रामनगर गएर बसेका थिए । हुन त रामनगरमा रहँदा पनि हरकुमारदत्त सेनले नेपालका भारदारहरूसँग पत्राचार गरिरहेका थिए

तर यसलाई आधार मानेर उनले नेपालको आन्तरिक गतिविधि बुझेर अंग्रेजको सहयोग लिएर पुनः आफ्नो राज्य उकास्न खोजेको चाहिँ देखिँदैन ।

राजा हरकुमारदत्त सेन तनहुँका राजा रहँदा वि.सं. १८३१ देखि वि.सं. १८३९ सम्मका आठ वटा स्याहाँ मोहर प्राप्त छन् । रामनगरमा राजा हुँदाका पनि उनका पत्रहरू प्राप्त छन् । तनहुँका राजा रहँदाका उनका पत्रहरू सात वटा त रजबन्धकी छन् । उनका एउटा पत्र मात्रै महानन्द पाण्डेलाई लेखेको पाइन्छ । महानन्द पाण्डे तत्कालीन समयका अंग्रेज वाङ्गाका दूत थिए । बन्दीपुर माडिबाट लेखिएको यस पत्रमा मिति लेखिएको छैन । पत्रमा महानन्द पाण्डे आफ्नै ब्राह्मण भएर पनि नेपाल आउँदा आफूलाई नभटेको, अब तिम्रो बस्ने बन्दोबस्त म गर्छु भन्ने जस्ता बेहोरा परेको छ (अधिकारी, २०५५, पृ.१२१) । पत्र वि.सं. १८३४ मा लेखिएको अनुमान गरिएको छ । हरकुमारदत्त सेनको यसै पत्रलाई आधार मानेर उनले अंग्रेजसँग नजिक हुने प्रयत्न गरी आफ्नो चितवन प्रदेश अंग्रेजलाई सुम्पन्न खोजेको भन्ने गरिएको छ ।

हरकुमारदत्त सेन तनहुँको राजगद्दिमा वस्ता नै पृथ्वीनारायण शाहको आश्रित राज्यको राजाको हैसियतमा बसेको बेहोरा यस अघि चर्चा गरियो । सतहुँको युद्धमा गोरखालीको पराजय भएपछि मात्र उनी केही समय स्वतन्त्र शासक बने । वि.सं. १८३५ मा आफ्नो राजधानीमा गोरखालीले आक्रमण गरेपछि उनी पाल्पा भाग्न विवश भए । वास्तवमा त्यस आक्रमण भए पछि एक हिसाबले तनहुँ राज्य गोरखालीको हातमा परिसकेको थियो । त्यसपछिको केही वर्ष उनले पाल्पा र पर्वतका सहयोगले मात्र आफ्नो राज्य टिकाउन सकेका थिए । वि.सं. १८३९ कार्तिक १८ बाट त तनहुँ पूर्ण रुपमा नेपाल अधिराज्यमा समाहित भयो । उनले आफ्नो राज्यलाई बचाउन निकै प्रयत्न गरे पनि सफल हुन सकेनन् ।

राजा हरकुमारदत्त सेनका कति रानीहरू थिए र उनीहरूको नाम के थियो थाहा हुन सकेन । उनका तीन छोराहरू थिए (घिमिरे, २०५६, पृ.४६) । जेठा अनन्तप्रताप, माहिला तेजप्रताप र कान्छा अमरप्रताप थिए । जेठा अनन्तप्रतापको बुबाको राज्यकालमा नै भएको थियो । त्यसैले हरकुमारदत्त सेनको देहान्तपछि उनका माहिला छोरा रामनगरका राजा भए ।

गोरखाका राजा रामशाहको शासनकालदेखि नै गोरखा र तनहुँ राज्यबीच वैवाहिक सम्बन्ध कायम भएको थियो तर यी राज्यहरुबीच आन्तरिक प्रतिस्पर्धा भने यथावत नै रहेको देखिन्छ । तुलासेन तनहुँको राजा भएपछि उनले गोरखाको अधिनमा पर्न गएको आफ्नो राज्यको मर्स्याङ्दी देखि बुढी गण्डकी बीचको पुर्ख्यौली भूभाग कब्जा गरे (खनाल, २०६१, पृ.८५) । बाबु र बाजेले आफ्नै राज्यको भूभाग गोरखा राज्यले अधिनस्थ गर्दा पनि कुनै विरोध नगरेकाले राजा तुलासेनले गोरखालाई तनहुँ पनि एक शक्तिशाली राज्य हो भन्ने देखाउन आफ्नो गुमेका भूभागमा आक्रमण गरी फर्काउन कोशिस गरेका थिए तर गोरखाका राजा रामशाहले तत्कालै फौज पठाएर प्रतिकारमा उत्रदा राजा तुलासेन गोरखाली फौजसँग लड्न नसकी आफ्नो राजधानी छाडेर भागी रिसिङ पुगे । राजा नै भागिसकेपछि गोरखाली सेनाले तनहुँमा लुटपाट गरी फर्किएको थिए (पन्त, २०४१, पृ.९७)

। तुला सेन राजा भएकै समयमा गोरखाका राजा रामशाहको निधन भएपछि उनका छोरा डम्बर शाह राजा भए। रामशाहको मृत्यु हुँदा राजा तुला सेनको 'अब त आनन्दसँग राज्य गर्न पाउने भए' भन्ने अभिव्यक्तिबाट डम्बर शाह रिसाए। 'मेरो बुबा मर्दा यिनलाई खुशी लागेछ' भनी आक्रोशित बनेर तनहुँ राज्य माथि आक्रमण गरे। यस आक्रमणमा पनि तुलासेन गोरखाली फौजसँग डटेर लड्न नसकेपछि फेरि पनि भागेर रिसिङ पुगे। गोरखाली फौजले फेरि पनि तनहुँमा लुटपाट गरी फर्किए (पन्त, २०४१, पृ.११६)। आफ्ना बाबु हम्वीर सेन राजा भएको समयमा तनहुँबाट अलग भएको रिसिङ राज्य यिनी राजा भएपछि पुनः तनहुँमा मिलाएको देखिन्छ। रिसिङको सेन वंशावलीमा "रुपनारायणेत्यादि-महाराजाधिराज-श्रीमत त्रिविक्रम सेन देव एतस्मै रिर्सिनगराधिपत्वं चक्रे" भनि लेखिएको छ (नरहरिनाथ (सम्पा.), २०२२, पृ. ५५७)। यिनले आफ्ना सौतेनी भाइ रिसिङका राजा मधूसुदन सेनलाई तनहुँको अधिनस्थ गराई सन्तान दर सन्तान पाउने गरी राजा उपाधी र जीवनवृत्तिको प्रबन्ध गरिदिएको देखिन्छ (नरहरिनाथ (सम्पा.), २०२२, पृ. ५५७)। यसैले गोरखाले तनहुँमाथि गरेको यो दुवै आक्रमणमा राजा तुलासेन आफ्नो राजगद्दी छाडेर रिसिङ पुगेका थिए र उनी आफ्नो राज्य नै छाडेर भागेको नभइकन आफ्नो राज्य अधिकार भएको क्षेत्रमा गएर बसेको देखिन्छ।

माथि दिइएका विवरणहरूको आधारमा तनहुँ भन्दा गोरखा राज्यको सैन्यशक्ति बलियो देखिन्छ। गोरखा राज्य द्रव्य शाहले सैन्य शक्तिको आधारबाट विजय प्राप्त गरी स्थापना गरेको राज्य हो भने तनहुँ राज्य प्रशासनिक अधिकार लिएर बसेका भृङ्गी सेनले उपयुक्त मौकाका फाइदा उठाएर पाल्पा राज्यबाट स्वतन्त्र बनाएर स्थापना गरेको राज्य हो। त्यसैले पनि यी दुई राज्य बीच भएको प्रतिस्पर्धामा गोरखाले तनहुँलाई हराएको नै पाइन्छ। गोरखाको बलियो सैन्य शक्ति बुझेकाले हुनसक्दछ, तनहुँका राजा भृङ्गी सेन र हम्वीर सेनले गोरखाको विरोधमा आवाज उठाएको देखिँदैन। हम्वीर सेनले त गोरखासँग सम्झौता गरे मात्र तनहुँको हित हुन्छ भन्ने बुझेका थिए। हुन त द्रव्य शाहले गोरखा राज्यको स्थापना गरे पश्चात लमजुङले नवगठित गोरखा राज्यलाई लमजुङले निकै पेल्ने गर्दथ्यो। त्यसमा पनि द्रव्य शाहको मृत्यु पश्चात् गोरखाको राजा भएका उनका छोरा पूर्ण शाह (सुन्दर शाह) को राज्यकालमा त लमजुङ र गोरखा राज्यबीच युद्ध नै भएको थियो। त्यति बेला तनहुँमा हम्वीर सेन राजा थिए। लमजुङले तनहुँलाई पनि दुःख दिन थालेकाले उनले गोरखासँग मैत्री सम्बन्ध कायम राख्नका लागि वैवाहिक सम्बन्ध नै स्थापित गर्नुका साथै गोरखालाई दुईवटा हात्ती पनि उपहार स्वरुप पठाएका थिए (ज्ञवाली, २०३३, पृ.२६)। तुलासेन राजा भएपछि भने लमजुङसँग मित्रता बढाएर गोरखा माथि आक्रमण गरेको देखिन्छ।

### ५.३ हरकुमारदत्त सेनको भारत पलायन र रामनगर राज्य

आफ्नो पुर्ख्यौली थलो तनहुँ राज्य गुमेपछि हरकुमारदत्त सेन इष्ट इण्डिया कम्पनी सरकारलाई कर तिर्दै आएको आफ्नो पुर्ख्यौली जमिन्दारी जग्गा रहेको चम्पानरमा गएर बसे। इष्ट इण्डिया कम्पनी सरकारको आडमा बस्न गएकोले उनलाई नेपाल सरकारबाट आक्रमण हुने डर भएन। उनलाई अंग्रेजको सहयोग लिएर पुन आफ्नो पुर्ख्यौली तनहुँ राज्य फिर्ता गर्छु भन्ने झिनो

आस थियो । तर नायव बहादुर शाहले पाल्पासँग वैवाहिक सम्बन्ध स्थापित गरी पाल्पाको सहयोग लिएर वि.सं. १८४३ आश्विनमा पर्वत र कार्तिकमा प्यूठान नेपाल अधिराज्यमा एकीकरण गरे ( अधिकारी, २०४३, पृ. १५४) । त्यसपछि उनको झिनो आस पनि समाप्त भयो । फलस्वरुप उनले नेपाल सरकारसँग द्वेष भावना राख्नुभन्दा सम्बन्ध सुधार्नतिर लागे । यसैक्रममा उनले नेपालका काजी परशुराम थापालाई दुईवटा पत्र पठाएको देखिन्छ । त्यतिबेला (वि.सं. १८५७ जेष्ठमा) स्वामी महाराज रणबहादुर शाह बनारस जाँदा काजी परशुराम थापा पनि उनी सँगै गएका थिए । उनी बनारसमा नै रहेको समयमा वि.सं. १८५७ असारमा हरकुमारदत्त सेनले उनलाई पहिलो पत्र लेखेका थिए (परिशिष्ट-२१) । पत्रमा हिजो पनि नेपाल नरेशको सेवा गरेकै हो । आज पनि फर्माए अनुसार गर्ने नै छौं । तिमी हिजो पनि हाम्रै मान्छे थियौ । आज पनि त्यही सम्झेको छु । कसो गर्दा स्वामी महाराज खुशी हुन्छ सोही अनुसारको अर्ति लेखी पठाउँ भन्ने व्यहोरा रहेको छ । पत्र अनुसार हरकुमारदत्त सेनले रणबहादुर शाहसँग कसरी नजिकको सम्बन्ध राख्न सकिन्छ भनी बुझ्न खोजेका छन् । यस पत्र सम्बन्धी जानकारी परशुराम थापाले रणबहादुर शाहलाई गराएपछि रणबहादुर शाहले पत्रको जवाफमा "तिमी हिजो पनि हाम्रै थियौ, आज पनि हाम्रै पक्षमा सामेल भयौ भने तिम्रो बन्ला" भनी लेखि पठाएको देखिन्छ । पत्र प्रति कृतज्ञता देखाउँदै हरकुमारदत्त सेनले त्यसै वर्षको भदौमा अर्को पत्र पनि पठाएको देखिन्छ (परिशिष्ट-२२) ।

त्यसैगरी उनले रामनगरबाट ज्योतिषी कृपाराम जोशीलाई पनि पत्र लेखेका छन् । पत्रमा "हिजो तिमी हाम्रा घरका ब्राह्मण छौं, त्यसैले पत्र प्राप्त हुनासाथ आफ्नो पुस्तक पात्रो लिएर यहाँ (रामनगर) आउ, तिम्रो रहने वस्ने बन्दोबस्त म गरुँला" भन्ने उल्लेख छ (परिशिष्ट-२३) । पत्रमा वर्ष नलेखि 'माघ सुढि ५ रोज ३ मात्र लेखिअएको छ । पत्रको व्यहोरा हेर्दा उनले रामनगर राज्य स्थापना गर्ना साथ यो पत्र लेखेको देखिन्छ । त्यसैगरी उनले पुराना काजी गुणानन्द पन्तलाई पनि पत्र लेखेका छन् (अधिकारी, २०४३, पृ.१०८) । यस पत्रमा पनि वर्ष लेखिएको छैन । पत्रमा "तिमी भनेको मेरै हौ, जो तिम्रो हो, सोही मेरो हुन्छ" भन्ने व्यहोरा छ । रणबहादुर शाह बनारस रहेको बखत नेपालमा रहेका भारदारहरु कोही दामोदर पाडेको पक्षमा त कोही स्वामी महाराज रणबहादर शाहको पक्ष थिए । गुणानन्द पन्त रणबहादुर शाहको पक्षमा रहेको हुनाले उनले हरकुमारदत्त सेनलाई पनि स्वामी महाराजकै पक्षमा रहन पत्र पठाएको बुझिन्छ । उक्त पत्रको जवाफमा हरकुमारदत्त सेनले यो पत्र लेखेको देखिन्छ । पत्रको व्यहोरा हेर्दा यो पत्र वि.सं १५५७ भाद्र पछि लेखेको देखिन्छ ।

वि.सं. १८६० मा स्वामी महाराज रणबहादुर शाह बनारसबाट नेपाल फर्किंदा हरकुमारदत्त सेनले आफ्ना माहिला छोरा तेजप्रताप सेनलाई उनीसँगै काठमाडौं पठाएका थिए । काठमाडौंमा रहँदा रणबहादुर शाहले आफ्नी एउटी छोरीको विवाह तेजप्रताप सेनसँग गराइदिएका थिए । विवाह हुँदा राजकुमारीको नाम तेजराज्यलक्ष्मी राखियो । छोरीको विवाहमा रणबहादुर शाहले चितवनको सोमेश्वर सीमानाका ९१ वटा गाउँ दाइजो दिएका थिए (अधिकारी, २०४३, पृ.७०) । यस वैवाहिक सम्बन्धबाट हरकुमारदत्त सेन नेपाल राजदरबारसँग घनिष्ट सम्बन्ध राख्न सफल भएको पाइन्छ ।

वि.सं. १८६२ आषाढ (सन् १८०५, जुन २०) मा राजा हरकुमारदत्त सेनको देहान्त भयो (उपाध्याय, सन् १९५०, पृ.१३१) । यिनी पछि तेजप्रताप सेन अमरप्रताप सेन, रानी अमरराज्य लक्ष्मी, रानी लक्ष्मीकुमारी देवी, प्रल्हाद सेन, मोहनबिक्रम शाहले रामनगर राज्यमा शासन चलाए ।

तनहुँ जस्तो पहाड र तराईको विशाल भूभाग समेटिएको राज्यका राजा बनेका हरकुमारदत्त सेन रामनगर आएर सानो राज्य स्थापना गरी त्यहाँको राजा बने । तर रामनगर तनहुँ जस्तै स्वतन्त्र राज्य थिएन । त्यहाँका सेन राजाहरु रजौटा (साना तिना क्षेत्रमा राज्य चलाउने राजा) को रुपमा रहेका थिए । उनीहरुको हैसियत ब्रिटिश इण्डिया सरकारको अधिनस्थ राजाको रुपमा थियो । राज्यमा राजाको उपाधि र कर उठाउन पाउने अधिकार बाहेक राज्यको अन्य व्यवस्थापन विहार सरकारको नीति नियम अनुसार चल्दथ्यो । रामनगरका राजा तेजप्रताप सेनले नेपाल दरबारका सुब्बा भवानी थापालाई लेखेको पत्रमा अंग्रेजले आफूहरुलाई नेपालको पक्षमा रहेको भनी दुःख दिने तर बाध्यताले उनीहरुको शरणमा रहिरहनुपरेको उल्लेख छ । त्यसैगरी रामनगर राज्यका अन्य शासकहरुले नेपाल दरबारका पदाधिकारहिरुलाई लेखेको पत्रहरुमा अंग्रेज सरकार प्रति असन्तुष्टि जनाउँदै नेपाल दरबारप्रति आशा र भरोसा रहेको अभिव्यक्ति रहेको पाइन्छ ।

## ५.४ निष्कर्ष

भृङ्गी सेनले स्थापना गरेको तनहुँ राज्य चौबीसी राज्यहरु बीच महत्वपूर्ण राज्यको रुपमा रहेको थियो । यस राज्यमा भृङ्गी सेन देखि हरकुमारदत्त सेन सम्मका नौ जना राज्यहरुले राज्य गरे । यी राजाहरुमा तुला सेन, दामोदर सेन र त्रिबिक्रम सेन द्वितीयलाई विशेष महत्वका साथ हेरिन्छ । तुला सेनले गोरखा राज्य स्थापना हुँदा मिचेको मस्याङ्गदि देखि बुढिगण्डकी सम्मको आफ्नो पुर्ख्यौली भूभाग कब्जा गर्न आफ्नो सेना पठाए । यद्यपी उनी आफ्नो उद्देश्यमा सफल भएनन् तर तनहुँ एक्लैले गोरखाको भूभागमा आक्रमण गरेको यही नै पहिलो र अन्तिम प्रयास थियो । तनहुँका राजाहरु मध्ये दामोदर सेन कुशल शासक थिए । अन्य राज्यसँग मैत्रीपूर्ण सम्बन्ध राखे मात्र आफ्नो राज्य विस्तार गर्न र बलियो बनाउन सकिन्छ भन्ने उनको नीति थियो । यही नीति अनुरुप उनले पर्वत, लमजुङ, गोरखाका साथै उपत्यकाका मल्ल राज्यहरुसँग पनि सम्बन्ध स्थापित गरेका थिए । उनको समयमा राजपुर राज्य तनहुँमा गाभिएर तनहुँको तराइ भूभाग विस्तार भएको थियो ।

त्यसै गरी त्रिविक्रम सेन द्वितीय तनहुँका महत्वकांक्षी राजाको रुपमा देखिन्छन् । उनले पृथ्वीनारायण शाहको विजय अभियानलाई असफल पार्न उपत्यकाका मल्ल राज्यहरुलाई सहयोग गरे । इष्ट इण्डिया कम्पनीबाट गोरखाको विरुद्ध लड्नको लागि सैन्य सहयोग प्राप्त गर्ने आशामा इसाइ पादरीसँग सम्बन्ध बढाए । लमजुङ र पर्वतसँग मिलेर गोरखामा आक्रमण गरे । तर उनको कुनै कार्य पनि सफल भएन । आखिर उनकै राज्यकालको अन्तिम समयतिर पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकाको तीनवटै मल्ल राज्यहरु विजय गरे । राजा त्रिविक्रम सेनको शेषपछि पृथ्वीनारायण शाहले तनहुँ राज्यमा आक्रमण गरी तनहुँलाई आश्रित राज्य बनाए । सतहुँको युद्धमा गोरखालीको पराजय भएको कारणले गर्दा तनहुँ राज्य स्वतन्त्र हुन सक्यो तर हरकुमारदत्त सेनले

तनहुँ राज्यको अस्तित्वलाई बचाउन सकेनन् । अन्तत्वगत्वा तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भयो ।

राज्य नरहे पछि तनहुँका अन्तिम राजा हरकुमारदत्त सेन चम्पारनको रामनगरमा रहेको आफ्नो पुर्ख्यौली जमिन्दारी भूभागमा गएर बस्न थाले । त्यहाँ नै उनले सानो राज्य स्थापना गरे । त्यसलाई रामनगर राज्य भनियो । त्यस राज्यमा उनी र उनका सन्ततीले रजौटा कै रुपमा भए पनि करिब सय वर्ष राज्य गरे ।

नेपालबाट बनारस जाँदा बाटोमा रामनगर राज्य पर्दथ्यो । सत्ता संघर्षको होडबाजीमा असफल भएर बाहिरिएका नेपाल दरबारका सदस्यहरु, अध्ययन तथा धर्मकर्मका लागि काशी तथा बनारस जाने सर्वसाधारण नेपालीहरुलाई सेन राजाहरुले निकै आथित्य प्रदान गरी राख्दथे । यसबाट नेपाल तथा रामनगर बीच घनिष्ट सम्बन्ध स्थापित हुन पुग्यो । रामनगरका सेन राजपरिवार र नेपालका शाह राजपरिवारबीच वैवाहिक सम्बन्ध स्थापित भए भने दुवै राज्यका सर्वसाधारण जनता बीच पनि वैवाहिक सम्बन्ध हुन थाल्यो ।

प्रारम्भमा तनहुँबाट राजाको पछि लागेर चम्पारन रामनगर गएर बस्ने खनाल, पौडेल र थापाका केही परिवारहरु थिए भने राजा तेजप्रताप सेनको समयतिर आचार्य अधिकारी, घिमिरे, कोइराला, भट्टराई, थरका केही ब्राह्मण परिवार, नेवार र खवासका केही परिवार पनि तनहुँबाट रामनगर गएर बस्न थालेको पाइन्छ । हालसम्म पनि रामनगरमा तनहुँबाट गएर बसेका प्रशस्त नेपालीहरुको बसोबास छ ।

## अध्याय छ

# तनहुँको प्रशासनिक व्यवस्था

## ६.१ परिचय

सेनहरुले राज्य गर्नु अगाडि तनहुँमा मगरहरुको स-साना राज्य थिए भन्ने गरिए पनि आधिकारिक प्रमाण प्राप्त छैनन् । त्यसैले त्यस बेलाको राज्य सञ्चालनको प्रक्रिया वा प्रशासनिक अवस्थाको स्पष्ट जानकारी पाउन सकिँदैन । पाल्पाका सेनहरुको एउटा शाखा तनहुँमा आएर राज्य स्थापना गरेको हुँदा तनहुँमा प्रशासन चलाउनको लागि राजा भृङ्गी सेनले पाल्पाबाट गुरु, पुरोहित तथा भाइभारदारहरु लिएर आएका थिए भनिएको पाइन्छ । यसरी आएका भाइभारदारहरुद्वारा सञ्चालित राज्य भएकोले तनहुँ राज्यको प्रशासन पनि पाल्पा राज्यकै ढाँचामा चलेको बुझिन्छ ।

तनहुँमा पनि पाल्पामा जस्तै राजतन्त्रात्मक शासन व्यवस्था थियो । तत्कालीन राजतन्त्रात्मक शासन व्यवस्थामा राज्यका सबै निकायहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको प्रमुख राजा नै हुन्थे । राजालाई राजकाज चलाउन युवराज तथा भारदारहरुले सहयोग गर्दथे । तत्कालीन तनहुँ राज्यको राजधानी तनहुँसुरको साथै देवघाट र बन्दीपुर पनि रहेको पाइन्छ । सेन राजाहरुले ती स्थानहरुबाट लेखेका महत्वपूर्ण चिठी पत्रहरु प्राप्त छन् । यद्यपी राजदरबारहरु भने अहिले भग्नावशेषमा परिणत भएको छ ।

प्रस्तुत शोधप्रबन्धमा तनहुँको प्रशासनिक व्यवस्थालाई दुई भागमा विभाजन गरेर अध्ययन गरिएको छ । एउटा राज्यको रुपमा तनहुँको प्रशासनिक व्यवस्था (वि.सं. १६१०-१८३९) र अर्को प्रशासनिक एकाईको रुपमा तनहुँको प्रशासनिक व्यवस्था (वि.सं. १८३९-१९०३)

## ६.२ राज्यको रुपमा तनहुँको प्रशासनिक व्यवस्था (वि.सं १६१०-१८३९)

तनहुँ भेकमा बहुसंख्यक मगर जातिको बसोबास रहेकोले सेनवंशी राजाहरुले शासन गर्नु अगाडि तनहुँको शासन व्यवस्थामा मगरहरुको अग्रस्थान थियो । यद्यपि त्यहाँ मगरहरुको बलियो शासन नभएकाले लिच्छवीकालमा तनहुँ लिच्छवीहरुको नियन्त्रणमा रहेको देखिन्छ । लिच्छवी शासनको अन्त्यपछि तेह्रौं शताब्दीदेखि चौधौं शताब्दीसम्म तनहुँ कर्णालीका खस मल्ल राज्यको अधिनमा रहेको देखिन्छ (खनाल, २०३०, पृ.३) । तत्कालीन समयमा कुनै पनि राज्यले अन्य राज्यको भूभाग कब्जा गरेर आफ्नो मातहतमा राख्न सफल भए पनि दीर्घकालीन रुपमा कब्जा गर्न सक्ने अवस्था थिएन किनभने उक्त भूभाग आफूभन्दा बलियो राज्यले जितेर आफ्नो राज्य अन्तर्गत पार्न सक्दथ्यो । कर्णालीको खस साम्राज्य अन्तर्गत रहेको समयमा तनहुँका मगर राजाले जुम्लाको सिंजामा सिर्तो (चामल, मास, घिउ, आदि) पठाउने गर्दथे भन्ने भनाइ छ (अधिकारी, अन्तर्वार्ता, २०७३।०२।२९) । उत्तर मध्यकालमा आएर कर्णालीका खस मल्ल राज्य कमजोर बन्दै गएपछि पाल्पामा शक्तिशाली सेन राज्यको स्थापना भयो । पाल्पाका राजा मुकुन्द सेन प्रथमले गोरखा देखि तनहुँ सम्मका मगरात

भूभागलाई नियन्त्रणमा लिन सफल भए । यसरी तनहुँ पाल्पा राज्यभित्र पऱ्यो । यिनै पृष्ठभूमिमा तनहुँमा सेन वंशीय राजाले राज्य गर्न थालेको हो ।

### ६.२.१ राजाको स्थान र भूमिका

राजतन्त्रात्मक मुलुकमा वंश परम्परा अनुसार उत्तराधिकार प्राप्त हुने तथा त्यहाँको शासन सञ्चालन गर्ने प्रमुख शासकलाई राजा भनिन्छ (पराजुली, २०७२, पृ.१०७१) । नेपालमा प्राचीनकालदेखि नै राजतन्त्रात्मक शासन व्यवस्था चलेको कुरामा दुविधा छैन । मध्यकालमा कर्णालीका खस मल्ल राज्य, काठमाडौं उपत्यकाका मल्ल राज्यमा राजतन्त्रात्मक शासन व्यवस्था नै रहेको पाइन्छ। उत्तर मध्यकालमा स्थापना भएका बाइसी एवम् चौबीसी राज्यहरुमा राजतन्त्रात्मक शासन व्यवस्था नै थियो । राजतन्त्रात्मक शासनमा राजा सर्वोपरि र सर्वशक्तिशाली हुन्थे । राजा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका प्रमुख हुन्थे । यस शासन व्यवस्थामा राजाले हिन्दू धर्म, दर्शन एवं स्मृति आदिको मार्गनिर्देशनलाई आधार मानेर शासन चलाउने गर्दथे (घिमिरे, २०४५, पृ.७५) ।

तनहुँका राजाहरुले पनि पाल्पाका राजाहरुले जस्तै “स्वस्ती रुपनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री श्री श्री महाराजधिराज ... सदा समर विजयीनाम” प्रशस्ती लेख्ने गरेको पाइन्छ । राजा त्रिविक्रम सेन द्वितीयले वि.सं. १८१० को पत्रमा यही प्रशस्ति लेखेको देखिन्छ (अधिकारी, २०५४, पृ.९०-९२) । तर त्रिविक्रम सेनकै वि.सं. १८१५ को पत्रमा भने पहिलोको भन्दा फरक प्रशस्ति देखिन्छ (खनाल, २०६१, पृ.११६) । पहिलेका प्रशस्तिमा राजाले महाराजधिराजको पदवी लिएको देखिन्छ भने पछिल्लो प्रशस्तिमा राजालाई लक्ष्मीनारायण र पार्वती सहितको शिव ( साम्ब) को आराधना गर्ने रामचन्द्रको वंशजको रुपमा देखाएको छ । यसबाट यी राजाले पहिलेदेखि चलाउँदै आएको प्रशस्तिलाई परिवर्तन गरेको बुझिन्छ ।

राजा त्रिविक्रम सेन द्वितीयले वि.सं. १८२४ मा दरबार परिसरमा रहेको विष्णु मन्दिर अगाडि चढाएको घण्टमा “श्री गणेशाय स्वस्ति श्री मन्महाराजधिराज श्री ५ (म?)...” लेखिएको छ (लौडारी, २०५३, पृ.७६-७९) । उक्त अभिलेख अनुसार तनहुँका राजाले आफूलाई श्री ५ महाराजधिराज पनि भन्ने गरेको पाइन्छ । तर सेन राजाहरुको अन्य पत्रहरुमा भने आफ्नो नामको अगाडि तीनवटा मात्रै श्री लेख्ने गरेको पाइन्छ (खनाल, २०६१, पृ.१७२) । यसबाट तनहुँका राजाहरुले श्री ३ र श्री ५ दुई वटै पदवी लेख्ने गरेको बुझिन्छ ।

तनहुँमा रहेका विभिन्न मठ मन्दिर, शिवालय, शक्ति पिठहरुले सेन राजाहरु धार्मिक प्रवृत्तिका थिए भन्ने स्पष्ट हुन्छ । यी मन्दिर तथा शिवालयहरुको चर्चा सात अध्यायमा गरिएको छ। त्यसैगरी राजा त्रिविक्रम सेनको समयमा गंगा विष्णु ब्राह्मणले लेखेको ‘आचारदीपक’ नामक धार्मिक ग्रन्थमा तनहुँका राजा र जनता धर्मात्मा र दयालु छन् भनी उल्लेख गरेको पाइन्छ (वैद्य, १९९३, पृ. २५-२६) । तनहुँका राजाहरु आफु पनि विद्वान थिए । आफ्नो राज्य भन्दा बाहिरबाट विद्वानहरुलाई झिकाएर पनि दरबारमा बडो सम्मानका साथ राख्दथे । तुला सेन, त्रिविक्रम सेन

द्वितीय, कामारीदत्त सेन आदि राजाहरुले आफ्नो समयमा धार्मिक ग्रन्थ, जपविधि लेख्नुका साथै सेन वंशावली पनि लेख्न लगाएको पाइन्छ । सेन राजाहरु हिन्दूधर्मावलम्बी थिए । उनीहरु आफूलाई पर्वतीय भागमा शासन गर्ने अथवा पर्वतीय भागको अधिपति 'हिन्दूपति' राजा भन्ने देखाउँथे ( राजवंशी, २०२०, पृ.१४-१५) । हिन्दू धर्ममा राजालाई विष्णु भगवानका् अवतार मान्ने र राजाले पिताको धर्म निर्वाह गरी आफ्ना सन्तान (जनता) को पिरमर्का हटाउनु पर्दछ भन्ने मान्यता थियो (बैद्य र बज्राचार्य, २०५५, पृ.१६) । सोही अनुसार राजाले जनताको पिरमर्का बुझ्न राज्यका विभिन्न ठाउँमा जानुपर्दछ भन्ने मान्यता अनुसार तनहुँका राजाहरु राज्यका विभिन्न ठाउँमा पुगेको देखिन्छ । राजाहरुले आफ्ना पत्रहरुमा मुकामको उल्लेख गरेकाले यस कुराको पुष्टि हुन्छ । त्यस्ता मुकामहरुमा बन्दिपुर, कविलास, मआगदिवेनी, तनहुँ, खै-याहानी, माडी बदरकोना आदि ठाउँको उल्लेख भएको पाइन्छ ।

राजाले दरबारमा रहेका गुरु पुरोहित, विभिन्न विषयका विद्वान, आफ्ना भाइ छोराहरुको राय सल्लाह अनुसार राज्य गर्दथे । राजाले गुरु पुरोहितहरुलाई भूमि विर्ता दिने, विभिन्न देवदेवीको मन्दिर बनाएर मन्दिरको रेखदेख र पूजा आजा गर्नका लागि जग्गा दिएर गुठीको व्यवस्था गर्ने गरेको पनि पाइन्छ । राज्य सञ्चालनको लागि धनको आवश्यक परेको बखतमा जनतासँग रकम लिएर राजाको नाममा रहेको जग्गा बन्धकी दिने पनि गरेको देखिन्छ (पन्त, २०३९ (ग), पृ.१९-२१) । यसबाट राजा र प्रजाबीच राम्रो सम्बन्ध रहेको थाहा हुन्छ । तनहुँका राजाहरुले सबैको राय सल्लाहमा शासन चलाउँथे भन्ने उदाहरण राजा त्रिविक्रम सेन द्वितीयसँग घटेका एउटा घटनालाई लिन सकिन्छ । गोरखाका राजा पृथ्वीनारायण शाह काठमाडौं उपत्यका विजय अभियानमा लागिरहेको समयमा तनहुँ, लमजुङ लगायत चौबीसी राज्यहरुले गोरखा उपर आक्रमण गर्ने योजना बनाइरहेको थियो । तनहुँले यता इसाइ पादरीहरुसँग पनि सम्बन्ध बढाउँदै लगेको बुझेर पृथ्वीनारायण शाहले राजा त्रिविक्रम सेनलाई सवक सिकाउने निधो गरे । त्रिविक्रम सेनलाई ज्यामिरघाटमा भेट गर्न आउन राजी गराउनका लागि गुरु गौरीश्वर पाण्डेलाई उपयोग गरे । गौरीश्वर पहिला तनहुँ राज्यका राजगुरु पनि हुन् । त्यसबखत भने उनी काशीमा बस्दै आएका थिए । उनकै नाती नारायण पाण्डे तनहुँका राजपुरोहित थिए (अधिकारी, २०५५, पृ.४२) । गौरीश्वर पाण्डे र नारायण पाण्डेको अनुरोधमा राजा त्रिविक्रम सेन पृथ्वीनारायण शाहको व्यवहारबाट निश्चिन्त नहुँदा नहुँदै पनि उनीसँग भेट गर्न गए । परिणाम उनी विश्वासघातमा परे । पृथ्वीनारायण शाहद्वारा उनी समातिएर केही समय कैदमा वस्नुपऱ्यो । भूतपूर्व राजगुरुको सल्लाह अनुसार चल्दा उनी यसरी फसेका थिए ।

### ६.२.२ रानी

राज्य प्रशासन सञ्चालन गर्न राजालाई सल्लाह र सहयोग दिने भारदारहरुका साथै रानीहरु पनि हुन्थे भन्ने जानकारी कान्तिपुर र गोरखाको इतिहासबाट प्राप्त हुन्छ । तनहुँ राज्यमा भने राजालाई राजकाजमा सहयोग गर्ने रानीहरुको चर्चा खासै भएको पाइँदैन । तर राजा दिग्विजय सेनकी रानी तिलोत्तमाले गरेको केही कार्यहरुको भने चर्चा गरिएको छ । महारानी तिलोत्तमाको सन्दर्भ जोडिएका केही लालमोहर तनहुँमा भेटिएका छन् । वि.सं. १८९९ माघ ४ गते राजा राजेन्द्र

विक्रम शाहले दलमर्दन अधिकारीको नाममा गरिदिएको छ (परिशिष्ट-२४) । लालमोहरमा सेन राजाको समयमा पौवा बनाई ६० मुरी गुठी राखी आउने जाने मानिसहरुलाई पानी खुवाउने व्यवस्था गरिएको थियो । पौवा जिर्ण  भएपछि दलमर्दन अधिकारीको बुबाले जिर्णोदार गरी धनंजय पाध्यलाई पौवाली दिए । तीर्थ गर्न गएका धनंजय नफर्केपछि उनको भाइले गुठी लिए तर पौवाको मर्मत संभार गरेनन् । त्यसैले दलमर्दन अधिकारीले राजाको हजुरमा पौवाको संभार होस् भनी विन्ति गरेपछि राजा राजेन्द्र विक्रम शाहले निज दलमर्दन शाहलाई पौवालीको जिम्मा दिएको देखिन्छ । यस लालमोहरलाई महारानी तिलोत्तमासँग जोडेर व्याख्या गरिएको छ । सेन राज्यकालमा चुँदिफाँटका धेरै जसो खेतहरू राजदरबारका कर्मचारीहरूको खान्कीको रुपमा छुट्याइएको हुन्थ्यो । राजदरबारका सबैजसो कर्मचारीहरू तनहुँसुर दरबार वरपर नै बसोबास गर्ने भएकाले तनहुँसुरमा बाक्लो बस्ती थियो (अधिकारी, अन्तर्वार्ता, २०७३/२/२९) । लादी खोला र बेग्रे खोलाको दोभान 'फेदी'  देखि तनहुँसुर दरबार सम्म लामो उकालो छ । त्यस उकालो बाटोमा पिउने पानी र बस्ने ओत नभएकाले बटुवाहरूलाई निकै असुविधा थियो । त्यस असुविधालाई हटाउनका लागि महारानी तिलोत्तमाले त्यस उकालो बाटोको बीच भागको किनारमा खानेपानीको व्यवस्था गरेर पौवा बनाइन् । पौवा सञ्चालन गर्नका लागि लादी खोलाको किनारामा रहेको साठीमुरी खेत र त्यस वरपरको खाली जमिन गुठी राखिदिइन् । उनले त्यस पौवाको सञ्चालन र संरक्षणको जिम्मा आफ्ना माइतीखलक अधिकारीहरूलाई दिइन् । पछि पौवा वरपर ठूलै बस्ती बस्यो । हाल सम्म पनि त्यस बस्तीको नाम पौवा नै रहेको छ । पौवा स्थापना गरेपछि कसको नाममा पौवा सञ्चालन गर्न लालमोहर दिइएको हो र गुठी कसलाई दिइएको हो खुल्न आएको छैन । प्रस्तुत लालमोहर राजा राजेन्द्रविक्रम शाहले दलमर्दन अधिकारीको नाममा गरेको देखिन्छ भने लालमोहरमा रानी तिलोत्तमाको नाम कतै जोडिएको पाइँदैन ।

लामो समयसम्म पौवाको सञ्चालन र संरक्षणको जिम्मा अधिकारीहरूको हातमा रह्यो । पछि अधिकारीहरूले त्यहीका वाग्ले थरका ब्राह्मणहरूले पौवाली दिए । ती वाग्लेहरूले पनि वर्षको ९ मुरी धान दिने सर्तमा थम्पु गुरुङ्गलाई पौवामा पानी भरेर राख्ने जिम्मा दिए । गुरुङका केही पुस्ताले पौवामा पानी भर्ने काम गरे । वि.सं. २०२९ असार ६ गते तनहुँ चुँदी क्षेत्रमा आएको अतिवृष्टिले गर्दा लादी खोलामा आएको बाढीले गुठीको खेत बिगारेपछि वाग्लेहरूले गुरुङलाई धान दिन छाडे । धान नपाएपछि गुरुङले पनि पौवामा पानी भरेर राख्न छाडे । संरक्षणको अभावमा पौवा भत्किएपछि पछि सम्म पनि रुखको फेदमा माटोको गाग्रोमा खानेपानी राखेको थियो । उक्त गुरुङले नै पछि बाँकी भएको गुठी खेत भोगचलन गरे पानी भरेर राख्ने गरेको बुझिन्छ ।

त्यसैगरी महारानी तिलोत्तमासँग जोडिएको अर्को प्रसंग हो, तनहुँमा मुसलमानहरूको आगमन । माथि चर्चा गरियो की राजा दिग्विजय सेनको राज्यकालमा भारतबाट मुसलमानहरू नेपाल आएका थिए । उनीहरूलाई बस्ने व्यवस्था चाहीँ महारानी तिलोत्तमाले सम्जुर (हाल सतिस्वारा) मा मिलाएकी थिइन् । महारानी सम्जुरमा आफ्नो सेना पठाएर मुसलमानहरूको लागी मस्जिद पनि बनाउन लगाइन् । त्यस मस्जीदको नाम तिलोत्तमा जुम्मे मस्जीद थियो (अधिकारी, २०६४, पृ.४४-

४६) । हाल त्यो मस्जिद मर्मत गरेर राखिएको छ तर महारानी तिलोत्तमाको नाम चाहिँ उल्लेख गरिएको छैन ।

महारानी तिलोत्तमाले गरेको अर्को कार्य हो जलदेवी र महादेवको मन्दिरको स्थापना । चुँदी खोलाको सिरानमा रहेको कर्स्याङ्दी र नस्मदी नामका दुई नदी दोभानको पूर्वपट्टि जलदेवी र महादेवका मन्दिरहरू स्थापना गरेर महारानी तिलोत्तमाले सेरा खेतको पुछारपट्टिको भाग गुठी राखिदिएकी थिइन् । सेन राज्यकालमा तनहुँमा रहेको राम्रा र उब्जनी हुने जमिनहरू राजपरिवारको नाममा हुन्थे । उक्त 'सेरा' खेत रानीको आफ्नै स्वामित्वमा थियो । त्यसैले उनले उक्त जग्गा मन्दिरको गुठी राखिदिएको बुझिन्छ । १९२४ मा चुँदी खोलामा आएको भिषण बाढीले यी दुवै मन्दिरहरू बगाइदियो । हाल रहेको यी दुवै मन्दिरहरू भने कप्तान जुद्धवीर  अधिकारीले निर्माण गरेका हुन् (अधिकारी, २०६४, पृ.४४-४६) । हाल रहेको जलदेवी मन्दिर पहिले मन्दिर भएको ठाउँको केही माथि र महादेवको मन्दिर सोही ठाउँको पश्चिम पट्टि रहेको छ । जलदेवीको मन्दिरलाई लुते बराहको मन्दिर पनि भनिन्छ । शरीरमा घाउ, खटिरा विशेष गरी लुतो आउँदा त्यस मन्दिरमा गएर पूजा गरी बलि दिन चलन छ । त्यसो गरेको खण्डमा लुतो सन्चो हुने जनविश्वास रहेको छ । त्यसैले त्यस मन्दिरलाई लुती बराहको मन्दिर भनिएको हुन सक्दछ । महादेवको मन्दिरमा शिवरात्रीमा विशेष मेला लाग्नुका साथै दैनिक पूजा गर्ने व्यवस्था पनि रहेको छ । यी दुवै मन्दिरहरूको संरक्षण गर्नको लागि पनि महारानी तिलोत्तमाले अधिकारीहरूलाई नै जिम्मा दिएकी थिइन् । यसरी महारानी तिलोत्तमाले आफूले स्थापना गरेको पौवा, जलदेवी र महादेवको मन्दिरको संरक्षण गर्ने जिम्मा अधिकारी थरीलाई दिएको देखिएकाले उनी अधिकारीकी छोरी हुन् भनिएको हुन सक्दछ । तर यिनी पर्वतका समाल राजपुत्र दिलिप मल्लकी छोरी देखिन्छिन् (राजवंशी (सम्पा.), २०२०, पृ.१६) । तत्कालीन समयमा आफ्ना राजकुमारको विवाह अन्य राज्यको राजकुमारीसँग मात्र हुने गरेको तथ्य ऐतिहासिक अध्ययनबाट थाहा हुन्छ । त्यसैले महारानी तिलोत्तमा स्थानीय भारदारकी छोरी नभई पर्वत राज्यको राजकुमारी नै देखिन्छिन् । तनहुँको सेन राज्यकालका रानीहरूको नाम लिनुपर्दा तिलोत्तमाको नाम अग्रणी स्थानमा आउँछ ।

### ६.२.३ पदाधिकारीहरु

तनहुँ राज्यको प्रशासनिक कार्यमा भारदारको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । भारदारको सहयोग र सल्लाहबाट नै राजाले देशको प्रशासन चलाउँदथे । तत्कालीन समयमा राज्य सञ्चालनको लागि प्रशासनिक, न्यायीक, धार्मिक, सैनिक, आर्थिक तथा वैदेशिक सम्बन्धलाई हेर्ने जस्ता विभागहरु हुन्थे । यस्ता विभागको सञ्चालनको लागि भारदारहरुको आवश्यकता पर्दथ्यो । सेनकालीन तनहुँ राजदरबारका पदाधिकारीहरु निम्नलिखित देखिन्छन् (सुवेदी, २०७३, पृ.३०) ।

#### ६.२.३.१ युवराज

युवराज शब्दले कुनै पनि राज्यको गद्दीसिन राजाको वैध उत्तराधिकारी भन्ने जनाउँछ । हिन्दू राजतन्त्रात्मक शासन व्यवस्थामा राजाको जेठो छोरालाई राज्यको उत्तराधिकारी घोषणा गरिन्थ्यो ।

तनहुँका सेनवंशी राजाहरुले पनि आफ्नो जेठो छोरालाई राज्यको उत्तराधिकारी घोषणा गर्दथे । राजाको मृत्युपछि उत्तराधिकारी छोरा नै राजगद्दीमा बस्दथे (राजवंशी (सम्पा.), २०२०, पृ.३३-३७) । युवराज वा उत्तराधिकारीको पद ग्रहण गरेपछि राज्य सञ्चालनमा राजालाई सघाउने दायित्व युवराजको हुन्थ्यो । राज्य सञ्चालनमा आइपरेको महत्वपूर्ण कार्यहरुमा राजालाई सल्लाह सुझाव दिनु, राजा राजधानी बाहिर रहँदा वा विरामी पर्दा राजाको सम्पूर्ण जिम्मेवारी सम्हाल्नु, राजाले तोकिदिएको अधिकारको प्रयोग गरी राज्य सञ्चालन गरेर भावी राजाको रुपमा अनुभव हासिल गर्नु, सेना परिचालन गरेर युद्धमा भाग लिनु र महत्वपूर्ण राजकीय विषयमा साक्षीको रुपमा बस्नु आदि युवराजको दायित्व भित्र पर्दथे (लामिछाने, २०७४, पृ.८३) । मध्यकालको प्रारम्भमा भक्तपुरका राजा यक्षमल्लले आफू जीवित छँदा नै आफ्ना छोराहरुलाई प्रशासकीय अनुभव गराउन प्रशासन चलाउने जिम्मा दिएका थिए । त्यस्तै कान्तिपुरका राजा प्रताप मल्लले पनि राजकाजको अनुभव दिलाउनको लागि आफ्ना छोरालाई पालैपालो उत्तराधिकारी घोषणा गरेर प्रशासकीय जिम्मेवारी दिएका थिए । प्रतापमल्लको मृत्यु हुँदा उनका साहिँला छोरा महिपतिन्द्र मल्ल राज्यका उत्तराधिकारी थिए । पछि यो वेथिति भयो भनी ललितपुरका राजा श्रीनिवास मल्लले प्रतापमल्लका जेठा छोरा नृपेन्द्र मल्ललाई राज्याभिषेक दिएर राजगद्दीमा राखेका थिए (थापा, २०२९, पृ.१-२८) । पाल्पाका राजा मुकुन्द सेन प्रथमले पनि आफ्ना जेठा छोरा माणिक्य सेनलाई राज्यको उत्तराधिकारी घोषणा गरी राजधानी पाल्पामा राखेर अन्य छोराहरुलाई विभिन्न क्षेत्रहरुमा प्रशासक बनाएर पठाएको उदाहरण पाइन्छ । भृङ्गी सेन यसरी नै प्रशासक बनेर पाल्पाबाट तनहुँ आएका थिए । भृङ्गी सेन स्वतन्त्र तनहुँका राजा भएपछि आफ्ना बुबाले जस्तै उनले पनि आफ्ना छोरा हम्बीर सेनलाई मधेशमा रहेको जग्गा जमिनको रेखदेखको लागि प्रशासक बनाएर पठाएको बुझिन्छ । यद्यपि हम्बीर सेनले मधेशमा प्रशासक भएर बस्दा लेखिएका कुनै पनि कागतपत्र प्राप्त हुन सकेका छैनन् । उनले मधेशको चिफ (हाकिम) पुर्षोत्तम सिंहकी छोरी रत्नावतीसँग विवाह गरेका थिए । पुर्षोत्तम सिंह मगर राजा थिए भनिन्छ (वैद्य, १९९३, पृ. ३३) । त्यति बेला हम्बीर सेन तनहुँ राज्यको चम्पारन रामनगरमा रहेको १५ तप्पा जमिनको रखवारी गरेर बसेको देखिन्छ । यी पुर्षोत्तम सिंह मधेश कै अन्य क्षेत्रका राजा देखिन्छन् । तर यस विषयमा लेखिएका अन्य स्रोतहरु भेटिएको छैन ।

तनहुँका राजा भएपछि हम्वीर सेनले पनि आफ्नी रानी लक्ष्मावती तिरका जेठा छोरा तुला सेन (त्रिविक्रम सेन प्रथम) लाई तनहुँ राज्यको र रानी रत्नावतीतिरका जेठा छोरा मधुसुधनलाई रिसिङ राज्यको उत्तराधिकारी बनाएका थिए । हम्बीर सेन पछि रिसिङमा मधुसुधन सेन राजा देखिन्छन् (राजवंशी (सम्पा.), २०२०, पृ.८-१७) । स्वतन्त्र रिसिङ राज्यका राजा रामपाल सेनको निःसन्तान रुपमा मृत्यु भएपछि रिसिङ तनहुँ राज्यमा गाभिएको थियो । जेठा छोरालाई मात्र युवराज घोषणा गर्ने प्रचलन सेन राजाहरुमा रहेता पनि रानीहरुबीचको पारिवारिक झगडालाई मिलाउनको लागि हम्बीर सेनले दुवै रानीतिरका जेठा छोरालाई युवराज घोषणा गरेको बुझिन्छ ।

तनहुँका सेन राजाहरु भृङ्गी सेन र हम्बीर सेन बाहेक अन्य राजाहरुले छोरालाई उत्तराधिकारीको रुपमा युवराजधिराज बनाए पनि युवराजलाई प्रशासकिय अधिकार दिएको कुनै स्रोत भेटिएको छैन । उपत्यकाका मल्ल राज्यहरुमा र गोरखाका शाह वंशमा जस्तै युवराजलाई योग्य,

निडर र दक्ष बनाउनका लागि विभिन्न तालिमको व्यवस्था गरेको पनि तनहुँमा देखिँदैन । त्यस्तै चौबीसी राज्य पाल्पाका राजकुमार महादत्त सेन र कास्कीका राजकुमारहरुले आफू युवराज छँदा नै विर्ता दिने र दासमोचन गर्ने जस्ता महत्वपूर्ण प्रशासकीय कार्यहरु गरेको (भण्डारी, २०३८, पृ.१६-२५) उदाहरण तनहुँमा भेटिँदैन ।

### ६.२.३.२ चौतारा

राजालाई राजकाजमा सहयोग गर्ने प्रमुख पदाधिकारीहरुलाई चौतारा भनिन्थ्यो । राजा र युवराजपछिको प्रमुख केन्द्रीय प्रशासकको रुपमा रहेको चौतारा पद अत्यन्तै शक्तिशाली थियो । चौतारा पद नेपालमा कहिलेबाट सुरु भयो स्पष्ट भेटिँदैन । उत्तर मध्यकालमा पश्चिमका बाईसी, चौबीसी राज्यहरुमा राजाका भाइलाई चौताराको पद दिइन्थ्यो । पाल्पाका राजा मुकुन्द सेन द्वितीयका माहिला भाइ शुरवीर सेन चौतारा पदमा थिए (वैद्य र बज्राचार्य, २०५५, पृ.४१) । त्यस्तै गरी पाल्पाकै राजा महादत्त सेनका माहिला छोरा रणबहादुर सेन आफ्ना बुबा राजा हुँदा चौतारा पदमा रहेका र बुबा पछि दाजु पृथ्वीपाल सेन राजा हुँदा पनि चौतारा पदमा रहेका थिए (रेग्मी, १९७५, पृ. २७५) ।

अन्य चौबीसी राज्यमा जस्तै तनहुँका सेनराजाहरुले भाइलाई चौतारा पद सुम्पिएर प्रशासनिक अधिकार दिएको कुनै स्रोत भेटिएको छैन । तर तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भएपछि रामनगरमा राज्य गरी बसेका राजा हरकुमारदत्त सेनले रामनगरबाट कृपाराम जोशीलाई लेखेको पत्रमा चौतारीया भाइ भनिएको छ (परिशिष्ट-२३) । उक्त पत्र उनले कृपाराम जोशीलाई रामनगर बोलाएको सम्बन्धमा लेखिएको छ । चौतारीया भाइहरुले पनि कृपाराम जोशीलाई रामनगर बोलाउनुपर्छ पनि जाहिर गरिरहेको उल्लेख राजाले पत्रमा गरेका छन् । हरकुमारदत्त सेनका दुईजना भाइहरु राजेश्वरदत्त सेन र जानकीदत्त सेन थिए । पत्रमा चौतारा भाइहरु भनिएकाले दुई भाइहरुलाई नै चौतारा पद दिइएको देखिन्छ । यस पत्रको आधारबाट तनहुँका सेनराजाहरुले तनहुँ राज्य छँदा देखि नै भाइलाई चौतारा पदमा राख्दथे भन्ने बुझिन्छ ।

चौताराले देशको प्रशासन चलाउन राजालाई सहयोग गर्दथे । कतिपय अवस्थामा राज्यहरुमा राजा अस्वस्थ भएर राजकाज चलाउन नसक्दा चौताराले देशको शासन चलाएका उदाहरण पनि पाइन्छ । गोरखाका राजा नरभूपाल शाह मानसिक रुपमा अस्वस्थ भएर राजकाज चलाउन असमर्थ हुँदा उनकी जेठी महारानी चन्द्रप्रभावतीले 'चौतारा महारानी' का हैसियतले राजकाज सम्हालेको उल्लेख पाइन्छ (वैद्य र बज्राचार्य, २०५५, पृ. ४४) । तत्कालीन समयमा राजाबाट जारी गरिने सनद-सवालहरुमा युवराज साक्षी बस्ने देखिएता पनि यस्ता पत्रहरुको दायाँतिर चौताराको हस्ताक्षर रहने प्रचलन पाइएकाले चौताराको पद प्रशासनिक क्षेत्रमा निकै शक्तिशाली थियो भन्ने देखिन्छ । केही स्रोतमा चौतारा पद राजाको प्रधानमन्त्री सरहको हुने गर्दथ्यो पनि भनिएको पाइन्छ (कर्कपेट्रिक, १९६९, पृ. १९८) ।

सत्रौं शताब्दीको अन्त्यतिर चौबीसी राज्यहरुको प्रभावले उपत्यकाका मल्ल राज्यहरुमा पनि मुख्य मन्त्रीलाई चौताराको पद दिन थालिएको भन्ने पनि पाइन्छ (रेग्मी, १९६५, पृ. १६६) । बाईसी

चौबीसीका प्रायः राज्यहरुमा राजाका भाइलाई चौतारिया बनाउने नियम भए पनि उपत्यकाका मल्ल राज्यहरुमा प्रायः सबै भाइहरुको संयुक्त शासन रहने भएकाले गैर व्यक्तिलाई 'चौतारा पद' दिएको देखिन्छ । सामान्यतया मन्त्रीहरु मध्येका योग्य व्यक्ति वा राजाले मन पराएको व्यक्तिलाई चौतारा पद प्रदान गरिन्थ्यो । ललितपुरका राजा श्रीनिवास मल्लका चौतारा भगीरथ भैया थिए । राजाले सार्वजनिक गरेका घोषणामा "म र भगीरथ भैयामा कुनै फरक छैन ।" भन्ने लेखिएको छ भने भक्तपुरका चौतारा चन्द्रशेखरले राजा जगतप्रकाश मल्ललाई "तिमी बराबर कसैले पनि मेरो हृदयमा स्थान पाएको छैन" भनी घोषणा गर्न लगाएका थिए (बैद्य र बज्राचार्य, २०५५, पृ.४२-४३) । यसबाट यी चौताराहरु आफ्नो समयका शक्तिशाली शासक थिए भन्ने देखाउँछ । तुलनात्मक रुपमा हेर्ने हो भने भक्तपुर र ललितपुरका चौतारा भन्दा कान्तिपुरका चौताराहरु निकै शक्तिशाली देखिन्छन् । वि.सं. १७३१ मा कान्तिपुरका राजा प्रताप मल्लको मृत्युपछि राजा भएका उनका १२ वर्षका छोरा नृपेन्द्र मल्लका चौतारा देवीदास चिकुटी थिए । यिनले राजा नाबालक भनी ३ वर्ष राजाको नाम पनि उल्लेख नगरी राजकाजमा हालीमुहाली गरे । राजा नृपेन्द्र मल्लको मृत्युपछि उनका भाई पार्थीवेन्द्र मल्ल राजा भए । पार्थीवेन्द्र मल्लको विष प्रयोगबाट मृत्यु भएपछि यिनका ८ वर्षका छोरा भूपालेन्द्र मल्ल कान्तिपुरका राजा भए । यी राजा हुँदा लक्ष्मीनारायण जोशी चौतारा बनेका हुन् । लक्ष्मी नारायण जोशी चौतारा देवीदास चिकुटीको हत्या गरी वि.सं. १७७४ मा चौतारा बनेका हुन् (लम्साल, २०२२, पृ. ३२) । उनले राजाको नामसँगै टकमा आफ्नो नाम कुदाएका थिए । यिनी राजकीय सम्मानका साथ राजदरबारमै बस्दथे (बैद्य र बज्राचार्य, २०५५, पृ.४३) । यस्ता खालको प्रकृतिले राज्यमा यिनको विरोधी बढ्न थाले । पछि खसहरुको एक समूहले वि.सं. १७४७ मा घरबाट दरबार जाँदै गर्दा यीनलाई बाटोमै हमला गरी हात काटेर सुनको बाला लिए र यिनको हत्या गरे । कान्तिपुरको चौतारा पदको सूचक सुनको बाला भएकोले खसहरुले बाला लुटेको देखिन्छ ।

### ६.२.३.३ गुरु तथा पुरोहित

राजदरबारमा राजकुमारहरुलाई शिक्षा दिक्षा दिने संगीत, नृत्य युद्ध कला जस्ता कुनै पनि कला सिकाउनका लागि राखिएको व्यक्तिलाई गुरु भनिन्थ्यो भने दरबारमा गरिने कर्मकाण्ड सम्बन्धी संस्कार विधि गराउने ब्राह्मणलाई पुरोहित भनिन्थ्यो । अहिले पनि गुरु र पुरोहितको अर्थ र परिभाषा राजा र राजदरबारसँग जोडिएको बाहेक अन्य उस्तै हुन् । तत्कालीन चौबीसी राज्यहरुमा दरबारमा रहेर शिक्षा, दिक्षा दिने, धार्मिक कार्यहरु गराउने, कर्मकाण्ड गराउने ब्राह्मणहरुलाई समष्टिगत रुपमा गुरु पुरोहित भनेको देखिन्छ (घिमिरे, २०४५, पृ.७७-७८) ।

राजा तथा राज परिवारलाई धार्मिक तथा नीतिगत कुराको मार्ग निर्देशन गर्ने राजा तथा राजकुमारहरुलाई शिक्षा, दिक्षा दिने, राज्यमा धार्मिक कार्यहरु गराउने जस्तैः मठ, मन्दिर, देवालय बनाउने, यज्ञ, पुरश्चरण गराउने आदि गुरुपुरोहितको महत्वपूर्ण कार्य भित्र पर्दथ्यो । यस्ता गुरु पुरोहितहरु दरबारमा नै रहने भएकाले दरबारिया पण्डित पनि भनिएको पाइन्छ ।

तनहुँमा सेन राजाहरुले शासन गर्न थालेपछि प्रशासन चलाउने योग्य भारदारहरु नभएको हुनाले सेनहरुले पाल्पाबाट गुरु पुरोहित, भाइभारदार लिएर आए भनिन्छ। पाल्पाबाट खनाल, पौडेल, पाण्डे पण्डित थरका ब्राह्मणहरुलाई भृङ्गी सेनले नै तनहुँमा ल्याएका हुन् भन्ने पाइन्छ । उनले पाल्पाबाट ल्याएका श्रीकृष्ण पण्डितलाई आफ्नो सल्लाहकार (मन्त्री) को रुपमा नियुक्त गरी भीरपानीको खेत कुश बिर्ता दिएका थिए (परिशिष्ट-२५) । त्यसपछि ढकाल, अर्याल, वाग्ले, पन्त, मिश्र, जोशी आदि थरका ब्राह्मणहरु पनि तनहुँ आएर स्थायी बसोबास गर्न थालेको देखिन्छ (आचार्य, २०६६, पृ.१२-२३) ।आदिवासी मगर जातिको बाहुल्य क्षेत्र भएको तनहुँमा सेनहरुको आगमनसँगै बाह्मण र अन्य जातिहरुको बसोबास हुन आएको मानिन्छ ।

तनहुँ राज्यका दरबारिया पण्डितहरु गौरीश्वर पाण्डे र कुलनीधि पन्त निकै हर्ताकर्ता थिए । पहिलेदेखि तनहुँको राजगुरु पौड्यालहरु थिए । पछि गौरीश्वर पाण्डेले राजगुरुको पद लिएपछि पौड्यालहरु असन्तुष्ट भएर कोही कास्कीतिर त कोही रिसिङतिर गएर बस्न थाले (आचार्य, २०६१, पृ.१०८) । राजा राजेन्द्रको समयमा मुख्तियार बनेका पण्डित रंगनाथ पौड्याल तनहुँ छाडेर रिसिङ गएर बस्ने तिनै पौड्यालका सन्तती हुन् । रंगनाथ पौड्याल गोरखा दरबारमा नाम चलेका पण्डित जयमंगल पौड्यालका नाती र बज्रनाथ पौड्यालका छोरा हुन् (मिश्र, २०५८, पृ.१०४) ।

राजा दामोदर सेनको शासनकालमा राजगुरु गौरीश्वर पाण्डेको महत्वपूर्ण भूमिका देखिन्छ । तनहुँ दरबारमा गोरखाका युवराज नरभूपाल शाहको जन्म भएपछि नवजात शिशुको छैटी, न्वारन यिनैले गरेका थिए । नरभूपाल शाहलाई गोरखाको राजगद्दी प्राप्त गर्न कुनै विघ्न बाधा आइनपरोस् भनेर यिनैले छिम्केश्वरी भगवतीको पुरश्चरण गराएका थिए । नरभूपाल शाहकी आमा मल्लिकावती यिनीसँग खुशी भएर “नानिका गुरु याहियात हुनु” भन्ने बचन दिएकी थिइन् । पछि नरभूपाल शाहलाई आमा सहित सुरक्षित गोरखा दरबारमा पुऱ्याउन सहयोग गर्ने पनि गौरीश्वर पाण्डे नै भए । पहिला दिएको बचन मुताविक नरभूपाल शाहकी आमाको अनुरोधमा राजा पृथ्वीपति शाहले नरभूपाल शाहको ब्रतबन्ध हुँदा गौरीश्वरका जेठा छोरा गोकुल विलास पाण्डेलाई मन्त्र सुनाउन अनुमति दिएका थिए (नरहरिनाथ (सम्पा.), २०२१, पृ.७८) । यसरी गौरीश्वर पाण्डेले आफ्ना छोराहरुलाई गोरखा दरबारमा पस्ने ढोका खोली दिएका थिए ।

गौरीश्वर पाण्डेका ६ जना छोराहरु गोकूलविलास पाण्डे, जगन्निवास पाण्डे, राजीवलोचन पाण्डे, यज्ञश्वर पाण्डे, चन्द्रचुड पाण्डे र रमाराम पाण्डे थिए (पन्त, २०४१, पृ.२७४) । नरभूपाल शाहलाई मन्त्र सुनाएको गुरु भएकाले गोकूलविलास पाण्डे गोरखामा नै रहे भने राजिवलोचन पाण्डेको नाम पृथ्वीनारायण शाहले नुवाकोट आक्रमण गर्दा उनीसँग लडाईमा गएको देखिएकाले उनी पृथ्वीनारायण शाहको विश्वास पण्डित देखिन्छन् (पन्त, २०२८, पृ.७२८) । यसबाट यिनी पनि तनहुँ छाडेर गोरखा दरबारमा नै बस्ने गरेको बुझिन्छ ।

जगन्निवास पाण्डेले ‘नरभूपाल शाह होल्लासस्त्रोत्र’ लेखेका थिए (पन्त, २०४१, पृ.२७५) । यसबाट यिनी पनि गोरखामा बसेर राजालाई रिझाउँथे भन्ने देखिन्छ । हुन त यी जगन्निवास तनहुँ

दरबारमा बस्दथे, यिनी तनहुँका राजा त्रिविक्रम सेन द्वितीयका राजगुरु थिए (मिश्र, २०५८, पृ.१००) । यिनैका छोरा नारायण पाण्डे त्रिविक्रम सेन द्वितीयका अन्तिम समयतिर राजगुरु थिए । यिनी तनहुँ दरबारमा निकै हर्ताकर्ता बनेका थिए । पृथ्वीनारायण शाहले त्रिविक्रम सेनसँग भेट गराउने माध्यम बनाउनका लागि गुरु गौरीश्वर पाण्डेलाई काशीबाट झिकाउने पनि यिनै नारायण पाण्डे देखिन्छन् । पृथ्वीनारायण शाहले नारायण पाण्डेलाई वि.सं. १८१३ आश्विन ३ गते पत्र लेखेर तनहुँ र गोरखा बीच मित्रता कायम गराइ दिन आग्रह गरेका थिए (आचार्य, २०२४, पृ.३१४-३१५) । पृथ्वीनारायण शाह र त्रिविक्रम सेन द्वितीयलाई भेटवार्ता गराउनका लागि चिठीपत्र गर्दा गोरखाको तर्फबाट रमाराम खटिएका थिए । यी रमारामलाई तनहुँका राजाले विर्ता दिएका थिए । पछि उनी गोरखा दरबारमा बस्न थाले पछि उनको विर्ता खोसिएको थियो । पछि तनहुँ एकीकरण भएर नेपाल अधिराज्य मिलेपछि उनलाई उक्त विर्ता पुनः फिर्ता दिइएको थियो (पन्त, २०४१, पृ.३१३) ।

गौरीश्वर पाण्डेका साथै उनका छोराहरुले तनहुँ र गोरखा दरबार दुवैमा आफ्नो स्थान बनाएका थिए । उनीहरुले नेपाल एकीकरण अभियानमा पनि महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

राजा त्रिविक्रम सेन द्वितीयको समयमा दरबारमा ठूलो सम्मान पाएका दरवारिया पण्डित गंगाविष्णु थिए । यिनी राजाले निकै विश्वास र आदर गर्ने पण्डित थिए । यिनकै सल्लाह मुताविक राजा त्रिविक्रम सेनले पहिलेदेखि चलाउँदै आएको राजाको प्रशस्तिमा परिवर्तन गरेका थिए । राजाले गंगा विष्णु पाण्डेलाई वि.सं. १८०४ मा चोकको साठी मुरी विर्ता दिएको लालमोहर दिएका थिए ( परिशिष्ट-२६) ।

### ६.२.३.४ ज्योतिषी

चौबीसी राज्यहरुमा ज्योतिषी पद पनि हुन्थे । ज्योतिषीले राजपरिवारमा जन्म, ब्रतबन्ध, विवाह आदि देखि यज्ञ आदि गर्दा ग्रह गोचरको स्थिति र शुभ अशुभ आदि हेर्दथे । राजा तथा राजपरिवारका सदस्यहरु राज्य बाहिर जाँदा साइत हेर्ने पनि ज्योतिषीले गर्दथे । हिन्दू धर्ममा आस्था र विश्वास राख्ने तत्कालीन समाजमा ज्योतिषीको भूमिका महत्वपूर्ण रहेको देखिन्छ । पाल्पा दरबारमा रुद्र सेनको शासनकाल देखि नै ज्योतिषीको स्थान प्रभावकारी थियो (घिमिरे, २०४५, पृ.८०) । यसबाट तनहुँ राज्यको स्थापना कालदेखि नै ज्योतिषीको ठूलो महत्व थियो । राजा हरकुमारदत्त सेनको शासनकालमा तनहुँ राज्यका नामी ज्योतिषी छविलाल जैसी देखिन्छन् ।

वि.सं. १८३१ माघ १ गते पृथ्वीनारायण शाहको निधन भए पछि प्रताप सिंह शाह राजा भए । राजगद्दीमा बसे लगत्तै उनले भाइ बहादुर शाहलाई दरबारभित्र नै कैद गरेर राखे । गुरु गजराज मिश्रको अनुरोधमा आफ्नो राज्यमा बस्न नपाउने सर्तमा बहादुर शाह कैद मुक्त भए । काठमाडौंबाट बेतिया जाने क्रममा बहादुर शाहको भेट तनहुँका राजा हरकुमारदत्त सेनसँग चितवनको देवघाटमा भयो । राजाको आग्रहमा बहादुर शाह केही समय तनहुँ राज्यमा बसे । त्यसबेला उनले तनहुँका कहलिएका ज्योतिषी छविलाल जैसीलाई आफ्नो चिना देखाएका थिए (मिश्र, २०५८, पृ.१०९)। चिनामा दाजु प्रताप सिंह साहको शेषपछि उनले राजभोग गर्ने योग रहेको ज्योतिषीले बताएको उल्लेख छ ।

ज्योतिषीले बताए जस्तै दाजुको मृत्युपछि बहादुर शाह राज्यको हर्ताकर्ता बने । पश्चिमी राज्यहरु जितेर नेपाल अधिराज्यमा मिलाए ।

### ६.२.३.५ काजी

काजी मध्यकालीन नेपालको मुख्य प्रशासक, मन्त्री वा सो सरहको प्रतिष्ठित पद थियो (पराजुली, २०७२, पृ.२०९) । तर कहिलेदेखि यस पदको सुरुआत भयो भन्ने उल्लेख गर्न ऐतिहासिक स्रोतहरुको अभाव छ । भारतमा मुगल साम्राज्य बलियो हुँदै गएपछि त्यहाँको केन्द्रीय प्रशासनिक शैली नेपालका राजाहरुले पनि अनुकरण गर्न थालेपछि नेपालको प्रशासनमा काजी पद देखा परेको बुझिन्छ (वैद्य र बज्राचार्य, २०५५, पृ.४६) । काजी अरबी शब्द हो । भारतको मुगल साम्राज्यमा काजीले धार्मिक, सामाजिक र न्यायीक व्यवस्था हेर्ने हुँदा न्यायीक प्रमुख भएर मुद्दा छिन्ने र अपराधिलाई सजाय दिने काम गर्दथे (बज्राचार्य, २०२१, पृ.३२) । नेपालमा भने काजीले न्यायीक मात्र नभई प्रशासनिक र सैनिक तथा राज्यमा आइपर्ने सबै प्रकारको काम गरेको देखिन्छ । मध्यकालको उत्तरार्धतिर राज्य अनुसार काजी नियुक्ति प्रक्रिया फरक फरक रहेको पाइन्छ। पश्चिमी राज्यहरुमा गद्दीसिन राजाका भाइलाई चौतारा, काजीको पद प्रदान गरेको देखिन्छ। काजी पद प्रदान गर्दा छिमेकी राज्य एवम् जनमतको कदर पनि गरिन्थ्यो । तनहुँमा हम्बीर सेन राजा भएको समयमा यसको तराई भूभाग चम्पारनमा छिमेकी राज्य वेतियाले आक्रमण गऱ्यो । काजी रणभञ्जन थापा र सेनापति दलभर्दन थापाले वेतियाको फौजलाई परास्त गरेर चम्पारनमा रहेको पन्ध्र तप्पा जमिन सुरक्षित गरेकाले काजीले राज्य बचाउनको लागि सैन्य नेतृत्व पनि गर्दथे भन्ने देखाउँदछ ।

कामराजदत्त सेन तनहुँको राजा हुँदा पण्डित शिवानन्द खनाल काजी थिए (मिश्र, २०५८, पृ.११५) । यी काजीको नाम गोरखा दरबारसम्म पनि प्रख्यात रहेको सन्दर्भ पाइन्छ । नरभूपाल शाहकी माहिली रानी कौशल्यावतीको सात महिनाको गर्भबाट वि.सं. १७७९ पौष २७ गते पृथ्वीनारायण शाहको जन्म भयो । उनी जन्मेको अर्को महिना तिर साहिली रानी बुद्धिमतीको दश महिनाका गर्भबाट बृन्दकेशर शाहको जन्म भयो । यसमा गर्भको जेठो वा जन्मको जेठो कसलाई राज्यको उत्तराधिकारी बनाउने भन्ने विषयमा गोरखा दरबारमा विवाद उत्पन्न भएको थियो (आचार्य, २०६३, पृ.१०२) । भारदारहरुको बीच चलेको यस विवादको ठोस निर्णय हुन नसकेपछि गोरखा दरबारबाट तनहुँका यिनै काजी शिवानन्द खनाललाई लिन मानिसहरु पठाइए । यी काजीले उत्तराधिकारी गर्भको आधारबाट नभइ जन्मको आधारमा हुन्छ भन्ने अभिव्यक्ति दिएर गोरखा दरबारमा उठेको समस्याको समाधान गरिदिएका थिए (मिश्र, २०५८, पृ.११५) । यस सम्बन्धी चर्चा अन्य स्रोतहरुमा नभेटिएकाले यसलाई एउटा किम्बदन्ती मात्र मानिन्छ । वास्तवमा राजकुमार वृन्दकेशर शाहको देहान्त अन्नप्राशन कर्म पनि सम्पन्न नहुँदै हुन गएपछि गोरखा दरबारमा उठेको यस विवादको अन्त्य हुन गएको थियो । यिनै शिवानन्द खनालका वंशज रामनाथ खनाल र उनका छोरा अंशुमाली खनाल राणा शासनकालमा तनहुँको डिट्ठा पदमा जागिरे थिए । अंशुमालीका छोरा श्रीभद्र खनाल हुन् । श्रीभद्र खनाल २००४ मा जयतुसंस्कृतम आन्दोलनको अगुवा, २००७ सालमा

तनहुँमा भएको आन्दोलनको नेतृत्वकर्ता थिए। यिनी तनहुँ बन्दीपुरमा स्थापित जनसरकारका गभर्नर हुन् (थापा (श्रेष्ठ), २०७३, पृ. १००-१०६)।

राजा त्रिविक्रम सेन द्वितीयले गुणानन्द पन्तलाई वि.सं. १८२० फाल्गुनमा काजी पदमा नियुक्त गरेका थिए। नियुक्ति पत्रमा यिनलाई 'मध्येश पर्वत' र पहाडका प्रमुख काजी पदमा राखिएको र यिनले गरेको विन्ति चुक्ली सहि मानिने र अन्यले दिएको विन्ति चुक्ली नमानिने भनि उल्लेख छ (परिशिष्ट-२७)। काजी गुणानन्द पन्त निकै सम्पन्न र प्रख्यात व्यक्ति देखिन्छ। यिनबाट वि.सं. १८१६ जेष्ठमा राजा त्रिविक्रम सेनले र वि.सं. १८२७ भाद्रमा उनका छोरा राजा कामारीदत्त सेनले जमिन राजबन्धकी दिएर रकम लिएका थिए। त्यस्तै राजा त्रिविक्रम सेनको कार्यकालको अन्त्यतिर यिनका पुस्तालाई गोवध र ब्रह्महत्या बाहेक अन्य सर्वाङ्ग माफ गरी तनहुँ चोकमा विर्ता दिएका थिए (पन्त, २०६४, पृ.२५२)। वि.सं. १८२७ भाद्रमा नै कामारीदत्त सेनले यिनै काजी पन्तलाई जिल्ला मर्यादपुर तप्पा चितवन अन्तर्गतको मौजा सहलौलीको सम्पूर्ण गाउँ नै विर्ता पनि दिएका थिए (परिशिष्ट-२८)। त्यसैगरी तनहुँ राज्यका अन्तिम राजा हरकुमारदत्त सेनको राज्यकालमा पनि गुणानन्द पन्त नै काजी थिए। यिनकै सल्लाह अनुसार प्रारम्भमा हरकुमारदत्त सेनले नेपाल अधिराज्यको अधिनस्थता स्वीकार गरेर भए पनि तनहुँको राजगद्दीमा बसेको देखिन्छ।

यी काजी तनहुँको मात्र नभई पाल्पा, लमजुङ र नेपालका राजाहरुले मानेका व्यक्ति देखिन्छन् (पन्त, २०४०, पृ.२५-२६)। तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भइसकेपछि गुणानन्द पन्तले नेपालका राजा रणबहादुर शाह समक्ष आफ्नो उद्धारको लागि विन्तीपत्र पठाएको सम्बन्धमा र रामनगरका राजा बनेका हरकुमारदत्त सेनले रामनगरमा आउ भनी गुणानन्दलाई लेखेको बोलाहट पत्रको सम्बन्धमा यस अघि चर्चा भइसकेको छ।

यसरी आफनो समयका चार राजाहरुले मानेका तनहुँका काजी गुणानन्द पन्त चतुर राजनीतिज्ञ, कुशाग्र बुद्धि भएका त्यस भेकका चाणक्य नै देखिन्छन्। तर यिनले पछिल्लो समयमा तनहुँ राज्यको हितमा काम गरेको देखिँदैन। यिनले तनहुँ राज्यलाई बचाउन राजा हरकुमार दत्त सेनलाई उचित सल्लाह दिएनन्।

हरकुमारदत्त सेन तनहुँका राजा भएपछि सागर खनाललाई पनि काजी पद दिएको देखिन्छ। तर यिनी तनहुँ राज्य बलियो गरी टिकाउन सक्ने सामर्थ्य भएका व्यक्ति हैनन् भनी शक्ति बल्लभले आफ्नो कवितामा लेखेका छन् (पन्त, भण्डारी र बज्राचार्य (सम्पा.), २०२५, पृ.५०५)। तत्कालीन समयमा चौतरियाले राजालाई राजकाजमा सहयोग गर्ने र काजीले मन्त्रीको कार्यहरु गर्ने भएकोले काजीलाई मन्त्री पनि भन्ने गरेको पाइन्छ (बैद्य र मानन्धर, २०५३, पृ.२४)। त्यसै भएर सागर खनाललाई काजी पनि भनिएको हो। राजा त्रिविक्रम सेन द्वितीयले लोकेश्वर पण्डितलाई महामन्त्री पद दिएका थिए (परिशिष्ट-२५)।

त्यस समयमा पश्चिम नेपालका पर्वत, पाल्पा लगायत अन्य राज्यहरुमा काजी पदमा आफ्नै भाइहरु नियुक्त गरिन्थे। पाल्पाका राजा पृथ्वीपाल सेनका भाइ काजी रणमर्दन सेन थिए। तनहुँमा

भने काजी पदमा राज परिवारको सदस्यको नियुक्ति भएको पाइँदैन । थापा, खनाल, पन्त घरका भारदारहरुलाई काजीपदमा नियुक्ति गरेको देखिन्छ ।

पर्वत राज्यमा छ जनासम्म काजीहरु नियुक्त भएको पाइन्छ (श्रेष्ठ, २०५९, पृ.९३) । तनहुँ राज्यमा भने कति जना सम्म काजी नियुक्त हुन्थ्यो भन्ने उल्लेख गरिएको स्रोत भेटिएको छैन । राजा हरकुमारदत्त सेनको समयमा गुणानन्द पन्त काजी हुँदा सागर खनाललाई मन्त्री बनाएका थिए । मन्त्री र काजीको कार्य एकै रहेकोले मन्त्री पनि काजीकै पदमा हुन्थे । त्यसैले तनहुँमा पनि दुई वा दुई भन्दा बढी व्यक्ति काजी पदमा रहेको बुझिन्छ ।

### ६.२.३.६ दिवान

राजालाई राजकाजमा सल्लाह दिने विभिन्न राजकीय पदाधिकारीहरु मध्ये दिवान पनि एउटा पद हो । सेनकालीन प्रशासनमा दिवान पद महत्वपूर्ण देखिन्छ । तनहुँका राजा कामराजदत्त सेनले मुगल सम्राट फरुखशिपरबाट चम्पारनका पन्ध्र तप्पा र गोरखपुर जिल्लाको अधिकार पाएका थिए । उनले गोरखपुरको तप्पाहरुको वार्षिक कर उन्नाइस हजार रुपियाँ दिल्ली सम्राटलाई बुझाउँदथे । यिनले गोरखपुर र चम्पारनको प्रशासनिक व्यवस्था हेर्नका लागि विजयराज र त्रिविक्रम थापालाई दिवान पदमा नियुक्त गरेका थिए (उपाध्याय, १९७९, पृ.७८) । यसबाट मधेशको तप्पाहरु हेर्नका लागि तनहुँका राजाले दिवान नियुक्ति गर्दथे भन्ने बुझिन्छ । पहाडी भूभागमा भने 'दिवान' पद रहेको पाइँदैन ।

मकवानपुर राज्यमा दिवानले भूमिकर सङ्कलन गर्दथे भने विजयपुर र चौदण्डी राज्यमा दिवानहरु राजाले जस्तै अधिकारको उपयोग गरेर पण्डितहरुलाई विर्ता पनि दिएको देखिन्छ र उनीहरु आफूलाई 'राजमार समर्थ' भन्ने गरेको पनि पाइन्छ (दास, २०६८, पृ.७३) । केही लेखकले राज्य सञ्चालनका लागि राज्यको नीति निर्धारण गर्न दिवानले राजालाई आवश्यक परामर्श दिने गर्दथे पनि भनिएको पाइन्छ (स्टिलर, १९९५, पृ. ६५) ।

### ६.२.३.७ सरदार

सेनकालीन तनहुँमा रहेका भारदारहरुमा सरदारको पद पनि महत्वपूर्ण थियो । सरदार पद काजी भन्दा एक तह मुनी मानिथ्यो (पराजुली, २०७२, पृ.१२४२) । देश सुधारको दृष्टिले सरदार पदको महत्वपूर्ण स्थान रहेको देखिन्छ । सरदार विशेष गरी सैनिक गतिविधिमा संलग्न रहन्थे । युद्ध भएको समयमा सरदारले सेनापतिको रुपमा रहेर युद्ध सञ्चालन गर्दथे (नरहरिनाथ, २०१३ (ख), पृ.४६४-४६५) । प्रतापसिंह शाह राजा भएको समयमा वि.सं. १८३४ श्रावण ३ (१४ जुलाई, १७७७) मा नेपाली फौजले तनहुँ राज्यको मुख्य गढी कविलासपुर गढी आक्रमण गऱ्यो । यस गढीको संरक्षक भएर तनहुँका सरदार विचित्र सेन बसेका थिए । भिडन्तमा यिनी सहित निकै सैनिक मारिए (आचार्य, २०२६, पृ.६४२) । यसर्थ तनहुँमा सरदारलाई देश सुरक्षाका लागि बनाइएका गढीहरुमा युद्ध सम्बन्धी सम्पूर्ण जिम्मेवारी दिएर राखिएको हुन्थ्यो भन्ने बुझिन्छ । अन्य पश्चिमी राज्यहरु पाल्पा, पर्वत,

लमजुङ, जुम्ला आदिमा पनि सरदारको मुख्य जिम्मेवारी देश रक्षाको लागि सैनिक गतिविधि सञ्चालन गर्ने नै देखिन्छ ।

### ६.२.३.८ खजाञ्ची

तत्कालीन समयमा खजाञ्चीले राज्यको आर्थिक हिसाब किताब हेर्ने गर्दथे । खजाञ्चीले राज्यको जति पनि नगद आम्दानी हुन्थ्यो, त्यसको सम्पूर्ण विवरण तयार गरी आम्दानी र खर्चको लगत राजा समक्ष बुझाउनु पर्दथ्यो । राजा, राजपरिवार र राज्यको खर्चमा समेत खजाञ्चीले व्यवस्था मिलाउनु पर्दथ्यो (घिमिरे, २०४५, पृ.७८) ।

गोरखा राज्यमा पृथ्वीनारायण शाहले पहिला टक ढालेपछि टक्सारी पद बनेका र खजाञ्ची र कपर्दार पद पनि उनै पृथ्वी नारायण शाहले नियुक्ति गरे भन्ने पाइन्छ (आचार्य, २०२६, पृ.६४२) । तनहुँ राज्यमा पनि भित्री मधेसमा पर्ने चितवन पनि रहेकाले त्यहाँको आयस्ताबाट राज्य सञ्चालन हुने देखिन्छ । केही लेखकले उपत्यकाको मल्ल राजाहरुको जस्तै तनहुँको राजाको हैसियत थियो भनेका छन् (वैद्य, १९९३, पृ. ३३) । यिनै आधारबाट छिमेकी राज्यमा जस्तै तनहुँमा पनि खजाञ्ची पद थियो भन्ने देखिन्छ ।

### ६.२.३.९ कारिगर

पाल्पामा जस्तै तनहुँमा पनि कारिगर (कालिगढ) पद रहेको देखिन्छ । कारिगरहरुले युद्धका लागि आवश्यक हातहतियारको निर्माण, राजदरबार वा अन्य वस्तुको निर्माण र जिर्णोदार गर्ने कार्य गर्दथे । तनहुँसुरको खड्ककालिका मन्दिर रहेको दरबारको एउटा कोठामा दुईवटा छोटो र एउटा अलि लामो तोप र दरबारको उत्तरतिर खोचमा रहेको ठूलो तोपको अगाडिको भाग (जो खण्डीत छ) सुरक्षित राखिएको छ । त्यस्तै खड्क, खुँडा जस्ता युद्धका हतियारहरु भाँचिएको अवस्थामा छन् ( स्थलगत अवलोकन, २०७३/६/२९) । सेनकालीन हातहतियारका अवशेष हेर्दा यी सामग्रीहरु कारिगरले तनहुँमा नै निर्माण गर्दथे भन्ने देखिन्छ ।

### ६.२.३.१० द्वारोगा

सेन राज्यहरुमा द्वारोगा भन्ने पद रहेको पाइन्छ । पशुको खरिद-विक्री गर्ने र सरकारी खजाना (तोपखाना समेत) को निरीक्षण गर्ने काम द्वारोगाको रहेको बुझिन्छ (घिमिरे, २०४५, पृ.७९) । पाल्पा राज्यमा द्वारोगा भन्ने अधिकारी रहेकाले त्यहाँको प्रभाव अन्य सेन राज्यमा पर्नु स्वाभाविक मानिन्छ । तनहुँका राजा त्रिविक्रम सेन (प्रथम) अथवा तुला सेन घोडाका निकै सौखिन थिए । यिनले वि.सं. १६९४ मा 'अश्वपरिक्षणम' नामक हस्तलिखित ग्रन्थ लेखेका थिए । यस ग्रन्थमा असल जातका घोडा छान्ने तरिका र घोडाको परीक्षण सम्बन्धी उल्लेख गरिएको छ । यसबाट उनको दरबारमा निकै घोडाहरु सङ्ग्रह गरिएको बुझिन्छ । यसर्थ यी घोडाहरुको खरिद बिक्री गर्न र उचित परीक्षण गर्न तनहुँ राज्यमा पनि द्वारोगा भन्ने अधिकारी रहेको देखिन्छ । तर तनहुँमा द्वारोगा पद खुल्ने सामग्री प्राप्त भएको छैन ।

### ६.२.३.११ खरिदार

सेनकालीन तनहुँ राज्यमा खरिदार अधिकारी पनि रहेको पाइन्छ । खरिदारले प्रशासनिक कार्य सञ्चालनमा सहयोग गर्दथे । राजा हरकुमारदत्त सेनको समयमा खरिदार पदमा कालु जैसी थिए । त्यस समयमा गोरखा दरबारका प्रख्यात कवि शक्ति वल्लभले आफ्नो कवितामा तनहुँ राज्यका खरिदार कालु जैसीलाई घण्टको रालासँग तुलना गरेका छन् । तनहुँ राज्य कमजोर बन्नुमा खरिदारको ढुलमुल नीति पनि एक रहेको उल्लेख कवितामा यसरी लेखिएको छ :

मन्त्रि सागर खनाल छ बाला
पाँचको छ सब गान्तिक चाला ।
कालु जैसि खरिदार त राला
तेस ढंग तनहुँ कति पाला ॥ (पन्त, भण्डारी र बज्राचार्य, २०२८, पृ.५०५)

कविताको भावार्थ सागर खनाल जस्ता मन्त्री, बालक राजाको चाल पनि गतिलो नभएको, घण्टको राला जस्तो खबरदार कालु जैसी छन् । यस्ताले धानेको तनहुँ राज्य कति समय टिक्ला भन्ने रहेको छ । शक्ति वल्लभले यो कविता हरकुमारदत्त सेन राजा भएपछि लेखेको देखिन्छ । हरकुमारदत्त सेन १२ वर्षमा राजा भएका थिए । कविले भने जस्तै गोरखाको आक्रमणबाट तनहुँ कमजोर भयो । आखिर लमजुङसँगै तनहुँ राज्य पनि नेपाल अधिराज्यमा गाभियो ।

### ६.२.३.१२ फौजदार

फौजदार पदका अधिकारीले फौज वा सैनिकको साथमा रहेर किल्ला वा गढीको सुरक्षाको व्यवस्था मिलाउने कार्य गर्दथे (दास, २०६८, पृ.७५) । तर तनहुँमा यस्ता गढी वा किल्लाको सुरक्षाका जिम्मेवारी लिएर सरदार रहेको देखिन्छ । गोरखाली सेनाको आक्रमणबाट कविलासपुरगढीको सुरक्षाको जिम्मेवारी लिएर बसेका सरदार विचित्र सेनको मृत्यु भएको चर्चा यस अघि गरिसकिएको छ । तनहुँका सेनहरुले राज्य गरेका रामनगरमा हालसम्म पनि पौडेल खलकलाई फौजदार र खनाल खलकलाई काजी भनिने हुँदा रामनगर आउनुभन्दा अगाडि तनहुँ राज्यमा पनि पौडेलहरु फौजदार पदमा थिए भन्ने देखिन्छ तर यस सम्बन्धी कुनै अभिलेख भने प्राप्त हुन सकेको छैन ।

तनहुँ सिम्पानीको पौडेल परिवारका मधुसुदन रामनगर गएका थिए । उनका छोरा तारानीधिका दुई छोराहरु देवीप्रसाद उपाध्याय र सिद्धिप्रसाद उपाध्याय थिए । जेठा देवी प्रसाद उपाध्याय रामनगर राज्यका राजप्रबन्धक भए (अधिकारी, २०५५, पृ.८१) । यिनका भाइ सिद्धिप्रसाद उपाध्यायका जेठा छोरा अम्बिकाप्रसाद उपाध्याय हुन् । रामनगरमा भने राज्य प्रबन्धकलाई फौजदार भनिएको पाइन्छ ।

### ६.२.३.१३ द्वारे/कुभिण्डे

राजाको अंगरक्षक भएर दरबारमा रहने अर्का अधिकारीलाई द्वारे भनिन्थ्यो । तत्कालीन तनहुँको द्वारे पदका व्यक्तिको नाम थाहा हुन सकेन । तर सेन राजाका पालादेखि नै दरबार नजिक

रहेको खड्क कालिका मन्दिरको सरसफाई र रेखदेख गर्ने खवासहरुलाई सेन राजाको समयका द्वारे हुन भनिन्छ (थापा, अन्तर्वार्ता, २०६९/३/४) । यिनै खवासहरुले वडा दशैंमा नौ दिनसम्म खड्ककालीका मन्दिरमा बलि दिनको लागि कुभिण्डो पुऱ्याउनु पर्ने भएकोले उनीहरुलाई कुभिण्डे पनि भनिन्थ्यो । द्वारे/कुभिण्डेलाई राज्यले खान्कीको व्यवस्था पनि गरेको थियो ।

यी बाहेक कृषि क्षेत्रबाट प्राप्त हुने जिन्सी वस्तुको हिसाव गर्ने मुन्सी पद पनि तनहुँमा थियो भन्ने देखिएता पनि यस सम्बन्धी स्पष्ट हुने प्रमाण भेटिएको छैन । यस्तै तनहुँ राज्यमा सुब्बा पदका कर्मचारी पनि थिए । काजी शिवानन्द खनालका छोरा भवानन्द खनाल तनहुँ राजदरबारका सुब्बा थिए (आचार्य, २०६६, पृ.१२-२३) । यी विभिन्न भारदारहरुद्वारा सञ्चालित तनहुँ राज्यको प्रशासन विस्तृत र व्यवस्थित देखिन्छ ।

### ६.२.४ प्रशासनिक इकाईहरु

नेपालमा लिच्छवीकाल देखि मध्यकाल सम्म नै देशको प्रशासन सञ्चालन हुने मुख्य इकाई राजदरबार नै थियो । सामान्यतया राजदरबार भन्नाले राजा तथा राजपरिवार बस्ने घर भन्ने बुझिए पनि जनतासँग सम्बन्धित विषयमा कारवाही गर्ने प्रशासनिक केन्द्रको रुपमा पनि राजदरबार रहेको थियो । लिच्छवीकालको कैलाशकुट भवन, भद्राधिवास, मानगृह राजदरबार भए पनि चर्चित प्रशासनिक केन्द्र थिए । तत्कालीन समयमा अन्तरासन, परमासन जस्ता राजसभा र प्रमुख अधिकरण (भट्टा, अदालत) यिनै राजदरबारमा नै रहन्थे । मध्यकालको नेपाल मण्डलमा पनि त्रिपुर र युथुनियम राजदरबारहरुको निकै महत्व थियो । यी राजदरबारहरु भक्तपुरमा थिए (बैद्य र बज्राचार्य, २०५५, पृ.२५) ।

उत्तरमध्यकालमा पनि राजदरबार नै प्रशासनिक भवनको रुपमा रहेको पाइन्छ । पाल्पा, तनहुँ, पर्वत आदि राज्यहरुको राजदरबार गृष्मकालीन र शितकालीन गरी दुई ठाउँमा रहेको थियो । तनहुँ राज्यको गृष्मकालीन राजदरबार तनहुँसुर र शितकालीन राजदरबार देवघाट थिए । यी दरबारहरुबाट राज्य प्रशासनका महत्वपुर्ण कार्य हुने कुरा तत्कालीन समयमा लेखिएको चिठीपत्रहरुबाट थाहा हुन्छ । राजा हरकुमारदत्त सेनले बन्दिपुरबाट पनि लेखेका पत्रहरु भेटिएकाले बन्दीपुरमा पनि राजाले प्रशासनिक कार्य गरेर बस्नका लागि राजभवन थियो भन्ने बुझिन्छ । तनहुँसुर दरबारभन्दा ३०० मीटर जति तल सेन राजाहरुले निर्माण गरेको ऐतिहासिक चौतारा छ । चौतारामा दुई फिट जति अग्लो पाटे ढुङ्गा राखिएको छ । त्यस ढुङ्गालाई राजा बस्ने गद्दि भनिएकोले त्यस चौतारालाई 'गद्दिचौतारा' भनिन्छ (तस्वीर-३) । यसै चौतारामा बसेर सेनकालीन राजाहरुले जनताको गुनासो, पिर मर्का सुन्ने जनताले अपनाउनु पर्ने विभिन्न नीति नियमहरु र महत्वपूर्ण मुद्दाहरुको फैसला सुनाउँदथे भन्ने जनश्रुती पाइन्छ ।

तनहुँ राज्य अन्तर्गत पहाडी खण्ड, चितवन क्षेत्र (हाल राप्ती प्रदेश) र चितवनको सोमेश्वर पहाडदेखि दक्षिण तर्फको तराई भूभाग चम्पारन र राजपुर पनि पर्दथ्यो । तनहुँ राज्यको प्रशासनमा विभाजन गरी केन्द्रीय र स्थानीय प्रशासन भनि छुट्याइएको भेटिएको छैन । तर राज्यलाई विभिन्न

जिल्लामा भने विभाजन गरेको देखिन्छ । पहाड तर्फ जिल्ला, मौजा र गाउँमा विभाजन गरिएको थियो भने तराइतर्फको जिल्लामा तप्पा, प्रगन्नामा विभाजन गरिएका थिए (घिमिरे, २०४५, पृ.८१) । पहाड खण्डका मौजालाई पनि विभिन्न थुममा विभाजन गरिएको हुन्थ्यो । थुम भनेको चौबीसी राज्यहरुको प्रचलित एक प्रशासनिक इकाई थियो । तनहुँ राज्यमा पनि धेरै थुमहरु थिए । एउटा थुमभित्र धेरै मौजा (१०-१२) सम्म हुन्थे । थुम हेर्ने एक महामुखिया तोकिएका हुन्थे । त्यसैगरी प्रत्येक मौजामा एक जना मुखियामा रहन्थे । प्रत्येक मौजाहरुमा मुखिया जिम्मावाल जस्ता तालुकदार नियुक्त गरिएका हुन्थे । उनीहरुको काम आफ्नो इलाकाका वासिन्दाहरुबाट कर उठाएर राज्यमा बुझाउने, झाराबाट बाटो, घाटो, कुलो कुलेसो, पाटी, पँधेरो बनाउन लगाउने, सानो तिनो मुद्दा मामिला हेर्ने, स्थानीय क्षेत्रमा शान्ती सुरक्षा कायम गर्ने थियो । प्रत्येक मौजामा तल्लो तहको अधिकारी कटुवाल रहन्थे (आचार्य, २०२६, पृ.६५२) । कटुवालको काम भनेको सरकारी उर्दी कराउँदै जनसमुदायलाई सुनाउने हुन्थ्यो ।

पाल्पा राल्यमा जस्तै तनहुँमा पनि गाउँको स्थानीय समस्याहरुको छलफल गरी समाधान गर्नका लागि पञ्चहरुको गठन हुने र गाउँको समस्याको समाधानको लागि पञ्चायत बस्ने गरेको भने देखिन्छ ।

### ६.२.५ न्याय व्यवस्था

न्याय तर्फको सर्वोच्च शक्ति राजामा नै निहित हुन्थ्यो । पाल्पा र गोरखामा जस्तो तनहुँमा थरघर रहेको चर्चा कतै पाइँदैन । गोरखामा पाण्डे, पन्त, बोहेरा, खनाल, राना र अर्याल थरका भारदारलाई थरघर भनिन्थ्यो (नरहरिनाथ, २०५५, पृ.५६५) । पाल्पामा भने भट्टराई, रेग्मी, खनाल, नेपाल, ज्ञवाली र थापा (मगर) लाई थरघर भनिएको पाइन्छ । पाल्पामा न्यायाधीशको रुपमा 'दिशाली' भन्ने अधिकारी रहन्थे (घिमिरे, २०४५, पृ.८०) । उता मकवानपुरमा न्याय प्रशासन हेर्ने केन्द्रीय तहका प्रमुख विचारी थिए (दास, २०६८, पृ.७०) । विचारीको मातहतमा सुब्बाले न्याय सम्बन्धी छिनोफानो गर्दथे । तनहुँमा भने न्याय प्रमुखमा विचारी, डिठ्ठा भए पनि स्रोत खुल्ने कुनै कागज पत्र भेटिएको छैन । स्थानीय तहका मुखिया वा तालुकदारहरुले आफ्ना मौजा वा थुममा भएका मुद्दा मामिलाहरु हेर्दथे । साना तिना मुद्दाहरुको फैसला गर्दथे । स्थानीय तहमा भएको मुद्दाको फैसलाबाट वादी प्रतिवादी मध्ये कुनै एकलाई चित्त नबुझेमा उक्त मुद्दा राजाको हजुरमा जाहेरी हुने र राजाले उक्त मुद्दाको प्रकृति हेरेर निर्णय गर्ने गर्दथे । धर्ममा आस्था राख्ने तत्कालीन समाजमा राजाले धर्मको आडमा पीडितलाई न्याय दिने हिसाबबाट मुद्दाको फैसला गर्दथे । पृथ्वीनारायण शाहले मिताछराको पुस्तक अध्ययन गर्न खोज्दा गोरखामा भेटिएन । न्याय सम्बन्धी लेखिएका उक्त पुस्तक तनहुँबाट झिकाएर पृथ्वीनारायण शाहले श्रवण गरेका थिए भन्ने पाइन्छ । तनहुँमा रहेको उक्त पुस्तकको आधारमा त्यहाँका राजाले जनतालाई विना भेद्भाव न्याय गर्दथे भन्ने देखाउँदछ ।

### ६.२.६ सैनिक व्यवस्था

लिच्छवीकालदेखि नै आफ्नो राज्यलाई बचाउन र साम्राज्य विस्तार गर्नाका लागि राजाहरुले पैदल सेना मात्र हैन घोडचढि सेना र हात्ती सेनाको पनि विकास गरेको कुरा इतिहासको अध्ययनबाट

थाहा हुन्छ । राजा मानदेवले पश्चिम मल्लपुरीका सामन्तको विद्रोह दवाउन सैनिक अभियानमा घोडचढी र हात्ती चढी सेनाहरु पनि सरिक गरेका थिए भन्ने उल्लेख पाइन्छ (वैद्य, १९८१, पृ. ३५-४२) ।

मध्यकालमा सङ्गठित राज्यहरु विभाजन भएर विभिन्न स-साना राज्यहरुको रुपमा उदय भयो । हरेक राज्यले आफ्नो राज्यलाई बाह्य आक्रमणबाट बचाउन र राज्य भित्र शान्ती सुव्यवस्था कायम गर्न सीमित सेनाहरु राख्न थाले । साथै राज्यलाई आवश्यकता परेको वखतमा सम्पूर्ण जनसमुदायलाई सहभागीता गराउने स्थिति प्रत्येक राज्यले बसाले । तत्कालीन समयमा सैनिकीकरण भन्दा पनि जनसहभागिताको आधारबाट देशको रक्षा गर्ने परिपार्टी रहेको थियो (शर्मा, बैद्य र मानन्धर, २०४९, पृ.४) । त्यस समयमा राज्यले युद्धको घोषणा गरेपछि प्रत्येक घरधुरीको एक जना वयस्क नागरिकले आफ्नो घरमै भएको हातहतियार लिएर युद्ध क्षेत्रमा जानुपर्ने चलन प्रायः सबै जसो राज्यहरुमा थियो (भण्डारी, २०३८ (क), पृ.१-२०) । वर्तमान समयमा जनगणना गरेर तथ्याङ्क निकाले जस्तै त्यस समय राज्यको घरधुरीको गणना हुन्थ्यो । प्रत्येक राज्यलाई घरधूरीको सङ्ख्याबाट पुकारीन्थ्यो । बाह्र हजार गोरखा, २४ हजार पाल्पा (कही स्रोतमा भने पाल्पालाई २६ हजार घरधुरी भनिएको छ (घिमिरे, २०४५, पृ.८९) । त्यसैगरी आठ हजार लमजुङ, १२ हजार तनहुँ, १४ हजार प्यूठान, ८ हजार पर्वत, २ हजार घिरिङ, ६०० रिसिङ आदि त्यस समय राज्यहरुको घरधुरी सङ्ख्या रहेको पाइन्छ (स्टिलर, १९९५, पृ. ७१) । राज्यले धुरीको एकजनालाई बोलाएको सङ्ख्याले नपुगेमा गोरखा राज्यले गरे जस्तै अन्य राज्यले पनि उमेरको आधारमा १२ वर्ष देखि ६० वर्षसम्मको व्यक्तिलाई राज्यलाई सहयोग गर्न उर्दी जारी गर्दथ्यो । गोरखाका राजा पृथ्वीपति शाहको राज्य कालमा लमजुङमा केहरीनारायण शाह राजा थिए । त्यस समय लमजुङले गोरखाको लिगलिग, लकाङ, भिर्कोट, धुँवाकोट, धौराली आदि ठाउँमा कब्जा गरे । पृथ्वीपति शाहले आफ्ना ती क्षेत्रहरु फर्काउन् ९ वर्षमा एघारपटक लमजुङसँग लडाई गर्दा पनि सफल भएनन् । पछि बाध्य भएर राज्य भित्रका १२ वर्ष देखि ८० वर्ष सम्मका मानिसहरुलाई एकत्रित पारेर उक्त ठाउँबाट लमजुङेहरुलाई धपाउन सफल भएको उदाहरण पाइन्छ (पन्त, २०४१, पृ.१५९) । त्यस्तै काठमाडौं उपत्यकाका तीन वटा राज्य कान्तिपुर, भक्तपुर र ललितपुरबीच बारम्बार युद्ध भइनै रहन्थ्यो । कतिपय अवस्थामा जनताले नै आफ्नो राज्यलाई  बचाउन अर्को राज्यको आक्रमणकारीलाई धपाएको घटना पनि इतिहासमा पाइन्छ । जस्तै : ललितपुरका राजा सिद्धिनरसिंह मल्लले वि.सं. १७९३ मा आफ्नो दरबार नजिकै ढुंगै ढुंगाबाट कृष्ण मन्दिर बनाए । मन्दिर बनाइसकेपछि कोटी होम गरिरहेको समयमा कान्तीपुरले आक्रमण गऱ्यो । त्यतिबेला कान्तिपुरमा लक्ष्मीनरसिंह मल्ल राजा थिए । उनका छोरा यूवराज प्रताप मल्लले ललितपुरमा उक्त आक्रमण गरेका थिए । कान्तिपुरको उक्त आक्रमणलाई ललितपुरका जनताहरु एकजुट भएर विफल पारिदिएका थिए ।

माथि नै उल्लेख भइसकेको छ कि तत्कालीन समयमा प्रत्येक राज्यले आत्मरक्षाको लागि सैनिक राख्नु अति आवश्यक थियो । राष्ट्र दरिलो पार्न मजबुत सैन्य शक्ति हुनु जरुरी थियो । रामशाह राजा हुँदादेखि नै गोरखामा सैनिक सङ्गठनमा विकास भएको देखिन्छ । उनले खस क्षेत्री सरह

मगरहरुलाई पनि उच्च पदमा राख्न थालेका थिए । खस-मगरहरुको संयोगबाट गोरखामा सैन्यदलको विजारोपण भएको थियो । त्यस समयमा तनहुँमा पनि खस-मगरहरुको सैन्यदल गठन भएको बुझिन्छ। किनभने रामशाहको शासनकालका अन्तिम समयतिर अर्थात् वि.सं. १६९३ तिर तनहुँका राजा तुला सेनले आफ्नो सैन्य दल पठाएर गोरखामा आक्रमण गरेका थिए । यस आक्रमणमा गोरखाली सेनाले तनहुँको सेनालाई पराजित गरी लखेट्दै तनहुँको राजधानी सुरसम्म पुऱ्याए । आफ्नो राजधानीलाई सुरक्षित राख्न सम्भव नदेखेपछि राजा तुला सेन राज्य छाडेर रिसिङ भागे । गोरखाली सेनाले तनहुँको राजधानीमा लुटपाट गरेर फर्किए यस सम्बन्धी चर्चा यस अगाडिको अध्यायमा गरी सकिएको छ ।

यस घटनालाई हेर्दा तनहुँ राज्यको स्थापना कालदेखि नै त्यहाँको सैनिक व्यवस्था कमजोर रहेको पाइन्छ । तनहुँ भन्दा पछि स्थापना भएको गोरखाले शैन्य शक्तिमा प्रगति गरे पनि तनहुँले त्यसतर्फ त्यति ध्यान दिएको देखिँदैन । त्यसैले त आफ्नो राज्यको भूभाग गोरखाले मिच्दा पनि तनहुँको कुनै प्रतिक्रिया आएको थिएन । हम्बीर सेन राजा हुँदा लमजुङले तनहुँको सीमानामा आक्रमण गरी दुःख दिन थालेपछि उनले लमजुङबाट बच्न गारखाका राजा पूर्ण शाहलाई हात्ति दाइजो दिएर गोरखाको समर्थन लिएका थिए । यस सम्बन्धित चर्चा अघिल्लो अध्यायमा भइसकेको छ । हुन त काठमाडौं उपत्यकाका तीन मल्ल राज्यहरु बीचमा परस्पर युद्ध भइरहँदा उपत्यका बाहिरका राज्यहरु गोरखा, लमजुङ, तनहुँले कुनै एउटा राज्यको पक्षमा सैन्य सहयोग गरी बिजय गराएर त्यस राज्यबाट आर्थिक लाभ लिने गरेको उदाहरण यस अघि चर्चा गरियो । त्यस्तै तनहुँको तराई भूभागमा रहेको १५ तप्पा जमिनको रक्षा पनि तनहुँका सेनापति रणवंजन थापा र सेनापति दलमर्दन थापाले गरेको चर्चा पनि यस अघि भइसक्यो । यी उदाहरणहरुले तनहुँमा सैन्य व्यवस्था थियो भन्ने देखाउँदछ । तत्कालीन समयमा हरेक राज्यले आफ्नो अस्तित्वको लागि सैन्य व्यवस्था कायम गर्नु आवश्यक पनि थियो । निष्कर्षमा के भन्न सकिन्छ भने तनहुँ राज्यमा सैनिक व्यवस्था थियो तर  त्यसलाई संगठित र व्यवस्थित पार्न सकिएको थिएन ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्न सुरु गर्नुभन्दा अगाडि बाइसी चौबीसी राज्यहरु विभिन्न गुटमा आवद्ध थिए । वलिया र ठूला राज्यले साना र कमजोर राज्यलाई दवाउने, मिच्ने, आफ्नो राज्यमा गाभ्ने 'मत्स्यन्याय' नीति लिन्थे । त्यसैले प्रत्येक राज्यहरु आफ्नो आत्मरक्षाको लागि शक्तिशाली राज्यसँग आवद्ध हुन आवश्यक थियो । हुन त पारिवारिक सम्बन्ध, वैवाहिक सम्बन्धहरुले पनि राज्यहरु एक आपसमा संगठित हुन्थे । तर राजनैतिक सम्बन्धको अगाडि अन्य सम्बन्धहरु गौण नै मानिथ्यो । हेमिल्टनले यी राज्यहरुलाई सिद्धान्तको आधारमा ५ समूहमा विभाजन गरेका छन् (ह्यामिल्टन, १९९७, पृ. २३९) । १) लमजुङको नेतृत्वमा तनहुँ, लमजुङ र कास्कीको एउटा गुट थियो ।  तर लमजुङलाई जानकारी नदिई तनहुँले ढोरलाई र कास्कीले सतहुँ राज्यलाई आफ्नो प्रभावमा राख्दथे । २) भिरकोटको नृतृत्वमा-गरहुँ,, पैंयू र नुवाकोट राज्यहरु थिए । ३) पाल्पा राज्यको नेतृत्वमा पाल्पा जाजरकोट, रिसिङ, घिरिङ, अर्घाखाँची र गुल्मी आवद्ध थिए । ४) मलेवम (पर्वत) र गल्कोटको छुट्टै सङ्गठन थियो । ५) प्यूठान पनि मुसिकोट, इश्मा र साना राज्यहरु खुंग्री र भिङ्गी राज्यसँग गठबन्धित थियो । हेमिल्टनको अनुसार सङ्गठनको नेतृत्व गर्ने राज्य शक्तिशाली हुन्थ्यो भन्ने बुझिन्छ । तर तनहुँ राज्य लमजुङ राज्यको गठबन्धनमा आवद्ध

भएतापनि ढोरसँग छुट्टै सम्बन्ध भएबाट गठबन्धन भएको राज्यसँग नै बाँधिइ रहनुपर्ने बाध्यता भने देखिँदैन । तत्कालीन समयमा यस्ता सम्झौता, सन्धिहरु भइनै रहन्थे । आर्थिक वा राजनैतिक फाइदा हुने देखे पछि राज्यहरु एउटा भएको गठबन्धनलाई छाडेर अर्को गठनबन्धनमा सहजै सरिक हुन्थे । त्यस समयमा गरिएका कतिपय सन्धिहरु त त्यसको मसि पनि नसुक्दै त्यसमा लेखिएका सर्तहरु तोडिन्थे (बैद्य र बज्राचार्य, २०५५, पृ.२५-२६) । त्यति बेला प्रायः रक्षात्मक सन्धि हुन्थे । जुन सन्धि 'एकानी शत्रु एकानी भित्रको' अवधारणामा आधारित रहेको पाइन्छ ।

तनहुँ राज्यमा तराई र भित्री मधेशका भूभागहरु भएको र यसको मार्ग हुँदै व्यापार पनि चल्ने भएकोले तनहुँ राज्यको आयस्रोत राम्रो थियो (थापा, तिमिल्सिना र दाहाल, २०५४, पृ.२२) । देवघाट देखि पूर्वतर्फको महाभारत श्रृंखलामा पर्ने 'उपरदाङ्गगढी' सुरक्षा र व्यापारिक दृष्टिबाट महत्वपूर्ण स्थान थियो । गोरखा, धादिङ हुँदै मधेशतिर जाने र मधेशबाट ठोरी, भुवानी हुँदै पहाड प्रवेश गर्ने मुख्य गौडाको रुपमा यो गढी रहेको थियो । गोरखा राज्यमा व्यापारिक मार्ग पनि नभएको र पहाडी भूभाग मात्र रहेकोले तनहुँ र लमजुङको तुलनामा गोरखाको आर्थिक अवस्था कमजोर थियो । तर पनि गोरखाली जनताको जस्तो राजा र राज्य प्रतिको उत्तरदायित्व अन्य राज्यका जनताहरुमा रहेको पाइँदैन । उदाहरणका लागि गोरखाका राजा नरभूपाल शाहको समयमा तनहुँ, लमजुङ र अन्य चौबीसी राज्यहरु मिलेर गोरखाको च्याङ्गलीन लगायत गाउँहरुमा आक्रमण गरे । उक्त क्षेत्रका बासिन्दाहरुले राजालाई खबर नदिइकन एकजुट भएर आक्रमणकारीहरुलाई धपाए । पछि राजाले यो खबर पाएर खुशी भई जनतालाई बक्सीस दिए । तर राजालाई खबर नगरिकन स्वविवेकले युद्ध लडेकोमा जनतासँग जरिवाना पनि लिएको घटनालाई लिन सकिन्छ (पन्त, २०४१, पृ. २५८) । एकीकरण अभियानमा गोरखा सफल हुनु पछाडि जनताको पूर्ण समर्थन र सहभागितालाई लिनु पर्ने हुन्छ ।

तनहुँ राज्यमा सैनिक सङ्ख्या किटान भएको कुनै आधिकारीक प्रमाण प्राप्त नभएकोले यसै हो भन्न सकिने अवस्था छैन । राजा त्रिविक्रम सेनको शासनकालमा नै पृथ्वीनारायण शाहले उपत्यका विजय गरिसकेका थिए । अब उनको ध्यान पश्चिमका छिमेकी राज्यतिर गएको राजा त्रिविक्रम सेनले बुझेका थिए । गोरखाको आक्रमणबाट आफ्नो राज्यलाई बचाउनका लागि युद्धका हातहतियार बनाउनुका साथै सैनिक शक्ति सुदृढ पार्नु आवश्यक थियो । त्यसैले यी राजाले प्रशस्त हातहतियार बनाउन लगाएको बुझिन्छ । दरबारभन्दा ४००-५०० मीटर तल रहेको सिलखाना (हातहतियार र बारुद राख्ने ठाउँ) मा पछि सम्म पनि खरले छाएको राम्रो घरभित्र २०० जति तरवारहरु (खिया लागेका), केही खुँडा, दुवैतिर धार भएको खड्क आदि काठको खाटमाथि राखिएको अवस्थामा थियो भन्ने स्थानीयबासीको भनाइ छ (श्रेष्ठ, अन्तर्वार्ता, वि.सं.२०७३।१२।३०) । हाल सिलखाना भत्केर भग्नावशेषमा परिणत भइसकेको छ । ती हातहतियारहरु केही पनि बाँकी देखिँदैन । त्यसै गरी तनहुँ दरबार परिसरमा रहेका विभिन्न ढाँचाका तोपहरु सेनकालीन युद्धका हातहतियारहरु हुन भनिन्छ । यसका आधारमा तनहुँ राज्यमा प्रशस्त हातहतियारहरु बनाइएको र स्थायी सैनिक सङ्गठन गरिएको देख्न सकिन्छ । तत्कालीन समयमा चौबीसी राज्यहरुमा सेनालाई स्वामी सेना र कुरुवा सेना भनिन्थ्यो (बैद्य र मानन्धर, २०५३, पृ.८५) । गौडा-गौडा, किल्ला वा गढीमा चौबिसै घण्टा सिपाहीहरुले सुरक्षा

गर्नुपर्ने भएकोले उनीहरुलाई कुरुवा फौज भनिएको हो । कुरुवा फौजको प्रमुखलाई उमराव भनिन्थ्यो (रेग्मी, १९८८, पृ. ९५-९८) । तनहुँमा पनि उपरदाङ्गगढी, सोमेश्वरगढी, कविलासपुरगढी जस्ता निकै प्रसिद्ध गढीहरु रहेकाले र राजधानीलाई सुरक्षा दिन सातवटा स-साना गढीहरु रहेकाले तनहुँमा कुरुवा सैनिकहरु रहन्थे भन्ने देखाउँछ तर तनहुँमा रहेको उमराव पद र उसले गर्ने कार्य सम्बन्धी कुनै प्रमाण भेटिएको छैन ।

तनहुँसुर दरबारको उत्तरतर्फ सैनिकलाई अभ्यास गराउने टुँडिखेल रहेको छ । त्यसको एक छेउमा ढुंगै ढुङ्गाले चिठेर बनाएको अग्लो स्तम्भ छ । त्यसलाई स्थानीय बासीहरु ताराघर भन्दछन् (तस्वीर-४) । टुँडिको अर्थ धनुषवाण राख्ने ठोक्रो र खेलको अर्थ चौर भन्ने हुनाले धनुषवाण हान्न सिकाउने चौरलाई टुँडिखेल भनिने बुझिन्छ (शर्मा, वैद्य र मानन्धर, २०४९, पृ.३६) । पछि बन्दुक प्रयोग हुन थालेपछि भने धनुषवाणको सट्टा टुँडिखेलमा सैनिकहरुलाई बन्दुकको अभ्यास गराउन थालिएको बुझिन्छ । यसबाट तनहुँमा स्थायी रुपमा सैनिकहरु थिए र उनीहरुलाई नियमित रुपमा अभ्यास गराइन्थ्यो भन्ने देखाउँदछ तर घटनाक्रमले तनहुँमा व्यवस्थित सेना नभएको देखाउँदछ । केही वर्ष अघिसम्म खेती गरिने त्यस टुँडीखेलमा हाल बुट्यानहरु उम्रिएर झाडी भएको छ (स्थलगत अवलोकन, २०७३/६/३०) । यसबाट तनहुँसुरमा रहेका यस्ता सेनकालीन ऐतिहासिक स्थलहरुको उचित संरक्षण गनुपर्ने आवश्यकता देखिन्छ ।

राजा कामारीदत्त सेनले आत्महत्या गरेपछि उनका भाइ हरकुमारदत्त सेन, गोरखाको आश्रित राज्यको रुपमा तनहुँको राजा बने । यसपछि पश्चिमतिरको विजय अभियानमा गोरखाका सेनापती केहरसिंह बस्न्यातको नेतृत्वको फौजमा तनहुँका सेना पनि समावेश भएका थिए । गुहाकोटको युद्धमा भिरकोटको सेनालाई सहयोग गरेको आरोपमा तनहुँको ९६ जना सैनिकलाई केहरसिंह बस्न्यातले कटाई दिए । त्यस्तै गोरखाको सिद्वानचोकमा आक्रमण गर्दा चौबीसी राज्यको संयुक्त सैनिकहरुको नेतृत्व तनहुँका सेनापति गरुडध्वज पन्तले गरेका थिए । यसका साथै तनहुँमा तोप जस्ता हतियार रहेकाले पाल्पा, लमजुङ, गोरखा, पर्वत सरह सामरिक दृष्टिबाट तनहुं पनि बलियो राज्यको रुपमा देखिन्छ ।

### ६.२.७ हातहतियार

हाल प्राप्त सेनकालीन युद्धका हातहतियार, गोली, वारुद भण्डार गरेर राख्ने सिलखाना, राजदरबारलाई घेरेर रहेका सातवटा गढीहरुले तनहुं दरबारलाई बाह्य आक्रमणबाट सुरक्षित राख्न सहयोग गरेको देखिन्छ । सिलखानामा युद्धका सामग्रीहरु रहेको र राणा शासनसम्म पनि त्यहाँ पाले कम्पनीले दुई-दुई दिनमा पालो गरेर पहरा दिने गर्दथे । त्यस्तै दरबारको नजिक हाल महादेवको मन्दिर अगाडि विष्णुको मन्दिरसँगै कोतघर रहेको थियो । कोतघरमा बन्दुक, तोस्तान (गोली गट्टा, छुरी) जस्ता हतियारहरु थिए । सिलखानामा जस्तै कोतघर, खड्ककालिका मन्दिरमा पनि पालेकम्पनीले पहरा दिने गर्दथे (श्रेष्ठ, अन्तर्वार्ता, २०६९/१२/३१) । खड्ककालिका मन्दिरको माथिल्लो तलामा

साना र लामा ४ वटा तोप रहेका छन् (तस्वीर-५) । यसबाट तनहुँ राज्यमा प्रशस्त हातहतियारहरु निर्माण भएको र सामारिक दृष्टिले मजबुत रहेको स्पष्ट हुन्छ ।

दरबारको उत्तरपट्टिको खोचमा ठूलो तोप रहेको छ (तस्वीर-६) । यसमा कुनै अभिलेख अंकित नभएकोले कहिले र कसले बनाएको भन्ने थाहा हुँदैन । तर त्यस्तै ढाँचाको तोप गोरखा, पर्वत र लमजुङमा पनि पाइएकोले उक्त तोप सेन कालमा नै बनेको भन्न सकिन्छ । यो तोपको बाहिर पातापाता गाँसी तयार पारिएको छ । संरक्षणको अभावमा अलपत्र अवस्थामा रहेकोले तोपको अगाडिको भाग (टाउको) कसैले छुट्याएर फालिएको र पछि फेला पारेर खड्ककालिका मन्दिरमा रहेको अन्य साना तोपहरुसँगै राखिएको छ । तोपको अगाडिको भाग तामा ठानेर चोरेको तर किट भन्ने थाहा पाएपछि फालेको भन्ने पनि पाइन्छ (थापा, अन्तर्वार्ता, २०६९/३/४) । पहिला त्यही ठाउँमा दुईवटा उस्तै तोप थिए । एउटा उडेर केलादी घाटमा गएर बस्यो । अर्को पनि उडेर जान्छ भनेर कडा झिकेर राखिएको हो भन्ने किंवदन्ती त्यहाँका जनमानसमा छ । तोपलाई त्यहाँका स्थानीय जनताले गोला देउता भनेर पूजा गरिने हुनाले देउता उडेर गयो भनेर विश्वास गरिएको हुन सक्दछ । तोपमा ६ वटा कडा झुण्ड्याउने ठाउँ रहे पनि हाल दुईवटा कडा मात्र बाँकी छन् । अगाडिको भाग बाहेक तोपमा ३४ वटा पाताहरु जोडिएका छन् । तोपमा कुनै अभिलेख अंकित नभए पनि राजा त्रिविक्रम सेन द्वितीयको राज्यकालमा यस तोपको निर्माण भएको हो भनिन्छ (श्रेष्ठ, २०५९, पृ.१०४) । राजा त्रिविक्रम सेन तनहुँका सेन राजाहरुमा शक्तिशाली र महत्वकांक्षी राजा थिए । उनी पृथ्वीनारायण शाहलाई चुनौति दिइरहेका थिए । गोरखासँग हुन सम्भावित युद्धलाई लक्षित गरेर उनले तोप सहित अन्य हातहतियारबनाएको देखिन्छ ।

मध्यकालको प्रारम्भदेखि नै भारतमा युद्धमा तोपको प्रयोग भएको पाइएता पनि नेपालमा भने युद्धमा तोपको प्रयोग गरिएको कुनै अभिलेख भेटिएको छैन । भारतमा बाबरले वि.सं. १५८३ मा पानीपतको युद्धमा तोपको प्रयोग गरेका थिए । त्यसपछि भारतमा तोपको प्रयोग अन्य युद्धहरुमा पनि हुन थाल्यो (पन्त, २०४३, पृ.४३९) । नेपालमा भने लमजुङ राज्यमा पहिलो पटक तोपको निर्माण भएको देखिन्छ । लमजुङ दरबार कालिकास्थानको कोटमा रहेको दुईवटा तोप मध्ये एउटामा “श्री सम्वत् १५९८” लेखिएको पाइएको छ (बज्राचार्य र श्रेष्ठ, २०३४, पृ.२६-३२) । यसबाट लमजुङ राज्यमा पनि शाहवंशको शुरुवात भएको केही समयपछि नै तोप ढालेको देखिन्छ । गोरखा राज्यमा राजा पृथ्वीपति शाहको राज्यकालमा तोप बनाएको देखिन्छ । १७७१ (सक संवत १३३६) मा बनाएको तोपको अगाडि भागमा “चन्द्ररुपशाहस्य कृत्ति” भनि लेखिएको छ (बज्राचार्य र श्रेष्ठ, २०३७, पृ.३५) । यसबाट उक्त तोप पृथ्वीपति शाहका कान्छा छोरा चन्द्ररुप शाहले बनाउन लगाएको स्पष्ट हुन्छ । लमजुङमा तोप बनेको १७३ वर्षपछि गोरखामा तोपको निर्माण भएको देखिएकोले गोरखा भन्दा लमजुङ सामरिक शक्तिमा अगाडि रहेको बुझिन्छ ।

पर्वत राज्यको दक्षिणमा पर्ने थंथापमा पनि दुईवटा तोप छन् (श्रेष्ठ, २०५९, पृ.१०४) । तनहुँसुरमा रहेको तोपकै शैलीबाट निर्माण भएको यस तोपमा पनि कुनै अभिलेख अंकित छैन तर यो तोप राजा मलेवम मल्लको शासनकालमा निर्माण भएको भनाइ रहेको छ । यिनको शासनकाल

वि.सं. १७४३ देखि वि.सं. १७८९ सम्म रहेको छ (श्रेष्ठ, २०५९, पृ.११५) । यसबाट पर्वतमा तोप निर्माण भएपछि तनहुँमा उस्तै आकारको तोप निर्माण भएको देखिन्छ ।

तत्कालीन समयमा तोप जस्ता हतियारको निर्माण गर्नु भनेको निकै प्रतिष्ठाको कुरो मानिन्थ्यो । तनहुँको राजदरबारको पूर्वपट्टि केही तल एउटा ढुङ्गेधारा छ जसलाई कुडापानी भनिन्छ (तस्वीर-७) । यो धारा सेनराजाले बनाएको हो भनेर बुढापाकाहरु भन्दछन् । उक्त धारा नजिक गढी छ । गढी उक्लने पाखाभरी प्रशस्त किटका टुक्राहरु देखिन्छन् । यसले तोप जस्ता हतियारहरु तनहुँमा नै निर्माण गरिन्थे भन्ने देखाउँछ ।

राजा तुलासेनले भारतबाट आएका मुसलमानहरुलाई समजुर भन्ने गाउँमा बसोबास गर्न र व्यापार गर्न अनुमति दिएको कुरा यस अघि चर्चा भइसक्यो । सम्भवतः पर्वत, गोरखामा जस्तै तनहुँमा पनि ती मुसलमान कालीगढहरुले तोप लगायत हातहतियार बनाउने काम गर्दथे की भन्ने देखिन्छ ।

तत्कालीन समयमा युद्धमा प्रयोग हुने सामग्रीहरुमा धनुवाँण, ढाल, तरवार, खुँडा, खुकुरी, छुरी, कटारी, फर्सा, बर्छा, भाला, त्रिशुल, बन्दुक, तोप, गोला आदिको नाम उल्लेख गरेको पाइन्छ (वाँडा, बज्राचार्य (सम्पा.) २०१९, पृ.५५) । यस बाहेक पनि कैची, रण्डा, छिनो, धन, मुंग्रो, चिम्टा, सिक्री, खन्ती आदि उपकरणहरु पनि युद्धमा प्रयोग हुने हुन्थे (घिमिरे, २०४५, पृ.८६) । गोरखा, पाल्पा, पर्वत लगायत तनहुँका सैनिकहरुले पनि युद्धमा यस्ता औजारहरुको प्रयोग गर्दथे भन्न सकिन्छ। तनहुँमा अड्डा रहँदासम्म सिलखाना, कोटघरमा यस्ता हातहतियार थिए (श्रेष्ठ, अन्तर्वार्ता, २०६९।१२।३१) । तर हाल माथि उल्लेखित तोपहरु बाहेक अन्य हातहतियारहरु भेटिँदैन । संरक्षणको अभावमा यस्ता ऐतिहासिक सामग्रीहरु लोप हुन गएको हो ।

## ६.३ प्रशासनिक इकाईको रुपमा तनहुँको प्रशासनिक व्यवस्था (वि.सं. १८३९-१९०३)

तनहुँ राज्य नेपाल अधिराज्यमा गाभिए पछि केन्द्र (काठमाडौं) बाट नै त्यहाँको प्रशासन संचालन हुन थाल्यो । त्यहाँको स्थानीय प्रशासन चलाउनको लागि सेन राजा कै भारदारहरुलाई स्थानीय पदाधिकारीको रुपमा नियुक्त गरेको पाइन्छ । त्यस्ता पदाधिकारी अमाली, जिम्मावाल, मुखिया, जेठाबुढा, थरी, द्वारे आदि थिए ।

### ६.३.१ प्रशासनिक विभाजन

पृथ्वीनारायण शाहले नुवाकोट विजय (वि.सं. १८०१) देखि मृत्यु (वि.सं. १८३१) नभएसम्म नेपालको धेरै भूभागहरु विजय गरेर नेपाल अधिराज्यमा मिलाए । उनले वि.सं. १८२७ चैत्रमा काठमाडौंलाई राजधानी बनाए पछि विजय गरिएका भूभागमा राज्य सञ्चालनका लागि प्रशासनिक विभाजन गरेको थिए । उनले बिजय गरेको भूभागमा सहज रुपमा प्रशासन चलाउनका लागि प्रशासनिक विभाजन गरे । काठमाडौंलाई केन्द्र, राजधानी वा उपत्यका मानेर प्रशासनिक हिसाबबाट

पूर्वतर्फ पर्ने क्षेत्रलाई पूर्वी नेपाल र पश्चिमतिरको क्षेत्रलाई पश्चिम नेपाल भनिन थालियो (पंगेनी, २०६४, पृ.४) । त्यतिबेला गरिएको प्रशासनिक विभाजन अनुसार काठमाडौं उपत्यका क्षेत्र अन्तर्गत कान्तिपुर, भक्तपुर र ललितपुर तिन जिल्ला, पश्चिमी क्षेत्र अन्तर्गत गोरखा, सल्यान र धादिङ, नुवाकोट, लामिडाँडा गरी चार जिल्ला, पूर्वीक्षेत्र अन्तर्गत सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, माझ किरात, पल्लो किरात, मकवानपुर तराई, चौदण्डी तराई (अम्बरपुर) विजयपुर तराई गरी आठ जिल्लामा विभाजन गरिएको थियो । यस विभाजन अनुसार पृथ्वीनारायण शाहले नेपाल अधिराज्यलाई १५ जिल्लामा विभाजन गरेका थिए (रेग्मी, २०५४, पृ.२०६) । तर केही लेखकका अनुसार प्रशासनिक विभाजन गर्दा काठमाडौं उपत्यकालाई राजधानी क्षेत्र र अन्यलाई विस्तृत क्षेत्रहरु (जिल्ला) गरी जम्मा १३ जिल्लामा विभाजन गरेको उल्लेख गरेका छन् । जसमा राजधानी क्षेत्र (जिल्ला) बाहेक गोरखा, सल्यान (धादिङ सहित), नुवाकोट, लामीडाँडा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, माझकिरात, पल्लोकिराँत, मकवानपुर (तलहट्टी सहित), चौदण्डी (अम्बरपुरको तलहट्टी समेत) र बिजयपुरको तलहट्टी रहेको मानिन्छ । ती प्रत्येक जिल्लामा एक-एक जना प्रशासक अधिकारीहरु रहने व्यवस्था गरिएको थियो (आचार्य, २०२६, पृ.६६८-६६९) । उनले यसरी प्रशासनिक विभाजन गर्दा गोरखाको पश्चिममा पर्ने तनहुँ, लमजुङ, पाल्पा पर्वत लगायत चौबीसी राज्यहरु स्वतन्त्र अवस्थामा नै थिए । पृथ्वीनारायण शाहको मृत्युपछि उनका छोरा प्रतापसिंह शाहको छोटो राज्यकालमा तनहुँ राज्यको भूभाग चितवन गोरखाली सेनाले नेपाल अधिराज्यमा मिलाए । चितवन अन्तर्गत तनहुँका महत्वपूर्ण गढीहरु सोमेश्वर गढी, कपिलासपुर गढी र उपरदाङ गढी पर्दथ्यो । राज्यको सुरक्षाको हिसावले यी गढीहरु महत्वपुर्ण थिए । उब्जनीको हिसाबले र व्यापारिक दृष्टिकोणले चितवन महत्वपूर्ण थियो । चितवन नेपाल अधिराज्यमा गाभिएपछि तनहुँ राज्यमा पहाडी भूभाग मात्र बाँकी रह्यो । त्यही सीमित राज्य पनि प्रतापसिंह शाहको मृत्युपछि नाबालक छोरा रणबहादुर शाहको नायवी राजेन्द्रलक्ष्मीले नेपाल अधिराज्यमा एकीकरण गरिन् ।

वि.सं. १८३९ कार्तिकमा गोरखाली सेनाले लमजुङ राज्य विजय गरेपछि त्यही राज्यमा अतिथि बनेर बसेका तनहुँका राजा हरकुमारदत्त सेनले राजा विरमर्दन शाहलाई साथै लिएर आफ्नो जमिन्दारी रहेको भारतको रामनगर पुगे । एकीकरणपछि लमजुङको सबै जिम्मेवारी चौतरिया दलमर्दन शाहलाई दिइएको थियो । उनलाई सहयोग गर्नका लागि काजी जीव शाहलाई खटाइएको थियो । सरदार पारथ भण्डारीलाई भने त्यस भेकको आन्तरिक प्रशासन हेर्ने जिम्मेवारी दिइएको थियो भन्ने पाइन्छ (अधिकारी, २०६९, पृ.१२५-१२६) । लमजुङमा दलमर्दन शाहलाई पठाएको जस्तै तनहुँमा छुट्टै प्रशासनिक अधिकार दिएर कुनै उच्च अधिकारीलाई पठाएको प्रमाण भेटिएको छैन । सरदार पारथ भण्डारीलाई त्यस भेकको आन्तरिक प्रशासन हेर्ने जिम्मा दिइएको थियो भन्ने कुरालाई प्रमाणित गर्ने आधार छैन । तर अठारौं शताब्दीको अन्त्यतिर कास्की, लमजुङ, तनहुँ र स्याञ्जा सहितका क्षेत्रहरुमा दामोदर पाण्डेको प्रशासनिक तथा सैनिक नेतृत्व रहेका उल्लेख पाइन्छ (श्रेष्ठ, १९८९, पृ. १८२-१८४) । स्थानीय प्रशासन चलाउन भने राजाका समयका पुराना स्थानीय भारदारहरुलाई नियुक्त गरिएको देखिन्छ ।

अंग्रेज विद्वान विलियम कर्कप्याट्रिकले नेपालको गण्डकदेखि टिष्टा सम्मको तराई भूभागलाई पाँच जिल्लामा विभाजन भएको उल्लेख गरेका छन् (कर्कपेट्रिक, १९६९, पृ. ४०-४१) । उनको भनाइअनुसार तराईका जिल्लाहरुमा - सप्तरी, महोत्तरी, रौटहट, बारा र पर्सा पर्दथे । प्रत्येक जिल्लालाई एक एक जना सुब्बाको अधिनमा राखेर २७ वटा प्रगन्नामा विभाजन गरेर प्रशासन चलाएको थियो । त्यतिबेला नेपालको पश्चिमी पहाडमा बहादुर शाहको विजयी अभियान तिव्र रुपमा अगाडि बढिरहेको हुनाले भौगोलिक सिमामा स्थिरता थिएन । त्यसैले हुन सक्दछ उनले त्यतातिरको प्रशासनको उल्लेख गरेका छैनन् । त्यस्तै नेपाल-अंग्रेज युद्धताका तयार पारिएको एउटा प्रतिवेदनमा नेपालको पहाडी क्षेत्रमा काठमाडौं उपत्यका लगायत ३९ जिल्ला (उप-जिल्ला) मा विभाजन भएको कुरा उल्लेख छ (भट्टराई, २०६४, पृ.६७) । यस प्रतिवेदनमा तराईको भूभागलाई समेटेको देखिँदैन ।

पृथ्वीनारायण शाहले प्रारम्भ गरेको नेपालको विजय अभियान नेपाल-अंग्रेजयुद्ध हुँदा सम्म पनि जारी नै थियो । एकीकरण अभियानले पूर्ण विराम नपाइरहेको अवस्थामा नेपालको वास्तविक भौगोलिक क्षेत्रफल स्थिर थिएन । यहि अस्थिरताले गर्दा प्रशासनिक विभाजनमा एकरुपता नहुनु स्वाभाविक नै थियो । नेपाल अंग्रेज युद्धपछि वि.सं १८७२ को सुगौली सन्धिले नेपालको भौगोलिक सिमाङ्कन गरिदियो । नेपालको सीमाना पूर्व मेचीदेखि पश्चिम महाकाली सम्म कायम रह्यो । त्यसपछि गरिएको प्रशासनिक विभाजन अनुसार नेपालको पहाडी क्षेत्रतर्फ पाँचवटा र तराई क्षेत्रतर्फ पाँचवटा गरी जम्मा १० वटा जिल्लाको अस्तित्व रहन गयो । यस बाहेक केन्द्र (काठमाडौं उपत्यका र त्यसको आसपास) को छुट्टै स्थान थियो (बैद्य र मानन्धर, २०५३, पृ.४३) । तराईको पाँच जिल्लाहरुमा - बारा, पर्सा, सप्तरी, महोत्तरी र रौटहट थिए । यी जिल्लाहरु शाहकालभरी नै यथावत रहे । पहाडतर्फको पाँच जिल्लाहरुमा, पूर्वी पहाड तर्फको धनकुटा र चैनपुर दुई वटा जिल्ला र पश्चिमी पहाडतर्फ डोटी, पोखरा र पाल्पा ३ वटा जिल्ला गरी जम्मा पाँच वटा जिल्लामा विभाजित थिए । यहाँ पूर्वी पहाडका जिल्लाहरु भन्दा पनि पश्चिमी पहाडका जिल्लाहरुको चर्चा गरिएको छ । पश्चिमी पहाडको तीन जिल्लाहरुमा पहिलो महाकाली र भेरी नदी बीचको क्षेत्रलाई एउटा जिल्ला कायम गरेर त्यसको प्रशासनिक केन्द्र डोटी राखिएको थियो । दोश्रो भेरी नदी देखि पूर्व केन्द्रीय प्रशासन सम्मको जिल्ला कायम गरी त्यसको प्रशासनिक केन्द्र पोखरा रहेको थियो भने तेश्रो दक्षिण-पश्चिम क्षेत्रको सम्पूर्ण भूभागको केन्द्र पाल्पा राखिएको थियो (बैद्य र मानन्धर, २०५३, पृ.४३) । तनहुँको केन्द्र पोखरा थियो । भेरी नदीदेखि केन्द्रसम्मको भूभागलाई एउटा जिल्ला मान्दा तनहुँ पनि त्यस अन्तर्गत पर्न गएको हो । तत्कालीन नेपालमा केन्द्रीय र स्थानीय प्रशासन छुट्याइएको हुन्थ्यो । स्थानीय प्रशासन पनि पहाड र तराईमा फरक फरक थियो । पहाडमा स्थानीय प्रशासन सञ्चालन गर्न वा राजश्व सङ्कलन गर्न सहयोग होस् भनेर गाउँ इलाकालाई दरा वा गर्खा, थुम र मौजामा विभाजन गरिएको हुन्थ्यो । तनहुँमा दरा वा गर्खा नभई थुम र गाउँमा विभाजन गरिएको पाइन्छ । सन् १८९७ मा लेखिएको हड्सनको एक दस्तावेजमा बन्दीपुर सदरमुकाम रहेको पश्चिम ३ नं. तहसिल अन्तर्गत तनहुँ, कास्की, रिसिङ, घिरिङ र ढोर गरी ५ वटा जिल्लाहरु थिए । यी ५ जिल्लाहरुमा ७७ वटा थुमहरु थिए । यी मध्ये तनहुँ जिल्लामा २२ थुमहरु थिए । यी थुमहरु छडासा, नामरु, कलुङ, क्यामिन, महिवल, छाङ, बज्रकोट, थप्राक, बन्दीपुर, तनहुँसुर, मिरलुङ, जामरुक,

पुरकोट, दोरदोर, चोक, दभुं, गलेखाम, नुमाचोक, नपाङ, खिच्याङ कोटा खेरा, पाल्दु, दुरुचङ थिए ( भट्टराई, २०६१, पृ. ३२७) ।  यी थुमहरु पनि गाउँमा विभाजन हुन्थे । रिसिङमा काहुँ, कोटथर र बाह्रडाँडा गरी तीन थुमहरुथिए । घिरिङ थुम र ढोर थुम भने एउटा-एउटा मात्रै थियो । कास्की जिल्लामा ५० वटा थुमहरु थिए (भट्टराई, २०६१, पृ. ३२८) । वर्तमान समयमा कास्की बाहेकका चार जिल्लाहरु (तनहुँ, रिसिङ, घिरिङ र ढोर) तनहुँ जिल्ला अन्तर्गत पर्दछन् ।

राणा कालमा आएर थुमहरु मौजामा विभाजन हुने गरेको पाइन्छ । राणाकालको अन्तिम समयतिर तनहुँमा ३० वटा थुम रहेको र ती मध्येको तनहुँसुर थुम अन्तर्गत २५ वटा मौजा रहेको देखिन्छ । त्यसैगरी बन्दिपुर थुममा २५ वटा र गजरकोट थुममा एउटा मात्र मौजा देखिन्छ (मालपोत कार्यालय, दमौली, तनहुँ) ।

### ६.३.२ जिल्ला प्रशासक

पृथ्वीनारायण शाहले नेपाल अधिराज्यलाई १५ जिल्लामा विभाजन गरेपछि प्रत्येक जिल्लामा एक-एक जना मुख्य प्रशासकको रुपमा 'अमाली' नियुक्त गरेका थिए । अमालीको काममा सहयोग गर्ने 'सुब्बा' र 'सरदार' नियुक्त हुन्थे । तर कहिलेकाहीँ भने अन्य उच्चस्तरको कर्मचारीले पनि अमालीको काम गरेको देखिन्छ । जस्तैः अमाली र काजी दुवैको काम काजी दलजित शाहले गरेका थिए (रेग्मी, २०५४, पृ. २०६) ।

वि.सं १८७४ सालमा तनहुँसुरको अमाली हरिनर सिंह नेवार देखिन्छन् । उनको नाममा १८७४ साल भाद्र सुदी ११ रोज १ मा कपास भन्सार जगातको एक वर्षको लागि इजारा दिएको पाइन्छ । उक्त इजारामा लेखिएको छः

> *...कपास भन्सार जगात दलाल यकहटि सम्वत् १८७४ साल जेष्ठ वदी ९ रोज सौ लगाइत सम्वत् १८७५ साल जेष्ठ बढी ९ रोज सौ लगाएत सम्वत् १८७५ साल जेष्ठ वदी ८ रोज तक् वेकसाला ईजारा गरिबक्स्यौं अधिको रितसित जगातभन्सार दलाल बमोजिम तपसिल लिन देउ भोटबाट नेपाल आउन्या नेपालबाट पर्वत भोट जान्या कपडा भारि १ के ॥ः रुवा धागो भारि १ के ॥ भैसि गोठा १ के ! किनारा भारि १ कै क', तावो जस्ता रागा भारि १ के ॥ येति भन्सार जगात मिचि ल्याउँन्या कन भन्सारिले मालषोसि षानु माल माफीक डंक गर्नु औ प्रोहीत चौतिरिया गोतिया काजी, सर्दार सुब्बा सुवेदार, जमादार, सिपाही वोसि छतिसै जात गैह्र के विना मोहरले आउन नदिनु कसैले बलात्कार गऱ्या अमालिदारले गोहार दिनु न दिया अप्सरिया हौला ....(पंगेनी, २०६५, पृ.६२) ।*

तत्कालीन समयमा सामान्यतया : राजश्व सङ्कलनका दुईवटा प्रणाली थिए - इजारा र अमानत प्रथा । इजारा प्रथा अन्तर्गत जिल्लाका राजश्व सङ्कलन गर्ने कार्यको जिम्मा ठेक्कामा दिइन्थ्यो भने अमानत प्रथा अन्तर्गत जिल्लाका हाकिम आफैले स्थानीय अधिकारीहरु मार्फत् कर सङ्कलन गर्दथे (पंगेनी, २०६५, पृ.८२) । इजारा प्रथाबाट राजश्व उठाउने सम्बन्धमा तनहुँसुरका

अमालिदारहरुको नाममा जारी गरिएको यस पत्रले धेरै जानकारी दिन्छ । भोटबाट नेपाल आउने र नेपालबाट पर्वत हुँदै भोट जाने कपास, कपडा, भैसी, किरानामाल, ताँबो, जस्ता, रागा (राँग, राँङ एक किसिमको धातु) मा जगात महशुल लिने गरिन्थ्यो । यस्तो जगात तथा भन्सार महशुल उठाउनका लागि कसैलाई निश्चित समयका लागि इजारा दिने गरिन्थ्यो । यसरी इजारा उठाउने व्यक्तिलाई इजारादार भनिन्थ्यो । यिनलाई पनि केन्द्रबाट निकै अधिकार प्राप्त हुन्थ्यो । यदि इजारा तिर्ने क्रममा कुनै व्यक्तिको इजारादारसँग झगडा पर्‍यो भने सम्बन्धित जिल्लाका अमालीदारले सहयोग गर्नु, यदि नगरेको खण्डमा त्यस्तालाई राज्यबाट कारवाही हुनेछ भनेर अमालीदारलाई चेतावनी नै दिइएको हुन्थ्यो । राज्यका जुनसुकै उपल्लो ओहोदाका पदाधिकारीहरुले पनि सरकारको अनुमती विना कहिँ कतैबाट मालसामान ल्याएमा तोकिएको जगात वा भन्सार कर तिर्न पर्दथ्यो । यदि नतिरेको खण्डमा इजारादारले सो सामान जफत गर्न पाउँदथ्यो ।

भिमसेन थापाको मुख्तियारी रहेको समयमा प्रत्येक जिल्लामा शासनका निमित्त जिल्ला मुख्तियार नियुक्त गरिन्थे (नेपाली, २०५६, पृ.१३७) । भीमसेन थापाले १८८८ मा माथवरसिंह थापालाई सल्यान र प्यूठानको मुख्तियार बनाएर पठाएका थिए (नरहरिनाथ, २०१२, पृ.२२) । त्यस्तै कतिपय जिल्लाहरुमा प्रशासक बनाएर सुब्बालाई पठाएको र कतिपय जिल्लाहरुमा चौतरिया, सरदार, काजी, लेफटेन आदिलाई पनि जिल्ला प्रशासकको रुपमा नियुक्ति गरिएको बताइन्छ (बैद्य र मानन्धर, २०५३, पृ.५०) । जस्तै डोटीमा स्थानीय राजा रजौटाको शक्ति खोसिएपछि जिल्लाका हाकिम सुब्बालाई बनाइएको थियो । सुब्बाले जनतालाई दुःख दिएको उजुरी परेपछि सुब्बालाई हटाएर सुवेदारलाई प्रशासनिक दायित्व सुम्पेको थियो (भट्टराई, २०६४, पृ.७०) त्यस्तै १८९८ मा डोटी गौडाको प्रशासन हेर्ने जिम्मा दिएर चौतरीया बबरजंग शाहलाई प्रशासकमा नियुक्त गरिएको थियो (भट्टराई, २०६४, पृ.७०) । यसैगरी १९०० मा प्यूठान र धनकुटाका जिल्लाप्रशासक काजी थिए ( श्रेष्ठ, १९८९, पृ. १८४) । कतिपय अवस्थामा एकै व्यक्तिलाई एकभन्दा बढी जिल्लाहरुको प्रशासकका पदमा नियुक्ति गरिएको पनि थियो । सप्तरी, महोत्तरी, बारा, पर्सा, रौटहट र मोरङ जिल्लाका लागि काजी अभिमानसिंह बस्न्यातलाई नियुक्त गरेको थियो (बैद्य र मानन्धर, २०५३, पृ.२५) । अठारौं शताब्दीको उत्तरार्धमा तनहुँ, कास्की, लमजुङ र स्याङ्जा सहितको काली गण्डकी, मर्स्याङ्गदी क्षेत्रमा काजी दामोदर पाण्डेलाई प्रशासनिक एवं सैनिक नेतृत्व दिएको पाइएको छ (नरहरिनाथ, २०५५, पृ.३५) । यतिबेला तनहुँ एउटा जिल्लाको रुपमा रहेको बुझिन्छ ।

तत्कालीन समयमा जिल्ला प्रशासनको मुख्य उद्देश्य शान्ति सुरक्षाको व्यवस्था गर्नु र सकेसम्म बढी राजश्व सङ्कलन गर्नु नै थियो । कर्कपेट्रिकका अनुसार सरकारले कर सङ्कलन गर्ने अधिकारीको रुपमा सुब्बालाई नियुक्त गर्दथे भनिएको पाइन्छ (कर्कपेट्रिक, १९६९, पृ. २०२) । यहि पद पछि गएर जिल्ला प्रशासनमा महत्वपूर्ण भूमिका रहन थाल्यो । सामान्यतया यस्ता हाकिमहरुको कार्य अवधि ३ वर्षदेखि ७ वर्षसम्म रहने गर्दथ्यो । सरकारले चाहेको अनुसारको राजश्व सङ्कलन गर्न नसक्ने अधिकारीहरु भने वार्षिक पजनीमा खोसुवामा पर्दथे (भट्टराई, २०६४, पृ.७४) । सरकारबाट नै प्रत्येक वर्ष निश्चित रकम राजश्व सङ्कलन गर्ने निर्देशन दिइएको हुँदा जिल्लाका हाकिमहरुले बढीभन्दा बढी राजश्व सङ्कलन गर्न तिर लाग्दथे ।

पृथ्वीनारायण शाहले नेपाल अधिराज्यलाई १५ जिल्लामा विभाजन गरेर प्रत्येक जिल्लामा एक-एक जना अमाली नियुक्त गरेका थिए। यस सम्बन्धी चर्चा माथि भइसकेको छ। उनको शेषपछि एकीकरण भएका राज्यहरुमा पनि यही नीति लागू भएको माथि उल्लेखित पत्रले देखाउँदछ । पत्र अनुसार तनहुँसुरमा प्रशासकको रुपमा अमालीदार नियुक्त भएको र वि.सं. १८७४ तिर तनहुँ एउटा जिल्लाको रुपमा रहेको पनि देखिन आउँछ ।

### ६.३.३ तनहुँमा रहेका स्थानीय पदाधिकारीहरु

शाहकालीन नेपालको स्थानीय प्रशासनको काम, कर्तव्य र अधिकार स्वरुप पहाड तथा तराईमा एकै किसिमको थिएन । पहाडमा स्थानीय प्रशासन सञ्चालन गर्न तथा राजस्व सङ्कलन गर्नको लागि गर्खा, थुम र गाउँमा विभाजन गरिएको हुन्थ्यो । यी प्रशासनिक क्षेत्रमा जिम्मावाल, मुखिया, अमाली, द्वारे, थरी, उमराव, जेठाबुढा, प्रधान आदि पदाधिकारीहरु नियुक्त गरिन्थे (भट्टराई, २०६१, पृ.८४) । तनहुँमा दरा वा गर्खा नभई थुम र मौजामा गाउँ इलाकालाई विभाजन गरेको देखिन्छ भने जिम्मावाल, मुखिया, द्वारे, थरी, जेठाबुढा पदका पदाधिकारीहरु तालुकदारको रुपमा रहेको पाइन्छ ।

#### ६.३.३.१ जिम्मावाल

स्थानीय तहमा तालुकदारको रुपमा जिम्मावालहरु रहन्थे । जिम्मवालको नियुक्ति राजाबाट नै हुन्थ्यो । तनहुँमा विभिन्न थुमहरु थिए । थुमलाई पनि मौजामा विभाजन गरिएको थियो । प्रत्येक थुममा एक जना जिम्मावाल वा मुखिया नियुक्त गरिएको हुन्थ्यो । जिम्मावालको मुख्य काम आफ्नो क्षेत्रबाट राजश्व असुल गर्नु रहन्थ्यो । यसरी उठाएका राजस्वको हिसाब किताब आफैले वा मुखिया मार्फत जिल्लाको हाकिमलाई बुझाउनु पर्दथ्यो (भट्टराई, २०६१, पृ. ८४) । जिम्मावालले उठाएको राजस्व सैनिक पल्टन रहेको जिल्लामा सैनिक पल्टनलाई बुझाउनु पर्दथ्यो । तनहुँको बन्दीपुर सदरमुकाम रहेको र त्यहाँ सैनिक पल्टन रहेकोले जिम्मावालले त्यहाँ नै राजस्व बुझाउने गरेको देखिन्छ । सामान्यतया जिम्मावालको कार्यकाल ५ वर्षको हुन्थ्यो । जिम्मावाललाई स्थानीय स्तरमा केही न्यायीक अधिकार पनि दिइएको हुन्थ्यो ।

#### ६.३.३.२ मुखिया

पहाडी जिल्लाहरुमा जिम्मावाल जस्तै मुखिया पनि स्थानीय प्रशासकको रुपमा नियुक्त हुन्थे। एउटा थुममा एक जना मुखिया रहन्थे। जिम्मावालको जस्तै मुखियाको नियुक्ति पनि राजाबाट नै हुने व्यवस्था थियो । एउटा दस्तावेजका अनुसार “स्वामी (राजा) ले द्वारेका साथै जिम्मावाल र मुखियाको नियुक्ति गर्न सक्नेछ ... भनि लेखिएको छ (रेग्मी, १९७१, पृ. ६६)। आफ्नो क्षेत्रबाट राजश्व उठाउनु, आफ्नो क्षेत्रमा रहेको खरखजानाको संरक्षण गर्नु, बाँझो खेत बिह्राएर त्यसको आम्दानी जिल्लाको हाकिमलाई बुझाउनु, गाउँ स्तरमा हुने सानातिना मुद्दा हेर्नु, सेनालाई रसदपानी

उपलब्ध गराउनु मुखियाका मुख्य काम अन्तर्गत पर्दथ्यो (भट्टराई, २०६४, पृ.३०) । मुखिया पद गाउँस्तरको वरिष्ठ पदाधिकारी मानिन्थ्यो । यो पद वंशानुगत हुन्थ्यो ।

तनहुँमा सेन राजाका पालामा स्थानीयवासी दिलराज थापा मुखिया पदमा नियुक्त भएको मानिन्छ (थापा, अन्तर्वार्ता, २०६९/३/४) । यस सम्बन्धी लिखित श्रोत प्राप्त हुन नसकेकाले निज दिल राज थापाका वंशज नरध्वज थापाको भनाइलाई आधार मानिएको हो । यसै आधारमा तनहुँमा सेनहरुको शासनकालदेखि नै स्थानीय थापा मगरहरु मुखिया पदमा रहेको पाइन्छ । नेपाल एकीकरण भइसकेपछि पनि तिनै दिलराम थापाका सन्ततीले मुखिया पदमा रहेर रैती कजाएर रजाई गरेको पाइन्छ । राणा शासनकालमा पनि यही वंशका सन्तवीर थापा मुखिया थिए । उनका छोरा श्रीकृष्ण थापालाई जिम्मावाल र मुखिया भनी सम्बोधन गरेको कागज पत्र (पुर्जी) छन् (परिशिष्ट-२९) । यसबाट तनहुँमा पहिले देखि नै जिम्मावाल र मुखिया पद एकै व्यक्तिलाई दिइने गरेको पनि बुझिन्छ ।

राणा कालको अन्त्यतिर तनहुँ इलाकामा ३० वटा थुमहरु थिए । प्रत्येक थुममा एक-एक जना मुखिया रहने र सबै मुखियाले मान्ने एउटा एकजना महामुखिया नियुक्ति हुन्थ्यो । स्थानीय तहमा थरी र मुखियाले मिलाउन नसकेको झगडा महामुखियाले मिलाउँदथे (थापा, अन्तर्वार्ता, २०६९।०३।०४) । महामुखियाको काम आफ्नो इलाका भरीको बाटो बनाउने खानेपानीको व्यवस्था गर्ने, ठाँटी, पाटी पौवा भत्केबिग्रेमा मर्मत सम्भार गर्ने, आफ्नो इलाकाको थरी, मुखिया सबैलाई भेला गरी आवश्यक सरसल्लाह गर्ने आदि थियो (थापा, अन्तर्वार्ता, वि.सं.२०६९।०३।०४) । तनहुँमा मुखियालाई खान्कीको रुपमा जग्गा जमिन दिएको देखिन्छ । मुखियाले रैतीलाई झारामा लगाइ आफूले खेतीपाती लगाउने चलन पछिसम्म पनि रहेको पाइन्छ ।

### ६.३.३.३ द्वारे

स्थानीय प्रशासनमा द्वारे परम्परागत पद थियो । लिच्छवीकालीन 'दौवारिक' बाट अपभ्रंश भएर द्वारे शब्द बनेको हो । लिच्छवीकालीन शासन व्यवस्थामा राजा र स्थानीय जनताबीच सम्बन्ध जोड्ने कार्य गर्ने दौवारिक वा द्वारे राजदरबारका विभिन्न द्वारमा रहने प्रमुख कर्मचारी हुन्थे (भट्टराई, २०६१, पृ.९७) । सेनकालीन तनहुँमा 'द्वारे' नामका स्थानीय पदाधिकारीहरु रहेको पाइन्छ । सेन राजाहरुले खवास थरका व्यक्तिलाई द्वारे पदमा राखेको पाइन्छ । तनहुँ नेपाल अधिराज्यमा एकीकरण भएपछि पनि द्वारे पदमा खवासहरु नै यथावत रहेको पाइन्छ । राणाकालमा त द्वारेको काम जागिरदारको जागिर भूमिको तिरो उठाएर सरकारलाई बुझाउने थियो ।

### ६.३.३.४ थरी

जिम्मावाल, मुखिया जस्तै थरी पनि स्थानीय पदाधिकारी हुन् । थरी गाउँका मुखिया मुनिको कर्मचारीको पुरानो पद हो (पराजुली (सम्पा.), २०७२, पृ.५९४) । राजश्व सङ्कलन गर्ने र सानातिना मुद्दामामिलाको छिनोफानो गर्ने काम थरीले गाउँ प्रमुखको रुपमा गर्दथे । तत्कालीन समयमा प्रत्येक

थुममा एक जना मुखिया र एकजना थरी पदका अधिकारी रहन्थे । यिनै मुखिया र थरीले गाउँघरमा हुने सानातिना झैं झगडाहरु मिलाउँदथे ।

तनहुँसुर लालबिहारमा कामकाज गर्ने डिट्ठा कपिलमणि उपाध्यायले वि.सं. १९६३ वैशाखमा तनहुँसुर हटियामा बस्ने थरी हिरालाल श्रेष्ठलाई लेखेको एउटा पुर्जी प्राप्त भएको छ । पुर्जीमा निज हिरालाल श्रेष्ठलाई पहिलेदेखि गर्दै आएको थरीको काम १५ मुरी खेतको वाली मो.रु. ५।२५ र पल्याङखोलाको १।२० मध्येको धान मुरी १० को मो.रु. १० को साविकको खाई आएको काम गरी खानु भन्ने व्यहोरा छ (परिशिष्ट-३०) । यसबाट तनहुँमा सेनकालदेखि नै थरी पद रहेको र थरीलाई काम गरे वापत आयस्त रकम दिइन्थ्यो भन्ने बुझिन्छ । उक्त हटियामा थरी बस्ने टोललाई त्यहाँ नेवारी बस्ती रहँदासम्म पनि थरीटोल भनेर चिनिन्थ्यो ।

### ६.३.३.५ जेठाबुढा

गाउँको जेठो बाठो र अनुभवी व्यक्तिलाई 'जेठाबुढा' पदमा चयन गरिन्थ्यो । तनहुँमा सेन राजाको समयमा यो पद भएको भेटिँदैन । शाहकालमा भने जेठाबुढा पद रहेको पाइन्छ । त्यस समय केन्द्रीय भारदारीमा समेत जेठाबुढाको स्थान थियो (कर्कपेट्रिक, १९६९, पृ. २०९) । स्थानीय पदाधिकारीहरुमा उक्त पदको जानकारी दिने कुनै स्रोत भेटिएको छैन । राणाकालमा भने स्थानीय तहमा यो महत्वपूर्ण पदको रुपमा रहेको पाइन्छ ।

तनहुँसुरका जेठाबुढा चन्द्रबहादुर थापालाई कर्णेल शिवशंकर उपाध्यायले वि.सं १९३४ जेष्ठमा लेखेको एउटा पत्र प्राप्त छ । पत्रमा कर्णेल शिवशंकर उपाध्यायले जेठाबुढा चन्द्रबीर थापालाई खान्कीको रुपमा कलेस्ती नजिक रहेको डिही खेतको सेर्मा उठाएर खाँउ भनि अनुमती दिएका छन् (परिशिष्ट-३१) । निज जेठाबुढाले आफूले सो जग्गाको खान्की उठाएर खान पाउँ भनी दिएको निवेदनमा कर्णेलले अनुमति दिएको हो । यसबाट जेठा बुढालाई छुट्टै खान्कीको व्यवस्था नभएको बुझिन्छ ।

## ६.४ राज्यका रुपमा काम गर्ने तनहुँका प्रशासनिक पदाधिकारीहरु र नेपाल अधिराज्यमा विलय पश्चातको तनहुँका प्रशासनिक पदाधिकारीहरुको कार्य तथा भूमिकाको तुलनात्मक अध्ययन

उत्तर मध्यकालीन नेपालमा साना ठूला गरी ५२ वटा भन्दा बढी राज्यहरु अस्तित्वमा थिए । ती सबै राज्यमा राजतन्त्रात्मक शासन व्यवस्था थियो । राजतन्त्रात्मक शासन व्यवस्था रहेको तनहुँ राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी सम्पूर्ण अधिकार राजाको हातमा निहित थियो । राजालाई राजकाजमा सहयोग गर्ने यूवराजका साथै चौतारा, गुरु तथा पुरोहित, ज्योतिषी, काजी, दिवान, सरदार, खजाञ्ची, कारिगर, द्वारोगार, खरिदार, फौजदार, द्वारे/कुभिण्डे, मुन्सी, सुब्बा आदि पदका प्रशासनिक पदाधिकारीहरु थिए ।

तनहुँ राज्यमा 'चौतारा' पद रहे नरहेको एकिन गर्न स्रोतको अभाव छ । राज्य, गुमेपछि तनहुँका राजा हरकुमारदत्त सेन रामनगरमा राज्य स्थापना गरी बसेका थिए । रामनगर राज्यमा

उनले आफ्ना भाइहरुलाई ‘चौतारा’ पदमा राखेका थिए । यसैको आधारमा तनहुँ राज्यमा पनि चौतारा पद थियो भनिएको हो । यदि यो पद भए पनि पाल्पा, गोरखा, कान्तिपुर राज्यहरुको जस्तो शक्तिशाली चौतारा तनहुँमा रहेको बुझिँदैन ।

तनहुँ राजदरबारमा राजकुमारहरुलाई शिक्षा, दिक्षा दिने संगीत, नृत्य, युद्धकला सिकाउने, गुरुहरु र मठमन्दिर बनाउने, यज्ञ गर्ने, पुरश्चरण गराउने जस्ता धार्मिक कार्य गर्ने र कर्मकाण्ड संस्कार गराउने पुरोहितहरु थिए । यी गुरु पुरोहितहरुलाई राजगुरु पनि भनिन्थ्यो । यस्ता राजगुरुहरु दरबारमा नै बस्ने हुनाले उनीहरुलाई दरबारिया पण्डित पनि भनिएको पाइन्छ । त्यसै गरी राजपरिवारका सदस्यहरुको ग्रह गोचर, शुभ अशुभ हेर्ने, राजा वा राजपरिवारको सदस्यहरु राज्य बाहिर जाँदा साइत हेर्ने कार्य ज्योतिषिले गर्दथे । छविलाल जैसी तनहुँ राज्यका कहलिएका ज्योतिषी रहेको पाइन्छ ।

तनहुँ राज्यको प्रशासनमा काजी पद महत्वपूर्ण रहेको देखिन्छ । काजीले प्रशासनिक, न्यायीक, सैनिक क्षेत्रका साथै राज्यमा आइपर्ने सबै प्रकारका कार्यहरु गरेको पाइन्छ । त्यसैले तनहुँका राजाहरुले समय-समयमा काजीहरुलाई बिर्ता दिएको पत्रहरुले काजी पद प्रतिष्ठित र महत्वपूर्ण थियो भन्ने देखाउँदछ । काजी रणभञ्जन थापाले सेनापति दलमर्दन थापासँग मिलेर बेतियाको फौजलाई हराएर चम्पारनमा रहेको तनहुँ राज्यको पुर्ख्यौली भूभाग सुरक्षित राखेका उदाहरण पाइन्छ ।

तनहुँ राज्यमा रणभन्जन थापा, पण्डित, शिवानन्द खनाल, गुणानन्द पन्त, सागर खनाल आदि काजी पदमा रहेको पाइन्छ । तत्कालीन समयमा काजीले मन्त्रीले गर्ने कार्य गर्ने भएकोले काजीलाई मन्त्री पनि भनिन्थ्यो ।

तनहुँ राज्यमा पहाडि भूभाग र तराई भूभाग सम्मिलित थियो । पहाडमा त हैन तराई भूभागमा ‘दिवान’ पदका कर्मचारी रहेको पाइन्छ । राजा कामराजदत्त सेनले गोरखपुर र चम्पारनको प्रशासन हेर्न बिजयराज र त्रिविक्रम थापालाई दिवान पदमा नियुक्ति गरेको पाइन्छ । त्यसैगरी सैनिक क्षेत्रमा सरदार पद महत्वपूर्ण देखिन्छ । विशेष गरी युद्धको समयमा सरदारले सेनापतिको भूमिका निर्वाह गर्दथे । जस्तो तनहुँको कविलासपुर गढिमा गोरखालीको आक्रमण हुँदा सरदार विचित्र सेन गढीको संरक्षक भएर बसेका थिए । उनलाई युद्ध सम्बन्धी सम्पूर्ण जिम्मा दिएर राखिएको थियो । त्यसैगरी राज्यको आम्दानी र खर्च सम्बन्धी लागत राख्ने खजाञ्ची, युद्धका आवश्यक हातहतियार निर्माण गर्ने कारीगर, राजदरबारमा घोडाहरुको उचित परीक्षण, खरिद र बिक्री गर्नका लागि द्वारोगा पद पनि तनहुँ राज्यमा रहेको पाइन्छ ।

त्यसैगरी प्रशासनिक कार्यमा सहयोग गर्ने खरिदार फौज वा सैनिकको साथमा रहेर गढी वा किल्लाको सुरक्षाको व्यवस्था मिलाउने फौजदार, राजाको अंगरक्षकको रुपमा रहने द्वारे पद, खड्ककालिका मन्दिरमा वलि दिनका लागि वडा दशैंमा नौ दिन सम्म कुभिण्डोको पुऱ्याउने कुभिण्डे पद तनहुँ दरबारमा रहेको पाइन्छ । त्यसै गरी जिन्सी वस्तुको हिसाब राख्ने मुन्सी पदका साथै सुब्बा पद पनि तनहुँ राज्यमा रहेको पाइन्छ ।

वि.सं. १८३९ कार्तिकमा तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भयो । बृहत नेपालमा एकीकरण पछि तनहुँ एउटा जिल्लाको रुपमा रह्यो । तनहुँ जिल्लामा केन्द्रीय र स्थानीय प्रशासकहरुद्वारा प्रशासन संचालन हुन्थ्यो । एकीकरण पश्चात पृथ्वीनारायण शाहले प्रत्येक जिल्लामा जिल्ला प्रशासक राख्ने जुन नीति लिएका थिए पछि पनि त्यही अनुरुप प्रत्येक जिल्लामा प्रशासक नियुक्त हुन्थ्यो । एकीकरण पछि तनहुँको प्रशासक भएर गएको स्पष्ट जानकारी दिने श्रोतको अभाव छ । जस्तो किसिमले अन्य जिल्लामा प्रशासक नियुक्ति हुन्थ्यो । तनहुँमा चाहिँ त्यसरी नियुक्ति नभई साना प्रशासक राखिएको हुनुपर्दछ । यसबाट तनहुँ प्रशासकीय दृष्टिबाट त्यति महत्वपुर्ण जिल्लाको रुपमा नहेरिएको बुझ्न सकिन्छ ।

पृथ्वीनारायण शाहले नेपाल अधिराज्यलाई १५ जिल्लामा विभाजन गरी प्रत्येक जिल्लामा जिल्ला प्रशासकको रुपमा एक जना 'अमाली' नियुक्ति गरेको चर्चा यस अगाडि गरियो । शाहकालीन प्रशासनिक पदमा 'अमाली' नयाँ पद थियो । वि.सं. १८७४ भाद्रमा तनहुँसुरका अमालीदार हरिनरसिंह नेवारलाई इजारा प्रथाबाट राजश्व उठाउन निर्देशन गरिएको पत्रले तनहुँ जिल्लाको प्रशासक अमालीदार रहेको जानकारी पाइन्छ । यस समयसम्म आइपुग्दा अमाली जिल्ला प्रशासकको रुपमा नरही खास क्षेत्र वा इलाकाको राजश्व संकलन गर्नुका साथै जिल्लामा शान्ती सुरक्षाको व्यवस्था गर्नु थियो (भट्टराई, २०६१, पृ.९४) ।

सन् १८९७ मा लेखिएको हड्सनको एक दस्तावेजमा पश्चिम ३ नं. तहसिल अन्तर्गत रहेको तनहुँ जिल्लामा २२ वटा थुमहरु थिए । ती थुमहरु पनि गाउँमा विभाजन हुन्थे (भट्टराई, २०६१, पृ.३२७) । पछि यी थुमहरुलाई मौजामा विभाजन गरिएको पाइन्छ । तत्कालीन समयमा पहाडमा स्थानीय प्रशासनक संचालन गर्नु तथा राजश्व संकलन गर्न जिल्लालाई थुममा विभाजन गरिएको हुन्थ्यो । तनहुँ जिल्लाका प्रत्येक थुमहरुमा जिम्मावाल मुखिया, द्वारे, थरी, जेठाबुढा पदका स्थानीय पदाधिकारीका तालुकदारको रुपमा रहेको पाइन्छ ।

तनहुँ राज्यको रुपमा नरहे पछि अर्थात तनहुँ स्थानीय प्रशासनको रुपमा रहन पुगेपछि चौतारा, गुरु तथा पुरोहित, ज्योतिषी, काजी, दिवान, सरदार, खजाञ्ची, कारीगर, द्वारोगा, फौजदारआदि प्रशासनिक पदहरु स्वतःनरहने नै भए । त्यसपछि तनहुँको प्रत्येक थुममा एक जना जिम्मावाल र मुखिया राजाबाट नै नियुक्ति हुन्थे । उनीहरुको मुख्य कार्य आफ्नो क्षेत्रको राजश्व संकलन गरेर हिसाब किताब जिल्लाको हाकिमलाई बुझाउनु, न्यायीक कार्यहरु गर्नु आदि थिए । जिम्मावाद र मुखिया पद गाउँस्तरको सम्मानीय पद मानिन्थ्यो । राज्यकालमा राजालाई रैतीले मानेको जस्तै गरी स्थानीयवासीले जिम्मावाल वा मुखियालाई मान्नु पर्ने हुन्थ्यो । तनहुँमा द्वारे पद सेनकालीन प्रशासनमा पनि रहेको पाइन्छ । त्यस समय द्वारे राजाको अङ्गरक्षकको रुपमा रहन्थे भने शाहकालीन स्थानीय प्रशासनमा द्वारे पद आर्थिक एवम् प्रशासनिक कार्यहरु गर्नको लागि नियुक्त हुने देखिन्छ । तनहुँसुरका खवास थरका व्यक्तिहरु सेनकाल देखि नै द्वारे पदमा रहेको पाइन्छ । त्यसैगरी तनहुँको स्थानीय प्रशासनमा रहेका अर्का पद थरी हो । प्रत्येक थुममा एक जिम्मावाल वा मुखिया जस्तै एक जना थरी रहने व्यवस्था थियो तर थरी मुखिया भन्दा तलको पद हो । जिम्मावाल मुखियासँगै थरीले आफ्नो क्षेत्रमा न्यायीक कार्य गर्नुको साथै राजश्व संकलन गर्ने कार्य गर्दथे ।

राणा कालमा तनहुँको स्थानीय प्रशासनमा 'जेठाबुढा' महत्वपूर्ण पद रहेको देखिन्छ । शाहकालमा पनि यो पद थियो भन्ने जानकारी अन्तर्वार्ताबाट प्राप्त भए पनि अन्य स्रोतले पुष्टि नगरेकोले सत्यता मानिएन ।

उन्नाइसौं शताब्दीको पूर्वार्धमा दरबारमा सत्ताको संघर्ष, गद्दिसिन राजाको शासकिय कमजोरी आदि कारणले देशमा व्याप्त राजनीतिक अस्थिरता छायो । यसैको परिणामस्वरुप वि.सं. १९०३ मा भएको 'कोतपर्व' ले जहानिया राणा शासनको उदय हुन गयो । कोतपर्वको यस घटनापछि देशमा जंगबहादुर शक्तिशाली शासक बने । त्यसपछि राजाको हातबाट सम्पूर्ण शासन अधिकार राणा प्रधानमन्त्रीको हातमा पर्न गयो ।

## ६.५ निष्कर्ष

करिब २२९ वर्ष सेन वंशले राज्य गरेको तनहुँ राज्यको प्रशासनिक व्यवस्था सुरुको अवस्थामा सवल रहेको पाइन्छ । सेन राजाहरुले समय समयमा गुरु पुरोहितहरुलाई भूमि दान दिएको, धार्मिक तथा सामाजिक कार्यको लागि गुठीको व्यवस्था गरेको, राज्यलाई रकमको आवश्यक परेको समयमा राजाले राजकीय जग्गाहरु भारदारहरुलाई राजबन्दकी दिएर उनीहरुबाट रकम लिएको जानकारी तत्कालीन पत्रहरुबाट प्राप्त हुन्छ । गोरखाले तनहुँ राज्यमा आक्रमण गरेको समयमा सैन्य व्यवस्था मिलाउन रकमको आवश्यक परेको हुँदा राजाले राजबन्दकी दिएको पत्रहरु धेरै संख्यामा पाइन्छन् । यसका आधारमा तनहुँ राज्यमा राजाले भाइ भारदारहरुबाट सहयोग लिएर शासन चलाएको देखिन्छ ।

गोरखाका राजा राम शाहले चौतारामा बसी जनतालाई न्याय निसाफ दिने भएकाले त्यस चौतारालाई हालसम्म पनि राम शाहको चौतारा भनिएको छ । त्यस्तै गरी तनहुँमा पनि राजाले चौतारामा बसी महत्वपूर्ण मुद्दाको फैसला गर्न र नयाँ नीति नियमहरु सुनाउने गर्दथे । त्यस चौतारालाई हालसम्म पनि गद्दीचौतारा भनिन्छ । यस चौताराले हालसम्म पनि सेन राज्यको स्मृति गराइरहेको छ । गद्दीचौताराको प्रसंगबाट तत्कालीन समयमा जनताले राजा समक्ष प्रत्यक्ष रुपमा आफ्ना गुनासोहरु लिएर उजुरी गर्न पाउने व्यवस्था थियो भन्ने देखिन्छ । यही आधारबाट राजा र भाइ भारदार बीच प्रत्यक्ष सम्बन्ध रहेको पनि अवगत हुन्छ । राजा प्रति जनताको अटल विश्वास र निरन्तर सहयोग भएकाले राजाको सपरिवार तनहुँसुरको जाडो छल्न चितवनको देवघाटमा गएर बसेको समयमा त्यहाँका भारदारहरुले यथावत रुपमा प्रशासन चलाएर राजालाई सहयोग गर्दथे । त्यस समय देवघाटमा तनहुँका राजाहरुको शीतकालीन दरबार थियो । उता चम्पारन रामनगरको प्रशासन राजाले तनहुँबाट पठाएका दिवानहरुले चलाएका हुन्थे ।

यति हुँदाहुँदै पनि तनहुँ राज्यको प्रशासनमा कमजोर पक्षहरु छन् । कुनै पनि राज्य बलियो तथा शक्तिशाली हुन त्यहाँका राजा सक्षम तथा कुटनीतिक हुनुपर्दछ । त्यस्तै दरबारका पदाधिकारीहरु पनि राजा तथा राज्यप्रति पूर्ण समर्पित हुनुपर्दछ तर तनहुँ राज्यमा त्यस्तो भएको पाइँदैन । राजाले तत्कालीन राजनीतिक परिस्थिति र शक्तिशाली बन्दै गएको गोरखा राज्यको शक्ति बुझ्न सकेन । त्यसैगरी तनहुँ राज्यका राजगुरु गौरीश्वर पाण्डेले मावली राज्य तनहुँमा जन्मेका गोरखाका युवराज नरभूपाल शाहलाई गोरखाको राजगद्दिमा राख्न उल्लेखनीय भूमिका खेले । यसको परिणाम उनका

छोराहरुले गोरखा दरबारमा राजगुरुको हैसियतमा बस्न पाए । तनहुँको तुलनामा गोरखा शक्तिशाली राज्यको रुपमा अगाडि बढिरहेको अवस्था बुझी गौरीश्वर पाण्डेले आफ्नो सन्ततीको भविष्य तनहुँमा भन्दा गोरखा दरबारमा सुरक्षित देखेका थिए । यसै समयदेखि तनहुँको प्रशासनिक व्यवस्था गोरखाको भन्दा कमजोर बन्दै गयो । तनहुँ राज्यका पदाधिकारीहरु आफ्नो राज्यप्रति समर्पित नभएको कुरा गोरखा दरबारका चर्चित कवि शक्तिवल्लभले चित्रण गरेका छन् । उनले भने अनुसार सागर खनाल जस्ता कमजोर मन्त्री (काजी), घण्टको रालो जस्तै स्थिर नभएको खरिदार कालु पाण्डे र कमजोर सैन्य व्यवस्था आदि कारणले गर्दा तनहुँको प्रशासन दुर्बल बन्न पुग्यो । चौबीसी राज्यमा तनहुँ राज्य सबभन्दा पहिला नेपाल अधिराज्यमा एकीकरण हुनुको एउटा कारण यो पनि देखिन्छ ।

तनहुँ नेपाल अधिराज्यमा एकीकरण भएको समय (वि.सं. १८३९) देखि नेपालमा राणा शासनको उदय हुनु अघिको समय (वि.सं. १९०३) सम्मको करिब ६४ वर्ष तनहुँको स्थानीय प्रशासन चलाउन त्यहाँ कै स्थानीय बासिन्दा, सेन राजाका भारदारहरुलाई अमाली, जिम्मावाल, मुखिया, द्वारे, जेठाबुढा आदि पदमा नियुक्त गरेको पाइन्छ । यी सबै पदका पदाधिकारीहरु राजाबाट नियुक्त हुन्थे । यी सबै अधिकारीहरुको मुख्य काम रैतीबाट राजश्व उठाएर केन्द्रमा बुझाउने र स्थानीय तहमा हुने झैं झगडाको छिनोफानो गर्ने थियो ।

## अध्याय - सात

# तनहुँको सामाजिक तथा र सांस्कृतिक इतिहास

### ७.१ परिचय

सामान्यतया मानिसहरु एक आपसमा मिलेर बसेको समूहलाई समाज भन्ने गरिन्छ । समाज छोटो समयमा बनेको हुँदैन । पुस्तौ पुस्ता देखि चल्दै आएको हुन्छ । एउटै समाजमा पनि विभिन्न जातिहरुको बसोबास हुन्छ । सबै जातिको आ-आफ्नै भाषा, पहिरन, संस्कार हुन्छन् । यसरी एक वा फरक जाति, धर्म, सम्प्रदायका मानिसहरुको बसोबास भएर समाज बनेको हुन्छ ।

समाज र संस्कृति विगतलाई वर्तमानसँग जोड्ने बलियो आधार हुन् । हिजो बनेको समाजको रुप विभिन्न कालखण्डमा परिवर्तन हुँदै गए पनि सार उहि हो । तसर्थ तनहुँमा बसोबास गर्ने जातिहरुले सेनकालदेखि मान्दै आएको रितिरिवाज तथा संस्कृति परिमार्जित रुपमा भए पनि अपनाउँदै आएको पाइन्छ । हाल तनहुँमा रहेका मठ, मन्दिर, धारा कुवा, इनार, पाटी, पौवा, चौतारा आदि पुरातात्विक तथा ऐतिहासिक धरोहरहरु सेनकालीन भएको मानिन्छ । यसबाट तत्कालीन समाजको सामाजिक तथा धार्मिक मान्यता बुझ्न सकिन्छ ।

त्यसो त तनहुँमा कहिलेदेखि मानव बसोबास सुरु भयो भन्ने प्रमाणिक आधार पाइएको छैन । सम्भवतः काठमाडौं उपत्यकामा मानव बस्ती बस्न थालेदेखि नै तनहुँ लगायत नेपालका अन्य पहाडी भूभागहरुमा पनि मानिसहरु बसोबास गरेको हुन सक्छ । यसरी प्रारम्भमा नेपालको गण्डकी क्षेत्रका पहाडी भेकमा आएर बसोबास गर्नेहरु तिब्बती मूलका मंगोलियनहरु भएको बुझिन्छ । यी मंगोलियनहरु गुरुङ मगर जाति रहेको बुझिन्छ । तनहुँ भेकमा अधिकांश मगर जाति बस्न थाले । पछि गएर यही भूभाग नै मगरहरु बसोबासको मूल थलो बन्यो । मगर जातिको बसोबास भएकाले यस भूभागलाई मगरात भनिन थालियो । मगरात भूभागलाई पनि बाह्र मगरात र अठार मगरात गरेर दुई भागमा छुट्याएको थियो । पाल्पाको रिडी खोलादेखि पश्चिमतिरको भूभागलाई अठार मगरात र पूर्वतिरको भूभागलाई बाह्र मगरात भनिन्थ्यो (बुढामगर, २०७२, पृ.७२०) । भिमसेन थापाको समयसम्म पनि मर्स्याङ्गदी देखि प्यूठान सम्मको भूभागलाई बाह्र मगरात भनिएको पाइन्छ (नेपाली, २०५६, पृ.१३६) । यस भूभागमा मगरहरुको स-साना बाह्रवटा राज्यहरु रहेकाले यसलाई बाह्रमगरात भनिएको मानिन्छ । बाह्र मगरातभित्र पाल्पा, गुल्मी, लमजुङ, रिसिङ, घिरिङ, पैयू, म्याग्दी, प्यूठान आदि क्षेत्रहरु पर्दथे । बाह्र मगरातको केन्द्रीय राज्य पाल्पाको वल्डेङगढीमा थियो, यस राज्यको संस्थापक बलिवाङ थिए (सुवेदी, २०४६, पृ.१०४-११०) ।

चौधौं शताब्दीमा उत्तर भारतमा मुश्लिमहरुको आक्रमण भएपछि त्यहाँका अधिकांश हिन्दूहरु आफ्नो प्राण जोगाउन नेपालको गण्डकी प्रदेशतिर आएर बसोबास गर्न थाले (ज्ञवाली, २०३३, पृ.४) । भारतबाट नेपालमा प्रवेश गर्ने हिन्दूहरु खस जाति मात्र थिए कि ब्राह्मण पनि थिए थाहा हुन सकेन । जे होस् सत्रौं शताब्दीतिर तनहुँमा सेन वंशीय राजाहरुले शासन गर्ने समयसम्म तनहुँमा

मगर, दराई, बोटे आदि जातिको बसोबास रहेको बुझिन्छ । सेनहरुले राज्य गर्न थालेपछि तनहुँमा ब्राह्मण, क्षेत्री, नेवार, खवास, मुस्लिम जस्ता अन्य जातिहरुको बसोबास हुन थाल्यो ।

## ७.२ जाति व्यवस्था

नेपाली समाज प्राचीन र मध्यकालमा वर्ण र जाति व्यवस्थामा आधारित थियो । धर्मशास्त्रमा उल्लेखित वर्णको आधारमा जाति विभाजनको सामाजिक वर्गीकरणलाई वर्णव्यवस्था भनिन्छ । वर्णव्यवस्था समाजका मानिसहरुले अपनाउनु पर्ने कर्तव्यलाई लक्षित गरी गरिएको सामाजिक वर्गीकरण थियो (खत्री, सन् १९८०, पृ.७२) । यस अनुसार तत्कालीन समाजमा ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र गरी चार वर्णमा विभाजन गरिएको थियो । यी वर्ण अन्तर्गत विभिन्न जाति र थरहरु थिए । तनहुँ राज्य पनि वर्ण व्यवस्थामा आधारित थियो । भृङ्गी सेनले राज्य स्थापना गरेपछि आफ्नो राज्यको प्रशासन चलाउनको लागि पाल्पाबाट गुरु पुरोहित, भाइ भारदार, सुसारेहरु तनहुँमा ल्याएका थिए (आचार्य, २०६६, पृ.१२-२३) । यस प्रसंगको चर्चा गर्दा पाल्पाका राजा मुकुन्द सेन प्रथमले भगिरथ खनालका छोरा रामकृष्ण खनाललाई पुराण वाचन गरेको दक्षिणा स्वरुप पाल्पाको पूर्वी गाउँ विर्ता दिनुका साथै पण्डित पद दिएछन् । त्यसपछि उनीहरु खनालबाट पण्डित कहलिन थाले । यिनै रामकृष्ण खनालका नाती श्रीकृष्ण पण्डितलाई तनहुँका राजा भृङ्गी सेनले पाल्पाबाट तनहुँमा ल्याएर आफ्नो सल्लाहकार बनाएछन् र भिरपानीको खेत कुशविर्ता दिएछन् । यिनै श्रीकृष्ण पण्डितले आफना भतिजा कमण्डलु पण्डितलाई पनि तनहुँमा ल्याएछन् (परिशिष्ट-३८) । यसरी तनहुँमा खनालहरु जस्तै गरी अन्य ब्राह्मणहरु ढकाल, पौडेल, वाग्ले, मिश्र, पन्त, जोशीलाई पनि सेन राजाहरुले नै तनहुँमा ल्याएर विर्ता दिएर राखेको देखिन्छ । सेन राजाको समयदेखि नै तनहुँको राजदरबार भन्दा नजिकै सिम्पानी र आमडाँडामा दुईवटा ठूला ब्राह्मण बस्ती थिए (थापा, अन्तर्वार्ता, २०६६।१०।१५) तर हाल यी दुवै ठाउँमा ब्राह्मणहरुको बसोबास छैन । सिम्पानीमा ब्राह्मण बाहेक अन्य जातिको बसाई रहे पनि आमडाँडा भने बस्ती शून्य भई खण्डहर बनेको छ ।

वर्ण व्यवस्थामा आधारित समाज भएकाले सेन राज्यकालमा तनहुँमा ब्राह्मणलाई समाजको सम्मानित जाति मानिन्थ्यो । ब्राह्मणहरुलाई धर्म र शिक्षाका संवाहकको रुपमा लिइन्थ्यो । उनीहरु पण्डित र पुजारीका रुपमा रहन्थे । सेन राजाहरुले ब्राह्मणलाई गुरु एवं पुरोहितको रुपमा दरबारमा स्थान दिएका थिए । यसका लागि राजाहरुले समय समयमा भूमिदान र विर्ता दिने गर्दथे । तनहुँ राजदरबारमा ब्राह्मणहरुको खुबै उपस्थित हुन्थे भन्ने पाइन्छ ।

तनहुँमा हालसम्म पनि ब्राह्मणहरुको उल्लेखिय बसोबास रहेको छ । वि.सं. २०६८ को जनगणना अनुसार तनहुँमा ब्राह्मणहरुको जनसंख्या ३८,३८२ रहेको छ (नेपाल सरकार, २०७५, पृ.१९) । त्यसैगरी तनहुँमा खनाल, ढकाल, आचार्य, मिश्र, वाग्ले, पौडेल, जोशी, पन्त, भट्टराई आदि थरका ब्राह्मणहरुको बसोबास रहेको छ ।

वर्णाश्रम व्यवस्था अनुसार समाजमा क्षत्रीको स्थान दोस्रो थियो । सेनहरु आफूलाई ब्रह्मक्षेत्रीय भन्ने गर्दथे (दास, २०६८, पृ.८८) । तनहुँ राज्यका सेनापति काजी गरुडध्वज पन्त

निःसन्तान रहेकाले उनकी कजिनीले अधिकारी थरका आफ्ना भान्जालाई धर्मपुत्र बनाएर तनहुँमा ल्याई काजी बनाएर राखिन्। त्यसपछि अधिकारीहरु तनहुँ दरबारमा रहन थालेका हुन भन्ने पाइन्छ (अधिकारी, अन्तर्वार्ता, २०७३।०२।२९) । तर यस घटना हुनुभन्दा अगाडि नै तुला सेनकी रानी तिलोत्तमाले पौवा गुठी राखेर त्यसको संरक्षक आफ्नो माइति खलक अधिकारीहरुलाई दिएकी थिईन्। त्यस समय पौवा नजिक अधिकारीहरुको ठूलो बस्ती थियो भन्ने पनि गरिएको हुनाले तनहुँमा अधिकारीहरुको बसोबास तुला सेन राजा हुनुभन्दा पहिले देखी नै रहेको पाइन्छ । त्यस्तैगरी पृथ्वीनारायण शाहका पहिलो सेनापती शिवराम वस्नेतकी श्रीमती सुरप्रभा तनहुँ राज्यका विक्रम थापाकी सहोदर बहिनी थिइन् । यही नाताले विक्रम थापाका छोरा वीरभद्र थापा तनहुँमा रहेको आफ्नो सबै पुर्ख्यौली जग्गा जमिन छाडेर गोरखामा आई बसोबास गरे । उनले गोरखामा सैनिकको जमदार पदबाट राजकिय सेवा सुरु गरेका थिए (आचार्य, २०६९, पृ.२) । यसबाट तनहुँ राज्यमा थापाहरुको बसोबास सेन राजाको समयदेखि नै थियो भन्ने देखिन्छ ।

वर्ण व्यवस्था अनुसार क्षेत्रीको काम सैनिक सेवामा आवद्ध भएर राष्ट्रको सुरक्षा र संरक्षण गर्नु रहेको थियो (थापा, २०५३, पृ. ६-१०) । त्यसैले तनहुँमा पनि अधिकांश क्षेत्रीहरु सैनिक सेवामा आवद्ध हुन्थे । सेन शासन कालमा तनहुँ राज्यमा अधिकारी, थापा, बस्नेत, खत्री थरका क्षेत्रीहरु रहेको पाइन्छ । हाल पनि तनहुँमा यी थरीका क्षत्रीहरुको बाक्लो बसोबास रहेको छ । २०६८ को जनगणना अनुसार तनहुँमा क्षेत्रीहरुको जनसंख्या ३७,८०८ रहेको छ (नेपाल सरकार, २०७५, पृ.१९) ।

समाजमा तेश्रो स्थान वैश्यको थियो । मगर, गुरुङ, दरै, बोटे, राई, लिम्बु, नेवार जस्ता विभिन्न जातिहरु यस वर्गमा पर्दथे । बढी जनसंख्या रहेको यस वर्गका मानिसहरु कृषि, व्यापार, पशुपालन र कलाकृतिमा आवद्ध भएको देखिन्छ । सेन राज्य स्थापना हुनुभन्दा अगाडि नै तनहुँमा मगरहरुको बसोबास रहेको र त्यस भेकमा स-साना राज्यहरुमा मगरहरुकै शासन थियो भनिन्छ । यसरी गण्डकी क्षेत्रका तनहुँ लगायतका भूभागमा आएर सर्वप्रथम बसोबास गर्ने मगर जाति देखिन्छन् । तनहुँका कतिपय स्थान र नदी तथा खोलाका नाम मगर भाषाबाट राखिएको पाइएकाले पनि मगर जाति नै यस क्षेत्रमा बसोबास गर्ने पहिलो जाति हुन भन्ने थप आधार मिल्दछ । यहाँका मगर जातिमा मुख्य तीन थर छन् - थापा, आले र राना । यी तीन थरमा पनि अनेक उपथरहरु छन् । थापा थरको चुमी, अस्लामी, सिंजाली, खड्का, सारु आदि, रानाको पुलामी, भुसाल, गरंजा, हिस्की, रामजाली आदि र आलेको मास्की, बाचे, भेंडी, बुढाथोकी आदि । हाल तनहुँको रिसिङ्ग, घिरिङ, गजरकोट, भीरकोट, मानुङ, दभूङ आदि ठाउँहरुमा मगरहरुको बाक्लो वस्ती रहेको छ । वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार तनहुँ जिल्लामा सबैभन्दा बढी जनसंख्या मगर जातिको रहेको छ । राष्ट्रिय तथ्याङ्क अनुसार तनहुँमा मगरहरुको जनसंख्या ८७,०७८ रहेको छ (नेपाल सरकार, २०७५, पृ.१९) ।

मगर जस्तैः बोटे, दराई जाति पनि सेनहरुले राज्य गर्नु भन्दा अगाडि देखि नै तनहुँमा बसोबास गरेको मानिन्छ । त्यसैले मगर जाति जस्तै यी जातिहरुलाई पनि तनहुँको आदिवासी जनजाति मानिन्छ । बोटेलाई नै माझी वा कुशहर भन्ने गरिन्छ (विष्ट, २०७१, पृ.८५) । पौराणिक

कालमा महर्षि वेदव्यासकी माता श्री मत्स्यगन्धलाई मादी नदी नजिक वस्तीका एक माझीले माछाको पेटबाट झिकेर आफ्नै छोरी बनाई पालनपोषण गरी हुर्काएको किंवदन्ती महाभारत लगायतका धार्मिक ग्रन्थहरुमा पाइन्छ । यसर्थ त्यतिबेला देखि नै तनहुँ दमौलीको मादि नदी छेउछाउमा माझी वा बोटे जाति बसोबास गर्दथे भन्ने बुझिन्छ । हाल पनि यी बोटे जाति तनहुँ र कास्की जिल्लाको मादी, सेती र काली गण्डकीको किनारको छेउछाउमा बसोबास गर्दछन् । हालसम्म पनि यी जातिहरुको मुख्य पेशा कृषिको अलावा माछा मार्ने र डुङ्गा चलाउने नै हो ।

बोटे जस्तै दराई जाति पनि तनहुँमा परापूर्व कालदेखि नै बस्दै आएको जाति हो । यिनै दराई जातिका व्यक्तिले मादीमा माछा मार्ने क्रममा तनहुँसुरकी चण्डीमाई शीलाको रुपमा जालमा पारेको र देवीले सपनामा आफूलाई तनहुँसुरमा स्थापना गरिदेउ भन्ने आदेश दिएकोले सेन राजाको आज्ञाले हाल रहेको ठाउँमा चण्डीमाइको मन्दिर स्थापना गरेको जनश्रुती छ । सेन राजाको पालामा दमौलीको शेरा फाँट सबै सेन राजाको खान्कीको रुपमा रहेको र त्यहाँ खेती गर्न त्यहीको दराईहरुलाई दिएका थिए । दराईहरुले खेतीको आयस्ता राजालाई बुझाउने गर्दथे । त्यसका साथै उनीहरुले समय समयमा सुकेको माछा, आफै बुनेको ढकिया, गुन्द्री राजाको हजुरमा चढाउने गर्दथे (कैनी, २०६३, पृ.३) । यसबाट पनि दराई जाति सेन राजाको समयभन्दा अघिदेखि नै तनहुँमा बसोबास गर्दथ्यो भन्ने देखिन्छ । सेन राज्यको पतनपछि पनि उनीहरुले दमौली शेरा फाँटको आयस्त तनहुँसुरको मुखियालाई वेठीको रुपमा बुझाउँदै आएको थियो (थापा, अन्तर्वार्ता, २०६७।१०।१५) । दमौली सेरा फाँटमा पुस्तौं पुस्तादेखि बस्दै आएका बोटे र दराईहरुलाई जिल्ला पञ्चायत तनहुँले अन्यत्र (वैरेनी, कुमलटारी, भादगाउँ, पतेनी आदि ठाउँमा सारे । बोटे र दराई सरेपछि खाली भएको दमौली फाँट ( वि.सं. २०२५) मा जिल्ला पञ्चायतले प्लानिङ गरेर घडेरी बिक्री गर्न थाल्यो । त्यस समय १ फूटको रु. १० को दरले घडेरी बिक्री गरेको थियो । जसले घडेरी किन्छ उसले एक महिनाभित्र घर बनाउनु पर्ने जि.प.को उर्दि थियो । वि.सं. २०२५ सालमा नै बन्दीपुरबाट दमौलीमा सदरमुकाम सऱ्यो । वि.सं. २०२६/०२७ बाट व्यापक रुपमा त्यहाँ वस्ती विस्तार भयो । वस्ती विस्तारकै क्रममा भेष बहादुर थापा अर्थमन्त्री भएको समय (२०३२-२०३४) मा मालपोत तिरेको २२ गुणा बढी तिरो तिरेपछि प्लानिङ गरेर बेचेको गुठी जग्गा रैतानी नम्बरी हुने भयो (श्रेष्ठ, अन्तर्वार्ता, २०७४।१०।२०) । हाल तनहुँ जिल्लाको व्यास नगरपालिका भित्र पर्ने भादगाउँ, सांखर, अत्रौली र वकौली, रतौली गाउँ, डिहीँ, रानी गाउँ, पतेनी, रुपाटार, वेलटार, पिपलटार र पुट्टारमा पनि दराई जातिको बाक्लो बस्ती रहेको छ । चितवनमा पनि यस जातिको उल्लेख्य बसोबास छ र उनीहरु तनहुँबाट नै चितवन झरेका हुन् । दराई जातिको उद्गम स्थल भनेको नै तनहुँ भएको र तनहुँबाट नै यो जाति बसाई सराई भई अन्य जिल्लाहरुमा गएको देखिन्छ ।

सेन राजा कै राज्यकाल देखि तनहुँमा मुस्लिमहरुको पनि बसोबास हुन थाल्यो । पन्ध्रौ शताब्दीको अन्त्यतिर कास्मीरको मुसलमानहरु लद्दाखको बाटो भएर तिब्बत गई गलैंचा, कम्बल, दोसल्लाको व्यापार गर्दथे । व्यापार व्यवसायकै क्रममा ती मुसलमानहरु कास्मीर र तिब्बत ओहोर दोहोर गर्दथे । कान्तिपुरका राजा रत्न मल्लका प्रतिनिधिले ल्हासामा ती मुसलमानहरुसँग भेट गरी नेपालमा व्यापार गर्न बोलाएर ल्याएका थिए । पछि रत्न मल्लले उनीहरुलाई नेपालमा नै कोठी

खोलेर व्यापार गर्ने अनुमती दिए (विष्ट, २०७१, पृ. १०६) । त्यसपछि मुसलमानहरु काठमाडौं उपत्यकामा आएर व्यापार गरेर बस्न थाले । पछि नेपालको पश्चिम पहाडतिर स्वतन्त्र रुपमा व्यापार गर्ने उद्देश्यले भारतको बिहारबाट पनि मुसलमानहरु नेपाल पसे । यसरी आएका मुसलमानहरु तनहुँमा पनि व्यापार गर्न थाले । स्वतन्त्र रुपमा व्यापार गर्दै हिँड्ने मुसलमानहरुलाई 'चुरेटा' भनिन्थ्यो । यसरी नेपाल उपत्यकामा आउने मुसलमानहरु कास्मीर र पञ्जावबाट आएका थिए भने तनहुँमा रहेका मुसलमानहरु उत्तर बिहारबाट आएका हुन् (रेग्मी, १९७५, पृ. ६५) । तनहुँका राजाको जमिन्दारी बिहारको रामनगरमा रहेकाले पनि त्यहाँका मुसलमानहरुलाई तनहुँ आउन सजिलो भएको देखिन्छ । तनहुँका राजा दिग्विजय सेनले ती मुसलमानहरुलाई बसोबासका लागि 'सम्जुर' भन्ने ठाउँ दिएका थिए । हालसम्म पनि सम्जुरमा मुसलमानहरुको बस्ती छ । त्यहाँ सेन राजाकै पालामा बनेको 'जुम्मे मस्जिद' पनि छ । सम्जुरका अधिकांश मुसलमानहरु सुविधा सम्पन्न ठाउँहरु दमौली, डुम्रे, काठमाडौं, पोखरा गएर व्यापार व्यवसाय गरी बसिरहेका छन् भने केही सम्जुरमा नै बसेर खेती किसान गर्दछन् ।

सेन राजाकै शासनकालमा तनहुँमा नेवार जातिको पनि बसोबास थियो । राजा दामोदर सेनले भक्तपुरबाट मूल र बतास थरका नेवारहरुलाई तनहुँ राज्यमा ल्याई मूलहरुलाई पसले र बतासहरुलाई राजदरबारको भण्डारे बनाएर राखे भन्ने गरेको पाइन्छ (मूल, अन्तर्वार्ता, २०७२।०२।२९) । त्यसपछि भक्तपुरबाट नै तनहुँसुरमा श्रेष्ठ थरका नेवारहरु पनि आएर बसोबास गर्न थाले । सेन कालमा तनहुँ इलाकाको स्थानीय प्रशासन चलाउनका लागि प्रत्येक गाउँ वा थुममा एउटा थरी वा मुखिया रहन्थे । राणा कालमा नेवार टोलमा मात्र ५ वटा त थरीहरु नै थिए । थरी बस्ने टोललाई थरी टोल भनिन्थे । वि.सं. २०२०।२०२२ सालसम्म तनहुँसुरमा नेवारहरुको बाक्लो बस्ती थियो । तनहुँ जिल्लाको सदरमुकाम बन्दीपुरबाट दमौलीमा सरेपछि त्यहाँबाट अधिकांश नेवारहरु बसाई सरेर दमौलीमा बस्न थाले । बाँकी नेवारहरु पनि चुँदी टुहुरेपसल झरेर व्यापार गर्न थाले । हाल तनहुँसुर हटियामा नेवारहरुको ३।४ घर मात्र बाँकी छन् ।

त्यसैगरी सेन राजा कै राज्यकाल देखि बन्दीपुरमा पनि भक्तपुरका नेवारहरु आएर व्यापार व्यवसाय गरी बस्न थाले । नेवार जातिको मुख्य व्यवसाय व्यापार हो । त्यसैले तनहुँका मुख्य शहरहरु दमौली, डुम्रे, विमलनगर, आवु खैरेनी, भिमाद, बन्दीपुर, खैरेनीटार, टुहुरेपसल, आदिमा नेवारहरुको उल्लेखनीय बसोबास छ । वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार तनहुँ जिल्लामा नेवारहरुको जनसंख्या २४,८२४ रहेको छ (नेपाल सरकार, २०७५, पृ.१९) । सेनकालीन समयमा पश्चिमी पहाडी राज्यहरु तनहुँ, लमजुङ, कास्की राज्यहरु बन्दीपुरकै बाटो भएर भारत र नेपाल उपत्यका जाने आउने गर्दथे । त्यस समय बन्दीपुर शक्तिशाली भन्सारको रुपमा विकसित भैसकेको थियो (लिंडा एल., १९८०, पृ. ८१-१२५) । बन्दीपुरमा पनि नेवारहरुको बाक्लो बस्ती थियो । पृथ्वीराजमार्ग बनेपछि बन्दीपुरको नेवारहरु केही नारायणगढ त केही दमौलीमा झरेर व्यापार व्यवसाय गर्न थाले ।

वर्णव्यवस्था अनुसार चौथो वर्गमा शूद्रलाई राखिएको थियो । शुद्रको काम राजा तथा राज्यको सेवा गर्नु रहेको थियो । सेन राज्यकालमा स्थापना भएको खडककालिका मन्दिरमा बिजयादशमीमा

खड्क सफा गर्ने, मन्दिरमा रहेको अन्य हातहतियार सफा गर्ने, दरबारमा पात टिपेर लैजाने कामीहरु, खड्ककालिको नित्य पूजा गर्दा र नवदुर्गा भरी मन्दिरमा नगरा बजाउने दमाईहरुलाई पनि गुठीको व्यवस्था भएको देखिन्छ । यसबाट सेन राजाको राज्यकालमा तनहुँ राज्यमा दमाई, कामी, सार्की आदि जस्ता व्यवसायिक जातिहरुको बसोबास रहेको स्पष्ट हुन्छ । वि.सं. १७१५ तिर पाल्पा र कर्णाली प्रदेशतिरबाट पर्वत राज्यमा यी जातिहरु बसोबास गर्न गएको थियो भन्ने पाइन्छ (घिमिरे, २०४५, पृ.११४) । पाल्पाबाट ब्राह्मण, क्षेत्री, खवास आदि जातिहरु तनहुँमा आएर बसोबास गरी बसेको देखिएकाले यी कथित दलित भनिने व्यवसायिक जातिहरु दमाई, कामी, सार्कीहरु पनि पाल्पातिरबाट नै आएर बसोबास गर्न थालेको बुझिन्छ ।

वर्तमान अवस्थामा बहुसंख्यामा मगर जातिको बसोबास रहेको तनहुँ जिल्लामा दलितहरुको पनि उल्लेखनीय बसोबास छ । २०६८ सालको जनगणना अनुसार तनहुँ जिल्लामा २७,९०५ जना दलितहरु बसोबास गरेको देखिन्छ (नेपाल सरकार, २०७५, पृ.१९-२१) । हाल तनहुँ जिल्लामा ब्राह्मण, क्षेत्री, गुरुङ्ग, नेवार, खवास, ठकुरी, दराई कुमाल, बोटे, मुस्लिम, खड्की र विभिन्न दलित जातिको बसोबास रहेको छ ।

## ७.३ संस्कृति

सेनकालीन तनहुँमा ब्राह्मण, क्षेत्री, वैश्य र शुत्र गरी चार वर्ग र विभिन्न जातिका मानिसहरुको बसोबास थियो । सबै जातिको आ-आफ्ना भाषा, धर्म, रहनसहन र संस्कारहरु थिए ।

### ७.३.१ पारिवारिक गठन

सेनकालीन तनहुँको समाज पितृप्रधान समाज थियो । मानिस संयुक्त परिवारमा बस्दथे । परिवारको नेतृत्व जेष्ठाधिकारमा आधारित थियो । संगौलमा बस्ने हुँदा सम्पत्ति पनि बाँडफाँड गर्न नपर्ने र परिवारमा कोही दुःख बिमार हुँदा पनि खासै समस्या पर्दैनथ्यो । यदि संयुक्त परिवारमा सम्पत्ति सम्बन्धी विवाद आएमा सबै भाइमा बराबर अंश छुट्याउने गर्दथे । राज परिवारमा जेठा छोरा उत्तराधिकारी हुन्थे तापनि कहिलेकाहीँ किचलो पनि भएको देखिन्छ । यही कारण राजा हम्वीर सेनले जेठी रानीबाट जन्मेका राजकुमार तुला सेनलाई तनहुँको र अर्की रानीतिरबाट जन्मिएका छोरा मधुसुदन सेनलाई रिसिङ राज्यको उत्तराधिकारीको घोषणा गर्नुपरेको थियो । हाल नेपालमा एकल परिवारको अवधारणा मौलाउँदै गएको परिप्रेक्षमा तनहुँमा पनि यसकै प्रभाव परेको छ । तर अधिकांश परिवार संयुक्त परिवारमा नै रहेको पाइन्छ ।

### ७.३.२ खानपिन तथा पहिरन

तनहुँका राजाहरु शिकारका सौखिन थिए । राज्यको आधा भाग तराई पर्ने भएकोले त्यहाँ ठूलो जंगल थियो । जंगलमा बाघ, भालु, हात्ती, गैडा, जंगली बनेलहरु प्रशस्त पाइन्थ्यो (रेग्मी, १९७५, पृ.६७) । तनहुँका राजाहरु चितवनको जंगलमा शिकार गर्दथे । शिकार गरेको मासु खान्थे ।

तनहुँको पहाडी भूभागमा पनि फाँट र टारहरु प्रशस्तै थिए । ती फाँट र टारहरुमा प्रशस्त धान खेती हुन्थ्यो । यसबाट तनहुँ बासीलाई भात खानको दु:ख थिएन भन्ने देखिन्छ ।

तत्कालीन समाजमा आ-आफ्नो जात, धर्म र परम्परा अनुसार मासु, माछा, दुध, दही, घ्यू, फलफूल आदि खाने चलन थियो । तनहुँका शक्तिपिठहरुमा पञ्चवली दिने, बलि दिएको मासु सबैले खाने चलन रहेको पाइन्छ । जनसंख्याको ठूलो हिस्सा रहेका मगरहरुको परम्परागत खाना मासको बारा, सेल रोटी, उसिनेको सिल्टुङ र बोडी, सुँगुरको मासु, कोदोको रक्सी हो (थापा, २०५६, पृ.७५)। विशेष चाडपर्व र विवाह, ब्रतबन्ध जस्ता संस्कारहरुमा मगरहरुले यही परिकारहरु खान्छन् ।

तनहुँ राज्यको सीमाना भारतसँग पनि जोडिएको हुनाले त्यहाँका राजाहरुको सम्बन्ध दिल्लीका वादशाहहरुसँग थियो । यसकारण अवश्य पनि राजाहरुले लगाउने पहिरन तथा आभूषणमा दिल्ली वादशाहहरुको प्रभाव परेको हुन सक्दछ । तर पहिरन खुल्ने कुनै स्रोतहरु  फेला नपरेकोले यहि हो भन्न सकिँदैन । सर्वसाधारण जनताहरुले भने हावा, पानी र भौगोलिक वातावरण अनुसार फरक फरक पहिरन लगाउने गर्दथे । हाल तनहुँमा आधुनिक पहिरनको चलन छ । विदेशबाट आयात गरिएका पहिरनहरु सबैको रोजाइमा पर्दछन् । तर सबै जसो जनजातीको आ-आफ्नै मौलिक पहिरनहरु छन् । मगर, गुरुङ्ग, नेवार, दरै जातिका महिला पुरुषहरुले राष्ट्रिय चाडपर्वमा जातीय पोशाक लगाउँदछन् । जसमध्ये मगर महिलाहरुको पहिरनमा मुगियाको गून्यू, चोलो, घलेक, पहेंलो पटुकी, टिकेश, पछ्यौरी पर्दछन् भने गहनाहरुमा सुन, ढुङ्ग्री, फूली, बुलाकी, सिरबन्दी, कल्ली, चाँदीको रैया, पटनाको हार, ठिमुराको माला, पहेंलो पोते, कण्ठ, जन्तर, चन्द्रमा आदि मुख्य हुन् ( आले, अन्तर्वार्ता, २०७४/८/१५) । मगर पुरुषहरुले भने सेतो घरबुनाको कछाड, भोटो, पहेंलो पटुका, कालो टोपी र घुर्बुनाको दोकाँध पारेर लगाउने सेतो गादो लगाउँदछन् ।

### ७.३.३ संस्कार

तनहुँ राज्यमा जन्म, विवाह र मृत्यु जस्ता सामाजिक संस्कार प्रत्येक जातिमा फरक थियो । हिन्दू धर्मावलम्बी समाज भएकाले त्यहाँ पनि त्यसै अनुरुपको संस्कार चलेको थियो । तनहुँ राज्यमा यस्ता कर्मकाण्डको शास्त्रीय विधि लेखिएको कुनै पुस्तक भेटिएको छैन तर पाल्पाका सेन राजाहरुले 'कर्मकाण्ड विधि' र कर्मकाण्ड निबन्धका विषयमा लेखिएका ग्रन्थ सामाजिक संस्कार गर्ने चलन थियो । जसमा जन्मदेखि मृत्युसम्मको सबै खालको संस्कार ब्रत, चाडपर्व आदिको व्याख्या गरिएको छ । ब्राह्मण, क्षेत्री, बैश्य, शुद्र चार वटै वर्णले अपनाउनु पर्ने फरक फरक संस्कारहरु यसमा उल्लेख छन् (घिमिरे, २०४५, पृ.११६) । चौबीसी राज्यहरुमा प्राय उस्तै खाले सामाजिक संस्कारहरु अपनाउने चलन रहेको पाइन्छ । तनहुँ राज्यमा त झन पाल्पा कै सेन वंश राजा भएकाले यस्ता संस्कार विधिहरु पाल्पाको जस्तै थिए भन्ने मानिन्छ ।

विवाह गर्ने चलन सबै जातिमा फरक फरक रहे पनि विवाह आफ्नै जातिमा हुन्थ्यो । राजपरिवारको वैवाहिक सम्बन्ध शाह, समाल वंशसँग भएको पाइन्छ । तनहुँका चार जना सेन राजकन्याहरुको विवाह गोरखाका शाह राजघरानामा भएको र लमजुङ राजकन्याको विवाह तनहुँका

राजकुमारसँग भएको चर्चा यस अगाडि भइसकेको छ । तनहुँ राज्यको पतनपछि रामनगर गएर बसेका तनहुँका राजपरिवारको नेपालको राजपरिवारसँग वैवाहिक सम्बन्ध रहेको चर्चा पनि भइसकेको छ । मगर जातिमा फुपुको छोरा र मामाकी छोरी बीच विवाह हुने चलन हालसम्म छ । तर फुपुको छोरी र मामाको छोरा बीच विवाह हुँदैन । उनीहरु बीच जेठु र भाञ्जीको साहिनो पर्दछ । यदि यस्तो साइनोमा विवाह भएमा समाजले मान्यता दिँदैन । यस्ता विवाहित जोडिहरु आजीवन समाजबाट बहिस्कार भएर बस्नुपर्दछ (थापा (श्रेष्ठ), २०७५, पृ.९८-१०५) । गुरुङ जातिमा भने मामाकी छोरी र फुपुको छोरा, मामाको छोरा र फुपुकी छोरी दोहोरो साहिनोमा नै विवाह हुन्छ ।

### ७.३.४ नारीको स्थान

मध्यकालीन नेपालका सबै राज्यहरुमा बालविवाह, बहुविवाह, अनमेल विवाह जस्ता कुरीतिहरु व्याप्त थियो । तनहुँ राज्यमा पनि राजपरिवार र उपल्लो वर्गमा यस्तो प्रचलन व्याप्त रहेको पाइन्छ । तनहुँका राजा हंम्बीर सेनका नौ जना विवाहिता रानीहरु थिए (राजवंशी (सम्पा.), २०२०, पृ.८) । त्यस बाहेक अन्य ल्याइने रानीहरु र केटीहरु पनि दरबारमा राख्ने चलन रहेको पाइन्छ । राजा दामोदर सेनका १० जना विवाहिता रानीहरु र १६ जना भित्रिनीहरु थिए (राजवंशी ( सम्पा.), २०२०, पृ.१६) । हुन त मध्यकालीन समाजमा राजा महाराजाको मात्र नभई भाइ भारदार र सर्वसाधारण जनतामा पनि एक भन्दा बढी श्रीमती विवाह गर्नुलाई सामान्य रुपमा नै लिइन्थ्यो ।

तनहुँको रानीहरुले जारी गरेको कुनै पनि लालमोहर प्राप्त छैनन् । दिग्विजय सेनकी रानी तिलोत्तमाको विषयमा केही जनश्रुतीहरु पाइन्छ । यिनले मरेङघाटबाट तनहुँसुर उक्लने ठाडो बाटोबीच पौवा भन्ने ठाउँमा बटुवालाई पानी पिउने व्यवस्था गरी धर्मशाला बनाएर त्यसको संरक्षण र संचालन गर्नाका लागि अधिकारीहरुलाई जिम्मा दिएकी थिइन् भन्ने विषयमा चर्चा भैसकेको छ । यिनले तनहुँको सम्जुरमा बसोबास गरिरहेका मुसलमानहरुको विशेष अनुरोधमा 'तिलोत्तमा जामे मस्जीद' बनाएकी थिइन् । त्यस्तै गरी राजा त्रिविक्रम सेन द्वितीयले बनाएको दरबार परिसरमा रहेको विष्णुको मन्दिरमा चढाएको घण्टमा आफ्नो नाम र रानी पद्मकुमारीको नाम कुँदिएको छ । यसबाट तनहुँका राजाहरुले आफ्नो रानीलाई निकै महत्व दिन्थे भन्ने देखिन आउँछ ।

तनहुँ राज्यमा अन्य जातिको तुलनामा मगर जातिमा घरपरिवारमा नारीको प्रभाव बढी हुन्थ्यो र हालसम्म पनि छ । यसलाई मातृसत्तात्मक व्यवस्थाको अवशेषको रुपमा लिन सकिन्छ । तर पहाडी भेकका मगर जातिमा साहुको ऋण तिर्न आफ्नी छोरीलाई बेच्ने चलन पछि सम्म पनि रहेको थियो (नेपाली, २०५६, पृ.२५२-२५३) । त्यसै गरी समाजमा सात, आठ वर्षकी कन्या विवाह गर्ने चलन थियो । हिन्दू धर्ममा रजस्वला नभएकी छोरीलाई कन्यादान दिनु उत्तम हुने र आमा बुबाको मृत्युपछि स्वर्गमा बास हुन्छ भन्ने मान्यता थियो । अतः आफ्नी रजस्वला नभएकी छोरीको विवाह हजुरबुबा उमेरका व्यक्तिसँग पनि गरिदिने चलन थियो ।

पतिको मृत्युपछि पतिको लाससँगै पत्नीलाई जिउँदै जलाउने वा गाड्ने प्रचलनलाई सती प्रथा भनिन्छ । तनहुँमा राजाको मृत्युपछि रानीहरु सती गएको पुष्टि हुने कुनै पनि प्रमाण भेटिएको छैन । राजा हम्वीर सेनको निःसन्तान अवस्थामा मृत्यु भएपछि उनकी रानीले राजपुरका राजा अर्जुन सेनका कान्छा छोरा तुला सेनलाई धर्मपुत्र बनाएर राजगद्दीमा राखिन भन्ने पनि पाइन्छ (उपाध्याय, १९७९, पृ.७६) । त्यसै गरी तनहुँका सेनापती गरुडध्वज पन्तको निःसन्तान मृत्युपछि उनकी कजिनीले अधिकारी थरका आफ्ना भान्जालाई धर्मपुत्र बनाएर राखी काजीको पदमा थमौती गरिन् पनि भनिन्छ । यी उदाहरणबाट तनहुँका सेन राजा तथा भारदारहरुमा सती प्रथा अनिवार्य थिएन कि भन्ने देखिन्छ ।

## ७.४ धर्म

धर्म आस्था हो । धर्म विश्वास हो । धर्म अलौकिक शक्ति हो । स्वर्ग, नरक, मोक्ष र पुनर्जन्म जस्ता अलौकिक कुराहरु धर्ममा जोडिएका हुन्छन् । कतिपय समाजलाई धर्मले निर्देशित गरेको हुन्छ । नेपालमा बहुसंख्यक मानिसहरु हिन्दू धर्म मान्दछन् । त्यस बाहेक बौद्ध, मुस्लिम, क्रिश्चियनका साथै अन्य धर्म पनि मान्दछन् । तनहुँमा पनि बहुसंख्यक हिन्दूधर्मावलम्बी र अल्पसंख्यक बौद्ध, मुश्लिम, क्रिश्चियन धर्मावलम्बीहरु छन् ।

सेनकालीन तनहुँमा राजा तथा बहुसंख्यक जनताहरु हिन्दूधर्म मान्दथे । त्यस बाहेक बौद्ध, मुस्लिम, क्रिश्चियन धर्म मान्ने समाज पनि थियो । त्यसमा हिन्दूधर्म अन्तर्गत शैव, वैष्णव र शाक्त सम्प्रदायहरु रहेका थिए ।

### ७.४.१ वैष्णव सम्प्रदाय

तनहुँका  सेन राजाहरु हिन्दू धर्म मान्दथे । पाल्पाली राजाहरुले जस्तै तनहुँका राजाहरुले पनि उस्तै प्रशस्ति मान्ने गरिएकोले उनीहरु पनि वैष्णव सम्प्रदाय मान्दथे भन्ने देखाउँदछ (परिशिष्ट-६) । पाल्पाका राजा मुकुन्द सेन प्रथमले देवघाटमा चतुर्वाहु विष्णुको मूर्ति स्थापना गरेका थिए (घिमिरे, २०४५, पृ.११९) । तनहुँसुर दरबार परिसरमा भगवान विष्णुको मन्दिर रहेको छ । यो मन्दिर तनहुँका सेनवंशी प्रथम राजा भृङ्गी सेनले बनाएका हुन् भनिन्छ । उक्त मन्दिरमा राजा त्रिविक्रम सेन द्वितीय र रानी पद्मकुमारीले ढलोटको घण्ट चढाएका थिए । त्यसै गरी हालसम्म पनि तनहुँका घरघरमा हरिबोधनी एकादशी (ठुली एकादशी) को अघिल्लो दिन सत्यनारायणको पूजा लगाउने चलन छ । पूजाको दिन रातभर जागराम बसि एकादशीको दिन नजिकको घाट, पधेरा वा शक्तिपिठहरुमा फूल तार्ने चलन छ । भगवती पानी मन्दिरमा, चण्डी स्थान मन्दिर, सतिघाट, शिशाघाट आदि ठाउँहरुमा फूल तार्ने चलन सेन राजाको पाला देखिको हो भनिन्छ । त्यसैगरी तनहुँमा कार्तिक महिना भरी सत्यनारायणको पूजा लगाउने चलन पनि सेनकालीन चलनको निरन्तरता हो भनिन्छ ।

त्यसै गरी तनहुँमा छाब्दीबाराही, ढोरवाराही, आधिमुल बाराही, लुती बाराहीका मन्दिरहरु छन् । भगवान् विष्णुको दश अवतार मध्ये बराह अवतार एक हो । त्यही बराह अवतारलाई शक्ति स्वरुप स्त्रीलिङ्गी रुप बाराही देवी भनिएको हो भन्ने पनि पाइन्छ (भण्डारी (जि.सी.), २०७०), पृ.१९७) । १८०७ मा लेखिएको 'गण्डकी स्त्रोतम' मा गण्डकी, विष्णु र शालीग्रामको ठूलो महिमा गाइएको पाइएकाले गण्डकी क्षेत्रमा वैष्णव सम्प्रदायको ठूलो महत्व रहेको देखिन्छ ।

### ७.४.२ शैव सम्प्रदाय

तनहुँका सेनवंशीय राजा तथा जनतामा वैष्णव धर्मप्रति जति झुकाव थियो त्यस्तै झुकाव शैव सम्प्रदायप्रति पनि रहेको पाइन्छ । तनहुँसुर दरबार परिसरमा महादेवको मन्दिर छ । त्यसैगरी भगवती मन्दिर नजिक शिखर शैलीमा बनेको सानो शिवमन्दिर छ (स्थलगत अवलोकन, २०७३/६/२८-२०७३/६/३०) । त्यसै गरी चुँदि खोलाको शिर शेरावेशि चन्द्रावतीमा महादेवको मन्दिर रहेको छ । यो मन्दिर राजा दिग्विजय सेनकी रानी तिलोत्तमाले बनाएकी हुन् (अधिकारी, अन्तर्वार्ता, २०७३/२/२९) । त्यसै गरी पाल्पाका राजा मुकुन्दसेनले देवघाटमा मुकुन्देश्वर महादेवको मन्दिर निर्माण गराएका थिए (पन्त र पन्त, २०३६, पृ.१३२) । त्यसैगरी तनहुँ रामजाकोटको रुपाटारमा गडगडेश्वर महादेवको मन्दिर छ । यो मन्दिर रिसिङका सेन राजाले बनाएको भन्ने पाइन्छ । मन्दिर अगाडि झुण्ड्याएको घण्टमा सम्वत् १८९० लेखिएको छ । घण्टमा "इति श्री सम्वत् साल मिति श्रावण सुदी र रोज छ मा श्री गड्गडेश्वर प्रशनार्थ प्रिति गरी श्री परमानन्द गिरी परमहंसले यो घण्टी चढायुँ, यो घण्टमा लोभ गऱ्या पञ्चमहतक लाग्ला शुभम" भनि लेखिएको छ (भण्डारी (जि.सी.), २०७०, पृ.१९९) । यसबाट तनहुँको जस्तै रिसिङका सेन राजाहरु पनि शैव सम्प्रदाय प्रति झुकाव थियो भन्ने देखिन्छ । काठमाडौंमा रहेको आराध्यदेव भगवान पशुपती नाथ मन्दिरमा जस्तै तनहुँमा रहेको शिव मन्दिरहरुमा पनि शिवरात्रीको अघिल्लो दिन भक्तजनहरु रातभरी बत्ति बालेर जाग्राम बस्दछन् र भोली पल्ट शिवरात्रीको दिन बत्ती सेलाएर श्री महादेवको पूजाआजा गरी ब्रत बस्दछन् । शिवरात्रीको दिन शिवजीको विशेष पूजा हुनुको साथै मन्दिर परिसरमा मेला लाग्दछ । यो चलन सेन राजाको समयदेखि हालसम्म पनि कायमै रहेको छ । देवघाटमा मुकुन्देश्वर लिङ्गको स्थापना गरिएकोबाट पनि सेन राजाहरु शिव धर्मप्रति निकै आस्था र विश्वास रहेको पाइन्छ । यी शिव मन्दिरहरुमा शिवरात्री, बालाचतुर्दसीमा विशेष पुजा र मेला लाग्ने हुँदा तत्कालीन सर्वसाधारण जनतामा पनि शैव सम्प्रदायप्रति आस्था भएको देखिन्छ ।

### ७.४.३ शाक्त सम्प्रदाय

गण्डकी क्षेत्रमा बसोबास गर्ने आदिवासी मगर जातिले भगवतीलाई 'इष्टदेवी' मानेको पाइन्छ । त्यसैले तनहुँमा प्रशस्तै देवी, सन्सरी, भगवतीको मन्दिरहरु छन् । ती मन्दिरहरुमा मगर जाति नै पुजारी छन् । सेन राजाको शासन भन्दा अगाडि देखि मगर जातिले मान्दै आएको देवी भगवतीको पुजा गर्ने निरन्तरता हालसम्म पनि रहेको छ ।

सेनवंशीय राजाहरुले पनि भगवतीलाई इष्टदेवीको रुपमा मान्दथे (घिमिरे, २०४५, पृ.१२१) । सेनहरुले राज्य गर्न थालेदेखि तनहुँमा शाक्त सम्प्रदायको प्रभाव झन बढ्न थालेको देखिन्छ ।

भृङ्गी सेनले तनहुँसुरमा राजधानी बनाएपछि दरबार नजिकै खडककालिकाको मन्दिर पनि स्थापना गरेको मानिन्छ । प्रत्येक वर्ष वडा दशै र चैते दशैंमा खड्ककालिकाको मन्दिरमा पूजा गर्ने चलन छ । वडा दशैं र चैते दशैंको अष्टमीको दिन खडककाली मन्दिरमा बोका तथा राँगाको बलि दिइने चलन छ । अन्य महिनामा पनि भक्तजनहरुले आफूले राखेको भाकल पूरा होस् भनी पञ्चवली दिने चलन हाल सम्म पनि रहेको छ ।

त्यसैगरी तनहुँसुरको दरबार नजिक रहेको चण्डिस्थान मन्दिरमा पनि स्थानीय थापा मगर नै पुजारी छन् । त्यस मन्दिरमा प्रत्येक वैशाख पूर्णिमाको दिन पाठोको बलि दिएर पूजा हुन्छ । त्यसैगरी भगवतीपानीमा रहेको भगवतीलाई पनि भाकल गरी बलि तथा पञ्चवली दिइन्छ । त्यस्तै तनहुँका सबैभन्दा अग्लो डाँडा छिम्केश्वरी भगवतीलाई पनि शक्तिशाली देवीको रुपमा लिइन्छ । त्यहाँ पनि भक्तजनहरुले बलि पूजा गर्ने तथा पञ्चवलि दिने चलन छ । सेन कालमा तनहुँको राजगुरु गौरीश्वर पाण्डेले तनहुँ राज्यमा जन्मिएका बालक नरभूपाल शाह गोरखा राज्यको राजगद्दीमा बस्न पाओस भनी पुनश्चरण गराएको कुरा इतिहासमा पाइन्छ (पन्त, २०४१, पृ.१६९) । सेन राजाको पालादेखि नै छिम्केश्वरी भगवतीलाई शक्तिको रुपमा पुज्ने गरिन्थ्यो भन्ने कुरा यही उदाहरणले देखाउँछ । त्यसैगरी बन्दीपुरमा रहेको खड्ककालीका मन्दिर र विन्दवासिनी मन्दिरहरु पूजा आजा गर्न भक्तजनको भीड लाग्दछ । यी मन्दिरहरुमा पनि बलि चढाएर पूजा गरिन्छ । भक्तजनहरु भाकल अनुसार कुखुरा, परेवा, पाठा लिएर पूजा गर्न अकला मन्दिरमा पुग्दछन् । यस मन्दिर पनि सेन राजाको समयमा नै स्थापना भएको मानिन्छ । यसका साथै तनहुँमा रहेको बाराही मन्दिरहरु पनि शाक्त सम्प्रदायभित्र पर्दछन् । तनहुँमा छाब्दीबाराही, ढोरबाराही, लुती बाराही मन्दिरहरु छन् । यी सबै बाराहीलाई शक्तिको रुप मानेर बलि दिएर पूजा गर्ने चलन हालसम्म छ । सेनकालदेखि नै हिन्दू धर्म बाहेक बौद्ध धर्मालम्बी, मुस्लिम धर्मालम्बी, क्रिश्चियन धर्मालम्बीहरु पनि तनहुँमा रहेको पाइन्छ ।

राजा त्रिविक्रम सेन द्वितीयले इसाई धर्मका धर्म गुरु पोप बेनेदित्तोलाई तनहुँ राज्यको पहाडी इलाकामा इसाई धर्मको प्रचार गर्नको लागि थप पादरीहरु र बाइबल पठाइदिनु भनी देवघाटबाट पत्र पठाएको सन्दर्भको चर्चा यस अगाडि गरिसकिएको छ । यसबाट तनहुँमा त्यस बखततिर नै इसाई धर्म मान्ने जनसाधारणहरु थिए भन्ने देखिन्छ । त्यसको केही समयपछि पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका बिजय गरेपछि उनले इसाई धर्मावलम्बीहरुलाई देश निकाला गरिदिए । त्यसको प्रभाव तनहुँका क्रिश्चियन धर्मालम्बीहरुलाई पनि परेको हुन सक्दछ । त्यस यता तनहुँमा क्रिश्चियन धर्मालम्बीहरुको संख्या धेरै भएको पाइँदैन । हाल नेपालमा क्रिश्चियन धर्मालम्बीको संख्या दिनानुदिन बढ्दो छ । तनहुँमा पनि क्रिश्चियन धर्म मान्ने मानिसहरु दिनप्रतिदिन बढ्दै गइरहेका छन् । पछिल्लो समयमा त नेपालमा सत्य साइवावा, ओमशान्ती, राधे राधे आदि धर्मका अनुयायीहरु प्रशस्तै देखिन थालेको छ । त्यसको प्रभाव तनहुँमा पनि परेको छ ।

## ७.५ चाडपर्व/जात्रा

तनहुँका सेनवंशी राजाहरुले कुन-कुन चाडपर्व मान्दथे भनी जानकारी प्राप्त हुने सामग्रीको अभाव छ। सेनहरु हिन्दू धर्मालम्बी भएको र अधिकांश जनताहरु पनि हिन्दू नै भएकाले तत्कालीन तनहुँमा हिन्दू धर्म अनुसार नै सबै संस्कार र चाडपर्व मनाउने गरेको बुझिन्छ। तत्कालीन रुपमा मनाइने मुख्य चाँड पर्वहरुमा दशैं, तिहार, माघेसंक्रान्ति, फागुपूर्णिमा मुख्य रहेको पाइन्छ।

**(क) दशैं :** दशैं हिन्दूहरुको ठूलो चाड मानिन्छ। दैत्य राजा महिषसुरलाई शक्ति स्वरुप दुर्गाले वध गरी विजय प्राप्त गरेको खुशियालीमा यो चाड मनाउन थालेको किंवदन्ती पाइन्छ। त्यस्तै पौराणिक ग्रन्थ रामायणमा लेखिए अनुसार भगवान् रामचन्द्रले देवीको आराधना गरेपछि रावणमाथि बिजय प्राप्त गरेको विश्वास गरिन्छ। त्यसैले असत्य माथि सत्यको बिजय हुने अभिलाषाले नवदुर्गा भरी दुर्गा भवानीको उपासना गरिन्छ। दशैंलाई सांग्रामिक महत्वको चाडको रुपमा पनि हेरिन्छ।

मध्यकालमा प्राय सबै राज्यहरुमा शस्त्र अभ्यास (खड्गसिद्धि) को रुपमा यो चाड मनाइने गरिन्थ्यो। त्यसबेला अष्टमीको दिन खड्कसिद्धिको स्थापना गरी देवीको आराधना गरेर खड्क स्थापना गर्ने चलन थियो। तनहुँसुर दरबारको भग्नावशेक नजिक खड्ककालिकाको प्रसिद्ध मन्दिर छ। यो मन्दिर प्रथम सेनवंशीय  राजा भृङ्गी सेनले स्थापना गरेको हो भन्ने मान्यता छ। खड्कालीकाको मन्दिरमा चैते दशैमा दुई दिन र वडा दशैंमा ९ दिन धुमधामसँग पूजा गर्ने चलन सेन राजाको समयदेखि चल्दै आएको हो। वडा दशैंको घटस्थापनाको दिन खवास थरका मंगल्यानीहरुले कालिका मन्दिरमा लिपपोत गरी दिप कलश र गणेश स्थापना गर्दछन्। सेन राजाको समयदेखि नै स्थानीय थापा मगर खडक कालिकाको पुजारी थिए। हाल पनि तिनकै सन्ततीले कालिकाको पूजा गर्दै आएका छन्। तर नित्य पूजा गर्नाका लागि भने ब्राह्मण पुजारी छन्।

घटस्थापनाको दिन दिप कलश र गणेशको स्थापना गरी पूजा गर्दै गरेको र शुभसाईतमा खड्क कालिकाकी सुसारेको रुपमा रहेको खवासिनीहरुले मंगलगीत गाउने चलन थियो। मंगलगीत गाउनेलाई मंगल्यानी भनिन्छ। मंगलगीतको केही अंश यहाँ प्रस्तुत छ :

अघि अघि दुर्गा देवी तन मन चामुण्डा
मन दिन नौमती बाजा पंच पचरैला
आगे आगे दुर्गा देवी धूप दीप नैवेद्य
दिउँसो मध्यान्नमा कुभिण्डो मनाए
मन मदे सञ्जे देओरे हो देओरे
हातै लिए त्रिशुल
सन्ध्याकाल रात्रीसन्ध्या माता
ज्योति परेवा जगाए
जगत जननी मंगल गाए। (थापा, २०५६, पृ.५०)

यी मंगल्यानीहरुले नवदुर्गा भरी नै कालिका मन्दिरमा लिपपोत गर्ने, कालिकाको मंगलधून गाउने र सप्तमीको दिन कालिकाको पूजा गरी कालिकाको कलशलाई शीरमा राखेर चण्डीस्थान मन्दिरसम्म पुऱ्याउने चलन छ (तस्वीर-८) । यसरी कलश बोक्नको लागि शुद्ध खवासेकी छोरी नै हुनुपर्ने भन्ने थियो (थापा, अन्तर्वार्ता, २०६८।१०।१६) । कलशमा एक पाथी चामल, फूल र फूलका मालाहरु राखिन्छ । घर छाडेर कहिँ कतै जाने बेलामा उक्त कलशमा राखिएको चामल साइतको टिका बनाएर लगाउने चलन छ । यसो गर्दा साइत जुराइ रहनु नपर्ने र यात्रा शुभ हुने विश्वास त्यस भेकका स्थानीय बासिन्दाहरुमा रहेको पाइन्छ (बतास, अन्तर्वार्ता, २०७०/६/३१) । त्यसैले स्थानीय वासीहरुले कलशको चामल श्रद्धाले झिकेर लिने गर्दछन् । कालिका मन्दिरबाट कलश ल्याउँदा फूलपाती ल्याएको भन्ने चलन छ । पहिला-पहिला कलशलाई सात जना कन्याहरुले चमर डोल्याउने र कलशको पछि नेवार पुरुषहरुले ढोल, मृदुङ्ग बजाएर मंगल धुन गाउने गर्दथे । तनहुँसुरमा फूलपाती हेर्नका लागि त्यस वरपरका सबै बासिन्दाहरु भेला हुने गर्दछन् । उता फूलपातीको अघिल्लो दिन खड्ककालिकाको वास्टे थापा मगरहरु बाह्रबिसे देवीको पूजा गर्न बोका लिएर जान्छन् । बोकाको बलि दिएर बाह्रबिसे देवीको पूजा गर्दछन् । फूलपातीको दिन बाह्रबिसे देवीको मन्दिरबाट फूलपातीको डोली उठाएर डोलीमा शंखेपिपलको रुखमा जोडिएको बेलको रुखमा फलेको जोडी वेल दुई जोर टिपेर कपडामा वेह्रेर राख्दछन् । बेलपत्र, फूल, काक्रो, सुन्तला टिपेर पनि डोलीमा हाल्दछन् । त्यहाँबाट फर्किंदा बाटोमा पर्ने चैतेडाँडा, निवुवास्वारा, छापधरमपानी आदि ठाउँहरुबाट पनि फूल, निवुवा, अम्वा, सुन्तला, एकसरे लहरा आदि डोलिमा राखिन्छ । डोली बोकेर वास्टेहरु ढुङ्गेढुंगे डाँडाको फूलपाती ढुंगामा आएर बस्दछन् । कालिका मन्दिरबाट जगाई ल्याएको दियो र कलश चण्डस्थिानमा ल्याइ पुऱ्याएपछि उक्त फूलपातीको डोली पनि चण्डी स्थानमा ल्याउँछन् । चण्डीस्थानमा फूलको डोलीलाई ब्राह्मण पुजारीले पूजा गरेपछि बोकाको बलि दिइन्छ । त्यसपछि दियो, कलश, डोलीसँगै कालिका मन्दिरमा भित्र्याउने चलन छ । यो चलन सेन राजाको पालादेखि चल्दै आएको स्थानीय वासिन्दाहरुको भनाई छ (थापा, अन्तर्वार्ता, २०७५/१/१०) । तर हाल वडादशैंमा खड्ककालिकाको पूजा पहिलाको जस्तो गरी तामझामको साथ नभई परम्परालाई धान्नको लागि गरेको जस्तो मात्र देखिन्छ ।

### (ख) फागु पूर्णिमा

चौबीसी राज्यहरुको साथै गोरखामा फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म मिहेलको लिङ्गो गाडी धूमधामसँग फागुन पूर्णिमा मनाउन चलन रहेको थियो । लिङ्गोमा कपडाको टुक्राहरु झुण्ड्याएका हुन्थे । तनहुँ, रिसिङ लगायतका मगरात प्रदेशमा रहेको राज्यहरुमा धूमधामसँग होली खेलिन्थ्यो भन्ने कुरा होलीको सम्बन्धमा लेखिएको लेखोटमा धुर्कोटको दशैं, प्यूठानको तिहार, इस्माको न्वागी, मगरातको फागु भन्ने गरिएको पाइन्छ (श्रेष्ठ, २०५९, पृ.११९) । यो चाड मनाउने चलन सबै चौबीसी राज्यहरुमा उस्तै रहे पनि पर्वतका राजाले भने एकछत्रे चिर गाडेर यो चाड मनाउँदथे । यदि कुनै राज्यले यसरी नै एकछत्रे चीर गाडेर होली मनाएको थाहा पाए भने पर्वतले तत्काल आक्रमण गरेर चीर च्यातिदिन्थे । पर्वतको राजाको घमण्ड तोड्न गोरखाका राजा पृथ्वीनारायण शाहले गोरखामा पनि एकछत्रे चीर गाँडेर होली मनाएका थिए । पर्वतका राजा शाहवम मल्ल

पृथ्वीनारायण शाहसँग रिसाए पनि पर्वत र गोरखाबीच तनहुँ र लमजुङ राज्यहरु पर्ने भएकाले गोरखामा आक्रमण गर्न भने सकेनन् (पन्त, भण्डारी र बज्राचार्य, २०२५, पृ.७८०) ।

तनहुँमा मनाउने अन्य चाडपर्वहरुमा तिहार, हरिबोधिनी एकादशी, रामनवमी आदि थिए । हरिबोधिनी एकादशीमा भगवतीपानी मन्दिर परिसरमा जात्रा, रामनवमी (चैते दशैं) मा तनहुँ दुई दिन चाड मनाउने चलन छ । अष्टमीको दिन खड्ककालीका मन्दिरमा श्रद्धालु भक्तजनहरुले रातभरी जाग्राम बसी बत्ती बाल्दछन् । नवमीको दिन दरबार परिसरमा मेला लाग्दछ । यो चलन सेनकालदेखिको निरन्तरता हो भन्ने स्थानीय बुढापाकाहरुको भनाइ छ । त्यसैगरी कृष्णाष्टमी, शिवरात्री, साउने संक्रान्ती, माघे संक्रान्ती पनि तनहुँमा मनाउने चाडहरु हुन् । यी बाहेक संस्कृतिको धनी मानिएको नेवार जातिले विभिन्न जात्राहरु सेन कालदेखि तनहुँसुर हटियामा नेवार वस्ती रहँदासम्म मनाउँदै आएका थिए । ती जात्राहरुमा देवी नाच (बाह्र वर्षको एक पटक दशैंको पूर्णिमादेखि अर्को पूर्णिमासम्म नचाउने), लाखे नाच (हरिसयनी एकादशीको चतुर्दशीदेखि दशैंको पूर्णिमासम्म), गाइजात्रा (जनै पूर्णिमाको दिन), लिङ्गे जात्रा (तिजको दिन), कृष्ण जात्रा (कृष्णाष्टमीको दिन), रोपाइ जात्रा (जनै पुर्णिमा पछिको चौथीको दिन) प्रमुख थिए (श्रेष्ठ, अन्तर्वार्ता, २०७७/६/२०) । त्यसैगरी तनहुँका मगर समुदायको पाउदुरे नाच (कार्त्तिक महिनामा लगाउने), घाटु नाच (चण्डी पूर्णिमा/बैशाख पूर्णिमामा लगाउने), मारुनी नाच प्रमुख थिए (थापा, अन्तर्वार्ता, २०६७।१०।१५) । यस्ता जात्रा, चाड पर्वहरुले समाजमा मिलेर बस्ने, आफ्नो धर्म, रितिरिवाज, संस्कृतिलाई संरक्षण गर्ने प्रकृतिको विकास गरेको हुन्छ ।

## ७.६ ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरु

वैदिककालदेखि नै तनहुँ देवभूमि तथा तपोभूमिको रुपमा रहेको चर्चा पौराणिक कथाहरुमा पाइन्छ । तनहुँको देवघाट देवताहरुको क्रिडास्थल थियो । देवताहरु यज्ञ, जप, तप गर्न र सभा सम्मेलन गर्न देवघाटमा भेला हुन्थे भन्ने किँवदन्तीहरु पाइन्छ । त्यस्तै तनहुँको दमौली (पारकोट) मादि र सेतीको दोभान नजिक महर्षि वेदव्यासको तपस्या गर्ने थलोको रुपमा रहेको पाइन्छ । त्यसैगरी वशिष्ट ऋषिले देवघाट नजिक तपस्या गर्दथे भनिन्छ । बाल्मिकी आश्रम, पराशर गुफा नाम गरेका पवित्र स्थलहरु पनि तनहुँमा पर्दछन् ।

सेन राजाहरुले निर्माण गरेका पाटी, पौवा, पनेरा, देवस्थल, किल्ला, हातहतियारहरु, आज पनि तनहुँमा धार्मिक महत्वको रुपमा रहेको छ । तनहुँमा रहेका केही महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरुको चर्चा तल गरिएको छ ।

### ७.६.१ खड्कदेवी मन्दिर बन्दीपुर

बन्दीपुर तनहुँको ऐतिहासिक तथा पर्यटकीय स्थल हो । सेन राज्यकालमा राज्यको राजधानी तनहुँसुरको अलावा बन्दीपुरमा पनि रहेको पाइन्छ । राणाकालमा आएर बन्दीपुर नेपालको महत्वपूर्ण व्यापारिक केन्द्रको रुपमा स्थापित भयो । यहाँबाट तनहुँ, लमजुङ, कास्की र गोरखा जस्ता पहाडी

भेकबाट उत्पादित सामानहरु दक्षिण भारततिर पठाउने गरिन्थ्यो । बन्दीपुरमा रहेको खड्क देवी मन्दिरलाई सबभन्दा पुरानो ऐतिहासिक मानिन्छ । यो बन्दीपुर बजारको पूर्वी थुम्कोमा रहेको छ । मन्दिर भित्र कुनै देवीको मूर्ति स्थापना गरिएको छैन । खड्कलाई नै देवीको प्रतिक मानेर पूजा गरिन्छ । यहाँ रहेको खड्कको ज्योतीले गर्दा अन्य हेर्ने मान्छे भस्म हुन्छ भन्ने परम्परागत मान्यता रहेकाले पुजारीले मात्र त्यस खड्कको पूजा गर्दछन् ।

यस मन्दिरको उत्पत्तिको सम्बन्धमा फरक-फरक धारणाहरु पाइन्छन् । एक थरीको भनाई अनुसार १६ औं शताब्दीमा पाल्पाका राजा मुकुन्द सेनले पाल्पा राज्य विस्तार गर्ने क्रममा तनहुँको बन्दीपुर जितेपछि आफू बास बसेको घरकी बुढी आमालाई आफूले युद्धमा प्रयोग गरेको खड्क राम्रोसँग राखिदिनु है भनी आफ्नो राजधानी पाल्पा फर्किएछन् । धेरै समयसम्म पनि राजा मुकुन्द सेन बन्दीपुर नफर्किए पछि बुढी आमा खड्क राखेको ठाउँमा गइछन् । उनले खड्कबाट प्रकाश आएको देखि छरछिमेकीलाई जानकारी दिइछन् । त्यस समयदेखि खड्कमा दैवीशक्ति रहेको विश्वास गरी स्थानीयबासीहरुले त्यस ठाउँमा मन्दिर निर्माण गरी खड्क देवी नाम राखेको भनाई छ (लिंडा एल., १९८०, पृ. ८१-१२५)।अर्को थरीको भनाइ अनुसार तनहुँ राज्यका अन्तिम राजा हरकुमारदत्त सेनले आफ्ना पुर्खा मुकुन्द सेन प्रथमको खड्कलाई देवीको स्वरुप मानी मन्दिर बनाएर खड्क प्रतिस्थापना गरेकाले मन्दिरको नाम खड्कदेवी राखिएको हो पनि भन्ने गरेको पाइन्छ (भण्डारी, २०६६, पृ.१३) ।  त्यसै गरी मन्दिर स्थापना सम्बन्धी अर्को भनाइ अनुसार वि.सं. १८३९ मा तनहुँ राज्य नेपाल अधिराज्यमा गाभिइसकेपछि बन्दीपुरमा गोश्वारा अड्डाको स्थापना भयो । बन्दीपुरमा वडा हाकिम बस्न थाले । त्यसपछि वडाहाकिमले खड्क प्रतिस्थापना गरेर खड्क देवीको नाम दिइ सरकारको तर्फबाट नित्य पूजा गर्न थालेको हो भन्ने पनि पाइन्छ (मिश्र, २०५८, पृ.७८१) । यी भनाईहरु मध्ये खड्क देवी मन्दिरको स्थानमा सेनराजा हरकुमारदत्त सेनले नै स्थापना गरेको देखिन्छ किनभने सेनहरुले देवी भगवतीलाई इष्टदेवी मान्ने भएकोले खड्क स्थापना गरी शक्ति स्वरुप देवी मानेर पूजा गर्न थालेको बुझिन्छ ।

यस मन्दिरमा नित्य पूजा गर्नुका साथै वडा दशैं र चैते दशैंमा विशेष पूजा हुने गर्दछ । सेन राजाहरुले पाटी, पौवा, मठ, मन्दिर बनाएपछि नित्यपूजा, सरसफाई र रेखदेखका लागि गुठी जग्गा राखिदिएको छ । खड्क देवीको गुठी जग्गा वि.सं. १९१६ साल श्रावण १५ गते रोज ७ को दिन खड्क देवता गुठी भनि सनद जारी गरेको कुरा वि.सं. १९८६ सालमा गुठी जग्गा जाँच अड्डाद्वारा तयार गरिएको लगत कितावमा उल्लेख छ (मिश्र, २०५८, पृ. ७८१) । जसमा साविक जमिन २३-१२-० (तेइस रोपनी १२ आना) रहेको छ । त्यसै सनदमा नगरा बजाउनेलाई बाजादार खान्की गुठी अन्तर्गत १०-०-० (दश रोपनी) रहेको छ (गुठी संस्थान, २०६३, पृ.६१) । यस सनदबाट खड्क देवीको पुजारी र नगरा बजाउने नगर्चिलाई खान्की गुठी रहेछ भन्ने थाहा हुन्छ । तर तनहुँ दमौली मालपोत कार्यालयको रेकर्डमा खड्क देवता गुठी सम्बन्धी जानकारी नभएकोले यो गुठी जग्गा रैकरमा परिणत भइसकेको देखिन्छ । यो मन्दिर बन्दीपुर स्थानीय वासीहरुको मात्र नभई डुम्रे, भन्सार, आबुखैरेनीका साथै गोरखा, लमजुङ जिल्लाका बासिन्दाहरुको आस्थाको केन्द्र रहेको छ । मन्दिरमा पुजा गर्नको लागि भक्तजनहरुको घुइँचो लाग्दछ ।

हाल गुठी नभए पनि मन्दिर व्यवस्थापन र पूजा संचना गर्नाका लागि नगद रु. ७,००,००० (सात लाख) को अक्षयकोष स्थापना भएकोले उक्त रकमको ब्याज र भक्तजन तथा दाताहरुको सहयोगबाट हाल नित्य पूजा, वडा दशैं र चैते दशैंको पूजा संचालन हुँदै आएको पाइन्छ ।

## ७.६.२ विष्णु मन्दिर

तनहुँसुर दरबार परिसरमा विष्णुको मन्दिर रहेको छ। चारतिर ढुङ्गाको गारो र ढुङ्गा कै छानो भएको मन्दिरको पश्चिमतिर ढोका छ (तस्वीर-९) । यो मन्दिर कहिले र कसले निर्माण गरेको हो तिथिमिति नभेटिए पनि सेन राजाहरुले नै यो मन्दिर बनाएको भन्नेमा दुईमत छैन। वि.सं. १८२४ आश्विनमा राजा त्रिविक्रम सेन द्वितीयले यस मन्दिरमा ढलोटहरुको घण्ट चढाएका थिए। यसको आधारमा राजा त्रिविक्रम सेन द्वितीय भन्दा अगाडिका राजाले यस मन्दिर बनाएका थिए भन्ने बुझिन्छ ।

मन्दिरको बाहिरपट्टि पश्चिमपट्टिको भागमा १ फिट ४ इन्च लम्बाई र २ फिट ४ इन्च तलको घेरा भएको धातुको घण्ट चढाइएको थियो (तस्वीर-१०) । उक्त घण्टको तल्लो भागमा अभिलेख कुदिएको छ। अभिलेखमा "श्री गणेशाय स्वस्ति श्री मन्महाराजाधिराज श्री ५ (म?) त्रिविक्रम सेन रानी श्री पद्मकुमारी देव्या श्री मन्त्री लोकेश्वर पूजायमिय घंटा समर्पिता अनेन श्रीमा सं... लोकेश्वर; प्रीतम मिति संवत १८२४ आश्विन कहन्म द्वितीय यागुरु बासरे श्रुभ भूयात् ॥" भनि लेखिएको छ (लौडारी, २०५४, पृ.७६-७९) । अभिलेख अनुसार विष्णु भगवानको सम्मानमा उक्त घण्ट चढाउने राजा त्रिविक्रम सेन र रानी पद्मकुमारी देखिन्छन् ।

शोधकर्ताले वाल्यकालमा देखेको विष्णुको मन्दिरको मूल गृहमा विष्णु भगवानको चार हात भएको, मुकुट लगाएको पहेंलो धातुको अत्यन्तै सुन्दरमूर्ति थियो। उक्त मूर्ति २०३७ सालतिर चोरी भयो (थापा, अन्तर्वार्ता, २०६८/१०/१६) । उक्त मूर्ति सुन र हिराले बनेको थियो भन्ने स्वानीयवासीको भनाइ रहे पनि सुन र हिराको नै त हैन पित्तलमा सुनको जलप लगाएको भने हो जस्तो लाग्छ। विष्णुको मूर्ति चोरी भए पनि त्यहाँ गणेश, लक्ष्मी, सरस्वती, तारा आदि गरी आठ वटा स-साना मूर्तिहरु थिए। ती मूर्तिहरु पनि चोरी होला भनि संरक्षण गर्नका लागि तत्कालीन प्रधानपञ्च नागेन्द्र थापाको रोहोवरमा मन्दिरका पुजारी विश्वनाथ घिमिरेलाई दिइएको जानकारी पाइन्छ (श्रेष्ठ, अन्तर्वार्ता, २०७३/१२/३०) । तर त्यस विषयमा पुजारीसँग जानकारी लिन खोज्दा उनले आफूलाई केही थाहा नभएको बताए। हाल मन्दिरमा केही शालीग्राम र ढुङ्गाका शिला राखिएको छ। मन्दिर अगाडि झुण्ड्याइएको ढलोटको घण्ट भने सुरक्षाको दृष्टिकोणबाट गा.वि.सं. भवनमा राखिएको छ। मन्दिर नजिकका वस्तीहरु पातलिँदै गए। नित्य पुजा पनि नहुने भए पछि मन्दिर जिर्ण हुँदै गयो। विष्णु मन्दिर साह्रै जिर्ण भएकोले २०६६।०६७ मा पुरातत्व विभागले जिर्णोद्वार गरेको छ (लम्साल, २०६२, पृ.७१-७४) । मन्दिरको जिर्णोद्वार भए पनि नित्य पुजा नहुने हुँदा मन्दिरको ढोकामा सधैं ताल्चा लागेको हुन्छ। जसले गर्दा त्यहाँ पुग्ने पर्यटक तथा भक्तजनहरु मन्दिरको दर्शन गर्नबाट बन्चित हुन्छन्। सम्बन्धित निकायले पुजारीलाई पारिश्रमिक दिएर नित्य पुजा गर्न, वातावरण

सृजना गर्ने र मन्दिरको ऐतिहासिक घण्टलाई सुरक्षाको प्रबन्ध मिलाएर साविक ठाउँमा राख्नुपर्ने आवश्यकता देखिन्छ ।

### ७.६.३ महादेव मन्दिर

तनहुँसुर दरबार परिसरमा महादेव मन्दिर रहेको छ । सेन राजाको तत्कालीन दरबार नजिक रहेको यस मन्दिरभित्र ढोकानिर झुण्डिएको एउटा ढलोटको घण्टमा १९२३ लेखिएको छ (तस्वीर-११) । घण्टको तल्लो भागमा अभिलेख कुँदिएको छ । अभिलेखका सबै अक्षरहरु स्पष्टसँग बुझिँदैन । अभिलेखमा - "कुलाराज्य कलिंगस्य शिवस्य पदितोषिका घंटा श्री प्रभया राज्य वडा वर्षे रु. ह स्व रे ? संवत १९२३ श्री ५ (१) कालजेश्वर प्रीतय } यं घंटा श्री महा राज्य प्रभया समर्पिता शुभम् ॥" लेखिएको छ । यसको अर्थ आफ्नो कुलको राम्रो होस् भनेर कालजेश्वर महादेवलाई यो घण्ट तत्कालीन श्री ३ महाराजा जङ्ग बहादुरले वा राजपरिवारको कसैले यो घण्ट चढाएको भन्ने हुन्छ । त्यसै गरी मन्दिरभित्र काठ र ढुङ्गाका केही मूर्तिहरु र ढुंगाको शिवलिङ्ग रहेको छ । पहिला यस ठाउँमा सुनको नाग घाँटिमा बेरिएको महादेवको मूर्ति थियो पछि चोरी भयो भन्ने किम्बदन्तीहरु पाइन्छ । केही ऐतिहासिक स्रोतहरुमा यो मन्दिर तनहुँ राज्यका संस्थापक राजा भृङ्गी सेनले बनाएका हुन् भन्ने गरिएको थियो । तर पुरातत्व विभागले सेनकालीन दरबारको उत्तरतिरको भाग उत्खनन गर्दा दरबारको संरचना माथि महादेव मन्दिर बनाइएको र मन्दिरको निर्माण दरबारको भत्किएको इट्टा, काठ जस्ता पुराना सामग्रीबाट भएको देखिन्छ (ज्ञवाली, अन्तर्वार्ता, २०७४।०५।२०) । त्यस कारण उक्त मन्दिर सेनकालमा निर्माण भएको नभई राणाकालमा जंग बहादुर श्री ३ महाराज भएको समयमा बनेको देखिन्छ ।

विष्णु मन्दिरकै शैलीमा बनेको यस मन्दिर पूर्वभिमुख छ (तस्वीर-१२) । मन्दिरको नित्यपूजा गर्न र संरक्षण गर्न गुठीको व्यवस्था गरिएको देखिन्छ । गुठी विष्णु महादेव नामबाट राखिएको छ । विष्णु महादेवको नित्यपूजा र पर्व पूजा गर्नाका लागि ब्राह्मण पुजारी राख्ने व्यवस्था थियो । यी दुवै मन्दिरका पुजारीको खान्की तल्लो चुँदि फाँटमा ६०, ६० मुरी गरी १२० मुरी खेत गुठी राखिएको थियो (थापा, अन्तर्वार्ता, २०६८।१०।१६) । गुठी लागत तथा अभिलेख कार्यालय भद्रकाली काठमाडौंको गुठी विवरण २०६३ मा विष्णु महादेव गुठी उल्लेख छ जसमा साविक गुठी जमिन ३०-०-० (तीस रोपनी) अर्थात् १२० मुरी दिइएको छ (गुठी संस्थान) । प्रारम्भदेखि पुजारी खान्की एवं पूजा खर्च स्वरुप २५ मुरी धान दिँदै आए पनि पछि मोहीले राम्रो उत्पादन नभएको भनि १२ मूरी १० पाथी मात्र धान दिन थालेपछि पुजारी र मोही बीच झगडा भयो । यहि क्रम चल्दै जाँदा २०२९ मा यस गुठी जग्गा रैकरमा परिणत भयो । त्यसपछि पनि २०४२।४३ सालसम्म आफूले गुठी जग्गाको आयस्ता उपभोग गरी यी मन्दिरहरुमा नित्य पूजा गरेको कुरा विष्णु महादेव मन्दिरका पुजारी बताउँदछन् (घिमिरे, अन्तर्वार्ता, २०७३।०६।२७) । त्यस यता जग्गाको आयस्ता आउन छाडेको र आफूले पनि नित्य पूजा गर्न छाडेको तर श्रद्धा र आस्थाले गर्दा वडा दशैं, चैते दशैं, शिवरात्री जस्ता पर्वहरुमा आफ्नै खर्चबाट यी मन्दिरहरुमा पूजा गर्दै आएको पुजारीको भनाई छ ।

पहिला यस महादेवको मन्दिरमा शिवरात्रीमा स्थानीय श्रद्धालु भक्तजनहरुले रातभरी जाग्राम बसी बत्ति बाल्दथ्यो । अहिले त्यस्तो छैन । मन्दिरमा नित्य पूजा नहुने हुँदा मन्दिर ढोका लगाएकै अवस्थामा हुन्छ । यस्ता ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका यी धरोहरहरु दिनप्रतिदिन क्षीण हुँदै गएको छ । यसको संरक्षण र जगेर्ना गर्नका लागि गुठी संस्थान, पुरातात्विक विभाग व्यास नगरपालिका र स्थानीय वासीहरुले समयमा नै सचेत हुनुपर्ने आवश्यक देखिन्छ ।

### ७.६.४ भगवती मन्दिर

तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. ११ स्थित भगवती पानी भन्ने ठाउँमा भगवतीको प्राचीन मन्दिर रहेको छ । यो मन्दिर तनहुँ जिल्लाको प्रसिद्ध धार्मिक स्थलहरु अन्तर्गत पर्दछ । यस मन्दिरको स्थापना सम्बन्धी जानकारी दिने कुनै अभिलेखहरु हालसम्म प्राप्त हुन सकेका छैनन् । तापनि तनहुँसुरमा प्राप्त प्रायः सबै मठ मन्दिरहरु सेन राजाहरु कै समयमा स्थापना भएको पाइएकाले यस भगवती मन्दिर पनि सेनकालीन मन्दिर भएको मानिन्छ । यस मन्दिरलाई सत्तलले घेरिएको छ । सत्तलको प्रवेशद्वारमा दुईवटा पुराना सिंहको मूर्ति राखिएका छन् (स्थलगत अवलोकन, २०७३/६/२८-२०७३/६/३०) । मन्दिरमा अष्टभूजायुक्त सिंहासनरुढ भगवतीको प्रस्तरको मूर्ति प्रतिस्थापित छ । उक्त मूर्ति माथि भगवतीको ढलोटको अर्को मूर्ति राखिएको छ । यी मूर्तिहरुको तलपट्टि एउटा कुण्ड रहेको छ (तस्वीर-१३) । कुण्डमा पानी बाह्रै महिना एकनास रहन्छ र कुण्डबाट जति पानी निकाले पनि सकिँदैन भन्ने कहावत छ । छाब्दीबाराही कुण्डको पानी यस कुण्डमा आउँछ भन्ने जनविश्वास पनि रहेको छ ।

यस भगवती मन्दिरमा नित्य पूजा एवं पर्व पूजा गर्नका लागि ब्राह्मण पुजारीको व्यवस्था छ । हाल दुर्गानाथ घिमिरे पुजारी छन् । मन्दिरमा नित्य पूजा हुनुका साथै एकादशी, औंशी र श्रावण महिना बाहेक अन्य दिन तथा पर्वहरुमा हाँस, कुखुरा, परेवा, बोका, राँगाको बली दिइने गरिन्छ ( घिमिरे, अन्तर्वार्ता, २०७३।०६।२९) । भगवतीको मन्दिर अगाडि शिखर शैलीमा बनेको महादेवको सानो मन्दिर छ (तस्वीर-१४) । भगवतीको पूजा हुँदा महादेवको पनि नित्य पूजा हुन्छ । तर महादेवलाई वलि चल्दैन । भगवती मन्दिरको भित्र र बाहिर साना ठूला प्रशस्त घण्टहरु झुण्ड्याइएका छन् । जसमध्ये १८८३ साल जेष्ठ १३ को जहरसिंह खड्काले चढाएको घण्ट पुरानो मानिन्छ । यस भगवती मन्दिरमा हरिबोधिनी एकादशी (ठूली एकादशी) र कोजाग्रत पूर्णिको दिन विशेष पूजा हुन्छ । ठुली एकादशीको अघिल्लो दिन घर-घरमा सत्यनारायणको पूजा लगाइ रातभर जाग्राम बसी एकादशीको दिन मन्दिरमा फूल तारिन्छ । टाढा टाढाका भक्तजनहरुले पनि त्यसदिन भगवती मन्दिरमा फूल तार्न ल्याउँछन् । यसरी फूल तार्दा प्रायः नदी दोभान, घाटमा तार्ने चलन भए पनि भगवती पानी मन्दिर त्यसको अपवादमा पर्दछ । ठूली एकादशीको दिन त्यहाँ ठूलो मेला लाग्दछ । यस मन्दिरमा माघ र कार्तिकमा पञ्चवली दिने चलन छ । भगवतीको मन्दिर भए पनि यहाँ दशैंमा विशेष पूजा हुँदैन ।

यस भगवतीको नित्य पूजा गर्नका लागि ६० मुरी पाखो खेत गुठी राखिएकोमा ४० मुरी पुजारीको खान्की र २० मुरी मन्दिरमा सफा गर्ने झाडुबडारुलाई छुट्याइएको थाहा हुन्छ । यसमा पनि पुजारीले पाउने ४० मुरीबाट ५ मुरी खेत पर्व पर्वमा नगरा बजाउने नगर्चीलाई दिइने गरेको पनि थाहा हुन्छ । गुठी लागत तथा अभिलेख केन्द्रीय कार्यालय भद्रकालीको गुठी विवरणमा तनहुँ भगवती गुठी भनी १५-०-० (१५ रोपनी) साविक जमिन दिइएको छ । जुन अमानत ठेक्का अन्तर्गत पर्दछ (गुठी संस्थान लागत तथा अभिलेख शाखा) ।

हाल उक्त गुठी जग्गा गुठी रैतान नम्बरीमा परिणत गरी विभिन्न कित्तामा विभाजन गरेको देखिन्छ । जस अनुसार भगवती गुठीको क्षेत्रफल १०८-१२-२-३ (एकसय आठ रोपनी बाह्र आना दुई पैसा तीन दाम) रहेकोमा फराक चौर अन्तर्गत मोही संख्या १४, कित्ता संख्या ४६ छ । यसमा पुजारी दुर्गानाथ घिमिरेको नाममा १५ कित्ताको क्षेत्रफल २५-२-२-३, पूर्व पुजारी विश्वनाथ घिमिरेको नाममा १ कित्ताको ११-१०-०० गरी २३ कित्ताको ३९-१-३-३ (उनन्चालीस रोपनी एक आना तीन पैसा तीन दाम) पाखो जमिन रहेको छ भने बाँकी जमीन अन्य मोहीहरुको नाममा रहेको देखिन्छ (परिशिष्ट-३२) ।यसरी गुठी जग्गा पुजारी तथा अन्य व्यक्तिहरुको नाममा रैतान नम्बरीको नाममा परिणत भए पनि पुजारीले परम्परा अनुसार नै नित्य पूजा र पर्व पूजा गर्दै आएको पाइन्छ । तर अन्य आयस्रोत नभएको हुनाले नित्यपूजा गर्न र मन्दिरको संरक्षण र संवर्द्धन गर्न गाह्रो परेको मन्दिरको पुजारीको गुनासो छ ।

### ७.६.५ चण्डीमाई मन्दिर

वर्तमान व्यास नगरपालिका वडा नं. ११ चण्डीथोकमा चण्डीमाइको सानो चिटिक्क परेको मन्दिर छ (तस्वीर-१५) । मन्दिर नजिकै खोचमा ढुङ्गै ढुङ्गाबाट बनेको पधेरा (कुवा) छ जसलाई साउने कुवा भनिन्छ । मन्दिरको नजिक दक्षिण पश्चिममा सात हागे पिपलको बोट र चौतारो छ । चण्डीमाई मन्दिर, पधेरा, पिपलको रुख सबै सेन राजाको पालादेखिको हो भनिन्छ । यस चण्डीमाइको उत्पत्तिको सम्बन्धमा एउटा किंवदन्ती पाइन्छ । जस अनुसार चण्डी पूर्णिमाको दिन एउटा दराई सधैं झै जाल लिएर मादिमा माछा मार्न गएछ । उसले हानेको जालमा माछा कै आकारको एउटा ढुङ्गा परेछ । दराईले त्यस ढुङ्गालाई जति पटक मादिमा फाल्दा पनि पुनः जालमा फसेर आउँदो रहेछ । हैरान भएर दराईले त्यस ढुङ्गालाई पनि आफ्नो फुर्लङ्गमा राखेर घर फर्केछ । बेलुका त्यस ढुङ्गाको शिलालाई सिमलको रुखको फेदमा राखी ऊ आफ्नो घरमा गएर खानपान गरी सुतेछ । राती सपनामा देवीले दराईलाई “म तनहुँसुरकी चण्डी हुँ, मलाई साउने पँधेरा नजिक दरबारको पूर्व पाखामा स्थापना गरी दे” भनिछन् । भोली पल्ट  दराईले आफूले सपनामा देखेको सबै कुरा छरछिमेकीलाई भनेछ । सबैको सल्लाह अनुसार उक्त दराईले सबै बृतान्त राजाको हजुरमा जाहेर गरेछ । राजाको आज्ञाले चण्डीमाइलाई देवीकै इच्छा अनुसार हाल रहेको ठाउँमा स्थापना गरिएको हो भन्ने भनाइ पाइन्छ ( श्रेष्ठ, अन्तर्वार्ता, २०७४।१०।२०) । त्यति बेला तनहुँमा सेनवंशी पहिलो राजा भृङ्गी सेन थिए भनिन्छ (थापा, अन्तर्वार्ता, २०६८।१०।१६) । चण्डीमाइको मन्दिर स्थापना गरेपछि देवीको पूजाआजा गर्नको लागि बगरे खोलाको ६० मुरी खेत गुठी राखी स्थानीय थापा मगरहरुलाई पुजारी राखेर उक्त खेतको

आयस्ताबाट पूजा गर्ने आदेश राजाले दिएका थिए । त्यसबेला देखि हालसम्म पनि सोही थापा मगरहरुले नित्य पूजा र पर्वपूजा गर्दै आएका छन् । यस मन्दिरमा प्रत्येक वर्ष चण्डीपूर्णिमाको दिन पर्वपूजा हुन्छ । गुठीको अयस्ता हुँदासम्म चण्डी पूर्णिमाको दिन देवीको पुजा गर्न बैरेनी गाउँबाट देउता बस्ने गुरुवाले मादी नदीको जल, बालुवा र जिउँदो माछा लिएर आउँथे । निर्वुबाट भेडाको थुमा, दहिको ठेकी पूजाको सामग्री र चण्डीथोक, भोरथोक, गाउँका सबै घरबाट धुप, दिप अक्षता गरी पूजाको सामग्री ल्याई बोका वा सुंगुरको बली दिएर धुमधामसँग पूजा हुन्थ्यो । अहिले त त्यस्तो देखिँदैन । वैरनीबाट गुरुवा आउँदैनन् । त्यही नै स्थानीयहरु मिलेर पूजा गर्दछन् । पुजामा बलि दिएको प्रसाद सबैले बाँडेर खाने चलन छ । मन्दिरभित्र उक्त ढुङ्गाको शीला सहित देवीको करिब ३.५ इन्च लम्बाई र ५३ इन्च चौडाइको ४ हात भएकी देवीको मूर्ति छ । देवीको हातमा तरवार, चक्र, खप्पर आदि लिएको छ (स्थलगत अवलोकन, २०७१/१०/२०-२०७१/१०/२५) । यो मुर्ति यही मन्दिर बनाउन जग खन्दा भेटिएको स्थानीय बासिन्दाहरुको भनाइ छ ।

यस मन्दिरमा एउटा अनौठो पम्परा छ । वैशाख पूर्णिमाको दिन चण्डीमाइको पूजा गरिसकेपछि मन्दिरभित्र भुईमा दायाँतिर राजा र बायाँतिर जनताको नाममा एक-एक वटा कुखुराको फुल माटोले छोपेर राखिन्छ । अर्को वर्षको बैशाख पूर्णिमाको दिन माटो खोस्रेर उक्त फुल हेरिन्छ । राजाको नाममा राखेको फूल कुहेमा वा फुटेमा राजालाई अनिष्ट हुने र जनताको नाममा राखेको फुल फुटेमा वा कुहिएमा जनतालाई अनिष्ट हुने जनविश्वास रहेको छ (थापा, अन्तर्वार्ता, २०७१।१०।२१) ।

वडा दशैंको फूलपातीको दिनमा पनि चण्डीमाइको पुजा हुन्छ । त्यस दिन बाह्रबिसे देवीको स्थानबाट उठाएर ल्याएको फूलपातीको डोली र खड्ककालिका मन्दिरबाट जगाएर ल्याएको दियो र कलश चण्डीमाइको मन्दिरमा भित्र्याएर पूजा गरी बोकाको बली दिइन्छ । त्यसैगरी हरिबोधनी एकादशी (ठूली एकादशी) को अघिल्लो दिन चण्डीमाईका पुजारी थापा मगरहरुले घरमा सत्यनारायणको पूजा लगाएर रातभरी जाग्राम बसी भोलीपल्ट एकादशीको दिन चण्डीमाइको मन्दिरमा फुल तार्ने परम्परा हालसम्म पनि छ ।

यस चण्डीमाइ मन्दिरको गुठीको बारेमा वि.सं १९९८ को जुद्ध शमशेरको समयमा जारी गरेको सनद प्राप्त छ । उक्त सनद अनुसार १९०४ सालको लालमोहरमा लेखिएको ६ नं. श्री चण्डीमाइको पाखोजग्गा खनखेत मुरी । ३०, ६४ सालमा लगतकिताब खडा भइ ७३ सालका मुचुल्काबाट बाँकी कसर मो. रु. १ ठेकेदारलाई बुझाइ आएको भन्ने देखिएको छ । यस गुठी खेत (३० मुरी) को आयस्ता कोदो ११।५ (एघारमुरी पाँच पाथी), घ्यू ७५ पैसा, चारगंडी ५ पैसा, पाखाघर ४ को तिरो मो.रु. ।८० (असि पैसा), पूजाहारी सलामी मो.रु. १ समेत गरी जिन्सी धान ४।०।२ चार मुरी, दुई माना र नगद रु.८।४३ (आठ रुपैयाँ त्रियासी पैसा खर्च गरी बाकी कसर मो.रु. ५।८३।१ ( पाँच रुपैयाँ, त्रियासी पैसा एक दाम) ९८ सालदेखि बन्दीपुर माल अड्डामा बुझाई पहिलेदेखिआफूले गर्दै आएको पुजारी कार्य गरी खानु भन्ने गुठियार सन्तवीर थापा मगरको नाममा ९७।१२।८।६का दिन तोक सदर गरिएको छ (नेपाल सरकार, सम्वत् १९९८ को चण्डमाइ गुठी सम्बन्धी रुक्का

सनद) । उक्त सदनमा चण्डीमाइको नित्यपूजा गर्नको लागि धूप, दिप, अक्षता, चण्डी पूर्णिमाको लागि पर्वपूजामा चाहिने अक्षता, सिन्दुर, सुपारी, ध्वजा, बत्ति बाल्ने तेल, नैनसुत कपडा, बलि दिने सुँगुरको पाठो, नागपञ्चमीमा नाग टाँस्ने ब्राह्मणलाई सिधा, दक्षिणा, मार्ग शुल्क द्वादशीका दिन न्वागी चढाउने चामल, होम हाल्ने ब्राह्मणलाई दिने दक्षिणा तोकेको पाइन्छ । यस गुठी सम्बन्धी गुठी लागत तथा अभिलेख शाखा भद्रकालीको गुठी विवरणमा तनहुँ चण्डीका गुठी अन्तर्गत साविक १५-०-० (पन्ध्र रोपनी) जमिन दिइएको छ जुन अमानत ठेक्का अन्तर्गत पर्दछ । चण्डीमाइ गुठीको नाममा अधिनस्थ र गुठी रैतान नम्बरी गरी जम्मा ५२-०-०२ (बाउन्न रोपनी, दुई दाम र चण्डीकाली गुठीको नाममा ४८-३-२-३ (अड्चालिस रोपनी, तीन आना, एक दाम) अधिनस्थ गुठी देखिन्छ । यसरी यी दुवै नामको गुठी गरी जम्मा १००-३-३-१ (एक सय रोपनी, तीन आना, तीन पैसा र एक दाम) गुठी जमिन देखिन्छ । यति धेरै गुठी जग्गा यस मन्दिरको नाममा देखिए पनि सबै जग्गा अधिनस्थ भई मोहीले भोगचलन गरी तिरो मालपोत कार्यालय मार्फत् गुठी संस्थानमा जम्मा हुन्छ । गुठी संस्थानले मन्दिरको पूजा आजा गर्न र मर्मत संभार गर्न कुनै रकम उपलब्ध गराएको छैन । ४।५ हलको मेलो टाडी खेल कमाउन नसकेर बाँझै छ । अन्य आयस्ता केही नभए पनि आफ्नो धर्म र परम्परा अनुसार पुजारी खलकले आफ्नै खर्चमा मन्दिरमा नित्य र पर्व पूजा गर्दै आएको पाइन्छ (थापा, अन्तर्वार्ता, २०७१/१०/२१) । सेनकालीन यस मन्दिर ऐतिहासिक तथा धार्मिक धरोहर हो । यहाँको स्थानीय बासीमा यस देवीप्रति आस्था र विश्वास छ ।

### ७.६.६ रानी पौवा

हिन्दू धर्म अनुसार मठ, मन्दिर, पाटी, पौवा, पनेरा, बाटो, घाटो, चौतारी जस्ता परोपकारी कार्य गरे मृत्युपछि पुण्य प्राप्त हुन्छ । स्वर्गमा बास हुन्छ । सन्तान दरसन्तानले सुख भोग गर्न पाउँछन भन्ने मान्यता छ । यही मान्यता अनुरुप सेन राजाहरुले तनहुँ राज्यमा मन्दिर तथा देवालय, धारा, इनार, पाटी, पौवाहरु बनाएको भेटिन्छ । तीनै मध्ये रानीपौवा पनि एक हो । यो पौवा हाल भानु न.पा. वडा नं. ६ पर्दछ । यस पौवाको निर्माण राजा दिग्विजय सेनकी रानी तिलोत्तमाले गरेकी हुनाले यसको नाम रानी पौवा राखिएको मानिन्छ । सेन राज्यकालमा तनहुँ राज्यको राजधानी तनहुँसुर वरिपरी बाक्लो बस्ती थियो । राजा तथा धेरैजसो भारदारहरुको खान्की चुँदिफाँटका खेतहरु थिए । चुँदिफाँटबाट लादिखोला र बगरेखोलाको दोभान फेदि देखि तनहुँसुर पुग्न ठाडो उकालो छ । त्यस उकालोमा पानी पिउने र ओत लाग्ने अवस्था नभएकोले बटुवाहरुलाई गाउँबेसी गर्दा असुविधा भैरहेको थियो । यसै असुविधालाई हटाउनका लागि रानी तिलोत्तमाले उकालोको बीच भागमा पानी पिउनको लागि पौवा राखिदिएकी हुन भनिन्छ ।

रानी पौवामा पहिला इटको गारो र झिगटीको छानो भएको राम्रो धर्मशाला थियो । बाटो हिँड्ने बटुवाहरुलाई पानी पिउनको लागि गाग्रोमा पिउने पानी राखिने कुरा जानकारहरु बताउँछन् (राना, अन्तर्वार्ता, २०७४।०६।१०) । रानीपौवाको सरसफाई गर्न र पानी खान दिने व्यवस्था गर्नका लागि लादी खोलाको किनारमा रहेको ६० मुरीको आहल्या खेत गुठी राखिदिएको थियो ।

वि.सं. १८९९ मा राजा राजेन्द्रविक्रम शाहले रानी पौवा रेखदेख र संरक्षण गर्नको लागि दलमर्दन अधिकारीको नाममा गरिदिएका लालमोहर प्राप्त छ । लामो समयसम्म त्यस रानी पौवाको सञ्चालन र संरक्षण अधिकारीहरुको जिम्मामा रह्यो पछि अधिकारीहरुले त्यहीको स्थानीय वाग्लेहरुलाई पौवाली दिए । ती वाग्लेहरुले ६० मुरी खेतबाट वर्षको ९ मुरी धान दिने सर्तमा धम्पु गुरुङ्गलाई पौवामा पानी भरेर राख्ने जिम्मा दिए । गुरुङ्गको केही पुस्ताले पौवामा पानी भर्ने काम गरे । वि.सं. २०२९ असार ६ गते तनहुँको चुँदि क्षेत्रमा परेको, अविरल वर्षाले लादि खोलामा बाढी आयो र गुठीको खेत बिगाऱ्यो (अधिकारी, अन्तर्वार्ता, २०७३।०२।२९) । खेत बिग्रेपछि वाग्लेहरुले गुरुङ्गलाई धान दिएन । यसै विषयलाई लिएर मोही ज्ञानीशंकर वाग्ले र खान्कीदार विष्णु माया गुरुङ्गबीच मुद्दा पऱ्यो । मुद्दा ज्ञानीशंकर वाग्लेले जितेपछि निज गुरुङ्गले पौवामा पानी भरेर राख्ने कार्य निष्क्रिय हुँदै गयो । संरक्षणको अभावमा पौवा पनि भत्कियो । केही वर्षसम्म गुरुङ्गले पौवा नजिकैको रुखको फेदमा गाग्रामा पानी राख्ने गर्दथ्यो । हाल त्यो चलन पनि छैन । गुठी संस्थान अन्तर्गत लगत तथा अभिलेख कार्यालय भद्रकालीको गुठी विवरणमा तनहुँसुर रानीपौवा गुठी अन्तर्गत १५-०-० (पन्ध्र रोपनी) साविक गुठी दिइएको छ । जुन अमानत अन्तर्गत पर्दछ (गुठी संस्थान, क्र.सं. २, लगत संख्या २६१, पृ.६१) । तर वर्तमान समयमा रानीपौवा गुठी अन्तर्गत गद्दिचौतारा र फराकचौरमा विभिन्न मोहीको नाममा रैतान नम्बरी गुठी रहेको मालपोत कार्यालय तनहुँको रेकर्डमा रहेको छ ( नेपाल सरकार, मालपोत कार्यालय तनहुँ) । यसरी उक्त रानीपौवा गुठीको नाममा प्रशस्त जग्गा रहेको देखिए पनि हाल सबै जग्गा रैतान नम्बरमा परिणत भैसकेको देखिन्छ । यसरी रैतान नम्बरमा रहे पनि त्यो जग्गा रानीपौवा गुठी कै भएको हुँदा यसको संरक्षण गरी यसको आयस्था सार्वजनिक हितको काममा उपयोग गर्न सकिन्छ । जस्तै गरिब तथा जेहेन्दार छात्र छात्रालाई पढ्न अक्षयकोष राखिने, बाल उद्यान बनाइदिने, पाठशाला, धारा तथा पँधेरो बनाउन सकिन्छ ।

### ७.६.७ खड्ककालिका मन्दिर

तनहुँसुर दरबार परिषद्मा खड्ककालिकाको प्रसिद्ध मन्दिर छ । यस मन्दिर सेनवंशीय प्रथम राजा भृङ्गी सेनले स्थापना गरेको मानिन्छ । सेनहरु देवीको उपासक भएकाले भृंगी सेनले आफ्नो दरबारको दक्षिणतिरको भागमा खड्क स्थापना गरी खडक सिद्धिको पूजा गरेर कालिकाको मन्दिर बनाएका थिए । मन्दिरमा खड्क स्थापना गरिएकाले मन्दिरको नाम खड्ककालिका राखिएको हो । उक्त पुरानो मन्दिर भत्किए पछि त्यही ठाउँमा पुरानै सामग्रीहरु प्रयोग गरी २००९ सालमा हाल रहेको मन्दिर बनाइएको हो भन्ने स्थानीयबासीको भनाइ छ (श्रेष्ठ, अन्तर्वार्ता, २०६९।१२।३१) । माटो र ढुंगाको गारो लगाई ढुङ्गाको छानो भएको दुइ तले र दुइ पाखे यस मन्दिर घरको ढाँचामा बनाइएको छ (तस्वीर-१६) । मन्दिरको दायाँ बायाँमा रहेको सत्तलहरु चाहिँ स्थानीय आमा समूहद्वारा निर्मित हुन् । दक्षिणतिर फैलिएको यस मन्दिरको तल्लो तलाको वायाँतर्फको कोठामा सेन राजाको पालादेखि कै खुडा, तरवार, खुकुरी आदि हतियारहरु छन् । ती हतियारहरुलाई देवीको शक्तिको प्रतिक मानी पूजा गर्ने परम्परा छ । मन्दिरको छाना फोरेर चोरले मन्दिरमा रहेका सेनकालीन खड्क चोरी गरेको र हाल नयाँ खड्क राखिएको स्थानीयबासीको भनाइ छ (खवास, अन्तर्वार्ता, २०७४।१२।२०) । उक्त कोठाको ढोकामा सधैं नै ताल्चा लागेको हुन्छ ।

खड्ककालिकाको पूजा वडा दशैमा ९ दिन र चैते दशैमा दुई दिने गर्ने परम्परा रहेको छ । पहिले, पहिले वडा दशैमा अष्टमीको दिन वास्टे दुई जना (लमजुङबाट आएका भूषाल राना थरका), उपासे दुई जना (गोरखाबाट आएका बोहोरा थरका) र जेठाबुढा (तनहुँसुरको महामुखिया) ले कालिकाको मन्दिरमा रहेको खड्क बोकी बाहिर निकाली दरबार भन्दा तल रहेको सिलिङ्गेको रुखको फेदमा लगेर खड्क पखाल्ने चलन थियो । खड्क पखाल्ने काम तनहुँ अर्चरचौरका घाघरे कामीले गर्दै आएको र यस कामको लागि उसलाई गुठी पनि दिइएको जानकारी पाइन्छ (श्रेष्ठ, अन्तर्वार्ता, २०६९।१२।३१) । खड्क पखालेपछि सिलिङ्गेको फेदमा खड्क राखेर कुखुराको भालेको बलि दिएर पूजा गर्ने परम्परा थियो । त्यसपछि बाटामा कसैलाई नछुवाइ उक्त खड्क पुनः मन्दिरमा लगेर राख्ने चलन थियो । त्यसपछि वास्टे, उपासे, जेठाबुढा र ब्राह्मण पुजारीले खड्ककालिका मन्दिरभित्र बोकाको वलि दिएर पूजा गर्ने परम्परा थियो । पूजाको समयमा मंगल्यानीहरुले मंगलगान गाउँदथे । नौरथाभरी नै मन्दिरमा भक्तजनहरुको ठूलो भीड लाग्दथ्यो । अहिले त वडा दशैंमा पहिलाको जस्तो रमझम केही नभएको, लमजुङ र गोरखाबाट वास्टे र बोहोरा आउन छाडेकाले उनीहरुले गर्ने काम महामुखियाका सन्ततीले गर्दै आएको पाइन्छ (थापा, अन्तर्वार्ता, २०७५।०१।१०) । हाल उक्त मन्दिरका पुजारी विश्वनाथ घिमिरे छन् । उनी विष्णु महादेव मन्दिरको पनि पुजारी हुन् । विष्णु महादेव मन्दिर, खड्ककालिका मन्दिर कुनैको पनि आयस्था नभए पनि परम्परा धान्नको लागि पर्व, पर्वमा पूजा गर्दै आएको पुजारी विश्वनाथ घिमिरेको भनाइ छ । हाल नित्य पूजा भने हुँदैन । सेन राज्यको पालादेखिकै खड्ककालिकालाई सेवा सुसार गर्ने र वडा दशैंको नौ दिनसम्म पाठोको नित्य वलि चढाउने काम दुध कुभिण्डे पदमा रहेका खवासहरुले गर्दछन् । उनीहरुको गुठी खान्की मासिएपछि हाल पाठोको सट्टा कुभिण्डो र गाइको दुध चढाउँछन् (खवास, अन्तर्वार्ता, २०७४।१२।२०) ।

यस खड्ककालिका मन्दिरमा नित्य पूजा र पर्व पूजा गर्ने पुजारी र मन्दिरको टहल गर्ने सुसारेहरुलाई खान्कीको लागि गुठीको व्यवस्था भएको कुरा १८९४ साल मार्ग महिनाको राजगुरु रंगनाथ पण्डित एवं १९०४ साल माघ महिना लेखिएको राजा सुरेन्द्रले दिएको लालमोहरबाट थाहा हुन्छ । राजगुरु रंगनाथ पण्डितले रणविरे दल खन खबासका नाममा गरिदिएको लालमोहर लालविहार गुठीसँग सम्बन्धित छ । जसको चर्चा पछि हुनेछ । १९०४ को लालमोहर राजा सुरेन्द्र कर्णेल शिवशंकर उपाध्यायलाई गरिदिएको लालमोहर हो । राजा रणबहादुर शाहले १८८३ र १८९९ मा लालमोहर जारी गरी बाँधी दिएको व्यवस्थालाई फेरि यस लालमोहर मार्फत राजा सुरेन्द्रले कायम गरी साविक बमोजिमको बन्दोबस्त र खान्की तोकी पुनः लालमोहर गरिदिएको देखिन्छ ।

लालमोहरमा निजले उठाउँदै आएको साउनेफागु, परम्परा देखि चल्दै आएको रीति दण्ड कुण्ड, पंचखतको आम्दानीबाट पहिलेदेखि गर्दै आएको चलन अनुसार तनहुँसुरका वडा दशैं, चैते दशैं चलाउनु भन्ने आदेश दिएको छ । त्यसैगरी दशैघरका सुसारेहरुलाई पहिलेदेखि खाई पाई आएको नेक दस्तुर दिनु, विष्णु, महादेव मन्दिरमा नित्य पूजा चलाउनु, पौवा भत्के बिग्रेमा मर्मत गरी नियमित पानी राखेर बटुवालाई पानी खाने व्यवस्था मिलाउनु भन्ने विषय पनि आदेशमा परेको थियो । दशैंमा थुम थुमबाट बोका, राँगा लिएर दशैं मनाउनु, अमाली, विचारीहरुले गुठी जग्गाबाट आएको आयस्ता र विभिन्न शीर्षकमा उठेको दस्तुरमा खिचलो नगर्नु पनि भनिएको छ । विशेषतः

यो लालमोहोर तनहुँसुरको खड्ककालिका मन्दिरमा वडा दशैं र चैते दशैंमा रितिरिवाज अनुसार पूजा चलाई हाम्रो जय मनाउनु भन्ने व्यहोरामा लेखिएको छ (परिशिष्ट-३३) । यस लालमोहरमा श्री खड्ककालिका, विष्णु, महादेव, भगवती, श्री चण्डी र पौवा गुठी सम्बन्धी जानकारी दिएको छ । त्यसैगरी वडा दशैं र चैते दशैंमा खड्ककालिकाको पूजामा संलग्न हुने विभिन्न पदका व्यक्तिहरुलाई दिइएको खान्कीको बारेमा पनि लेखिएको छ । बोहेरा, राना, कलस्याउली, मंगल्यानी, उपासे, दुध कुभिण्डे, खड्क मोल्ने, नगरा बजाउने, कुसुले, झाडुलाउने, कटुवाल, दरबारमा पात दाउरा ल्याउने आदिलाई खान्कीको रुपमा गुठी जग्गा दिइएको विवरण पनि लालमोहरमा छ ।

वि.सं. १९९७ सालको लालविहारकोट मौला खड्ककालिका समेत तनहुँसुरमा रहेका अन्यदेवी देवताको गुठीको आम्दानी र खर्चको लागत कितावमा खड्कदेवता सहित अन्य देवी देवताको गुठी खेत ७।३३।१६।४ (सातसय तेत्तिस मुरी सोह्र पाथी चार माना), बढ खेत २।६० (दुई सय साठी मुरी) मध्ये पुरेत खान्की ।४० मुरी उल्लेख छ । उक्त जग्गाको आम्दानी धान ५२। मुरी, चामल ।१५ पाथी, घ्यू।३ माना, तिल ।२ पाथी, बोका ४१ वटा, राँगा २९ वटा, केरा १२।घरी, माछा ।३२। पेरुङ्गा । तेल ९ । धार्नी, नगदी मो.रु. १९५ ।४५ ।२ (एक सय पन्चानब्बे रुपैया, पैंतालिस पैसा दुई दाम) मध्ये खर्च - धान २१।११।१ (एक्काइस मुरी, एघार पाथी, एक माना),चामल ।१५ पाथी, घ्यु । ३ माना, तिल ।२ पाथी बोका ४१, राँगा २९, केरा ।१२ धरी, माछा ।३२, पेरुङ्गा, तेल ९ धार्नी र नगद मो. रु. १०७।२९ (एक सय सात रुपैयाँ उनन्तीस पैसा खर्चकटाई बाँकी रहेको धान ३०।८।७ तीस मुरी, आठ पाथी,सात माना) तत्कालीन भाउले नगदी मो.रु. ८८।१९।२ (अठासी सय, उन्नाइस रुपैयाँ, दुई पैसा) समेत अन्य नगदी मो.रु. १३८।९०।२ बन्दीपुर मालमा दाखिल गर्ने गरी दरबन्दी अनुसार पूजा आज गर्नु भन्ने उल्लेख छ (गुठी संस्थान, वि.सं. १९९७, लगत किताब) । खड्क देवता सहित अन्य देवी देवताको नित्य पूजा र पर्वपूजा चलाउन आवश्यक सामग्री उपलब्ध गराउनका लागि सम्बन्धित गुठीयारहरुलाई यो इस्तियार प्रदान गरिएको देखिन्छ ।

त्यसैगरी वडा दशैं र चैते दशैंमा मन्दिरमा बाजा गाजा बजाउन वाणादार गुठी १५२ मुरी, भाँडा बनाउने वा मर्मत गर्ने वाणे गुठी ५२। मुरी खेत रानी गाउँमा, झाडु बढारु गर्न ३। रोपनी खान्की गुठी रहेको देखिन्छ ।

यस प्रकार तनहुँसुरमा रहेको खड्क देवता र अन्य देवी देवता, गुठी अन्तर्गत, ब्राह्मण पुजारी देखि लिएर मंगल्यानी, दुध कुभिण्डे, वास्टे, उपासे, बाजा बजाउने, खड्क पखाल्ने, साँध लगाउने कामी जाति सम्मलाई समेटेको छ । यसरी समाजका विभिन्न जाति र वर्गका मानिसहरु मिलेर आ-आफ्नो दायित्व निर्वाह गरी परम्परागत रुपमा खड्क कालिकाको पूजा आजा गर्दै आएको पाइन्छ । २०२१ मा देशमा भूमिसुधार लागु भए पनि तनहुँमा भने वि.सं. २०३१ मा मात्र नापी व्यवस्था लागु भएको थियो । नापी नक्सा हुँदा गुठी जग्गा सरकारी रैकरमा दर्ता भयो र गुठी जग्गाको लालपूर्जा मालपोत कार्यालयले बुझेर लियो । खान्की वा आयस्ता केही नभएपछि खड्क देवता लगायतका अन्य देवी देवताको परम्परादेखि हुँदै आएको पूजा आजा नियमित रुपमा हुन सकेन । गुठी अधिनस्थ हुँदा आएको रकम अक्षयकोषमा जम्मा गरेर त्यसको ब्याजबाट आएको

आम्दानीको ७०% पूजा गर्ने २५% सो बराबर थप्ने र ५% अफिस चलाउने भन्ने थियो तर त्यो रकम हालसम्म प्राप्त नभएको गुनासो खड्ककालिकाको पूर्व वास्टे नरध्वज थापाको रहेको छ । यसै कारण २०३३-२०४४ सम्म खड्ककालिकाको पूजा गर्ने कार्य नै बन्द भयो (थापा, अन्तर्वार्ता, २०६८।१०।१६) । त्यसपछि २०४५ सालमा उनै नरध्वज थापाको सक्रियतामा स्थानीय गाउँलेहरुले तत्कालीन गाउँ पञ्चायतको सिफारिसमा एक प्रतिवेदन गुठी संस्थानमा पेश गरेपछि गुठी संस्थानले आवश्यक सहयोग प्रदान गरी पुनः पूजा सुरु भएको थियो । गुठीको जग्गा रैकर भएपछि त्यस जग्गाको तिरो गुठी संस्थानमा जान्छ । रैकर गरेको पैसाको ब्याज स्वरुप खड्ककालिकाको पूजा चलाउन चैते दशैंमा २० हजार र वडा दशैंमा ३० हजार रुपैयाँ गुठी संस्थानले जिल्ला विकास समितिमा पठाउँछ । हाल खड्ककालिकाको पूजा व्यवस्थापनको लागि ९ जनाको एउटा समिति रहेको छ । उक्त समितिले जिल्ला विकास समितिबाट पैसा झिकेर खड्ककालिकाको पर्व पूजा गराउँदै आएको छ (थापा, अन्तर्वार्ता, २०७५।०१।१०) । हाल सबै कुरा महँगो भएकाले गुठी संस्थानबाट दिएको पैसाले पूजा चलाउन धौ धौ भएको गुनासो पूजा व्यवस्थापन समितिको अध्यक्षको छ ।

गुठी अधिनस्थ भए पनि वर्तमान समयमा तनहुँ मालपोतको रेकर्डमा खड्ककालिका गुठीको नाममा, साविकभन्दा बढी जमिन देखिन आउँछ । यस गुठी जग्गा रैकरमा परिणत भए पनि विभिन्न मोहीको नाममा सयौं कित्तामा विभाजित हजारौं रोपनी जमिन देखिन आउँछ । यस गुठी अन्तर्गत २२५ मोही, ७४३ कित्ता संख्या र १७०९-११-०-२ (एक हजार सातसय ९ रोपनी एघार आना दुईदाम गुठी जमिन देखिन्छ (भण्डारी (जि.सी.), २०७०, पृ.१९३) । यी जग्गाहरु प्रायः सबै रैतानी नम्बरीमा परिणत भएको र केही पाखो जग्गा बाँकी भए पनि काम गर्ने जनशक्तिको अभावले बाँझै रहेको भनाइ चण्डीमाइका पुजारी हर्कबहादुर थापाको रहेको छ ।

यस खड्ककालिका मन्दिर ऐतिहासिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय सबै पक्ष समाविष्ट भएको महत्वपूर्ण धरोहर हो । यस मन्दिरको पछाडिको गारो जीर्ण भएको र दक्षिण पश्चिम कुनाको सुरक्षा पर्खाल भत्किएको छ । त्यसैले मन्दिरको मौलिक रुप यथावत राखी जिर्णोद्वार गर्न आवश्यक छ । स्थानीय आमा समूहद्वारा मन्दिरको दायाँ बायाँमा बनाइएको नयाँ पाटीहरुले मन्दिरको मौलिक स्वरुपमा असर परेको देखिन्छ (भण्डारी, २०६६, पृ.१६) । यसलाई पनि स्थानीयबासीको रोहवरमा उचित व्यवस्थापन गरिनु आवश्यक देखिन्छ । गुठी जग्गा रैकर बनेपछि प्राप्त हुने तिरो रकमको केही प्रतिशत खर्च गरी मन्दिरमा सरसफाइ गर्ने, पर्यटकहरुलाई खानेपानीको व्यवस्था गर्ने खड्ककालिका मन्दिर मात्र नभई दरबार परिषद्मा रहेका सबै देवदेवीको मन्दिरहरुको हेरविचार गरी हराभरा गराउन हेरालुको व्यवस्था गर्नु पर्ने आवश्यक देखिन्छ ।

### ७.६.८ लालविहार गुठी

तनहुँसुरमा रहेका देवी देवताहरुको नाममा राखिएको गुठी मध्ये लालविहार गुठी महत्वपूर्ण मानिन्छ । तत्कालीन सेन राजाको दरबारलाई लालविहार भनिएको हो भनिन्छ (थापा, अन्तर्वार्ता,

२०७३।०६।३०) । लालविहार परिसरभित्र खड्ककालिका, महादेव र विष्णुका मन्दिरहरु रहेका छन् । लाल बिहार गुठी कहिले र कसले स्थापना गरे स्पष्ट हुने सामग्री फेला परेको छैन । सेन राज्यकालमा नभई तनहुँ राज्य नेपाल अधिराज्यमा गाभिइसकेपछि दरबारको संरक्षण र व्यवस्थापन गर्नको लागि नेपालसरकारबाट यस लालविहार गुठी राखिएको बुझिन्छ । वि.सं. १८९४ साल मार्ग महिनामा राजगुरु रंगनाथ पण्डितले उपास्य गंजे खनखवासलाई गरिदिएको लालमोहर प्राप्त छ (परिशिष्ट-३४) । प्रस्तुत लालमोहरमा, तनहुँसुर दरबारढोकामा उपास्ये खान्गी खाई निजु बस्ने करविरे दल गंजे खनखवासलाई दरबारको ढोकामा निजु वस्नु, पर्व पर्वको पूजा आजा, धूपदीप गर्नु, दरबारमा गाई भैसी,नौला मानिसलाई पस्न नदिनु,कालिकामाईको टहल गर्नु, कलस्येउली, मंगलेनी मोर्नु भाग्नु भएमा वा अजातमा गई भने अर्को भरना गर्नु, मौला,नौ गजुर कलश, डोली, गढी, मैदान सफाई गर्नु,फूलबारीको हेरचाह गर्नु, दशैको काम राम्रोसँग चलाउनु, दरबारमा परिआएको काम गर्नु, कत्स्यौली, मंगलेनी, करविरे दल खनखवासको सन्तान दरसन्तानले तनहुँसुर दरबारमा हाम्रो जय मनाई वस भन्ने उल्लेख छ ।

प्रस्तुत लालमोहरमा तनुहुँसुर दरबारको हेरविचार गर्ने र कालिकाको सेवा टहल गर्ने दुवै कामको लागि एउटै व्यक्ति र एउटै खान्गी दिएकोले लालविहार गुठी र खड्ककालिका गुठी बीचमा सम्बन्ध रहेको देखिन्छ । १९९७ सालको लगत किताबमा पनि प. ३ नं. तनहुँसुर लालविहार कोट मौलाका श्री खड्कदेवता समेत देवी देवताको गुठी भनिएको छ । त्यस्तै गुठी संस्थाको लगत तथा अभिलेख कार्यालय भद्रकालीको गुठी विवरणमा पनि तनहुँसुर लालविहार कोटमौलाका श्री खड्क देवता सहित अन्य देवीदेवताको गुठी भन्ने उल्लेख छ (गुठी संस्थान, २०६३, पृ.२६) । लालविहारको गुठीकोट मौला सुरक्षा एवं खड्ककालिकाको समेत विष्णु महादेव आदि देवीदेवताको नित्य पूजा र पर्व पूजा गर्ने, पूजाको लागि चाहिने आवश्यक सामग्रीहरु धूप, दीप, नैवेद्य, अक्षता, तेल, वत्ति आदि कोट पुऱ्याउने कोट मामुलियन गुठी भएको थाहा हुन्छ । वि.सं. १८७१ जेष्ठ १० गते जनरल भिमसेन थापाले महिमन खवास र विष्णु द्वारिकाको नाममा जारी गरेको पत्रमा (थापा, २०५७, पृ.७८-७९) पनि लाल बिहार र कोट मौलाका खडककालिका भन्ने उल्लेख छ । यसै पत्रमा दशैंमा परम्परागत रुपमा गाइने मंगल गीत दरबारमा बसेर गाउनु भन्ने उल्लेख भएकाले लालविहार र खड्ककालिका गुठी नाम फरक भए पनि प्रयोजन एउटै रहेको थाहा हुन्छ ।

खड्ककालिका मन्दिर परिसरको अगाडिको ठीक उत्तर पट्टि महादेव मन्दिरको दाहिनेतिर खुला चौरमा सेनकालीन दरबार रहेको थियो भन्ने छ । १९७७ सालतिर पनि उक्त दरबार जिर्ण अवस्थामा रहेको तर उचित संरक्षणको अभावले सेनकालीन कलात्मक दरबार भत्किएको हो भनिन्छ (मिश्र, २०५८, पृ.७८९) हाल पुरातत्व विभागले दरबार रहेको ठाउँमा उत्खनन गरी दरबार रहेको एरियालाई डिपिसी गरी ४" उचालेर संरक्षण गरेर राखेको छ (तस्वीर-१७) ।

गुठी लगत तथा अभिलेख कार्यालय भद्रकालीको गुठी विवरणमा तन्हौसुर लालबिहारकोट मौलाका श्री खड्क देवता समेत देवीदेवता गुठीको नाममा साविक ३०२-१५-१ (तीन सय दुई रोपनी पन्ध्र आना दुई पैसा) देखिन्छ । जुन अमानत ठेक्का अन्तर्गत पर्दछ (गुठी संस्थान, २०६३, पृ.२६) ।

तर तनहुँ दमौलीमा रहेको मालपोत कार्यालय तनहुँको अभिलेख श्रेस्तामा लालविहार गुठी र खड्ककालिका गुठी अलग-अलग नाम र क्षेत्रफलमा छुट्याइएको पाइन्छ। लालविहार गुठीको नाममा फराकचौरमा २०११-२-०२ क्षेत्रफल रोपनी, कित्ता संख्या १६८८, मोही १०८५ जना, गद्दिचौतारामा ३५७-८-३-० क्षेत्रफल रोपनी, कित्ता संख्या १९३, मोही संख्या ४६,क्यामिनमा ९७-१३-०-१ क्षेत्रफल, कित्ता संख्या ५४, मोहि संख्या ९, समजुर छापमा ३५-२-२-२ क्षेत्रफल रोपनी, कित्ता संख्या १७, मोही संख्या २ गरी जम्मा २५०१-१०-२-१ क्षेत्रफल रोपनी कित्ता संख्या १८८२ र मोही संख्या ११४२ रहेको छ (भण्डारी (जि.सी.), २०७०, पृ.१८०) । उक्त सबै गुठी जग्गा रैतानी नम्बरीमा परिणत भइसकेको छ ।

हाल दमौलीमा रहेको सबै जग्गा सेन राजाको खान्की भएकोले पछिसम्म पनि त्यो जग्गा लालविहार गुठी अन्तर्गत थियो । उक्त जग्गा त्यहाँका स्थानीय दराईहरुले कमाउँदथ्यो र जग्गा कमाए वापत चैते दशैं र वडा दशैंमा तनहुँसुरका खड्ककालिकालाई नौ पुरिया बुझाउनु पर्दथ्यो । नौ पुरियामा नौ घरी केरा, नौ वटा बोका, नौ पोका चामल, नौ पोखा तिल, माछा, दहि बुझाउनु पर्दथ्यो यसलाई पुरियापात भन्दथे (बतास, अन्तर्वार्ता, २०७०।०६।३१) । यो पुरियापात दराईहरुको मुखियाले तनहुँसुरका मुखियालाई बुझाउँदथे । यसलाई बेठी भन्दथ्यो । मुखियाले उक्त बेठी खड्ककालिका मन्दिरमा काम गर्ने सबैलाई भाग लगाउँदथ्यो (श्रेष्ठ, अन्तर्वार्ता, २०७४।१०।२०) ।

### ७.६.९ ढोरबाराही मन्दिर

तनहुँ जिल्लामा रहेका प्रमुख धार्मिक स्थलहरु मध्ये ढोरबाराही पनि महत्वपूर्ण धार्मिक स्थल हो । यो मन्दिर तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिका वडा नं. ९ मा अवस्थित छ । यो मन्दिर पृथ्वीराजमार्गमा पर्ने दुलैगौडा बजारदेखि ५ कि.मी. दक्षिण पश्चिमको कोण हिलेटारमा पर्दछ ।

चौबीसी राज्यकालमा ढोर पनि एउटा छुट्टै राज्य थियो । ढोरमा खान वंशका राजाहरुले राज्य गर्दथे (सुवेदी, २०६०, पृ.२६९) । ढोर राज्यमा स्थित वाराही भएकोले यस मन्दिरलाई ढोरवाराही मन्दिर भनिएको देखिन्छ । यो मन्दिर कसले र कहिले निर्माण भएको हो स्पष्ट जानकारी दिने आधार भेटिएको छैन । मन्दिरका पुराना वस्तुहरु मूर्ति र घण्टहरु सबै चोरी भैसकेको हुनाले ऐतिहासिक तथ्य थाहा हुन नसकेको स्थानीयवासीको भनाइ छ ।

ढोरबाराही मन्दिर बाराही खोलाको शीरमा रहेको चुनढुंगाका पहराको काखमा पूर्वाभिमुख भएर रहेको छ । ढुंगा र माटोको समिश्रणबाट बनेको खरको छानो भएको पुरानो मन्दिर भत्काएर २०५१ सालमा आधुनिक निर्माणको सामग्री प्रयोग गरी हालको मन्दिर बनाइएको हो (तस्वीर-१८) । मन्दिरभित्र अन्दाजी ११ इन्च लम्बाई र ७ इन्च चौडाईको ४ हात भएको देवीको मूर्ति छ । देवीको मूर्तिको छेउमा शिवलिङ्ग र ४ हात भएको गणेशको मूर्ति पनि छ । मन्दिर पुग्ने बाटोको दायाँ बायाँ दुवैतिर ढलोटका घण्टहरु झुण्ड्याइएका छन् । जसमा सबैभन्दा पुरानो घण्ट १९३३ वैशाख ७ गते धीरमणी गुरुङ्गले चढाएको घण्ट देखिन्छ (स्थलगत अवलोकन, २०७४/१०/२१) । यसै घण्टको आधारमा मन्दिरमा १९३३ सालदेखि नै भक्तजनहरु नियमित रुपमा पूजा गर्न आउने गरेको देखिन्छ।

चुन पहराको फेदबाट निस्किएको पानीको मुलबाट मन्दिर अगाडि एउटा वर्गाकार कुण्ड बनेको छ । कुण्डमा विभिन्न प्रजातिका माछाहरु छन् । कुण्ड वा पोखरीमा एउटा लामो र दुई वटा चारपाटे ढुङ्गा छन् । चारपाटे ढुङ्गा वा शिला माथि भक्तजनले भाकल गरी ल्याएको बोका पाठाको बलि दिइन्छ । यसरी बलि दिएको बोका पाठाको शरीर कुण्डमा नखसी ढुङ्गामा नै रह्यो भने भाकलकर्ताको भाकल शतप्रतिशत पूरा हुन्छ भन्ने जनविश्वास रहेको छ । कहिलेकाहीँ कुण्डको मुलबाट गुडगुड आवाज गर्दै तातो वाफ सहित साविकको भन्दा बढी भल निस्कन्छ । यसलाई लहरी चल्नु भनिन्छ (गुरुङ्ग, २०६१, पृ.११३) । यस ढोरबाराही मन्दिरको मुख्य आकर्षण र विशेषता यही लहरी चल्नुलाई मानिन्छ ।

त्यसो त गण्डकी महात्म्यमा ढोरबाराहीलाई भगवान् विष्णुको बाराह अवतारसँग जोडिएको छ । सत्ययुगमा हिरण्यकश्यपका अन्याय अत्याचारबाट पृथ्वी पातलमा धसिइन् । पृथ्वीको त्यस्तो अवस्था देखेपछि विष्णु भगवान्ले बाराहको अवतार लिएर पृथ्वीको उद्वार गर्नुभयो । यसरी कुण्डमा आउने गुड गुड आवाज विष्णु भगवानले पृथ्वीलाई जलबाट माथि ल्याउँदा आएको आवाज हो भनिन्छ (गुरुङ्ग, २०६१, पृ.११३) । यसरी यस मन्दिरमा रहेको अनौठो प्राकृतिक प्रक्रियालाई देवी शक्तिको रुपमा पूज्दै आएको पाइन्छ । अझ पोखराको ताल बाराहीमा बलि चढाउँदा ढोरबाराहीमा लहरी चल्दछ भन्ने पनि जनविश्वास छ ।

यस मन्दिरमा औसी, एकादशी र रामनवमीमा बाहेक अन्य दिनमा बोका, पाठा, राँगोको बलि दिइन्छ । परेवा र हाँस छोडिन्छ भने कुखुराको बलि दिइँदैन । राँगो भने मन्दिरभन्दा २० मिटर जति तल रहेको मौलामा काटिन्छ । मन्दिरमा पञ्चवली पनि दिने गरेको पाइन्छ ।

यस मन्दिरमा साँझ बिहान नित्यपूजा हुन्छ । मन्दिरमा पूजा गर्न पुजारी र गुठीको समेत व्यवस्था भएको पाइन्छ । मन्दिरमा पूजा गर्न १९७२ सालदेखि लम्साल थरका ब्राह्मणले गर्दै आएको कुरा मन्दिरका पुजारी चिरन्जीवी लम्साल बताउँछन् ।

वर्तमान तनहुँको मालपोत कार्यालय रेकर्ड अनुसार ढोरबाराही गुठी अन्तर्गत रहेको रैतानी र अधीनस्थ गरी जम्मा ३०-४-२-२ (३० रोपनी, ४ आना २ पैसा २ दाम) जमिन मध्ये १६-१३-१० (१६ रोपनी, १३ आना, १ पैसा रैतान नम्बरीमा परिणत भइसकेको र १३-७-१-२ (१३ रोपनी, ७ आना, १ पैसा, २ आना) जग्गा पुजारीको जिम्मामा रहेको देखिन्छ (भण्डारी (जि.सी.), २०७०, पृ.१९२) । पुजारीको जिम्मामा रहेको जग्गाको आयस्था र मन्दिरमा चढाएको भेटीबाट पूजा चलाउँदै आएको पुजारीको भनाइ छ । मन्दिर संरक्षण सम्बर्द्धन र व्यवस्थापनको लागि ढोरबाराही पूजा व्यवस्थापन तथा विकास समिति गठन भएको छ । यसै समितिले मन्दिरमा बलि दिएको बोका, पाठाको टाउको १ वर्षको लागि ठेक्कामा दिने गर्दछ । हाल समितिले ०७४।०७५ को १ वर्षको लागि ११ लाख ५० हजारमा ठेक्कामा दिइएको छ । ठेकेदारले बोकाको टाउको प्रति गोठा रु.१५० र सफा गरेको रु.३.८० लिने गर्दछ । मन्दिरमा दिनको २०-२५ देखि १००-१५० सम्म बोका र पाठो बलि चढाउँछन् ।

विष्णु भगवानको प्रतिक मानिएको र चौबीसी राज्यकालमा स्थापना भएको विश्वास गरिएको यस ढोरबाराही मन्दिर पूजाआजा गर्नु तनहुँबासी मात्र नभई देशभरीका हिन्दू धर्मावलम्बीहरु पुग्दछन्। स्वच्छ मनले भाकल गरेर मनोकामना पूर्ण हुने सबै भक्तजनको विश्वास छ। भक्तजनको सुविधाको लागि मन्दिर सम्म पुग्ने पक्की बाटो निर्माण हुनु आवश्यक देखिन्छ।

### ७.६.१० छाब्दीबाराही मन्दिर

छाब्दीबाराही मन्दिर तनहुँको प्रसिद्ध धार्मिक स्थल मध्ये एक हो। तनहुँ जिल्लाको सदरमुकाम दमौलीबाट ७ कि.मी.पूर्व छाब्दी खोलाको दायाँ किनारामा पहराको फेदमा यो मन्दिर अवस्थित छ। छाब्दीबाराही मन्दिर ब्यास नगरपालिका वडा नं १० कुलुङमा पर्दछ। मन्दिरको पश्चिमपट्टि नजिकै छाब्दी खोला बगेको छ। खोला तर्न सानो काठे पुल राखिएको छ। पूलको पूर्वपट्टि एउटा सतल छ। सतलभित्र छाब्दीबाराही मन्दिर छ। मन्दिरभित्र १६-१७ इन्च अग्लो देवीको मूर्ति छ (तस्वीर-१९)। नित्य पूजा गर्दाको केशरी, अविर, अक्षता, फलफूल, नैवेद्य आदिले मूर्तिको वास्तविक आकृति कस्तो छ थाहा हुँदैन। मन्दिरको बायाँपट्टि पहराको फेदमा एउटा सानो बर्गाकार कुण्ड छ। कुण्डमा ठूला-ठूला रजवाम, ठूलाखाले कत्लेमाछा र स-साना माछाहरु प्रशस्तै छन्। राता, पहला कत्ले माछाहरु, ढाढमा सुनको टिका लगाएका जस्ता देखिने सुन्दर माछाहरु देखेर भक्त जनहरु रमाइरहेका हुन्छन्। भक्तजनहरुले भाकल गरेर ल्याइएको परेवा, हाँस, बोका, पाठालाई पुजारीले मन्दिरमा बलि दिएर टाउको मन्दिरमा राखी गीड कुण्डमा फाली दिन्छ। बलि कुण्डमा परेपछि कुण्ड भित्रबाट रजवाम र अन्य माछाहरु बिस्तारै निस्केर परेवालाई निल्दछ भने अन्यको रगत पिएको देखिन्छ ( स्थलगत अवलोकन, २०७४/९/२१)। माछाहरु भोकाएको बेला बिहान नै मन्दिरमा पुगियो भने कुण्डमा यस्ता सबै दृश्य देख्न पाइन्छ। भनिन्छ, बलि दिएर कुण्डमा फालिएको परेवालाई माछाले खाइरहेको बेला परेवा चढाउने व्यक्तिले 'मेरो परेवा खायो' भन्यो भने माछाले नखाई छाडिदिन्छ। कुखुरा र राँगा भने मन्दिरको नाम पारेर मन्दिर अगाडि रहेको भिमसेनको मन्दिरमा बलि दिइन्छ।

यस छाब्दीबाराही मन्दिरमा एकादशी, औंशी र साउन महिना बाहेक सधैं नै बिहान बेलुका धुपबत्ती गरी नित्य पूजा हुन्छ (आले, अन्तर्वार्ता, २०७४/९/२१)। छाब्दीबाराही देवी प्रति त्यस भेक तनहुँ, लमजुङ, कास्कीका बासिन्दाहरुको ठूलो विश्वास रहेको छ। विशेषतः आफ्नो घरमा पालिएको पशुहरुलाई रोगब्याधी नलागोस् र नमरुन भनी छाब्दीबाराहीलाई भाकल गर्ने चलन छ। यसका साथै आफ्नो मनोकामना पूरा होस् भनेर पनि छाब्दीबाराहीलाई भाकल गर्दछन् र वर्षको एक पटक बोका, परेवा, कुखुरा, राँगा मध्ये एक लिएर पूजा गर्न जान्छन्। यस मन्दिरमा भाद्र र आश्विन महिनामा पञ्चबलि दिने गरिन्छ।

छाब्दीबाराहीमा खास गरी बाम माछालाई नै बाराही देवीको रुपमा पूजा गरिने भएकोले छाब्दी खोला भरी माछा मार्न पाइँदैन। त्यहाँको माछा बाढीले बगाएर अन्यन्त्र पुगेमा पानीको गुढमा माछालाई राखेर बाजा, गाजा सहित कुण्डमा ल्याएर राखिन्छ। त्यस्तै कुण्डको बाम माछा मरेमा

मानिसको जस्तै सतगत गरी मन्दिरको पुजारी स्वयम्ले किरिया वस्ने गर्दछन् । यस मन्दिरको अर्को विशेषता भनेको ठूला माछाले सानो माछालाई खाँदैन ।

छाब्दीबाराही देवीको उत्पत्तिको चर्चा गर्दा त्रेतायुगमा एक जना माझीले माछा मारेर घरमा लगेर हेर्दा माछाको पेटबाट एउटा सुन्दर बालिका पैदा भयो । माछाको पेटबाट जन्मिएको हुनाले ती कन्याको शरीरबाट निरन्तर माछाको गन्ध आउँदथ्यो । त्यसैले उक्त बालिकाको नाम मन्त्स्यगन्धा राखियो । बालिकालाई माझीले आफ्नै छोरी बनाएर पाल्न थाले । माझीले मादिमा ढुङ्गा तार्ने काम गर्दथ्यो । एकदिन बिहान घुम्दै आएका परासर ऋषिलाई मादि पारी तारिदिन माझीले आफ्नी किशोरी छोरीलाई अह्राए । मन्त्स्यगन्धाले डुङ्गा तार्ने क्रममा ऋषि तिनीसँग आशक्त भए र समागमको प्रस्ताव राखे । किशोरी मत्स्यागन्धले खुला ठाउँ भएकोले लोकलाज हुने र आफू कुमारी भएकोले बच्चा जन्माउन उपयुक्त नहुने कारण देखाइ ऋषिको प्रस्ताव अस्वीकार गरिन । ऋषि पराशरले त्यस ठाउँमा कुहिरोको सृजना गरी कसैले नदेख्ने गरी ढाकिदिए । बच्चा जन्मिएपछि पनि उनी कुमारी नै रहने र उनको शरीरबाट माछाको गन्धको सट्टा सुगन्धित बास्ना आउने कुरामा आश्वस्त पारी ऋषिले किशोरीसँग समागम गरे । केही क्षणको गर्भधारण पछि किशोरीको गर्भबाट शिशु व्यास पैदा भए । ब्यासले आमालाई प्रणाम गरी तपस्या गर्न जाने बेलामा केही इच्छा छ कि भनी आमालाई सोधे । आमाले व्याससँग आफ्नी आमा माछीको नाममा एउटा स्मारक बनाउने इच्छा व्यक्त गरिन् । तुरुन्तै बालक व्यासले जलदेवीको आराधना गरी जलदेवीलाई आफ्नी हजुरआमा माछीको स्मारक बनेर बसिदिन अनुरोध गरे । जलदेवीले व्यासको अनुरोध स्वीकार गरी माझीले माछा समाएकै कुण्डमा माछाको रुपमा बसिन् । त्यही कुण्ड नै छाब्दीबाराहीको कुण्ड हो र सुनको टिका लगाएको माछा छाब्दीबाराही देवीको रुपमा जलदेवी हो भन्ने किंवदन्ती पाइन्छ (न्यौपाने, २०७१, पृ.३१) । त्यसै गरी अर्को एक किम्बदन्ती अनुसार वेदव्यासलाई जन्म दिएपछि मत्स्यगन्ध अलप भएर कुण्डमा गई मत्स्यअवतार देवीको रुपमा प्रकट भईन् । तिनै देवीलाई छाब्दीबाराही देवीको रुपमा पूजा गर्दै आएको हो पनि भनिन्छ (अमात्य, २०४६, पृ. ५७) । तर वेदव्यासको जन्म पश्चात् मत्स्यगन्धाको नाम सत्यवती रहेको र उनको विवाह हस्तीनापुरका राजा सान्तनुसँग हुन गई दुई छोराहरुको जन्म भएको कुरा महाभारतमा पाइन्छ । बरु पहिलो किंवदन्ती अनुरुप ब्यासले आमाको इच्छा अनुसार हजुरआमाको प्रतिमा स्थापना गराई कुण्ड बनाएको चाहिँ हुन सक्दछ ।

किम्बदन्ती अनुसार छाब्दीबाराही देवीको स्थापना प्राचीनकालमा भएको र त्यसै समयदेखि नै उक्त ठाउँ तीर्थस्थलको रुपमा रहेको मानिन्छ । तर ऐतिहासिक प्रमाणको आधारमा १९३१ सम्म मात्र लान सकिन्छ । १८३१ मा वर्तमान पुजारी प्रेमबहादुर आलेका पुस्ता स्व. जहरसिंह आले मगरले यस मन्दिरको स्थापना गरेको कुरा मन्दिरमा टाँसेको साइनबोर्डबाट थाहा हुन्छ । जस अनुसार जहरसिंह आले मगर गोठमा बसेको बेला एक साँझ एउटी कन्या वास माग्न आइन् । जहरसिंहले ती कन्यालाई वास त वस नानी तर खाने र ओड्ने केही पनि छैन । म त मुढोको आगोको तापले रात कटाउँछु भनेछन् । जहरसिंह आले निदाउन थालेपछि ती कन्याले म बाराही देवी हुँ, म तिमीले सधैं माछा मार्ने कुण्डमा गएर बस्छु, तिम्रो सन्तान दरसन्तानले अब देखि मेरो पूजा गर्नु' भनी अलप भइछिन् । भोलीपल्ट जहरसिंह आले कुण्डमा गएर हेर्दा एउटा उठाउन नसक्ने शिला ढुङ्गा देखेछन् ।

उनले घरबाट नै धूप अक्षता लगी शिला भएको ठाउँमा सानो मन्दिर बनाइ पूजा गर्न थालेछन् । अहिले जहर सिंहको दशौं पुस्तामा प्रेम बहादुर आले छाब्दीबाराहीको मन्दिरको पुजारी छन् (तस्वीर-२०) ।

वि.सं. १९३१ फाल्गुन १ गते छाब्दीबाराहीको पुजारीलाई श्री ५ सुरेन्द्रले दिएको लालमोहर प्राप्त छ (तस्वीर-३५) । लालमोहरमा बाराही देवी उत्पन्न भएदेखि हालसम्म हामीले नित्य पूजा चलाई आएकोले उक्त पूजा हामी दरसन्तान प्रयान्त खोसमोस नहोस् भनी तत्कालीन पुजारी लिलाध्वज आलेले बुझाएको बिन्तिपत्र अनुसार आफ्नो घरको खर्च लगाई नित्य नैमित्यक पूजा गर, कहीँ कतैबाट खोसमोस हुने छैन भन्ने व्यहोरा लेखिएको छ । छाब्दीबाराहीको पुजारीलाई खान्कीको लागि गुठी सम्बन्धी कुनै व्यवस्था छैन भन्ने उक्त लालमोहरबाट थाहा हुन्छ ।हालसम्म पनि भक्तजनहरुले चढाएको भेटी र सुवेच्छुकहरुले दिएको चन्दा बाहेक मन्दिरको कुनै आयस्रोत नभएको पुजारी प्रेमबहादुर आलेले जानकारी दिए ।

वि.सं. २०१५ सालमा राजा महेन्द्रको पश्चिमाञ्चल भ्रमणको सिलसिलामा पैदल भ्रमण गरी छाब्दीबाराहीको दर्शन गर्न जाँदा मन्दिर जिर्ण भएको देखि जिर्णोदारको लागि रु. २,०००।- प्रदान गरिएको थियो । त्यस रकममा पनि तत्कालीन पुजारी मानबहादुर आलेले केही रकम थप गरी मन्दिरको जिर्णोदार गरिएको थियो । तर उक्त मन्दिर पनि २०२८ सालमा भत्केपछि तत्कालीन पुजारी मानबहादुर आलेले आफ्नै खर्चमा हालको मन्दिर बनाएको पनि पुजारी प्रेम बहादुर आलेले बताए ।

वि.सं. २०४९ सालमा छाब्दीबाराही विकास कोष स्थापना भएपछि उक्त विकास कोष मार्फत नै मन्दिर तथा पूजा सम्बन्धित व्यवस्थापन तथा संरक्षण हुँदै आएको पनि पुजारीको भनाई छ । उक्त विकास कोषले २०७५ असार २८ गते १८ लाख रुपैया खर्च गरी मन्दिरको अगाडि कुण्डमा मत्स्यदेवीको मूर्ति राखिएको छ । मन्दिर भित्रको कुण्डमा रहेको मत्स्यदेवीको मूर्ति भक्तजनहरुलाई दर्शन गर्न र पूजा आजा गर्न गाह्रो भएकोले उस्तै स्वरुपको देवीको मूर्ति बाहिरको कुण्डमा राखिएको हो भन्ने पुजारीको भनाई छ । कुण्ड भित्रको मूर्तिको फोटो खिच्न मनाही गरिएको छ भने बाहिर रहेकी देवीको फोटो खिच्न सहज भएको छ । भक्तजनहरुले मन्दिरमा चढाएको भेटी र मन्दिरबाहिर राखिएको दानपेटीमा संकलन भएको रकमबाट देवीको मूर्ति बनाउन सम्भव भएको विकास कोषका अध्यक्ष थानबहादुर थापाको छ (कान्तिपुर संवाददाता, २०७२/३/२८) ।

छाब्दीबाराही मन्दिर तनहुँको मात्र नभई नेपालकै प्रख्यात धार्मिक स्थल मानिन्छ । यस मन्दिरमा दर्शन गर्न नेपाल अधिराज्य भरीबाटै आउने श्रद्धालु भक्तजनहरुको घुइँचो लाग्दछ । प्रख्यात शक्तिपिठको रुपमा चिनिएको यस मन्दिरमा पुग्न साँघुरो र कच्चि बाटो छ । दमौली बजारबाट छाब्दीबाराही मन्दिरमा पुग्न गाडीको व्यवस्था भए पनि प्रयाप्त छैन । त्यस्तै यस मन्दिर सम्बन्धी प्रयाप्त प्रचार प्रसार पनि भएको पाइँदैन । त्यसैले सरकारले व्यास नगरपालिका मार्फत मन्दिरमा

पुग्न बाटोको व्याख्या र मन्दिरको उचित व्यवस्थापन तथा संरक्षणको लागि केही रकम विनियोजन गर्नुपर्ने आवश्यक देखिन्छ ।

### ७.६.११ व्यासगुफा

तनहुँ जिल्लाको सदरमुकाम दमौली बजार व्यास नगरपालिका अन्तर्गत पर्दछ । दमौली बजारबाट करिब आधा कि.मी. दक्षिणमा व्यास गुफा रहेको छ । व्यास गुफाको अगाडि मादि र सेती नदिको संगमस्थल रहेको छ । व्यास गुफाको पश्चिम पट्टि रहेको मादि नदिको पारीपट्टि पराशर आश्रम छ । त्यहाँ साधु सन्तहरुको आश्रम, शिवालय, पाटी, पौवा छन् । पहिला त्यहाँ पराशर ऋषिले तपस्या गरेका गुफा थियो, पछि मादि र सेतीमा आएको बाढीले नष्ट भएको हो भनिन्छ (गुरुङ्ग, २०६१, पृ.११५) ।

व्यास गुफा प्राकृतिक रुपमा बनेको एउटा ठूलो ओडार हो । यसको लम्बाई करिब ४०-५० फीट सम्मको छ । ओडारको उचाई करिब ८-१० फीटको छ । गुफाभित्र महादेवको र व्यासको मूर्तिहरु बनाएर राखिएको छ (स्थलगत अवलोकन, २०७५/९/२३) । यो गुफामा दुई तला छन् । भुइतलाको गुफालाई ज्ञान गुफा र माथिल्लो तलाको गुफालाई ध्यान गुफा भनिन्छ । ज्ञान गुफामा जान सके पनि ध्यान गुफामा भने जान अप्ठ्यारो छ । व्यास ऋषिले ध्यान गुफामा ध्यान गरी ज्ञान आर्जन गरेर ज्ञान गुफामा आई आफ्ना शिष्यहरुलाई ज्ञान बाँड्ने गदथे भन्ने भनाई छ (गुरुङ, २०६१, पृ.११५) । महर्षि वेदव्यासले यस गुफामा बसेर चारवेद, अठार पुराण महाभारत, ब्रह्मसुत्र जस्ता प्रसिद्ध ग्रन्थहरु रचना गरेको भनाई पाइन्छ (न्यौपाने, २०७१, पृ.२९) । त्रेता यूगको उत्तरार्धतिर महाभारतको युद्ध, कृष्णको अवशान भएपछि भारतवर्षमा हिन्दू संस्कृतिमा ह्रास आउन थाल्यो । हिन्दू संस्कृतिको जगेर्नाको लागि व्यास ऋषिले एकान्तमा यसै गुफामा बसेर इतिहास, पुराणका ग्रन्थहरु लेख्न थाले (पाण्डे र रेग्मी, २०५१, पृ.१७१) । व्यासले ज्ञान आर्जन गरेको गुफा भएको हुनाले यस गुफाको नाम व्यास गुफा रहन गएको पाइन्छ ।

व्यास ऋषिको जन्म यसै गुफा अगाडि रहेको मादि र सेती नदीको दोभानमा भएको मानिन्छ। त्यसैले यस ठाउँलाई पवित्र धार्मिक स्थलको रुपमा लिइन्छ । व्यास जन्मेको सन्दर्भलाई लिएर पौराणिक कथाहरुमा धेरै किसिमका किम्बदन्ती पाइन्छन् । त्यसमध्ये एउटा किंवदन्तीमा उल्लेख भए अनुसार

> *गण्डकी प्रश्रवण क्षेत्रमा चदीदेश नाम भएको एउटा देश थियो । उपरीचर वसु त्यहाँका राजा थिए । उनी धर्मात्मक, ज्ञानी र प्रजावालक थिए । उनको राज्यमा सबै जनता सुखी, सन्तोषी र कर्तव्यपरायण थिए । यिनकी रानी गिरिका अत्यन्तै रुपवती, गुणवती र सुशिल थिइन् । एकदिन ऋतुकाल प्राप्त भएको बेला रानीले स्नान गरी शुद्ध भएपछि असल पुत्र प्राप्तिको योग्य समयमा राजासँग एकान्तवासको अनुरोध गरिन् । त्यसै समय राजा शिकारको लागि जंगल प्रस्थान गर्न लागेका थिए । राजाले रानीको उक्त अभिलाषा पूरा गर्न सकेनन् । वसन्त ऋतुको समय भएकोले राजा जंगलमा पुगेपछि त्यहाँको मनमोहक वातावरणले*

*उनलाई कामवासना जागी वीर्य द्रवित भयो । राजाले वीर्य व्यर्थ नजाओस् र रानीको ऋतुकाल पनि व्यर्थ नजाओस् भनी वीर्यलाई पातमा पोको पारी रानी गिरीका समक्ष पुऱ्याउन आफ्नो तालिम प्राप्त बाजलाई पठाए । बाज उक्त पोको लिएर वेगका साथ त्यहाँबाट आकाशमा उडे । आकाशमा उडिरहेको बाजलाई अर्को शिकारी बाजले देखेर वीर्यको पोकोलाई मासुको पोको पंजामा च्यापेको भन्ने ठानेर आक्रमण गऱ्यो । दुई बाज बीच लुछालुछ हुँदा उक्त वीर्यको पोको नदीमा खस्यो र तुरुन्तै एउटा माछिले खाई । उक्त माछी स्वर्गकी अप्सरा अद्रिका थिइन् । ब्रह्मजीको श्रापबाट उनी मत्स्यजुनी व्यतित गर्दै थिइन् । दश महिना पछि उक्त माछीलाई त्यही कै स्थानीय माझीले जालमा पाऱ्यो । घरमा ल्याएर पेट चिरी हेर्दा दुई मानव बालकहरु एउटा छोरा र एउटी छोरी उत्पन्न भए । उक्त माछी रुपि अद्रिका भने श्राप मुक्त भएर माछी चोला छाडी दिव्य रुप प्राप्त गरिन् । उनलाई दुई मानव शिशुको जन्म पछि मात्र श्राप मुक्त हुने कुरा ब्रह्माजीले पहिला नै भनेका थिए । माझीले उक्त आश्चयजनक घटना आफ्ना राजा उपरीचर समक्ष पुऱ्याई ती बालकद्वयलाई राजाको हजुरमा बुझाए । राजाले छोरा चाहिँ आफूले राखी छोरी माझीलाई नै छोरी बनाई पाल भनि फिर्ता गरे । माछिको शरीरबाट निस्किएका हुनाले त्यस बालिकाको शरीरबाट माछाको गन्ध आउँथ्यो । त्यसैले उसलाई मत्स्यगन्धा भनिन थालियो । यिनी ठूलो हुँदै गएपछि बाबुलाई सघाउन डुङ्गा पनि चलाउँथिन । एक बिहान पराशर ऋषि उक्त डुङ्गाबाट मादि नदी पार गर्दै थिए । मत्स्यगन्धाको सुन्दरतामा उनी मोहित भए । उनले ऋतुदानका लागि सुन्दरी मत्स्यगन्धासँग प्रस्ताव राखे । नदीको वरपर ऋषिहरु र माछा मार्ने माझीहरु प्रशस्त भएकाले लोक लाज हुने कुरा राखी ऋषिको प्रस्ताव इन्कार गरिन् । ऋषिले तुरुन्तै कुहिरोको सृजना गरी उक्त ठाउँ ढाकी दिए । समागम पछि पनि तीनको कुमारित्व नष्ट नहुने र शरीरबाट माछाको गन्धको सट्टा शिरिखण्डको सुगन्धित वासना आउने वरदान दिएर पराशर ऋषि ती सुन्दरीसँग एकाकार भए । केही समयको गर्भाधारणपछि मत्स्यगन्धाको कोखबाट बालक व्यासको जन्म भयो । मत्स्यगन्धाको शरीरबाट पनि माछाको गन्ध हटी सुगन्ध वास्ना आउन थाल्यो । एक योजन (कोष) टाढा रहेका मानिसले पनि उनको सुगन्ध थाहा पाउने भएकाले उनको नाम योजनाकी गन्ध रह्यो (न्यौपाने, २०७१, पृ.२९) ।*

यस सम्बन्धी चर्चा यस अगाडि पनि भइसकेको छ । अहिले पनि मादि र सेती नदीको दोभान वरिपरिको क्षेत्र बिहान पख बाक्लो कुहिरोले ढाकिएको हुन्छ । यसैलाई आधारबनाएर यही स्थलमा वेदव्यासको जन्म भएको थियो भन्ने मान्यता रहेको छ ।

आफ्नो घर गृहस्त त्यागी परमात्माको खोजीमा भगवान व्यासको तपोभूमिमा आएर व्यासको पूजा आजा गर्ने र गुफाको संरक्षण गरी बस्ने महात्मा बाबाहरु पहिलेदेखि नै बस्दै आएका थिए । हाल व्यास गुफामा पुजारीको रुपमा तनहुँ स्याम्घाका गीरीराज शर्मा तिवारी बस्दै आएका छन् । उनका अनुसार व्यास गुफाको संरक्षण संवद्धन र पूजा संचालनको लागि सरकारी तवरबाट कुनै सहयोग प्राप्त छैन । दाताहरुको सहयोग र व्यास गुफा परिशरमा संचालन हुने सत्संग, पुराण आदिबाट प्राप्त हुने रकमले व्यासको पूजा र आरती हुने गरेको छ ।

यस भन्दा अगाडि व्यास गुफामा बसेका दामोदर बाबाले त्यहाँ 'अन्न क्षेत्र' भनि परोपकारी कार्यको सुरुआत गरेको छ । सो कार्य संचालनको लागि विशिष्ट व्यक्तिबाट एक पाथी चामल र रु. १०० माग हुन्छ । त्यहीं संकलित अन्न र रकमबाट दुःखी, गरिब, अपांग वृद्ध एवं वेसहारा व्यक्तिहरुलाई बिहान बेलुका खाना ख्याउने व्यवस्था गरिएको छ । त्यहाँ दैनिक १०० जना भन्दा बढी मानिसहरुलाई भोजन गराउने व्यवस्था रहेको छ । यसरी असहायहरुले भोजन गर्न पाउने एउटा छुट्टै नियम छ । उक्त नियम अनुसार तनहुँ जिल्लाका व्यक्ति हो भने एक दिन (साँझ, बिहान), तनहुँसँग जोडिएको जिल्लाको व्यक्ति हो भने दुइ दिन (साँझ, बिहान), अन्य जिल्लाका व्यक्तिको हकमा तीन दिन (साँच बिहान) भोजन ग्रहण गर्न पाउँदछन् (तिवारी, अन्तर्वार्ता, २०७४।०९।२२) । हाल व्यास गुफा परिसरमा महर्षि वेदव्यासका मूर्ति स्थापना गरिएको छ । त्यस्तै गणेश, शिव, सरस्वती, विष्णु र दुर्गाको मन्दिर पनि स्थापना गरिएको छ । यी मन्दिरहरुलाई समष्टिगत रुपमा पञ्च मन्दिर भनिन्छ ।

स्कन्दपुराण, गण्डकी महात्म्य, हिमवत खण्ड जस्ता पौराणिक ग्रन्थहरुमा वेदव्यासको जन्म तनहुँको दमौलीमा भएको उल्लेख छ । त्यसैले सरकारको तर्फबाट नै व्यास गुफाको उचित व्यवस्थापन गरी प्रचार प्रसार गर्नुपर्ने आवश्यकता देखिन्छ । जसरी सिद्धार्थ गौतम बुद्धको जन्मस्थल लुम्बिनी विश्वभर रहेका बौद्ध धर्मावलम्बीहरुको पवित्र तीर्थस्थल बनेको छ । त्यसै गरिकन दमौलीमा रहेको ब्यास गुफालाई पनि विश्वभर रहेका हिन्दूधर्मावलम्बी वेदका अनुयायीहरुको जमघट हुने र ज्ञान आदान प्रदान गर्ने थलो बनाउन सकिन्छ । त्यसको लागि सर्वप्रथम वेद अनुयायी प्रतिष्ठान स्थापना गर्नुपर्ने हुन्छ ।

### ७.६.१२ देवघाट

देवघाट नेपालको प्रसिद्ध धार्मिक स्थल हो । पश्चिमोत्तर तर्फबाट बग्दै आएकी काली गण्डकी र पूर्वोत्तर तिरबाट बग्दै आएकी त्रिशुली गण्डकी (त्रिशुली, मादी, सेती, मर्स्याङ्दी, दरौदी र बुढी गण्डकीको संगम स्थल भएकोले देवघाटलाई पवित्र तीर्थस्थल मानिन्छ (तस्वीर-२१) । नेपालको करिब मध्य भागमा पर्ने देवघाट क्षेत्रको कुल क्षेत्रफल ५४३४ हेक्टर रहेको छ । यो स्थल गण्डकी अञ्चलको तनहुँ, नारायणी अञ्चलको चितवन र लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको मिलन बिन्दु पनि हो (घिमिरे, २०७०, पृ.२९) । भौगोलिक आकारले देवघाट क्षेत्र तीन जिल्लामा फैलिएको भएता पनि धेरै भाग तनहुँ जिल्लामा र केही भाग चितवन र नवलपरासीमा पर्दछ । तीर्थस्थलको प्रमुख स्थलहरु पनि धेरै जसो तनहुँ जिल्लामा पर्दछ । तनहुँ जिल्लामा पर्ने देवघाट क्षेत्र हाल तनहुँ जिल्लाको देवघाट गाउँपालिका अन्तर्गत रहेको छ ।

पौराणिक कालमा यस कालिगण्डकी र त्रिशुलीको संगम भएको पवित्र स्थलमा ३३ कोटी देवताहरुको देवोभूमि र ऋषिमुनिहरुको तपोभूमि थियो भन्ने उल्लेख पाईन्छ । यसरी देवदेवीहरु एकत्रित भएर सभा सम्मेलन गर्ने यस मनोरम तथा पवित्र भूमिलाई देवघट्ट भनिन थालियो । देवघट्ट भन्दा भन्दै पछि देवघाट भनिन थालिएको हो भन्ने पनि गरिएको पाइन्छ (घिमिरे, २०७०, पृ.२९) ।

त्यस्तै माघे संक्रान्तिका दिन स्वर्गका देवी देवताहरु आएर स्नान गर्ने भएकोले यसलाई देवघाट भनिएको किम्बदन्ती पाइन्छ । यस धार्मिक स्थल देवघाटलाई हरिहर क्षेत्र, शालीग्राम क्षेत्र, आदि प्रयाग क्षेत्र पनि भनिन्छ (रिसाल, २०६०, पृ.१-७) । यस देवघाट क्षेत्र प्राकृतिक हिसाबले रमणिय, भौगोलिक हिसाबले सुगम छ । चितवनको नारायणगढ बजारबाट मात्र करिब ६ कि.मी. पश्चिममा पर्ने भएकोले त्यहाँ पुग्न यातायातको सुविधा छ । धार्मिक हिसाबले यो क्षेत्र पवित्र तीर्थस्थल हो भने ऐतिहासिक तथा पुरातात्विक हिसाबले अत्यन्तै महत्वपूर्ण स्थल हो । यहाँ देवघाट धामको धार्मिक महत्व र ऐतिहासिक तथा पुरातात्विक महत्वको चर्चा गरिन्छ ।

### ७.६.१२.१ देवघाटको धार्मिक महत्व

देवघाटलाई देवभूमि, तपोभूमि, यज्ञभूमी र पूण्य भूमिको रुपमा मानिन्छ । देवघाट धामको महत्वको बारे बराह पुराण र स्कन्दपुराणको हिमवत्खण्डमा चर्चा गरिएको छ । बराहपुराणमा भगवान बराहले भन्नुभएको छ- जुन व्यक्तिले कृष्णा र त्रिशुली गण्डकीको संगमस्थलमा भक्तिपूर्वक स्नान गर्दछ, त्यस व्यक्तिले सय अश्वमेघ यज्ञ गरेर बराबरको फल प्राप्त गर्दछ भनी देवघाटको महत्व दर्शाएको पाइन्छ (मिश्र, २०५८, पृ.७६१) । त्यसैगरी हिमवतखण्डको गण्डकी महात्म्यमा देवघाटलाई देवतीर्थ भनिएको छ :

देव देव : स्वयंतन्त्र निष्ठति प्रभयै : सह ।
देवतीर्थ मितिप्रोक्त तस्मात्सर्वफलप्रदभ (शर्मा पोखरेल, २०६१, पृ.३३-४४) ॥

अर्थात् सर्वाधिदेव शिव आफ्ना सम्पूर्ण गण सहित देवघाटमा वस्नुहुन्छ । भक्तहरुको सबै प्रकारको फल प्राप्त गर्ने यस देवघाटलाई तीर्थ स्थल भन्दछन् । त्यसैगरी भगवान् विष्णुले देवताहरुलाई आज्ञा गर्नुभएको सन्दर्भ यस्तो छ :

अहमस्मिन् महाक्षेत्रे धरे पूर्वमुखास्थित ।
शालग्रामे यहाक्षेत्रे भूमे भागवतप्रिय ॥
एवमेतन्महाभागे ! क्षेत्र हरिहरात्मकम ।
मृता येऽत्र गतिं यान्ति मम कर्मानुंसारिणः (नरहरिनाथ, २०१३ (क), पृ.९९) ॥

अर्थात् हे देवताहरु हो ! यस पवित्र क्षेत्र कृष्ण र त्रिशुली गण्डकीको संगममा म कृष्ण गण्डकी कालीको रुपमा पूर्वमुख भएर बहन्छु । शिवजी त्रिशुली गण्डकीको रुपमा पश्चिम मुख गरी बग्नुहुन्छ । यहाँ हामी दुईको मिलन क्षेत्र भएकोले यस क्षेत्रलाई हरिहर क्षेत्र भनिन्छ । जुन मनुस्यले यस क्षेत्रमा प्राण छाड्दछ, उसले बैकुण्ठमा बास पाउँदछ भनी देवघाट क्षेत्रको महत्व दर्शाएको पाइन्छ ।

द्वापरयुगमा भगवान् श्री रामचन्द्रले लङ्का बिजयी गरेर फर्के पछि सिता सहित यही देवघाट धाममा अश्वमेघ यज्ञ गरेका थिए भन्ने उल्लेख स्कन्दपुराणमा पाइन्छ (पोखरेल (तिम्सिना), २०७१, पृ.३१) । यस्तै धार्मिक तथा पौराणिक ग्रन्थहरुमा दर्शाएको देवघाट धामको धार्मिक महत्वको प्रभावले

आज पनि देवघाट धामको दर्शन गर्न र कालिगण्डकी र त्रिशुलीको संगममा स्नान गर्न आउने भक्तजनहरुको घुइँचो लाग्दछ ।

### ७.६.१२.२ देवघाटको ऐतिहासिक महत्व

देवघाट धामको धार्मिक महत्व जस्तै ऐतिहासिक महत्व पनि छ । पाल्पाका राजा मुकुन्द सेन प्रथमको समयदेखि देवघाटको ऐतिहासिक महत्वको चर्चा गरिएको छ । हुन त देवघाटमा रहेको चतुर्वाहु नारायणको मूर्ति लिच्छवीकालीन हुन भनिन्छ (शर्मा र मल्ल, २०१४, पृ.१९) । यसबाट लिच्छवीकालमा पनि देवघाट धार्मिक स्थलको रुपमा स्थापित भइसकेको थियो भन्ने देखिन्छ ।

पाल्पा राज्यका राजा मुकुन्द सेन प्रथम आफ्नो जीवनको उत्तरार्धतिर राजकाजमा भन्दा पनि धर्मकर्मतिर समय व्यतित गर्न थाले । यहि सिलसिला बढ्दै गएपछि उनले आफ्नो राज्यको सबै भूभागलाई विभिन्न प्रशासनिक क्षेत्रमा विभाजन गरेर छोराहरुलाई एउटा-एउटा क्षेत्रको प्रशासन हेर्ने जिम्मा दिएर पठाए । यस सम्बन्धित चर्चा यस अगाडि भइसकेको छ । राज्यको वागडोल छोराहरुलाई सुम्पिदिएर उनी पहिला रिडिमा र पछि देवघाटमा गएर १२ वर्ष तपस्या गरी बसेर त्यही समाधि लिए । देवघाटमा बस्दा उनले विभिन्न धार्मिक कार्यहरु गरे । उनका कार्यले गर्दा उनलाई मणि मुकुन्द सेन, चक्रवर्ती सम्राट पनि भनिएको पाइन्छ । उनले देवघाटमा मुकुन्देश्वर महादेवको मन्दिर बनाई शिवलिङ्गको स्थापना गरेको पाइन्छ । यस मन्दिरभित्र सुन्दर चक्रशिला पनि रहेको छ (तस्वीर-२२) । त्यसैले यस मन्दिरलाई मुकुन्देश्वर चक्रशिला मन्दिर पनि भनिन्छ । यस चक्रशिलाको लम्बाई करिब ३ फिट १० इन्च र मोटाई (आसन भाग बाहेक) २ फिट ६ इन्च रहेको छ । मुकुन्द सेनले त्यस वखत 'शिव पञ्चायन' को रुपमा शिव, गणेश, वाली, विष्णु र सूर्यको छुट्टाछुट्टै मन्दिर बनाएका थिए (घिमिरे, २०७०, पृ.३०) । शिव मन्दिरको मर्मत र संरक्षण भए पनि अन्य मन्दिर संरक्षणको अभावमा भत्किए । हाल भग्नावशेष मात्र बाँकी छन् । मन्दिरका मूर्तिहरु भने शिव मन्दिरमा सुरक्षित राखिएको छ । मन्दिरकै क्षेत्रमा रहेको एउटा दरबारको भग्नावशेष पनि देखिन्छ (स्थलगत अवलोकन, २०७३/११/२३) ।

मुकुन्द सेन प्रथम पछिको देवघाटको इतिहास तनहुँको सेनकालीन इतिहाससँग जोडिएको छ । मुकुन्द सेन प्रथमको मृत्यु पछि तनहुँको राजा बनेका भृङ्गी सेनले देवघाटलाई पनि तनहुँ राज्य अन्तर्गत नै राखे । सम्भवतः उनकै पालादेखि नै देवघाटलाई तनहुँको शितकालीन राजधानी बनाएको मानिन्छ । तनहुँका राजाहरुको शीतकालीन राजधानी देवघाट रहेको कुरा डि.आर. रेग्मीले आफ्नो पुस्तक मोडर्न नेपालमा लेखेका छन् -

> *The ghat probably referred to deoghat near the confuence of the Gandak and its main tributaries, where the Raja of Tanahun had his temporary head quarter for the three months of the cold season (Regmi, 1975, p.66).*

तनहुँका राजा त्रिविक्रम सेन द्वितीय देवघाट र कविलासपुर गढीमा बसेको समयमा लेखेको केही पत्रहरु प्राप्त छन् । उनले वि.सं. १८१० माघमा इटलीको रोममा बस्ने इसाइ धर्मगुरु पोप बेनेदित्तोलाइ पत्र लेखेका थिए । त्यसभन्दा अगाडि वि.सं. १८०० वैशाखमा कविलासपुर गढीबाट राजबन्दकी पत्र लेखेका थिए । यी पत्रहरुको चर्चा यस अगाडि भइसकेको छ ।

अतः तनहुँका राजाहरुले देवघाटलाई आफ्नो शितकालीन राजधानी बनाएर परिवार सहित गएर बस्ने गरेको देखिन्छ । विशेष गरी मंसिर, पुष र माघ तीन महिना राजपरिवारको मुकाम देवघाटमा हुने हुँदा प्रशासनिक कार्य पनि त्यहीबाट हुने नै भयो । लामो समयसम्म त्यहाँ राजधानी नै बनाएर बस्ने हुँदा राजपरिवारको लागि सम्पूर्ण आवश्यकता परिपूर्ति गर्न देवघाटमा सानो तिनो शहरको विकास भएको बुझिन्छ । यसका साथै बाटो घाटोको व्यवस्था भएको पनि बुझिन्छ । देवघाटको दक्षिणपट्टिको डाँडा कविलासपुर गढी हुँदै भारतको चम्पारन रामनगर जाने चल्तीको बाटो थियो । तनहुँका राजाहरुको जमिन्दारी जग्गा रामनगरमा पनि भएको हुँदा भारत बिहारको रितरिवाजबाट तनहुँका राजाहरु प्रभावित हुने नै भयो । त्यसैले देवघाटमा बसेको बेला मनोरञ्जनको लागि विहारतिरबाट नाचगान गर्ने टोली झिकाएर पनि मनोरञ्जन लिने गरको बुझिन्छ ।

तनहुँ राज्यका महत्वपूर्ण गढीहरु उपरदाङ गढी, सोमेश्वर गढी, कविलासपुर गढी र देवघाट क्षेत्र वि.सं. १८३६ वैशाखमा पूर्ण रुपमा नेपाल अधिराज्यमा गाभिएपछि देवघाट क्षेत्रमा आर्थिक तथा धार्मिक उन्नति हुन थाल्यो । वि.सं. १८५१ तिर देवघाट मर्ज्यादपुर चितवनको कर संकलन गर्ने नाका रहेको थियो । शाहकालमा तनहुँ, लमजुङ, गोरखा, धादिङ आदिको व्यापारीहरु देवघाटको बाटो भएर सोमेश्वर हुँदै भारतसँग व्यापार व्यवसाय गर्न जाने आउने गर्दथे । त्यसबेला देवघाट एउटा व्यापारी मार्ग र जगात उठाउने अड्डाको रुपमा रहेको थियो (कँडेल, २०५३, पृ.२३) । वि.सं. २०११ सालदेखि चितवनमा नयाँ बसोबास र विकास हुन थालेपछि देवघाट क्षेत्रको धार्मिक महत्व पनि बढ्दै गएको पाइन्छ । वि.सं. २०३७ सालमा देवघाट गाउँ पञ्चायत नामकरण भएको हो । यसभन्दा अगाडि देवघाट सिञ्चाङ् काफलडाँडा गाउँ पञ्चायत अन्तर्गत पर्दथ्यो (शर्मा पोखरेल, २०६१, पृ.४३) । वि.सं. २०४६ सालको राजनैतिक परिवर्तन पछि देवघाट गा.वि.सं. र हाल देवघाट गाउँपालिका बनेको छ ।

चितवनमा अत्यधिक गर्मी र औलोको प्रकोपले गर्दा मानिसहरु बसोबास गर्न डराउँदथे । त्यहाँ औलो जितेका केही आदिवासी थारु, बोटे, दराईहरुको मात्र बसोबास थियो । त्यस क्षेत्रमा बसोबास गर्नका लागि सरकारले औलो उन्मुलन कार्यक्रम संचालन गरे । वि.सं. २०१२ मा "राप्ती दुन विकास परियोजना" लागु भयो (शर्मा पोखरेल, २०६१, पृ.४३) । चितवनको बेलोद प्रगन्ना भरतपुरमा यस विभागको कार्यालय स्थापना भए सँगै भरतपुर नारायणगढमा बस्ती विकास भई मानिसको चहलपहल सुरु भयो । यसपछि नारायणगढ नजिक रहेको देवघाटमा पनि श्रद्धालु भक्तजनहरु स्नान गर्न जाने बढ्न थाल्यो । विशेष गरी माघे संक्रान्तिमा देवघाटमा स्नान गर्न र देवघाटको वगरमा मेला भर्न नेपाल तथा भारतबाट पनि श्रद्धालु भक्तजनहरु आउन थाल्यो । तर त्यतिबेला सम्म पनि देवघाटस्थित तनहुँको कालीगण्डकी संगम पुग्नको लागि डुङ्गाको मात्र व्यवस्था

थियो । चितवन र तनहुँ जोड्ने झोलुङ्गे पुल त वि.सं. २०३६ सालमा शिलान्यास भएर वि.सं. २०३८ साल वैशाख २२ गते सम्पन्न भएको हो ।

देवघाट धामको महत्व बढ्दै गएपछि सरकारले २०५१ मा देवघाट क्षेत्रको सर्वाङ्गीण विकास गर्ने उद्देश्यले 'देवघाट विकास समिति' गठन गऱ्यो । श्री रामचन्द्र शर्मा पौडेल रम्घाली अध्यक्ष भएको समितिले २०५२/०५३ मा देवघाट क्षेत्रको समग्र विकासको व्यवस्थापन र देवघाट क्षेत्रको विकासको भावी योजना पेश गऱ्यो (देवघाट क्षेत्रको प्रतिवेदन, २०५२/०५३, पृ.५-१२) । योजना अनुरुप केही कार्य भएता पनि सोचेको अनुरुप हुन सकेन । २०५२/५३ मा बनेको गुरु योजना नै आधार बनाएर २०६४/०५५ सालमा गुरुप्रसाद सुवेदीको अध्यक्षतामा देवघाट क्षेत्रको व्यापक विकास र भौतिक निर्माण सम्बन्धी गुरु योजना सुरु भएको छ (देवघाट क्षेत्रको गुरुयोजना २०६४/०६५, पृ.१२) । यसले पहिलो गुरु योजनाले सम्पन्न गर्न नसकेका विकासका कार्यहरुलाई समेट्दै अगाडि बढिरहेको छ । त्यसो त देवघाटको क्षेत्रको विकास र संरक्षणको लागि गलेश्वर बाबा, अघोरीबाबा, मैया देवी श्रेष्ठ, डिल्लीराम बाबा, योगी नरहरीनाथ र स्वामी परमानन्द सरस्वती जस्ता सिद्ध व्यक्तिहरुले महत्वपूर्ण योगदान गरेका छन् ।

देवघाटलाई धार्मिक सहिष्णुता भएको र अत्यन्तै पुण्य स्थल मानिन्छ । हरिहर क्षेत्र, आदि प्रयोग मानिने यस क्षेत्रको महिमा अत्यन्तै उच्च छ । यहाँ वर्षेनी विभिन्न यज्ञ आदि हुने गर्दछ । यज्ञ गर्नको लागि विभिन्न यज्ञशाला तथा यज्ञमण्डपहरु बनाइएका छन् । जहाँ कोटिहोम, महायज्ञ र दैनिक हवन कार्यहरु हुन्छन् । यज्ञमा सहभागी  हुन देश, विदेशबाट ठूलो संख्यामा विख्यात विद्वानहरु आउने गर्दछन । यस क्षेत्रमा पाँचौ छैटौ शताब्दीदेखि बिसौ/एक्काइसौं शताब्दीसम्म बनेका विभिन्न धार्मिक ऐतिहासिक तथा पुरातात्विक संरचनाहरु प्रशस्त छन् । यी संरचनाहरु तनहुँ, चितवन र नवलपरासीका क्षेत्रहरुमा फैलिएका छन् ।

### ७.६.१२.३ तनहुँतर्फ रहेका संरचनाहरु

चतुर्वाहु विष्णुको मूर्ति, मुकुन्देश्वर चक्रशिला, ज्योतिर्लिङ्गश्वर शिवालय (यसै मन्दिर भित्र चतुर्वाहु विष्णुको मूर्ति राखिएको छ), पशुपतिनाथ मन्दिर, हरिहर मन्दिर, श्री चक्रेश्वर शिव मन्दिर, केदारनाथ (शिवपाञ्चायन) मन्दिर, श्री विद्येश्वर (नर्मदेश्वर) शिव मन्दिर, श्री शिव मन्दिर, राम मन्दिर, सिताराम मन्दिर, सत्यनारायण मन्दिर, बद्रिनारायण मन्दिर, राधाकृष्ण मन्दिर, कालिका मन्दिर, कमला (सिद्धकालिका) मन्दिर, नारायणी मन्दिर, देवविनायक मन्दिर आदि मन्दिरहरु रहेका छन् भने तेश्रो चौथो शताब्दीको भनिएको चर्तुवाहु नारायणको मूर्ति देखि आधुनिककालमा बनेको सरस्वतीको मूर्ति, हनुमानको मूर्ति, शिवपार्वतीको मूर्ति, गणेशको मूर्ति, काली र देवीको मूर्तिहरु पनि रहेका छन् (स्थलगत अवलोकन, २०७३/११/२३) । देवघाट क्षेत्रमा रहेका यी मन्दिर तथा मूर्तिहरुले धार्मिक सहिष्णुता झल्काउँदछन् । यहाँ शैव, वैष्णव, शाक्त सबै सम्प्रदायले पुज्दै र मान्दै आएका देवी देवताका मन्दिर तथा मूर्तिहरु स्थापित छन् ।

मठ मन्दिरका साथै यस देवघाट क्षेत्रको तनहुँको तर्फ विभिन्न आश्रमहरु पनि छन् । यस पवित्र तथा पुण्य भूमिमा विभिन्न स्थानबाट सन्तमहन्तहरु आएर कुटी बनाएर बसे । रहँदा बस्दा त्यस कुटीले आश्रमको रुप लिएको हो । यहाँ गलेश्वर बाबा आश्रम, अघोरी बाबा आश्रम, हरिहरसन्यास आराम, श्री महेशसन्यास आश्रम, गर्ग ऋषि आश्रम, ॐ शान्ति मैयादेवी ट्रष्ट आश्रम आदि आश्रमहरु रहेका छन् । यी आश्रमहरु मध्ये हरिहर सन्यास आश्रम र महेश सन्यास आश्रममा तीर्थयात्रीहरुको लागि बसोबास र भोजनको पनि व्यवस्था हुन्छ ।

त्यसैगरी गलेश्वर आश्रम परिसरमा वेदवेदाङ्ग विद्यालय, हरिहर सन्यास आश्रम परिसरमा परमानन्द संस्कृत गुरुकुल र महेशसन्यास आश्रमभित्र संस्कृत गुरुकुल र संस्कृत विद्यापिठहरु रहेका छन् (स्थलगत अवलोकन, २०७३/११/२३) ।

देवघाटमा रहेको मुकुन्देश्वर महादेव मन्दिरका करिब २०० मिटर पूर्वमा सडक खन्ने क्रममा २०५३ साल मंसिर ५ गते एक तामाको सुराहीमा जमिनमा गाडेर राखिएका प्राचीन तामाका मुद्राहरु भेटिएका छन् । यी मुद्राहरु ठूला र साना गरी दुई प्रकारका छन् । ठूला मुद्दाको संख्या ५६९ छन् । यसको घेरा २८ से.मी. छ भने तौल १९.४ ग्राम छ । त्यसै गरी सानो मुद्रा ५१४ वटा छन् । यस मुद्राको घेरा ११.२ इन्च छ भने तौल ३.६५ ग्राम छ (घिमिरे, २०७०, पृ.३०-३१) । झलक्क हेर्दा यी मुद्राहरु उर्दु अक्षर अंकित देखिन्छन् । त्यसैले यसलाई मुगल शासक कालको पनि भनिन्छ । यस मुद्रामा अंकित लिपिको मुद्रा विशेषद्वारा विस्तृत अध्यन नभए सम्म केही भन्ने अवस्था छैन । हाल यी मुद्राहरुलाई पुरातत्व विभागले अधययन एवं संरक्षणका लागि राष्ट्रिय मुद्रा संग्रहालयमा पठाएको छ (पोखरेल तिम्सिना, २०७१, पृ.४६) ।

देवघाट धाम धार्मिक ऐतिहासिक एवम् पुरातात्विक, सांस्कृतिक महत्व बोकेको पवित्र स्थल हो । यहाँ आउनको लागि नारायणगढबाट बस चल्दछ । चितवनको रामनगरबाट पनि देवघाट जाने सडक बनेको छ । त्यस्तै जुगेडीबाट त्रिशुली नदीमा डुङ्गा तरेर पनि देवघाट पुगिन्छ । देवघाट क्षेत्रलाई धार्मिक तीर्थस्थलको रुपमा विकसित गराउनुको साथै पर्यटकीय क्षेत्रको रुपमा पनि अझ विकसित गराउनु आवश्यक देखिन्छ । सप्तगण्डकी र त्रिशुलीको संगम स्थलको मनोरम दृश्य, वशिष्ट गुफा, सीता गुफा र दुर्गा गुफा जस्ता प्राकृतिक रुपमा बनेका गुफाहरु, विभिन्न मठमन्दिर, धर्मशाला, यज्ञशाला, आश्रम, विद्यापिठ, गुरुकुल, आदिले सुशोभित यस देवघाट क्षेत्रमा मनमुग्ध पार्ने शान्त वातावरणले आध्यात्मिक शान्ति मिल्दछ । यति भएर पनि यस क्षेत्रमा आधुनिक ढंगबाट बनाइएका विभिन्न मठ मन्दिरहरुले त्यहाँको मौलिकतामा प्रभाव पारेको देखिन्छ । त्यस्तै देवघाट धाममा पुस्तकालय र ऐतिहासिक संग्रहालयको स्थापना गर्नुपर्ने आवश्यक पनि देखिन्छ ।

देवघाट देखि उत्तर-पूर्वी पर्वतको धाँचमा जंगल भित्र दरबार किल्ला, पुराना मानव बस्ती आदिको अवशेषहरु देखिन्छन् । त्यहाँ मन्दिरको जग, ठूलो तथा साधारण घरको जग, चौतारा आदिको भग्नावशेषहरु देखिन्छ । त्यसभन्दा दक्षिणतर्फ ढुङ्गाको पुरानो पर्खालको अवेशष पनि देखिन्छ (घिमिरे, २०७०, पृ.३२-३३) । तनहुँका राजाहरु हिउँदको समयमा वर्षको करिब ३ महिना सपरिवार नै यस

क्षेत्रमा बस्ने हुँदा राजपरिवारको सुरक्षाको लागि बस्ने सैनिक आवास, मन्त्रिहरु बस्ने भवन, मठ मन्दिर, पनेरा, चौतारा, इनार पक्कै पनि निर्माण भएका थिए होलान् । सम्बन्धित निकायले यस क्षेत्रको उत्खनन समयमा नै गरी भेटिएका पुरातात्विक अवशेषहरुको उचित संरक्षण गरी राख्नु पर्ने आवश्यक देखिन्छ ।

चर्चा गरिएका उपरोक्त धार्मिक तथा ऐतिहासिक महत्वका स्थलहरु बाहेक तनहुँ दरबार सेरोफेरोमा सेनकालीन कलाकृतिहरु प्रशस्त भेटिन्छन् । कुडापानी भनिने सेन राजाले बनाएको ढुङ्गाको धारा, बाइससिडी चौतारा (तस्वीर-२३), ढुङ्गे साँगु, दरबार नजिक रहेको इनार (तस्वीर-२४), दरबारको उत्तरपट्टि रहेको ऐनेपहरा, रानीबगैंचा, रानीस्वाँरा, राजाको पालादेखिको सिलिङ्गेको रुख ( तस्वीर-२५) गढिहरु (तस्वीर-२६), गद्दीचौतारा आदि सेनकालीन ऐतिहासिक सम्पदाहरु हुन् । यी सम्पदाहरुले सेनकालीन समाज र वर्तमान समाजलाई जोड्न सेतुको काम गरेको छ ।

## ७.७ निष्कर्ष

सेनकालीन तनहुँ राज्यमा ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, नेवार, खवास, दराई, बोटे, मुसलमान र अन्य व्यवसायी जातिहरु दमाई, कामी, सार्की आदि जातिको बसोबास थियो । यी सबै जातिहरुको आ-आफ्नै भाषा, भेष, धर्म, रहन सहन र संस्कारहरु थिए । तनहुँ हिन्दु राज्य भएकाले राजा सहित अधिकांश जनताहरु हिन्दु धर्म नै मान्दथे । हिन्दू धर्ममा आस्था राख्ने तत्कालीन समाजमा राजा तथा जनताले पुण्य प्राप्तिको लागि, धारा, कुवा, इनार, पाटी, पौवा, धर्मशाला, मठ मन्दिर बनाउने प्रचलन थियो । तनहुँका राजाले कास्मीरबाट आएका मुसलमानहरुलाई समजुरमा बस्ने व्यवस्था मिलाएको र इसाई धर्म प्रचार प्रसार गर्न इसाई पादरीहरुलाई पत्राचार गरेको देखिएकाले यी राजाहरुमा धार्मिक सहिष्णुता रहेको पाइन्छ ।

विभिन्न जाति बीच जातीय सद्भाव, एक अर्काको धर्म तथा संस्कृतिको सम्मान रहेकोले तत्कालीन समाज संगठित र व्यवस्थित थियो भन्ने देखिन्छ । यति हुँदा हुँदै पनि तत्कालीन समाजमा बालविवाह, बहुविवाह, सती प्रथा, छोरीलाई बाँधा राख्ने (बेच्ने) चलन (मगर जातिमा), भाउजु व्यहोर्ने चलन (मगर जातिमा) व्याप्त रहेको देखिन्छ ।

तनहुँ राज्य नेपाल अधिराज्यमा गाभिएपछि राजाका उच्च तहका भारदारहरु विशेष ब्राह्मण क्षेत्रीहरुले तनहुँसुर दरबार वरिपरी रहेको थातथलो छाडे । यिनीहरु मध्ये खनाल, पौडेल, घिमिरे, आचार्य, भट्टराई, अधिकारी थरका केही ब्राह्मणहरु केही घर नेवार र खवास राजाको पछि लागेर चम्पारनको रामनगर गएर बस्न थाले । केही भने सिम्पानी, आमडाँडा, चुँदी, अर्चलचौर, चिसापानीतिर गएर बसे । यसले गर्दा दरबार परिसर उजाड र उराठ बन्दै गयो ।

वर्तमान समयमा तनहुँ जिल्लामा रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्व झल्काउने प्राय कला कृतिहरु सेन राजाको समयमा निर्माण भएको मानिन्छ । यस्ता ऐतिहासिक सम्पदाहरुले समाजलाई धर्म र संस्कृतिसँग निरन्तर समन्वय गर्ने काम गरेको छ । यसले मानिसलाई

धर्मप्रति आस्था र संस्कार वा संस्कृतिको संरक्षण गर्नुपर्ने भावनाको विकास गरेको छ।  संरक्षण र सम्बर्धनको अभावमा त्यस्ता महत्वपूर्ण कृतिहरु कति चोरिए, कति नासिएर गए, लेखाजोखा भएन । यी बचेका कृतिहरुको समयमा नै उचित संरक्षण र व्यवस्थापन गरेर राख्नु राज्यको दायित्व हो । हामीले भावी पुस्तालाई हस्तान्तरण गर्ने भने कै यस्ता ऐतिहासिक महत्वका वस्तुहरु त हुन् । इतिहास कहिले पनि काल्पनिक हुनु हुँदैन । सत्य, तथ्यको आधारमा इतिहास लेखिनु पर्छ र इतिहासलाई प्रमाणित गर्न तत्कालीन समयका कुनै न कुनै ऐतिहासिक स्रोत चाहिन्छ । त्यसैले हामीसँग अहिले रहेका त्यस्ता ऐतिहासिक स्रोतहरुलाई जोगाएर राख्न राज्य र सम्बन्धित पक्षको दायित्व हुन आउँदछ ।

## अध्याय आठ

# अन्य राज्य र शक्तिसँग तनहुँको सम्बन्ध

### ८.१ परिचय

विक्रम संवत्को पन्ध्रौ शताब्दीको आरम्भतिर स्थापना भएको तनहुँ राज्य चौबीसी राज्यहरु मध्ये शक्तिशाली राज्यमा गनिन्थ्यो । पहाडी भूभागको साथै तराईमा पनि जमिन्दारी रहेकाले तनहुँको आर्थिक अवस्था सवल थियो । तत्कालीन तनहुँ राज्यको छिमेकी राज्यहरु गोरखा, कास्की, लमजुङ र पाल्पा मुख्य थिए (आचार्य, वि.सं १९९७, पृ.६०-७९) । यसका साथै रिसिङ, घिरिङ र ढोर जस्ता साना राज्यहरु पनि तनहुँका छिमेकी राज्यहरु थिए । रिसिङ राज्य त प्रायः तनहुँ राज्य अन्तर्गत नै रहेको पाइन्छ । त्यस बाहेक तनहुँको सम्बन्ध पर्वत, मकवानपुर र उपत्यकाका मल्ल राज्यहरुसँग पनि रहेको पाइन्छ ।

मध्यकालीन नेपालमा साना ठुला गरी ५२ वटा भन्दा बढी राज्यहरु विद्यमान थिए । यी सबै राज्यहरु आफैमा शक्तिशाली थिएनन् । कतिपय राज्यहरुको छिमेकी राज्यहरुसँग मात्र नभई अन्य राज्यहरुसँग पनि कुनै न कुनै सम्बन्ध रहेकै हुन्थ्यो । एक राज्यले अर्को राज्यको सामान्य गतिविधिमा ध्यान दिइरहेको हुन्थ्यो । कुनै एक राज्य कमजोर भएको वखतमा त्यसबाट फाइदा लिने प्रयत्न प्रायः सबै राज्यले गर्दथे । तर राज्य नै विजय गरी आफ्नो राज्यमा एकीकरण गर्ने प्रयत्न भने गरेको पाइँदैन । यसो गर्दा अन्य राज्यहरुसँग युद्ध गर्नु पर्ने अवस्था आउन सक्दथ्यो । बरु बढी भन्दा बढी राज्यहरुको सहयोग लिएर छिमेकी राज्यको केही भूभाग आफ्नो राज्यमा मिलाउनु वा अन्य राज्यलाई दुःख दिएर त्यस राज्यबाट आर्थिक लाभ लिनु तत्कालीन समयको प्रायः सबै राज्यहरुको रणनीति नै थियो । त्यसका लागि धेरै भन्दा धेरै राज्यहरुसँग सहयोगका लागि गुहार मागिन्थ्यो । गुहार माग्न आउने राज्यलाई गुहारदिनु तत्कालीन राजाहरुले आफ्नो कर्तव्य सम्झन्थे र यसबाट राजनैतिक तथा आर्थिक लाभ पनि हुन्थ्यो । त्यसैले त विक्रम संवत्को सोह्रौं शताब्दीको मध्यदेखि उन्नाइसौं शताब्दीको मध्यसम्मको करिब तीन सय वर्षलाई नेपालको इतिहासमा 'गुहार युग' पनि भनिएको पाइन्छ (बज्राचार्य, २०२६, पृ.३८-४८) । यस युगमा राजाहरुले अन्य राज्यहरु आफ्नो शत्रु राज्यसँग मिल्न नजाउन् भनेर बढी भन्दा बढी राज्यहरुसँग सन्धि सम्झौता गर्दथे । सन्धि गर्दा 'एकानी शत्रु एकानी मित्र' को अवधारणालाई अपनाउदथे । यक्ष मल्लको मृत्युपछि उनका माहिला छोरा रत्न मल्लले कान्तिपुरलाई स्वतन्त्र राज्य बनाएर शासन गर्न थाले । यता भक्तपुरमा उनका जेठा छोरा राय मल्लले उत्तराधिकारीको रुपमा राज्य गर्न थाले । राय मल्ल कै वंशजमा रहेको भक्तपुर राज्यमा प्राण मल्लले एकलौटी शासन गर्न थालेपछि उनका भाइहरु वीरमल्ल र जीत मल्लले कान्तिपुरका राजा नरेन्द्र मल्ल र ललितपुरका राजा विष्णु सिंहसँग वि.सं. १६०५ मा 'एकानी शत्रु एकानी मित्र' को सन्धि गरेर सन्धिपत्र पशुपति मन्दिरमा टाँस्न लगाएका थिए (बज्राचार्य, २०२६, पृ.३८-४८) । अन्य राज्यको जस्तै तनहुँ राज्यको पनि सबै राज्यहरुसँग कुनै न कुनै सम्बन्ध थियो । छिमेकी राज्य

भएको हिसाबले गोरखासँग तनहुँको सम्बन्ध बढी हुने नै भयो । यी सम्बन्धलाई प्रकाश पार्ने केही सामग्रीहरु प्राप्त छन् । जसको चर्चा तल गरिएको छ ।

## ८.२ तनहुँको गोरखा राज्यसँगको सम्बन्ध

गोरखा तनहुँको पूर्वपट्टि सीमा जोडिएको राज्य थियो । तनहुँ र गोरखा राज्य सीमाना निर्धारण मर्स्याङ्गदी नदीले गरिदिएको थियो । हाल पनि तनहुँ र गोरखा जिल्ला विभाजन मर्स्याङ्दी नदीले नै गरिदिएको छ । गोरखाको पूर्वमा धादिङ, पश्चिममा तनहुँ, लमजुङ, मनाङ, उत्तरमा चीनको स्वशासित प्रदेश तिब्बत र दक्षिणमा चितवन जिल्ला पर्दछन् (श्री ५ को सरकार, २०३१, पृ.५७) ।

नेपालको मध्यकालीन इतिहासमा सापेक्षिक रुपमा बढी अध्ययन अनुसन्धान भएकोमा काठमाडौं उपत्यकाका तीन राज्यहरु र गोरखाको इतिहास हो । गोरखामा भेटिएका लिच्छवि शासक जयदेव द्वितीयको अभिलेखले लिच्छवीकालमा गोरखा केन्द्रीय शासन अन्तर्गत नै शासित भएको चर्चा पूर्व अध्यायमा भइसकेको छ । लिच्छवीकालको अन्त्यपछि पूर्व मध्यकालमा आएर नेपाल त्रिशक्तिमा विभाजन भएपछि नेपाल मण्डलका शासकभन्दा कर्णालीका खस मल्ल राजाहरु शक्तिशाली बन्दै गए । त्यसपछि भने केन्द्रको नियन्त्रणमा रहेको गोरखा खस मल्लराज्यको अधिनमा रहन गयो । खस मल्ल राजाहरु आदित्य मल्ल र पुण्य मल्लको अभिलेख गोरखामा भेटिएकाले गोरखा कर्णालीका खस मल्ल राज्यको अधिनमा रहन गएको पुष्टि हुन्छ । विस्तारै खस मल्ल राज्य पनि शक्तिहीन बन्दै गएपछि पाल्पाका राजा मुकुन्द सेन प्रथमले गोरखालाई पाल्पा राज्य अन्तर्गत पारेको देखिन्छ । उनले गोरखामा प्रशासक भएर बसेका खड्का मगरलाइ हटाएर खड्का क्षेत्रीलाई त्यहाँको प्रशासक बनाए (सुवेदी, २०६५, पृ.१९-९१) । यी खड्का क्षेत्रीहरु पाल्पाबाट गोरखामा ल्याइएको हुन भनिन्छ । पाल्पाबाट नै गोरखामा आएर स्थायी बसोबास गरी बसेका गणेश पाण्डे र राजाका रुपमा रहेका खड्का क्षेत्रीको बीच संघर्ष हुन थालेपछि यिनै गणेश पाण्डेले गोरखाका स्थानीयबासीहरुको सहयोग लिएर द्रव्य शाहलाई गोरखाको राजा बनाउन सफल भएका थिए । द्रव्य शाह लमजुङका राजा यशोब्रह्म शाहका माहिला छोरा हुन् । वि.सं. १६१६ भाद्रकृष्ण अष्टमीका राती गोरखाका खड्का क्षेत्री राजा मनोहर सिंहको हत्या गरेर द्रव्य शाह गोरखाको राजा भए (पन्त, भण्डारी र बज्राचार्य (सम्पा.), २०२५, पृ.५५०-५५१) । द्रव्य शाहलाई गोरखाका राजा बनाउन सहयोग गर्ने व्यक्तिहरु गणेश पाण्डे, नारायण दास अर्याल, गंगाराम राना, भगीरथ पन्त, केशव बोहेरा, मुरली खवास मुख्य थिए (पन्त, २०४१, पृ.५०)। यिनीहरुलाई छ थरघर भन्ने र यिनका सन्तान दरसन्तानले गद्दीको सोझो गर्दा सम्म तिनलाई च्यापेर राख्नु भनि पृथ्वीनारायण शाहको दिव्य उपदेशमा उल्लेख छ (पन्त, २०४३, पृ.४००) । यसबाट गोरखाको राजा र भारदार बीच घनिष्ठ सम्बन्ध रहेको र राजा र राज्यको हितका लागि जनता सधैं समर्पित रहेको पाइन्छ ।

स्थापना कालदेखि नै गोरखा राज्यको तनहुँसँग राम्रो सम्बन्ध रहेको देखिँदैन किनभने द्रव्य शाहले गोरखा राज्यमा बुढी गण्डकीदेखि मर्स्याङ्गदी नदीसम्मको तनहुँको भूभागलाई समावेश गरेका

थिए (खनाल, २०६१, पृ.८१) । तनहुँमा सेन वंश र गोरखामा शाहवंशको शासन रहेकाले यी दुई राज्यबीच पारिवारिक सम्बन्ध नभए पनि राजनीतिक र वैवाहिक सम्बन्ध रहेको पाइन्छ ।

### ८.२.१ राजनैतिक तथा मैत्री सम्बन्ध

कुनै दुई राज्यबीच रहने वैदेशिक सम्बन्धमा राजनैतिक तथा कुटनैतिक सम्बन्धलाई महत्वपूर्ण रुपमा लिइन्छ । यिनै सम्बन्धको आधारबाट नै दुई देश बीच मित्रता वा शत्रुता सिर्जना हुने गर्दछ । यहि सम्बन्ध राम्रो नहुँदा गोरखा राज्यले पटक-पटक तनहुँमा आक्रमण गरेको थियो भने तनहुँले पनि लमजुङ, पर्वत, पाल्पाको सहयोग लिएर गोरखामा आक्रमण गरेको थियो ।

प्रारम्भमा नै तनहुँको भूभाग गोरखाले मिचेको हुनाले यी दुई राज्यबीच सीमा विवाद सुरु भएको थियो । त्यसैले भृङ्गी सेनपछि राजा भएका उनका छोरा हम्वीर सेनले गोरखाका राजा पूर्ण शाह (द्रव्य शाहका छोरा) लाई दुईवटा हात्ती सौगात पठाएर सम्झौता गरेको चर्चा यस अगाडि भैसकेको छ । यस सम्बन्धी लामो व्याख्या वंशावलीमा गरिए पनि सम्झौता लिखित रुपमा भएको कागज अझै भेटाउन सकिएको छैन । त्यस समय लमजुङले गोरखा र तनहुँ दुवै राज्यको सीमाना मिचेर दुःख दिइ रहेको थियो । गोरखा प्रारम्भ देखि नै शक्तिशाली राज्यको रुपमा उपस्थित भएकोले लमजुङले सीमानामा गरेको आक्रमणको प्रतिकार गरिरहेको हुन्थ्यो । त्यसैले गोरखाको शक्ति देखेर लमजुङले दिएको दुःखबाट छुटकारा पाउन हम्वीर सेनले गोरखासँग मैत्री सम्बन्ध राखेको बुझिन्छ ।

पूर्ण शाहको मृत्युपछि उनका जेठा छोरा छत्र शाह गोरखाको राजगद्दीमा बसे । राजा भएको छोटो समयमा नै छत्र शाहको निधन भएपछि राम शाह वि.सं. १६७१ मा गोरखाको राजगद्दीमा बसेका थिए (पन्त, २०४१, पृ.८०) । राम शाह राजा भएपछि आर्थिक, सामाजिक र न्यायीक क्षेत्रमा रहेको चलन चल्तीलाई हटाएर नयाँ स्थिति बसाले । उनले गोरखा राज्यको उन्नती र प्रगति गरे । त्यसै गरी तनहुँ र लमजुङसँग गोरखाको सीमाना निर्धारण गरी पहिले देखिको सीमा विवादलाई टुङ्ग्याएको पाइन्छ । तनहुँ र गोरखा बीचको स्थायी सीमाना मर्स्याङ्गदी नदीलाई मानिएको थियो भने लमजुङसँगको सीमाना मर्स्याङ्गदीको सहायक नदी चेपेलाई मानिएको थियो (आचार्य, २०६१, पृ.१०) । गोरखा र तनहुँ बीच भएको सीमा निर्धारण कुन मितिमा भयो स्पष्ट हुने कुनै स्रोत भेटिएको छैन । राम शाह गोरखाको राजा भए लगत्तै तनहुँ राज्यसँगको सीमा विवाद टुङ्गो लगाएको पाइएकाले वि.सं. १६८० भन्दा अगाडिको कुनै मितिमा यो सीमा निर्धारण सम्बन्धी सहमती भएको देखिन्छ । तनहुँमा वि.सं. १६२८ मा हम्वीर सेन राजा भएका रवि.सं. १६८३ मा देव प्रयागका पण्डा तिवारीको खाता वहीमा तनहुँका राजा हम्वीर सेन भनि लेखिएकाले गोरखासँग यो सहमती हुँदा तनहुँमा हम्वीर सेन राजा भएको पाइन्छ । यसर्थ त्यस समयसम्म तनहुँ र गोरखाबीचको सम्बन्ध मैत्रीपूर्ण रहेको पाइन्छ । हम्वीर सेनले गोरखासँगको सम्बन्धलाई सुदृढ पार्न आफ्नी छोरीको विवाह राम शाहसँग गरिदिएका थिए । राजा दामोदर सेनले पनि गोरखाका युवराज वीरभद्र शाहसँग आफ्नी छोरी मल्लीकावतीको विवाह गराएर यी दुई राज्य बीचको सम्बन्ध नजिक बनाएको देखिन्छ । दुई राज्यबीच

रहेको मैत्री सम्बन्धकै कारण पृथ्वीनारायण शाहका भाइ सुरप्रताप शाह र छोरा बहादुर शाह तनहुँ राज्यमा शरण लिन पुगेका थिए ।

### ८.२.१.१ मैत्री सम्बन्ध राख्ने पृथ्वीनारायण शाहको नीति

पृथ्वीनारायण शाह गोरखाको राजगद्दीमा बस्नासाथ नेपालको राजनीतिमा परिवर्तन देखिन थाल्यो । सर्वप्रथम त उनले पिता नरभूपाल शाहले विजय गर्न नसकेको नुवाकोट पुनःआक्रमण गर्ने उद्योगमा लागे । आफू पूर्वतर्फ निर्भिक भएर अगाडि बढ्नका लागि चौबीसी राज्यहरूसँग सन्धि गरी विश्वस्त पारेर आफ्नो अनुकूल बनाउनु आवश्यक थियो । नत्र भने गोरखाली सैनिक पूर्वतिर बढेको मौका छोपी चौबीसी राज्यहरूले गोरखामा आक्रमण गर्न सक्दथ्यो । यी कुरा बुझेका पृथ्वीनारायण शाहले तनहुँ, लमजुङ, कास्की, पाल्पा, आदि राज्यहरूमा आफ्ना दूतहरू पठाएर मैत्री सम्बन्ध स्थापित गर्नाका लागि अनुरोध गरे । तनहुँ राज्यमा जाने दूतहरू नारायण पण्डित, हरिहर पन्थ, श्रीपाध्या कडरिया र सदासिव पाध्य कड्याल थिए (नरहरिनाथ (सम्पा.), वि.सं.२०२२, पृ.३२७) । लमजुङ जाने रणरुद्र शाही, लक्ष्मीनारायण पाण्डे, गुणनीति पन्थ थिए भने पाल्पा र कास्की जाने दूतहरू क्रमशः मनिकंठ राना र गंगाधर पन्थ थिए । यी दूतहरू आ-आफूलाई खटाएको राज्यमा पुगेर त्यहाँका राजासँग भेट गरे । भेटमा महाराज पृथ्वीनारायण शाहले पूर्व नुवाकोट आक्रमण गरी उपत्यका विजय गर्ने योजनाका साथ अगाडि बढ्न लागेको र त्यस अभियानमा हस्तक्षेप नगरी तटस्थ बसिदिन ती राजाहरूलाई अनुरोध गरे । उपत्यका धेरै धनी र उर्वर भूमि रहेको भूभाग हो र उक्त भूभाग विजय गरिसकेपछि त्यहाँ रहेका जमिन र धन सबै राज्यहरूले बाँडेर लिउँला भन्ने पृथ्वीनारायण शाहको सन्देश पनि यी राजाहरूलाई दिए (नरहरिनाथ (सम्पा.), २०२२, पृ.३२७) ।

यस विषयमा तनहुँ, पाल्पा र कास्कीका राजाहरूले आपसमा सरसल्लाह गरी सबै निर्णय लमजुङ माथि छोडिदिए । यस सम्बन्धमा लमजुङले जे निर्णय गर्दछ त्यो अन्य राज्यहरूलाई मान्य हुनेछ भन्ने जानकारी गोरखालाई दिए । लमजुङ र गोरखा पुस्तैनी शत्रु हुन् । विना सोचविचार लमजुङले यस विषयमा निर्णय लिने छैन भन्ने तनहुँ लगायत राज्यहरूको सोचाई थियो । यस विषयमा आफूहरू तटस्थ नै रहनु वेश हुन्छ भन्ने ती राजाहरूले बुझेका थिए (शर्मा, २००८, पृ.२२०) । उनीहरूले यस प्रकारको निर्णय गर्नुको पछाडि पनि दुईवटा कारण देखिन्छ । एक त, तत्कालीन समयमा उपत्यकाका राजाहरूको भोटसँग व्यापारिक र मैत्री सम्बन्ध थियो । पृथ्वीनारायण शाहले उपत्यका माथि आक्रमण गर्दा भोटले उपत्यकाका राजाहरूलाई सहयोग गर्नेछ र गोरखाली पराजित भएर फर्किने छन् । यदि लमजुङले गोरखालाई सहयोग गरेको खण्डमा भोटको सहयोगले उपत्यकाका राजाहरूले गोरखा र लमजुङलाई एकै साथ हराउने छन् । यो हुनु भनेको तनहुँ लगायतका राज्यहरू शक्तिशाली हुनु हो । अर्को कारण, उपत्यकाका मल्ल राज्यहरूसँग यी चौबीसी राज्यहरूको आर्थिक र राजनैतिक सम्बन्ध थियो । उनीहरू गोरखालाई उपत्यकाको विरुद्धमा सहयोग गरेर सम्बन्ध विगार्न चाहँदैनथे ।

तनहुँ लगायतका राज्यहरूले पृथ्वीनारायण शाहले राखेको मैत्रीपूर्ण सम्बन्धको प्रस्तावलाई हल्का रुपमा लिएर त्यसको नेतृत्व लमजुङलाई दिए। त्यहाँ देखि नै पृथ्वीनारायण शाहको कूटनीतिक चाल सफल भएको मानिन्छ । तनहुँ लगायत राज्यहरूले लमजुङले गर्ने निर्णय मान्य हुने भनेर आफूहरू पछाडि हटेपछि लमजुङ र गोरखा बीच सन्धि भयो । चेपे र मर्स्याङ्दीको किनारामा लमजुङका राजा रिपुमर्दन शाह र गोरखाका पृथ्वीनारायण शाह बीच कालु पाण्डेको उपस्थितिमा यो सन्धि भएको थियो । यो सन्धि

पृथ्वीनारायण शाह गोरखाको राजगद्दिमा बस्नुभन्दा अगाडि वि.सं. १७९६ मा भएको थियो । नुवाकोटको बिजय अभियानमा असफल र तनहुँका राजालाई आफ्नो प्रभावमा पार्ने योजना असफल भएपछि गोरखाका राजा नरभूपाल शाहको मानसिक अवस्था बिग्रँदै गयो । उनमा राजकाज प्रति वितृष्णा बढ्दै गएपछि यूवराज पृथ्वीनारायण शाहले राजकाजको सम्पूर्ण कार्यभार सम्हालेका थिए । त्यही समय उनले लमजुङसँग उक्त सन्धि गरेका थिए (पन्त, अन्तर्वार्ता, २०७८।८।९) । कहिले भयो यकिन साथ भन्ने स्रोत भेटिएको छैन तर नुवाकोट विजयपूर्व भनिएको हुँदा पृथ्वीनारायण शाह राजा हुनासाथ वि.सं. १८९९ तिर नै यो सन्धि भएको मानिन्छ । सन्धिका सर्तहरू, कास्की र लमजुङको बीच युद्ध भएमा गोरखाले लमजुङको सहयोग गर्ने र गोरखाको पूर्वी विजयी अभियानमा लमजुङले सहयोग गर्ने भन्ने थियो । यस सन्धि पछि कास्की र लमजुङको सीमाना सम्बन्धी युद्ध हुँदा पृथ्वीनारायण शाहले सरदार विष्णु पन्त र भद्र शाहको नेतृत्वमा लमजुङको सहयोगको लागी फौज पनि पठाएका थिए (शर्मा, २००८, पृ.२२०) । यतिबेला गोरखा र लमजुङ्ग बीच राम्रो सम्बन्ध रहेको थियो ।

यसरी पृथ्वीनारायण शाह नुवाकोटमा आक्रमण गर्नुपूर्व चौबीसी राज्यहरूबाट हुने सम्भावित आक्रमणबाट सुरक्षित भएको देखिन्छ । केही स्रोतहरूमा तनहुं र गोरखा बीच लामीडाँडाको विवाद यथावत रहेको हुँदा तनहुँका राजा त्रिविक्रम सेन द्वितीयले पृथ्वीनारायण शाहको उपत्यका विजय अभियानमा सहयोग गर्ने प्रस्ताव प्रति कुनै चासो देखाएन् भन्ने पाइन्छ (नरहरिनाथ (सम्पा.), वि.सं.२०२१, पृ.१५२) । तर तनहुं राजाले पृथ्वीनारायण शाहको प्रस्तावलाई वास्ता नगरेको नभई लमजुङमाथि सम्पूर्ण जिम्मा दिएर आफू समस्यामा फस्न नचाहेको बुझिन्छ ।

### ८.२.१.२ लामीडाँडा विवाद

लामीडाँडा गोरखा र चितवनको बीचमा पर्दथ्यो । तनहुं राज्य अन्तर्गत चितवनको भावर प्रदेश पर्ने भएकाले तनहुंका राजाले चितवनबाट साल, सिसौ र अग्राख काठहरु लामीडाँडाको बाटो भएर उपत्यका पठाउने गर्दथे (सुवेदी, २०५२, पृ.६२-६९) । त्यस्तै लामीडाँडा कै बाटो भएर चौबीसी राज्यका दक्षिणी भेकका बासिन्दाहरु काठमाडौं उपत्यका आउने जाने गर्दथे । त्यसैगरी तिब्बत र मुस्ताङको व्यापारिक मार्ग पनि लामीडाँडा थियो । त्यसैले लामीडाँडाको ठूलो व्यापारिक महत्व थियो । यसका साथै गोरखा, तनहुं र ललितपुरको सीमाना जोडिएको लामीडाँडालाई तीनवटै राज्यले विशेष महत्वका साथ हेर्दथे । गोरखा र तनहुं राज्यले जसरी पनि लामीडाँडा आफ्नो अधिकारमा पार्न चाहन्थे । तर लामीडाँडा भने ललितपुरको अधिकारमा थियो । वि.सं. १७८२-८३ तिर भक्तपुर र ललितपुरको बीच युद्ध हुँदा तनहुँले भक्तपुरलाई सहयोग गरेको थियो । त्यस समय तनहुँका राजा कामराजदत्त सेन थिए । तनहुँको सहयोग पाएपछि भक्तपुरले युद्ध जित्यो । ललितपुरले आफ्नो अधिकार क्षेत्रभित्र रहेको लामीडाँडा र धुनिवेसी भक्तपुरलाई दिनुपर्‍यो । युद्धमा सहयोग गरेवापत भक्तपुरले लामीडाँडा क्षेत्र पुरस्कारको रुपमा तनहुँलाई दियो । त्यसपछि यो क्षेत्र तनहुं राज्य अन्तर्गत रह्यो (घिमिरे, २०५६, पृ.३९) । तर एउटा स्रोतका अनुसार वि.सं. १७८८ मा राजा कामराजदत्त सेनले ललितपुरका राजा विष्णु मल्ललाई धम्की दिएर ललितपुरको अधिकारमा रहेको लामीडाँडा क्षेत्रभित्र पर्ने जोगीमारा तनहुँको अधिनमा ल्याउन सफल भएको उल्लेख छ (आचार्य, २०६१, पृ.७३) । यस अनुसार त्यस समयसम्म लामीडाँडा ललितपुरको अधिनमा नै थियो भन्ने देखिन्छ । भाषा वंशावलीको

अनुसार वि.सं. १८०३ मा आफ्नै मानिसद्वारा विश्वासघात गरी पदच्युत भएर कान्तिपुरका राजा जयप्रकाश मल्ल यत्रतत्र भौतारिइ रहेका थिए । लामीडाँडा तनहुँको अधिनमा रहेकाले ललितपुरका जनतालाई त्यहाँबाट प्राप्त हुने आवश्यक काठपात उपभोग गर्न समस्या पऱ्यो । त्यसैले ललितपुरका काजीहरुले तनहुँका राजासँग लामीडाँडा फिर्ता मागे । तनहुँका राजा त्रिविक्रम सेन द्वितीयले ती काजीहरुलाई यदि जयप्रकाश मल्ललाई पुनः राजगद्दीमा राख्न सक्यौ भने लामीडाँडा तिमीहरुलाई सुम्पौंला भन्ने आश्वासन दिएको पाइन्छ (लम्साल (सम्पा.), वि.सं. २०२३, पृ.११२) । यस अनुसार वि.सं. १७८८ देखि लामीडाँडा तनहुँको अधिनमा रहेको बुझिन्छ । गोरखा लामीडाँडा क्षेत्रलाई आफ्नो अधिकार क्षेत्रभित्र पार्नु पर्ने पहिलो कारण पृथ्वीनारायण शाहले वि.सं. १८०१ मा नुवाकोट विजय गरेपछि उपत्यकालाई घेराबन्दी गर्ने क्रममा लामीडाँडाको बाटो भएर ललितपुर पस्न सजिलो हुने हुँदा लामीडाँडा जसरी पनि तनहुँबाट लिन आवश्यक थियो । दोश्रो कारण पृथ्वीनारायण शाहले उपत्यका बिजय गर्न अपनाएको आर्थिक नाकाबन्दीलाई असर पर्ने गरी तनहुँले लामीडाँडाको बाटो भएर ललितपुरलाई सहयोग गरिरहेको थियो । यिनै कारणले गर्दा पृथ्वीनारायण शाहले तनहुँका राजा त्रिविक्रम सेन द्वितीयलाई कैद गरेर लामीडाँडा गोरखाको अधिनमा पारेको देखिन्छ । यसरी पृथ्वीनारायण शाहले तनहुँबाट खोसेर लिएको पहिलो क्षेत्र लामीडाँडा थियो । लामीडाँडा गोरखाको अधिनमा आएपछि उनले त्यस नजिक रहेको देउरालीमा गढी बनाएर आफ्नो सैनिक राखे (ज्ञवाली, २०३३, पृ.१०४-१०५) । सैनिक परिचालन गरी त्यस इलाकालाई नियन्त्रणमा लिने व्यवस्था पृथ्वीनारायण शाहले गरेका थिए ।

### ८.२.१.३ राजा त्रिविक्रम सेन द्वितीय कैद

गोरखाका राजा रामशाह र तनहुँका राजा हम्वीर सेनको राज्यकाल देखि नै गोरखा र तनहुँ बीचको सम्बन्ध सुमधुर रहेको देखिँदैन । त्रिविक्रम सेन द्वितीय तनहुँको राजगद्दीमा बसेपछि त झन् यी दुई राज्य बीचको सम्बन्ध तनावपूर्ण नै हुन गयो । त्यसपछि तनहुँ राज्यको पतन नभएसम्म नै गोरखा र तनहुँको मित्रता भएको पाइँदैन । राजा त्रिविक्रम सेनकी आमा लमजुङ्गका राजा केहरीनारायण शाहकी छोरी भएकीले पनि राजा त्रिविक्रम सेनको झुकाव गोरखा भन्दा लमजुङतिर बढिरहेको हुनसक्छ । त्यसो त छिमेकी राज्यहरुसँग लोलोपोतो गरी आफू पूर्वतिर अगाडि बढ्ने गोरखाको नीति त्रिविक्रम सेनले बुझेका थिए भने लमजुङ राज्यसँग मिलेर गोरखाको विरुद्धमा एक हुने त्रिविक्रम सेनको नीति पनि पृथ्वीनारायण शाहले बुझिसकेका थिए । यी दुवै यूवक राजाहरु महत्वकांक्षी भएकै कारणले एक अर्काका विरोधी बने । राजा त्रिविक्रम सेनले कान्तिपुरका राजा जयप्रकाश मल्लसँग पनि गोरखाका विरुद्धमा गोप्य गठबन्धन गर्न चाहेका थिए । यस सम्बन्धी चर्चा पछि हुनेछ ।

पृथ्वीनारायण शाहले नुवाकोट विजय गरेपछि नालदुम र महादेव पोखरी कब्जा गरी उपत्यकालाई आर्थिक नाकाबन्दी लगाउने नीति लिएर अगाडि बढिरहेको समयमा तनहुँका राजा त्रिविक्रम सेन दहचोकको बाटो भएर उपत्यकामा माल सामान पठाई मल्ल राजाहरुलाई सहयोग गरिरहेका थिए (ज्ञवाली, २०३३, पृ.१०४-१०५) । दहचोक तनहुँको पहाड खण्डबाट उपत्यका

छिर्ने मुख्य नाका थियो । पृथ्वीनारायण शाह त्रिविक्रम सेनको यस कार्यबाट रिसाएका थिए । त्यसैले पृथ्वीनारायण शाहले वि.सं. १८११ मा दहचोक कब्जा गरे । दहचोक काठमाडौंको उत्तर पश्चिममा पर्दछ । दहचोक कब्जा गरेपछि एक त तनहुँ र लमजुङको काठमाडौंसँगको सम्बन्धविच्छेद भयो अर्को तनहुँबाट उपत्यका भित्रिने मालसामानहरु विशेषतः कपास र घर बनाउने काठको आयात पनि रोकियो । यसरी उपत्यकासँगको सम्बन्धमा पृथ्वीनारायण शाहले अवरोध ल्याइदिएपछि लमजुङ र तनहुँ उनीसँग रिसाउनु स्वभाविक नै थियो । त्यसपछि गोरखाली शक्तिलाई समयमा नै रोक्न चौबीसी राजाहरु र उपत्यकाका मल्ल राजाहरु बीच गठबन्धन हुन थालेको देखिन्छ । पृथ्वीनारायण शाहले दहचोक कब्जा गरेपछि पनि चौबीसीहरु त्रिशुलीको गाईघाट र साराङघाट तरेर चित्लाङ हुँदै उपत्यकामा जाने आउने गर्न थाले । दहचोक गोरखाले कब्जा गरेपछि रिसाएका लमजुङका राजा वीरमर्दन शाहले गोरखा हान्नका लागि पर्वतका राजासँग सैनिक सहयोग मागे । तनहुँका राजा त्रिविक्रम सेन द्वितीय पनि यस अभियानमा सहभागी भए । वि.सं. १८१२ जेष्ठ १६ गते लमजुङ, पर्वत र तनहुँको संयुक्त सेनाले पर्वतका काजी वलिभञ्जन मल्ल र लमजुङका सरदार महिधर शाहीको नेतृत्वमा गोरखाको सिह्रानचोकमा आक्रमण गरी कब्जा जमाए । त्यसको प्रतिकारको लागि आएका गोरखाली फौजले चौबीसी राज्यका संयुक्त फौजलाई पराजित गरेर लखेटे (अधिकारी, २०५५, पृ.४१) । यो चौबीसी राज्यले गोरखा माथि गरेको पहिलो आक्रमण थियो ।

यस सिह्रानचोकको युद्धमा गोरखाले चौबीसी राज्यलाई हराएता पनि पृथ्वीनारायण शाहलाई चौबीसीबाट ढुक्क रहने अवस्था थिएन । गोरखाको विरुद्धमा उम्लिरहेका चौबीसी राज्य लमजुङ र पर्वतलाई तनहुँका राजा त्रिविक्रम सेनले थप उचाल्ने काम गरेको पृथ्वीनारायण शाहले बुझेका थिए । त्यसैले उनी त्रिविक्रम सेनलाई सवक सिकाउन निहुँ खोज्न थाले । आखिर निहुँ पृथ्वीनारायण शाहकी भित्रिनी रानी स्वाभावती बन्न पुगिन् ।

तनहुँका राजा त्रिविक्रम सेन द्वितीयका सपरिवार हिउँदको समयमा देवघाटमा गएर बस्दथे । देवघाटको आसपासमा बसिरहेका राजा त्रिविक्रम सेनले पृथ्वीनारायण शाहद्वारा देवघाटको बाटो भएर काशीवास पठाउँदै गरेकी आफ्नी भित्रिनी रानी स्वभावतीको डोलीको झापन खोलेर उनलाई हेरेका थिए (पन्त, भण्डारी र बज्राचार्य (सम्पा.), २०२५, पृ.८०६) । घटनाको जानकारी पाएपछि त्रिविक्रम सेनसँग पृथ्वीनारायण शाह रिसाए । पृथ्वीनारायण शाहले यही घटनालाई निहुँ बनाएर राजा त्रिविक्रम सेनको घमण्ड तोड्ने योजना बनाउन लागे । त्यसपछि उनी त्रिविक्रम सेनलाई आफूसँग भेट गराइदिने व्यक्ति खोजी गर्न थाले । यस कार्यको लागि उपयुक्त व्यक्ति पण्डित गौरीश्वर पाण्डे ठहरिए । गौरीश्वर पाण्डे त्यस बखत काशीवासमा थिए । यिनी राजा नरभूपाल शाहकै शासनकालमा काशीवासका लागि गएका हुन् । पृथ्वीनारायाण शाहले यिनलाई बडो श्रद्धाका साथ गोरखा दरबारमा ल्याए । त्यतिबेला तनहुँमा राजगुरु नारायण पाण्डे देखिन्छन् । सम्भवतः यिनी मार्फत् पृथ्वीनारायण शाहले गौरीश्वर पाण्डेलाई काशीबाट गोरखा ल्याउन सम्भव भएको थियो । पृथ्वीनारायण शाहले गुरु गौरीश्वर पाण्डेसँग मेरो पितालाई मन्त्र सुनाउने गुरु र भाइ त्रिविक्रम सेनलाई मन्त्र सुनाउने गुरु हजुर हुनुभएकोले जुन तरहले भएपनि त्रिविक्रम सेनसँग मेरो भेट गराइदिनु भनी अनुरोध गरे । कस्तो उपाय लगाएमा

नेपाल हान्न सफल भइएला भन्ने विषयमा त्रिविक्रम सेनसँग सरसल्लाह गर्नुछ भनी पृथ्वीनारायण शाहले गौरीश्वर पाण्डेलाई भेट गर्ने सम्बन्धमा आश्वास्त पारेका थिए (ज्ञवाली, २०३३, पृ.११५) । नरभूपाल शाहलाई मन्त्र सुनाउने गुरु गौरीश्वर पाण्डे नभई उनका जेठा छोरा गोकुलविलास पाण्डे हुन भन्ने यस अघि नै चर्चा भैसकेको छ । राजा त्रिविक्रम सेन द्वितीयलाई मन्त्र सुनाउने गुरु भने यिनी नै देखिन्छन् ।

भेटवार्ता बारेमा सशंकित हुँदाहुँदै पनि गुरु गौरीश्वर पाण्डेले वडो विश्वास दिलाएकाले त्रिविक्रम सेन पृथ्वीनारायण शाहसँग भेट गर्न राजी भए । दुवै राजाको भेट त्रिशुलीको किनार ज्यामिर घाटमा हुने तय भयो । पहाड खण्डको राज्यहरुको चलन अनुसार राजाहरुको यसरी भेटवार्ता हुँदा निःशस्त्र रुपमा भेट्नु पर्दथ्यो । त्यसै अनुरुप राजा त्रिविक्रम सेन निःशस्त्र अंगरक्षकहरु र केही सेनाहरु लिएर निश्चित समय र स्थानमा पृथ्वीनारायणसँग भेट गर्न आए । चतुर पृथ्वीनारायण शाहले भने निश्चित स्थानमा पहिला नै बालुवामुनि हातहतियार लुकाएर आफ्ना सेनाहरु राखिसकेका थिए । दुवै राजा भेट भई सौहार्दपूर्ण वातावरणमा भलाकुसारी हुँदै गर्दा एक्कासी पृथ्वीनारायण शाहले आफ्नी भित्रिनी रानीलाई ओडाएको डोलीको झापन उठाएर हेरेको प्रसंग निकालेर जंगिन थाले । त्रिविक्रम सेनले कुनै स्पष्टिकरण दिन नपाउँदै पृथ्वीनारायण शाहले आफ्ना सैनिकलाई इसारा गरे । राजाको इसारा बुझेका सैनिकहरुले बालुवामा लुकाई राखेका हतियार झिकेर त्रिविक्रम सेनका निःशस्त्र अंगरक्षक र सैनिकहरुमाथि आक्रमण गरे र तत्कालै त्रिविक्रम सेनलाई कैद गरे । कैद गरेर उनलाई पहिले गोरखा र पछि नुवाकोट लगेर राखेको देखिन्छ । पृथ्वीनारायण शाहको यस्तो व्यवहारबाट दुःखी र असन्तुष्ट बनेका गुरु गौरीश्वर पाण्डेलाई भने पृथ्वीनारायण शाहले निकै अपमानित गरी निष्कासन गरे । त्यसपछि उनी तनहुँमा गएर रहन थाले (वैद्य, २०२०, पृ. ६२-६३) । पृथ्वीनारायण शाहले आफूले वि.सं. १८१९ मा बनाएको नुवाकोटको दरबारमा राखेको शिलालेखमा राजा त्रिविक्रम सेनलाई आफूले कैद गरेर राखेको उल्लेख गरेका छन् । उक्त शिलालेखमा “त्रिविक्रमो नाम नरेन्द्रकेशरी त्रितुङ्गभूमिधरभूमिभूषणः ॥ निबध्य यनायसपिञ्जरे हठान्निवेशितोऽनुग्रहतो विसर्ज्जितः ॥” अङ्कित छ (परिशिष्ट-३६) । यसको अर्थ त्रिविक्रम सेनलाई पक्रेर फलामको पिँजडामा थुनी फेरी दया गरेर छाडी दिएको भन्ने हुन्छ । त्रिविक्रम सेनलाई नुवाकोटमा कैद गरेपछि पृथ्वीनारायण शाहले तनहुँको अधिनमा रहेको लामीडाँडा कब्जा गरी गोरखाको अधिनमा पारे । त्यसपछि तनहुँले लामीडाँडा पुनः आफ्नो अधिकारमा ल्याउने प्रयत्न गर्न सकेन् ।

पृथ्वीनारायण शाहले त्रिविक्रम सेनलाई कैद गरेको मिति प्राप्त हुन सकेको छैन । तर घटनाक्रमको आधारमा हेर्दा १८१२ मा भएको सिद्धानचोकको लडाइँ र त्यसपछि भएको त्रिविक्रम सेन द्वितीयले देवघाटमा पादरी ट्र्यांकुल्लो सँगको भेटघाट लगत्तै यो घटना भएको देखिन्छ । उनलाई कति समय सम्म कैद गरेर राखियो त्यो पनि प्रमाणको साथ भन्न सक्ने अवस्था छैन । तर १८१९ को यस अभिलेखको अनुसार त्रिविक्रमसेनलाई त्यस भन्दा अगाडि नै कैद गरेर मुक्त गरिसकेको थाहा हुन्छ ।

त्रिविक्रम सेनलाई पृथ्वीनारायण शाहले विश्वासघात गरी कैद गर्नुको कारण एक त्रिविक्रम सेनले क्रिश्चियन धर्मको प्रचार प्रसार गर्ने वहानामा इसाइ पादरीहरुसँग नजिक बन्दै गएको हुँदा उनलाई दण्ड दिनु थियो । अर्को पर्वत, पाल्पा लमजुङ जस्ता चौबीसी राज्यका शक्तिशाली देखिएका राज्यहरुलाई तर्साउनु थियो । यसबाट पृथ्वीनारायण शाहले 'छोरी कुटेर बुहारी तर्साउने' नेपाली जनमानसमा रहेको प्रचलित उखान चरितार्थ गरेको प्रतित हुन्छ । राजा त्रिविक्रम सेन लमजुङको ढाढस पाएर नै गोरखासँग टकराव गर्न खोजेको कुरा पृथ्वीनारायाण शाहले बुझेका थिए । यस घटनापछि (विषेशत लमजुङले) तनहुँ र गोरखा बीचको सम्बन्ध झन् नराम्रो भयो । लमजुङ लगायत चौबीसी राज्यहरु गोरखाको बिरुद्धमा एक भए । स्थिति बिग्रने देखि पृथ्वीनारायण शाहले त्रिविक्रम सेनलाई कैद मुक्त गरिदिए ।

त्रिविक्रम सेनलाई कैद मुक्त गरेपछि परिस्थितिले अर्को मोड नलियोस् भनी आफूबाट गल्ती भएकोमा क्षमा माग्दै पृथ्वीनारायाण शाहले गोरखा र तनहुं बीच सन्धिको प्रस्ताव राखे । त्यसपछि वि.सं. १८२० जेष्ठ ७ गते एकानि शत्रु एकानि मित्रु गरेर गोरखा र तनहुं बीच सन्धि भयो (नेपाल, २०५५, पृ. ११३) । उक्त सन्धिमा तनहुँका राजा त्रिविक्रम सेनलाई पृथ्वीनारायण शाहले गरिदिएको धर्मपत्र र गोरखाका राजा पृथ्वीनारायण शाहलाई त्रिविक्रम सेनले गरिदिएको धर्मपत्र प्राप्त भएको छ (परिशिष्ट-३७) । सन्धिका शर्तहरुमा लमजुङ तथा कास्कीमा गोरखाले आक्रमण गर्न जाँदा तनहुँले गोरखालाई सघाउने र भिरकोट र पाल्पामा तनहुँले अधिकार गर्न जाँदा गोरखाले तनहुँलाई सहयोग गर्ने भन्ने लेखिएको छ । यदि धर्मपत्रमा लेखिएका बुँदाहरुको उल्लंघन गरेमा सात ब्राह्मण र सात गाई मारे बराबर पाप लाग्ने र धर्मपत्रमा लेखिएका सर्तहरु पालना गरेमा सात ब्राह्मण र सात गाई पालेको पूण्य प्राप्त हुने उल्लेख छ । सन्धिका यी सर्तहरु व्यावहारिक थिएनन् र कार्यान्वयन पनि भएको देखिँदैन । यो सन्धि त पृथ्वीनारायण शाहले चौबीसी राज्यहरुलाई एक आपसमा फुटाउनका लागि चालेको रणनीति मात्र थियो । केही समय चौबीसी राज्यहरुलाई एक आपसमा जुँधाएर अल्मल्याई आफू उपत्यका विजय अभियानमा अगाडि बढ्न उनले यो सन्धि गरेका थिए ।

यहाँ युद्ध गरेर भन्दा पनि छलकपट गरी तनहुँका राजा त्रिविक्रम सेनलाई आफ्नो वशमा ल्याउनु पृथ्वीनारायण शाहको बुद्धिमानी देखिन्छ । उनले बुझेका थिए कि तनहुँसँग युद्ध गर्नु भनेको लमजुङ, पर्वत लगायत चौबीसी राज्यहरुसँग लड्नु हो किनकि चौबीसीहरु गोरखाको विरुद्धमा एक भएको सिह्रानचोकको घटनाले देखाइसकेको थियो । उनी चौबीसीसँग युद्धमा अलमलिएर आफ्नो लक्ष्य रहेको काठमाडौं उपत्यका विजय अभियानलाई आघात पार्न चाहँदैनथे ।

### ८.२.१.४ तनहुँमा आक्रमण

द्रव्य शाहले सैन्य शक्तिको वलमा गोरखा राज्यको स्थापना गरेका थिए । राजा भएपछि उनले आफूलाई राजगद्दीमा राख्न सहयोग गर्ने भाई भारदारहरुको सहयोगको कदर गरी उनीहरुको सल्लाह र सहयोग लिई अगाडि बढे । द्रव्य शाह पछिका राजाहरुले पनि यी भाइ भारदारहरुको सन्तान दर सन्तानलाई उचित सम्मानका साथ राष्ट्रहितका काममा संलग्न गराए ।

यी भारदारहरुलाई थरघर भनिन थालियो । चौतारिया, काजी, सरदार आदि जस्ता उच्च तहका भारदारहरुले राष्ट्रहित विपरित कार्य गरेमा यिनै थरघरले राजाको हजुरमा बिन्ती चढाउन पाउँदथे । यसका साथै यिनका सन्ततीले गद्दीको सोझो गर्दा सम्म यिनलाई थरघरमा राख्नु भनि राम शाहले बाँधेको स्थितिमा पनि उल्लेख छ (पन्त, २०४३, पृ.४००) । पृथ्वीनारायण शाहले पनि दिव्य उपदेशमा यिनै कुराहरुलाई उल्लेख गरेका छन् ।

गोरखा चौबीसी राज्यमा एक्लो थियो । लमजुङले वारम्वार आक्रमण गरिरहन्थ्यो । त्यसैले गोरखाका राजाहरु जनतासँग नजिक भए । जनताको पिर मर्का बुझ्न थाले । यसरी गोरखाका राजाहरुले भाइभारदारहरुलाई देखाएको सद्भावले गोरखाली जनता देशभक्त र राजभक्त बने । सैनिक मात्र हैन गोरखाका साधारण जनताहरुले पनि चौबीसीले गरेका आकस्मिक आक्रमणबाट राज्यको सुरक्षा गरेको घटना इतिहासमा पाइन्छ । गोरखाले धेरै पटक तनहुँमा सैनिक आक्रमण मात्र हैन धान पाकेपछि खेतबाटै लुट्ने गरेको जानकारी पनि पाइन्छ । तनहुँ राज्यमा चितवन, रामनगर जस्ता तराईका उर्वर भूमि रहेको र पहाडी खण्डमा पनि धेरै फाँटहरु रहेकाले उत्पादन प्रशस्त हुन्थ्यो । गोरखा राज्य भने विशुद्ध पहाडी भूभागमा मात्र सीमित रहेको थियो । गोरखाको दरौदी फाँट मात्र थियो । त्यसैले गोरखाली सैनिकहरुले तनहुँको चुँदी फाँटबाट पटक-पटक धान लुट्ने गर्दथे भनिन्छ (मिश्र, अन्तर्वार्ता, २०७४।०२।२८) ।

कैद मुक्त भएपछि राजा त्रिविक्रम सेन पहिलाको भन्दा बढी पृथ्वीनारायण शाहको विरोधी बने भन्ने सन्दर्भमा यस अघि चर्चा गरियो । त्रिविक्रम सेनले लमजुङ र पर्वतसँग एउटा गठबन्धन गरी वि.सं. १८२१ मा गोरखामा आक्रमण गरे (बैद्य र मिश्र, २०५४, पृ.४०) । तर गोरखालीसँग पराजित भएर फर्कनु पऱ्यो । त्यसपछि पनि त्रिविक्रम सेन पृथ्वीनारायण शाहसँग क्रुद्ध भएकै थिए । उनी पृथ्वीनारायण शाहको पराजय भएको हेर्न चाहन्थे । त्यतिबेला पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकालाई आर्थिक नाकाबन्दी गरेकाले त्यहाँका बासिन्दाको दैनिकी कठिन बन्दै गइरहेको थियो । कीर्तिपुरमा पनि पृथ्वीनारायण शाहले विजय गरिसकेका थिए । त्यसैले गोरखासँग युद्ध लडेर विजय गर्न नसक्ने कुरा कान्तिपुरका राजा जयप्रकाश मल्लले बुझिसकेका थिए । त्यसैले जयप्रकाश मल्लले बेतियामा रहेका अंग्रेजका एजेन्ट गोल्डीङ समक्ष सहयोगको याचना गरी पत्र पठाए । गोल्डीङले जयप्रकाश मल्ललाई सहयोग गर्नुपर्ने आसयको पत्र पटनास्थित अंग्रेजको प्रमुख अधिकारी थोमस रम्बोल्डलाई लेखे । यस्तै आसयको पत्र थोमस रम्बोल्डले कम्पनी सरकार समक्ष पठाए । तत्कालीन समयमा इष्ट इण्डिया कम्पनीको गभर्नर वरेलेष्ट थिए (आचार्य, २०६३, पृ.१५४) । उनले जयप्रकाश मल्लको सहयोगको लागि क्याप्टेन किनलकको नेतृत्वमा नेपालतिर सेना पठाए । अंग्रेज फौज र गोरखाली सेनाबीच वि.सं. १८२४ आश्विन २४ (६ अक्टोबर, १७६७ ई.सं.) मा पौवा गढीको उकालोमा युद्ध भयो । गोरखाली सेनाको अगाडि अंग्रेज सेना टिक्न सकेनन् । क्याप्टेन किनलकले आवश्यक तयारी गरेर पुनः गोरखालीसँग युद्धका लागि आउने जानकारी दिएर फर्किए ।

पृथ्वीनारायण शाहको विरुद्धमा किनलकको यस अभियानबाट तनहुँका राजा त्रिविक्रम सेन खुशी भइरहेका थिए  तर किनलकको पहिलो अभियान असफल भयो । उसले दोश्रो अभियान अवश्य

गर्नेछ भन्नेमा ढुक्क भएर त्रिविक्रम सेनले उक्त अभियानको लागि रसदपानी र आफूले गर्न सक्ने सम्मको सहयोग गरिने जानकारी दिई गोडिङलाई पत्र पठाएका थिए (आचार्य, २०६१, पृ.३५३) । अंग्रेजले पृथ्वीनारायण शाहको विरुद्धमा दोश्रो आक्रमण नगरेपछि त्रिविक्रम सेन खिन्न भए । त्यसपछि पृथ्वीनारायण शाहले वि.सं. १८२५ आश्विन १३ गते कान्तिपुर राज्य विजय गरे भने त्यसको ११ दिन पछि वि.सं. १८२५ आश्विन २४ गते ललितपुर विजय गरे (आचार्य, २०६३, पृ.१६२-१६४) । अब उपत्यकामा भक्तपुर राज्य मात्र विजय गर्न बाँकी थियो । पृथ्वीनारायाण शाहले तनहुँ पनि आक्रमण गर्ने योजना बनाउँदै थिए । त्यसका लागि आफू गोरखा जानुपर्ने भएपछि भक्तपुरलाई घेरा हाली अगाडि बढ्नका लागि श्रीकृष्ण पाठकलाई जिम्मा दिएका थिए । पृथ्वीनारायण शाहले तनहुँमा आक्रमण गर्नका लागि नुवाकोट र कान्तिपुरमा रहेका भारदार तथा सैनिक जवानहरुलाई बोलाएका थिए । पृथ्वीनारायण शाहले तनहुँमा आक्रमण गर्दैछ भन्ने थाहा पाएर राजा त्रिविक्रम सेनले लमजुङका राजा वीरमर्दन शाहसँग सैनिक सहयोग मागेका थिए । गोरखाली फौजले तनहुँको बन्दीपुरमा आक्रमण गर्दा युद्धमा एक सय वीस लमजुङे सैनिक मारिएको र गोरखाली फौज तनहुँको महिवल सम्म पुगेका थिए । महिवल तनहुँको राजधानी तनहुँसुर नजिक रहेको अर्को होचो डाँडा हो । तनहुँमा गरिएको यस विजयको खुशियाली मनाउन भनी पृथ्वीनारायण शाहले श्रीकृष्ण पाठकलाई पत्र पठाएका थिए (परिशिष्ट-३८) । पत्रमा तनहुँको बन्दीपुरमा गरिएको आक्रमणमा छ बीस लमजुङे ठहरै भएको र आफ्नो फौज महिवल सम्म पुगेको यस खुशीयालीमा त्यहाँ पनि बढाई गर भनी पृथ्वीनारायण शाहले लेखेका छन् । बन्दीपुरमा भएको यस लडाइँको तिथिमिति पाइएको छैन । पृथ्वीनारायण शाहले १२ फेब्रअरीमा १७६९ (वि.सं. १८२६ माघ) मा चिठी लेखेको हुनाले यो लडाई ११ फेब्रअरीमा भएको देखिन्छ । यस पराजयको शोकले त्रिविक्रम सेन द्वितीयको मृत्यु भयो पनि भनिएको पाइन्छ (आचार्य, २०६१, पृ.३५४) । यिनको मृत्यु वि.सं. १८२६ माघमा भएको हुँदा बन्दीपुरको लडाइ लगत्तै भएको मानिन्छ । त्यही भएर केही स्रोतहरुमा राजा त्रिविक्रम सेन द्वितीयको पृथ्वीनारायण शाहसँग डराएर मृत्यु भएको थियो पनि भनिएको पाइन्छ (रेग्मी, १९७५, पृ. ६५) । यद्यपि यस लडाईले तनहुँ र लमजुङ राज्यलाई कमजोर बनाउन महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।

### ८.२.१.५ पृथ्वीनारायण शाहको एकीकरण अभियानमा तनहुँ राज्यको भूमिका

गोरखाको आक्रमणपछि तनहुँ राज्य सजिलैसँग गोरखाको अधिनमा आएको विषयमा यस अघि चर्चा गरियो । त्यसपछि लमजुङ निकै हतास बन्यो । लमजुङका राजा वीरमर्दन शाहले पृथ्वीनारायण शाहलाई भेट्न आफ्ना छोरा वीरभूपाल शाहलाई काठमाडौँमा पठाएर दुई देश बीचको सम्बन्धमा सुधार ल्याई पृथ्वीनारायण शाहको बिजय अभियानमा अवरोध नगर्ने बचन दिएका थिए (आचार्य, २०६३, पृ.१७४) । यसरी तनहुँ र लमजुङ आफनो अधिनमा आइसकेपछि पृथ्वीनारायण शाहले कालीगण्डकी सम्मका राज्यहरु अधिकार गर्ने उद्देश्यले केहरसिंह वस्न्यात र वंशराज पाण्डेको नेतृत्वमा सेना पठाई चौबीसी राज्यमा आक्रमण गरे । त्यस समय पृथ्वीनारायण शाहका भाइहरुले विजय अभियानमा योगदान दिए वापत आफूलाई अलग अलग राज्य माग गरेकाले पृथ्वीनारायण शाहले भाइहरुका माग अस्वीकार गरिदिए । त्यसैले पश्चिम तर्फको विजय अभियानमा उनका

भाइहरु सहभागी भएनन् । तनहुँका राजा हरकुमारदत्त सेनले पहिले गोरखासँग गरेको सम्झौता मुताविक आफ्ना सेनालाई तनहुँको बाटो भएर गएका केहरसिंह बस्न्यातसँगै युद्धमा पठाएका थिए । वि.सं. १८२८ जेष्ठमा उक्त संयुक्त सेनाले रिसिङ कब्जा गऱ्यो । रिसिङका राजाले सजिलैसँग गोरखाली समक्ष आत्मसमर्पण गरेका थिए । केहरसिंह बस्न्यातले रिसिङको राजधानी कोटमा एकजना सुवेदार अतिवल विष्ट र केही सैनिकहरु राखे । त्यसपछि ढोर र घिरिङका राजाहरुले पनि नेपालको आश्रित राज्य स्वीकार गरेकाले एक एक जना सुवेदार ती राज्यहरुमा राखेर केहरसिंह बस्न्यात अगाडि बढे (भण्डारी, २०३८ (ख), पृ.१६-२५) । यतिबेला सम्म गारखाली सेनाले विना युद्ध तनहुँका सबै भाग नेपालको अधिनमा ल्याइसकेका थिए । त्यसपछि केहरसिंह बस्न्यातले भिरकोटका राजालाई पनि गोरखाली समक्ष आत्मसमर्पण गर्न दवाव दिए । तर उनी मानेनन् । उनलाई पर्वतका राजा कीर्तिवम मल्लले गोरखाली विरुद्ध उचाली रहेका थिए । भीरकोटको राजाले गोरखालीसँग युद्ध गर्ने नीति लिएको हुँदा भीरकोट अन्तर्गत रहेको गृहाकोटमा भीरकोटको सेनासँग गोरखाली र तनहुँका संयुक्त सेनाको युद्ध भयो । यस युद्धमा गोरखाली सेनाले भीरकोटको सेनालाई हराए । त्यहाँका राजा भागेर पर्वत पुगे । त्यस गृहाकोटको युद्धमा तनहुँका सैनिकहरुले भीरकोटको राजाको समर्थन गरेको अभियोग लगाई वि.सं. १८२८ जेष्ठ २६ गते केहरसिंह बस्न्यातले तनहुँका ९६ जना सैनिकलाई कटाई दिए (आचार्य, २०६१, पृ.३९६) । युद्धमा हरकुमारदत्त सेनले आफ्ना कति सेना पठाएका थिए, थाहा हुन सकेन । तर आफ्नो सेनालाई अनाहकमा कटाइदिएपछि राजा हरकुमारदत्त सेन रिसाए । उनले गोरखाको आश्रित राज्यमा तनहुँ नरहने घोषणा गरे । राजा हरकुमारदत्त सेन बाध्यतावश गोरखाको आश्रित राज्य बन्न स्वीकारेका थिए । उनको भित्री उद्देश्य त चौबीसी राज्यहरुसँग मिलेर सकेसम्म गोरखालीलाई लपेट्ने नै थियो भन्ने उनको पछिल्लो अभिव्यक्तिले  देखाउँदछ । त्यसैले त उनले यस घटनालाई निहुँ बनाएर गोरखालीको अधिनता तोडेको घोषणा गरे । राजा मात्र हैन तनहुँका सैनिकहरु पनि गोरखाली सेना भन्दा भिरकोटको सेनालाई नै नजिक सम्झन्थे । उनीहरु राजाज्ञाले मात्र युद्धमा सामेल भएका थिए । त्यसो त केहरसिंह बस्न्यातले पनि अब आइन्दा अन्य राज्यका सैनिकहरुले गोरखालीसँग विश्वासघात गर्ने दुस्साहस नगरुन भनेर ती सैनिकहरुलाई कटाएको बुझिन्छ ।

भीरकोटपछि गरहुँ, पैंयू जस्ता साना राज्यहरु पनि गोरखालीको अधिनमा आयो । यता वंशराज पाँडे लमजुङको बाटो हुँदै कास्की जाँदा भण्डारढिकमा कास्कीको सेनासँग युद्ध भयो । युद्धमा कास्कीको हार भयो । कास्कीलाई आफ्नो अधिनमा पारेपछि वंशराज पाण्डे स्याङ्जा पुगे । उता केहरसिंह बस्न्यात पनि गरहुँ र पैंयू जितेपछि स्याङ्जामा आए । दुवै जना सेनापतिहरुको भेट स्याङ्जामा भयो (भण्डारी, २०३८ (ख), पृ.१६-२५) । त्यहीबेला सम्म गोरखाली सेनाले कालीगण्डकीसम्मको भूभाग आफ्नो अधिकारमा पारिसकेको थियो । त्यसपछि वर्षात सुरु भयो । यो वर्षात ती सेनापतिहरुले स्याङ्जा मा नै बिताएका थिए ।

'रात रहे अग्राख पलाउँछ' भने जस्तै यही वर्षातको समयमा पर्वतका राजा कीर्तिबम मल्लले गोरखालीको विरुद्धमा चौबीसी राज्यहरुको एउटा संयुक्त मोर्चा तयार गरे । यस मोर्चामा पर्वत तनहुँ,

लमजुङ, कास्की, पाल्पा राज्यहरु समावेश थिए । साना राज्यहरु भीरकोट, गरहुँले पनि गोरखालीको विरुद्धमा आ-आफ्ना सेना चौबीसी गुटको सेनामा समावेश गराएका थिए । वि.सं. १८२८ पौष ५ गते गोरखाली सेना र चौबीसी सेनाबीच सतहुँमा ठूलो युद्ध भयो । यस युद्धमा ५०० जना सिपाहीका साथै सेनापति केहरसिंह बस्न्यात मारिए (ज्ञवाली, २०३३, पृ.१७१) । वंशराज पाण्डे शत्रु पक्षबाट आएको विषालु काढ लागेर घाइते भए । उनलाई समातेर लगी पवर्तको बेनीमा कैद गरी राखिए । अन्य गोरखाली सैनिकहरुको भागाभाग भयो । कतिपय सैनिकहरुले चौबीसी सेनालाई हतियार बुझाएर प्राण बचाएर भागे । यसरी भागेर गोरखा पुगेका सैनिकहरुलाई पृथ्वीनारायण शाहले बन्दुकको मूल्य रु. ६० र जरिवाना स्वरुप रु. ६० गरी जनही रु.१२० तलबबाट कटाएका थिए ( ज्ञवाली, २०३३, पृ.१७१) । हतियार शत्रु पक्षलाई बुझाएर आएकोमा पृथ्वीनारायण शाहले उनीहरुलाई कायरको संज्ञा दिएर यो जरिवाना गराएका थिए । यसपछि गोरखाली सैनिकले कहिले पनि शत्रु पक्षलाई बन्दुक बुझाएको देखिँदैन । गोरखालीको यो नराम्रो हार थियो । यस युद्धपछि ढोर, भीरकोट, गरहुँ, पैंयू र रिसिङमा बसेका सरदार र सेनाहरु पनि गोरखा फर्कन बाध्य भए । तनहुँमा बसेका सेनाहरु पनि सबै हटेर गोरखा फर्किए (नरहरिनाथ, २०२२, पृ.३७३-३७७) । त्यसपछि गारखालीले जितेका सबै राज्यहरु स्वतन्त्र भए । गोरखाली सेनालाई हराएपछि चौबीसी राज्यहरु विशेषत तनहुँ, लमजुङ, पर्वत, पाल्पा राज्यहरुको उत्साह अझ बढ्यो । पृथ्वीनारायण शाहले काठमाडौँबाट श्रीहर्ष पन्त, धोकलसिंह बस्न्यातको नेतृत्वमा सहयोगका लागि पठाएको थप सेनालाई चौबीसी सेनाले मर्स्याङ्गदी पार गर्ने डुङ्गाहरु उपलब्ध नगराएर चौबीसी राज्यभित्र घुस्न दिएनन् (नरहरिनाथ, २०१३ (ग), पृ.५८५) । यस युद्धपछि पृथ्वीनारायण शाहले आफ्नो पश्चिम विजय, अभियानलाई स्थगित गरी पूर्वी विजयी अभियानतिर लागे । यसैबीच १८३१ माघ १ गते राजा पृथ्वीनारायण शाहको देहावसान भयो ।

### ८.२.२ आर्थिक सम्बन्ध

जनसंख्याको हिसावबाट उस्तै उस्तै देखिने तनहुं र गोरखाको घरधूरी संख्या १२ हजार थियो (स्टिलर, १९९५, पृ. ७१) । तर गोरखामा भन्दा तनहुँमा वेशी र टारहरु प्रशस्त रहेका र चितवन र रामनगर जस्ता तराईका भूभाग पनि रहेकाले तनहुँको आर्थिक अवस्था गोरखाको भन्दा राम्रो थियो ।

गोरखा र तनहुं बीचको आर्थिक कारोवार सम्बन्धी कुनै अभिलेख प्राप्त हुन सकेको छैन । तर नरभूपाल शाहको समयको आम्दानी खर्चको कागजमा भने "॥ऽ तनहुँकोट्या सुनारके, २॥ऽ तनहुँकोट्या सुनारके षर्च" भनि दुई ठाउमा लेखिएको छ (पन्त, २०४५, पृ.७६५, ७७३) । यसको अर्थ पहिलोमा तनहुँको सुनारलाई एक मोहर दिइएको हुन्छ भने दोश्रोमा २ रुपैयाँ एक मोहर दिइएको भन्ने हुन्छ । यी पङ्क्तिहरुबाट गोरखाको राजपरिवारका सदस्यहरुको लागि गहना बनाउन तनहुँबाट पनि सुनार झिकाइदो रहेछ भन्ने बुझिन्छ । त्यस्तै कुनै प्रयोजनको लागि गोरखाबाट तनहुं पठाइने

व्यक्तिलाई एक सुका (।ऽ तनहुँ जान्या) दिइने कुरा पनि त्यसै कागजमा उल्लेख छ (पन्त, २०४५, पृ.७६५) । यी स्रोतले तनहुँ र गोरखा राज्यबीच आर्थिक सम्बन्ध रहेको देखाउँदछ ।

### ८.२.३ धार्मिक सम्बन्ध

तनहुँ र गोरखा दुवै राज्यका राजाहरु हिन्दूधर्मावलम्बी थिए । बहुसंख्यक जनताहरु पनि हिन्दूधर्ममा नै आस्था राख्दथे । तनहुँमा केही गुरुङ र मुस्लिम समुदाय पनि रहेकाले बौद्ध र इस्लाम धर्मावलम्बीहरु रहेको देखिन्छ । दुवै हिन्दू राष्ट्र भएकाले धार्मिक र सांस्कृतिक पक्षहरु मिल्ने नै भयो । धर्ममा बढी आस्था राख्ने तत्कालीन शासक तथा जनताहरु एक अर्का राज्यको महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक स्थलमा पूजाआजा गर्न र मेला भर्न जाने गरेको बुझिन्छ । तनहुँको छाब्दीवाराही, ढोरवाराही, भगवतीपानी, सतीघाट, देवघाट, थानिमाई मन्दिरमा गोरखाका भक्तजनहरु आउने गर्दथे भने गोरखाका गोरखाकाली, गोरखनाथ, मनकामना मन्दिरहरुमा तनहुँका भक्तजनहरु पूजा आजाका लागि जाने गरेको बुझिन्छ । यस प्रक्रियाले दुवै राज्यका जनताहरु बीच एक आपसमा घुलमिल हुने वातावरण सृजना हुन गएको देखिन्छ । प्राचीनकालदेखि समाजमा जुन संस्कार र संस्कृति रहेको छ हालसम्म त्यो निरन्तर चल्दै आएको छ । समयको परिवर्तनसँगै यसमा केही परिमार्जित त हुने नै भयो । अतः यी धार्मिक स्थल हरुमा वर्तमान समयमा यातायातको सुविधा र सञ्चार क्षेत्रमा भएको विकासले गर्दा तनहुँ र गोरखाका धार्मिक स्थलहरु मात्र नभई देशभर छरिएर रहेका धार्मिक स्थलको महत्व बढिरहेको छ ।

### ८.२.४ वैवाहिक सम्बन्ध

उत्तर मध्यकालका प्रायः सबै राज्यहरुले आफूलाई सुरक्षित र स्वतन्त्र मान्न सक्ने अवस्था थिएन । कुनै पनि चाडपर्व, जात्रा वा अन्य कार्यमा खुशीयाली भनाइरहेको अवस्थामा शत्रु राष्ट्रले आक्रमण गर्दथे । उदाहरणको लागि पृथ्वीनारायण शाहले वि.सं. १८२५ आश्विन १३ गते कान्तिपुरमा आक्रमण गर्दा त्यहाँ राजा र जनताहरुले भव्यताका साथ इन्द्रजात्रा भनाइरहेका थिए । यस्ता विशेष अवसरमा दुस्मन राज्यमा आक्रमण गर्दा त्यहाँका सैनिक तथा सुरक्षाकर्मीहरु खुशीयालीमा रमिरहने हुँदा तत्काल आक्रमणको प्रतिकार गर्न सक्दैनथे र आक्रमण गर्ने राज्यको विजय हुन्थ्यो । यस्ता आक्रमणको भयले गर्दा विशेषतः पहाडी राज्य अर्थात् बाइसी चौबीसी राज्यहरु कुनै न कुनै प्रकारको गठबन्धनमा आवद्ध हुन्थे । यस्ता गठनबन्धनहरु राजनीतिक, पारिवारिक र वैवाहिक गरी तीन प्रकारका थिए (पन्त, २०४५, पृ.७८२) । तनहुँ राज्यको पनि छिमेकी राज्यहरु र अन्य तत्कालीन समयका शक्तिशाली राज्यहरुसँग कुनै न कुनै गठबन्धन रहेकै हुन्थ्यो । यस्तै गोरखासँग तनहुँको पारिवारिक सम्बन्ध बाहेक राजनीतिक र वैवाहिक सम्बन्ध रहेको पाइन्छ ।

तत्कालीन समयमा वैवाहिक सम्बन्धलाई पनि महत्वको साथ लिइन्थ्यो । विवाह राजपरिवारको बिचमा पात्र हुन्थ्यो । यसले दुई राज्य बीचको सामाजिक सम्बन्ध त सुदृढ बनाउँदथ्यो

नै आर्थिक तथा राजनैतिक सम्बन्ध पनि दरिलो पार्दथ्यो । वैवाहिक सम्बन्धले गर्दा राजा तथा राज्यको धन, इज्जत, प्रतिष्ठा बढ्नुको साथै अन्य राज्यभन्दा बलियो र शक्तिशाली बनाउँदथ्यो (सुवेदी, २०५५ (क), पृ.९५) । त्यसैले तत्कालीन समयमा वैवाहिक सम्बन्ध आफू बराबर वा आफूभन्दा माथिका हैसियत भएको राज्यहरुसँग हुन्थ्यो । राजाहरुले धेरै राज्यका राजकन्यासँग विवाह गर्दथे । आर्थिक रुपमा बलियो र राजनैतिक रुपमा शक्तिशाली रहेका राज्यसँग वैवाहिक सम्बन्ध जोड्न अन्य राज्यहरु लागि पर्दथे । उदाहरणको लागि नरभूपाल शाहले पाल्पाकी राजकुमारी कौशल्यावतीसँग विवाह गरेका थिए भने पृथ्वीनारायण शाहको पहिलो विवाह मकवानपुरकी राजकुमारीसँग भएको थियो । त्यस्तै सल्यान बाइसी राज्यमा संवृद्ध राज्य भएकोले पृथ्वीनारायण शाहले आफ्नी छोरी विलासकुमारीको विवाह सल्यानका राजा श्रीकृष्ण शाहका छोरा रणभीम शाहसँग गराई दिएका थिए (स्टिलर, १९९५, पृ. ४३)। त्यसैले तत्कालीन राज्यहरुले वैवाहिक सम्बन्धलाई कुटनैतिक, आर्थिक र सामाजिक पक्षबाट हेरेको देखिन्छ ।

तनहुँका चार जना राजकुमारीहरुको विवाह गोरखाका राजकुमारहरुसँग भएको पाइन्छ । गोरखाका राजा राम शाहको पहिलो विवाह मुसीकोटका राजकुमारीसँग भएको थियो भने दोश्रो विवाह तनहुँका राजा हम्वीर सेनकी छोरी विष्णावतीसँग भएको थियो । रामशाहका छोरा डम्बर शाहले पनि राजा हम्वीर सेनकै छोरी पदमावतीसँग विवाह गरेका थिए (वैद्य, १९९३, पृ. १६)। त्यसैगरी तनहुँका अर्का राजा दामोदर सेनले आफ्नी छोरी मल्लिकावतीको विवाह गोरखाका राजा पृथ्वीपति शाहका छोरा वीरभद्र शाहसँग गराएका थिए (पन्त, २०४३, पृ.५४८) । अन्य राज्यसँगको सम्बन्ध राम्रो भए मात्र आफ्नो राज्यलाई सुदृढ पार्न सकिन्छ भन्ने राजा दामोदर सेनको मान्यता रहेको थियो । उनले आफ्नी एक छोरीको विवाह ललितपुरका राजा योगनरेन्द्रं मल्लसँग गरिदिएका थिए (खनाल, २०६१, पृ.८७) । यसको चर्चा पछि हुनेछ । पशुपतीनाथको दर्शन गर्न काठमाडौं उपत्यका गएका यूवराज वीरभद्र शाहको गोरखा फर्किने क्रममा बाटोमा नै उनको मृत्यु भयो । यस सम्बन्धी चर्चा अध्याय पाँचमा भइसकेको छ । वीरभद्र शाहका छोरा नरभूपाल शाहको जन्म मावली राज्य तनहुँमा नै भएको थियो ।

नरभूपाल शाह गोरखाको राजगद्दीमा बसेको केही समयपछि नै राजा दिग्विजय सेनले आफ्नी छोरी सुभद्रावतीको विवाह नरभूपाल शाहसँग गरिदिए । दिग्विजय सेन नरभूपाल शाहका आफ्नै मामा थिए भने सुभद्रावती मामाकी छोरी थिइन् । ठकुरीहरुमा मामाकी छोरीसँग विवाह गर्ने प्रचलन रहेकाले नरभूपाल शाहले सुभद्रावतीसँग विवाह गरेका थिए । केही स्रोतहरुमा सुभद्रावती दिग्विजय सेनकी छोरी नभई राजदरबारकी कन्या मात्र थिइन् भन्ने पनि पाइन्छ (आचार्य, २०६१, पृ.१७) । किनभने नरभूपाल शाहको पहिलो विवाह खाँचीकी राजकुमारी चन्द्रप्रभावतीसँग, दोश्रो विवाह पाल्पाका राजा गन्दर्भ सेनको छोरी कौसल्यावतीसँग, तेश्रो विवाह पर्वतका राजाकी भतिजी बुद्धिमतीसँग र चौथो विवाह आफ्नै मावली धरानकी कन्या सुभद्रावतीसँग भएको थियो । अन्य रानीहरुको जस्तै सुभद्रावतीको बाबु वा कुनै नाता नखुलाएकाले उनी तनहुँकी राजघरानाकी कन्या मात्र देखिन्छिन् ।

तनहुँ र गोरखा राज्यबीच यति धेरै वैवाहिक सम्बन्ध रहे पनि यसले दुई राज्यबीचको सम्बन्ध घनिष्ठ बनाउन सकेको देखिँदैन । मल्लिकावती नरभूपाल शाहकी माता अर्थात् राजमाता भएर पनि दुई राज्य बीचको सम्बन्धमा खासै सुधार ल्याउन सकेको पाइँदैन । हुनत, तनहुँका राजाले गोरखामा आफ्नो चेली विवाह गरी दिनुको पछाडि केहि न कहि राजनैतिक तथा कूटनीतिक स्वार्थ थियो नै । राम शाहको कृति सबैतिर फैलिरहेको हुनाले हम्वीर सेनले गोरखासँग सम्बन्ध जोडी आफ्नो राज्यको पनि प्रतिष्ठा बढाउन उनले आफ्नी छोरीको विवाह गरिदिएको देखिन्छ । त्यस्तै लमजुङ राज्यले सीमाना पेल्दै आइ दुःख दिन थालेकाले लमजुङ्गको भयबाट मुक्त हुन गोरखासँग अझ प्रगाढ सम्बन्ध राख्न डम्बर शाहसँग उनले अर्की छोरीको विवाह गराइदिएको देखिन्छ । त्यसैगरी गोरखाका राजा पृथ्वीपति शाहले लमजुङलाई पनि कमजोर बनाउँदै गएको र पूर्वपट्टि नुवाकोटतिर पनि अगाडि बढ्न खोजिरहेको हुनाले गोरखाको शक्ति अन्दाज गरी राजा दामोदर सेनले आफ्नी छोरी मल्लिकावतीको विवाह युवराज वीरभद्र शाहसँग गराइदिएका थिए । त्यस्तै दीर्घकालीन रुपमा मैत्री सम्बन्ध राखी राख्न राजा दिग्विजय सेनले पनि नरभूपाल शाहसँग सुभद्रावतीको विवाह गरिदिएको देखिन्छ ।

## ८.३ तनहुँको लमजुङ राज्यसँग सम्बन्ध

लमजुङ चौबीसी राज्यहरु मध्ये एक शक्तिशाली राज्यको रुपमा गनिन्थ्यो । यो राज्य 'आठ टीका' शाह राज्य मध्येको एक पनि हो । यस राज्यको घरधुरी संख्या आठ हजार रहेकाले आठहजार लमजुङ पनि भनिएको पाइन्छ (नरहरिनाथ, २०१३ (ग), पृ.५८६-५८७) ।

लमजुङ राज्यको स्थापना वि.सं. १५५० मा भएको थियो (श्रेष्ठ, २०५९, पृ.१७८) । कास्कीका राजा कुलमण्डन शाहसँग उनका छोरा यशोब्रह्म शाहलाई मागेर ल्याई स्थानीय दुराहरुले लमजुङमा शाहवंशको स्थापना गरेको इतिहासमा उल्लेख छ । लमजुङ सामरिक शक्तिमा बलियो रहेको कुरा वि.सं. १५९८ मा तोप जस्तो शक्तिशाली हतियारको निर्माण भएबाट पुष्टि हुन्छ (बज्राचार्य र श्रेष्ठ, २०३४, पृ.२६-३२) ।

लमजुङ तनहुँको उत्तरतिर रहेको छिमेकी राज्य थियो । तनहुँको लमजुङसँग राजनैतिक, व्यापारिक, धार्मिक र वैवाहिक सम्बन्ध रहेको पाइन्छ । ५२ वटा भन्दा बढी राज्यहरु अस्तित्वमा रहेका तत्कालीन नेपालको राजनीति स्थिर थिएन । शक्तिशाली राज्यले कमजोर राज्यलाई जुनसुकै समयमा पनि आक्रमण गर्न सक्दथ्यो । त्यसैले गण्डकी प्रसवरण क्षेत्रका पहाडी चौबीसी राज्यहरु कुनै न कुनै गुटमा आवद्ध हुन्थे । यस्ता गुट मध्ये तनहुँ, लमजुङ्ग र कास्कीको एउटा गुट थियो । यस गुटको नेतृत्व लमजुङले गरेको थियो (ह्यामिल्टन, १९९७, पृ. २३९) । हुन त तनहुँले ढोरमाथी र कास्कीले सतहुँमाथी लमजुङलाई खवर नै नदिई आक्रमण गरेको घटना पनि पाईन्छ । जुन राज्यले गुटको नेतृत्व गरेको हुन्थ्यो, त्यस राज्यको प्रभाव गुटका अन्य राज्यहरुमा पर्नु स्वभाविक नै थियो । यस अर्थमा तनहुँ लमजुङको प्रभावमा थियो भन्ने देखिन्छ । त्यसैले त तनहुँ र लमजुङबीच युद्ध भएको घटना पाइँदैन । हम्वीर सेन तनहुँको राजा भएको समयमा भने

लमजुङले तनहुँलाई दुःख दिएकोले हम्वीर सेनले सहायता पाउने आशामा गोरखातिर ढल्किएका थिए भनिन्छ (पन्त, २०४१, पृ.६८) । तर लमजुङले तनहुँलाई कस्तो खालको दुःख दिएका थिए स्पष्ट पार्ने स्रोत भेटिएको छैन् । तर एउटा जनश्रुती के पाइन्छ भने तनहुँमा हम्वीर सेन राजा भएको समयमा लमजुङले तनहुँको उत्तरी सीमानामा बारम्बार आक्रमण गर्दथ्यो । तनहुँका काजी ( मन्त्री) दलभञ्जन थापाले लमजुङको फौजसँग लडेर परास्त गरी त्यस क्षेत्रलाई सुरक्षित राखे । उनले सुरक्षित राखेको त्यस क्षेत्रको नाम यिनै दलभञ्जनको नामबाट त्यस दलभञ्ज्याङ रहन गएको हो भनिन्छ । हाल दलभञ्ज्याङ तनहुँ जिल्लाको उत्तरी सीमानामा पर्दछ । जेहोस् त्यस समय तनहुँको सम्बन्ध लमजुङसँग भन्दा गोरखासँग निकट रहेको देखिन्छ । पछि गोरखाको राजगद्दीमा राम शाह र तनहुँको राजगद्दीमा तुला सेन बसेपछि भने तनहुँको सम्बन्ध गोरखासँग भन्दा लमजुङसँग नजिकिएको पाईन्छ ।

राजा कामराजदत्त सेनले लमजुङका राजा केहरीनारायण शाहकी छोरी यज्ञश्वरीसँग विवाह गरेका थिए (आचार्य, २०६१, पृ.१६) । यिनीबाट त्रिविक्रम सेन द्वितीयको जन्म भएको थियो । मावली राज्य भएकोले पनि राजा त्रिविक्रम सेनको झुकाव लमजुङतिर बढ्नु स्वभाविक नै थियो । हुन त राजा हम्वीर सेनले पनि लमजुङका राजा चुडा शाहकी छोरीसँग विवाह गरेर लमजुङसँगको सम्बन्धलाई दरिलो पारेको चर्चा अध्याय पाँचमा भइसकेको छ ।

त्रिविक्रम सेनले चौबीसी राज्यहरुसँग मिलेर गोरखाको विरुद्धमा गतिविधिहरु बढाएका थिए । उनले लमजुङ र पर्वतसँग मिलेर वि.सं. १८२० चैत्र ९ गते गोरखाको लकाङ, हर्मी, धुवाँकोट, च्याङली, देउराली  कब्जा गरे (नरहरिनाथ, २०२२, पृ.६९९) । तर प्रतिकारको लागि आएको गोरखाली सेनासँग दोहोरो युद्ध गर्न नसकेर चौबीसी सेनाहरु भागे । त्यसपछि पृथ्वीनारायण शाहले तनहुँको बन्दीपुरमा आक्रमण गरेको थिए । गोरखाले गरेको आक्रमणमा तनहुँको सहयोगकै लागि लमजुङको राजा रिपुमर्दन शाहले सेना पठाएका थिए । बन्दीपुरमा गोरखालीले आक्रमण गर्दा लमजुङको एकसय बीस सैनिक मारिएको चर्चा यस अघि गरियो । हरकुमारदत्त सेन राजा हुँदा पनि तनहुँ र लमजुङ बीचको सम्बन्धमा कमी आएको देखिँदैन । चौबीसी गुटले गोरखाको सिह्रानचोकमा गरेको आक्रमणमा पराजय भएपछि राजा हरकुमारदत्त सेन लमजुङमा नै गएर बसेका थिए । उनको योजना आफ्नो जग्गा जमिन रजबन्धकी दिएर धन संग्रह गरी पुनः सैनिक संगठन गर्ने थियो । तर उनका योजना कार्यान्वयन हुन नपाउँदै वि.सं. १८३९ कार्तिक १७ गते नेपाली सेनाले लमजुङमा घेरा हाल्यो । परिस्थिति आफ्नो अनुकूल नदेखी राजा हरकुमारदत्त सेन सहित लमजुङका राजा वीरमर्दन शाह लमजुङबाट भागेर मनाङ पुगे । मनाङबाट ५८२० मीटर उचाईमा रहेको थोरङ्गलाघाटी हुँदै मुस्ताङ पुगेर मुक्तिनाथको दर्शन गरेर पर्वत पुगेका थिए । पर्वतको राजधानी बेनिमा राजा कीर्तिवम मल्लको आश्रयमा केही समय बसेपछि उनीहरु पाल्पा हुँदै तनहुँको राजाको जमिन्दारी रहेको रामनगर पुगे । यसरी राज्य परित्याग गर्ने समय सम्म पनि तनहुँ र लमजुङको मित्रता कायमै रहेको पाइन्छ ।

लमजुङको सीमाना उत्तरमा मनाङसँग जोडिएको हुनाले भारतबाट आउने व्यापारी तनहुँको चितवनबाट बन्दीपुर निस्केर पिपलभन्सार हुँदै लमजुङ पुगी त्यहाँबाट मनाङ निस्केर भोटमा व्यापार गर्न जान्थे (श्रेष्ठ, २०५९, पृ.१७८) । तनहुँ र लमजुङ व्यापारिक मार्गमा परेको हुँदा यी राज्यहरुको आर्थिक अवस्था सम्पन्न थियो। त्यस्तै लमजुङ, तनहुँ लगायत पश्चिमका पहाडी राज्यका बासिन्दाहरु बन्दीपुर हुँदै दहचोक निस्केर काठमाडौँ उपत्यका जाने आउने गर्दथे । त्यसैले तनहुँको बन्दीपुर त्यतिबेला देखि नै व्यापारिक केन्द्रको रुपमा रहेको थियो। तनहुँको डुम्रीखर्क र आँकुमा प्रशस्त कपास खेती हुने भएकाले त्यहाँबाट कपास लगेर लमजुङगेहरुले सुतीका कपडाहरु बुन्दथे (उपाध्याय, सन् १९५०, पृ.१५) । यसरी तनहुँ र लमजुङबीच व्यापारिक सम्बन्ध पनि रहेको पाईन्छ।

तनहुँ र लमजुङ दुवै हिन्दू राज्य भएकाले बहुसंख्यक जनता पनि हिन्दू नै थिए । हिन्दू धर्मावलम्बी भएकोले तनहुँको धार्मिक मठ मन्दिरमा पूजा आजा गर्न तनहुँका वासिन्दा लमजुङमा र लमजुङका बासिन्दाहरु तनहुँमा जाने गर्दथे । तनहुँको छाब्दी बराह, ढोरबराह, थानीमाइ मन्दिर देवघाटधाम र लमजुङमा रहेको ईशानेश्वर महादेव, कालिका मन्दिर, दुधपोखरी प्रमुख थिए। धार्मिक आस्था र विश्वास पुस्तौ पुस्तामा सर्दै जाने कुरा हो। यसको सोच र स्वरुपमा केही परिवर्तन भए पनि सार सधैं उस्तै रहन्छ। त्यसैले वर्तमान समयमा पनि यी धार्मिक स्थलहरुमा तनहुँ र लमजुङको मात्र नभई देशभरीका श्रद्धालु भक्तजनहरु जाने गर्दछन्।

तनहुँ, लमजुङ र गोरखाबीच धार्मिक र सांस्कृतिक पक्षलाई देखाउने एउटा रोचक पक्ष थियो । प्रत्येक वर्षको बिजयदशमीमा अष्टमीको दिन तनहुँसुरमा रहेकी खडक कालिकाको पूजा गर्नको लागि गोरखाबाट भूषाल राना थरका दुई जना मगरहरु आउँथे । जसलाई वास्टे भनिन्थ्यो। त्यस्तै गोरखाबाट बोहोरा थरका २ जना आउँदथे । जसलाई उपासे भनिन्थ्यो । त्यस्तै तनहुँसुरका महामुखिया, जसलाई जेठाबुढा भनिन्थ्यो। यी वास्टे, उपासे र जेठाबुढा गरी ५ जनाले कालो बोकाको बलि दिएर अष्टमीमा कालिकाको पूजा गर्दथे (थापा, अन्तर्वार्ता, २०७४/६/२५) । यो चलन सेन राजाको पालादेखि रहँदै आएको मानिन्छ। यी वास्टे, उपासे र जेठाबुढालाई पूजा गरे वापत गुठीको व्यवस्था पनि थियो । पछि वि.सं. २०१६ सालमा गुठी अधिनस्थ भएपछि वास्टे र उपासेहरु पूजा गर्न आउन छाडे (खवास, अन्तर्वार्ता, २०७४/१२/२०) । यो चलन कुन राजाले चलाए थाहा हुन सकेन, जसले चलाए पनि यो चलन गोरखा र लमजुङ राज्यसँग धार्मिक र साँस्कृतिक सम्बन्ध दरिलो पार्न सेन राजाको पाला देखि नै चलिआएको देखिन्छ।

## ८.४ तनहुँको पाल्पा राज्यसँग सम्बन्ध

तनहुँको दक्षिणतर्फ पाल्पा राज्य रहेको थियो। पाल्पा तनहुँको पुर्ख्यौली राज्य हो। पाल्पाका राजा मुकुन्द सेन प्रथमले तनहुँलाई पाल्पामा गाभ्नुभन्दा अगाडि तनहुँमा दुधेवराह (मष्टो) वंशका मगरहरुले राज्य गर्दथे भन्ने उल्लेख पाईन्छ (थापा, २०५६, पृ.७७)। तत्कालीन समयमा जुन ठाउँमा जुन जातिको बसोबास बढी हुन्थ्यो सोही जाति त्यहाँका शासक हुन्थे । तनहुँमा मगरहरुको बाक्लो बस्ती भएकाले त्यहाँको शासक पनि मगरहरु रहेको विश्वास गर्न सकिन्छ।

भृङ्गी सेनले तनहुँमा सेन वंशको स्थापना गरेपछि पाल्पाबाट पाण्डे, खनाल, पौडेल, भट्टराई, पण्डित, वाग्ले, ढकाल, अर्याल थरका भारदारहरुलाई तनहुँमा बोलाएर भूमि विर्ता दिएर विस्वाशिला पदमा राखेका थिए (घिमिरे, २०५६, पृ.३५) । त्यसपछि पन्त, मिश्र, जोशी, त्रिपाठी थरका ब्राह्मणहरु पनि तनहुँमा आएर स्थायी बसोबास गरी बस्न थालेको पाइन्छ (आचार्य, २०६६, पृ.१२-२३) । यी ब्राह्मणहरुलाई पनि सेन राजाहरुले भूमि विर्ता दिएर राखेका थिए । भृङ्गी सेनले प्रशासन सहज रुपमा चलाउन आफूले चिने जानेका भारदारहरु पाल्पाबाट नै झिकाउनु स्वाभाविक नै थियो । पाल्पा राज्यकै भारदारका वंशजहरु प्रशासनमा रहेकाले पाल्पाको जस्तै गरी तनहुँमा पनि प्रशासन चल्दथ्यो भन्ने बुझिन्छ । गुरु, पुरोहित र भारदारहरु मात्र नभई सेवक, सुसारे आदिलाई पनि पाल्पाबाट तनहुँमा झिकाएर विर्ता दिएर राखेका थिए (आचार्य, २०६२, पृ.८) । यसरी बहुसंख्यक मगर जाति रहेको तनहुँ राज्यमा सेनहरुसँग अन्य जातिको पनि आगमन भयो र बस्ती बाक्लिँदै गएको बुझिन्छ ।

भृङ्गी सेन तनहुँको राजा हुँदा उनका जेठा दाजु माणिक्य सेन पाल्पाका राजा थिए । उनी भृङ्गी सेनका अर्की आमा सुवर्णमालाका छोरा हुन् (राजवंशी, २०२०, पृ.४) । यस अर्थमा माणिक्य सेन भृङ्गी सेनका सौतेलो दाजु थिए । भृङ्गी सेनले रिसिङको प्रशासक भएर आएका राम सेनलाई स्वतन्त्र राज्य स्थापना गर्न उक्साएको हुनाले रिसिङ स्वतन्त्र राज्य हुन पुगेको चर्चा यस अघि गरियो । यसो हुँदा भृङ्गी सेन र माणिक्य सेन बीच राम्रो सम्बन्ध थिएन भन्ने स्पष्ट हुन्छ । तर त्यस समयका कुनै पनि दस्तावेज नभेटिएकाले प्रमाणित रुपमा लेख्ने आधार भने छैन । राजाहरु बीचको सम्बन्ध जे जस्तो भए पनि पाल्पा र तनहुँ दुई देशका जनता वीचमा भने राम्रो सम्बन्ध रहेको पाइन्छ । त्यसो त पाल्पा र तनहुँका भारदारहरु एकै वंशका भएको हुँदा आउने जाने हुने नै भयो । यसले गर्दा सामाजिक तथा सांस्कृतिक सम्बन्ध पनि राम्रो हुन गएको वुझिन्छ ।

पाल्पा र तनहुँमा एउटै वंशका राजाहरुले राज्य गर्ने भए पनि दुई देशबीचको सम्बन्धलाई प्रकाश पार्ने सामग्रीहरुको अभाव छ । तनहुँका राजा हरकुमारदत्त सेन र पाल्पाका राजा मुकुन्द सेन द्वितीयको समयमा आएर मात्र पाल्पा र तनहुँ बीचको सम्बन्ध दर्साउने केही सामग्री भेटिन्छ । हुन त त्यस अगाडि यी दुई राज्य बीचको सम्बन्ध राम्रो थिएन की भन्ने कुरा वि.सं. १८२० जेष्ठमा पृथ्वीनारायण शाह र त्रिविक्रम सेन द्वितीय बीच भएको एउटा सन्धिका बुँदाहरुले देखाउँदछ । पृथ्वीनारायण शाहले तनहुँका राजा त्रिविक्रम सेन द्वितीयलाई कैद गरेर मुक्त गरेपछि यो सन्धि भएको थियो । सन्धिमा लमजुङ र कास्कीमा गोरखाले आक्रमण गर्दा तनहुँले गोरखालाई सघाउने र पाल्पा र भिरकोटमा तनहुँले आक्रमण गर्दा गोरखाले तनहुँलाई सघाउने भन्ने बुँदा रहेको छ । तनहुँ र पाल्पा बीच राम्रो सम्बन्ध नभएको र यी दुई राज्यबीचको सम्बन्ध अझ विगार्नका लागि पृथ्वीनारायण शाहले कुटनीतिक रुपमा तनहुँसँग यो सन्धि गरेको देखिन्छ ।

पाल्पाका राजा मुकुन्द सेन द्वितीयको राज्यकालमा भने तनहुँ र पाल्पाबीच सुमधुर सम्बन्ध रहेको पाइन्छ । मुकुन्द सेन द्वितीय गन्धर्व सेनका नाती, उद्योत सेनका छोरा हुन (घिमिरे, २०४५, पृ.४५) । गन्धर्व सेन राजा भएकै समयमा उनका छोरा उद्योत सेनको मृत्यु भएकोले उनीपछि नाती (उद्योत सेनका छोरा) मुकुन्द सेन द्वितीय पाल्पाका राजा भएका थिए । गन्धर्व सेनले

आफ्नी छोरी कौशल्यावतीको विवाह गोरखाका राजा नरभूपाल शाहसँग गरिदिएका थिए । यिनै रानीबाट पृथ्वीनारायण शाहको जन्म भयो । त्यसैले उद्योत सेन पृथ्वीनारायण शाहका मामा हुन् । पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यका कसरी विजय गर्न सकिन्छ भनी मामा उद्योत सेनसँग सुझाव माग्दा "गोरखा भनेको सर्प हो, काठमाडौँ उपत्यका भनेको भ्यागुतो हो र लमजुङ भनेको गरुड हो । सर्पले भ्यागुतो खानको लागि पहिला गुरुडको आँखा छल्नुपर्दछ" भनी सुझाव दिएका थिए (नरहरिनाथ, २०५५, पृ.२९६-२९७) । मामाकै अर्ती अनुसार पृथ्वीनारायण शाहले पहिला लमजुङका राजा रिपुमर्दन शाहसँग चेपेमा सन्धि गरेर मात्र काठमाडौँ उपत्यकाको विजय अभियानमा अगाडि बढेका थिए । जसमा उनी सफल पनि भए ।

मुकुन्द सेन द्वितीय राजा भएको समयमा पाल्पा चौबीसी राज्यहरुमा निकै शक्तिशाली बनेको थियो । बाजे गन्धर्व सेन राजा हुँदा नै यिनले युवराजको रुपमा रहेर बाजेलाई राजकाजमा सघाएर प्रशासन सञ्चालनको अनुभव लिईसकेका थिए । यिनी वि.सं. १८०९ मा पाल्पाको राजगद्दीमा बसेको देखिन्छ (घिमिरे, २०५६, पृ.७) । यिनले पाल्पा, तनहुँ, रिसिङ, घिरिङ, लमजुङ, अर्घाखाँची, गुल्मी, प्यूठान, पर्वत आदि चौबीसी राज्यहरुलाई एकै ठाउँमा राखेर बलियो गुट बनाउन सफल भएका थिए । इष्ट इण्डिया कम्पनीसँग पनि यीनले राम्रो सम्बन्ध राखेका थिए । पूर्वतिरका सेनराज्यहरु चौदण्डी, विजयपुरमा आफ्ना बन्धु भएकाले उनीहरुसँग पनि सम्बन्ध राम्रो थियो । पाल्पाका शक्ति र पहुँच बुझेका पृथ्वीनारायण शाहले पाल्पासँग मैत्री सम्बन्ध कायम राख्ने प्रयास जारी नै राखेका थिए । राजा मुकुन्द सेन द्वितीयले भने चौबीसी राज्यहरुको बलियो संगठन बनाइ सकेका थिए । पृथ्वीनारायण शाहको मृत्युपछि पाल्पा पनि लमजुङ र पर्वत जस्तै गोरखाको विरुद्धमा अग्रसर हुन थालेको थियो ।

राजकुमार बहादुर शाह रणबहादुर शाहको नायब बनेर सम्पूर्ण शासन अधिकार आफ्नो हातमा लिए पछि वि.सं. १८३५ माघ २१ गते तनहुँको राजधानीमा आक्रमण गरे । आक्रमणको सामना गर्न नसकेर तनहुँका राजा हरकुमारदत्त सेन भागेर पाल्पा पुगेका थिए । यस सम्बन्धी चर्चा यस अगाडि भइसकेको छ । पाल्पा र तनहुँको राम्रो सम्बन्ध भएकै कारणले हरकुमारदत्त सेन पाल्पा पुगेका थिए । राजा मुकुन्द सेन द्वितीयले तनहुँबाट गोरखाली सैनिकलाई हटाउनको लागि आफ्ना छोरा सुरवीर सेनको नेतृत्वमा पठाएको फौज र पर्वतका राजा कीर्तिवम मल्ले पठाएको संयुक्त फौजले तनहुँमा रहेका गोरखाली सेना माथि आक्रमण गरी गोरखालीलाई हराउन सफल भए । त्यसपछि हरकुमारदत्त सेन पुनः तनहुँको राजगद्दीमा बसे । यहाँ पाल्पाले तनहुँलाई सहयोग गर्नुमा दुईवटा कारण देखिन्छ । एउटा, यी दुई राज्य एउटै वंशका थिए । अर्को, काठमाडौँ उपत्यका जस्तो पुरानो र वैभवशाली राज्यहरुलाई गोरखाले जितेर कान्तीपुरमा राजधानी बनाइसकेको थियो । पूर्वका सेनराज्यहरु पनि विजय भइसकेको थिए । अब गोरखाले तनहुँबाट पश्चिमका राज्यहरुमा बिजयी अभियान सुरु गरेको थियो । तनहुँ पछि विस्तारै चौबीसीका अन्य राज्यहरु बिजय गर्दै लैजाने गोरखाको भित्री उद्देश्य रहेको मुकुन्द सेन द्वितीयले बुझेका थिए । त्यसैले गोरखालीलाई हराएर पाल्पा शक्तिशाली राज्य बन्न चाहान्थ्यो । उनी पाल्पाको नेतृत्वमा सेन राज्यहरुको एउटा छुट्टै संगठन

बनाउन चाहान्थे (आचार्य, १९९७, पृ.६०-७९) । तर उनले यस सम्बन्धी कुनै कार्य गरेको भने देखिँदैन ।

राजा मुकुन्द सेन द्वितीयले तनहुँ राज्यका काजी गुणानन्द पन्तलाई लेखेको एउटा पत्रले पाल्पा र तनहुँ बीचको सम्बन्धलाई देखाउँदछ । पत्रमा "तिमी यहाँ आऊ, तिमी हामी, बसेर छलफल गरौंला, तिमीले जसो भन्छौ तसो गरौंला" भनिएकाले काजी गुणानन्द पन्तलाई उनले सरसल्लाह गर्न बोलाएको देखिन्छ (पन्त, २०४०, पृ.२५-२६) । पत्रमा माघ सुद्धि १२ चुँदि शुभम लेखिएको छ । तर मिति भने लेखिएको छैन । मुकुन्द सेन द्वितीयको राज्यकाल वि.सं. १८०९ देखि वि.सं. १८३९ सम्म रहेको र गुणानन्द पन्त वि.सं. १८२० मा तनहुँको काजी पदमा नियुक्त भएकाले वि.सं. १८२० देखि वि.सं. १८३९ सम्मको कुनै हिउँदमा उनले यो पत्र लेखेको देखिन्छ ।

आदिकवि भानुभक्त आचार्यका पुर्खाहरु पनि सेन राजासँगै पाल्पाबाट तनहुँमा आएर चुँदी रम्घामा स्थायी बसोबास गरेर बसेका हुन (आचार्य, २०७१, पृ.३२-३९) । तनहुँको चुँदि सेनकाल देखि नै शिक्षा र साहित्यमा अगाडि रहेको पाइन्छ । चुँदीबाट काशीमा अध्ययनका लागि जाने गर्दथे । चुदी र काशीको सम्बन्धले गर्दा शिक्षामा प्रगति भयो । यहाँका ब्राह्मणहरु पाल्पा राज्यमा पनि जाने आउने गर्दथे । त्यसैले त पाल्पाका राजा मुकुन्द सेन द्वितीय पनि यही चुँदीमा आएर बसेको समयमा काजी गुणानन्दलाई चिठी लेखेका थिए ।

पाल्पा राज्य नेपाल अधिराज्यमा समाहित भएपछि छोटा काजी अमर सिंह थापा (भिमसेन थापाका बुबा) पाल्पाका बडाहाकिम बनेर गए । उनको मातहतमा भानुभक्तका बुबा धनञ्जय आचार्य खरिदार पदमा जागीरे भए । उनी वि.सं. १८६९ देखि वि.सं. १९०९ सम्म सोही पदमा थिए (आचार्य, २०७१, पृ.३२-३९) ।

## ८.५ तनहुँको पर्वत राज्यसँग सम्बन्ध

पर्वत चौबीसी राज्य मध्येको शक्तिशाली राज्यमा पर्दथ्यो । यस राज्यको स्थापना वि.सं. १४९३ तिर राजा आनम्मले गरेका थिए (श्रेष्ठ, २०५९, पृ.३४) । पर्वत राज्यमा समाल वंशका मल्लहरुले राज्य गर्दथे भन्ने कुरालाई वि.सं. १८५९ मा राजा गीर्वाणयुद्ध विक्रम शाहले बागलुङचौरको कालिकादेवीको पूजारी खड्कालाई पठाएको रुक्का पत्रमा समालको चौद पुस्तादेखि भन्ने वाक्यांशले स्पष्ट पार्दछ । पर्वत राज्यमा पनि लमजुङ राज्यको जस्तै आठ हजार घरधुरी रहेको उल्लेख छ ( श्रेष्ठ, २०५९, पृ.३४) ।

सीमाना जोडिएको छिमेकी राज्य नभए पनि पर्वत र तनहुँ बीच घनिष्ट सम्बन्ध रहेको पाईन्छ । पर्वत तनहुँको पश्चिम दक्षिणमा पर्दछ भने पर्वत र तनहुँ राज्य बीचमा कास्की र लमजुङ राज्य पर्दथ्यो । तनहुँका राजा दामोदर सेनले अन्य छिमेकी राज्यहरुसँग राम्रो सम्बन्ध भए मात्र आफ्नो राज्य सुदृढ र सुरक्षित बनाउन सकिने कुरामा विश्वास राख्दथे । उनको राज्यकालमा गोरखा, लमजुङ, पर्वत सबै राज्यहरुसँग राम्रो सम्बन्ध रहेको पाइन्छ । त्यस समय तनहुँ राज्यको सीमाना

पनि निकै विस्तार भएको थियो । यस सम्बन्धी चर्चा अघिल्लो अध्यायमा भैसकेको छ । पर्वतका राजा मलेबम मल्ल दामोदर सेनका समकालीन थिए । राजा दामोदर सेनले वि.सं. १७५३ मा म्याग्दी वेणीबाट लक्ष्मण थापा नामक व्यक्तिलाई स्याहामोहर लेखेका थिए (राजवंशी, २०२६, पृ.२९) । उनी पर्वतका राजा मलेबम मल्लसँग भेट गर्न म्याग्दी गएका वेला उक्त पत्र लेखेको देखिन्छ ।

गोरखा र लमजुङबीच पुस्तैनी शत्रुता थियो । लमजुङले गोरखाली भूभागमा पटक-पटक आक्रमण गरिरहन्थ्यो । पृथ्वीनारायण शाह गोरखाको राजा भएपछि नेपाल एकीकरण अभियानलाई अगाडि बढाए । गोरखाको बिजय अभियानमा डाँह गर्ने लमजुङले पर्वतको सहयोग लिएर गोरखामाथि आक्रमण गऱ्यो । पर्वतका राजा शाहवम मल्लले लमजुङका राजा रिपुमर्दन शाहकी बहिनीसँग विवाह गरेका थिए । यसले गर्दा यी दुई राज्य बीचको सम्बन्ध राम्रो रहेको थियो । वि.सं. १८१२ मा गोरखाको सिद्वानचोकमा आक्रमण गर्ने चौबीसी राज्यहरु लमजुङ, पर्वत, तनहुँ मुख्य थिए । पर्वत राज्यको गोरखासँग व्यक्तिगत दुश्मनी नभई उसले लमजुङ, तनहुँ जस्ता मित्र राष्ट्रहरुलाई सहयोग गरेको थियो भनिन्छ (मल्ल, २०२८, पृ.४३-५१) । तर यति मात्र नभएर गोरखा राज्य विस्तारलाई रोक्न आवश्यक रहेको कुरा पर्वतले बुझिसकेको थियो । त्यसैले गोरखाको बिरुद्धमा युद्ध गर्न अग्रसर भएको थियो ।

वि.सं. १८३५ मा बहादुर शाहले तनहुँमा आक्रमण गरी बिजय गरे । तनहुँका राजा गोरखाली फौजसँग युद्ध लड्न नसक्ने देखेर आफनो राजधानी छाडी भागेर पाल्पामा शरण लिन पुगे । पाल्पाका राजा मुकुन्द सेन द्धितीया र पर्वतका राजा किर्तीबम मल्लले राजा हरकुमारदत्त सेनलाई सहयोग गर्न तनहुँ राज्यमा रहेका गोरखाली सेनामाथि आक्रमण गर्न आ-आफ्ना सेना तनहुँ पठाए । पाल्पा र पर्वतको संयुक्त सेनाले तनहुँमा रहेको गोरखाली सेनामाथि आक्रमण गरी पराजित गरेर धपाएपछि तनहुँको राजगद्दीमा पुनः हरकुमारदत्त सेनलाई राखे (पाण्डे र पन्त, वि.सं.२००४, पृ.३९) । पाल्पासँगै पर्वतले पनि सैनिक सहयोग गरेकोले तनहुँ राज्य फेरि एक पटक स्वतन्त्र बन्न सफल भयो । राजा हरकुमारदत्त सेनले वि.सं. १८३७ फाल्गुनमा पर्वतको ताकुमबाट भवानी शंकर उपाध्यायलाई गरिदिएको बाँधा पत्रमा मुकाम ताकुम उल्लेख भएको छ (पन्त, २०३९ (ग), पृ.१९-२१) । यो पत्र लेखे लगत्तै पाल्पा, लमजुङ, तनहुँ र पर्वतका संयुक्त सेनाले गोरखाको सिद्वानचोकमा आक्रमण गरेकाले राजा हरकुमारदत्त सेन राजा कीर्तिबम मल्लसँग गोरखामा गरिने आक्रमण सम्बन्धी गम्भिर छलफल गर्न पर्वत पुगेको देखिन्छ । चौबीसी राज्यका संयुक्त फौजले गोरखामा गरेको यस पटकको आक्रमणमा पनि पराजित भएर नै फर्कनु पऱ्यो । पर्वत र तनहुँ बीच वैवाहिक सम्बन्ध पनि रहेको थियो । तनहुँका राजा दिग्विजय सेनकी रानी तिलोत्तमा पर्वतका राजा डिम्मकी छोरी थिइन् ( नरहरिनाथ, २०२२, पृ. ५४४-४७) । केही श्रोतमा डिम्मलाई दिलीप मल्ल पनि भनेको पाइन्छ ( राजवंशी (सम्पा.), २०२०, पृ.१६) । वैवाहिक सम्बन्धको कारणले पनि तनहुँ र पर्वत बीचको सम्बन्ध पछि सम्म पनि घनिष्ठ रहेको देखिन्छ ।

## ८.६ तनहुँको कास्की राज्यसँग सम्बन्ध

कास्की तनहुँको उत्तरमा पर्ने छिमेकी राज्य हो । कास्की राज्यको पूर्वमा तनहुँ र लमजुङ, पश्चिममा पर्वत र सतहुँ, उत्तरमा मुस्ताङ, पश्चिम-दक्षिणमा ढोर र नुवाकोट राज्यहरु पर्दथे । आठ हजार घरधुरी रहेको कास्की राज्यमा शाह वंशको शासन थियो (स्टिलर, १९९५, पृ. ७१) । कास्कीका राजा कूलमण्डल शाह निकै प्रतापी थिए । यिनले नै ७०० घरधुरी रहेको कास्कीलाई ८००० घरधुरीमा परिणत गरे (सुवेदी, २०४८, पृ.५८) । यिनकै छोरा यशोब्रह्म शाहले लमजुङमा शाहवंशको राज्य स्थापना गरेका थिए ।

चौबीसी गुटमा रहे पनि कास्कीलाई त्यति बलियो राज्यको रुपमा हेरिदैनथ्यो । लमजुङ र पर्वतले कास्कीलाई बेला बेलामा आक्रमण गरेर दुःख दिइरहने भएकाले कास्कीको झुकाव गोरखातिर थियो । तर गोरखाले पनि कास्कीलाई मित्रवत रुपमा सहयोग गरेको दखिदैन । पृथ्वीनारायण शाह राजा भएपछि नुवाकोटमा सैनिक अभियान चलाउनु अगाडि लमजुङका राजा रिपुमर्दन शाहसँग एउटा सन्धि गरेका थिए । सन्धिको सर्त लमजुङले कास्कीमा आक्रमण गर्दा गोरखाले सैनिक सहयोग गर्ने र गोरखाले नुवाकोटमा आक्रमण गर्दा लमजुङले विरोध नगर्ने थियो । यसै सहमती अनुसार लमजुङले कास्कीको अर्धौंमा आक्रमण गर्दा पृथ्वीनारायण शाहले विष्णु पन्त र भद्र शाहको नेतृत्वमा सेना पठाएका थिए । त्यस युद्धमा लमजुङ र गोरखाको संयुक्त फौजलाई कास्कीले हराएका थिए । यस घटनापछि गोरखाको विरोधमा कास्की चौबीसी गुटमा मिल्न पुगेको थियो । तनहुँ र कास्की छिमेकी राज्य भएता पनि यी राज्यहरु बीचको सम्बन्धलाई उजागर गर्ने कुनै पनि लिखित दस्तावेजहरु प्राप्त हुन सकेको छैन । द्वितीय स्रोतहरु र केही जनश्रुतीहरुमा मात्र यी दुई राज्य बीचको सम्बन्धको अध्ययन गरिएको छ । तनहुँमा हम्वीर सेन राजा हुँदा कास्कीले पनि तनहुँको भूभागमा आक्रमण गरेको थियो । त्यतिबेला लमजुङमा चुडा शाह राजा थिए । उनले आफ्ना छोराहरु श्याम र माणिकको नेतृत्वमा सेना पठाएर तनहुँबाट कास्कीको सेनालाई धपाएका थिए ( अधिकारी, अन्तर्वार्ता, २०७३।०२।२९) । त्यस्तै कास्कीका अन्तिम राजा सिद्धिनारायण शाहका पिता प्रताप शाहको राज्यकालमा कास्कीको छिमेकी राज्य तनहुँ लगायत लमजुङ, पर्वत, गोरखा, नुवाकोट (वल्लो) सँगको सम्बन्ध बिग्रदै गयो र पछि सिद्धिनारायण शाह राजा भएपछि पनि बिग्रेको सम्बन्ध सुमधुर बन्न सकेन (सुवेदी, २०५२, पृ.५८) । चौबीसी राज्यहरुको पाँचवटा छुट्टा छुट्टै गठबन्धन रहेकोमा लमजुङको नेतृत्वमा तनहुँ र कास्कीको एउटा छुट्टै गठबन्धन थियो । एउटै गठबन्धनमा रहेका राज्यहरु बीच मैत्री सम्बन्ध रहनु स्वाभाविक भए पनि यी दुई राज्यको अन्य राज्यसागको सम्बन्ध एक अर्काको विपरित थियो । जस्तै : लमजुङ र पर्वतसँग मैत्री सम्बन्ध राखेर तनहुँ राज्य गोरखाको विरोधी बनेको थियो भने लमजुङ र पर्वत राज्यहरुबाट बच्नको लागी कास्की प्रायः गोरखासँग नजिक बन्ने प्रयत्न गर्दथ्यो । यही कारण तनहुँ र कास्कीबीच खासै उल्लेखनीय सम्बन्ध वा विरोध नभएको हुनसक्दछ । हुन त यी दुई राज्यबीच सम्बन्ध देखाउने प्रयाप्त स्रोत प्राप्त नभएकोले पनि सम्बन्धको विस्तृत व्याख्या गर्न सकिएन ।

## ८.७ तनहुँको उपत्यकाका मल्ल राज्यहरुसँग सम्बन्ध

काठमाडौँ उपत्यकाको संगठित मल्ल राज्यका अन्तिम मल्ल राजा यक्ष मल्ल हुन । यिनी शक्तिशाली एवं प्रभावशाली शासक देखिन्छन् । यिनका वंशज जगज्योर्तिमल्लले सन् १६१४ ( वि.सं.१६७१) मा लेखेका 'नरपतिजयचर्यस्वरोदयटीका' मा उल्लेख गरे अनुसार यक्ष मल्लको राज्य पूर्वमा वंगाल, पश्चिममा गोरखा र पाल्पा उत्तरमा सिकार जोङ (तिव्वती) र दक्षिणमा गंगासम्म फैलिएको थियो (रेग्मी, २०५४, पृ.११९) । यहाँ उल्लेख गरिए जस्तै यति ठूलो भूभाग यक्ष मल्लले जितेको कुरामा शंका रहे पनि वि.सं. १५३० (सन् १४५३) मा लेखिएको पशुपतिमा रहेको एउटा ताम्रपत्रमा यक्ष मल्लले चम्पारण, लोहावर, कोकी राज्यहरुमा सैनिक अभियान लागू गर्नका लागि पाटन, फर्पिङ र साँखुका सामन्तहरुलाई पशुपतिको धर्मशाला छुवाई किरिया खुवाएर उक्त अभियानमा सामेल हुन लगाएको सन्दर्भमा उल्लेख छ (बज्राचार्य र श्रेष्ठ, २०३१, पृ.२०-२२ । चम्पारण, लोहावर, कोकी बंगालको भूभाग भएको हुनाले बंगालसम्म नेपालको सीमाना पुगेको थियो की भन्न सकिन्छ । त्यसैले तत्कालीन अभिलेखमा यक्ष मल्ललाई 'नेपालमण्डलेश्वर', 'श्री नेपालेश्वर' भनि पदवी दिएर लेखिएको पाईन्छ (रेग्मी, १९६५, पृ. ४३६) । यक्ष मल्लको मृत्युपछि संगठित मल्ल राज्य विभाजन भयो । हुन त केही विद्वान्हरुले यक्ष मल्लले आफ्नै जीवनकालमा नै आफूले जीवनभर आर्जन गरेको राज्यको विशाल भूभाग आफ्ना छोरा नातीलाई अंश सरह बाँडीदिए भनिएको पनि पाईन्छ (उपाध्याय, सन् १९५०, पृ.१२३) । तर यक्ष मल्लको मृत्यु वि.सं. १५३८ मा भएपछि उनका जेठा छोरा राय मल्ल भक्तपुरको राजा भए । केहि समय दाजु राय मल्ल कै सहयोगीको रुपमा रहेर अन्य भाइहरु रत्न मल्ल, रण मल्ल र भानिज भीम मल्ल (यक्ष मल्लका छोरीको छोरा) ले संयुक्त शासन चलाए । यक्ष मल्लका माहिला छोरा रत्न मल्ल निकै महत्वकाँक्षी थिए । उनले कान्तिपुरका १२ जना महापात्रहरुलाई आफ्नो पक्षमा पारेर षडयन्त्रद्वारा सखाप पारी वि.सं. १५४१ मा कान्तिपुरमा स्वतन्त्र राज्य स्थापना गरे (बज्राचार्य, २०५६, पृ.२) । रत्न मल्लले ललितपुर पनि कान्तिपुरकै अधिनमा राखे । रत्न मल्लको मृत्युपछि भने ललितपुरमा फेरि महापात्रहरुले स्वतन्त्र राज्य चलाएको देखिन्छ । पछि शिवसिंह मल्लले ती महापात्रहरुलाई दवाएर ललितपुर कान्तिपुर कै अधिनमा पारे । वि.सं. १६७७ मा आएर मात्र ललितपुरलाई कान्तिपुरको अधिनबाट स्वतन्त्र भएर छुट्टै राज्य बन्यो (पन्त, २०४१, पृ.१०५) । स्वतन्त्र ललितपुरको पहिलो राजा सिद्धिनरसिँह मल्ल हुन् ।

यक्ष मल्लका उत्तराधिकारीहरु राज्य विभाजनमा नै व्यस्त रहे र उपत्यकाभन्दा बाहिर ध्यान दिन छाडे पछि रुद्र सेनले पाल्पामा स्वतन्त्र राज्य स्थापना गरेको देखिन्छ । कान्तिपुरका राजा रत्न मल्ललाई कुक जातिका भोटेहरुले दुःख दिन थालेपछि पाल्पाका राजा मुकुन्द सेन प्रथमले सैनिक सहयोग गरेर भोटेहरुलाई धपाएका थिए । यसपछि पाल्पाका राजाका गुरु मैथिली ब्राह्मणलाई रत्न मल्लले उपत्यकामा नै बसोवास गराएको कुरा वंशालीमा उल्लेख छ (घिमिरे, २०४५, पृ.९८) । उपत्यकाको मल्लराज्य विभाजन पछि नै रत्नमल्लले पाल्पासँग मैत्री सम्बन्ध राखी सकेका थिए भन्ने कुरा यस कथनबाट थाहा हुन्छ । तर पछि वि.सं. १५८१-८२, ८३ र १६०३ मा मुकुन्द सेनले उपत्यकामा पटक-पटक सैनिक आक्रमण गरेका पाइन्छ (खनाल, २०४०, पृ.२१८) । त्यतिबेलासम्म

उपत्यकामा तीनवटा राज्य स्थापना भैसकेको देखिन्छ। त्यस वखत कान्तिपुरमा सूर्यमल्ल, भक्तपुरमा जीत मल्ल, प्राण मल्ल र ललितपुरमा महापात्रहरुको शासन थियो । यी शासकहरुले वि.सं. १६०५ मा मुकुन्द सेनको विरुद्धमा एक आपसमा मिली 'एकानी शत्रु, एकानी मित्र' को सन्धि गरेका थिए ( बज्राचार्य र श्रेष्ठ, २०३१, पृ.४६) । सन्धिको सर्तमा यदि मगर राजा नुवाकोट वा अन्य मार्ग हुँदै उपत्यकामा आक्रमण गर्न आएमा सबै मिलेर उसलाई लखेट्ने भन्ने उल्लेख छ । मुकुन्द सेनले उपत्यकामा गरेको बिजय अभियान स्थायी बसोवास गर्ने उद्देश्यले नभइ धन आर्जन गर्नको लागी थियो भन्ने कुरा उनले उपत्यका बिजयपछि त्यहाँका जनतासँग कर उठाउने, धनमाल लुट्ने आदि प्रकृयाबाट धनसंग्रह गरेर स्वदेश फर्किएकाको तथ्यले पुष्टि गर्दछ । यसका साथै यस घटनाले उपत्यकाका राज्यहरु त्यतिबेलादेखि नै सैनिक दृष्टिबाट कमजोर थिए भन्ने देखाउँदछ ।

कान्तिपुरका राजा रत्न मल्लको समयदेखि नै उपत्यकाका मल्ल राज्यहरु बीच एक आपसमा सम्बन्ध राम्रो थिएन । यिनका छोरा नातीको शासनकालमा झन यो क्रम बढ्दै गयो । ललितपुरमा सिद्धिनरसिंह मल्ल राजा भएदेखि कान्तिपुर, भक्तपुर र ललितपुर बीच वैमनस्यता बढ्दै गयो । कान्तिपुरमा प्रताप मल्ल राजा भएपछि त यी राज्यहरुबीच रिस, ईर्श्या, घातप्रतिघात र आक्रमण हुने क्रम बढ्न थाल्यो । मल्ल राज्यहरु आपसमा लड्नका लागि उपत्यका भन्दा बाहिरका पहाडी राज्यहरुसँग सहयोग माग्दथे । सहयोग गरे वापत आर्थिक लाभ हुने भएकाले ती पहाडी राज्यहरु सहयोग दिन तत्पर रहन्थे । यसरी सहयोग दिने राज्यहरुमा तनहुँ पनि पर्दथ्यो ।

उपत्यकाको मल्ल राज्यसँग मैत्री सम्बन्ध स्थापित गर्ने पहिलो पहाडी राज्य पाल्पा देखिएर पनि पछिल्लो समयमा पाल्पा र मल्ल राज्यहरु बीच त्यति सम्बन्ध रहेको पाईदैन । गोरखाका राजा राम शाहले भने ललितपुरका राजा सिद्धिनरसिंह मल्लसँग वाणिज्य सन्धि गरेर मल्ल राज्यहरुसँग मैत्री सम्बन्ध राख्ने सुरुआत गरेका थिए । गोरखाका राजा राम शाह वि.सं. १६६३ मा ललितपुर गई सिद्धिनरसिंह मल्ललाई भेटी वाणिज्य सन्धि गरी फर्पिङको बाटो हुँदै पाटन र गोरखाको सीमाना त्रिशुली र मर्स्याङ्गदीको दोभान बेनीघाट तरेर गोरखा फर्किएका थिए भनिन्छ (पन्त, भण्डारी र बज्राचार्य, २०२८, पृ.५५५) । तर सिद्धिनरसिंह मल्ल वि.सं. १६७७ मा मात्र ललितपुरको राजगद्दीमा बसेका थिए । त्यसैले राम शाह र सिद्धिनरसिंह मल्ल बीच वि.सं. १६६३ मा वाणिज्य सन्धि भएको कुरा सहि देखिँदैन । गोरखामा रामशाह वि.सं. १६६३ मा राजगद्दीमा बसेका मानिएकाले त्यही मितिमा नै यी दुई राज्यबीच सन्धि भएको भनिए पनि यो सन्धि वि.सं. १६७७ तिर मात्र भएको देखिन्छ ।

यो सन्धि हुनुको पछाडि पनि ललितपुर र गोरखाको छुट्टा छुट्टै स्वार्थ देखिन्छ । सिद्धिनरसिंह मल्ल ललितपुरको स्वतन्त्र राजा भएको उनका दाजु कान्तीपुरका राजा लक्ष्मीनरसिंह मल्ललाई मनपरेको थिएन। राजा सूर्य मल्लको पालादेखि नै कान्तिपुरमा कुति र केरुङको बाटो भएर तिब्बतबाट नुन आउने गर्दथ्यो। त्यसरी आएको नुन कान्तिपुरले ललितपुरलाई दिन्छ भन्ने सिद्धिनरसिंह मल्ल लगायत त्यहाँका भारदारहरुलाई विश्वास थिएन। त्यसैले आवश्यक परेमा गोरखाबाट लामीडाँडाको बाटो हुँदै ललितपुरमा नुन भित्र्याउने सहमति पनि यस सन्धिमा भएको थियो (आचार्य, २०६१, पृ.१२) । त्यस्तै गोरखाको राजा रामशाह उपत्यकामा भएको आर्थिक उन्नतीबाट प्रभावित थिए ।

उनी उपत्यकाबाट शिल्पकारहरु गोरखामा लगेर आफ्ना प्रजाहरुलाई सिप सिकाउन चाहन्थे। त्यसैले यस सन्धि पछि ललितपुरबाट व्यापारीहरु लगेर गोरखाको पोखरीथोकमा बस्ने व्यवस्था मिलाए। विस्तारै कपडा बुन्ने, भाँडा बनाउने सिल्पकारहरु पनि गोरखामा गएर बस्न थाले। त्यसपछि गोरखाका स्थानीयबासीहरुले पनि उक्त सिप सिक्न थाले। त्यस्तै गारखाले ललितपुरसँग सम्बन्ध स्थापीत गर्नुको अर्को कारण गोरखा चौबीसी राज्यहरुबाट एक्लिनु पनि थियो। कान्तिपुरबाट ललितपुर पिडीत भएको भन्दा बढी लमजुङबाट गोरखा पिडित थियो। गोरखा राज्यको स्थापना कालदेखि नै लमजुङले गोरखालाई पेल्दै आएको थियो। लमजुङले गोरखालाई आफ्नै राज्यको एक भाग सम्झिन्थ्यो। लमजुङकै कारणले गोरखा चौबीसी समूहमा थिएन। चौबीसी राज्यबाट एक्लिएको गोरखाले ललितपुरसँग मित्रता बाँधेर उपत्यकाका मल्ल राज्यहरुमा प्रवेश गर्ने मौका पायो।

उता भक्तपुर र कान्तिपुर बीचको दुश्मनी कान्तिपुरमा रत्न मल्लले स्वतन्त्र राज्य स्थापना गर्दादेखि नै सुरु भयो। रत्न मल्लले रसुवा र नुवाकोट भक्तपुरबाट खोसेर आफ्नो राज्यमा मिलाएपछि कान्तिपुर राज्य विस्तृत बन्दै गयो (ज्ञवाली, २०३३, पृ.७१)। राजा शिवसिंह मल्लको समयसम्म आइपुग्दा कुति र केरुङको बाटो हुँदै कान्तिपुरले तिव्वतसँग व्यापार गर्न थालेपछि कान्तिपुर राज्य सम्वृद्ध हुँदै गयो (नेपाली, सन् १९५७, पृ.१०३-१०४)। बाबु लक्ष्मीनरसिंह मल्ललाई कैद गरेर वि.सं. १६९८ मा प्रताप मल्ल कान्तिपुरका राजा भए। यीनले कुति र केरुङ कब्जा गरेर कान्तिपुरमा मिलाएपछि त्यस क्षेत्रमा सिधा व्यापार गर्नका लागि भक्तपुरको अधिनमा रहेको महादेवपोखरी, साँखु, चाँगु कब्जा गरे (आचार्य, २०६१, पृ.५२)। ती भक्तपुरको अत्यन्तै महत्वपूर्ण भूभाग थियो। भक्तपुरले ती भूभागलाई फिर्ता गर्न पनि सकेन र बिर्सन पनि सकेन। यस घटनापछि कान्तिपुर र भक्तपुरबीचको शत्रुता झन बढ्यो। ललितपुर राज्यको स्थापना कालदेखि नै कान्तिपुरसँग सम्बन्ध राम्रो थिएन। बाबुलाई कैद गरी राजा बनेका प्रताप मल्ललाई सिद्धिनरसिंह (आफ्नै काका) ले मान्यता नदिए पछि यी काका भतिजा बीचको सम्बन्ध पनि नराम्रो भयो (बैद्य र मिश्र, २०५४, पृ.७)। यसरी उपत्यकाका तीन मल्ल राज्यहरु बीचमा घात प्रतिघात र आक्रमण जस्ता घटना दोहोरिन थाले। उपत्यकाका तीन मल्ल राज्यहरुमा एउटालाई एक्लाएर अन्य दुई राज्यले आक्रमण गर्ने प्रवृति बढ्न थाल्यो। उपत्यका बाहिरका राज्यहरुले पनि यी राज्यहरुलाई सहयोग गर्न थाले। यसरी गोरखा, लमजुङ, तनहुँ, मकवानपुर लगायतका राज्यहरु उपत्यकाका मल्ल राज्यहरुका आपसी मतभेदमा सहभागी भएको देखिन्छ।

### ८.७.१ कान्तिपुर राज्यसँगको सम्बन्ध

कान्तिपुर र तनहुँ राज्यबीचको आपसी सम्बन्ध कहिलेदेखि सुरु भयो। स्पष्टसँग भन्ने आधार भेटिएको छैन। कान्तिपुरका राजा महीन्द्र मल्ल (वि.सं. १६१७–३१) ले आफ्नो राज्यमा बनेका कपडाहरु गोरखा र तनहुँ जस्ता पहाडी राज्यहरुमा बिक्री वितरणको लागी पठाउने गर्दथे भन्ने पाईन्छ (आचार्य, २०६१, पृ.११)। यति बेलासम्म भृङ्गी सेनले तनहुँमा स्वतन्त्र राज्य स्थापना गरिसकेकोले राजा महीन्द्र मल्ल र भृङ्गी सेनको बीच आपसी सम्बन्ध थियो कि भन्ने देखिन्छ। त्यसैगरी तनहुँको राजगद्दीमा त्रिविक्रम सेन द्वितीय बसेको समयमा तनहुँ र कान्तिपुरबीच केही

सम्बन्ध रहेको पाईन्छ । त्यतिबेला कान्तिपुरमा जयप्रकाश मल्ल राजा थिए । वि.सं. १८०१ मा पृथ्वीनारायण शाहले नुवाकोट बिजय गरेर काठमाडौँ उपत्यका पस्ने ढोका खोलेका थिए । त्यतिबेला पृथ्वीनारायण शाह र त्रिविक्रम सेन द्वितीय बीचको सम्बन्ध राम्रो थिएन । राजा त्रिविक्रम सेन पृथ्वीनारायाण शाहलाई काठमाडौँ उपत्यकातिर बढ्नबाट रोक्न चाहान्थे । उनले मल्ल राजाहरुलाई पृथ्वीनारायण शाहको विरुद्धमा संगठित बन्न आह्वान गर्दै तनहुँ राज्यको हिउँदको राजधानी देवघाटबाट उपत्यकाका मल्ल राजाहरुका राजगुरु देवानन्द उपाध्यायलाई पत्र पनि पठाएका थिए । पत्रमा "उप्रान्त इहाँ तनहुँ, लमजुङ पाल्पा बसी मतो गरी सरदार सुद्धा फउद आयो तहाका तिमी श्रेष्ठ हौ तिनै नेपालको एकचित्त गरी कार्य उठाव (उ)" भन्ने उल्लेख छ (परिशिष्ट-३९) । उपत्यकाका मल्ल राजाहरु बीच स-साना कुरालाई लिएर लडाई झगडा भैरहेको हुँदा त्यस्ता विवाद छाडेर पृथ्वीनारायण शाहको विरुद्ध एक हुने व्यवस्था मिलाउन त्रिविक्रम सेनले मल्ल राजाहरुको राजगुरुलाई पत्र पठाएको देखिन्छ । आवश्यक परेको खण्डमा तनहुँ, लमजुङ र पाल्पाका सरदार सहितको फौज पठाउने पनि पत्रमा उल्लेख छ । यो पत्र वि.सं. १८११ तिर लेखेको देखिन्छ ।

राजा त्रिविक्रम सेनको दुश्मनी पृथ्वीनारायण शाहसँग भएको हुँदा कान्तिपुरका राजा जयप्रकाश मल्ललाई सहयोग गर्न चाहानु स्वाभाविक नै थियो । वि.सं. १८०३ (ई. १७४६) तिर राजा त्रिविक्रम सेनले जय प्रकाश मल्लसँग मित्रता स्थापित गर्न आफ्ना राज्यबाट दूतहरु काठमाडौँ पठाएका थिए (ज्ञवाली, २०३३, पृ.११४) । तर उनीहरु काठमाडौँ नपुग्दै कान्तिपुर दरबारमा अर्को घटना घट्न पुग्यो । काजी तथा भारदारहरुले राजा जयप्रकाश मल्ललाई राज्यच्युत गरी उनका नावालक छोरा ज्योतीप्रकाश मल्ललाई राजगद्दीमा राखे । जय प्रकाश मल्लकी रानी दयावती बालक राजाको नायवी बनेर शासन चलाउन थालिन् । जयप्रकाश मल्ल भने भौतारिएर यताउता हिंड्न थाले (थापा, २०२९, पृ.१-२८) । यसकारण जयप्रकाश मल्लसँग भेटेर मित्रता बाध्ने तनहुँको योजना पुरा हुन पाएन । सम्भवत राजा त्रिविक्रम सेनले पृथ्वीनारायण शाहको विरुद्धमा आफ्नो नेतृत्वमा उपत्यकाका मल्लराजाहरु र लमजुङका राजा मिलेर एउटा गठबन्धन बनाउन चाहान्थे । भाषा वंशालीका अनुसार ललितपुरका काजीहरुले राजा त्रिविक्रम सेनसँग तनहुँको अधिनमा रहेको लामीडाँडा ललितपुरलाई फिर्ता गरिदिनुपर्‍यो भनि अनुरोध गर्दा जयप्रकाश मल्ललाई पुनः कान्तिपुरको राजगद्दीमा राख्छौ भने लामिडाँडा तिमीहरुलाई सुम्पौंला भनेर त्रिविक्रम सेनले भनेको कुरा यसै अध्यायमा चर्चा भैसक्यो । यसबाट त्रिविक्रम सेनको झुकाव कान्तिपुरतिर थियो भन्ने देखिन्छ । यद्यपी, त्रिविक्रम सेनकै शासनकालमा कान्तिपुर लगाएत उपत्यकाका तीनवटा नै मल्ल राज्यहरु पृथ्वीनारायण शाहले जितिसकेका थिए ।

**८.७.२ भक्तपुर राज्यसँगको सम्बन्ध**

तनहुँ र भक्तपुरको बीच लिखित सम्झौता त भएको पाइँदैन तर तनहुँले भक्तपुरको पक्षमा आक्रमण गरेको र सन्धिहरुमा सहभागी भएको पाइन्छ । तनहुँमा दिग्विजय सेन राजा भएको समयमा कान्तिपुरको विरोधमा भक्तपुरको राजा भुपतिन्द्र मल्लको पक्ष लिएर तनहुँ सन्धिमा सहभागी भएको देखिन्छ । त्यतिबेला भुपतिन्द्र मल्ल कान्तिपुर र ललितपुर भन्दा शक्तिशाली शासक देखिन्छन् ।

तिर्थयात्रामा हिँडेका कान्तिपुरका राजा भुपालेन्द्र मल्लको २१ वर्षको उमेरमा वि.सं. १७५७ कार्तिकमा अयोध्याय नजिक मृत्यु भयो (पन्त, २०४१, पृ.१७०)। उनकी विधवा रानी भूवन लक्ष्मीले ४ वर्षको छोरा भास्कर मल्ललाई राजगद्दीमा राखेर मन्त्रिहरुको सहयोगमा शासन चनाउन लागिन । यसरी कान्तिपुर राज्य कमजोर भएको समयमा कान्तिपुरको अधिनमा रहेको सिन्धुपाल्चोक इलाका अधिकार गर्ने योजना बनाई भुपतिन्द्र मल्लले ललितपुरका राजा योगनरेन्द्र मल्ल र उपत्यका बाहिरका राज्यहरु गोरखा, मकवानपुर र तनहुँसँग वि.सं. १७५८ पौष १३ गते एउटा सन्धि गरे । उक्त सन्धि पत्रमा पाटनले भक्तपुरको सल्लाह नलिकन कान्तिपुरसँग गुहार माग्यो भने गोरखा, मकवानपुर र उपाध्या (तनहुँ) ले पाटनलाई अठ्याएर ४० हजार रुपैया लिनु भन्ने बेहोरा रहेको छ (बज्राचार्य र श्रेष्ठ (सम्पा.), २०३१, पृ.२७) । भुपतिन्द्र मल्ललाई योगनरेन्द्र मल्ल आफूसँग मिल्दछन् भन्ने विश्वास नरहेकोले अर्थात योगनरेन्द्र मल्ल कान्तिपुरसँग मिल्न नजावस भनेर उक्त सन्धि गराएको देखिन्छ । सन्धि पत्रमा तनहुँलाई तनहुँ नभनी उपाध्या भनिएको छ । तनहुँका राजाहरु हिउँदको समयमा तनहुँसुर राजधानीमा नबसी चितवनको देवघाट अर्थात् त्यसभन्दा माथी रहेको उपरदाङगढीमा आएर बस्दथे । उपरदाङगढीमा बसेको समयमा राजा दिग्विजय सेनले आफ्ना कुनै भारदारलाई सन्धिमा सहभागी हुन भक्तपुर पठाएका थिए । उपरदाङ भनिएकोमा उच्चारणको अस्पष्टताले उपाध्या भनिएको र उपाध्या भनेको तनहुँ नै हो भन्ने रहेको पाइन्छ (आचार्य, २०६१, पृ.६०) । देवघाटलाई तनहुँको दोश्रो राजधानी मानिएको छ । उपरदाङगढी पनि देवघाट आसपास रहेकोले त्यहाँ पनि राजाहरु बस्दथे भन्ने बुझिन्छ । यस्तो महत्वपूर्ण सन्धिमा तनहुँ सहयोगी भएकाले भक्तपुर र तनहुँ बीच मैत्री सम्बन्ध धेरै  पहिले देखि रहिआएको थियो भन्ने देखिन्छ ।

तनहुँका राजा कामराजदत्त सेनले भक्तपुरको राजा रणजीत मल्ल (भुपतिन्द्र मल्लका छोरा) लाई सैनिक सहयोग गरेका थिए । वि.सं. १७८२–८३ तिर भक्तपुर र ललितपुरवीच युद्ध हुँदा तनहुँको सहयोग पाएर भक्तपुरले युद्ध जितेकोले भक्तपुरले ललितपुरबाट पाएको लामीडाँडाँ उपहारको रुपमा तनहुँलाई दिएको थियो । यस सम्बन्धी चर्चा यस अगाडि भैसकेको छ । कान्तिपुरका राजा जगज्जय मल्ल र ललितपुरका राजा विष्णु मल्ल मिलेर वि.सं. १७८७ पौषमा भक्तपुरको साँगा नाला आदि ६ वटा गाँउ जितेर तीन तीन वटा गाँउ आपसमा बाँडेर लिए (पन्त, भण्डारी र बज्राचार्य, २०२८, पृ.७४९) । केही समयपछि भक्तपुर कान्तिपुर र ललितपुरका राजाहरु भेट भएर छलफल हुँदा भक्तपुरका राजाले कान्तिपुर र ललितपुरका राजालाई हात्ती र नगद दिएर आफ्नो गाउँहरु फिर्ता गर्ने सहमती भयो । तर रणजीत मल्लले आफ्नो कबुल पुरा गरेनन् । यसबाट रिसाएका कान्तिपुर र ललितपुरका राजाले भक्तपुरको गोपुर कब्जा गरे । यस आक्रमणमा गोरखाले ललितपुरको सहयोगमा फौज पठाएको थियो । भक्तपुरका राजाले पनि युद्धको लागि तनहुँ, लमजुङ र मकवानपुरको सहयोग लिएका थिए । यी राज्यहरुको संयुक्त फौजको सहायताले भक्तपुरले ती ठाउँबाट १२० जना गोरखालीलाई समाते भने आफ्ना गुमेको गाउँहरु पनि फिर्ता गरे (पन्त, भण्डारी र बज्राचार्य, २०२८, पृ.७४९) । यस घटनाले तनहुँ र भक्तपुर बीच असल मित्रता थियो भन्ने देखाउँछ

### ८.७.३. ललितपुरसँगको सम्बन्ध

उपत्यका तीन राज्यहरुमा कान्तिपुर र भक्तपुरसँग भन्दा ललितपुरसँग तनहुँको सम्बन्ध रहेको चर्चा स्रोतहरुमा अलि बढी पाइन्छ । त्यसो त तनहुँ र ललितपुर बीच रहेको लामीडाँडा ललितपुरको अधिनमा रहेको र लामीडाँडाँको दक्षिण पश्चिमतिर महाभारत डाँडामा रहेको उपरदाङगढी तनहुँको अधिनमा रहेको हुँदा उपरदाङगढीमा तनहुँ र ललितपुरको सीमाना जोडिएको थियो । त्यस्तै तनहुँको राजाले चितवनको जँगलबाट काठ काटेर लामीडाँडाँको बाटो हुँदै ललितपुर पठाउने गर्दथे भन्ने सन्दर्भ यस अगाडिको अध्यायमा परिसकेको छ । काठमाडौँको पश्चिम उत्तर पट्टि रहेको दहचोक तनहुँ लगायत पश्चिमी राजाहरुको नेपाल पस्ने मुख्य ढोका नै थियो । दहचोककै बाटोबाट लमजुङ तनहुँका राजाहरुले उपत्यकाका राजाहरुसँग गोरखा विरुद्ध साँठगाठ गर्न थालेका थिए । जुन पृथ्वीनारायण शाहको लागी खतराको सँकेत थियो । त्यसैले पृथ्वीनारायण शाहले वि.सं. १८११ मा दहचोक कब्जा गरी गोरखामा मिलाए (ज्ञवाली, २०३३, पृ.१०१) । यसबाट रिसाएका लमजुङ र तनहुँका राजाले पर्वतको सहयोग लिएर गोरखाको सिद्घानचोकमा आक्रमण गरेको हो ।

तनहुँमा दामोदर सेन राजा भएको समयमा तनहुँ र ललितपुर बीच मित्रवत सम्बन्ध रहेको पाईन्छ । वि.सं. १७३१ फाल्गुन ३ गते ललितपुरका राजा श्रीनिवास मल्लले आफ्नो छोरा योगनरेन्द्र मल्लको व्रतबन्धको अवसरमा भक्तपुर, कान्तिपुर, मकवानपुर र गोरखाका राजाहरुसँगै तनहुँका राजालाई पनि निमन्त्रणा गरेका थिए (पन्त, २०४३, पृ.५५४) । त्यतिबेला उपत्यकाका राजाहरुको कार्ज्यमा सहभागी हुनु भनेको पहाडी राज्यका राजाहरुको लागि निकै गौरवको कुरो हुन्थ्यो । त्यसै गरी श्रीनिवास मल्लसँग राम्रो सम्बन्ध भएको कारणले वि.सं. १७२८ जेष्ठमा मकवानपुरमा भएको गृहयुद्धमा भाग लिन श्रीनिवास मल्लको नेतृत्वमा तनहुँको फौज पनि मकवानपुर पुगेका थिए । उक्त फौजमा भक्तपुर र गोरखाका फौजहरु पनि सम्मिलित थिए । त्यतिबेला मकवानपुरका राजा हरिहर सेन र उनका छोरा शुभ सेनको बीच झगडा भएर गृहयुद्धको रुप लिएको थियो ।

शुभ सेनले राजा श्रीनिवास मल्लसँग सहयोग मागेकोले श्रीनिवास मल्लले उक्त राज्यहरुसँग सहयोग लिएर मकवानपुरमा हरिहर सेनको राज्यमा आक्रमण गर्न पुगेको हो । युद्धमा शुभ सेनको जीत भयो । यस युद्धपछि मकवानपुर राज्य र बिजयपुर राज्य विभाजन भएको हो । विभाजन हुँदा कोशी नदीदेखि पश्चिमतिरको भूभाग मकवानपुर राज्य सहित शुभ सेनलाई दिइयो भने कोशीभन्दा पूर्वको मोरङको भूभाग हरिहर सेनका जेठा छोरा छत्रपति सेनका नवजात छोरा इन्द्रविधाता सेनलाई दिइयो । यस राज्यलाई बिजयपुर भनियो (ह्यामिल्टन, १९९७, पृ. १३८) । त्यसको करिव ३ वर्षपछि वि.सं. १७३१ मा बिजयपुरको फौजले मकवानपुरमा आक्रमण गरी सत्र गाउँ कब्जा गरेको हुँदा शुभ सेन फेरी श्रीनिवास मल्लसँग सहयोग माग्न आए । यस पटक पनि श्रीनिवास मल्लका नेतृत्वमा उपत्यकाका तीनवटै मल्ल राजाहरु र तनहुँको सेना सहित संयुक्त फौजले बिजयपुर राज्यले जितेको भूभागका साथै रावा र हलेसी जितेर शुभ सेनलाई दिए (आचार्य, २०६१, पृ.१४) । वि.सं. १७३९ फाल्गुनमा विजयपुर र मकवानपुर राज्यबीच पुनः युद्ध हुँदा उपत्यकाका तीनवटै राज्यहरुले

विजयपुरका राजा इन्द्रविधाता, सेनलाई सहयोग गरे भने तनहुँका राजा दामोदर सेनले शुभ सेनलाई नै सैनिक सहयोग गरी मकवानपुर राज्यको अस्तित्व बचाएका थिए (अधिकारी, २०५५, पृ.२६-२७।

तनहुँ र मकवानपुरका सेनहरु एउटै वंशका हुन । पाल्पाका राजा मुकुन्द सेनका कान्छा छोरा लोहाङ सेनका सन्तती मकवानपुरका राजा हरिहर सेन हुन । हरिहर सेनका छोरा शुभ सेन हुन्। आफनो बन्धुको नाताले पनि तनहुँका राजा दामोदर सेनले शुभसेनलाई सहयोग गर्नु स्वाभाविक देखिन्छ। त्यसमा पनि मित्रताको नाताले श्रीनिवास मल्लको नेतृत्वमा शुभ सेनको सहयोग गर्नु राजा दामोदर सेनको राजनैतिक परिपक्कता देखाउँदछ।

तनहुँमा दिग्विजय सेन राजा भएका समयमा ललितपुरमा विष्णु मल्ल राजा थिए । वि.सं. १७८८ मा ललितपुरको अधिनमा रहेको जोगीमारा विष्णु मल्लले तनहुँलाई दिए। तनहुँको राजधानी तनहुँसुरबाट चितवन र आफ्नो अन्य जमिन्दारी रहेको भूभागमा जानको लागी देवघाटमा गण्डकी तरेर जोगीमारामा निस्की महाभारतको डाँडो चढेर उपरदाङगढी उत्रनुपर्दथ्यो । जोगीमारा अलि खोचमा रहेको हुँदा त्याँहाका जँगलमा बस्ने चेपाङहरुले यात्रुहरुलाई लुटेर दुःख दिन्थे। यो समस्याको समाधान गर्न जोगीमारामा ठाना राख्न आवश्यक थियो। त्यसैले तनहुँको राजा कामराजदत्त सेनले ललितपुरका राजा विष्णु मल्लसँग जोगीमारा आफुलाई दिनुपर्ने नदिए वल प्रयोग गरेर भएपनि लिने धम्की दिए । विष्णु मल्लले तनहुँसँग शत्रुता गराउनु भन्दा जोगीमारा तनहुँलाई दिए । यो घटना वि.सं. १७८८ तिर भएको हो (आचार्य, २०६१, पृ.२७२-७३)। तर यसभन्दा अगाडि नै वि.सं. १७८२–८३ तिर भक्तपुर र ललितपुर बीच भएको युद्धमा तनहुँको सहयोगले भक्तपुरको जित भयो । ललितपुरबाट प्राप्त गरेको लामीडाँडा क्षेत्र पहिला देखि नै भक्तपुरले तनहुँलाई पुरस्कारको रुपमा दिएको चर्चा यस अगाडि भैसकेको छ। यसरी हेर्दा लामीडाँडाँ क्षेत्र पहिला देखि नै तनहुँको भैसकेको भएता पनि ललितपुरले पुनः लामीडाँडा क्षेत्र तनहुँबाट लिएर आफनै अधिनमा राखेको हुँदा राजा कामराजदत्त सेनले विष्णु मल्ललाई धम्की दिएर जोगीमारा तनहुँमा गाभेको देखिन्छ।

पृथ्वीनारायण शाहले नुवाकोट जित्नुभन्दा अगाडि देखिनै गोरखा, लमजुङ, तनहुँ आदि राज्यहरुले काठमाडौँ उपत्यकाका मल्ल राज्यका अधिनमा रहेका कुनै न कुनै ठाउँ कब्जा गर्दथे र पछि सम्बन्धीत राज्यसँग धन लिएर छाड्ने गर्दथे । यो क्रम गोरखाले नुवाकोट जितीसकेपछि पनि यथावत नै रहेको पाईन्छ। उदाहरणको लागी वि.सं. १८०५(ई.१७४८) मा तनहुँका राजा त्रिविक्रम सेनले ललितपुरको अधिनस्थ क्षेत्र चित्लाङ अधिकार गरे (ज्ञवाली, २०३३, पृ.२०)। पछि ललितपुरका राजा राज्य प्रकाश मल्लले तनहुँलाई केही धन दिएर चित्लाङ फिर्ता गरेका थिए । यसरी तनहुँले ललितपुरबाट आर्थिक लाभ लिने गरेको पाइन्छ।

ललितपुर र तनहुँ बीच वैवाहिक सम्बन्ध पनि रहेको देखिन्छ । ललितपुरका राजा योगनरेन्द्रमल्लले तनहुँका राजा दामोदर सेनकी भित्रिनी रानी पट्टिकी रुपवती छोरी राजेश्वरीसँग विवाह गरेका थिए। केही स्रोतमा पाटनका राजा योगनरेन्द्र मल्लले तनहुँकी खस क्षेत्रिनी राजेश्वरीसँग विवाह गरेका थिए भनिएको छ । यिनीबाट महीन्द्र मल्ल नामका छोरा जन्मिएका थिए (आचार्य,

२०६१, पृ.२०) । छोरा जन्मिएको अर्को महिनामा नै वि.सं. १७६२ कार्तिक १६ गते भक्तपुरेले प्रयोग गरेको विषबाट राजा योगनरेन्द्र मल्लको मृत्यु भयो । राजाको मृत्यु हुँदा उनकी ३३ जना रानीहरु उनीसँगै सती गएको कुरा इतिहासमा पाईन्छ । तर यीनकी ल्याइते रानी राजेश्वरी भने आफ्नो माइती तनहुँमा नै रहेको बुझिन्छ । वि.सं. १७६७ चैत्रमा लेखिएको 'सर्वेश्वरीपत्तिनत्य' ग्रन्थमा राजा महीन्द्र मल्ल ५$\frac{1}{2}$ वर्षका ठानिएकाले यिनी वि.सं.१७६२ आश्विनतिर जन्मिएको देखिन्छन्। (पन्त, २०४१, पृ.२३२) उनको पिता योगनरेन्द्र मल्लको मृत्यु हुँदा यीनी लगभग एक महिनाको देखिन्छन् ।

योगनरेन्द्र मल्लको विवाहिता रानीहरुबाट जन्मिएको कुनै छोरा पनि जीवित नरहेकाले उनको मृत्युपछि उत्तराधिकारीमा समस्या पऱ्यो । महिन्द्र मल्ल ल्याइने रानी पट्टिका छोरा भएकाले ललितपुरका भारदारहरु उनलाई राजगद्दीमा राख्न तयार भएनन् । योगनरेन्द्र मल्लको मृत्युपछि उनकी छोरी योगमतिका छोरा लोकप्रकाश मल्ललाई ललितपुरको राजगद्दीमा राखे । छोटो समयमा नै यी राजाको मृत्यु भएपछि योगनरेन्द्र मल्लको भानिज इन्द्रप्रकाश मल्ललाई राजा बनाए । यिनको पनि छिट्टै मृत्यु हुन गएपछि बल्ल योगनरेन्द्र मल्लको मठ्याहा छोरा बालक महिन्द्र मल्ललाई वि.सं. १७६७ मा ललितपुरको राजगद्दीमा राखियो (बज्राचार्य र श्रेष्ठ, २०३२, पृ.१५) । पृथ्वीपति शाहले दवाव दिएकाले मात्र ललितपुरको भारदारहरु महीन्द्र मल्ललाई राजा बनाउन तयार भएका थिए । त्यतिबेला गोरखामा पृथ्वीपति शाह राजा थिए । गोरखाले "आफ्नो राजकुमारलाई धपाएर अन्यलाई राजा बनाउने तिमीहरु पापी हौ तिमीहरु गोरखासँग युद्ध गर्न तयार हौ" भनेर धम्काएपछि ललितपुरका भारदारहरु डराएर महीन्द्र मल्ललाई राजा बनाएका हुन भन्ने पाइन्छ (थापा, २०२९, पृ.१-२८) । गोरखाले यसरी ललितपुरलाई धम्काउनुको कारण, रानी राजेश्वरी गर्भवती भएको अवस्थामा यीनलाई बहुलाई भनेर ललितपुरबाट धपाइयो । धपिएपछि यिनी गोरखा गएर बसिन र त्यही छोरा महीन्द्र मल्लको जन्म भयो भन्ने पनि पाइन्छ (थापा, २०२९, पृ.१-२८) । तर वि.सं. १७७१ श्रावण ९ गते लेखिएको नुवाकोटको भैरवी मन्दिरमा राखिएको ताम्रपत्रमा तनहुँमा जन्मिएका महीन्द्र मल्ल र उनकी आमा राजेश्वरीले नुवाकोट भैरवीमा भाकल गरेको र पछि काठमाडौँका राजा भास्कर मल्लको अनुमती लिएर भैरवी मन्दिरको लागी गुठी राखिदिएको उल्लेख छ (बज्राचार्य र श्रेष्ठ, २०३२, पृ.१६) । यसबाट महीन्द्र मल्ल तनहुँमा नै जन्मिएको भन्ने देखाउँछ । यस सम्बन्धी विचार गर्दा योगनरेन्द्र मल्लको मृत्यु भएपछि तनहुँका तत्कालीन राजा दिग्विजय सेनले बालक महिन्द्र मल्ललाई ललितपुरको राजा बनाउने कुरामा कुनै वास्ता नगरेको हुनाले उनकी आमा राजेश्वरीले त्यस तर्फ पहल गरिदिनका लागी गोरखाका राजा पृथ्वीपति शाहलाई गुहारेको देखिन्छ । रानी राजेश्वरीको अनुरोधमा पृथ्वीपति साहले राजा महीन्द्र मल्ललाई राजा बनाउन सहयोग गरे । यिनी पनि लामो समय राजगद्दीमा बस्न पाएनन् । वि.सं. १७७२ माघ २३ गते विफर बाट यिनको देहान्त भए ।

## ८.८ इसाई पादरीसँगको सम्बन्ध

तनहुँ राज्य अन्तर्गत भारतको चम्पारन पनि पर्ने भएकोले तनहुँका राजाहरूको सम्बन्ध ईष्ट इन्डिया कम्पनीसँग रहनु स्वभाविक नै थियो । त्यसमा पनि राजा त्रिविक्रम सेन द्वितीय इष्टइन्डिया

कम्पनीसँग नजिक भएर गोर्खाको बिरुद्ध सैनिक सहयोग प्राप्त गर्ने उद्देश्यका साथ इसाइ पादरीहरूसँग अझ नजिक हुन खोजेको देखिन्छ ।

ईसाइ धर्मको प्रचार प्रसार गर्नाका लागि युरोपबाट जेसुइटहरू तिब्बतमा गएर बस्न थालेका थिए । सन् १६२४ मा भारतको आगराबाट तिब्बत गएका जेसुइट पादरी आन्द्रादाले तिब्बतमा नै पहिलो पटक नेपालको नाम सुनेका थिए । सम्भवतः त्यसै समयदेखि नै ईसाइ धर्मप्रचारक जेसुइटहरू नेपाल आउन थालेको हुनुपर्छ । तिब्बतमा सन् १७४५ मा विदेशी धर्मप्रचारकहरूलाई देशबाट निस्कासन गर्ने नीति बन्यो । त्यसपछि ती ईसाइ पादरीहरू तिब्बत छाडेर नेपाल आउने क्रम बढ्यो । यी पादरीहरू तिब्बतको ल्हासाबाट कुतीको बाटो भएर काठमाडौं उपत्यका आउने गर्दथे । तिब्बतबाट नेपाल पस्ने अन्तिम पादरीहरू-पादरी होरास र पादरी ट्यांकुल्लो आपेचियो थिए (उप्रेती, सन् २०१३, पृ.६८) । यिनै पादरी ट्यांकुल्लो र तनहुँका राजा त्रिविक्रम सेन द्वितीय देवघाटमा धेरै दिन सँगै बसेका थिए । तनहुँको राजाले तनहुँसुर अलावा देवघाटमा पनि राजधानी बनाएका थिए । तनहुँका राजाहरू हिउँदको समय पुष, माघ र फाल्गुन तीन महिना सपरिवार देवघाटमा बस्ने गर्दथे । त्यस्तै हिउँदको समयमा उक्त पादरी र त्रिविक्रम सेन बीच भेट भएको देखिन्छ । भेटमा ईसाइ धर्म, छिमेकी राज्यहरूमा ईसाइ धर्म प्रचार प्रसार गर्ने सम्भावना आदि विषयमा लामो छलफल भएको थियो भने पादरीले त्रिविक्रम सेनलाई ईसाइ धर्म प्रचार गर्नाका लागि दुई वटा किताब (बाइबल) पनि छाडेर गएका थिए (लिंडेल, १९९७, पृ.२७) । पादरीहरुको मुख्य उद्देश्य पहाडी राज्यहरुमा पनि क्रिश्चियन धर्मको प्रचार प्रसार गर्नु थियो । राजा त्रिविक्रम सेनको चाहाना बुझेका पादरी ट्यांकुल्लोले नेपालको पहाडी इलाकाहरूमा ईसाइधर्मको प्रचारप्रसार गर्न छुट्टै मिसनको व्यवस्था होस् भनी रोममा बस्ने ईसाइ धर्मगुरु पोप बेनेदित्तोलाई पत्र लेख्ने सल्लाह राजालाई दिए । सल्लाह अनुसार सोही बेहोराको पत्र त्रिविक्रम सेनले वि.सं. १८१० मा पादरी ट्याकुल्लो मार्फत् पोप बेनेदित्तोलाई पठाएका थिए (परिशिष्ट-४०) । पत्रमा तनहुँका राजा र प्रजा ईसाइ धर्मप्रति आकर्षित भएकाले यहाँ धर्मप्रचार गर्न अन्य पादरीहरू पठाई दिनु । उनीहरूलाई यहाँ उचित सम्मानका साथ राखिनेछ भनिएको छ । तर पोपलाई पत्र पठाए लगत्तै त्रिविक्रम सेन द्वितीयलाई पृथ्वीनारायण शाहले कैद गरेका हुनाले तनहुँमा धर्म प्रचार गर्न पादरीहरू नआएको बुझिन्छ ।

राजा त्रिविक्रम सेनले ईसाइ पादरीसँग सम्बन्ध बढाउँदै लगेकोप्रति पृथ्वीनारायण शाह सशंकित थिए । त्यसपछि पनि वि.सं. १८१२ वैशाख १२ गते चौबीसीका तनहुँ, लमजुङ पर्वत लगायतका राज्यहरूले गोरखाको सिद्धान्तचोक कब्जा गरे (आचार्य, २०२९, पृ.१६३-१७६) । तर गोरखाली फौजले चौबीसीका संयुक्त फौजलाई परास्त गराए । यस सम्बन्धी चर्चा अन्य अध्यायमा गरिएको छ । यी कारणहरूबाट रुष्ट बनेका पृथ्वीनारायण शाहले राजा त्रिविक्रम सेनलाई आपसी भेटवार्ता गर्न ज्यामिरघाटमा बोलाएर कपटपूर्ण रुपमा पक्रेर कैद गरे ।

## ८.९ रामनगरका सेन राजाको रिसिङ राज्यसँग सम्बन्ध

रिसिङ चौबीसी राज्य समूहमा पर्ने सानो राज्य हो । यो राज्य तनहुँ राज्यको दक्षिणी भेकमा पर्दथ्यो । तनहुँमा भृङ्गी सेन राजा भएको समयमा रिसिङमा रामपाल सेन राजा थिए । रामपाल सेनको निःसन्तान अवस्थामा निधन भएपछि रिसिङ राज्य तनहुँमा गाँभियो । त्यतिबेला तनहुँमा हम्वीर सेन राजा थिए । पारिवारिक कलहले हुन सक्दछ, हम्वीर सेनले आफ्नो जीवनको अन्तिम

समयतिर जेठी रानीतिरका जेठा छोरा तुला सेनलाई आफू पछि तनहुँ राज्यको उत्तराधिकारी घोषणा गरे भने ठाइली रानीतिरको जेठा छोरा मधुसुधन सेनलाई रिसिङको प्रशासन हेर्ने जिम्मा दिएर पठाए। केही समयपछि मधुसुधन सेनले रिसिङलाई स्वतन्त्र राज्य घोषणा गरी राजा बने। मधुसुधन सेनपछि क्रमशः सुन्दर सेन, अकवर सेन, भारीभगवंत सेन, त्रिलोक सेन र हरिनारायण सेन रिसिङ राज्यका राजा भए (राजवंशी, २०२०, पृ.१७-१८)। यसरी तनहुँ र रिसिङ राज्यमा हम्वीर सेनका वंशजहरुले नै राज्य गर्दै आएका थिए। १८३९ मा तनहुँ राज्य नेपाल अधिराज्यमा गाभिएपछि तनहुँका अन्तिम राजा हरकुमारदत्त सेन रामनगर गई राज्य गर्न थाले। तनहुँ र लमजुङ जस्ता शक्तिशाली राज्यहरु नेपाल अधिराज्यमा एकीकरण भएपछि रिसिङ, गरहुँ, सतहुँ, भीरकोट जस्ता साना राज्यहरुले आत्मसमर्पण गरी नेपालको आश्रीत राज्यको रुपमा रहन स्वीकार गरे (बैद्य र मानन्धर, २०५३, पृ.५५-५६)। यसरी नेपाल सरकारलाई केही निश्चित रकम बुझाउने गरी अर्धस्वतन्त्र राज्यको रुपमा रिसिङ राज्य कायमै थियो।

यसरी पहाडिया राज्य रिसिङ र तराइको राज्य रामनगर बीच वंशजको नाता थियो। यसो त रिसिङ राज्य नेपाल अधिराज्यको अधिनमा थियो भने रामनगर राज्य ब्रिटिश सरकारको अधिनमा थियो। यस हिसाबमा दुवै राज्य स्वतन्त्र थिएनन्। यसो भएता पनि यी दुवै राज्यका राजपरिवारहरुबीच आउ जाउ भइ नै रहन्थ्यो। यसले गर्दा रामनगरका राजा तेजप्रताप सेनका भाइ अमरप्रताप सेनले मन परेकी दासी लक्ष्मीदयालाई लिएर रिसिङ गई बसे (उपाध्याय, १९७९, पृ.२११)। त्यति बेला रिसिङमा हरिप्रसाद सेन राजा थिए। उनले अमरप्रताप सेनलाई बाह्र गाउँको तैनाथ दिएर रिसिङमा नै बस्ने व्यवस्था मिलाई दिएका थिए। तर चम्पारनको रामनगर जस्तो सुख सुविधामा बस्न बानी परेको अमर प्रताप सेन पहाडमा बस्न सकेनन्। उनी केही समय रिसिङमा बसेपछि फर्किएर गोरखपुर गएर बसे। यसपछि रिसिङ र रामनगर बीच पारिवारिक सम्बन्ध अझ बढ्दै गएको देखिन्छ। यसैले त राजा अमरप्रताप सेनको मृत्युपछि उनका बैद्य सन्तान नहुँदा रिसिङका राजा हरिप्रसाद सेनका सम्भवतः छोरा प्रल्हाद सेनले नजिकको वंशजको नाताले राज्यको हकदावी गरी अदालतमा मुद्दा हालेका थिए। उनले करिब ११ वर्ष (वि.सं. १८९०-१९०१) सम्म अदालतमा मुद्दा लडेर रामनगरको राजा बन्न सफल भएका थिए। प्रल्हाद सेन जिवित हुँदा नै उनका छोराहरुको मृत्यु भैसकेको थियो। पछि प्रल्हाद सेनको मृत्युपछि रिसिङका दिक्पाल सेनले आफू प्रल्हाद सेनको भाइ भएको नाताले रामनगरको राज्यमा आफ्नो अधिकार हुने दावी गरेका थिए। तर यिनको छिट्टै निधन भयो। प्रल्हाद सेन राजा भएको समय देखि कै चौतरिया गिरिराज सेन दिक्पाल सेनका छोरा थिए। यिनले पनि रामनगर राज्य आफूले पाउनु पर्ने दावी गरी अदालतमा दरखास्त दिएका थिए तर आवश्यक प्रमाण जुटाउन नसक्दा अदालतबाट मुद्दा खारेज भयो। त्यसपछि रामनगर राज्यमा प्रल्हाद सेनकी छोरी क्षेत्र कुमारीको छोरा मोहनविक्रम सेन बसे।

यसरी रामनगर राजदरबारमा रिसिङका राजपरिवारका सदस्यहरुको पहुँच पछि सम्म पनि रहेको देखिन्छ। यी दुई राज्यबीच वंशज बाहेक अन्य सम्बन्ध खुलाउने कुनै आधिकारिक आधार प्राप्त भएका छैनन्।

## ८.८ निष्कर्ष

तनहुँमा सेनहरुले राज्य गरेको समयमा सबै राज्यहरुको अवस्था उस्तै नै थियो । त्यति बेला कुनै पनि राज्यले बाहिरी आक्रमणबाट भयमुक्त भएर राज्य संचालन गर्ने अवस्था थिएन । त्यसैले के गर्दा आफ्नो राज्य दिगो र शक्तिशाली बनाउन सकिन्छ त्यस स्वार्थमा आधारित रहेर अन्य राज्यहरुसँग सम्बन्ध स्थापना गरिएको हुन्थ्यो । तसर्थ त्यस समयको परराष्ट्र नीति भनेको अन्य राज्यसँग गठबन्धन गरी त्यसको बलमा आफ्नो राज्य बलियो र सुरक्षित बनाउनु नै थियो ।

तनहुँ भन्दा पछि स्थापना भएको गोरखा राज्यले मस्याङ्दी देखि बुढिगण्डकी सम्मको तनहुँको स्वामित्वको भूभाग मिचेको थियो । तनहुँका राजाहरुले उक्त भूभाग फिर्ता गर्न सकेनन् । त्यही दखि नै गोरखाले तनहुँलाई हेप्ने प्रवृत्ति सुरु भयो । गोरखासँगको सम्बन्ध सुदृढ बनाउने प्रयत्न गरी तनहुँका राजा हम्वीर सेनले गोरखालाई हात्ति सौगातसम्म दिएका थिए । राजा त्रिविक्रम सेन द्वितीयको समयसम्म आइपुग्दा गोरखा र तनहुँ बीचको सम्बन्ध निकै तनावपूर्ण रहेको थियो । त्यसैले तनहुँ राज्य गोरखाको बिरुद्ध लमजुङ, पर्वत र पाल्पासँग गठनबन्धनमा सामेल भए । यस गठबन्धनले गोरखामा पटक पटक आक्रमण गऱ्यो । गोरखा चौबीसी समूहमा पर्दैनथ्यो तर गोरखाको विशेषता राजा र राज्यप्रति साधारण जनता देखि भाइभारदारसम्म सबैको दरिलो साथ थियो । राजा र जनता एक ढिक्का थिए । त्यसैले चौबीसी राज्यहरुको आक्रमणमा गोरखा पराजित भएन ।

उपत्यकाको मल्ल राज्यहरुसँग र इष्ट इण्डिया कम्पनीसँग पनि तनहुँ राज्यको राम्रो सम्बन्ध रहेको हुँदा पृथ्वीनारायण शाह तनहुँ राज्यप्रति सशंकित थिए । पृथ्वीनारायण शाहले उपत्यकलाई कमजोर बनाउन लगाएको आर्थिक नाकाबन्दी नीतिलाई असफल पार्न तनहुँका राजाले दहचोकको बाटोबाट आवश्यक सामग्री उपत्यका पठाएका थिए भने इसाइ पादरीहरुसँग सम्बन्ध स्थापित गरी तनहुँमा क्रिश्चियन धर्म प्रचार प्रसार गर्न प्रोत्साहन गरेका थिए । पृथ्वीनारायण शाहले तनहुँका राजाको यस नीतिको विरोध गरे । जसको फलस्वरुप गोरखाले तनहुँ राज्य आक्रमण गरी जितेपछि राज्य बिहिन बनेका राजा हरकुमारदत्त सेनलाई लमजुङ, पर्वत, पाल्पा राज्य मिलेर पुनः तनहुँको राजगद्दीमा बसाउन सफल भएका थिए । लमजुङ राज्यसँग घनिष्ट सम्बन्ध भएकै कारण आफ्नो राज्य छाडि लमजुङ राज्यमा अतिथि बनेर बसेको समयमा गोरखाले आक्रमण गरी यी दुवै राज्यलाई सँगै नेपाल अधिराज्यमा एकीकरण गऱ्यो ।

तनहुँका राजा तथा भारदारहरुको पाल्पा राज्यसँग पारिवारिक सम्बन्ध थियो । तनहुँ र पाल्पाका राजाहरु एकै वंशका थिए भने अधिकांश भारदारहरु पनि पाल्पाबाट तनहुँमा गएर बसोबास गरेका थिए । लमजुङ, पर्वत, गोरखा आदि राज्यहरुसँग तनहुँको वैवाहिक सम्बन्ध थियो । यस्ता पारिवारिक, वैवाहिक तथा धार्मिक सम्बन्धले दुई देश बीचको राजनैतिक सम्बन्धमा प्रभाव पारेको हुन्छ । यहि प्रभावका कारण अन्य राज्यहरुसँग तनहुँ राज्यको सम्बन्ध राम्रै भए पनि गोरखासँग भने यस सम्बन्धको कुनै असर परेको देखिएन ।

कुनै पनि राज्यको प्रशासनिक व्यवस्था, सामाजिक तथा सांस्कृतिक पक्ष आदिमा छिमेकी राज्यको प्रभाव परेको हुन्छ । जस्तो नेपालको मल्लकालीन शासन व्यवस्थामा भारतको युगल

शासनको प्रभाव, उन्नाइसौं तथा बिसौं शताब्दीमा नेपालको सामाजिक तथा सांस्कृतिक र प्रशासनिक क्षेत्रमा परेको ब्रिटिस शासनको प्रभावलाई लिन सकिन्छ ।

पाल्पा राज्यका सेन वंशका एउटा हाँगाले तनहुँमा राज्य स्थापना गरेको र पाल्पाबाट नै भाइभारदार ल्याएर तनहुँमा शासन चलाएको हुँदा तनहुँ राज्यको प्रशासनिक क्षेत्रमा पाल्पा राज्यको प्रभाव परेको देखिन्छ । पाल्पाबाट आएका भाइभारदारहरुसँगै तनहुँ राज्यमा पनि पाल्पा राज्यको संस्कार र संस्कृति तनहुँ राज्यमा भित्रियो । त्यसैगरी सेन राजाको समयमा भक्तपुरबाट व्यापार व्यवसाय गर्न तनहुँ आएका नेवार समुदायले आफूसँगै तनहुँमा धर्म, भाषा, कला, संस्कृति पनि लिएर आए । यसरी पाल्पाबाट आएका ब्राह्मण, क्षेत्री समुदायको र उपत्यकाबाट आएका नेवारी समुदायको सांस्कृतिक प्रभाव तनहुँ राज्यमा पर्‍यो ।

तनहुँका राजाहरुको चितवन र ठोरी लगायतका तराई भूभागका साथै भारतको चम्पारनमा पनि पुर्ख्यौली जमिन्दारी थियो । त्यस क्षेत्रमा तनहुँका राजाहरुको विशेष आउ जाउ भएकोले दिल्लीका बादशाहहरुसँग राम्रो सम्बन्ध थियो । यस सम्बन्धको कारण तनहुँमा मुगल संस्कृतिको प्रभाव अवश्य पनि पर्‍यो होला तर कस्तो प्रभाव पर्‍यो स्पष्ट पार्ने स्रोत प्राप्त हुन सकेको छैन ।

# अध्याय - नौं
# उपलब्धि र निष्कर्ष

## ९.१ उपलब्धि

प्रस्तुत शोधप्रबन्धबाट तनहुँको इतिहाससँग सम्बन्धित विविध विषयमा महत्वपूर्ण तथा वास्तविक तथ्यहरु प्राप्त भएका छन् । ती उपलब्धिहरुलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएका छन् ।

१. राष्ट्रिय इतिहासलाई गहिरोसँग बुझ्न त्यस देशको स्थानीय इतिहासको अध्ययन गरिनुपर्दछ । त्यसैले स्थानीय इतिहासलाई राष्ट्रिय इतिहास थाहा पाउने महत्वपूर्ण साँचोको रुपमा लिइन्छ। स्थानीय इतिहास लेखन सिद्धान्तका पक्षधर इतिहासकार हर्बर्ट बक्स्टर एडम (Herbert Baxer Adam) ले राष्ट्रको इतिहास लेख्नु भन्दा अगाडि राष्ट्र भित्र रहेका राज्य, क्षेत्र, ठाउँहरु र त्यहाँ रहेका विभिन्न संघ संस्थाहरुको स्थानीय इतिहास लेखिनु पर्दछ भनेका छन्। यसै सिद्धान्तका समर्थक अर्का इतिहासकार क्यारोल कामेन (Carol Kamman) ले पनि स-साना राज्य, क्षेत्र वा शहरको इतिहासको अध्ययन अनुसन्धान गरी त्यहाँ बसोबास गर्ने बासिन्दाहरुको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक पाटोलाई समेटेर प्रस्तुत गर्ने काम स्थानीय इतिहासको अध्ययनबाट हुन्छ भनेका छन् । यी इतिहासकारहरुले भनेको जस्तै नेपालको इतिहास पूर्ण हुनको लागि यहाँका विभिन्न ठाउँ, क्षेत्रको स्थानीय इतिहास लेखिनु पर्दछ । यसै सिद्धान्तमा आधारित रहेर प्रस्तुत शोधप्रबन्ध लेखिएको छ । हालसम्म पनि इतिहास लेखनमा पछाडि परेको तनहुँ राज्यको स्थानीय इतिहास लेखिनु आफैमा एउटा उपलब्धि हो ।

२. तनहुँमा मगर जातिको बाक्लो बसोबास रहेको हुँदा त्यस क्षेत्रका विभिन्न थुमहरुमा मगर राजा (नाइके) हरुले जातीय राज्य गर्दथे । यी मगर राजाहरु संगठित नभएकोले मगरहरुको बलियो राज्य बन्न सकेन । यसैको फाइदा उठाएर पाल्पाका राजा मुकुन्द सेन प्रथमले सजिलैसँग उनीहरुलाई आफ्नो पक्षमा पारे । यिनै मुकुन्द सेनका छोरा भृंगी सेनले तनहुँमा सेन राज्य स्थापना गरे । त्यसपछि तनहुँ चौबीसी राज्य मध्येको एउटा प्रभावशाली राज्यको रुपमा रहन पुग्यो ।

३. तनहुँ राज्यको तराई भूभागको सीमाना दक्षिण भारतीय भूमिसँग जोडिएको थियो । त्यसैले तनहुँका राजाहरुको सम्बन्ध पहिला मुगल वादशाहहरुसँग र पछि इष्ट इण्डिया कम्पनीसँग रहन गयो । भारतका बादशाह औरङ्गजेवले तनहुँका राजा दिग्विजय सेनलाई “राजा” को उपाधी पनि दिएका थिए । तनहुँका राजा बाहेक चौबीसी राज्यका कुनै पनि राजाले विदेशबाट यस्ता उपाधी प्राप्त गरेको देखिँदैन । तनहुँका राजा त्रिविक्रम सेन द्वितीय आफ्नो राज्यमा क्रिश्चियन धर्मको प्रचार-प्रसार गर्ने निहुँ बनाएर अंग्रेजसँग नजिकिँदै गएको थियो । यहि कारणले गर्दा गोरखा राज्य तनहुँसँग सशंकित बन्यो । अंग्रेजको नेपाल पस्ने चाहना बुझेका पृथ्वीनारायण शाह तनहुँ राज्यको तराई भूभाग हुँदै अंग्रेज काठमाडौं उपत्यका छिर्छ की

भन्ने कुरामा सशंकित थिए । त्यसैले उनी तनहुँ राज्य आक्रमण गरी गोरखा राज्यमा गाभ्न हतारिएका थिए । यहि कारण तनहुँ राज्य गोरखाको पहिलो निसाना बन्यो ।

४. लमजुङ र गोरखा राज्यबीच चिर शत्रुता थियो । पृथ्वीनारायण शाह गोरखाको राजगद्दीमा बसेपछि गोरखा राज्य शक्तिशाली बन्दै गयो । लमजुङ गोरखा राज्य अगाडि बढेकोमा इर्श्या गर्दथ्यो तर गोरखासँग एक्लै भिड्न सक्दैनथ्यो । त्यसैले लमजुङले तनहुँलाई हात लिएको थियो । तनहुँ र गोरखा बीच पनि राजनीतिक सम्बन्ध राम्रो थिएन । त्यसैले गोरखाको विरोधमा बनेको चौबीसी राज्यको कहिले चतुर्पक्षीय (तनहुँ, लमजुङ, पाल्पा, पर्वत) त कहिले पञ्चपक्षीय (तनहुँ, लमजुङ्ग, कास्की, पाल्पा, पर्वत) गठबन्धनमा तनहुँ राज्यको सक्रिय सहभागी रह्यो । यसरी तनहुँ राज्यले गोरखाको बिजय अभियानलाई चुनौती दिएको थियो ।

५. वि.सं. १८३९ कार्तिकमा लमजुङसँगै तनहुँ राज्य पनि नेपाल अधिराज्यमा गाभियो । यसरी तनहुँ राज्य पतन हुनुको पछाडि कमजोर प्रशासनिक व्यवस्था, मजबुत सैनिक संगठनको अभाव, राज्य संकटमा परेको समयमा जनशक्ति जुटाउन नसक्नु र तनहुँका राजाहरुले गोरखा राज्यको शक्ति र कुटनैतिक क्षमता चिन्न र बुझ्न नसक्नु नै प्रमुख कारणहरु हुन् । राजा त्रिविक्रम सेन द्वितीया पछि तनहुँमा राजा भएका उनका छोराहरु योग्य शासक भएनन् । छोटो शब्दमा भन्नुपर्दा गोरखा राज्य शक्तिशाली राज्यको रुपमा उदाउनु नै तनहुँ राज्यको पतनको कारण बन्यो ।

६. तत्कालीन समयमा सबै राज्यहरुमा पूर्णकालीन सैनिक कम मात्रामा हुन्थे । राज्यलाई आपत परेको समयमा प्रत्येक घरधुरीबाट एकजना राज्यको सहयोगको लागि अनिवार्य उपस्थित हुनु पर्दथ्यो । तनहुँ राज्यमा उत्तरमा मिर्लुङ्कोट देखि दक्षिणमा छिम्केश्वरीसम्म छरिएर रहेको वस्ती भएकोले राज्यमा शत्रुले आक्रमण गरेको समयमा सैन्य सहयोगको लागि खबर पुऱ्याउन नै गाह्रो थियो । खबर पाए पनि समयमा उपस्थित हुन सक्ने अवस्था थिएन ।

७. तनहुँ राज्य नेपाल अधिराज्यमा गाभिए पछि राज्यको रुपमा तनहुँको अस्तित्व समाप्त भयो । त्यसपछि केन्द्रबाट तनहुँको आन्तरिक प्रशासन हेर्ने जिम्मेवारी दिएर कुनै उच्च अधिकारी पठाएको प्रमाण भेटिएको छैन । तत्कालीन समयमा धेरै राजश्व उठ्ने गढी, गोश्वारा, गौडा र सम्वेदनशील क्षेत्रहरुमा केन्द्रले सुब्बा, चौतरीया, काजी, सरदार, लेफ्टेन आदिलाई जिल्लाको प्रशासकको रुपमा पठाउँदथे । तनहुँ एउटा जिल्लाको रुपमा रहेको भए पनि जस्तो किसिमले अन्य जिल्लामा प्रशासक नियुक्ति हुन्थ्यो, त्यसरी नभईकन स्थानीय प्रशासकहरुद्वारा त्यहाँको प्रशासन सञ्चालन भएको देखिन्छ । यसबाट तनहुँलाई केन्द्रले प्रशासकिय दृष्टिबाट त्यति महत्वपूर्ण जिल्लाको रुपमा हेरिएको देखिँदैन । केन्द्रले नहेरेको भएर नै तनहुँ उपेक्षित बन्दै गयो ।

८. राज्य नरहे पछि तनहुँको अन्य राज्यसँगको सम्बन्ध भन्ने प्रसंग नै रहेन । राज्य रहँदा राजाद्वारा सम्पूर्ण शासन व्यवस्था संचालन रहेको तनहुँ राज्य नरहे पछि केन्द्रको निर्देशन र

आदेश पालन गर्ने स्थानीय क्षेत्र बन्न पुग्यो । त्यहाँ केन्द्रीय र स्थानीय प्रशासकहरुद्वारा शासन संचालन हुन थाल्यो । स्थानीय प्रशासकको रुपमा अमाली, जिम्मावाल, मुखिया, द्वारे, थरी, जेठाबुढा आदि पदका तालुकदारहरु केन्द्रद्वारा नियुक्ति हुन्थे । उनीहरुको मुख्य काम आ-आफ्नो क्षेत्र (थुम) को राजश्व संकलन गरी जिल्लाको हाकिमलाई बुझाउनु, सानातिना झैंझगडा मिलाएर शान्ती व्यवस्था गर्नु, आफ्नो क्षेत्रको ऐतिहासिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्नु रहेको थियो ।

९. राज्यको रुपमा तनहुँ नभएपछि त्यसले तनहुँको सामाजिक संरचनामा पनि प्रभाव पार्‍यो । भाइ भारदार, गुरु, पुरोहित आदिले राज्य रहँदा राजदरबारबाट खाइपाई आएको खान्की पाएनन् । नयाँ बनेको प्रशासनिक संरचनामा सबै समावेश हुन पाएनन् । राजा हरकुमारदत्त सेन लमजुङबाट रामनगर गएपछि उनका सबै परिवार रामनगर नै गएर बसे । राजा गएपछि दरबारका खनाल, पौडेल, थापा थरका केही भारदारहरु पनि राजाका पछि लागेर रामनगर गए । तेजप्रताप सेन रामनगरको राजा भएको समयमा तनहुँसुरबाट आचार्य, अधिकारी, घिमिरे, कोइराला, भट्टराई थरका केही ब्राह्मण परिवार, नेवार र खवास थरका केही परिवार पनि बसाई सरेर रामनगर गएर बसे । यसरी तनहुँसुर दरबार वरिपरी रहेका वस्तीका केही रामनगर गए भने धेरै जसो अर्चलचौर, चिसापानी, सिम्पानी, कुसुम्पानी, आमडाँडा र चुँदी जस्ता केही सुविधा भएको ठाउँहरुमा गएर बसे । यसरी आफ्नो थातथलो छाडेर जानेमा ब्राह्मण, क्षेत्री जातिहरु बढी थिए । यी जातिको बस्ती नरहे पछि हराभरा तनहुँसुर दरबार परिसर उजाड र उराड बन्यो । सेन राजाको समयदेखि मनाउँदै आएको सांस्कृतिक पर्वहरु पनि केन्द्रबाट पठाइने रकमको अभावमा छोडिदै गए ।

१०. आफ्ना बन्धुहरु रामनगर गएर बसेको हुँदा रामनगर र तनहुँमा बस्ने यी जातिहरु बीच आउजाउ भैरह्यो । रामनगर शिक्षाको क्षेत्रमा अगाडि थियो । त्यहाँ बस्ने नेपालीहरु पनि शिक्षित थिए । त्यसको प्रभाव तनहुँको विशेष गरी चुँदीमा पर्‍यो । त्यसैले तनहुँ जिल्लाको चुँदी रम्घा हालसम्म पनि शिक्षा क्षेत्रमा अगाडि रहेको छ ।

११. तनहुँसुर दरबार परिसरमा केही सेनकालीन हातहतियारहरु छन् । जसमा विशेष गरी खड्क, ठुला र साना तोपहरु, विष्णु र महादेव मन्दिरमा रहेको घण्टहरु पर्दछन् । यी सामग्रीहरु मध्ये विष्णु मन्दिर अगाडिको घण्ट संरक्षणको लागि हाल स्वास्थ्य चौकीमा राखिएको छ भने अन्य खड्ककालिका मन्दिरको माथिल्लो तलामा राखिएको छ ।

१२. तनहुँ राज्यको इतिहास लेखिएका प्रकाशित/अप्रकाशित पुस्तक तथा लेखरचनाहरुमा हाल तनहुँसुरमा रहेका खड्क कालिका मन्दिरलाई नै सेन राजाको दरबार भनिएको छ तर जिर्ण अवस्थामा रहेको सेनकालीन दरबार वि.सं. १९७७ सालमा भत्किए पछि वि.सं. २००८ सालमा पुरानो दरबारको इट्टा, ढुङ्गा लगायत सामग्री प्रयोग गरेर हाल रहेको खड्ककालीका मन्दिर बनाएको हो भन्ने कुरा अनुसन्धानको क्रममा पाइयो । सेन राजाको दरबार निकै भव्य, विशाल थियो । दरबारमा समयको जानकारी गराउने पानी घडी पनि

राखिएको थियो भन्ने जानकारी अन्तर्वार्ताबाट थाहा पाइयो । हाल रहेको खड्ककालिका मन्दिर पुरानो दरबारको दक्षिणतिरको भाग हो । मन्दिर रहेको कोठाको मौलिक संरचना नविगारीकन उक्त भवन बनाइएको हो । दरबारको उत्तरपट्टिको भाग त्यहाँ रहेको महादेव मन्दिरको तलसम्म पुगेको पुरातात्विक विभागले गरेको उत्खननबाट देखिन्छ । दरबारको उत्तरतिरको भागमा हाल पुरातात्विक विभागले संरक्षण गरेर राखेको छ ।

१३. मध्यकालीन नेपालको साथै नेपालमा पनि इतिहासकार, लेखक, खोजकर्ता, अनुसन्धाताहरुको दृष्टिमा तनहुँलाई अत्यन्तै वेवास्ता गरिएको भूभाग (Forbidden land) को रुपमा लिएर यसको इतिहास लेख्नेतर्फ चासो नराखेको पाइयो । प्रस्तुत शोधप्रबन्धले तनहुँको इतिहासका विविध पक्षलाई उजागर गर्ने विश्वास गरिएको छ ।

## ९.२ निष्कर्ष

प्रस्तुत उद्देश्यसँग सम्बन्धित रहेर निष्कर्ष निकालिएको छ ।

**<u>उद्देश्य १ सँग सम्बन्धित निष्कर्ष</u>**

प्राचीन कालमा लिच्छवी राज्यको अधिनमा र पूर्वमध्यकालमा कर्णालीको सिञ्जा राज्यको अधिनमा तनहुँ क्षेत्र रहेको थियो । कर्णालीको सिञ्जाबाट गण्डकी प्रदेशसम्म प्रत्यक्ष शासन चलाउन सम्भव नभए पछि केन्द्रीय सरकारले बाहुल्य बढी भएको स्थानीय जातिलाई आफ्नो क्षेत्रको प्रशासन चलाउने जिम्मा दिएका थिए । तनहुँ भेकमा अधिकांश मगर जातिको बसोबास भएकोले मगर नाइके (मुखिया) ले केन्द्रीय राज्य सिञ्जालाई सिर्तो बुझाउने गरी राजा भए । वि.सं. १३९१-९२ तिर सिञ्जा राज्य मल्लहरुको हातबाट बर्माहरुको हातमा पर्न गयो । त्यसपछि सिंजा राज्य विघटन भएर अनेक राज्यहरु स्थापना हुन पुग्यो । यसै क्रममा केन्द्रको नियन्त्रणमा रहेको तनहुँ राज्य स्वतन्त्र बन्यो । त्यसपछि त्यहाँका मगरहरुले स्वतन्त्र राज्य चलाए । पाल्पाका राजा मुकुन्द सेन प्रथमले वि.सं. १५८१, वि.सं. १५८२ र वि.सं. १६०३ गरी तीन पटक काठमाडौं उपत्यकामा आक्रमण गरेका थिए। उपत्यका जाने क्रममा उनले बाटोमा पर्ने लमजुङ, तनहुँ, गोरखाका जातीय राज्यहरु विजय गरेर पाल्पा राज्यमा मिलाएका थिए । त्यसैले वि.सं. १३९१-९२ देखि वि.सं. १५८१-८२ सम्मको करिब १८०-१९० वर्ष तनहुँको विभिन्न थुमहरुमा मगरहरुले स्वतन्त्र राज्य गरेको देखिन्छ । मगरहरुको राज्य संगठित र बलियो नभएको कारणले मुकुन्द सेन प्रथमले तनहुँका मगर राज्यहरुलाई सजिलैसँग जिते । तनहुँ पाल्पा राज्यमा गाभिए पछि मुकुन्द सेनका साहिला छोरा भृङ्गी सेनले वि.सं. १६१० मा तनहुँमा स्वतन्त्र राज्य स्थापना गरे । त्यसपछि तनहुँ स्वतन्त्र राज्यको रुपमा अस्तित्वमा आयो ।

तनहुँ राज्यमा भृङ्गी सेन देखि हरकुमारदत्त सेन सम्म नौ जना राजाहरुले करिब २२९ वर्ष (वि.सं. १६१०-१८३९) सम्म राज्य गरे । तनहुँमा राज्य गर्ने राजाहरु मध्ये तुला सेन, दामोदर सेन र त्रिविक्रम सेन द्वितीयलाई महत्वका साथ हेरिन्छ । राजा तुला सेनले गोरखा राज्यले मिचेको आफ्नो राज्यको भूभाग मर्स्याङ्गदी देखि बुढिगण्डकी सम्मको भूभाग फिर्ता ल्याउन उक्त क्षेत्रमा आक्रमण गरेका थिए । तर गोरखाली सेनाले प्रतिकार गर्न आएपछि उनी आफ्नो राजधानी नै छाडेर

भागे । यस अभियानमा उनी सफल नभए पनि गोरखाको विरुद्ध एक्लै आक्रमण गर्ने तनहुँका राजा यिनी मात्र देखिन्छन् । त्यसैगरी तनहुँका राजाहरुमा राजा दामोदर सेन दुरदर्शी र कुशल शासक थिए । यिनी राजा भएको समयमा भारतको राजपुर राज्य तनहुँमा गाभिएको थियो भने रिसिङ पनि तनहुँको आश्रित राज्यको रुपमा रहेको थियो । आफनो राज्यलाई दिगो र बलियो बनाउन अन्य राज्यसँग राम्रो सम्बन्ध राख्नुपर्छ भन्ने उनको बुझाई थियो । त्यसै अनुरुप उनले अन्य राज्यसँग राम्रो सम्बन्ध स्थापित गरेका थिए ।

त्यसैगरी त्रिविक्रम सेन द्वितीय महत्वकांक्षी राजा थिए । यिनी पृथ्वीनारायण शाहका समकालीन हुन । यिनी लमजुङका राजा केहरी नारायण शाहका छोरीका छोरा हुन् । त्यसैले यिनको झुकाव गोरखा भन्दा मावली राज्य लमजुङतिर थियो । लमजुङ र गोरखाबीच पुस्तैनी दुस्मनी रहे पनि १७९६ मा पृथ्वीनारायण शाहले एउटा सन्धि गरी लमजुङलाई थप थपाएर राखी आफु पूर्वी बिजय अभियानमा लागेका थिए । वास्तवमा लमजुङ गोरखाको बिजय अभियान रोक्न चाहान्थे तर एक्लै गोरखासँग भिड्ने सामर्थ ऊसँग थिएन । त्यसैले उसले तनहुँलाई अगाडि सारेर गोरखासँग टक्कर लिने नीति लियो । यो क्रम पृथ्वीनारायण शाहको मृत्युसम्म कायम नै थियो ।

त्यसो त तनहुँका राजा त्रिविक्रम सेन पनि गोरखा राज्यको विस्तार अभियान रोक्न चाहान्थे । लामीडाँडाको विषयलाई लिएर पनि तनहुँ र गोरखा राज्य बीच विवाद छँदै थियो । त्यसैले त्रिविक्रम सेनले पृथ्वीनारायण शाहको उपत्यकालाई आर्थिक नाकाबन्दी गर्ने नीति असफल पार्ने प्रयत्न गरी रहेका थिए । उनले तनहुँबाट दहचोकको बाटो भएर उपत्यकामा कपास लगायत अन्य आवश्यक मालसामान पठाइ मल्ल राज्यहरुलाई सहयोग गरिरहेका थिए । उनको यस गतिविधिलाई रोक्न पृथ्वीनारायण शाहले वि.सं. १८०९ मा दहचोक नै कब्जा गरे । त्यसपछि तनहुँ र उपत्यका बीच सम्बन्धबिच्छेद भयो । यसबाट रुष्ट बनेका त्रिविक्रम सेनले वि.सं. १८१० मा इसाई धर्मगुरु पोप बनेदित्तोलाई देवघाटमा भेटी तनहुँमा इसाई धर्मको प्रचारप्रसार गर्नका लागि दुई जना पादरी पठाई दिन अनुरोध गरी पत्र पठाए । पत्र पठाउनुको भित्री उद्देश्य इसाई धर्मलाई माध्यम बनाएर इष्ट इण्डिया कम्पनीसँग सैनिक सहयोग लिई गोरखा बिरुद्ध उत्रनु थियो तर त्रिविक्रम सेनको यो चाहाना पूरा भएन ।

अंग्रेजबाट तनहुँलाई सहयोग गर्ने कुनै सकरात्मक सन्देश आउने सम्भावना नदेखेपछि त्रिविक्रम सेन चौबीसी समूहसँग एकजुट भएर गोरखामा आक्रमण गर्ने नीति लिए । त्यसपछि लमजुङ, तनहुँ र पर्वतको संयुक्त सेनाले वि.सं. १८१२ मा गोरखाको सिद्धानचोकमा आक्रमण गर्‍यो । प्रतिकारमा आएका गोरखाली फौजसँग चौबीसी फौज पराजित भए । गोरखा विरुद्ध राजा त्रिविक्रम सेनको गतिविधि बुझिरहेका पृथ्वीनारायण शाहले उनलाई कुटनैतिक जालमा फसाएर कैद गरे । त्रिविक्रम सेनलाई कैद गरेपछि तनहुँको अधिनमा रहेको लामीडाँडा गोरखाले कब्जा गर्‍यो ।

यस घटना पछि तनहुँ कमजोर बन्दै गयो । त्रिविक्रम सेनको मृत्यु पछि राजा बनेका उनका छोराहरु नाबालक र अपरिपक्क थिए । तनहुँको प्रशासन र सैनिक शक्ति पनि बलियो थिएन । तनहुँको यही कमजोरीको फाइदा उठाएर पृथ्वीनारायण शाहले वि.सं. १८२७ फाल्गुनमा तनहुँ राज्य

आक्रमण गरे । गोरखाली फौजसँग लड्न नसकी युवक राजा कामारीदत्त सेनले आत्महत्या गरे । त्यसपछि हरकुमारदत्त सेन गोरखाको आश्रित राज्यको राजाको हैसियतमा तनहुँको राजगद्दिमा बसे। त्यसपछि भएको गोरखाको बिजय अभियानमा तनहुँका सैनिक पनि सरिक भए । सतहुको युद्धमा चौबीसी राज्यका सेनाले गोरखाली फौजलाइ पराजित गरेपछि तनहुँ राज्य गोरखाको अधिनबाट मुक्त भयो । सतहुँको पराजयसँगै पृथ्वीनारायण शाहको पश्चिमी बिजय अभियान रोकिएको थियो । त्यसपछि तनहुँका राजा हरकुमारदत्त सेन करिब एक दशक स्वतन्त्र तनहुँ राज्यको राजा हुन पाए ।

यस अवधिमा गोरखाले तनहुँमा पटक पटक आक्रमण गऱ्यो । प्रताप सिंह शाह राजा भएको समयमा वि.सं. १८३४ मा तनहुँ राज्यको तराई भूभाग चितवनको महत्वपुर्ण गढीहरु कविलासपुर गढी, सोमेश्वर गढी र उपरदाङ गढी नेपाल अधिराज्यमा मिलाए । वि.सं. १८३५ मा बहादुर शाह नायवी रहेको समयमा तनहुँसुर राजधानीमा आक्रमण गरी कब्जा गरे । गोरखाली फौजसँग लड्न नसकेर राजा हरकुमारदत्त सेन भागेर पाल्पा राज्य पुगे । त्यतिखेर पाल्पा र पर्वतका संयुक्त फौजले तनहुँमा आक्रमण गरी त्यहाँ रहेका गोरखाली सेनालाई हराएर हरकुमारदत्त सेनलाई पुन राजगद्दीमा राखे । त्यस समय पाल्पा र पर्वतले सहयोग नगरेको भए तनहुँ राज्यको पतन भइसकेको हुन्थ्यो । तर चौबीसी राज्यहरुमा एक राज्यमा आपदविपद पर्दा अन्य राज्यहरुले सहयोग गर्ने विशेषता भएको कारणले गर्दा हरकुमारदत्त सेनले केही समय राजगद्दीमा बस्ने अवसर पाए । गोरखाले चौबीसी राज्यहरुलाई लपेट्न थालेपछि फेरि एकपटक चौबीसी राज्यहरु एकजुट भए । तनहुँका काजी गरुडध्वज पन्तको नेतृत्वमा चौबीसी राज्यका संयुक्त सेनाले वि.सं. १८३८ माघ २५ गते गोरखाको सिङ्घानचोकमा आक्रमण गरे पनि गोरखाली सेनाद्वारा पराजित हुनुपऱ्यो ।

सिङ्घानचोकको युद्ध गोरखाली सेना र चौबीसी सेना बीचको निर्णायक युद्ध थियो । यस युद्धमा पराजित भएपछि तनहुँका राजा हरकुमारदत्त सेनलाई गोरखालीको आक्रमणबाट आफ्नो राज्यलाई सुरक्षित राख्न नसकिने महसुस हुन थाल्यो । भित्री रुपमा पाल्पा र पर्वतको पनि आत्मविश्वास कमजोर बन्दै गएको उनले बुझेका थिए । त्यसैले जग्गा बन्दकी राखेर धनसंग्रह गर्ने उद्देश्यका साथ उनी लमजुङ दरबारमा शरण लिन पुगे । गोरखाली सेनाले लमजुङमा आक्रमण गरी विजय भएपछि वि.सं. १८३९ कार्तिकमा लमजुङ सहित तनहुँ पनि नेपाल अधिराज्यमा एकीकरण भएको हो ।

उत्तर मध्यकालको इतिहासमा ५२ भन्दा बढी राज्यहरु थिए । ती मध्ये तनहुँ राज्य मात्र यस्तो् राज्य हो जसको तत्कालीन भारतको चम्पारन अन्तर्गत रामनगरमा जमिन्दारी थियो । तनहुँ राज्य गुमेपछि राजा हरकुमारदत्त सेनले रामनगरमा सानो राज्य स्थापना गरी बसे । त्यसैले रामनगरलाई तनहुँ राज्यको निरन्तरताको रुपमा पनि लिन सकिन्छ । रामनगर राज्यमा सेन वंशका शासकले करिब सय वर्ष शासन गरेपछि उत्तराधिकारीको अभावमा उक्त राज्य गोरखाका शाह वंशको हातमा पर्न गयो । यो राज्य ब्रिटिश इण्डिया सरकारको अधिनस्थ राज्यहरुमा रहेको सामान्य रजौटाको रुपमा रहेका अन्य राज्यहरुको जस्तै हैसियतमा थियो ।

## उद्देश्य २ सँग सम्बन्धित निष्कर्षहरु

भृङ्गी सेनले तनहुँमा राज्य स्थापना गरेर राजा भएपछि प्रशासन संचालनको लागि पाल्पाबाट गुरु पुरोहित र भाई भारदारहरु तनहुँमा ल्याए । पाल्पाबाट ल्याएका भारदारहरुलाई भृङ्गी सेनले तनहुँको जग्गा बिर्ता दिएर राज्यको प्रशासनिक पदहरुमा बहाल गरे । राजालाई राजकाजमा सहयोग र सल्लाह दिने युवराज, चौतारा, गुरु पुरोहित, काजी, खजान्ची, मुन्सी, द्वारे, कुभिण्डे, सरदार, खरिदार आदि भारदारहरु थिए । सेन राजाहरुले समय समयमा गुरु पुरोहित, ज्योतिषीहरुलाई भूमिदान दिएको, धार्मिक तथा सामाजिक कार्यको लागि गुठीको व्यवस्था गरेको, राज्यलाई रकमको आवश्यकता परेको बेला राजकीय जग्गाहरु राजबन्धकी दिएको कुरा विभिन्न पत्रहरु मार्फत थाहा हुन्छ । यसबाट तनहुँको राजाले भाइ भारदारहरुको सहयोग लिएर प्रशासन चलाउँदथे भन्ने बुझिन्छ ।

सेन राजाहरुले चौतारामा बसेर महत्वपुर्ण मुद्दाको फैसला गर्ने र नयाँ नीति नियमहरु सुनाउँदथे । अध्यावधि रहेको उक्त चौतारालाई हाल गद्दीचौतारा भनिन्छ । गद्दीचौताराको प्रसंगबाट तत्कालीन समयमा राजाबाट नै प्रत्यक्ष रुपमा जनगुनासो सुनेर फैसला गर्ने व्यवस्था रहेको बुझिन्छ। तनहुँ राज्यको शीतकालीन राजधानी देवघाट र ग्रीष्मकालीन राजधानी तनहुँसुर थियो । जाडोको समय (पुष, माघ, फाल्गुन तीन महिना) तनहुँका राजा आफ्नो सम्पूर्ण परिवार लिएर देवघाट दरबारमा गएर बस्दथे । राजाको अनुपस्थितिमा पनि भारदारहरुले प्रशासन चलाएर राजालाई सहयोग गर्दथे । उता चम्पारनको प्रशासन हेर्न राजाले दिवान पदका कर्मचारी खटाएका हुन्थे ।

कुनै पनि राज्यको राजा र प्रशासनिक तन्त्र बलियो छ भने राज्य बलियो हुन्छ । बाहिरी राज्यले आक्रमण गर्न सक्दैन । यदि राजा कमजोर छ तर प्रशासन र सैन्य शक्ति बलियो छ भने पनि राज्य कमजोर हुँदैन । तनहुँ राज्यमा दामोदर सेन र त्रिविक्रम सेन बाहेक अन्य राजाहरु कमजोर थिए । भारदारहरु पनि कमजोर थिए । गोरखा राज्यको जस्तो राजा र राज्यलाई संकट परेको समयमा आफ्नो जिउज्यानको प्रवाह नगरी देश रक्षाको लागि ढाल बनेर अगाडि आउने राजभक्त तथा देशभक्त भारदार तनहुँमा थिएनन् । गोरखा तथा पाल्पा राज्यको जस्तै राजालाई पूर्ण सहयोग गर्ने चौतारा (राजाका भाइहरु) पनि तनहुँमा थिएनन् । त्यसै गरी गोरखाको जस्तै राजालाई उचित सरसल्लाह दिने, राष्ट्रको लागि तन, मन, धन समर्पण गर्ने योग्य काजी कालु पाण्डे जस्ता काजी तनहुँमा भएनन् । त्यसैले गोरखा दरबारका तत्कालीन कवि शक्तिवल्लभले तनहुँ राज्यको काजी सागर खनाल र खरिदार कालु जैशीलाई कमजोर प्रवृत्तिका शासक भनि चित्रण गरेका थिए । त्यसैगरी तनहुँ राज्यका राजगुरु गौरीश्वर पाण्डे, राजा हरकुमारदत्त सेनका अन्तिम काजी गुणानन्द पन्त आदिले पनि तनहुँ राज्य बचाउन भन्दा आफू र आफ्ना सन्ततीको भविष्य सुनिश्चित गराउन तिर लागे ।

राज्य बलियो बनाउनको लागि प्रशासनिक तन्त्र जति चुस्त र व्यवस्थित हुनुपर्दछ त्यस्तै सैनिक व्यवस्था पनि संगठित र व्यवस्थित हुनुपर्दछ । तत्कालीन समयमा प्रत्येक राज्यले बाह्य आक्रमणबाट बचाउन र राज्यभित्र शान्ती सुव्यवस्था कायम गर्न सैनिक राख्दथे । त्यस बाहेक राज्यलाई आवश्यक परेको बेला जनसहभागिता जुटाउने पनि सबै राज्यको नीति थियो । तनहुँसुर

दरबार परिसरमा रहेका साना ठुला तोपहरु, हातहतियार, गोला, बारुद राखिएको शिलखानाको अवशेष, राजदरबार नजिक रहेको कोतघर र सैनिक व्यारेकको अवेशष, सैनिकले कवाज खेल्ने टुँडिखेल र तारो हान्ने घर आदिले तनहुँ राज्यको सैन्य व्यवस्था मजबुत थियो भन्ने देखाउँछ । तर ऐतिहासिक घटनाक्रमबाट भने तनहुँ राज्यको सैन्य व्यवस्था त्यस्तो बलियो देखिँदैन । सैन्य व्यवस्था कमजोर हुनुको कारण शासक (राजा) शक्तिशाली नहुनु, सीमित सैनिक र पातलो वस्तीलाई लिन सकिन्छ । शासक, प्रशासन र सैन्य व्यवस्था कमजोर भएकै कारण तनहुँ राज्यको पतन भयो ।

राज्य नरहे पछि तनहुँ केन्द्रीय शासनको स्थानीय ईकाइको रुपमा रहन पुग्यो । त्यहाँको प्रशासन राजाका समयका भारदारहरु अमाली, जिम्मावाल, मुखिया, थरी, द्वारे, जेठाबुढा पदका स्थानीय अधिकारीहरुद्वारा चल्न थाल्यो । यी पदाधिकारीहरुको मुख्य काम रैतीबाट राजस्व उठाएर केन्द्रमा बुझाउने र स्थानीय तहमा भएका सानातिना मुद्दा मामिलाको छिनोफानो गर्ने थियो ।

**उद्देश्य ३ सँग सम्बन्धित निष्कर्षहरु**

तत्कालीन तनहुँ राज्यमा वर्णव्यवस्थामा आधारित समाज थियो । समाजमा ब्राह्मण, क्षेत्री, मगर, गुरुङ्ग, दराई, बोटे, नेवार, खवास, मुस्लीम र विभिन्न व्यवसायिक जातिहरु दमाई, कामी, सार्की आदिको बसोबास थियो । सबै जात जातिको आफ्नै भाषा, भेष, धर्म र संस्कृति थियो । समयक्रमसँगै यिनमा केही परिवर्तन हुँदै गए पनि आफ्नो मूल रुप (origin) हरेक जातिले जोगाएर राखेको हुन्छ । वर्तमान समयमा रहेको जाति विशेषको संस्कृति र पहिचान त्यसकै परिष्कृत रुप हो । त्यसैले भनिन्छ, संस्कृति भनेको भूतकाल र वर्तमानलाई जोड्ने आधार हो । यहाँ वर्तमान तनहुँको समाज र संस्कृतिको अध्ययन गरेर सेनकालीन तनहुँ राज्यको समाज र संस्कृति खोजिएको हो ।

तत्कालीन समाजमा जातिको आधारमा काम तथा व्यवसाय र मर्यादाक्रम तोकिएको हुन्थ्यो । धर्ममा आस्था राख्ने तत्कालीन समाज धर्मलाई नै आधार मानेर हरेक नीति नियमहरु बनाइएका हुन्थे । धर्ममा बाँधिएको हुनाले समाज व्यवस्थित थियो । राजा तथा बहुसंख्यक जनता हिन्दूधर्म मान्ने तनहुँ राज्यमा शैव, वैष्णव, शाक्त सबै सम्प्रदाय मान्ने समाज थियो । मुस्लिम, बौध र क्रिश्चियन धर्म मान्ने केही व्यक्तिहरु पनि तनहुँ राज्यमा रहेको पाइन्छ यसबाट थाहा हुन्छ तनहुँ राज्यको तत्कालीन समाजमा धार्मिक सहिष्णुता थियो ।

सेनकालीन समाजमा बालविवाह, बहुविवाह, धर्मपुत्र पाल्ने, अपुताली, सती प्रथा संस्कार कै रुपमा रहेको थियो । त्यसै गरी मस्याङ्दी देखि प्यूठान सम्मको बाह्र मगरात क्षेत्रमा बसोबास गर्ने मगरहरुले आफ्नी छोरीलाई बाँधा राखी बेच्ने चलन रहेकोमा जनरल भिमसेन थापाले वि.सं. १८९३ मार्गमा लालमोहर गरी यो प्रथम हटाएका थिए । यसबाट अधिकांश मगर जातिको बसोबास रहेको तनहुँ राज्यमा सेनकाल देखि नै यो कुप्रथा रहेको थाहा हुन्छ । यसभन्दा अगाडि वि.सं. १८९३ असारमा भिमसेन थापाले लालमोहर गराएर समाजमा रहेको भाउजु व्यहोर्ने चलनलाई बन्देज गराएका थिए । मगर जातिमा पनि यो प्रचलन सेनकाल देखि नै रहेको बुझिन्छ । कानुनले

बन्देज लगाए पनि तनहुँका मगर जातिमा वि.सं. २०२०/२०२१ सालसम्म पनि लुकिछिपी उक्त प्रचलन कायमै रहेको थियो ।

राज्य नरहे पनि तनहुँसुर दरबार वरपरका ब्राह्मण, क्षेत्रीहरु आफ्नो थातथलो छाडेर केहि रामनगर गएर बसे भने केहि पानीको सुविधा भएको ठाउँ सिम्पानी, कुसुम्पानी, धारापानी, चिसापानी, धरमपानी, चुँदी फाँट आदि ठाउँमा गएर बसे । मगर, नेवार र अन्य जातिहरु साविक ठाउँमा नै रहे । दराई, बोटे, कुमाल जातिहरु आदि नदी वरपर फाँट (दमौली) वरपर बस्दथे । शेरा फाँट (दमौली) सेन राजाको खान्की जग्गा थियो । त्यो जग्गा स्थानीय दराईहरुले कमाउँदथे र आयस्था राजालाई बुझाउँदथे । राज्य नरहे पछि उक्त आयस्था निज दराइहरुले तनहुसुरको खड्क कालिकाको पुजाका लागि त्यहाँको मुखियालाई बेठीको रुपमा बुझाउन थाले ।

समयक्रमसँगै समाज पनि विस्तारै परिवर्तन एवं परिमार्जन हुँदै जान्छ । राज्य नरहे पछि तनहुँका जातजातिले मान्दै आएको संस्कार र संस्कृति कायमै रहेको पाइन्छ । सेन राजाका पालादेखि नेवार जातिले मनाउँदै आएको जात्रा, नाच, पर्व तनहुँसुरमा नेवार बस्ती (हटिया) हुँदासम्म यथावत रुपमा मनाउँदथे । मगर जानीको सोरठी, घाटु, कौरा (चुड्का) नाच लगाउने प्रचलन पनि उस्तै थियो । तर समर क्रमसँगै विस्तारै तनहुँसुरबाट नेवारहरुको वस्ती रित्तिदै गएपछि यी संस्कृतिहरु पनि हराउँदै गयो ।

नेपाल सिङ्गो राष्ट्र भएपछि अन्य ठाउँमा जस्तै तनहुँमा पनि विभिन्न ठाउँहरुबाट आएर विभिन्न जातिको बसोबास हुन थाल्यो । सबै जातजातिको आ-आफ्नै धर्म र संस्कृति अपनाउन थाले । हाल तनहुँ जिल्ला विभिन्न जाति, धर्म र संस्कृतिको समिश्रणको रुपमा रहेको छ ।

**उद्देश्य ४ सँग सम्बन्धित निष्कर्षहरु**

उत्तर मध्यकालीन नेपालमा कुनै पनि राज्यले स्वतन्त्र भएर राज्य गर्ने अवस्था थिएन । जुनसुकै समयमा दोस्रो राज्यले आक्रमण गर्ने भय प्राय सबै राज्यहरुलाई हुन्थ्यो । चौबीसी राज्यहरुको अवस्था पनि यही थियो । त्यसैले चौबीसी राज्यहरु कुनै न कुनै गठनबन्धनमा आवद्ध हुन्थे । तनहुँ राज्य लमजुङ र कास्कीसँगको गठबन्धनमा आवद्ध थिए भने वंशको नाताले पाल्पा र मकवानपुरसँग पनि छुट्टै सम्बन्ध थियो । अन्य राज्यको जस्तै तनहुँ राज्यको परराष्ट्र नीति अन्य राज्यसँग गठनबन्धन गरी त्यसको बलमा आफ्नो राज्यलाई बलियो र सुरक्षित बनाउनु थियो ।

चौबीसी राज्यहरुमा शक्तिशाली मानिएका राज्यहरु पाल्पा, तनहुँ, लमजुङ, पर्वत र कास्की थिए । यी राज्यहरु बीच आपसमा इर्श्या मनमुटाव भई एक अर्का राज्यमा आक्रमण पनि गर्दथे । तर यी राज्यहरु मध्ये एकमा गोरखाले आक्रमण गऱ्यो भने वा गोरखामा आक्रमण गर्नुपरेको खण्डमा यी राज्यहरु मात्र नभई चौबीसी समूहका साना राज्यहरु रिसिङ, घिरिङ्ग, ढोर आदि राज्यहरु पनि एकै ठाउँमा संगठित हुन्थे । यो नै चौबीसी राज्य समूहका मुख्य विशेषता थियो । चौबीसी राज्यहरुबीच दिगो नभए पनि राजनीतिक एकता थियो । काठमाडौं उपत्यकाको मल्ल राज्यहरु बीच सधैं घातप्रतिघात चलिरहन्थ्यो । उनीहरु बीच कहिले पनि एकता हुन सकेन । त्यसैले उनीहरु कमजोर

बन्यो । त्यही कमजोरीको फाइदा उठाएर पृथ्वीनारायण शाहले उपत्यका बिजय गरे तर संगठित बनेका चौबीसी राज्यहरुलाई भने उनले आफ्नो जीवनकालमा बिजय गर्न सकेनन् ।

तनहुँ र गोरखा राज्यबीच राजनैतिक, आर्थिक, धार्मिक, सामाजिक एवं सांस्कृतिक (वैवाहिक) सम्बन्ध थियो । अन्य सम्बन्ध भन्दा राजनैतिक सम्बन्ध यी दुई राज्यबीच राम्रो रहेन । तनहुँका राजा दामोदर सेन आफ्नो राज्यलाई बलियो र दिगो राख्नको लागि अन्य राज्यसँग राम्रो सम्बन्ध राख्नुपर्दछ भन्ने कुरामा विश्वास गर्दथे । त्यसैले उनको शासन कालमा सबै राज्यसँग तनहुँको सम्बन्ध राम्रो थियो । उनले गोरखाका राजा पृथ्वीपति शाहको छोरो विरभद्र शाहसँग आफ्नी छोरी मल्लिकावतिको विवाह गरिदिएर दुई देश बीचको सम्बन्ध राम्रो बनाएका थिए । यिनको समयमा पर्वत, कास्की, लमजुङ लगायतका राज्यहरुसँग पनि तनहुँको सम्बन्ध राम्रो रहेको पाइन्छ।

गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामा बिजय गर्नुभन्दा अगाडिसम्म पनि उपत्यका बाहिरका राज्यहरु गोरखा, लमजुङ, तनहुँले मल्ल राजाहरुको अधिनमा रहेको कुनै ठाउँ कब्जा गर्दथे र सम्बन्धित राजासँग धन लिएर छाड्दथे । तनहुँका राजा त्रिविक्रम सेनले वि.सं. १८०५ मा ललितपुरको अधिनमा रहेको चित्लाङ कब्जा गरे । पछि राजा राज्य प्रकाश मल्लसँग केही धन लिएर चित्लाङ फिर्ता गरेका थिए । राजा त्रिविक्रम सेन महत्वकांक्षी राजा थिए । राजा पृथ्वीनाराायण शाहसँग उनको घातप्रतिघात चलिरह्यो । उनी गोरखा भन्दा लमजुङसँग नजिक भए । गोरखाको पूर्वी विजय अभियानलाई असफल पार्न चौबीसी राज्यहरु लमजुङ, तनहुँ, पर्वत र कास्कीले एउटा गठबन्धन गरे । यस चौबीसी गठबन्धनले गोरखामा पटक पटक आक्रमण गरे पनि पराजय नै भोग्नु पर्‍यो । यस गठबन्धनमा तनहुँको सक्रिय भूमिका रहेको बुझेका पृथ्वीनारायण शाहले राजा त्रिविक्रम सेनलाई विश्वासघात गरी कैद गरे । उनी कैदमा नै रहेको समयमा तनहुँको अधिनमा रहेको लामीडाँडा कब्जा गरे । यस घटनापछि त्रिविक्रम सेन पनि कमजोर बने ।

तनहुँमा हरकुमारदत्त सेन राजा भएको समयमा पाल्पाका राजा मुकुन्द सेन द्वितीय थिए । गोरखाको विरुद्ध बनेको चौबीसी गठबन्धनमा पाल्पाको सक्रिय सहभागिता थियो । मुकुन्द सेन द्वितीयले यस गठबन्धनको नेतृत्व गरिरहेका थिए । नायबी बहादुर शाहले तनहुँ राज्यमा आक्रमण गरी विजय गरेपछि यसै चौबीसी गठबन्धनका राज्यहरु पाल्पा र पर्वतको सहयोगले राजा हरकुमारदत्त सेन पुनः तनहुँको राजगद्दीमा बस्न पाएका थिए । गोरखा अलवा, लमजुङ, पाल्पा, पर्वत, कास्की राज्यहरुसँगको राम्रो सम्बन्धको कारणले हरकुमारदत्त सेनले राज्य चलाउन पाएका थिए । चौबीसी गठबन्धन राज्यहरु र गोरखाबीच भएको सिह्रानचोकको युद्धमा गोरखाको विजय भयो । त्यसपछि गठबन्धनमा रहेका राज्यहरु पनि कमजोर बने । छिमेकी राज्यको बलियो साथ नपाए पछि तनहुँ राज्यले आफ्नो अस्तित्व जोगाउन सकेन । तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भएपछि तनहुँको अन्य राज्यसँगको सम्बन्ध पनि समाप्त भयो ।

समग्रमा करिब २२९ वर्ष लामो राज्य रहेको तनहुँ राज्य आर्थिक रुपमा सवल र चौबीसी राज्यहरु बीच महत्वपूर्ण राज्यको रुपमा रहेको थियो । दक्षिणमा भारतका शासक वर्ग र पूर्वमा उपत्यकाका मल्ल राज्यहरुसँग राम्रो सम्बन्ध राखेका तनहुँका राजाहरुले पृथ्वीनारायण शाहको उपत्यका बिजय अभियानलाई असफल पार्न चुनौती दिएका थिए । तनहुँको तराई भाग चितवन हुँदै

भारतबाट अंग्रेजहरु नेपाल छिर्न सक्ने नजर अन्दाज गरी तनहुँ राज्य सधैं गोरखाको निगरानीमा रह्यो । राज्य बचाउनको लागि गोरखाको विरुद्ध लड्न अंग्रेजको सहयोगको अपेक्षा राखेका तनहुँका राजाहरुले सहयोगको कुनै आश्वासन पाएनन् । पटक-पटक गोरखाको आक्रमणको शिकार बन्नु पर्दा आर्थिक अवस्था कमजोर हुँदै गएकोले पछिल्लो समयमा तनहुँका राजाहरुले आफ्नो जमिन राजबन्दकी दिएर खर्च चलाउनु पर्ने अवस्था आयो । छिमेकी राज्यको आड भरोसामा धानिएको राज्य भएकोले राजा कमजोर सावित भए । राजा कमजोर भएपछि भारदारहरुले आफ्नो र आफ्नो सन्ततीको उज्ज्वल भविष्य हेरी अन्य राज्यमा आकर्षित भए । यिनै कमजोरीको कारणले गर्दा तनहुँ राज्यको पतन भयो । राज्य नरेपछि केन्द्रको नजरमा तनहुँ महत्वपुर्ण स्थल रहेन । तनहुँ केन्द्रबाट ओझेलमा पऱ्यो । त्यसपछि तनहुँ स्थानीय इकाईको रुपमा मात्र सीमित रह्यो ।

थप अध्ययनका लागि विषयहरु :

१. तनहुँ राज्यको आर्थिक इतिहासको अध्ययन

२. चौबीसी राज्यभित्रका साना राज्यहरु (हालः तनहुँ जिल्लामा पर्दछन्) रिसिङ, घिरिङ, ढोर र गजरकोट राज्यको ऐतिहासिक अध्ययन

३. तनहुँका सेन राज्य र पूर्वका सेन राज्यहरु (मकवानपुर, विजयपुर र चौदण्डी) बीचको सम्बन्धको अध्ययन

## परिशिष्ट १
## अन्तर्वार्ता लिएका व्यक्तिहरुको विवरण

| क.सं. | नाम | उमेर | आबद्धता | ठेगाना | अन्तर्वार्ता लिएको मिति |
|---|---|---|---|---|---|
| १ | राम बहादुर अधिकारी | ६९ वर्ष | पूर्व शिक्षक श्री चन्द्रावती उ.मा.वि | चुँदी, तनहुँ | २०७३।०२।२९ |
| २ | सिता माया आले | ५५ वर्ष | समाजसेवी | आँपपिपल, गोरखा | २०७४।०८।१५ |
| ३ | प्रेम बहादुर आले | ३२ वर्ष | पुजारी, छाब्दी बाराही मन्दिर | दमौली, तनहुँ | २०७४।०९।२१ |
| ४ | शिवशंकर खवास | ५३ वर्ष | शिक्षक, श्री प्रभात मा.वि., सिम्पानी, (सेन राजाको पालादेखि खड्ककाली मन्दिरका द्वारे, कुभिण्डेका सन्नती) | चण्डेनी थोक, तनहुँ | २०७४।१२।२० |
| ५ | दुर्गानाथ घिमिरे | ८५ वर्ष | पुजारी, भगवती मन्दिर | पाल्पाली थोक, तनहुँ | २०७३।०६।२९ |
| ६ | विश्वनाथ घिमिरे | ८४ वर्ष | पुजारी, विष्णु मन्दिर, महादेव मन्दिर र खड्ककालिका मन्दिर तनहुँसुर | धरमपानी, तनहुँ | २०७३।०६।२७ |
| ७ | भास्कर ज्ञवाली | ५० वर्ष | पुरातत्वविध पुरातत्व विभाग, माइतीघर | काठमाडौं | २०७४।०५।२० |
| ८ | गीरिराज शर्मा तिवारी | ७२ वर्ष | पुजारी, व्यास गुफा | दमौली, तनहुँ | २०७४।०९।२२ |
| ९ | रुद्र बहादुर थापा | ९२ वर्ष | पूर्व महामुखिया बल बहादुर थापाका छोरा | पत्यारथोक, तनहुँसुर | २०६४।१०।१५ |
| १० | नरध्वज थापा | ८८ वर्ष | पूर्व महामुखिया सन्तविर थापाका छोरा | चण्डनीथोक, तनहुँसुर | २०६८।१०।१६<br>२०६९।०३।०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | मोतिलाल थापा | ८५ वर्ष | पूर्व प्रधानपञ्च तनहुँसुर गाउँ पञ्चायत | भोरथोक, तनहुँसुर | २०६७।१०।१५ |
| १२ | हरिकला राना | ७० वर्ष | स्थानीय जानकार | भोरथोक, तनहुँसुर | २०७४।०६।१० |
| १३ | कृष्ण बहादुर थापा | ७० वर्ष | पूर्व विभागीय प्रमुख इतिहास केन्द्रीय विभाग | काठमाडौं | २०७४।०१।२० |
| १४ | लोक बहादुर थापा | ६८ वर्ष | पूर्वपुजारी, चण्डीमाई मन्दिर तनहुँसुर | चण्डेनी थोक, तनहुँसुर | २०७१।१०।२१ |
| १५ | बिर बहादुर थापा | ६५ वर्ष | अध्यक्ष, खड्ककालिका पुजा व्यवस्थापन समिति | चण्डेनी थोक, तनहुँसुर | २०७४।०६।२५<br>२०७५।०१।१० |
| १६ | कोष बहादुर थापा | ५८ वर्ष | पूर्वपुजारी, क्षेत्रपाल देवता | भोरथोक, तनहुँसुर | २०७३।०६।२७ |
| १७ | बिष्णु बहादुर थापा | ५७ वर्ष | वास्टे खड्ककालिका मन्दिर, तनहुँसुर दरबार | चण्डेनी थोक, तनहुँसुर | २०७५।०१।१० |
| १८ | हर्क बहादुर थापा | ५६ वर्ष | पुजारी चण्डीमाई मन्दिर | चण्डेनी थोक, तनहुँसुर | २०७१।१०।२० |
| १९ | कृष्ण कुमारी बतास | ८८ वर्ष | स्थानीय जानकार | तनहुँसुर, हटिया | २०७०।०६।३१ |
| २० | डिल्लीराम मिश्र | ५८ वर्ष | लेखक | रुपाकोट, तनहुँ | २०७४।०२।२८ |
| २१ | लोकनारायण मूल | ८८ वर्ष | सेन राजाको पाला देखिको पसलेको सन्तती | तनहुँसुर, हटिया | २०७२।०२।२९ |
| २२ | अमृत बहादुर थापा | ५१ वर्ष | शिक्षक, श्री जनगणपती मा.वि., तनहुँ | जामुने, तनहुँ | २०७३।०६।३० |
| २३ | बखत नारायण श्रेष्ठ | ८५ वर्ष | स्थानीय जानकार | तनहुँसुर, हटिया, हाल, दमौली | २०६९।१२।३१ |
| २४ | भक्त कुमार श्रेष्ठ | ७८ वर्ष | पूर्व उपप्रधान पञ्च, तनहुँसुर गाउँ पञ्चायत तनहुँसुर | तनहुँसुर, हटिया हाल, काठमाडौं | २०७३।१२।३० |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | वृषराज श्रेष्ठ | ७० वर्ष | अध्यक्ष, तनहुँसुर दमौली सम्पर्क मञ्च | दमौली, तनहुँ | २०७३।१०।२० |
| २६ | राजाराम सुवेदी | ६५ वर्ष | पूर्व विभागीय प्रमुख, इतिहास केन्द्रीय विभाग, कीर्तिपुर | कीर्तिपुर, काठमाडौं | २०७२।१०।२४ |
| २७ | हिमाल शर्मा | ४२ वर्ष | पूर्व प्रधानपञ्च प्रभाकर शर्माका छोरा | दमौली, तनहुँ | २०७०।१२।३० |
| २८ | बालकृष्ण श्रेष्ठ | ६० वर्ष | तनहुँसुर हटियाका स्थानीय जानकार | तनहुँसुर, हटिया | २०७७।०६।२० |
| २९ | दिनेशराज पन्त | ६५ वर्ष | इतिहासकार | काठमाडौं | २०७८।०८।०९ |

## परिशिष्ट २

## अभिलेख (परिशिष्ट २ देखि परिशिष्ट ३९ सम्म)

## परिशिष्ट २

## दामोदर सेनले १७५३ मा लक्ष्मण थापालाई गरिदिएको स्याहामोहर



**पाठ**

१) ॥ स्वस्ती श्री रुपनायणेत्यादि विविधविरुदावली विराजमान मानोन्नत

२) श्रीमन्माहाराजाधीराज श्री श्री श्री मद्दामोदर सेन देवाना सदासमरविजयि

३) नाम ॥

४) लछुमंन थापाके यो कवरकै राख्दैदिहल अपने षातीर नीसासे

५) थु अमल करथु सर्व्वथाकै इति संवत् १७५३ साल फागुना सुंदि

६) रोज मु.. मआगदि बेनी ॥

स्रोत : शंकरमान राजवंशी, प्राचीन नेपाल, अंक ७, पृ. ३० ।

## परिशिष्ट ३

## दिग्विजय सेनका पालाको वि.सं १७५५ पौष १८ को पुष्पिकावाक्य

संवत् १७५५ ॥ पौषे मासेसिते पक्षे येकादश्यां शनिवासरे स्वस्ति श्रीरुपनारायणेत्यादि श्री श्री श्रीदिग्विजयसेन भुक्तमानेन नदितटे पदनी ग्रामे मध्यदेसे सालिश्राम क्षेत्रे तिर्थे ॥ ॥ श्रीवृहस्पति शर्म्भपुत्रेण ध्रुवेश्वरशर्म्मणा लिखित मेघदूताख्यं पुस्तकं

स्रोत : दिनेशराज पन्त, गोरखाको इतिहास (पहिलो भाग), पृ. २२० ।

## परिशिष्ट ४

## राजपुरकी रानी विद्यावतीले तनहुँका राजा कामराजदत्त सेनलाई राजपुर राज्य चलाउन दिएको अधिकारपत्र

### श्री भवनीहुषिकेशौ जयतः

स्वस्ती श्री कैफिअत राज मकवानिकै की तषत पाल्पासें अपने भाइके राज दिहल. येक भाइके तन्हुं येक भाइके मकवानपुरकै राज दिहल तव मकवानपुरसे तीन राजाभइलै. तव राजपुरके जीलामे कीकदीगसे पाल्पाकै अमल रहल तेके पीछे पालपाके महाराजा गंधरबसेन कै भाइ मकुंदसेन रहै तेके राजपुरकै राजदेकै पठौलै तेकरे राजकै तपसील तपै चित्रवन. तपै वटसरा. तपै चौपारन. तपै मानपुर. चौदंड समेत इन्कै राज रहल औ तन्हुके राजाके ओरसे हरिहरपुरकै जिलामे दिगविजैसेन राजा होइकै अइलै तेकरे राजकै तप्सील. तपै चिनगी. तपै देवराङ. तपै गोपाला. तपै भभटा. तपै साढी. तपै बलधर. तपै बलुआ. तपै गोदौली. तब राजपुरकै राजा मकुंदसेनसे औ दामोदर पाठषसें की उन्के घरकै मालिक रहल तेसे झगड भइल तब पाठषने राजाके उपर घावकै मरिगइलै ब्रम्ह होइकै राजाके वडा वडा दुख दिहलै तव राजा ब्रम्ह दोषसे मरिगइलै राजाके मरले पीछे तेकर वेटा देवीसेन रहै तेके राजपुरकै राज भइल दुइ वरिस ताइ राजकइलै तीसरे वरिस ब्रम्हदोषसे देवीसेनकै परलोक भइल इनके परलोक भइलेपर इन्कै भाइ भितरानीके ओरसे दरगाहीसेन रहै तेके राजपुरकै राज भइल दुइ वरीस ताइं इन्हु राज कइलै बाद दुसरे वरिसके इन्हुके गंगालाभ भइल जब संतानमे केहुवाकी नांहिरहल तब कइबरस रानीने राज कइल तव रानीके राज करतमे तन्हुकै राजा कामदत्तसेन रानीके पास आइकै रानीसे देवानी मागल तव रानीने राजाके कहले बमोजिम आपना दीवानी राजाके दिहल राजा देवानीकै काम सब करै लगलै तेही बीचमे रानी कै परलोक भैल देवान कामदत्तसेन देवानीकै काम छोडीके पहाड चलि गइलैं राज मुलुक षाली विना राजाकै रहल तव वेतियाकै राजा दिलीपसाही राज सुन्न देखिकै आफ्ना अंमल चलावल जबरदस्ती अपने उहांकै राजा भइलै. कुछदिन पीछे दिलीपसाही राजाके परलोक भइल तब इन्कै वेटा धुर्वसाही राजा कामदत्तसेनकै वेटा त्रिविक्रम सेन से गोंदलीके तपामे मटिआ गाउहै तहां पगरी बदलिकै भैयादीकै नाता लगावल तब त्रिविक्रम सेन मामिलके पैसा धुर्वसाहीके मार्फत अंगरेज बहादुरके देना कबुल कइकै तेरहोत ( तिरहुत) पाषर अमल कइल तौने बीचमे राजा धुर्वसाहीसे औ अंगरेज बहादुरसे लडाइ भइल राजा कइदमे परल कुछ दिन पिछे राजा धुर्वसाहकै वधुआइमे परलोक भइल तब राजा विरकिशोरकै वाप राजा जुगुलकिशोर साही फेरि दुसरे दफा अंगरेज बहादुरसे लडाइकैके सिकस्त भइलै भागिकै पाल्पा तन्हुंके राजमे औ इन्के इहा अइलेसे औ इन्के दोस्ती दुष ला सकेवा इससे त्रिविक्रम सेनकै कारवारी सव जौन तहसलि करतरहै तौने सब राजाके साथ भागी गइलै तब बन्दोबस्त सर्कार चंपारन जिलै राजपुर हरिहरपुर समेत कच्चा तहसील अंगरेज बहादुरकै रहल सन् ऐकहजार ऐकसै त्रिहत्रर साल लगाइत सन ऐकहजार ऐकसै सन्तानवे साल लाइ अंगरेज बहादुरने मुलुक अपने कबुजामे राषिकै हजुर तहसील कइल तपै रामगिर जमौलीध राजपुर षास आधा चित्रवन समेत पाल्पाली महाराजकै गुमास्ता औ तन्हुके राजाकै अपना अमल कइलेरहै सर्कार पैसादेत रहै ऐहि बीचमे सन ऐकहजार

ऐकसै अठानवे सालमे मनकमनी साहेव देवान मुषतियार मामिला बाबु जगमोहन समेतकी दरोबस्त प्रगना मकौआ सर्कार चंपारनके वंदोवस्तकै इजारा लेआइल रहै सोहगौलीके देरामे इस्तहार मुनादी कइल की जोकोइ कदिम वाप दादासे मालिक मीरासी जिमीदारीकै होइ अपने मतालिवकै अरजी हमरे हजुरमे आवै तहकीकातमे जो उस्का जीमीदारी सावित होगा तो उस्के जगहका कबुलिअत हम उुसिके नाउंपर लिषेगें तब दुनो राजकै वकील औ छोटे छोटे सब तालुकदारकै वकील अपने मतालिवकै अरजी साहवके हजुरमे गुजरानल तौने बीचमे पालपाके महाराजाकै वकील पहाडके लडाइ से नाही पहुचै सकल ओकरे नाही पहुचनेसे मनकमनी साहेव विना तहकीकात सर्कार चंपारन प्रगनै मझाआ राजपुर हरिहरपुर समेत राजा वीरकिशोरसे कबुलिअत लिषाइ लिहल औ रामनगर जमौलीकै कबुलिअत राजा हरकुमारदत्तसेनसे लिषाइ लिहल हम उमेदमा रहै की जिले राजपुर औ हरिहरपुरकै हमरे जिम्माहोइ काहेसे की तनउंकै राज हमरे वाप दादाका है मालिक इ तेरहो तपा हमरे होइ जो तेरहोतपा हमके सर्कारसे नवकसल जाइतो तपै चीत्रवन तपै वढसरा तपै चौपारन तपै मानपुर चौदंड समेतकी राजपुरकै इलाका है औ पालपाके महाराजाकै वषराहै हमके वकसला जाइ हम पैसाके वंदोवस्त करी कैफिअत बमोजिम सर्कारमे पहुचाइ जो अंगरेज बहादुरके दर्बारमे हमार निसाफ नाही भइल तो जीमीदारी हमार होइ अपना अमल हम करते है सर्कारके पैसामे हर्ज नाहीहोई .

स्रोत : मोहनप्रसाद खनाल, सेनराज्यको राजनैतिक इतिहास, पृ. १८१-१८२ ।

## परिशिष्ट ५

## त्रिविक्रम सेनले रामकृष्ण धौलाडिकलाई लेखेको पत्र

रुपनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नत श्री श्री श्री महाराजधिराज श्री श्री श्रीमत् त्रीविक्रमसेनदेवानाम् सदासमरविजयिनाम्

आगे पुकोटमध्ये रामकृष्ण धौलाडिक हाथ षेत बाधा दिहल षिभ्रुधौल टिक षायल षेत सिमल्या १ मुरि माधौ महक षायेल गावक घड्यारि १ तीन सय सतसट्टि रुपैञ्या ३६७ मा दिहल लगा डिहि आपन बदि अम्बल करहु. लिना दिना महिन्द्रमलि जब रुपैया देव तब तब बाधा छुटै.

इति संवत १८०० साल बैषा सु १० रोजमा कविलास शुभम् ।

स्रोतः महेशराज पन्त 'पूर्णिमा', पूर्णाङ्क ५२, वर्ष १३, अंक ४, वि.सं. २०३९, पृ. ४७-४८ ।

## परिशिष्ट ६

## त्रिविक्रम सेनले विश्वरुप आचार्य लाई लेखेको पत्र

श्री

श्री सांम्बशिव श्री लक्ष्मीनारायण सहाय स्वस्ति

स्वस्तिश्रीश्वरचरणसरोरुहस्मरणेत्यादिरामचन्द्रवंशीद्भवसदासमाराधितसाम्बशिवलक्ष्मीनारायणश्रीमन्म हाराजाधिराज श्री श्री श्रीमन्भूपवर त्रिविक्रमसेन देवानां सदा समरविजयिनाम्

आगे विश्वरुप अर्चर्जक हाते माटो बाधा दिहलक, ल्यास्ति माडिमध्ये पादीखोलाक षेत दलै थापाक खायेलमध्ये षेत १ मुरि १०० औं जयनाम दर्जिक षायेल षेत १ मुरि ८० जम्मा षेत १८० तेहि पर रुपैया ९०० अक्षरेपि रुपैया नव सय पर बाधा दिहल. डिहि बारि लगापातसमेत बकसल. आपन वदि अम्बल करहि. बसहि बसावहि. बाधा जांनि भोग्य करहि. आसिर्वाद देलक रहि. लिना दिना महिन्द्रमलि जब रुपैयाँ देव. तब वाधा छाडिदेहि.

मिति संवत १८०९ माघसुदि ५ रोज मुकाम तन्हुँ सुभम्

स्रोत : महेशराज पन्त, 'पूर्णिमा', पूर्णाङ्क ५२, वर्ष १३, अङ्क ४, वि.सं. २०३९, पृ. ४८ ।

## परिशिष्ट ७

## त्रिविक्रम सेनले हिरा पंथलाई लेखेको पत्र

श्री

स्वस्ति श्रीश्व (र) चरणसरोरुहस्मरणेत्यादिश्रीरामचन्द्रवंशीद्धवसदासमाराधितसाम्बशिव लक्ष्मीनारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमन्भूपवरत्रिविक्रमसेनसदासमरविजयि नाम्

आगे हिरा पन्थके हात माटो बाधा दिहल आपन खाहिल कर्लुथुम १ बकसल षे १ मुरि २४० डिहि लगासमेत वकसल. अपना बदि अम्बल करहि. वसहि वसावहि षाहि. तेहि पर रुपैया ९८१ अक्षरेपि नौ सय एकासि लिनादिना सिक्का. जाव रुपया देवं. तब वाधा छुटि.

मिति सम्बत १८१५ साल माघसुदि ११ रोज ५ मुकाम् षैन्याहिति सुभंम् ।

स्रोत : महेशराज पन्त, 'पूर्णिमा', पूर्णाङ्क ५२, वर्ष १३, अङ्क ४, वि.सं. २०३८, पृ. ४८ ।

## परिशिष्ट ८

## त्रिविक्रम सेनले गुणानन्द पंथलाई लेखेको पत्र

स्वस्ति श्रीश्वरसरोरुहस्मरणेत्यादिश्रीरामचन्द्रवंशीद्धवसदासमासधितसाम्वशिव-
लक्ष्मीनारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमन्भूपवरत्रिविक्रमसेनदेवानाम- सदासमरविजयिनाम्

आगे गुणनन्द पन्थ हात माटो बाधा दिहल. सालबोटफाटमधे डाडो षेत १ मुरि १०० साल बोट मुरि ८० कालिमाटि मुरि ८० साक्यौटारि मुरि षेतक जामुरि २८० डिहि लग्गासमेत बकसल. आपना बदि अम्बल करहि षाहिँ. पुरकोटमध्ये रिप षेत १ मुरि १२० औं दोर्दोरक पहारघाटक षेत मुरि ६० डिहि लगासमेत बकसल. सब षेतक  जस्मा ४६० तेहिपर रुपया ४७३ अक्षरेपि सात सय त्रितालीस लिना दिना सिका. जब रुपया देव. तब बाधा छुटिहि.

मिति १८१६ साल जेष्ठवदि १४ रोज ६ मुकाम तनहुग शुभम् ।

स्रोत : महेशराज पन्त, 'पूर्णिमा', पूर्णाङ्क ५२, वर्ष १३, अङ्क ४, वि.सं. २०३९, पृ. ४९ ।

## परिशिष्ट ९

## त्रिविक्रम सेनले कृष्ण देव पण्डितलाई लेखेको पत्र

श्री

श्रीसांबशिव

स्वस्ति श्रीश्वरचरण्सरोरुहस्मरणेत्यादिश्रीरामचन्द्रवंशोद्धवसदासमाराधितसांम्बशिव-
लक्ष्मीनारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमन्भूपवरत्रिविक्रमसेनदेवानामसदा- समरविजयिनाम्

आगे कृष्णदेव पंडीतक हात माटो दिहल. पुर्कोटमध्ये आपन बाधा खायेल मध्ये रोहट्यापानीक षेत मुरि ४० औं सिमल्या षेत मुरि ६० औं कुसुंडया खेत मुरि ३० औं रुमता षेत मुरि ३० जम्मा मुरि १६० बाधा बकसल. रुपया ६०१ अक्षेरेपि छ सय एक सिक्कापर बाधा दिहल औ सिउराम टारीक कुलाउँ मोलागा खेतक डिहिसमेत दिहलऔ मारीकोट मकां ढकालक घड्याडि वारीसमेत दिहल. आपन वदि अमल करहि बसहि. सेवा करहि. जब रुपया देव. तव वाधा छुटि.

मिति सम्वत् १८१७ साल वैशाख सुदि १४ भौमे मु. तनहुँ सुभम्..

स्रोत : महेशराज पन्त, 'पूर्णिमा', पूर्णाङ्क ५२, वर्ष १३, अङ्क ४, वि.सं. २०३९, पृ. ४९ ।

## परिशिष्ट १०

## त्रिविक्रम सेनले जघुपति पोखरेललाई लेखेको पत्र

श्रीसाम्बशिव

स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीरामचन्द्रवंशोद्धवसदासमाराधितसांम्वशिव- लक्ष्मीनारायण श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमन्त्रिविक्रमसेनदेवानामसदा- समरविजयिनाम्

आगे जधुपति पोषरिया हात बाधा माटो बकसल. आपन षायल सिम षेत मुरि २०० डुमऱ्या षेत मुरि ८० जंमा १८० लगासमेत बकसल. तेकर बाधाक रुपैया ३३०-५) अक्षरेपि तीन शय तिस पाच दामपर बाधा बकसल. जब रुपैयाँ देव. तब बाधा छुट्टै. सम्बतं १८२१ मिति चैत्रसुदि १० मुकाम तनहुँ शुभम्

स्रोत : महेशराज पन्त, 'पूर्णिमा', पूर्णाङ्क ५२, वर्ष १३, अङ्क ४, वि.सं. २०३९, पृ. ५०-५१ ।

## परिशिष्ट ११

## त्रिविक्रम सेनले श्रीमन थापालाई लेखेको पत्र

**(छेउमा)**

**सहि रुषैया**

स्वस्ति रुपनारायणत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमहाराजाधिराजश्री
श्रीमतोत्रिविक्रमसेनदेव.देवानाम् सदा समरविजयिनाम्

श्रीमन थापाके कुसलाईपूर्वक पत्रमिदं. आगे मेठक रुपया १००७ सय गुनानिधी पंथके बरातकै दिहल. घाटसे पत्र देखत देघा लहु. सर्वथा ३

इति बै.सु. १२ बन्दिपुर

स्रोत : महेशराज पन्त, 'पूर्णिमा', पूर्णाङ्क ५२, वर्ष १३, अङ्क ४, वि.सं. २०३९, पृ. ५१ ।

## परिशिष्ट १२

## त्रिविक्रम सेनले नारायण पण्डितलाई लेखेको पत्र

श्रीशांवशिव

श्री लक्ष्मीनारायण सहाय

१) स्वस्ति श्रीश्वरचरणस्मरणपूर्वक रुपनारायण

२) णेत्यादि विविध विरुदावलि विराजमान मानो-

३) नत सदा समराधित शांवशिव लक्ष्मीनारा-

४) यण श्रीमन्महाराजाधिराज श्री श्रीमन्भू-

५) पबर त्रिविक्रमसेनदेवानां सदा शमर बी-

६) जयिनाम्

७) श्री नारायण पंडितके विर्ता दिहल. चुदि मा-

८) डीमध्ये गनाम षोलाक षेत १ मुरी १२० वां-

९) गिरहक षेत १ मुरी १२० श्वेत जम्मा मुरी

१०) २४० अक्षरेपि दुइसय चालिस मुरी दिहल.

११) विर्ति जानी भोग्य करहि. इति संवत १८०९ सा-

१२) ल कार्तिक सुदि ८ रोज ३ मुकां तनहुँ शुभम् ॥

स्रोत : सूर्यमणि अधिकारी, पश्चिम नेपालको ऐतिहासिक अन्वेषण, वि.सं. २०४३, पृ. १६० ।

## परिशिष्ट १३

## त्रिविक्रम सेनले गुणानन्द पन्थलाई चोकको विर्ता दिएको पत्र

स्वस्ति श्रीश्वरसरोरुहस्मरणेत्यादिमद्रामचन्द्रवंशीद्धवसदासमाराधितसांम्बशिव-लक्ष्मीनारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्री मत्भूपवरत्रिविक्रमसेनदेवानाम सदा समरविजयिनाम्

आगे गुणानन्द पंतके चोकको विर्ता बाँधा बितलबकै नेवारसुद्रा वकस्यौ. गौवध ब्रह्मबध स्मृति राखि सर्व अंक यहादेखिपछि लियाको माटो पनि सर्व अंक माफ गरिबक्स्यौ. आपन बितलब जानि बसहु बसाहु अमबल करहु. सुखभोग करहु.

इति सेवत १८२६ मिति वैशाखसुद्धि ५ मुकाम

स्रोत : महेशराज पन्त, 'पूर्णिमा', पूर्णाङ्क ५२, वर्ष १३, अङ्क ४, वि.सं. २०३९, पृ. ५१ ।

## परिशिष्ट १४

## कामारीदत्त सेनले गुणानन्द पन्थलाई लेखेको पत्र

स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रवंशोद्धवसदासमाराधितसांम्बशिव-
लक्ष्मीनारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीकामारिदत्तसेनदेवानां सदासमर-
विजयिनाम्

आगे गुणानन्द पन्त ज्यू के विर्ता बकस भइल. जिले मर्दादपुर तमे चितावन मौजे सहलौली गाव भरि साँध सिवानकै के के दनहि भोगहि सिवाष्ठा वेतलव सर्व अङ्क पाय विसुधा बकस भइल. आपन विर्ता जानि वसहि बसावहि. सेवा षिजमति हाजीर रहहि.

सम्वत् १८२७ भाद्रपदसुदि ७ रोज २ मुकाम बदरकोना शुभम् ।

स्रोतः महेशराज पन्त, ‘पूर्णिमा’, पूर्णाङ्क ५३, वर्ष १४, अङ्क १, वि.सं. २०३९, पृ. १० ।

## परिशिष्ट १५

## कामारीदत्त सेनको गुणगान गरिएको प्रशस्ति

स्वस्ति श्रीश्वरचरणस्मरणपरायणांत करणतासादितसमस्तपुरु (षा)र्थ पदवाक्यप्रमाणप्रचंडकभूमुजदंडखंडित रातिमुंडखंडोछलितरुधिरांबुधाराकलितशरप्लवतेजोराज-हंस-दिल्लीपति-संफुल्लितहृदयारविंदमाध्यसक्रीडितभ्रमरीभूतकपूरगौरपरपूर्वरतयशोदिगंत रुपनारायणेत्यादि विविधविरुदावलि विराजमानमानोन्नत- श्रीमन्महाराजधिराज-पर्वतैकपात्साहहिदुपति-राजराजेश्वरगजगजेन्द्रपति महामहनीश्चरित सदा समाराधित् सोवलक्ष्मीनारायणप्राप्तपौरुषेय श्रीमत्कामरीदत्तसेनदेवो भवितारा राजा सर्वजनप्रियः स च देवद्धिजप्रसादाद्दीर्धायुर्भयात् ॥ ॥

स्रोत : शंकरमान राजवंशी, सेन वंशावली, वि.सं. २०२०, पृ. १६ ।

## परिशिष्ट १६

## पृथ्वीनारायण शाहले ज्योतिषी कालु पाण्डेलाई लेखेको दुईवटा पत्र

(क) "स्वस्तिश्रीगिरिराज चक्रचुडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमानमानोन्नत श्रीमन्यहाराजाधिराज श्री श्री श्री महाराज पृथ्वीनारायण साहबहादुर सम्सेर जङ्ग देवानाम सदा समर विर्जायनाम्.... स्वस्ति श्री सर्वोपमा योग्य श्रीकालु पाँडेकै प्राणाम् पूर्वक पत्रमिदं ञाहा कुसल ताहा कुसल चाहिये आगे इहाको समाचार भलोछ उप्रान्त पत्र आयो अर्थ मालुम भयो तनहुंकोटया माझिलाकन पारि ताछौं परंतु पिउठानि गुल्म्यालि लिकन मैले तनहुका सुर जान्या हो कि हजुर आउन्या हो भनि विंति गरि पठाइछस् सुन्यूं पिउठानि गुल्म्यालिकन... तनहुजा सबै काजका बंदोवस्त गरे विज्ञेषु पौष सुदि ११ रोज ६ मुकाम काठमाडौं शुभम्" (२८ डिसेम्बर १७७०) ।

(ख) "स्वस्तिश्री गिरिराज चक्रचुडामणि नरनारायणेत्यादिविविधविरुदावलि विराजमानमानोन्नत श्रीमहाराजाधिराज श्री श्री श्री महाराजे पृथ्वीनारायण शाह बहादुर शमशेर जङ्ग देवाना सदासमर विजयिनाम...स्वस्ति श्री सर्वोपमा योग्य. श्री कालुपाडे प्रमाणपूर्वक पत्रमिद् इहा कुसल ताहा कुशल चाहिये पत्र आयो अर्थ मालुम भयो. आगे यहाँको समाचार भलो छ. उप्रान्त पश्चिमतिरका राजाको र तनहुँको विधि विस्तार विंति गरी पठाइछस् सुन्यौं अरु पनि ताहाको षैषवर बुझ्दै विंति गरी पठाउँदै गर वांकि तनहुँका राजालाई व्यांसि राज गर्न्या होइन तनहुँका सुर चढन्यो हो भनि पेलिकन विंति गरेर तनहुँकासुर महा प्रवेश गरा वांकि गुल्मि पिउठाना ताँहाबाट मानिस पठाएर क्या मतलब छ त्यो निस्तुक बुझि विंति गरि पठाव. उप्रान्त चौबिसिका मानिस तनहुँका माझिला तर्दै आयाका मात्रै हुन् कि आजकल पनि आयाका छन. क्या मतलव महा आउछन्. त्यो निस्तुक बुझि विंति गरि पठा दांगले सल्ल्यानामहां हाल्याका ढाना उठ्याछन् भनि विंति गरि पठाइ छस् ठाना उठ्यैका भया त बढि हो त्यो मात्र निस्तुक होकि होइन त्यो खबर बुझि विंति गरिपठा. पिउिठाना जान्या सराजाम वक्सी पठाया बन्दो हो भनि लेवि छस्. पिउठाना जान कन त सम्मतले जालास् विज्ञेषु मिति माघ वदि ८ रोज ४ मोकाम कांतिपुर शुभम्" (९ जनवरी १७७१) ।

स्रोत : बाबुराम आचार्य, 'श्री ५ पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी', पृ. ४००-४०१ ।

## परिशिष्ट १७

## रणबहादुर शाहले किरात प्रदेशमा रहेका सुब्बा योगनारायण मल्ललाई लेखेको पत्र

"उप्रान्त सुम्भेस्वरको काजकन यस्तो मसलत पठाञुँ, सावन भित्र काज गर्न्याछन, भनिलेखि पठाञाथ्यु. बुझ्या हौ. ताहापछि सावनको दिन २१ जाँदा अभिमानसिं.पारथ भण्डारि आधा फौज समेत कविलासपुरबाट हिड्याछन्. सरुपसिं.रामकृस्न कंवर आधा फौजसँग कविलासपुर बस्याछन्. अभिमानसिंहहरु २ रात विचमा टेकि सावनका दिन २६ जाँदा सुम्भेस्वर धेर्न्या चांजो गरि गयाछन्.वैरिका आडबाट २०।२५ बन्दुक हान्याछन्. हाम्रा घेरा पुग्न पायाको रहेन छ, तेस्तैमा वैरि भागछे.लपटा दिंदा जना १६ काटियाछन. भाग्दा षेर मन्टो भाचिकन जना २ मऱ्याछन्.जमा जना १८ वैरी भऱ्या छन्. हाम्रा देविदत्त कोंपनिको सिपाहि १ ओडबाट छातिमा गोलि लागिकन ठहर षसेछ. जना ३ ढुंगा कांडको घा लागेछ. एस्ता तरहसित सुभेस्वर पत्ते भयेछ. सावनको दिन ३० जाँदा षवर आयो. देवताकन भेट चऱ्हाइ बढाइ गरिंउ. ताहां देवताकन भेट चऱ्हाव.बढाइ गर. इति संवत १८३४ साल श्रावण सुदि ८ रोध २ शुभम्"

"उप्रान्त तनहुँको फौज हाम्रो वश्री आउँदा तनहुँ कोट्याले स्वभेस्वर लियोथ्यो.पछि हान्न पनि पठाऱ्यु र वैशाखका दिन १२ जाँदो स्वमेस्वर हान्न बुढा दलमर्दन शाह बन्दुराना पारथ भण्डारी अम्बरसिंह राना जयकृष्ण कंवर इति (यति) गयाछन् ब्याहान दिषि (देखि) बन्दुक काँड ढुंगाको जुझ (यूद्ध) भएछः ब्यालुकिषेर भर माग्याछन्. सिव छेसवाको भाइ १ दुवरि चौधरीको भाइ १ वाँङ राइ १ समेत बिस सात (१४० जना) वैरि पक्रिया छन् ... स्वमेस्वर फत्य भयाको बढाइताहा सर्वत्र गराउ."

स्रोतः योगी नरहरी नाथ, इतिहास पत्रमा सन्धी पत्र संग्रह, वि.सं. २०२२, पृ. ३७६ ।

## परिशिष्ट १८

## हरकुमारदत्त सेनले हरिवंश जैशीलाई लेखेको पत्र

स्वस्ति श्रीश्वरचणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रवंशोद्धवसदासमाराधिवसांम्बशीव लक्ष्मीनारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमद्धरकुमारदत्तसेनदेवानांसदासमर- विजयिनाम्

आगे हरिवंश जैसीके साइलाटार आपनु मिर्दो जसिवेत धर्ति बृषजित आलले कमायाको सोहरा बाँधा बकसल मुरि ३ विजन्य तेकर रुपैया सिका ५० अक्षेरेपि पचास जब रुपै दे तब बाधा छुदै. बाधा जानेकौ अपने अम्बल करहु सेवामा रुजु रहु.

संवत १८३७ मिति जेष्ठ सुदि मुकाम बन्दिपुर शुभम् ।

स्रोत : महेशराज पन्त, 'पूर्णिमा', पूर्णाङ्क ५४, वर्ष १४, अङ्क २, वि.सं. २०३९, पृ. २१ ।

## परिशिष्ट १९

## हरकुमारदत्त सेनले भवानी शंकर उपाध्यायलाई लेखेको पत्र

स्वस्ति श्रीश्वरसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रवंशोद्धवसदासमाराधितसांम्वशीव- लक्ष्मीनारायण श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमद्धरकुमारदत्तसेनदेवानाम् सदा- समरविजयिनाम्

आगे भवानीशंकर उपाध्यायके वाधा बकसं भयो. कलेस्ति माडिमध्ये आपनु पायेलमध्ये आफ्ना साधथैको अम्बीटन्द्दा षेत मुरि ६० औ फेदिको षेत मुरि २० जम्म षेत मुरि ८० अक्षंरेपि षेत मुरि अषि तेकर मोल रुपैया ४०० सिक्का अक्षेरपि चार सय तेकर लगा डिहिसमेत बकसल. जब रुपैया देव त:व बाधा छुटै. आपन बाधा जानि अम्बल करहु पाबदु सेवामा रुजु रहुं.

संवत १८३८ साल फाल्गुणवदि ४ रोज ६ मुकाम ताकुं सुभम्

स्रोत : महेशराज पन्त 'पूर्णिमा', पूर्णाङ्क ५४, वर्ष १४, अङ्क २, वि.सं. २०३९, पृ. २१ ।

## परिशिष्ट २०

## हरकुमादत्त सेनले बलभद्र गौलीलाई लेखेको पत्र

स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीरामचन्द्रवंशोद्धवसदासमाराधितसांम्बशीव-लक्ष्मीनारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमद्दरकुमारदत्तसेन देवानाम सदा समर- विजयिनाम् - -


आगे वलभद्र गोलिके वंकसाल ज्याम्रुक मध्ये महारुद्र अधिकारीको षायल खेत मुरि ५० औं षवारी वोधा मध्ये षेत मुरि २० तेकर रुपैया सिक्का ३२७ अक्षरेषि तिनसय सताइस तेकर हिजो बाँधा षायामध्ये रहलपहल डिहि जग्गासमेत बाँधा कैके बकसल. आपने बाँधा जानिके अंबल करहु षाहु बसहु आसिर्वाद देहु.

मिति संवत १८३९ मार्ग वदि ४ रोज १ मुकाम गोलडाँडा

स्रोत : महेशराज पन्त, 'पूर्णिमा', पूर्णाङ्क ५४, वर्ष १४, अङ्क १, वि.सं. २०३९, पृ. २१ ।

## परिशिष्ट २१

### श्री ५ रणबहादुर शाह पाटनबाट बनारस जाँदा साथै गएका काजी परशुराम थापालाई तनहुँका राजा हरकुमारदत्त सेनले रामनगरबाट संवत १८५७ आषाढमा लेखेको श्याम मुद्रा (पत्र)



### पाठ


स्वस्तिश्रीश्वरचरणस्मरणपूर्वकरुपनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्री मन्महाराजधीराजश्रीश्रीश्रीश्रीश्रीमद्धरकुमारदत्तसेनदेवानां सदा समरविजयिनां

स्वस्तिश्री सर्वोपमायोग्येत्यादिराजभारासामर्थश्रीपरसुरामथापाकेषु आशीषपूर्वकपत्रमिदं, इहा कुशल. ताँहाँ कुशल क्षेम चाहिय जेहिते परमानन्द होयि. आगे ञहाको समाचार भलो छ. उप्रान्त. नेपालबाट..... बनारस पालाग्नु हुँदा षवर मिल्यो र गोडपसरासम्म पाषारीलाई मनुष्य पठाञाथिञुं तेस वीचमा डांकमा चांडो गरी पालाग्या गयेछ र जाँन्या मनुष्ले दर्शन पायेनन् र मनुष्य फिरि आउँदाका बीचमा डोला पनि ताँहाँ पालाग्या गयेछ काँहाँ हुनुहुन्छ कसो हो भनि अघि पनि तिमिलाई षत लेष्याको हो. त्यो मानिस् ढिलाउँदा चित्त अगुतायो र रंगनाथ पंडितलाई विदा गऱ्युँ पंडितबाट मालूम होला हामिले त हिजै देषि पनि सेवा गऱ्यैको हो आज पनि फर्मायाको सेवा गर्न्यै छौं.. हिजैदेषि तिमि हाम्रा हौ आज पनि तेस्तै देषि भर सभै तिम्रो राष्याको छ. जस्ता तरहका सेवाले ताँहाँ रीझ्नु हुन्या छ. सो अर्तो लिषि पठाव मीती सम्वत् १८५७ अषाढ सुदी २ रोज २ मु: रामनगर शुभम् -

स्रोत : योगीनरहरी नाथ, इतिहास पत्रमा सन्धिपत्र संग्रह, वि.सं. २०२२, पृ. १९ ।

## परिशिष्ट २२

## हरकुमारदत्त सेनले रामनगरबाट काजी परशुराम थापालाई लेखेको श्याम मुद्रा (पत्र)



### पाठ

स्वस्तिश्रीश्वरचरणसरोहरुस्मरणेत्यादिश्रीमद्रामचन्द्रवंशोद्भवसदासमाराधितसाम्बशिव लक्ष्मीनारायण.श्रीमन्महाराजाधिराज श्री श्री श्री श्री श्री मद्धकुरदत्तसेनदेवानाम् सदा समरविजयिनाम्-

स्वस्तिश्री सर्वोपमायोग्यराजभारासामर्थ श्रीपरशुरामथापाके आशिषपूर्वकपत्रमिदं इहा कुशल छ. ताँहाँ कुशल चाहिय आगे इहाँको समाचार भलो छ. उप्रान्त ताँहाँ विंति गर्‍याको र उताबाट मर्जि भयाको लैष्याछौं हामीलाई पनि येसो गर्न्या हो भन्न्या सल्लाह लेष्याछौं. आफ्नको तेस्तै हो.

हामिले पनि तेस ढुंगाको सेवा हीजै देषि गर्दै आँउ्. सधैं ददियै रह्यूँ आज र ताँहांबाट हामिलाई हिजो देषिका हाम्रा हुन् भनि सम्झ्या गये छ र. आज हाम्रा सामिल भया देषि. पछि तिम्रो पनि वन्ला भनि षातिर्ज्मा लेषि आये छ. हामि त हिजो पनि हाजिरै थिउ्ं आज पनि भयाका विषयले र कावुले हाजिरै छौं हाल षतको जवाव जलदी भेजना निमित्त चाँडो लिष्याको हो विशेष पछि ज्या होला कृस्न पंडित आँउँदामा लिषौंला मी.

सम्वत् १८५७ भादो वदी ११ रोज ४ मो. रामनगर शुभम्

स्रोत : योगीनरहरी नाथ, इतिहास पत्रमा सन्धिपत्र संग्रह, वि.सं. २०२२, पृ. १९ ।

## परिशिष्ट २३

### हरकुमारदत्त सेनले कृपाराम जोशीलाई लेखेको पत्र

अभिलेखको पाठ

छाप

(श्रीमद्‌हरकुमारदत्त सेनदेव)

श्री ५

शिव

श्री साम्बशिव

श्रीशांवशिव

श्री लक्ष्मीनारायण सहाय                                   दशखती रही

१) ॥ स्वस्ति श्रीश्वरचरणसी (स) रोरुद स्मरणेत्यादि श्री

२) मद्रामचंद्र वंश समुदभूत (भव) सदा समाराधित सा-

३) म्व शिवलक्ष्मीनारायणं श्रीमन्महाराजा धि-

४) राजश्रीश्रीश्रीश्री श्री मन्हरकुमार सेन दे

५) वानां सदा समर विजययिनाम ==

६) स्वस्ति श्री सर्वोपमायोग्येत्यादि श्री कपारा

७) म जोसिकेषु प्रमाणपूर्वक पत्रमिदं उप्रां-

८) त तिमि हाम्रा घरका ब्राह्मण हीजैदेखि हौ

९) आज पनि तिम्रो कुरो चौतारीया भाइले जाहिर ग -

१०) न्या तस अर्थ पत्र देखत षातीर जमासित अट-

११) काउका पुस्तक पात्रा लिकन ऽाहां आ -


१२) व तिम्रो वरदास्ती म गरुंला मिति माघ सुदि

१३) ५ रोज ३ मोकाम रामनगर शुभम् ......

स्रोत : मोहनप्रसाद खनाल, “पाँच ऐतिहासिक पत्रहरु” भ्वाइस् अफ हिष्ट्रि, भोलम ८, संख्या १, डिसेम्बर १९८२, पृ. ८५ ।

## परिशिष्ट २४

## राजा राजेन्द्रविक्रम शाहले वि.सं १८९९ माघ ४ गते पौवाली दलमर्दन अधिकारीको नाममा गरिदिएको लालमोहर



### पाठ

स्वस्ति श्रीमन्महाराजाधिराज...

आगे दलमर्दन अधिकारिके तनहुँका राजा तखतमा छँदै तनहुँसुरमा पौवा बनाई। ६० मुरि षेत् गुठि राषि आउन्या जान्या मानिसलाई पानि षउन्या गऱ्याको बीचमा पौवा विग्रन जाँदा मेरा वावु महाविर अधिकारीले जिर्णोदार गरि धनंजय पाध्यालाई पौवाली तुल्याई उसैका नाउमा गुठि गराई राष्याको थियो धनंजय पाध्य तिर्थ गर्न गयाको नआउदा उसका भाइले गुठ मात्रै षां छ पौवाको संभार गर्दैन संभार चिताइ नभया फेरि विग्रीयरा जांछ भनी तैले हाम्रा हजुरमा विन्ति पार्दा जाहेर भयो तसअर्थ अघिपनी पौवा विग्रदा जिर्णाद्वार गरि बनाएको तेरा वावुले रहेछ अव पनी पौवा ... विग्र्याको बनाई आउन्या जान्या मानीसलाई पानि षुवाई पौवाको संभार गर्नु भनी अघिको मोहर हानी तेरा जिम्मा गरिवक्स्यौं षातिरज्मासंग अघि देखि आहल्याका गुठि डिहिका पैदावारले पौवाको संभार गरि तेरा तजविजको पौवाली राषी हाम्रो जय मनाई पौवा गुठि चलाउन्या काम गर

इति सम्वत् १८९९ साल मिति माघ सुदि ४ रोज छ शुभम् -

स्रोत : रामबहादुर अधिकारी, भानुस्मारिका, वि.सं. २०६४, पृ. ४६।

## परिशिष्ट २५

## सेन राजाको पालामा तनहुँ दरबारमा रहेका पण्डितहरुको वंशावली

भट्ट भागावजू

भगिवंत खनाल

↓

रामकृष्ण खनाल (कान्छा) पाल्पा गएका

रामकृष्णले पुराण भनेकाले राजा मुकुन्द सेन प्रथमले पुराण भनेको दक्षिणा वापद पाल्पाको पूर्वी गाउँ विर्ता दिएछन् र पण्डित भन्ने पद पनि दिएछन् । अब उनीहरु खनालबाट पण्डित कहलिन थाले ।

वशुदेव पण्डित (जेठा) — तुलु पण्डित (कान्छा)

तुलु पण्डित (कान्छा) → वसन्त पण्डित, श्रीकृष्ण पण्डित, घागा, कान्छा (नाम थाहा नभएको)

श्रीकृष्ण पण्डित →

श्रीकृष्ण पण्डितलाई तनहुँका राजा भृङ्गी सेनले तनहुँमा ल्याएछन् । उनले भतिजा कमण्डलु सेनलाई पनि तनहुँमा साथै ल्याएछन् । श्रीकृष्ण पण्डित राजाका सल्लाहकार बने । राजाले उनलाई

घागा → तनहुँ आएका (जेठा) कमण्डलु पण्डित, नाम थाहा नभएको, श्रीकृष्ण पण्डित

तनहुँ आएका (जेठा) कमण्डलु पण्डित

↓

कर्ण पण्डित (साहिला)

↓

तुलसी पण्डित (कान्छा, ४ भाइमा कान्छा)

↓

विरु पण्डित (४ भाइमा जेठा)

↓

श्रीकृष्ण पण्डित (३ भाइमा माहिला)

↓

पुण्यशील पण्डित (३ भाइमा जेठा)

↓

लिला विलास पण्डित

↓

लक्ष्मी नारायण पण्डित

↓

लोकेश्वर पण्डित (गर्भे टुहुरो)

राजा त्रिविक्रम सेनको महामन्त्री उनलाई दमौली नजिक विर्ता दिइएको थियो । हाल सो विर्तामा केशरीराज पण्डित न्यायधिशको घर छ ।

↓

वैजनाथ पण्डित → हरिवंश पण्डित, श्रीधर पण्डित

श्रीधर पण्डित → वडागुरुज्यू पद पाएका प्राध्यापक जुनानाथ पण्डित (श्रीधरका नाती)

हरिवंश पण्डित

↓

प. प्रयागदत्त पण्डित

पृथ्वी विरविक्रम शाहको समयमा खुला प्रतियोगिताबाट राजदरबारमा राजपुरोहित

↓

गोपिनाथ पण्डित

↓

न्यायधिश अम्बिका प्रसाद पण्डित → न्या. शारदा प्र. पण्डित (जेठा), श्रीप्रसाद पण्डित (माहिला) (यो वंशावली यिनैबाट प्राप्त), शक्तिप्रसाद पण्डित (पूर्व सहसचिव), सर्वेश्वरी प्र. पण्डित (हाल अमेरिका)


श्रीप्रसाद पण्डित → सञ्जीव पण्डित, सञ्जय पण्डित

सञ्जीव पण्डित → सम्यक श्री पण्डित

स्रोत : श्री प्रसाद पण्डित सर्वोच्च अदालतका पूर्व रजिष्टार, काठमाडौं

## परिशिष्ट २६

## वि.सं. १८०४ मा राजा त्रिविक्रम सेनले गंगा बिष्णु पाण्डेलाई दिएको लालमोहर



### पाठ

स्वस्ति श्रीगिरिराजचक्रचूणामणिनरनारयणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत्- श्रीमन्महाराजधिराज- श्रीश्रीश्रीमत्त्रिविक्रमदेवानामसगर विजयिनाम् -आगे गंगा विष्णु पाडेके विर्ति चोकमा गरि दिया . . . साठि मुरि विर्ति बिस मुरि . . . असि मुरि विर्ति कै दिहल गाँव चोक चऱ्याडि समेत विर्ता कै दिहल . . .

इति संवत् १८०४ साल कार्तिक सुदि रोज ६ मुकाम्

(लालमोहरको वीच-वीचको अक्षर मेटिएर नबुझिएको)

स्रोत : डिल्लीराम मिश्र, नेपाल अधिराज्यमा तनहुँ, वि.सं. २०५८, पृ. ११५ ।

## परिशिष्ट २७

## त्रिविक्रम सेनले गुणानन्द पन्तलाई लेखेको पत्र

स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रवंशोद्धवसदासमाराधितसांम्वशीव-लक्ष्मीनारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीत्रिविक्रमसेनदेवानांम्सदा समर विजयिनाम्

आगे स्वस्ति श्रीगुणानन्द पन्तके कज्याइ भारा बकसल. मध्येश पर्वतका ठाला कज्याइ बकसल. बिन्ति चुकली ज्या गदन सो सहि. अर्को दोसरो बिन्ति चुकली कसैलाई नास्ति. कज्याइ दस्तुर खाइ सेवा करहि.

संवत १८२० मिति फाल्गुण सुदि ८ मुकाम तन्हौं

स्रोत : महेशराज पन्त, 'पूर्णिमा', पूर्णाङ्क ५२, वर्ष १३, अङ्क ४, पृ. ५० ।

## परिशिष्ट २८

## कामारीदत्त सेनले गुणानन्द पन्थलाई लेखेको पत्र

स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रवंशोद्धवसदासमाराधितसांम्बशीव-लक्ष्मीनारायणश्रीमन्महाराजाधिराज श्री श्री श्रीकामारिदत्तसेनदेवानाम सदा समर- विजयिनाम्


आगे श्रीगुणानन्द पंथज्यूके विर्तापकल भइल. जिले भर्यादपुर तमे चितावन् मौजे सहल्यैली गाव भरि सांघ सिवानकै केक दनहि भोगहि सिवाण्य बेतलव सर्व अङ्क पाय विसुधा बकस भइल. आप न विता जानि बसदि बसावहि. सेवा षिजमतिहा हाजीर रहदि.

संवत १८२७ साल भाद्रपदसुदि ७ रोज २ मुकाम बरंकोना सुभम् ।

स्रोत : महेशराज पन्त, ‘पूर्णिमा’, पूर्णाङ्क ५३, वर्ष १४, अङ्क १, वि.सं. २०३९, पृ. ५३ ।

## परिशिष्ट २९

## तनहुँसुर चण्डेनीथोकका जीम्मावाल मुखिया श्रीकृष्ण थापा मगरले मोही सन्तवीर थापालाई दिएको पुर्जी



### पाठ


स्वस्ति श्री तन्हौसुर चन्देनिथोक बस्ने जीमावाल मुषिया श्री कृष्ण थापा मगर आगे मेरा जीममा भीत्रको जलवीरे षेत ७० मधे संन्तवीर थापा मगरको रोपनि षेत मुरि ५ को वाली रु १।७८ पैसा आरुपानि षेत मुरि १२ को रु १।५५ नारिंवोटे षेत मुरि ४ को पैसा ५५ . . . ८७ साल वर्ष १ को वाली . . . ३।८८ पैसा मोहि सन्तवीर थापा मगर हस्ते बुझी तेस्को रसिद गरि दिया

इति संवत १९८७ साल चैत्र ३० गते रोज १ शुभम् ...........

स्रोत : तनहुँसुर चण्डेनीथोकका स्थानीय बासिन्दा नरध्वज थापाबाट प्राप्त ।

## परिशिष्ट ३०

## डिट्ठा कपिलिमणी उपाध्यायले थरी हरिलाल श्रेष्ठलाई लेखेको पुर्जी



### पाठ


स्वस्ति श्री तन्हौसुर लालबिहारका काम काज गर्न्या डिठा कपिलमणि उपाध्याय आगे तन्हौ हटिया बस्ने हिरालाल श्रेष्ठ के पुर्जि उप्रान्त अघि देखि साविकले गरी आयाको कारवारि काम र थरि काम गरि . . . षेत मुरि १५ को बालि मो रु ५।२५ र पल्यांखोलाको १।२० मध्येको धान मु १० को मो रु १० साविकले षाई आयाको काम गरि षानु भनि निज हिरालालाई पुर्जि गरि दियां

इति सम्वत् १९६३ साल बैसाक गते ५ रोज ३ सुभंम............

स्रोत : तनहुँसुर चण्डेनीथोकका स्थानीय बासिन्दा नरध्वज थापाबाट प्राप्त ।

## परिशिष्ट ३१

## कर्णेल शिवशंकर उपाध्यायले जेठाबुढा चन्द्रबीर थापालाई लेखेको पत्र



### पाठ


स्वस्ति श्री कर्णेल शिव शंकर उपाध्यायं) कस्ये पत्रम् आगे तन्हौसुरका जेठा बुढा चंन्द्रवीर थापा के यथोचित. उप्रान्त. मेरा उपास्या . . . मा दरीयाको कलैस्ती को कटुवा षेतः छ तेसैको . . . वारि पछीको डिहि समेत . . .सेर्मा लगाई उठाइ षादा हुँ भनि तिमिले विन्ती गर्दा जाहेर भयो तसर्थ निज कटुवाको वारी पट्टीको डीहीमा . . . दरियाको र कसैको षान्गीमा दरिएको रहेनछ भन्या. निज डिही तिम्रा उपास्या षान्गीमा दरि दियू मुनासीवको सेर्मा लगाई उठाई षान्या काम गर


इति सम्वत् १९३४ साल मिति प्रथम जेष्ठ सुदी ४ रोज सुभम्

स्रोत : तनहुँसुर चण्डेनीथोकका स्थानीय बासिन्दा नरध्वज थापाबाट प्राप्त ।

## परिशिष्ट ३२

## तनहुँ भगवती गुठी बारे वि.सं १८३४ को पत्र






स्रोत : मालपोत कार्यालय, तनहुँ ।

## परिशिष्ट ३३

### राजा सुरेन्द्र विक्रम शाहले वडा दशैं र चैते दशैंमा रितिरिवाज अनुसार तनहुँसुरको खड्ककालिका देवताको पुजा चलाई जय मनाउन भनी गरिदिएको लालमोहरु



श्री खड्ग कालीका १ विष्णु २ माहादेव ३ भगवती ४ श्री चण्डी ५ पावा गुठी ६

स्वस्ति श्री गिरिराज चक्रचुडामणी नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराजाधिराज सुरेन्द्र विर विक्रम साह वहादुर सम्सेर जंग देवानाम सदा समर विजयीनाम — — — — — —

आगे शिवशंकर उपाध्याके तन्हौंसुरका वडा चैते दसैं र दसैंघर का २ का नित्य नैमीत्येक पुजा धुप दीप नैवेद्य सुमारको मलियेत माद्दरीयेको आमदानीले अघी देखी चली आयाका रितसँग पुजा चलाउनु भनी १९०३ साल मा तेस कामको लाई अख्तियारी को लालमोहोर गरी बकस्याको हो लेखीयाबमोजीम अघी देखी चली आयाको रितसँग पुजा चलाईरहेका छु त्यहाँ को दसैलाई अघी देखी आजसम्म लालमोहोरले दरीयेको तेस तन्हौंको वाहविर्तलपाको मुखीयाको हैडकुडपैचरखतको आमदानीले रसाउने फाउका पैसा मा पनी साल वसालका जाँचकी हजुरले खिचोलो गर्दा रह्याछन तेसै तन्हौंका २—३ का गुठीका जग्गा खेतपाखा रह्याकैछन पुजा पनी जस्ताको तस्तै चल्देन न पौवा देवलाये हरू पनी पैदेन नभये मेरा तालुक गरी बकस्या अघी देखी चली आयाको पुजा चलाई भतके बिग्रेको पौवा देवलाये बनाई सर्कारको जय मनाउदा हुँ भनी तिमीले श्री प्राइम मिनीस्टर थ्रोइरइनचिफ जनरल जंगवहादुर कुँमर राणा मार्फत हाम्रा हजुरमा बिंती पार्दा जाहेर भयो अब उप्रान्त तन्हौंका वडा दसैं चैते दसैं दसैंघरको नित्य नैमीत्येक पुजा धुप दिप नैवेद्य सुमारको मामलो येति निमीत्त दरीयेको खेत पाखो को पैदावार निज पाखोको साउनेफाउ दरीयेको वाहविर्तलपवितोका अघी देखी चली आयाको रितका हैडकुड पैचरखतका आम्दानीले अघी देखी चली आयेको रितसँग दसैं चलाउनु दसैंघरको सुमार हरूले आजसम्म खाई पाई आयाको मामलो नेगदस्तुर दिनु २—३ कार पौआका आजसम्म रह्याका गुठका जग्गाले नित्य नैमीत्येक पुजा चलाई देवलय पौवा भतके बिग्रेको बनाई पौवा मा पानी राखी त्यो वाटा हिड्नेलाई पानी खुवाई जय मनाउनु अघी देखी त्यहाँ दसैंलाई दरीयेका थुं थुं वाट चाहीयेको रागो बोका ली दसैं गर्नु थुं थुं वाट पनी नआउका उनु अमालीबिचारी रकमीनको दसैं मार पुजा मा दरीयेको गुठीका खेत पाखा मा रकम मा खररखिचोलो नगर्नु गुठीका पाखा मा विर्ता दरीयेका विर्ता गुठी वाटै चलन गर्नु आजसम्म चली आयेको कतै नघटाई चलाउनु २—३ गुठीका सिरवर स्याको जगेरा राख्नु औ दसैंका काजमा दरीयेका सुमारे घर घर गैह्रले साल वसाल थमौती गरी खानु भन्या वैदेजको थिती मिलाई अखत्यारीको लालमोहोर गरी बकस्यौं आफ्ना रनाती रजामासँग अघी देखी चली आयाको पारा पुर्वको रितसँग दसैं गरी पुजा चलाई हाम्रो जय मनाउने काम गर — — — — — — — — —

दसैंघर्को १ को नित्ये नैमीत्यक पुजा के

दोभाने खेत — ६५ — ७०

एै को दुम्रे खढ समेत — २८।

पाथर कोरु — २१.

कलैंङ नाथु भट्को डिहि १ कोरु — ७।।

मोतीडाडा पिउखर्के कोरु — ३।।

दुरुम चुम विहा गाउ १ तपर गाउ जैमा गाउ २ कोरु — ५।।२

क्यामीन पाथर गाउको साउने फाउ समेत — ७।।

पाहरे घाट्कोरु — ९।

आम्बोटे डिहि कोरु — २००

बोहोराको खोंगी खेत — २।

रानाको खोंगी खेत — २०

खड्मोलनेको खोंगी ए — १२०

कलम्पाउना भेडउलो खेत पाखो लग्गा पात समेत — २०

उपासेको लग्गा पाखो समेत — १०

दुधकुभीडे खेत पाखो लग्गा पात समेत — ६०

२ को गुठी सीकल्या फार — ६०

३ को गुठी सी कल्या फार — १२०

४ को गुठी पल्खोड खोला पाखो लग्गा पात समेत — ६०

५ को भगवती खेत लग्गा पात समेत — ३०

६ को पाखो लग्गा पात समेत — ६०

पौवा गुठी आहाले चालीस्य खेत पाखा समेत — ४०

वाढलाउन्या खोंगी खेत — ३०

कटुवाले खोंगी खेत — ५

साकीमिझारके खोंगी खेत — १५

कुसुल्याके खोंगी खेत — १०

मिझार दमैके खोंगी खेत — १२०

नगरा वा नादार के खोंगी खेत — ५

पात दाउरा ली क्यास गर्नाके खोंगी १८०३ सालमा कालीमगरनीले विह्राएको तन्होंसुरको विह्रो गरेको खेत — ५

पुरेता खोंगी खेत सारकरको विह्रो ढनराज थापाले विह्राएको खेत — ४०

ईतीसम्वत १८०४ साल मिती माघ सुदी ५ रोज ६ सुभम

**पाठ**

श्रीखड्गकालीका १ विस्नु २ माहादेव ३ भगवती ४ श्री चण्डी ५ पौवागुठी ६

स्वस्तीश्रीग्रिराजचक्रचुडामणीनरोनारायेनत्यादीविवीधविरुदावलीविराजमानोनतरश्रीमनमाहाँराजधिराजश्रीश्रीश्रीमाहाराजसुरीन्द्रविरविक्रामसाहाँवहादुरसमसेरजंगदेवानामसदासमण विजयेनाम ------------------------------------------

आगेशिवशंकर उपाध्या कै तन्हौंसुरका बडा चतेदसै र दसैघर्का-२ का नित्येनैमीत्येक पुजा धुपदीप नैवेदे सुसारेको मलियेत्मा दहीयेको आमदानी ले अघीदेखी चली आयाका रितसंग पूजा चलाउनु भनी १९०३ सालमा तेस कामकोलाई अखतियारीको लालमोहोर गरी वक्स्यको हो लेखीया बमोजिम अघीदेखी चलीआयाको रितसंग पूजा चलाई राखेको छु त्यहाँको दसैंलाई अघीदेखी आजसंम लालमोहोरले दरीयेको तेसतन्हौंको बाह्रवितलपको मुखीया को डंड कुंड पंचखतको आमदानीले र साउनेफागुका पैसामा पनी सालवसालका जांचकीहरुले खिचोलो गर्दा रह्याछन् तेसै तन्हौंके - ३ - ३ का गुठीका जग्गा खेत पाखा रह्याके छैन पुजा पनी जस्ताको तस्तै चल्दैनन पौवादेवलायेहरु पनी चल्दैन न सबै मेरा तालुक गरी बक्स्या अघी देखी चलीआयाको पुजा चलाई भतके बिग्रेको पौवा देवलाये बनाई सर्कारको जये मनाउदा हुंम भनी तिमीले श्री प्राईम्मिनीस्टर यांडरइनचिफ जनरल जगबहादुर कुमार मार्फत हाम्रा हजुरमा विंती पार्दा जाहेर भयो अब उपांन्त तन्हौंका वडादसैं चैतेदसैं दसैघर्का नित्येनैमीत्येक पुजा धुप दिप नैवेदे सुसारेका मामलीयेत निमित्त दह्रीयेको खेतपाखोको पैदवार निज पाखोको साउनेफागु दह्रीयेको बाह्रवितलव् विर्ताका अघी देखी चली आयाको रित डंड कुंड पंचखतका आम्दानीले अघी देखी चली आयाको रितसंग दसैं चलाउनु दसैं घर्का सुसारेहरुले आजसंम खाई पाई आयाको मामली नेग दस्तुर दिनु - २-३ कारपौवाका आजसंम रह्याका गुठका जग्गाले नित्ये नैमीत्येक पूजा चलाई देवलये पौवा भत्के विग्रेको बनाई पौवामा पानी राखी त्यो बाटो हिडनेलाई पानी खुवाई जये मनाउनु अघी देखी त्यहाँ दसैलाई दह्रीयेका थुं.थुं बाट चाहीयेको रांगो बोका लि दसैं गर्नु थुं.थुं.बाट पनी नअट्काउनु अमाली विचारी रकमी जाचकी दसैमा र पुजामा दह्रीयेको गुठीका खेत पाखामा रकममा खरखिचोलो नगर्नु गुठीका पाखामा विह्रायेका विह्नोये गुठीबाटै चलन गर्नु आजसंम चलीआयेको कत्ती नघटाई चलाउनु-२-३ गुठीका सेख रह्याका जगेरा राखनु औ दसैका काजमा दह्रीयेका सुसारे थर घर गैह्रले सालवसाल थमौती गरी खानु भन्यां वंदेजको तिथी मिलाई अखत्यारी को लालमोहर गरी बक्स्यौ आफना खातीरजामासंग अघीदेखी चलीआयाको परापुर्वको रितसंग दसैं गरी पुजा चलाई हाम्रो जय मनाउने काम गर — — — — — — —

दसैंघर्का - १ का नित्येनैमी त्येक पुजाके — — — — — — —

दोभाने खेत — — — — — — — ७०

ऐ. को डुम्रे बढ समेत — — — — — — — २८।

| | |
|---|---|
| पाथर कोरु — — — — — — — | २१. |
| कर्लुंङ नाथुभट्ट को डिही १ कोरु — — — — — — — | ७॥ |
| मोतीडाडा घिउखर्क कोरु — — — — — — — | ३॥ |
| दुरुमचुम् बिहा गाउ १ तपरगाउ जंमा गाउ २ कोरु — — — — — — — | ९॥२ |
| क्यामीन पाथरगाउको साउनेफागु समेत — — — — — — — | ७॥ |
| पाहारे घाट् कोरु — — — — — — — | १। |
| आम्बोटे डिही कोरु — — — — — — — | २. |
| वोहोराको खांगी खेत— — — — — — — | २०० |
| रानाको खांगी खेत — — — — — — — | २। |
| खड्ग मोलने के खांगी ऐ. — — — — — — — | २० |
| कलस्याउली मढेउली खेत पाखो लग्गापात समेत— — — — — — — | १२० |
| उपासेकेलग्गा पाखो समेत — — — — — — — | २० |
| दुध कुभींडे खेतपाखो लग्गा पात समेत — — — — — — — | १० |
| २ को गुठी संकल्या फाट— — — — — — — | ६० |
| ३ को गुठी संकल्या फाट— — — — — — — | ६० |
| ४ को गुठी पल्यांङ खोला पाखोलग्गा पात समेत— — — — — — — | १२० |
| ५ को भगवती खेत लग्गा पात समेत — — — — — — — | ६० |
| ६ को पाखो लग्गा पात समेत — — — — — — — | ३० |
| पौवा गुठी आहाले चालीस्ये खेत पाखा समेत — — — — — — — | ६० |
| वाढ लाउन्यो खांगी खेत — — — — — — — | ४० |
| कटुवाले खांगी खेत— — — — — — — | ३० |

सार्की मिजारेके खांगी खेत — — — — — — — ५

कुसुल्याके खांगी खेत — — — — — — — १५

मिझारे दमैके खांगी खेत — — — — — — — १०

नगरा वा नादार के खांगी खेत — — — — — — — १२०

पात दाउरा लीपपस गर्नाके खांगी १९०३ सालमा वाली मगर्नीले विह्राएको तन्हौंसुरको विह्रौठो खेत — — — — — — — ५

पुरेती खांगी खेत साखरको विह्रौटो धनराज थापाले विह्रायेको खेत — — — — ४०

ईतीसम्वत् १९०४ साल मिती माघ सुदी ५ रोज ४ सुभंम— — — — — — —

स्रोत : तनहुँसुर चण्डेनीथोकका स्थानीय बासिन्दा नरध्वज थापाबाट प्राप्त ।

## परिशिष्ट ३४

### वि.सं. १८९४ मार्ग महिनामा राजगुरु रङ्गनाथ पण्डितले उपास्य गंजे खनखवासलाई गरिदिएको लालमोहर



**पाठ**

स्वस्ति श्री गुरु पण्डित राज रंगनाथ पण्डित कस्ये पत्रम् आगे तन्हौसुर दरबारमा ढोकामा उपास्य षानगी षाई ढोकामा निजु बस्ने करविर दल गंजे षनषवास के यथोचित उप्रान्त तन्हौँ दरबार ढोकामा निजु बस्नु पर्व पर्वको आजा पुजा धुप दिप गर्नु दरबार चौघेरा हेर्नु दरबारमा गाई भैसी नौला मानिस पस्न नदिनु . . . कालिका माइको टहल गर्नु गदि धानि बस्नु कलसेउली मंगलेनी मोर्नु भाग्नु अजातमा गई भने भरना गर्नु भनि . . . बाट माना चावल बकसित भै वाजे बाबुका नाउमा भयाको लालमोहर दस्कत बमोजिम तन्हौं ढोकामा बसि वरिपरि आयाका काम चलाया कै छन हाम्रो ढोकामा बस्ने उपास्ये . . . षानगी कल्सेउली मंगलेनि भडारको काम समेत पजनि गर्छु भनि अमालि जानेहरुले साल बसाल हपकाई ... हपकि देखाई देषाई हाम्रो पाई षाई मायेको नेग दस्तुर चुरायो तेसरि लहगा सिधा घ्युं नुं तेल दाल दरै गाउँबाट आयाको पुरिया माछा दहि केरा मसला राघा बोका कौने पनि घटाई दिन्छुन् हामी सबैलाई पजनि गर्छु भनछन् मेरा ढोकामा वस्ता लाउने अल्षा पनि दियेनं भनि कलसेउली मंगलेहरुका मुषिया करबिरे दल गंजे षान षवासहरुले विंन्ति गर्दा ... का हुकुम मताविक ... ईनको वाजे वावुका पाला देषि षाईपाई आयाको षानगी नेग दस्तुर मंगलेनिको पर पजनि यसै तन्हौं ढोकामा उपास्ये षानगी षाई ढोकामा निजु बस्ने करबिर दल गंजेको दरसंतानको नाउमा थामि दीन भनि .. सरकारको हुकुम बमोजिम तिम्रो बाजे वाउका नाउमा भयेको रुका दस्कत बमोजिम म तिम्रो दरसनतान तन्हौं दर्बारमा बस्नु पर्व पर्वको आजा पुजा धुप दिप गर्नु दर्वार चौघेर भतके विगरेको सुधार्नु फुलवारि विरुवा सार्नु दर्वारमा गाई भैसि पस्न नदिनु नौला मानिस जोगि जालाधर पस्न नदिन मौला वाटो फुलपाति नौ गजुर कलश डोलि ढ्विने चलन गडि मैदान किपा चोक ... मैदान फुलपाति पर्छ ननिमित सफाई बनाउनु दसै काम रामरो गर्नु कल्सेउलि मंगलेनि मोरनु भागनु अजातमा पोइलो गइ भने भरना गरि काम चलाउनु तिम्रो अघि देखि षाईपाई आयाको ढोकामा बस्ने उपास्ये षानगी करबिरेको कुभिंदे दल गंजे भडारको काम षानगी कल्सेउली मंगलेनिको षानगी नेग दस्तुर चुरायो तेसरि लुगा अल्षा कलसको भेटि पर्व पर्वको सिधा घ्युं तेल नुं दाल पुरिया केरा दहि माछा मसला पर्व पर्वको वलकपात मंगलेनिको पजनि करबिरे नाउँमा थामि दियेको छ तिमि अमालि भै जानेले इनको पजनि गर्नु र नेग दस्तुर घटाई षा पाउदैनौ दिनु तिमि यात षवासले षानु मंगलेनि षानु दर्वारमा बस्नु पर्वपर्वको मंगल गावनु नौ गजुर कलस धाँनु परिआएको काम गर्नु काम गर्दा तलविज भै भगडा पर्‍यो भने अंतनजानु सर्षार साधनु निसाफ पाउला सोजा तिमी कल्सेउलि मंगलेनि षान षवास करबिर दल जंगेको दरसंतान तन्हौँसुर दर्वारमा . . . को जये जये मनाई बस

ईति सम्वत् १८९४ साल मार्ग सुदि ५ रोज शुभम् -

स्रोत : तनहुँसुर चण्डेनीथोकका स्थानीय बासिन्दा नरध्वज थापाबाट प्राप्त ।

## परिशिष्ट ३५

## राजा सुरेन्द्रले छाब्दीबाराहीको पुजारी लीलाध्वज आलेलाई गरिदिएको लालमोहर

श्री दुर्गाज्यू　　　　　　　　　　　　　　　　　　१ वाराही देवी

स्वस्ति श्री मन महाराजधिराज कस्य रुक्का

आगे तन्हौ कुन्हु गाउँ बस्न्या लीलाध्वज आलेके सोही गाउँमा १ उत्पन्न हुँदा आजसम्म हामीले नित्य नैमित्यक पुजा चलाई आएको छ । सो पूजा हामी सन्तान दरसन्तान पर्यन्त षेसमोस नगर्नु भन्या सनदो गरी पाया हुँदाहौं भनी तैंले २ र श्री मद्राजकुमार कुमारात्मज श्री कम्पाउण्डर इनचिफ जनरल रणउद्दीपसिंह कुँवर राणा मार्फत हाम्रा हजूरमा बिन्ती पार्दा निज १ उत्पन्न भयादेखि तिम्रा घरको खर्च लगाई नित्य नैमित्यक पूजा चलाउनज्यालसम्म दरसन्तान षोसमोस नास्ति गरी पूजाहारीको लालमोहर गरी बक्स्यौ । आफ्ना खातिरजामासँग पुजाहारी जानी आफ्नु घरको खर्च लगाई निज १ को नित्य नैमित्यक पूजा गर भन्ने लालमोहर गरी बक्स्यौ । इति संवत १९३१ साल मिति फाल्गुण वदी ८ रोज १ शुभम् ।

श्री मदति प्रचण्ड भुज दण्डेत्यादि श्री श्री श्री महांराज जङ्गबहादुर राणा

जी.सी.सी. आण्ड जि.सी. यस.आइ.थोङ लिङ्

पिड्याको काङवाङ् म्यान प्राइममिनिस्टर एण्ड कमाण्डर इनचिफ
मार्फत : महाराज जङ्गबहादुर राणा
मार्फत : श्री कमाण्डर इनचिफ जनरल श्री धीरशंशेर जङ्गकुंवर राणा
मार्फत : पश्चिम तर्फका कम्पाउडिङ जनरल श्री जगतशंशेर
मार्फत : गुरुराज नगेन्द्रराज पण्डितज्यू
मार्फत : गुरुराज अमरराज पण्डितज्यू
मार्फत : चौतरिया रणसेर शाह
मार्फत : संसेरजङ्ग शाह
मार्फत : गुरुपुरोहित खजाञ्ची वामदेव पण्डितज्यू
मार्फत : कम्याण्डर कर्णेल सनकसिंह टण्डन लाहुरी छेतृ
मार्फत : वृगेडियर कर्णेल रणसिंह सिजापति छेतृ

स्रोत : धर्मराज थापा, तनहुँ फूलबारी, वि.सं. २०५६, पृ. २५७ ।

## परिशिष्ट ३६

## नुवोकोट सातत्तले दरबारको मूल ढोकामा रहेको पृथ्वीनारायण शाहको अभिलेख

(१) ॥ स्वस्ति श्रीगणेशाय नमः ॥ ॥ पारावारद्धिरधरणीनायकै : १६८४

(२) सम्मितेब्दे राधे मासि त्रिदशगुरुणा ऽ धिष्ठिते भेषराशौ । नेपालेशान्स-

(३) पदि विगताहङकृतींस्तान् विरच्य पृथ्वीनारायणनृपतिना निर्म्मितन्दुर्ग्ग-

(४) रत्नम् ॥१॥ त्रिविक्रमो नाम नरेन्द्रकेशरी त्रितुङ्ग भूमीधर भूमिभूषणः ॥

(५) निबध्य पेनायसविञ्जरे हठान्निवेशितो ऽ नु ग्रहतो विसर्ज्जित : ॥ २ ॥ शङ्क-

(६) रीचनगरीम्प्रतियाताशुल्कहारिषु विधित्सुरनिष्टम् ॥ योवधीत्पथि तुरु-

(७) ष्कनरेशान् तस्य को नु कथवेद् गणचर्च्याम् ॥ ३ ॥ शुभम्भूयात् ॥

स्रोत : धनबज्र बज्राचार्य, टेकबहादुर श्रेष्ठ, नुवाकोटको ऐतिहासिक रुपरेखा, वि.सं. २०६३, पृ.२८ ।

## परिशिष्ट - ३७

## तनहुँका राजा त्रिविक्रम सेनलाई पृथ्वीनारायण शाहले गरिदिएको धर्मपत्र

**(१८२०)**

(क)

श्री दुर्गा

श्री पंचायनदेव

पत्र सही

स्वस्ति श्रीश्वरश्चरणस्मरणपूर्वकरुपनारायेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत.श्रीमन्महाराजाधिराज श्री श्री मन्त्रिविक्रमसेनदेवकन. लि. स्वस्ति श्री गिरिराजचक्रचुणामणिनरनारायेणेल्यादिविविध-विरुदावली-विराज-मानमानोन्नत-श्रीमन्महाराजाधिराज-श्री श्री मत्पृथ्वीनारायण शाहदेवले धर्मपत्र चह्राञा.. तनहुँ सिर्कोट भिर्कोटसुद्धा पाल्पा दरोबस्त चह्रायाँ. त्यो मार्न नपसु. थामन नपसु त. सात वाह्मन सात गाई मार्‍याको पाप र ... ताको कुदृष्टि. नाहिं मार्न पसु. थामन पसु त सात ब्राह्मण सात गाई पाल्याको पुण्य र ... ताको सुदृष्टि. यो बंद तनहुँले गोर्षासँग घा राषंजिसम्म.

संवत १८२० मिति ज्येष्ठ वदि ७ रोज ४ शुभम्

## गोरखाका राजा पृथ्वीनारायण शाहलाई त्रिविक्रम सेनले गरिदिएको धर्मपत्र

**(१८२०)**

(ख)

श्रीदुर्गा

पत्रसदी

श्री पंचायनदेव

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारयणेत्यादिविविधविरुदावलीविराजमानमानो न्नत-श्रीमन्महाराजाधिराज-श्रीश्रीश्रीमत्पृथ्वीनारायणशाहदेवकन. स्वस्ति श्रीश्वर (स्)मरणपूर्वकरुपनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत-श्रीमन्महाराजाधिराज-श्रीश्रीश्रीमत्त्रिविक्रमश्येनेदेवले धर्मपत्र चह्राञा . लंवजुं कास्कि दरोबस्त चह्राञा. त्यो मार्न नपसु थाम्न नपसु त सात ब्राह्मण सात गाई मार्‍याको पाप र ..... ताको कुदृष्टि. नाहिं त्यो मार्न पसु त सात ब्राह्मण सात गाई पाल्याको पुण्य र ..... ताको सुदृष्टि. यो बंद गोर्षाले तनहुँसँग घा राषंजिसम्म. संवत् १८२० जेष्ठ वदि ७ रोज ४ शुभम्

स्रोत : ज्ञानमणि नेपाल, नेपालनिरुपण, वि.सं. २०५५, पृ. ११९-१२० ।

## परिशिष्ट ३८

## पृथ्वीनारायण शाहले तनहुँको बन्दिपुर विजय गरेको खुशीयालीमा श्री कृष्ण पाठकलाई लेखेको पत्र ।

"स्वस्तिश्री गिरिराजचक्रचुडामणि नरनारायणेत्याद विविध विरुदावली विराजमान मानोन्नत श्री मन्ममहाराजाधिराज श्रीश्रीश्रीमत्पृथ्वीनारायण शाह देवानां सद्दा समर तांहा कुशल चाहि पत्र आयो अर्थ विदित भयो आगे ञाहाको समचार भलो छ उप्रान्त नेपालको समाचार विस्तार विंति गरि पठायाछौ. सुन्यौं उप्रान्त वंदिपुरबाट वैरि भाग्यो षुँडा पनि पऱ्या बिस छ लमजूंग्या ठहरै षस्या हाम्रो फउज महिवोल ब्यांसी सम्म पुग्यो आज उप्रान्त ज्याज्या होला सो पठाउंला तांहां पुढो सर्वत्र ठाना पुढो बढाई गराउ उप्रान्त षाइकन जो ठाना कुर्धन त्यो को हो त्यस्ताको सास्ति गर्न्यैछ : सेवा जाहेर हुँदैन भनि विन्ति गरि पठायाछौ सेवा जाहेर भयेको छ : तिमि भन्याका भला मनुष्य हौ सेवा माहा कम गर्न्या छौन भनी हांम्रां पेटमाहा छदै छ तांहांको संम्भार बनाइ गर : किमधिक विज्ञषु माघ सुदि छ रोज १ मुकाम गोर्खा माडी शुभम्" - (१२ फेब्रुअरी १७६९)

स्रोतः बाबुराम आचार्य, 'श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी', पृ.३६९ ।

## परिशिष्ट ३८

## त्रिविक्रमसेनले देवानन्द उपाध्यायलाई लेखेको पत्र

**श्री सांबशिवः**

**श्री लक्ष्मीनारायणः सहायः**

(१) ॥ स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादि श्री रा
(२) मचंद्रवशोद्भव सदा समाराधीत सांवशिव लक्ष्मी
(३) नारायण श्रीमन्महाराजाधिराज श्री श्री श्रीमन्भूप
(४) वर त्रिविक्रमसेनदेव देवानां सदा समर बिजयि
(५) नाम ..................................
(६) स्वस्ति श्री सर्वोपमाज्योग्य राजभारा सामर्थ श्री
(७) देवानंद उपाध्याकेषु प्रणामपूर्वक पत्रमि
(८) दं इहा कुशल तहा कुशल चाहीय आगे इ
(९) हाको हकीगत भलो छ उप्रांत इहा तनहुँ
(१०) लम्जुं पल्या बसी मतो गरी सरदार सुद्धा फ
(११) उद् आयो तहाका तिमी श्रेष्ट हौ तीनै नेपा
(१२) लको एक चित्त गरी कार्य उठाव इहाकन
(१३) सोच पठाइदेउ नेपालको उद्धार जौन प्रका
(१४) र गरी वंदछ आफु प्रवीणै छौ विज्ञेषु किम

(किनारमा)

धिकमइतः चैत्र वदि रोज २. मु. देवघाट शुभम् =

स्रोत : सूर्यमणि अधिकारी, तनहूँ राज्यको इतिहास, पृ. ९२-९३ ।

## परिशिष्ट ३९

## त्रिविक्रम सेनले इटालिका पोप बेनेदित्तोलाई लेखेको पत्र

पत्र श्री श्री वनिदत्ता वडा साहेव वडागुरु के पहुंचे स्वस्ती ॥ श्री श्री श्री वनिदत्त वडा साहेव वडागुरु लि ॥ स्वस्ती ॥ श्रीश्वरचरणस्मरणपूर्वक रुपनारायनेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्रीमत्त्रिवित्रम सेन देवानां सदासमर विजयिनां इत सलाम पूर्वक पत्रमिदं इहा कुशल छौ तांहा कुशल चाहिये इहाको समाचार निकोछ पादरि त्राङकुल्ल सरदारको हामिसित मुलागाद भेटभयो हामिले दुइ पादरि इहा वस्न कहि विंति गरिञुं र हामि राजा प्रजा सबै षुसि भञु इहा विंति गर्दा पादरि त्राङ्कुल्ल जिउले इहा त जो आयाका छौ स्रोत ठेगाना ठेगाना वस्याकाछन् उहा वडासाहेव वडा गरु छेउ विंति गरि पढाव भन्दा र आफु लेख्याको छ जसो गरि कहि सर्वत्र धर्म चलायाको छ तसैगरि इहापनि धर्म चलावनु होला त्राङ्कुल पादरि जिउले ज्ञांको पुस्तक बक्षायार षुसिभञुं इहा जो पढावनु होला आवनु सो खुसि माहा रहनन जो पादरिजिउ इहा आवनन तनको ज्ञान बुद्धि साच मानौला तिनले भन्याको कुरोमिथ्या हवैन विशेष अर्थ त्राङ्कुल्ल पादरिजिउका लिखाले मालुम होला मिति माघशुदि १४ रोज मुकाव घाट ॥ शुभं

स्रोत : मोहनप्रसाद खनाल, सेनराज्यको राजनैतिक इतिहास, पृ. १६५ ।

## परिशिष्ट ३

## अन्तर्वार्ता तथा साक्षात्कारका लागि खुल्ला प्रश्नावली

## 'तनहुँको ऐतिहासिक अध्ययन (वि.सं १६१०-१८३९)' शीर्षकमा विद्यावारिधि शोधकार्यका लागि तयार पारिएको प्रश्नावली)

व्यक्तिको नाम/परिचय: उमेर : ठेगाना :

१. तनहुँका राजाहरु कुन वंशका थिए ? र उनीहरु कहाँबाट आएका थिए ? तपाईलाई थाहा छ ?

..........................................................................................

२. सेनहरुले राज्य गर्नुभन्दा अगाडि तनहुँमा कसले राज्य गर्दथे सुन्नुभएको छ ?

..........................................................................................

३. तपाईले सेन राजाको राजदबार देख्नुभयो ? कस्तो थियो ? र कहिले सम्म थियो ?

..........................................................................................

४. तनहुँका सेन राजाहरुको बारेमा के कस्ता कुरा सुन्न भएको छ ?

..........................................................................................

५. तनहुँसुर दरबार परिसरमा सेनकालीन ऐतिहासिक सामग्रीहरु के के छन् ?

..........................................................................................

६. तनहुँमा रहेका ऐ्तिहासिक मन्दिरहरु कहाँ र कति छन् ?

..........................................................................................

७. यी मन्दिरहरुमा पुराना अभिलेखहरु र मूर्तिहरु के कस्ता थिए ?

..........................................................................................

८. सेनकालीन हातहतियारहरु के के थिए ? र हाल के कस्ता छन् ?

..........................................................................................

९. यस्ता महत्वपूर्ण ऐतिहासिक सामग्रीहरु नष्ट भएर जानुको कारण के देख्नु हुन्छ ?

..........................................................................................

१०. मन्दिरहरुमा गुठी व्यवस्था छ कि छैन ? छैन भने मन्दिरको पूजा व्यवस्था कसरी चलेको छ ?

..........................................................................................

११. मन्दिरहरुमा पर्व पूजा वा जात्रा/मेला हुने भए कहिले र कसरी मनाइन्छ ?

..........................................................................................

१२. तनहुँमा सेन राजाको पालादेखि नै बसोबास गर्दै आएको जाति कुन-कुन होला ? तपाईलाई थाहा छ ?

.........................................................................................

१३. धार्मिक तथा ऐतिहासिक महत्वका वस्तुहरु मठ-मन्दिर, पाटी पौवा, चौतारा, धारा, इनार आदिको महत्व घट्नुको पछाडि के कारण देख्नु भएको छ ?

.........................................................................................

१४. यी मन्दिरहरुको पुनः संरक्षण र संवर्द्धन कसरी गर्न सकिन्छ ?

.........................................................................................

१५. तनहुँ राज्यको पतनपछि सेनहरु कहाँ गए होलान् ?

.........................................................................................

## परिशिष्ट ४

# तस्वीरहरु

तस्वीर नं. १ : हात्ती बाँध्ने ढुङ्गा, तनहुँसुर धरमपानी



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं. २ : क्षेत्रपाल देवता, तनहुँसुर भोरथोक



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

**तस्वीर नं. ३ : गद्दीचौतारा, तनहुँसुर**



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

**तस्वीर नं. ४: टुडीखेलमा रहेको तारा घर, तनहुँसुर**



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

**तस्वीर नं. ५ : सेनकालीन साना तोपहरु, तनहुँसुर**



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

**तस्वीर नं. ६ : सेनकालीन ठूलो तोप, तनहुँसुर दरबारपरिसर**



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं. ७ : सेन राजाले पानी खाने कुडापानी धारा, तनहुँसुर




स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं.८ : खड्ककालिकाको नौ गजुर भएको कलश, तनहुँसुर दरबार



स्रोत : स्थलगत अध्ययनको क्रममा स्थानीय बासिन्दा नरध्वज थापाबाट प्राप्त ।

**तस्वीर नं.९ : बिष्णु मन्दिर, तनहुँसुर दरबार परिसर**




स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

**तस्वीर नं.१० : राजा त्रिविक्रम सेनले विष्णु मन्दिरमा चढाएको घण्ट, तनहुँसुर दरबार परिसर**




स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं.११ : महादेव मन्दिरभित्र रहेको घण्ट, तनहुँसुर दरबार परिसर



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं.१२ : महादेव मन्दिर, तनहुँसुर दरबार परिसर



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं.१३ : भगवती मन्दिर, तनहुँ पाल्पालथोक




स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं.१४ : भगवती पानीको शिव मन्दिर, तनहुँ पाल्पाल थोक




स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं.१५ : चण्डीमाई मन्दिर, तनहुँसुर, चण्डेनी थोक




स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं.१६ : खड्ककालिका मन्दिर, तनहुँसुर दरबार परिसर



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं. १७ : संरक्षण गरेर राखेको दरबारको उत्तरतिरको भाग, तनहुँसुर दरबार परिसर



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं. १८ : ढोरबाराही मन्दिर, सुक्लागण्डकी नगरपालिका, तनहुँ




स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

**तस्वीर नं.१९ : छाब्दीबाराही मूर्तिको फोटो साथमा शोधकर्ता र पुजारी, व्यास नगरपालिका वडा नं. १०, तनहुँ**



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

**तस्वीर नं.२० : छाब्दीबाराहीको इतिहास लेखिएको साइनबोर्ड, व्यास नगरपालिका, तनहुँ**




## पाठ

सयौं वर्ष पहिले शिवजिको विर्यपान गर्न पुगेको माछालाई एक दिन माझिले जालमा पारेछ । माछाको पेट चिरेर हेर्दा माझिले एउटा जिवित बालिका फेला पारेछ । ति माझिको कुनै सन्तान नभएकोले ति बालिकालाई इश्वरका बरदान सम्झी राम्रोसंग पालन पोषण गरेछन् । दिनहरु बित्दै

गए, माझीलाई ति बालिकाले डुङ्गा चलाउन मद्दत गर्थिन । एक दिन ति बालिकाले पराशर ऋषिलाई डुङ्गा तार्न लाग्दा पराशर ऋषिले ति बालिकासँग सम्भोगको प्रस्ताव राखेछन् । ती बालिकाले पराशर ऋषिलाई 'म सानी छु, अनि दिउसो सम्भोग कसरी' भन्दा ति पराशर ऋषिले तिमीले केही चिन्ता लिनुपर्दैन, म अध्यरी रात जस्तै अन्धकार बनाई दिनेछु भनि तत्काल कुहिरा उत्पन्न गराई ति बालिकासंग संभोग गरेछन् । ति बालिका गर्भवति रहन पुगिछन । त्यस गर्भबाट वेदव्यासको जन्म भएछ । ति बालिका आफु कन्या मै आमा भै सबैको सामु नराम्रो हुन परेको गुनासो बेदव्यासलाई भनिछन् । वेदव्यासले भनेछन् "चिन्ता नलिनुहोस. आमा, म तपाईलाई यहाँबाट पूर्व दिशामा रहेको पवित्र ठाउँमा पानीको कुण्ड बनाई १०३ तिर्थस्थलको जल ल्याई त्यस कुण्डमा राखिदिन्छु । तपाईलाई कलियूगमा गएर छाब्दी बाराही देविको रुपमा पुजा अर्चना गर्नेछन् ।" भनि त्यस कुण्डमा पवित्र जल ल्याई स्थापित गरिदिएछन् ।

एक दिन साँझ बाराही देवी बालिकाको रुप धारणा गरि श्री जहर सिं आले मगरको गाइको गोठमा बास माग्न पुगिछिन् । ति बालिकाले बास माग्दा जहर सिं आले मगरले भनेछन् "नानि बास त बस तर खाने कुरा र ओडने ओच्छाउने भने केही छैन । म त यही मूढोको आगो तापेर रात काटदैछु", भन्दा ति बालिकाले भनिछन् "मलाई केही पनि चाहिँदैन, म बाराही देवि हुँ, तिमिले दिउसो माछा छोपेको कुण्डमा शिला भई उत्पन्न हुनेछु, तिम्रो सन्तानले मेरो नित्य पुजा अर्चना गर्नु, औशी, एकादशी र श्रावण महिनामा म गुफा बस्छु पुजा अर्चना नगर्नु र अरु तिथिमा सधैं मेरो नित्य पुजा गर्नु, भक्तहरुले चढाएको भेटीबाट नपुगे आफ्नो खेतीबाट भने पनि एक चिम्टी अक्षेता चढाउनु", भनी अल्पिनु भएछ । ति बालिकाले बताएको कुराले जहर सिं आले मगरलाई निन्द्रा लागे जस्तो भएछ । केही बेर निदाए र विउझिए पछि यताउति हेर्दा ति बालिका त्यस ठाउमा थिइनन् ।

उज्यालोको पर्खाइ पछि बिहान जहर सिंह आले सवेरै उठि ति बालिकाले भनेको कुण्डमा गएर हेर्दा एउटा शिला भेटेछन् । त्यस दिन देखि कुण्डको शिलालाई बाराही देविको रुपमा जहर सिं आले मगरले कुण्डको छेउमा सानो झाप्रो बनाई पुजारी भई पुजा अचर्ना गर्न थाल्नु भयो । १९९५ सालमा स्व. पुजारी मान बहादुर आलेले शिला भएका कुण्ड नजिकै सानो मन्दिर बनाई पुजा गर्न थाल्नु भएछ । वि.सं १९३१ सालमा स्व. राजा सुरेन्द्र विरविक्रम शाहदेवबाट स्व. पुजारी आलेलाई लालमोहर बकस गर्नुभएको थियो । हाल सम्म जहर सिं आले मगरको सन्तान दरसन्तानले नै पुजा गर्दै आएका छन् ।

**मन्दिर स्थापना देखि हाल सम्मका पुजारीहरु**

| क्र.सं. | नामथर | अवधि |
|---|---|---|
| १ | जहर सिं आले मगर | वि.सं १८००।२।९ देखि १८२९।८।२० |
| २ | मनध्वज आले मगर | वि.सं १८२९।८।२१ देखि १८५३।२।५ |
| ३ | श्री रणाध्वज आले मगर | वि.सं १८५३।२।६ देखि १८८७।३।२२ |
| ४ | श्री कहर सिं आले मगर | वि.सं १८८७।३।२३ देखि १९२०।९।२ |
| ५ | श्री लीलाध्वज आले मगर | वि.सं १९२०।९।३ देखि १९९१।९।२ |
| ६ | श्री मुढेलाल आले मगर | वि.सं १९५१।९।३ देखि १९८३।४।६ |
| ७ | श्री रामु आले मगर | वि.सं १९८३।४।७ देखि १९८७।३।५ |
| ८ | श्री मान बहादुर आले मगर | वि.सं १९८७।३।६ देखि २०७०।८।३० |
| ९ | क्या. कुल बहादुर आले मगर | वि.सं २०७०।९।१ देखि २०७०।९।१३ |
| १० | राम बहादुर आले, चोत बहादुर मगर, प्रेम बहादुर आले मगर | हाल मन्दिरका पुजारीहरु |

स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं.२१ : त्रिशुली र कालीगण्डकीको संगमस्थल देवघाट, तनहुँ



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं.२२ : मुकुन्द सेन प्रथमले स्थापना गरेको चक्रशिला, देवघाट, तनहुँ



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं.२३ : वाइससिडि चौतारा, तनहुँसुर, कुडापानी



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं.२४ : राजाको इनार, तनहुँसुर, दरबार परिसर




स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं.२५ : सेन राजाको पालादेखिको सिलिङ्गेको रुख, तनहुँसुर



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

तस्वीर नं.२६ : दरबार नजिकको गढी, तनहुँसुर



स्रोत : स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्ता स्वयंले खिचेको ।

# परिशिष्ट ५
# शब्दावली

रोट - चामलको पिठो घ्यूमा भुटेर बनाएको परिकार

ऐने पहरा - ऐना देखिने ढुङ्गाको पहरा

थरी - गाउँको मुखिया भन्दा एक तह तलको पद

द्वारे - राजाको अङ्गरक्षकको रुपमा दरबारको ढोकामा रहने पद

कुभिण्डे - तनहुँसुरको खड्ककालिका मन्दिरमा बडा दशैंमा पुजा गर्नको लागि नौ दिनसम्म कुभिण्डो उपलब्ध गराउने व्यक्तिको पद

तप्का - जिल्लाको सानो इकाई वा भाग

मंगल्यानी - वडा दशैंमा तनहुँसुर खड्ककालिकाको पुजा गर्दा मंगलगीत गाउँने महिलाहरु

पुरियापात - दमौली शेराफाँटको जग्गा कमाए वापत त्यहाँका स्थानीय दराइ मुखियाले वडा दशैंमा तनहुँसुरको खड्ककालिका पुजाको लागि तनहुँसुरको मुखियालाई बुझाउने बेठी । यसमा नौ घरी केरा, नौ पोका (पुरी) चामल, नौ पोका (पुरी), तील, नौ वटा बोका हुन्थ्यो ।

सिर्तो - प्रान्तीय शासकले केन्द्रीय सरकारलाई वार्षिक रुपमा दाल, चामल, घ्यु जस्ता खाद्यान्न बुझाउने कर ।

स्याहामोहर - राजा रजौटाले छाप लगाइदिएको कागज ।

मितछराको विवराध्याय - धर्मशास्त्र अनुसार लेखिएको न्याय व्यवस्था सम्बन्धी पुस्तक

वास्टे/उपासे - वडा दशैं र चैते दशैंमा खड्क कालिका मन्दिर भित्र पुजारीसँग बसेर पुजा गर्ने पद ।

तहसिल - उठती वा असुल उपर गर्ने काम वा अड्डा

# सन्दर्भ सामग्री सूची


Carol, K. (Ed.) (1996). *The Pursuit of Local History, Reading on Theory and Practice.* Mate Waa NJ: Alta Mira Press.

Goods, W. J. and Hatt, P. K. (1952). *Methods in social research*. New York: McGraw Hill Book. pp 237-238.

Hamilton, F. B. (1997). *An Account of the Kingdom of Nepal*. New Delhi: Asian Education Service.

Higham, J. (1984). Herbert Boxter Adams and the Study of Local History. *The American Historical Journal,* Vol. 89, No. 5, pp. 1225-1239.

Jenks, E. (1901), *A History of Politics.* Book on Demands.

Kirkpatrick, C. (1969). *An Accosssunt of the Kingdom of Nepal.* New Delhi: Manjushree Publishing House.

Krasner, S. (2004). Sharing sovereignty. *New Institutions for Collapsed and Failling States, International Security,* Vol. 29, No. 2, pp. 85-120.

Linda, L. (1980), Ittis: An Ethno Historical Study of Bandipur. *Contributions to Nepalese Studies*, Vol. 8, No. 1, pp. 81-125.

Lindell, J. (1997). *Nepal and the Gosple of God.* Kathmandu: The United Mission to Nepal and Pilgrams House.

Petek, L. (1958). *Medieval History of Nepal*. Rome: Institute Italian Per Al Medio and dotcom Orint.

Regmi, D. R. (1965). *Medieval Nepal*. Volume 1, Calcutta: Firma K. L. Mukhopadhyay.

. . . (1975), *Modern Nepal*. Volume 1 (Second Ed.), Calcutta: Firma K. L. Mukhopadhyay.

Regmi, M. C. (Ed.) (1970). Gorkha Tanahun Treaties 1763. *Regmi Research Series,* Year 2, No. 10,

. . ., (Ed.) (1971). *Regmi Research Series*. Year 3, No. 3, p 66.

. . ., (Ed.) (1978). *Regmi Research Series*. Year 10, No. 5.

. . ., (Ed.) (1988). "The Umarab: Regmi Research Series". Year 20, No. 6, 7, pp. 95-98.

Shrestha, T. N. (1989). *Nepalese Administration a Historical Perspective*. Kathmandu: Raino Publication.

Smolen, D. (2011). *Introduction to Local History Research.* Retrieved December 2, 2016, from https://www.slideshare.net/davidsmolen/introduction-to-local-history-research.

Stiller, L. F. (1981). *The Kot Massacre.* Kirtipur: Nepal and Asian Studies, Tribhuvan University.

. . . (1995), *The Rise of the House of Gorkhas*. Nepal: Human Researcher Development Research Central.

Thapa, K. B. (2053). "Religion Society of Nepal on the Eve of Unification". *Historiya*. Pokhara: Department of History and Culture, Prithivi Narayan Campus, pp 6-10.

Vaidya, T.R. (1981). "Death of Dharmadev." *Contribution to Nepalese Studies*. Kirtipur: Centre for Nepal and Asian Studies (CNAS), Vol. 8, No. 2, pp. 35-42.

. . . (1993), *Prithivi Narayan Shah, The Founder of Modern Nepal.* New Delhi: Anamol Publication.

. . . (2020). *Advance History of Nepal* (Revised Ed.). Kathmandu: Education Publishing House.

**देवनागरी**

अधिकारी, बमबहादुर (वि.सं.२०६९), *लमजुङको संक्षिप्त इतिहास,* काठमाडौं : मोलुम फाउण्डेसन ।

अधिकारी, रमेशचन्द्र (२०५७), *राजनीतिक दर्शनको इतिहास,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, रामबहादुर (वि.सं. २०६४), "महारानी तिलोत्तमाका महत्वपूर्ण कार्यहरु", *भानुस्मारिका,* चुंदिरम्घा : भानुजन्मस्थल विकास समिति, तनहुँ, पृ. ४४-४६ ।

अधिकारी, सूर्यमणी (वि.सं. २०४३), *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

. . . (वि.सं. २०५३), *पश्चिम नेपालको खस अधिराज्य,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

. . . (वि.सं. २०५५), *तनहुँ राज्यको इतिहास,* चितवन : चन्द्रप्रभा प्रकाशन ।

अमात्य, साफल्य (वि.सं. २०४६), *सांस्कृतिक सम्पदाको प्रारम्भिक सर्वेक्षण प्रतिवेदन २०४५/०४६,* काठमाडौं : पुरातत्व विभाग ।

आचार्य, बाबुराम (वि.सं. १९९७), "तनहुँको सेनवंश", *भानुभक्त स्मारक ग्रन्थ,* दार्जिलिङ्ग : नेपाल साहित्य सम्मेलन, पृ. ६०-७९ ।

. . . (वि.सं.२०२२), 'नेपालको संक्षिप्त वृतान्त', काठमाडौं : प्रमोद शमशेर वीरविक्रम प्यासी, पृ.७५ ।

. . . (वि.सं. २०२४), *श्री ५ वडामहाराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी (भाग-२),* काठमाडौं : श्री ५ महाराजाधिराजको प्रमुख संवाद सचिवालय ।

. . . (वि.सं. २०२६), *श्री ५ महाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी (ई.सं. १७२३-७५),* भाग-४, काठमाडौं : श्री ५ महाराजाधिराजको प्रमुख संवाद सचिवालय ।

. . . (वि.सं. २०२९ (क), "देवप्रयागका पण्डा तेवारीको खातावहीमा", *पूर्णिमा,* पूर्णाङ्क-२७, वर्ष-७, अङ्क-३, पृ. १६२ ।

. . . (वि.सं. २०२९ (ख), "गोरखा विजयकालका घटना", *पूर्णिमा,* पूर्णाङ्क-२७, वर्ष-७, अङ्क-३, पृ. १६३-१७४ ।

. . . (वि.सं. २०६०), *श्री ५ प्रतापसिंह शाह,* काठमाडौं : श्रीकृष्ण आचार्य ।

. . . (वि.सं. २०६१), *श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी,* काठमाडौं : श्री ५ महाराजाधिराजको संवाद सचिवालय ।

. . . (वि.सं. २०६३), *नेपालको संक्षिप्त वृत्तान्त,* काठमाडौंः श्रीकृष्णआचार्य ।

. . . (वि.सं. २०६९), *जनरल भिमसेन थापा, यिनको उत्थान तथा पतन,* काठमाडौं : श्रीकृष्ण आचार्य ।

आचार्य, यज्ञनाथ (वि.सं. २०३९), *नेपालको इतिहास (वि.सं. १७९९-२००७),* काठमाडौंः कुञ्जन आचार्य ।

आचार्य, व्रतराज (वि.सं. २०६२), “तनहुँको अर्थ र अभिप्राय”, *चितवन-तनहुँ सन्देश,* वर्ष-१, अङ्क १,पृ. ८ ।

... (वि.सं. २०६६), “तनहुँको विद्वत परम्परा : केही तथ्य केही संकेत” (प्रारम्भ देखि सात सालसम्म), *तनहुँ सन्देश,* वर्ष-१, अङ्क-१,पृ. १२-२३ ।

. . . (वि.सं. २०७१), “पाल्पासँग भानुभक्तको पुर्ख्यौली पारिवारिक सम्बन्ध”, *चुँदिरम्घा,* वर्ष-२३, अङ्क-८,पृ. ३२-२९

उपाध्याय, अम्बिकाप्रसाद (वि.सं. १९७९), *नेपालको इतिहास र रामनगरको इतिहास,* बनारस : पं. देवीप्रसाद उपाध्याय ।

उपाध्याय, रामजी (सन् १९५०), *नेपालको इतिहास तथा दिग्दर्शन,* बनारस : सुब्बा होमनाथ केदारनाथ ।

उप्रेती, डिल्लीराज (अनु.) (सन् २०१३), *नेपाल हिन्दु अधिराज्यको इतिहास (भाग-१),* काठमाडौं : हिमाल किताब प्रा.लि. ।

कंडेल, देवीप्रसाद शर्मा (वि.सं. २०४२), *चितवन उपत्यकाको ऐतिहासिक रुपरेखा र अनुसन्धान परियोजना प्रतिवेदन,* भरतपुर : विरेन्द्र बहुमुखी क्याम्पस ।

. . . (वि.सं. २०५३), “चितवन कर व्यवस्था, अभिनव प्रस्तुती”, चितवन : शारदा नगर कलेज, पृ.२९ ।

. . . (वि.सं. २०६५), *चितवनको इतिहास (प्रथम भाग),* चितवन : श्रीमती लक्ष्मी कँडेल ।

कान्तिपुर सम्वाददाता (वि.सं. २०७५), “छाब्दीबाराहीमा मत्स्यदेवीकोमूर्ति”,*कान्तिपुर,*असार२८ ।

कैनी, प्रभादेवी (वि.सं. २०६३), *दराई जनजाती : एक अध्ययन,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

खनाल, मोहनप्रसाद (सम्पा.) (वि.सं. २०३०), *मध्यकालीन अभिलेख,* काठमाडौं : मोहन प्रसाद खनाल ।

. . . (वि.सं. २०३९), “पाँच ऐतिहासिक पत्रहरु”, *भ्वाईस अफ हिस्ट्री,* भोलुम-८, नं.१, पृ.८३-८६ ।

. . .(वि.सं. २०४०), *चाँगुनारायणको ऐतिहासिक सामग्री,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

. . . (वि.सं. २०६१), *सेन राज्यको राजनैतिक इतिहास,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

खत्री, टेकबहादुर (वि.सं. २०४१), *शाही नेपाली सेनाको इतिहास,* काठमाडौं : श्रीमती शारदा कुमारी के.सी. ।

खत्री, प्रेमकुमार (सन् १९८०), *नेपाली समाज र संस्कृति (प्राचिन, मध्यकालीन),* काठमाडौं : त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्र ।

गुरुङ्ग, जगमान (वि.सं. २०६१), *नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकी प्रश्रवण क्षेत्रका तीर्थस्थलहरुको विश्लेषणात्मक अध्ययन,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

घिमिरे, विष्णुप्रसाद (वि.सं. २०४५), *पाल्पा राज्यको इतिहास (भाग-१),* चितवन : पद्मा घिमिरे ।

. . . (वि.सं. २०५६),*पाल्पा राज्यको इतिहास' (भाग-२),* चितवन : चितवन अध्ययन केन्द्र ।

. . . (वि.सं. २०७०),*चितवनको ऐतिहासिक एवम् पुरातात्विक परिचय,* चितवन : सिर्जनशील अनुसन्धान केन्द्र ।

चोङजोङ, हर्कराज (वि.सं. २०६२), *मंगोल किरातहरुको उत्पत्ति,* ललितपुर : भरतमणि चोङजोङ ।

जि.सी., सूर्यबहादुर (वि.सं. २०७०), "पूर्वमध्यकालीन नेपालका गण्डकी प्रदेशका विषयहरु", *हिसानजर्नल,* नं. १, भोलुम १, पृ. ११९-१२२ ।

जोशी, इन्दिरा (वि.सं.२०६३), *वडाकाजी अमरसिंह थापा र बृहत नेपाल,* काठमाडौंः इन्दिराजोशी ।

ज्ञवाली, सूर्यविक्रम (वि.सं. २०३३), *श्री ५ पृथ्वीनारायण शाह (परिवर्तित तथा संशोधित),* दार्जिलिङ : नेपाल साहित्य सम्मेलन ।

तनहुँ सेनराजाको पालामा दरबारमा रहेका पण्डितहरुको वंशावली

थापा, अमृत बहादुर (वि.सं. २०५७), "तनहुँ जिल्ला : तनहुँसुर गाउँ विकास समितिमा रहेका मठमन्दिर तथा गुठी व्यवस्था एक अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र, पोखराः त्रिभुवन विश्वविद्यालय, इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस ।

थापा, कृष्णबहादुर, तिमिल्सिना, पार्थिवेश्वर र दाहाल, मदन कुमार (वि.सं. २०५४),*आधुनिक नेपालको आर्थिक इतिहास,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

थापा, धर्मराज (वि.सं. २०५६), *तनहुँ फूलबारी,* कास्की : उदयबहादुर गुरुङ्ग ।

थापा, रमेशजंग (सम्पा.) (वि.सं.२०२८),"नेपाल देशको इतिहास", *प्राचिन नेपाल,* संख्या १९, पृ. १-२४ ।

. . . (सम्पा.) (वि.सं. २०२९), "नेपाल देशको इतिहास", *प्राचिन नेपाल,* संख्या २१, कार्तिक, पृ. १-२८ ।

थापा, विनोद (वि.सं. २०७०), *राष्ट्रिय विभूति अमरसिंह थापा,* काठमाडौं : राष्ट्रिय विभूति अमरसिंह थापा प्रतिष्ठान ।

थापा (श्रेष्ठ) ,तिलु (वि.सं. २०७३), "२००७ सालको जनआन्दोलनमा बन्दीपुर", *हिसानजर्नल,* नं.-१, भोलुम-२, पृ. १००-१०६ ।

. . .(वि.सं. २०७५), "गण्डकी अञ्चलका मगर जातिको संस्कृति", *हिसान जर्नल,* नं.-१, भोलुम-४, पृ. ९८-१०५ ।

दास, वासुदेवलाल (वि.सं. २०६८), *मकवानपुरको ऐतिहासिक रुपरेखा,* विरगंज : भारती निलय ।

*देवघाट क्षेत्रको भौतिक विकास योजनाको प्रतिवेदन २०५२/०५३,* तनहुँ : देवघाट क्षेत्र विकास समिति ।

*देवघाट क्षेत्रको गुरुयोजना २०६४/०६५,* तनहुँ : देवघाट विकास समिति ।

नेपाल, ज्ञानमणि (वि.सं. २०५४), *नेपालको पूर्वमध्यकालको इतिहास,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

. . . (वि.सं. २०५५), नेपाल निरुपण, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

नेपाल सरकार (वि.सं. २०७५), *गाउँपालिका/नगरपालिकाको वस्तुगत विवरण तनहुँ,* राष्ट्रिय योजना आयोग केन्द्रीय तथ्याङ्क विभाग, कास्की : तथ्याङ्क कार्यालय ।

नेपाल सरकार (वि.सं. २०४७), भूमापन शाखा, तनहुँ जिल्ला, *टपोग्राफी नक्सा,* काठमाडौं : भूमापन महाशाखा ।

नेपाली, चित्तरञ्जन (सन् १९५७), "नेपाल र तिब्बतको सम्बन्ध", *प्रगति,* पूर्णाङ्क-१० ।

. . . (वि.सं. २०५६), *जनरल भिमसेन थापा र तत्कालीन नेपाल,* चौथो संस्करण, काठमाडौं : रत्नपुस्तक भण्डार ।

. . . (वि.सं.२०५७),*श्री ५ रणबहादुर शाह (तृतीय संस्करण),* काठमाडौं : रत्नपुस्तक भण्डार ।

न्यौपाने, काशीनाथ (वि.सं. २०७१), *महर्षि वेदव्यास (व्यास जन्मबारे खोजमुलक कृति),* दमौली : सुरेशनाथ न्यौपाने ।

पन्त, दिनेशराज (वि.सं. २०२५), "वि.सं. १८३२ देखि १८५८ सम्मको नेपालको इतिहासमा नयाँ प्रकाश पार्ने केही पत्रहरु", *पूर्णिमा,* पूर्णाङ्क-१७, वर्ष-५, अङ्क-१, पृ. ४७-५१।

. . . (वि.सं. २०४१), *गोरखाको इतिहास (भाग-१),* काठमाडौं : दिनेशराज पन्त ।

. . . (वि.सं. २०४३),*गोरखाको इतिहास (भाग-२),* काठमाडौं :दिनेशराजपन्त ।

. . . (वि.सं. २०४५),*गोरखाको इतिहास (भाग-३),* काठमाडौं :दिनेशराजपन्त ।

पन्त, नयराज, भण्डारी, देवीप्रसाद र बज्राचार्य, गौतमबज्र (सम्पा.) (वि.सं. २०२५), *श्री ५ पृथ्वीनारायण शाहका उपदेश,* ललितपुर : जगदम्बा प्रकाशन, ।

. . . (वि.सं. २०२८), *श्री ५ पृथ्वीनारायण शाहको उपदेश,* काठमाडौं : जगदम्बा प्रकाशन ।

पन्त, महेशराज (वि.सं. २०३९ (क), "तनहुँका राजा त्रिविक्रम सेनका दश अप्रकाशित पत्र", *पूर्णिमा,* पूर्णाङ्क-५२, वर्ष-१३, अङ्क-४, पृ. ४७-५१ ।

. . . (वि.सं.२०३९ (ख), "तनहुँका राजा कामारीदत्त सेनका दुई अप्रकाशित पत्र", *पूर्णिमा,* पूर्णाङ्क-५३, वर्ष-१४, अङ्क-१, पृ. १० ।

. . . (वि.सं. २०३९ (ग), "तनहुँका राजा हरकुमारदत्त सेनका सातवटा अप्रकाशित पत्र", *पूर्णिमा,* पूर्णाङ्क-५४, वर्ष-१४, अङ्क-२, पृ. १९-२१ ।

. . . (२०४० मार्ग), "तनहुँका गुणानन्द पन्तलाई लेखिएका चार अप्रकाशित पत्र", *पूर्णिमा,* पूर्णाङ्क-५४, वर्ष-१४, अङ्क-४, पृ. २५-२६ ।

. . . (वि.सं. २०४१), "टिपनका कुरा", *पूर्णिमा,* पूर्णाङ्क-६४, वर्ष-१६, अङ्क-४, पृ. १२-३३ ।

. . . (२०५६ आषाढ), "रामनगर सम्बन्धी दुईवटा पत्र", *पूर्णिमा,* पूर्णाङ्क-९७, वर्ष-२५, अङ्क-१, पृ. ५५-५६ । ।

पन्त, महेशराज र पन्त दिनेशराज (वि.सं. २०३७), "नेपाल खाल्टोमा पाल्पाली राजा मुकुन्द सेनको हमला", *पूर्णिमा,* पूर्णाङ्क-४५, वर्ष-१२, अङ्क-१, पृ. १-२४ ।

पन्त, शास्त्रदत्त (वि.सं. २०६४), *नेपालमा पन्तहरुको इतिहास,* काठमाडौं : ग्रामीण विकास प्रतिष्ठान।

पराजुली, कृष्णप्रसाद (सम्पा.) (वि.सं. २०७२), *नेपाली बृहत शब्दकोष,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पंगेनी, भवेश्वर (वि.सं. २०६४), *नेपालको प्रशासनिक इतिहास (वि.सं. १८२५-१९०३) (भाग-१),* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

. . . .(वि.सं. २०६५),*नेपालको प्रशासनिक इतिहास (भाग-२), पाल्पा गौँडाका दुई दशक (वि.सं. १८६१-१८८१),* काठमाडौं : श्रद्धा, स्रष्टा प्रकाशन ।

पाण्डे, तोत्रराज र पन्त, नयराज (वि.सं.२००४), *नेपालको संक्षिप्त इतिहास,* काशी : तोत्रराज पाण्डे ।

पाण्डे, भीमबहादुर (वि.सं.२०४१), *राष्ट्रभक्तिको झलक, (भाग-१),* काठमाडौं : रत्नपुस्तकभण्डार ।

पाण्डे, रामनिवास र रेग्मी, दिनेशचन्द्र (वि.सं. २०५४), *नेपालको पौराणिक इतिहास,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

पुराना अभिलेख तथा मिसिलहरु, मालपोत कार्यलय, कोठा नं. ३, दमौली, तनहुँ ।

पोखरेल, लक्ष्मी (वि.सं. २०५६), "धार्मिक स्थल देवघाटको एक ऐतिहासिक अध्ययन", त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय, इतिहास केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

पोखरेल, लक्ष्मी शर्मा (वि.सं. २०६१), "देवघाट धामको भौगोलिक अवस्थिति र यसको धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक महत्व", देववाणी देवघाटधाम विशेषाङ्क, काठमाडौं : देवघाट वैदिक, आध्यात्मिक सेवा परिषद्, पृ. ३३-४४ ।

पोखरेल (तिम्सिना), लक्ष्मी (वि.सं. २०७१), "देवघाट धामको ऐतिहासिक तथा धार्मिक महत्व", त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय, डीनको कार्यालय, कीर्तिपुर, अप्रकाशित विद्यावारिधि शोध-प्रबन्ध ।

बज्राचार्य, गौतमबज्र (वि.सं. २०२१), "नेपाली भाषामा फारसी, अरबी आदि मुसलमानी भाषाको प्रभाव", *पूर्णिमा,* पूर्णाङ्क-१, पृ. ३२ ।

बज्राचार्य, धनबज्र (सम्पा.) (वि.सं. २०१९),*इतिहास संशोधनको प्रमाण प्रमेय (पहिला भाग),* काठमाडौं : जगदम्बा प्रकाशन ।

. . .(वि.सं. २०२६), "गुहार युग", *मधुपर्क,* वर्ष-२, अङ्क-६,पृ. ३८-४८ ।

. . . (सम्पा.) (वि.सं. २०३०), *लिच्छवीकालका अभिलेख,* कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

. . .(वि.सं. २०५६),*मध्यकालका अभिलेख,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

बज्राचार्य, धनबज्र र श्रेष्ठ, टेकबहादुर (सम्पा.) वि.स. (२०३१),*दोलखाको ऐतिहासिक रुपरेखा,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

...(वि.सं. २०३२), *नुवाकोटको ऐतिहासिक रुपरेखा,* कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

...(वि.सं. २०३४), "लमजुङको एक ऐतिहासिक झलक", *भ्वाइस अफ हिष्ट्रि,* अङ्क-३, काठमाडौं : इतिहास शिक्षण समिति, पृ. २६-३२ ।

...(वि.सं.२०३७), *शाहकालका अभिलेख (पहिलो भाग),* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

वाँडा, सुन्दरानन्द, बज्राचार्य, धनबज्र (सम्पा.) (वि.सं. २०१९), *त्रिरत्नसौन्दर्यगाथा,* काठमाडौं : नेपाल सांस्कृतिक परिषद् ।

बुढा मगर, भोजविक्रम (वि.सं. २०७२), *मगर जातिको राजनीतिक इतिहास,* काठमाडौं : नेपाल मगर प्राज्ञिक समूह ।

भट्ट, ध्रुवराज (वि.सं.२०६०), "लमजुङ राज्यको ऐतिहासिक अध्ययन", त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय, इतिहास केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

भट्टराई, घनश्याम (वि.सं.२०६१), "नेपालको स्थानीय प्रशासनमा स्थानीय पदाधिकारीहरुको भूमिका (१७६८-१९५१ इ.सं.), त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय, डीनको कार्यालय, कीर्तिपुर, अप्रकाशित विद्यावारिधि शोध-प्रबन्ध ।

...(वि.सं. २०६४), *नेपालको स्थानीय प्रशासनको इतिहास (१७६२-१९५१ ई.सं.),* दिल्ली : एड्रोयट पब्लिशर्स ।

भण्डारी, ढुण्डिराज (वि.सं. २०४६), *नेपालको उद्भव तथा विकासको विश्लेषण,* काठमाडौं : प्रकाश प्रकाशन ।

भण्डारी, देवीप्रसाद (सम्पा.) (वि.सं. २०३८ (क), "बाबुराम आचार्यले रचना गर्नुभएको नेपालको संक्षिप्त इतिहास", *पूर्णिमा,* पूर्णाङ्क ४९, वर्ष १३, अङ्क १, पृ. १-२० ।

...(वि.सं.२०३८ (ख), "बाबुराम आचार्यले रचना गर्नुभएको नेपालको संक्षिप्त इतिहास", *पूर्णिमा,* पूर्णाङ्क ५०, वर्ष १३, अङ्क २, पृ. १६-२५ ।

..., (सम्पा.) (वि.सं. २०३८ (ग), "बाबुराम आचार्यले रचना गर्नुभएको नेपालको संक्षिप्त इतिहास वृत्तान्त", *पूर्णिमा,* पूर्णाङ्क-५१, वर्ष-१३, अङ्क-३, पृ. २-१० ।

भण्डारी, मन्जुश्री (वि.सं. २०६६), *तनहुँ जिल्लाको सांस्कृतिक पक्षहरुको स्थलगत सर्वेक्षण प्रतिवेदन,* काठमाडौं : पुरातत्व विभाग ।

भण्डारी, राधाकुमारी (जि.सी.) (वि.सं. २०७०), "गण्डकी अञ्चलमा गुठी व्यवस्था", त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय, डीनको कार्यालय, कीर्तिपुर, अप्रकाशित विद्यावारिधि शोध-प्रबन्ध ।

मल्ल, मोहनबहादुर (वि.सं. २०२८), "पर्वतको इतिहास", प्राचीन नेपाल, अङ्क १६, पृ. ४२-५३ ।

मिश्र, डिल्लीराम (वि.सं. २०५८), *नेपाल अधिराज्यमा तनहुँ,* काठमाडौंः शर्मिला मिश्र ।

योगी नरहरीनाथ (सम्पा.) (वि.सं. २०१२), *इतिहास प्रकाश, अङ्क-१,* काठमाडौं : इतिहास प्रकाश मण्डल ।

... (सम्पा.) (वि.सं. २०१३ (क), *हिमवत्खण्ड,* काशी : योगप्रचारिणी सभा गोरक्षटिल्ला ।

... (सम्पा.) (वि.सं.२०१३ (ख), *इतिहास प्रकाश,* अङ्क-२ (भाग-२), काठमाडौं : इतिहास प्रकाश संघ।

... (सम्पा.) (वि.सं. २०१३ (ग), "गोरखा वंशावली", *इतिहास प्रकाश,* अङ्क-२ (भाग-३), काठमाडौं : इतिहास प्रकाश संघ ।

... (सम्पा.) (वि.सं. २०२१), *गोरखा वंशावली,* काशी : योगचारिणी समिति ।

..., (सम्पा.) (वि.सं.२०२२), *इतिहास प्रकाशमा सन्धीपत्र संग्रह (भाग-१),* दाङः अध्यात्मिक सम्मेलन।

...(वि.सं. २०५५), (सम्पा.), *इतिहास प्रकाशमा सन्धीपत्र संग्रह,* द्वितीय संस्करण, रोल्पा : बालाराम घर्ती मगर ।

राजवंशी शंकरमान (सम्पा.) (वि.सं. २०२०), *सेन वंशावली,* काठमाडौं : पुरातत्व विभाग ।

...(वि.सं. २०२६), "अर्घाबाट प्राप्त केही ऐतिहासिक पत्र", *प्राचीन नेपाल,* संख्या ७, वैशाख, पृ. ३० ।

रिमाल, शिवगोपाल (वि.सं. २०६०), "तीर्थको महिमा र देवघाट धाम", *देववाणी,* देवघाटधाम विशेषाङ्क, काठमाडौं : देवघाट आध्यात्मिक परिषद्, पृ. १-७ ।

रेग्मी, जगदिशचन्द्र (वि.सं. २०५४), *नेपालको वैधानिक परम्परा,* द्वितीय संस्करण, काठमाडौं : तन्नेरी प्रकाशन।

रेग्मी, राजेन्द्रप्रसाद (वि.सं. २०७३), "नेपालको स्थानीय प्रशासनको इतिहासमा चितवन : एक अध्ययन (वि.सं. १८३८-२०१८)", *हिसान जर्नल,* नं.१, भोलुम २, काठमाडौं : हिसान जर्नल अफ हिष्ट्रि एसोसिएसन, पृ. १४८-१६२ ।

लम्साल, देवीप्रसाद (सम्पा.) (वि.सं. २०२०), 'भाषा-वंशावली', भाग-१, काठमाडौं : श्री ५ को सरकार।

...(वि.सं. २०२२),*भाषा-वंशावली,* भाग-२, काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय ।

लम्साल, शुकदेव, "तनहुँको पुरातात्विक सम्पदाको संरक्षणमा पुरातत्व विभाग", *तनहुँ सन्देश,* पृ. ७१-७४ ।

लामिछाने, जनार्दन (वि.सं. २०७४), *नेपालको प्रशासनिक संस्कृति (९३७-१८२६),* काठमाडौं : श्रीमती बिमला लामिछाने ।

लौडारी, इश्वरीराज (वि.सं.२०५३ साउन), "त्रिविक्रम सेनको एउटा अभिलेख", *गरिमा,* पूर्णाङ्क १६४, वर्ष १४, अङ्क ८, पृ. ७६-७९ ।

वि.सं. १८०४ मा राजा त्रिविक्रम सेन द्वितीयले गंगा विष्णु पाण्डेलाई दिएको लालमोहर ।

वि.सं. १८९४ मार्गमा तनहुँसुर दरबारको रेखदेख गरी बस्ने उपास्य गंजे खनखवासलाई राजगुरु रंगनाथ पण्डितले गरिदिएको लालमोहर ।

वि.सं. १९३१ फाल्गुन १ गते छाब्दीवाराहीको पुजारीलाई श्री ५ सुरेन्द्रले दिएको लालमोहर ।

वि.सं. १९३४ जेष्ठमा तनहुँसुरका कर्णेल, शिवशंकर उपाध्यायले चण्डेनी थोक तनहुँसुरका जेठाबुढा चन्द्रबहादुर थापालाई लेखेको पत्र ।

वि.सं. १९६३ वैशाखमा तनहुँसुर लालविहारमा कार्यरत डिट्ठा कपिलमणि उपाध्यायले तनहुँसुर हटियामा बस्ने थरी हिरालाल श्रेष्ठलाई लेखेको पुर्जी ।

वि.सं. २०६३, गुठी संस्थान लगत तथा अभिलेख शाखा, नेपाल अधिराज्य भरिको गुठी विवरण, क्र.सं. २, लागत संख्या २६१ ।

वि.सं. २०६३, गुठी संस्थान, लगत तथा अभिलेख शाखा, नेपाल अधिराज्यभरिको गुठी विवरण, तनहुँ, क्र.सं. ८, लागत सं. ५५ ।

वि.सं. २०६३, गुठी संस्थान लागत तथा अभिलेख शाखा, नेपाल अधिराज्यभरिको गुठी विवरण क्र.सं. १०, लागत संख्या ११४ ।

वि.सं. २०६३, गुठी संस्थान लगत तथा अभिलेख शाखा, नेपाल अधिराज्य भरिको गुठी विवरण, तनहुँ, क्र.सं. ११, लागत संख्या ११५ ।

विष्ट, डोरबहादुर (वि.सं.२०७१), *सबै जातको फूलबारी, (नवौं संस्करण),* काठमाडौंः साझा प्रकाशन।

विष्ट, सोमध्वज (वि.सं. २०२०), *शाही सैनिक इतिहास सैनिक कारवाही तथा युद्ध,* काठमाडौं : नारायण जंग शाह र नरेन्द्रमान सिंह बस्न्यात ।

वैद्य, तुलसीराम र मिश्र, तीर्थप्रसाद (वि.सं.२०५४), *आधुनिक नेपालको राजनैतिक इतिहास (सन् १७६८-१८४६),* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

वैद्य, तुलसीराम र मानन्धर, त्रिरत्न (वि.सं. २०५३), *नेपालको प्रशासनिक इतिहास(सन् १७६८-१९५१),* काठमाडौंः नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

वैद्य, तुलसीराम र बज्राचार्य भद्ररत्न (वि.सं. २०५५), *मध्यकालीन नेपालको प्रशासनिक इतिहास ( ८७९-१७२६ ई.),* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

शर्मा, गोपिनाथ (वि.सं. २०७१), *चौबीसी राज्यको इतिहास, शिक्षा, कला र संस्कृति,* काठमाडौं : मकालु प्रकाशन गृह ।

शर्मा, जनकलाल (वि.सं. २०६७), *हाम्रो समाज : एक अध्ययन* (चौथो संस्करण), ललितपुर : साझा प्रकाशन ।

शर्मा, जनकलाल र मल्ल, कृष्ण बम (वि.सं. २०१४),*राप्ती उपत्यका,* काठमाडौं : नेपाल भारत मैत्री संघ ।

शर्मा, देवीप्रसाद (वि.सं. २०४६), "चितवनको ऐतिहासिक रुपरेखा", *विवेक,* अङ्क-२, भरतपुर : बिरेन्द्र बहुमुखी क्याम्पस ।

शर्मा, बालचन्द्र (वि.सं. २००८), *नेपालको ऐतिहासिक रुपरेखा,* वाराणसी : कृष्णकुमारी देवी ।

शर्मा, शिवप्रसाद, वैद्य तुलसीराम र मानन्धर त्रिरत्न (वि.सं. २०४९), *नेपालको सैनिक इतिहास,* काठमाडौं : शाही नेपाली जंगी अड्डा ।

श्री ५ को सरकार (वि.सं. २०३१), *मेचीदेखि महाकाली (भाग-३),* काठमाडौं : श्री ५ को सरकार संचार मन्त्रालय, सूचना विभाग ।

श्रेष्ठ, टेकबहादुर (वि.सं. २०५०), "पर्वत राज्य र यसको छिमेकी राज्यहरुसँगको राजनैतिक सम्बन्ध", त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय, डीनको कार्यालय, कीर्तिपुर, अप्रकाशित विद्यावारिधि शोध-प्रबन्ध ।

...(वि.सं. २०५९), *पर्वत राज्यको ऐतिहासिक रुपरेखा,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

श्रेष्ठ, रमेशकुमार (वि.सं. २०७१), "सेन वंश र विजयपुर राज्य", त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय, डीनको कार्यालय, कीर्तिपुर, अप्रकाशित विद्यावारिधि शोध-प्रबन्ध ।

सम्वत् १७५३ मा तनहुँका राजा दामोदर सेनले लक्ष्मण थापालाई लेखेको पत्र ।

सम्वत् १९६४ सालको तनहुँ भगवती गुठीको लगत, गुठी संस्थान, लगत तथा अभिलेख शाखा ।

सम्वत् १९७९ साल चैत्रमा तनहुँसुर चंन्देनीथोक वस्ने जिम्मावाल, मुखिया श्रीकृष्णको नाममा लेखिएको पत्र ।

सम्वत् १९९७ सालको तनहुँसुर लालविहार कोटमौलाका श्री खड्ककालिका समेत अन्य देवी देवताका गुठीको आम्दानी खर्च र बाँकी कसर समेतको लालमोहर ।

सम्वत् १८९९ मा महाराजधिराज राजेन्द्र विक्रम शाहले रानी पौवाका पौवाली दलमर्दन अधिकारीलाई गरिदिएको लालमोहर ।

सुवेदी, राजाराम (वि.सं. २०४६), "अरभुडीको खोजी", *गरिमा,* पूर्णाङ्क-८७, फाल्गुन, पृ.१०४-११० ।

...(वि.सं. २०४८), "कास्कीका अन्तिम राजा", *गरिमा,* पूर्णाङ्क-१०८, मंसिर, पृ.५८-६२ ।

...(वि.सं. २०५२), "तनहुँ राज्यबारे खोजी पस्दा", *गरिमा,* पूर्णाङ्क-१५६, मंसिर, पृ. ६२-६९ ।

... (वि.सं. २०५४),*कर्णाली प्रदेशको मध्यकालीन इतिहास,* काठमाडौं : साझा प्रकाशन ।

...(वि.सं. २०५५ (क), *बाइसी राज्यको ऐतिहासिक रुपरेखा,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

...(वि.सं. २०५५ (ख),*गुल्मीको ऐतिहासिक झलक,* गुल्मी : किरण पुस्तकालय ।

...(वि.सं. २०५९), "नेपाल मण्डल कसरी बनाईन्थ्यो", *गरिमा,* पूर्णाङ्क-२४४, वर्ष २१, अङ्क-४,पृ. ६२-६५ ।

...(वि.सं. २०६०),*कास्की राज्यको इतिहास,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

...(वि.सं. २०६५), "गण्डकी अञ्चलको ऐतिहासिक विवेचना", *स्मारिका,* काठमाडौं : गण्डकी सामाजिक गुठी, पृ. १९-९१ ।

...(वि.सं. २०७३), गण्डकी सामाजिक गुठी काठमाडौंको आयोजनामा श्री भानुभक्त बहुमुखी क्याम्पस, खैरनीटार, बेलचौतारा तनहुँमा आयोजित कार्यक्रममा प्रस्तुत गरिएको अप्रकाशित कार्यपत्र ।